

# अर्थचित्र

नेपाल आर्थिक पत्रकार संघ (नाफिज)को वार्षिक प्रकाशन-२०८२

# अर्थतन्त्रको उन्नयन

## भौतिक सुरक्षा र कानुनी उल्झनमा लगानी

# WHAT ARE YOU SAVING FOR?

Choose your goal, save regularly
and see your dream come true




Goal Based Savings on GlobalSmart+

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np



SiddharthaBank
NPL
NEPAL PREMIER LEAGUE
Powered by Ncell
Ncell
NPL FAN PACKS
Sure Shot Bonus
Free NPL Tickets
Buy Now on
Ncell App
or
*123#
United by Cricket
Connected by Ncell
Unlimited Data or Voice Starting @ Rs. 99
*T&C Apply




विदेशबाट आइएमई गरेर पठाएको रकम Khalti Wallet, नेपालमा रहेको जुनसुकै बैंक खाता वा आइएमई काउन्टरबाट सजिलै प्राप्त गर्न सकिन्छ ।

IME®
International Money Express
Fast, Reliable And Secure Remittance

khalti
by IME

नेपाल आर्थिक पत्रकार संघ (नाफिज)

नाफिज जर्नल–२०८२
अर्थचित्र

**सम्पादक**
लोकबहादुर चापागाईं

**संयोजक**
निरोज कुमार थापा

**भाषा**
नवराज रेग्मी

**सचिवालय**
सन्तोषी शिवाकोटी

**कभर/लेआउट**
डिबी गुरुङ
९८४१३७१९३२

**मुद्रण**
प्राप्ति छापाखाना
नागार्जुन–६, काठमाडौं

**कार्यालय**
बुद्धनगर, काठमाडौं
फोन नं. : ०१–५९०९३७२

इमेलः nafij2009@gmail.com
वेब– nafij.org.np

अध्यक्षको भनाइ



| मेनुका कार्की

# व्यवस्था परिवर्तन मात्रै होइन, अब रोजगारी र वस्तु उत्पादनतिर ध्यान दिऔँ

विश्वमा १९५ देशको अस्तित्व छ । तर यीमध्ये धेरै देशका जनताले लोकतन्त्र र स्वतन्त्रताको उपभोग गर्न पाएका छैनन्, जति नेपालमा नेपालीले गर्न पाएका छन् । विगत ७५ वर्षयता नेपालीले प्रजातन्त्र, लोकतन्त्र हुँदै गणतान्त्रिक शासनको अभ्यास र अनुभूति गरिसकेका छन् । ७ दशकका यी अभ्यासको अर्थ हामी राजनीतिक व्यवस्थामा नै बढी केन्द्रित भएछौँ भन्ने नै हो । प्रजातन्त्र, लोकतन्त्र या गणतन्त्र हामीले जे भने पनि हामीले यी शासनप्रणालीमा पाउने उही स्वतन्त्रता नै हो ।

तर विडम्बना हामी अहिले पनि अझै यिनकै विकल्पको खोजीमा छौँ । यसको उदाहरण हो- गत भदौको जेनजी आन्दोलन । यी शासनप्रणालीको खासियत बुझिसके पनि नेपालीहरू असन्तुष्ट भइरहने कारण बेग्लै छ । त्यो हो- हामीले अझै चाहेका कुरा पाउन सकेका छैनौँ । तसर्थ, अब हाम्रो ध्यान मोडिनु जरूरी छ । सिधा अर्थमा भन्नुपर्दा हामीले चाहेको भनेको देशको समृद्धि, समाजको उन्नति र घरको दैनन्दिनी सहजता हो । एउटा बलियो शासनप्रणालीको प्राप्तिसँगै हाम्रो ध्यान अब यसतिर हुनुपर्छ, न कि अर्को व्यवस्थाको खोजी । कैयौँ देशहरूले सुव्यवस्थासँगै आफ्नो ध्यान समृद्धितिर केन्द्रित गरेका छन् । खासगरी अर्थव्यवस्थालाई बलियो बनाउनतिर लागिपरेका छन् । हाम्रो ध्यान भने अझै अन्तै मोडिँदै छ । यसले हाम्रो समय धेरै खेर गएको त छ नै, अर्कोतिर विश्वमा आएका समस्याले नेपालमा वस्तु उत्पादन र रोजगारी सिर्जनामा हामी कमजोर बनिरहेका छौँ ।

नेपालमा श्रम गर्नयोग्य जनसंख्या नै ११ प्रतिशत बढी पूर्ण बेरोजगार देखिएको छ । पछिल्लो श्रम सर्वेक्षणको तथ्याङ्कअनुसार ११ दशमलव ४ प्रतिशत जनसंख्या बेराजगार छ । पछिल्लो समय हामीले बेरोजगारी र कमजोर वस्तु उत्पादनको निकै ठूलो असर भोगेका छौँ । त्यसलाई हामीले सत्ता पल्टाउने आन्दोलनको रूपमा प्रतिक्रिया दिइरहेका छौँ ।

अर्थतन्त्र कमजोर बन्नु, रोजगारी सिर्जना हुन नसक्नु, वस्तु उत्पादन नबढ्नुमा नेपालको आन्तरिक करण मात्रै पनि छैन । कोभिड महामारी र त्यसले सिर्जित समस्या तथा रूस–युक्रेनजस्ता लामा युद्ध पनि यसका कारण हुन् । यस्तो आन्तरिक तथा बाह्य परिस्थितिको मार नेपालले भोग्नुपरेको छ । विविध कारणबाट सिर्जित आर्थिक मन्दीको असर नेपालमा देखिए पनि समाधानको प्रयास भएको हो । तर प्रभावकारी हुन सकेको छैन । किन कि असहज परिस्थितिमा नीतिगत र कार्यगत पहलबारे हामी धेरै सोच्दैनौँ । विगतको पाठ यस्तै छ ।

अर्थतन्त्र कमजोर बनिरहेकै समयमा अर्थात् अर्थतन्त्र थप संकटमा परेपछि सरकारले २०८१ वैशाखमा लगानी सम्मेलन गरेको थियो । त्यसबेला लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश जारी गरी विभिन्न ८ वटा कानुनहरू संशोधन भए । त्यसपछि २०८१ पुसमा व्यावसायिक वातावरण सुधार एवं लगानी अभिवृद्धिसम्बन्धी अध्यादेश आयो । विभिन्न अन्य २९ कानुन संशोधन भए । तत्कालीन सरकारले लगानीको वातावरण सुधार गर्न विभिन्न ऐन/कानुनमा समयसापेक्ष संशोधन गरेर स्वदेशी तथा वैदेशिक लगानी प्रोत्साहनको प्रयास गरेको हो ।

यसबाट लगानीकर्तामा एक किसिमको सकारात्मक भाव पैदा गरेको थियो । सरकारले ऐन नै संशोधन गरेर विदेशी लगानी प्रोत्साहन गर्दा पनि धेरै देशहरूबाट लगानी भित्र्याउन निकै समस्या भइरहेको छ । चीनलगायतका मुलुकहरू आफ्नो उत्पादनमा दक्ष भएका कारण त्यहाँका उत्पादनहरूले निकै प्रतिस्पर्धी बजार पाइरहेका छन् । जसले गर्दा उनीहरू अन्य मुलुकमा लगानी गर्न चाहिरहेका छैनन् ।

> विदेशी लगानी आकर्षण गर्न पहिला घरेलु औद्योगिक प्रतिष्ठानमाथि गर्ने व्यवहार नरम हुनुपर्छ । लगानीकर्ताले नेपालको अवस्था र व्यवस्था बुझेर, लगानी सुरक्षा र प्रतिफल लैजाने सहज मार्गको जानकारी लिएर मात्रै थैली फुकाउँछन् भन्ने सरकारले बुझ्नुपर्छ ।

भर्खरैको जेनजी आन्दोलनपछि देशमा छुट्टै किसिमको वातावरण बनेको छ । उद्यमी व्यवसायीदेखि सुरक्षा निकायसम्मको समेत मनोबल खस्किएको छ । सुरक्षाको प्रत्याभूतिमा समेत आशंका गर्न थालिएको छ । यसैबीच, देशलाई नयाँ शिराबाट यो दलदलबाट बाहिर निकालेर देशको अर्थतन्त्रलाई लयमा फर्काउनुपर्ने अवस्था छ । कोभिडयता नै जुर्मुराउन नसकेको अर्थतन्त्र जेनजी आन्दोलनले अझ शिथिल बनाएको छ ।

एकातिर, देशका होनहार युवाहरूको रगतको बलिदानको मूल्य सरकारले दिन सक्छ कि सक्दैन भन्ने प्रश्न उठिरहेको छ भने अर्कोतिर, उद्योगी व्यवसायीले आफू र आफ्नो परिवार सुरक्षित भएको महशुस गर्न पाएका छैनन् । राष्ट्रको ऐतिहासिक धरोहरदेखि औद्योगिक प्रतिष्ठान जलेको रापले कहिलेसम्म पोल्ने हो, एकीन छैन । नवयुवाहरूको रगतको बलिदान र भौतिक संरचनाको खरानीको आडमा बनेको सरकारलाई काम गर्नैपर्ने बाध्यता छ । हुन त चुनाव गराएर देशलाई निकास दिनु सरकारको मुख्य कर्तव्य हो । यद्यपि सरकारले अर्थतन्त्र उकास्न खेल्नुपर्ने भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । भत्किएको मनोबलमा मल्हमपट्टी लगाउँदै जति सक्दो छिटो लगानीको वातावरण बनाउन सरकार लाग्नुपर्छ ।

खरानी टकटक्याएर उठ्न चाहेको समग्र औद्योगिक क्षेत्रलाई सरकारले अहिले आड र भरोसा दिएर मात्रै पुग्दैन, उनीहरूले चाहेको कुरा पनि पूरा गरिदिन आवश्यक छ । सरकारले उनीहरूको गुमेको आत्मविश्वास फेरि जागृत गराउन आवश्यक पहलकदमी लिनु अत्यावश्यक छ । अहिलेको अवस्थालाई 'टर्निङ प्वाइन्ट'को रूपमा लिएर सरकारले नेपालको भविष्य नयाँ शिराबाट कोर्नुपर्ने खाँचो छ । स्वदेशी तथा विदेशी लगानीकर्तालाई आकर्षण गर्न नीतिनियममा सहजीकरणदेखि देशभित्र लगानीको प्रचुर सम्भावना भएका, रोजगारी सिर्जना गर्न योगदान गर्ने उद्योगहरूलाई 'इन्सेन्टिभ' दिएर वा करका दरमा सहुलियत गरिदिएर हुन्छ, लगानीको वातावरण बनाइदिनुपर्छ ।

विदेशी लगानीकर्ताको लगानी आकर्षण गर्न पहिला घरेलु औद्योगिक प्रतिष्ठानमाथि गर्ने व्यवहार नरम हुनुपर्छ । उनीहरूले यहाँको अवस्था र व्यवस्था बुझेर, लगानी सुरक्षा र प्रतिफल लैजाने सहज मार्गको जानकारी लिएर मात्रै थैली फुकाउँछन् भन्ने सरकारले बुझ्नुपर्छ । उनीहरूले लगानी गर्नु भनेको देशभित्रको औद्योगिक र व्यावसायिक अवस्था एकदमै अनुकूल छ भन्ने मात्र होइन, रोजगारी सिर्जना र वस्तु उत्पादनको तीव्रतर अवस्था पनि हो । त्यसकारण यी कुरामा ध्यान दिँदै निकासको बाटोमा सरकार अग्रसर भए मात्र देशले समृद्धिको पाइला अघि सार्छ ।

*कार्की नेपाल आर्थिक पत्रकार संघ (नाफिज)का अध्यक्ष हुन् ।*

# विषयसूची


| | |
|---|---|
| जेनजी आन्दोलन अर्थतन्त्रको अवस्था सुधार, राहत र दीर्घकालीन कार्यदिशा | ६ |
| क्षतिग्रस्त सरकारी भौतिक संरचना पुनर्निर्माणमा ढिलाइ हुँदैन | १० |
| आवश्यक वस्तु उत्पादनमा आफ्नै लगानी | १४ |
| परिवर्तित परिवेशमा विविधिकृत लगानी | १६ |
| समृद्ध नेपाल : लगानीका विषयमा थालौँ प्रष्ट संवाद | २० |
| नोट व्यवस्थापन : भ्रष्टाचार नियन्त्रणको प्रथानविन्दु | २४ |
| गलत बुझाइको मारमा निजी क्षेत्र | २८ |
| जेनजी आन्दोलन, बजार र लगानी | ३० |
| आन्तरिक उत्पादन : बढेन लगानी,भएन आत्मनिर्भर | ३४ |
| सरकारी ढिलाइको मारमा एफडीआई | ३८ |
| समृद्धिको पर्खाइमा वन : नीतिगत बन्धन र व्यवस्थापनको अन्योल | ४१ |
| सहकारी : स्वनियमनमा नछाडेर कडा नियमभित्र बाँध्नुपर्छ | ४४ |
| राज्यको लगानीमा निर्भर सहरीकरण | ४७ |
| पर्यटन : ओझेलमा परेको सुनगाभा | ५२ |
| नेपालमा नियो बैंकको सम्भावना | ५६ |
| ऊर्जा : लोकरिझ्याइँको 'ब्याक गियर' | ५९ |
| जेनजी आन्दोलन, प्रतिस्पर्धा र सम्पत्ति बीमा | ६३ |
| 'टेक अफ' हुन नसकेको नेपालको हवाइ क्षेत्र | ६६ |
| चुनौतीमय वित्तीय पारदर्शिता | ६९ |
| अर्थतन्त्र : कहाँ चुके दलहरू | ७० |
| सम्पत्ति व्यवस्थापनमा प्रचार बढी, काम शून्य | ७२ |
| घरजग्गा कारोवार ब्रोकर लाइसेन्सको व्यवस्था र अर्थतन्त्रमा पार्ने प्रभाव | ७५ |
| पुँजीबजारमा एनआरएनलाई भित्र्याउन प्रविधिमा सुधार गर्नुपर्छ | ७८ |
| खोजौं नेपाली मुद्राको स्वार्थ विनिमय दर | ८२ |
| कृषि, उद्योग र आत्मनिर्भर अर्थतन्त्र | ८६ |
| रोजगारीको चक्र : नेपाली विदेशमा, विदेशी नेपालमा | ८९ |
| पुँजीबजारमा सधैँ पारदर्शिताको बहस | ९५ |
| पूर्वाधार निर्माण : विकासमा प्राथमिकता संकट | ९९ |
| नयाँ आयोजना थप्नेभन्दा सक्नेतर्फ लाग्नुपर्छ | १०४ |
| नेपालमा अटोमोबाइल क्षेत्र अर्थतन्त्रको बलियो स्तम्भ | १०७ |
| पोडवे सञ्चालनको सम्भावना, गति र मति | १०९ |
| थपिँदो नियमनकारी निकाय र जोखिम नलिने प्रवृत्ति | १११ |
| दोसाँधमा दूरसञ्चार क्षेत्र | ११४ |
| नेपाल आर्थिक पत्रकार संघ (नाफिज)का सदस्यहरू | ११८ |




जेनजी आन्दोलन

# अर्थतन्त्रको अवस्था सुधार, राहत र दीर्घकालीन कार्यदिशा



रामेश्वर खनाल

उच्चस्तरीय आर्थिक सुझाव आयोगको प्रतिवेदनले दिएका ४ सय वटा सुझावहरूलाई समेटी बनाएको कार्ययोजना स्वीकृत भएर अहिले कार्यान्वयनको चरणमा छ। ती सुझावहरूमध्ये कतिपय दीर्घकालीन प्रकृतिका छन् । तीनका लागि कानुन बनाउनुपर्ने, विद्यमान कानुनमा संशोधन गर्नुपर्ने वा भएका कानुन खारेज गर्नुपर्ने हुन्छ। अहिले सरकारको म्यान्डेटको अधीनमा रहेर जननिर्वाचित संसद् नभएको अवस्थामा अध्यादेशबाट त्यस्ता कानुन परिवर्तन गर्नु उचित हुँदैन । दीर्घकालीन प्रकृतिका सुधारहरू जननिर्वाचित सरकार हुँदा नै सहज हुन्छ ।

एउटा अल्पकालीन म्यान्डेट लिएर बसेको सरकारले सबै कुराहरू पूरा गर्न सक्दैन र आउने अर्को सरकारलाई भारी बोकाउने काम पनि गर्नुहुँदैन । त्यसकारण दीर्घकालीन प्रकृतिका सुझावहरू अहिले पूर्ण रूपमा कार्यान्वयन गर्नसक्ने अवस्थामा सरकार छैन । तर, कार्यकारी निर्णयबाट प्रशासकीय सुधार, कार्यविधि र नियमावलीमा सुधार गरेर गर्नैपर्ने कामहरु भने क्रमिक रूपमा भइरहेका छन् ।

अरू मन्त्रालयहरूमा पनि सुधारका काम भइरहेका छन् । आयोगको सुझावबमोजिम भूमि वर्गीकरणको म्याद थपिएको छ र 'भूमि बैंक'लाई प्रभावकारी बनाउन नियमावलीमा व्यवस्था गरिएको छ । अब स्थानीय तहले बाँझो जग्गालाई उत्पादनशील प्रयोगका लागि भूमि बैंकमार्फत भाडामा वा लिजमा दिन सक्नेछन् । जुन २०औँ वर्षदेखि हुनसकेको थिएन । वन नियमावली संशोधन गरेर वातावरणीय सन्तुलन नबिग्रिने गरी विकास आयोजनाहरूलाई सहजीकरण गर्ने काम पनि अन्तिम चरणमा छ । पुँजीबजार सुधारका लागि नेपाल स्टक एक्सचेन्ज (नेप्से)को पुनर्संरचना गर्न विज्ञहरूको कार्यदल गठन गरिएको छ। जसले ४५ दिनभित्र प्रतिवेदन दिनेछ ।

तत्कालको अवस्थामा जनआन्दोलनले मुख्यरूपमा भ्रष्टाचार नियन्त्रण, सुशासन र निर्वाचनको माग थियो । अर्थतन्त्रलाई पुनरुत्थान गर्न हामीले तत्काल तीनवटा निर्णयहरू लिएका छौं । पहिलो, अघिल्लो सरकारले राखेका अनुत्पादक, टुक्रे र राजनीतिक आग्रहका आधारमा राखिएका आयोजनाहरूलाई रोक्का गरेर त्यो रकम राष्ट्रिय महत्वका आयोजनामा रकमान्तर गरिएको छ। दोस्रो, निजी क्षेत्रलाई राहत दिन कर भुक्तानीको म्याद एक महिना थपियो, जलेर नष्ट भएका सामान पुनः आयात गर्दा भन्सारमा ५० प्रतिशत छुट दिने र बैंक तथा वित्तीय संस्थाबाट ऋणको सुविधा र म्याद थप गर्ने प्रबन्ध गरिएको छ। बीमाबाट पनि क्षतिको मूल्याङ्कन हुनुअगाडि नै ५० प्रतिशत पेस्की दिएर पुनर्निर्माण सुरु गर्न सक्ने सुविधा मिलाइएको छ।

सुशासन र अनुसन्धानलाई प्रभावकारी बनाउन सरकार बनेको १५-२० दिनभित्रै प्रधानमन्त्री कार्यालयमा रहेका 'सम्पत्ति शुद्धीकरण विभाग' र 'राजस्व अनुसन्धान विभाग'लाई अर्थ मन्त्रालयअन्तर्गत ल्याइयो । साथै, राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालयअन्तर्गत लगिएको छ । यो प्रशासकीय सुधारले सम्पत्ति शुद्धीकरणमा अड्किएका फाइलहरूमाथि छानबिन सुरु भइसकेको छ । अहिले अर्बौं रुपैयाँको दाबीसहित मुद्दाहरू दायर भएका छन् । केही व्यक्तिहरू जेल पनि परेका छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले पनि स्वतन्त्र रूपमा काम गरिरहेका छन् । राजस्व प्रशासनमा प्रवेश गर्ने नयाँ अधिकृतहरूको योग्यता परिवर्तन गरेर अब अर्थशास्त्र, लेखा, वाणिज्य र गणित पढेकाहरूलाई मात्र भित्र्याउने निर्णय भएको छ। जसले भविष्यमा प्रशासनलाई दक्ष बनाउनेछ।

निजी क्षेत्रको मनोबल र रोजगारीको विषयमा, बाहिर चर्चा गरिएजस्तो सबैतिर रोजगारी कटौती भएको छैन। बढी क्षति भएका भाटभटेनी, चौधरी ग्रुपलगायतले रोजगारी दिने र सहयोग गर्ने बताएका छन्। यसबीचको तथ्याङ्क हेर्दा १९ प्रतिशतले आयात र करिब ९० प्रतिशतले निर्यात बढेको स्थिति छ । अन्तःशुल्क १५ प्रतिशत र भन्सार राजस्व १२ प्रतिशतले बढेको छ। राजस्व र उपभोग बढ्नुले आर्थिक गतिविधि विस्तार भइरहेको देखाउँछ। बैंकमा निक्षेप १३ प्रतिशत र कर्जा ९ प्रतिशतले बढेको छ। त्यसैले, अर्थतन्त्र मन्दीमा छ वा रोजगारी व्यापक गुमेको छ भन्ने भाष्यलाई तथ्याङ्कले पुष्टि गर्दैन।

सार्वजनिक निकायको सुधार र अतिकम विकसित मुलुक (एलडीसी)बाट विकासशील मुलुकमा स्तरोन्नतिको सन्दर्भमा राजस्व अनुसन्धान विभागको औचित्यमाथि प्रश्न उठाइएको छ। विभाग ऐनद्वारा नै स्थापित भएकाले संसद् नभएको अवस्थामा खारेज गर्न सकिँदैन। तर, त्यहाँ आन्तरिक सुधार र भन्सारमा 'पोस्ट क्लियरेन्स अडिट' (पीसीए) विस्तार गरिएको छ। सार्वजनिक संस्थानहरूको वित्तीय दायित्व कम गर्न सेवा सुविधासम्बन्धी नयाँ कानुनको मस्यौदा



तयार भएको छ।

२०२६ नोभेम्बरमा नेपाल एलडीसीबाट स्तरोन्नति हुने तालिका छ । तर, अहिलेको परिस्थितिमा पुनर्मूल्यांकन गर्ने, सार्ने वा निर्वाचनपछिको सरकारलाई निर्णय गर्न दिने भन्ने तीनवटा धारमा छलफल भइरहेको छ। हामी विज्ञहरू र सरोकारवाला निकायहरूसँग संवादमै छौं र उपयुक्त निर्णय लिनेछौं ।

अन्तर्राष्ट्रियस्तरमा हाम्रो साखको कुरा गर्दा, देशमा राजनीतिक अनिश्चय र निजी क्षेत्रमाथिका आक्रमणका घटनाहरू हुँदाहुँदै पनि 'फिच रेटिङ'ले नेपाललाई 'बीबी माइनस'मा स्थिर (स्टेबल) रेटिङ दिएको छ । हामीले गरेको खर्च कटौती र वित्तीय अनुशासनका कारण अर्थतन्त्र कमजोर भएको छैन भन्ने उनीहरूको निष्कर्ष छ। धेरैले रेटिङ खस्किने अनुमान गरेका थिए, तर स्थिर रहनु अहिलेको लागि सन्तोषजनक विषय हो।

> निजी क्षेत्रको मनोबल र रोजगारीको विषयमा, बाहिर चर्चा गरिएजस्तो सबैतिर रोजगारी कटौती भएको छैन। बढी क्षति भएका भाटभटेनी, चौधरी ग्रुपलगायतले रोजगारी दिने र सहयोग गर्ने बताएका छन्।

## प्रशासनिक र कर संरचना सुधार

अन्तरिम सरकार बनेसँगै अर्थतन्त्रको दिगो सुधारका लागि प्रशासनिक संयन्त्र र कर प्रणालीमा आधारभूत परिवर्तनको थालनी गरिएको छ । यसअन्तर्गत सबैभन्दा पहिले भन्सार मूल्याङ्कनमा 'मेजर डिपार्चर' गरिएको छ । दशकौंदेखि कायम रहेको 'सन्दर्भ पुस्तक'का आधारमा भन्सार जाँच्ने परम्परागतशैलीलाई अन्त्य गरिएको छ । अबदेखि भन्सारमा व्यवसायीले घोषणा गरेको 'कारोबार मूल्य' (ट्रान्जेक्सन भ्यालू) लाई मान्यता दिने प्रणालीको थालनी भएको छ । यसको परीक्षण विराटनगर र वीरगन्ज

भन्सारबाट सुरु भइसकेको छ । यसलाई क्रमिक रूपमा अन्य नाकाहरूमा पनि विस्तार गर्ने नीति छ । यदि कुनै व्यवसायीले घोषणा गरेको मूल्य अस्वाभाविक वा शङ्कास्पद देखिएमा मात्र भन्सार अधिकारीहरूले 'ग्याट भ्यालुएसन प्रिन्सिपल' बमोजिमका अन्य ५ वटा वैकल्पिक विधिहरू प्रयोग गर्न सक्नेछन् । यसले भन्सार जाँचपासमा हुने स्वविवेकको अधिकारलाई कटौती गर्दै व्यापार सहजीकरणमा मद्दत पुऱ्याएको छ ।

कर प्रशासन र सेवा प्रवाहमा आधुनिकीकरण गर्ने सन्दर्भमा हामीले करदातालाई सहज हुने र कर परिपालन लागत घट्ने गरी चार वटा ठूला सुधारहरू कार्यान्वयनमा ल्याएका छौँ । पहिलो, अब करदाताको लेखापरीक्षण (अडिट) सम्बन्धित जिल्लाका कर कार्यालयहरूले मनोमानी ढङ्गले गर्न पाउनेछैनन् । यसलाई व्यवस्थित गर्न हामीले केन्द्रबाटै 'जोखिम' (रिस्क)का आधारमा करदाता छनौट गरी लेखापरीक्षण गर्ने व्यवस्था मिलाएका छौँ, जसले व्यवसायीलाई अनावश्यक हैरानीबाट मुक्ति दिनेछ । दोस्रो, हामीले करदाता सेवा कार्यालयहरूको संख्या घटाएर सेवाको पहुँच ७ सय ५३ वटै स्थानीय तहमा पुऱ्याउने योजना सुरु गरेका छौँ । हाल कोष तथा लेखा नियन्त्रक कार्यालयहरूमार्फत ५५ वटा नगरपालिकामा यो सेवा सुरु गरिसकिएको छ भने एक वर्षभित्र सबै स्थानीय तहबाट करदाताले सेवा पाउनेछन् । तेस्रो, साना करदाताका लागि घरमै बसेर अनलाइनमार्फत 'व्यक्तिगत प्यान' लिन सकिने र एउटा मात्र आय स्रोत भएकाहरूले अनलाइनबाटै 'कर चुक्ता प्रमाणपत्र' लिन सक्ने प्रणाली विकास गरेका छौँ ।

जनशक्ति र संस्थागत संरचनामा सुधारका लागि हामीले राजस्व प्रशासनमा प्रवेश गर्ने नयाँ अधिकृतहरूको शैक्षिक योग्यता परिवर्तन गरी अर्थशास्त्र, लेखा, वाणिज्यशास्त्र वा गणित विषय अनिवार्य गरेका छौँ । अब 'ब्यालेन्स सिट' पढ्न सक्ने र वित्तीय विवरण विश्लेषण गर्न सक्ने प्राविधिक ज्ञान भएका जनशक्ति मात्र राजस्व प्रशासनमा भित्रिनेछन् । सुशासन कायम गर्न हामीले सरकार बनेको १५-२० दिनभित्रै 'सम्पत्ति शुद्धीकरण विभाग' र 'राजस्व अनुसन्धान विभाग'लाई प्रधानमन्त्री कार्यालयबाट अर्थ मन्त्रालयमातहत ल्याएका छौँ । यसले कामको प्रभावकारितामा परिवर्तन ल्याएको छ । अर्थ मन्त्रालयमातहत आएपछि लामो समयदेखि अड्किएका फाइलहरूमाथिको अनुसन्धानले गति लिएको छ । साथै, अहिले अर्बौं रुपैयाँ बिगो दाबीसहित आधा दर्जनभन्दा बढी गम्भीर प्रकृतिका मुद्दाहरू अदालतमा दायर भएका छन् । त्यस्तै, राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालयमातहत लगेर हामीले सुरक्षा अनुसन्धानलाई बलियो बनाएका छौँ ।

अन्य क्षेत्रगत नीतिगत सहजीकरणतर्फ पनि हामी सक्रिय छौँ । आयोगको सुझावबमोजिम भूमिको वर्गीकरण गर्ने म्याद हामीले असार मसान्तसम्म थपेका छौँ । वर्षौँदेखि चर्चामा रहेको 'भूमि बैंक'लाई व्यवहारमा उतार्न हामीले नियमावलीमा ठोस व्यवस्था गरेका छौँ । अब स्थानीय तहले बाँझो जग्गाहरू सङ्कलन गरी खेती गर्न चाहनेहरूलाई भाडामा उपलब्ध गराउन सक्नेछन् । विकास आयोजनाहरू वनसम्बन्धी कानुनी झमेलामा नपरून् भनेर हामीले वातावरणीय सन्तुलन नबिग्रिने गरी वन नियमावलीमा संशोधन प्रस्ताव अन्तिम चरणमा पुऱ्याएका छौँ ।

सेयरबजारको नियामक निकाय र बजार सञ्चालकबीचको स्वार्थ बाझिने अवस्था अन्त्य गर्न नेपाल स्टक एक्सचेन्ज (नेप्से)को पुनर्संरचना प्रक्रिया अघि बढाएका छौँ । यसका लागि विज्ञहरूको कार्यदल गठन गरिएको छ । साथै, सार्वजनिक संस्थानहरूले जथाभावी सिर्जना गर्ने वित्तीय दायित्व रोक्न सेवा-सुविधा कानुनद्वारा मात्र निर्धारण गर्ने गरी नयाँ कानुनको मस्यौदा तयार गरिएको छ ।

**मुलुकको साख र लगानीको वातावरणलाई मध्यनजर गर्दै नेपालमा वैदेशिक लगानी भित्र्याउन र अन्तरर्राष्ट्रिय मञ्चमा नेपालको आर्थिक विश्वसनीयता अभिवृद्धि गर्न सरकारले 'आर्थिक कूटनीति' र नीतिगत स्पष्टतामा विशेष जोड दिएको छ ।**

### ■ वैदेशिक लगानीका सम्बन्धमा

मुलुकको साख र लगानीको वातावरणलाई मध्यनजर गर्दै नेपालमा वैदेशिक लगानी भित्र्याउन र अन्तर्राष्ट्रिय मञ्चमा नेपालको आर्थिक विश्वसनीयता अभिवृद्धि गर्न सरकारले 'आर्थिक कूटनीति' र नीतिगत स्पष्टतामा विशेष जोड दिएको छ । यसअन्तर्गत हामीले दोहोरो करमुक्ति सम्झौता (डीटीएए)मा गम्भीर पुनरवलोकन गरेका छौँ । विगतमा नेपालले गरेका कतिपय सम्झौताहरू राष्ट्रिय हितअनुकूल नभएको र मुलुकलाई आर्थिक क्षति पुऱ्याइरहेको पाइएपछि, त्यसलाई सच्याउन कदम चालिएको छ । नेपाललाई नोक्सानी हुने गरी सम्झौता भएका सातवटा मुलुकहरूलाई हामीले औपचारिक रूपमा कानुनी सूचना पठाएका छौँ । ती देशहरूको हकमा अब नेपालको 'आयकर ऐन' नै लागू हुने जानकारी गराएका छौँ । यसले नेपालको 'कराधार' (ट्याक्स बेस) संरक्षणमा ठूलो टेवा पुऱ्याएको छ । यस्तै, नेपालमा वास्तविक पुँजी र प्रविधि भित्र्याउन सक्ने क्षमता भएका विकसित मुलुकहरूसँग भने हामीले नयाँ ढाँचामा सम्झौता गर्न पहल सुरु गरेका छौँ । विदेशी लगानीकर्ताहरूलाई लगानी गर्दा आइपर्ने समस्याहरूलाई एकद्वार प्रणालीबाट समाधान गर्न हामीले अर्थ मन्त्रालयको अन्तर र्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखामा छुट्टै 'फोकल युनिट' खडा गरेका छौँ ।

राजनीतिक अस्थिरता र निजी क्षेत्रका प्रतिष्ठित व्यावसायिक घरानाहरू (जस्तै हिल्टन, ह्यात) माथि भएका भौतिक आक्रमणका घटनाहरूले अन्तर्राष्ट्रिय समुदायमा नेपालप्रतिको धारणा बिग्रने जोखिम थियो । यस्तो प्रतिकूल अवस्थामा नेपालको 'क्रेडिट रेटिङ' खस्किने अनुमान धेरैले गरेका थिए । तर, अन्तर्राष्ट्रिय रेटिङ एजेन्सी 'फिच' (फिच रेटिङ)ले गरेको हालैको मूल्याङ्कनमा नेपालले 'बीबी माइनस' रेटिङ प्राप्त गरेको छ र हाम्रो अर्थतन्त्रको अवस्थालाई 'स्टेबल' अर्थात् स्थिर श्रेणीमा राखिएको छ । हामीले अपनाएको कडा वित्तीय अनुशासन, फजुल खर्च कटौतीको नीति र समष्टिगत आर्थिक स्थायित्वका लागि चालेका कदमहरूकै कारण बाह्य वातावरणमा जतिसुकै 'हल्ला' भए पनि नेपालको रेटिङ नघटेको हो ।

त्यस्तै, सन् २०२६ को नोभेम्बरमा नेपाल अतिकम विकसित मुलुक (एलडीसी) बाट स्तरोन्नति हुने विषयमा पनि सरकार गम्भीर छ । कोभिड महामारी र आर्थिक मन्दीको असरका कारण यो विषयमा अहिले तीनवटा धारहरूमा छलफल भइरहेको छ । पहिलो, अहिलेको असहज परिस्थितिमा स्तरोन्नति हुँदा अर्थतन्त्रलाई अप्ठ्यारो पर्ने भएकाले यसलाई केही समय सार्नुपर्छ भन्ने मत छ । दोस्रो, सधैँभरि 'विपन्न मुलुक'को ट्याग लगाएर बस्न नहुने र आफ्नै सङ्क्रमणकालीन योजना बनाएर अघि बढ्नुपर्छ भन्ने धारणा छ । साथै, तेस्रो विकल्पका रूपमा बंगलादेशको मोडेल चर्चामा छ । जहाँ निर्वाचनपछिको नयाँ सरकारलाई निर्णय गर्न दिने गरी अहिलेलाई प्राविधिक तयारी मात्र गर्ने भन्ने पनि छ । हामी यी तीनै वटा विकल्पमा विज्ञहरूसँग छलफल गरिरहेका छौँ ।

*(खनाल अर्थ र संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री हुन्)*

Government of Nepal

# Investment Board Nepal

*Center of Excellence on PPP and Investment Promotion in Nepal*



**55** IBN Projects — **171,651** NPR CRORES

**Energy**: **40** Project — **133,716** NPR CRORES

**Manufacturing**: **9** Project — **23,691** NPR CRORES

**Infrastructure**: **1** Project — **6,490** NPR CRORES

**Tourism**: **2** Project — **7,163** NPR CRORES

**Utilities**: **3** Project — **591** NPR CRORES

**#investinnepal**
Partnership for Economic Transformation

*Unleashing Investment Potential for Economic Transformation*

**Investment Board Nepal (IBN)**
Anamnagar, Kathmandu, Nepal
Tel: +977-1-4575293 | www.ibn.gov.np



# क्षतिग्रस्त सरकारी भौतिक संरचना पुनर्निर्माणमा ढिलाइ हुँदैन

भ्रष्टाचारलगायतका बेथितिविरुद्ध गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा सरकारी भौतिक संरचना तथा सम्पत्तिहरूमा व्यापक क्षति भयो। सिंहदरबारभित्रका विभिन्न निकायका भवन, बानेश्वरस्थित संसद् भवन, सर्वोच्च अदालतजस्ता प्रमुख सरकारी भवनहरू तोडफोड र आगजनीले ध्वस्त भए। आन्दोलनकै कारण तत्कालीन सरकार ढल्यो। र, अहिले मुलकमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा नागरिक सरकार बनेको छ। यो सरकारले फागुन २१ गतेका लागि प्रतिनिधिसभाको निर्वाचन गराउने 'म्यान्डेट' पाएको छ।

सरकारलाई चुनाव गराउने मुख्य र अन्य जिम्मेवारीहरु पनि छन्। तोकिएको मितिमा चुनाव गराउनेसँगै आन्दोलनबाट भएको भौतिक क्षतिको पुनर्निर्माणलाई पनि सँगै लैजानुपर्ने अवस्था छ। त्यसमा हामी द्रुत रुपमा अघि बढेका छौं। मैले ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालयको जिम्मेवारी पाएको छ। यी मन्त्रालयबाट हुनुपर्ने काम चुस्तदुरुस्त भइरहेका छन्।

आन्दोलनका क्रममा सरकारी भौतिक संरचनाहरु क्षतिग्रस्त भएकाले सहरी विकास मन्त्रालयले अझ द्रुतगतिमा काम गर्नुपर्ने दायित्व छ। त्यसमा मन्त्रालय सक्रियतापूर्वक लागिरहेको छ। आन्दोलनका क्रममा वडा कार्यालयदेखि सिंहदरबारसम्म एकैचोटि तोडफोड र आगजनी भयो। हाल सहरी विकास मन्त्रालयले यसको तथ्यांक संकलन गरिरहेको छ। साथै, पुनर्निर्माणका काम तथा योजना पनि सँगसँगै अघि बढाएको छ। तोकिएको मितिमा चुनाव गरेर सत्ता हस्तान्तरण गर्नुपर्ने दायित्व भएकाले धेरै काम गर्नको लागि हामीसँग समय छैन। जति समय छ, त्यस अवधिमा पुनर्निर्माणको प्रक्रियालाई सही दिशामा अघि बढाउने लक्ष्य लिएका छौं।



। कुलमान घिसिङ

आन्दोलनका क्रममा देशभर गरेर ४०० भन्दा बढी सरकारी भवन क्षतिग्रस्त भएको प्रारम्भिक तथ्यांक छ। सरकारी भवनमा भएको क्षतिलाई मुख्य तीन भागमा विभाजन गरिएको छ। ग्रिन स्टिकर (हरियो), एल्लो स्टिकर (पहेँलो) र रेड स्टिकर (रातो) गरेर ती भवनलाई तीन वर्गमा विभाजन गरिएको छ। ग्रिन स्टिकरमा सामान्य मर्मतसम्भार गरेर सञ्चालनमा ल्याउन सकिने भौतिक संरचनाहरू छन्, एल्लो स्टिकरमा अलि धेरै क्षति पुगेको र डिजाइन गरेर मर्मत तथा पुनर्निर्माण गर्नुपर्ने प्रकृतिका छन् भने रेड स्टिकरमा पूर्णरुपमा क्षतिग्रस्त भई नयाँ संरचना नै बनाउनुपर्ने प्रकृतिका छन्।

प्रारम्भिक तथ्यांकअनुसार डेढ सयभन्दा बढी क्षतिग्रस्त सरकारी संरचना ग्रिन स्टिकरमा परेको देखिन्छ, जुन सामान्य

मर्मतसम्भार गरे पुग्छ । त्यसमा अधिकांश सरकारी भवन तथा संरचना सामान्य मर्मतसम्भार गरेर प्रयोगमा ल्याइसकेको अवस्था छ । यद्यपि, केही भवन तथा संरचना भने मर्मतसम्भारकै चरणमा छन् । बाँकी रहेका पनि एक महिनाभित्र सकिनेछ । यो वर्गमा परेका क्षतिग्रस्त भवन तथा संरचनामा खासै समस्या छैन ।

तर एल्लो र रेड स्टिकरमा पर्ने अर्थात् बढी क्षतिग्रस्त सरकारी भवन तथा संरचनामा भने समस्या नै छ । अहिले त्यस्ता भवन तथा संरचनामा परामर्शदाताहरुबाट आवश्यक अध्ययन तथा परीक्षणको काम भइरहेको छ । त्यस्ता संरचना तथा भवनमा भएको क्षतिको अध्ययन मूल्यांकन भइरहेको छ । साथै, त्यसको पुनर्निर्माण कसरी गर्ने भनेर डिजाइन गर्ने काम पनि भइरहेको छ । लागत अनुमान गर्ने काम पनि परामर्शदाताहरुबाट भइरहेकै छ । यसमा ३-४ वटा परामर्शदाताहरुले काम गरिरहेका छन् । उनीहरुले क्षतिको विस्तृत विश्लेषण गरेर पुनर्निर्माणको लागि डिजाइन समेत पेस गर्नेछन् । त्यसपछि पुनर्निर्माणमा कति खर्च हुन्छ भनेर खाका पनि आउनेछ । क्षतिग्रस्त संरचनाको पुनर्निर्माणको डिजाइन आएर स्वीकृति हुनासाथ हामी बोलपत्र आह्वान गर्नेछौँ । त्यसपछि भौतिक रुपमै पुनर्निर्माणको काम सुरु हुनेछ ।

एल्लो वर्गमा पर्ने सरकारी संरचनाको भौतिक पुनर्निर्माणको काम सुरु गर्न ६ महिनादेखि एक वर्षसम्म लाग्न सक्छ । अहिले यस्ता वर्गमा पर्ने सरकारी संरचनाको क्षतिको विश्लेषण, डिजाइनलगायतको काम भइरहेको छ । रेड स्टिकरमा पर्ने सरकारी संरचनाको हकमा भने अझ केही समय लाग्न सक्छ । यसको क्षति विश्लेषण, पुनर्निर्माणको डिजाइन, लागत अनुमान निकाल्दा समय लाग्छ । त्यसपछि बल्ल पनुर्निर्माणका लागि टेन्डरमा जानेछौँ ।

आगलागीका कारण भवन तथा संरचनामा के कसरी, के कति मात्रामा क्षति पुगेको छ । त्यसको परीक्षण नै गर्नुपर्छ । आगलागीले भवनको स्टिल, पिल्लरलगायतका संरचनामा कति क्षति पुगेको छ भनेर परीक्षण नै गर्नुपर्छ । साथै, त्यो प्रयोगका लागि योग्य छ कि छैन भनेर पनि हेर्नुपर्छ । यी सबै परीक्षण सकिएपछि सोहीअनुसार पुनर्निर्माणको डिजाइन गर्ने हो । नयाँ भवन तथा संरचनामा जसरी सजिलै डिजाइन गरेजस्तो हुँदैन । त्यसले गर्दा क्षति विश्लेषण, क्षतिको परीक्षण, डिजाइनमा पनि समय लाग्ने देखिएको छ । आगजनीका कारण संसद् भवन, सिंहदरबारभित्रका विभिन्न निकाय, स्वास्थ्य मन्त्रालय, राष्ट्रपति भवनलगायतका कार्यालय नराम्ररी प्रभावित भएका छन् । सायद, त्यहाँ नयाँ भवन तथा संरचना नै बनाउनुपर्ने हुन सक्छ । अन्य ठाउँमा पनि नयाँ भवन बनाउनुपर्ने हुन सक्छ । विस्तृत अध्ययन सकिएपछि यसबारे स्पष्ट खाका आउनेछ ।

अहिले अधिकांश भवनमा आगोका कारण संरचनामा कति क्षति पुगेको छ, त्यसको परीक्षण गर्ने काम भइरहेको छ । त्यसको रिपोर्ट आएपछि अहिलेकै भवनलाई मर्मत, सम्भार र पुनर्निर्माण गर्ने वा भत्काएर पूर्णरुपमा पुनर्निर्माण गर्ने भनेर थाहा हुन्छ । अध्ययन र परीक्षण प्रतिवेदनले जस्तो देखाउँछ, त्यहीअनुसार काम अघि बढ्नेछ । अहिले डिजाइन र परीक्षणको काम भइरहेको छ । पहिला त परीक्षण हुनुपर्छ, परीक्षणको रिपोर्ट जस्तो आउँछ, त्यहीअनुसार पुनर्निर्माणको डिजाइन हुनेछ ।

### ■ बजेट अभाव हुन दिँदैनौँ

आन्दोलनका क्रममा भौतिक संरचनाको पुनर्निर्माणमा कति खर्च हुन्छ भनेर अहिले नै निर्क्योल भएको छैन । यद्यपि, जति चाहिन्छ, त्यो सरकारले नै व्यहोर्छ । आवश्यक बजेट व्यवस्थापन गर्ने नै छौँ । अभाव हुन दिनेछैनौँ ।

पुनर्निर्माणमा सहयोगार्थ सरकारले असोज ८ गते नै 'भौतिक पूर्वाधार पुनर्निर्माण कोष' सञ्चालनमा ल्याइसकेको छ । राष्ट्रिय तथा अन्तर राष्ट्रिय रुपमा सहयोगको लागि आह्वान गरिएको छ । हालसम्म त्यसमा १० करोड हाराहारीमा सहयोग संकलन भएको छ ।

> **मुलुकको साख र लगानीको वातावरणलाई मध्यनजर गर्दै नेपालमा वैदेशिक लगानी भित्र्याउन र अन्तर राष्ट्रिय मञ्चमा नेपालको आर्थिक विश्वसनीयता अभिवृद्धि गर्न सरकारले 'आर्थिक कूटनीति' र नीतिगत स्पष्टतामा विशेष जोड दिएको छ ।**

यद्यपि, अपेक्षाकृत रुपमा सहयोग संकलन भएको छैन । हाम्रो सहयोग संकलन अभियान जारी नै रहन्छ । यसैगरी बजेटरी व्यवस्थामार्फत पनि पुनर्निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गर्छौं ।



### ■ सरकारी संरचनाको बीमा

अहिले आन्दोलनका क्रममा सरकारी भवनमा आर्थिक रुपमा ठूलो क्षति भएको छ । तर, बीमा नभएका कारण त्यसको पुनर्निर्माणमा लाग्ने खर्च सरकार आफैँले व्यहोर्नुपर्ने अवस्था छ । यो घटनाले सरकारी संरचनाको बीमा गर्नुपर्ने भनेर सन्देश त दिएको छ । तर, सरकारी संरचनाको बीमा आर्थिक रुपले सम्भव नहुन सक्छ । सरकारी भवन तथा सम्पत्ति धेरै छन् । त्यो अवस्थामा त्यसको बीमाशुल्क पनि धेरै नै हुन्छ । वर्षेनी ठूलो मात्रामा बीमाशुल्क भुक्तानी गर्न सरकारलाई गाह्रो हुन्छ । त्यसरी वर्षेनी तिर्ने बीमाशुल्कभन्दा क्षति भएको बेला हुने खर्च कम हुनेजस्तो देखिन्छ । एक पटक खर्च गर्ने कि वर्षेनी खर्च गर्ने भन्ने कुरा हो । सरकारी संरचनाको हकमा हरेक वर्ष ठूलो रकम तिरेर बीमा गर्नुभन्दा परेको बेला आफ्नै पैसामा पुनर्निर्माण गर्नु सस्तो हुन्छ कि जस्तो छ ।

जस्तो, नेपाल विद्युत् प्राधिकरणले कहिले पनि आफ्नो प्रसारणलाइन र वितरणलाइनको बीमा गर्दैन । किन कि त्यस्ता प्रसारणलाइन तथा वितरणलाइनमा आउने क्षतिभन्दा बीमाशुल्क धेरै नै तिर्नुपर्छ । तसर्थ, हामीले क्षतिग्रस्त भएको बेलामा सिधै मर्मतसम्भार तथा पुनर्निर्माण गरिहाल्छौँ । बीमा भने गर्दैनन् । तर, जलविद्युत् आयोजनाको भने बीमा गर्ने गरिन्छ । सरकारी भौतिक भवन तथा संरचनाको बीमा गरेर वर्षेनी खर्च गर्नुभन्दा क्षति भएको बेलामा आफ्नै पैसाले मर्मतसम्भार तथा पुनर्निर्माण गर्नु फाइदाजनकजस्तो देखिन्छ । यद्यपि, यसमा हामीले अन्तिम निर्णय गरिसकेका छैनौँ । सरकारी संरचनाको बीमा गर्ने विषयमा राम्रोसँग विश्लेषण गरेर निर्णय लिनुपर्छ । यसमा पूर्वाधार तथा संरचना हेरेर वस्तु परिस्थितिअनुसार निर्णय गर्नुपर्छ । हामी पनि त्यहीअनुसार यसमा आवश्यक निर्णय लिनेछौँ ।

### ■ प्रभावित निजी क्षेत्र र लगानीलाई प्रोत्साहन

आन्दोलनका क्रममा प्रभावित निजी क्षेत्रलाई पनि सरकारले सहयोग तथा प्रोत्साहन गर्छ । आन्दोलनका क्रममा निजी क्षेत्रको भवन, संरचना, पूर्वाधार, सम्पत्ति प्रभावित भएको छ । त्यसरी प्रभावित निजी क्षेत्रलाई सरकारले भन्सार, कर, ब्याजदर, बीमालगायतका माध्यमबाट सहुलियत

दिइसकेको छ । पुनर्निर्माण नै सरकारले गरिदिने भन्ने त हुँदैन । तर, जति सकिन्छ, त्यो गर्न सरकार तयार छ ।

यसैगरी निजी क्षेत्रलाई सरकार थप प्रोत्साहन गर्न पनि तयार छ । अहिले बजारमा तरलता पनि पर्याप्त छ । ब्याजदर पनि सस्तो भएको छ । यो अवस्थामा कहाँ के गर्नुपर्छ, सरकार निजी क्षेत्रलाई थप प्रोत्साहन गर्न तयार छ । छलफल तथा वार्तामार्फत त्यसलाई सम्बोधन गर्न सकिन्छ ।

यसैगरी लगानी प्रोत्साहन गर्न पनि सरकार तयार छ । स्वदेशी र विदेशी लगानी प्रोत्साहन गर्न पनि हामी तयार छौं । संसद् नभएको हुँदा कानुन नै बनाएर लगानी प्रोत्साहन गर्न चुनौती हुन्छ । तर, मन्त्रिपरिषद्‌बाट नियमावली, नियम, विनियमलगायतका नीतिगत दस्तावेज संशोधन गरेर लगानी प्रोत्साहन गर्न सकिन्छ, जुन अन्तरिम सरकारले गरिरहेको अवस्था छ ।

### ■ 'टेक अर पे'मै पीपीए खुलाउँछौं

नेपालको आर्थिक समृद्धिका लागि ऊर्जा क्षेत्र बलियो आधार हो । जलस्रोत धेरै भएका कारण नेपालमा त्यसबाट विद्युत् उत्पादन पनि धेरै नै गर्न सकिन्छ । पछिल्ला विकासक्रमले त्यो पुष्टि पनि गरेको छ ।

विद्युत्‌को आन्तरिक खपत र निर्यात गरेर आर्थिक लाभ लिन सकिन्छ । विद्युत्‌बाटै खर्बौंको इन्धन तथा ग्यासको आयात प्रतिस्थापन गर्न सकिन्छ । निर्यात गरेर थप विदेशी मुद्रा भित्र्याउन सकिन्छ । पछिल्लो समय नेपालमा पनि विद्युत्‌को खपत बढ्दै गएको छ । निर्यात पनि बढ्दो क्रममा छ । तसर्थ, ऊर्जा क्षेत्रलाई पनि प्रोत्साहन गर्नुपर्छ ।

यसका लागि बजार व्यवस्थापन पनि महत्वपूर्ण हुन्छ । चालू आव २०८२/८३ को बजेटमा टेक एन्ड पे (लेऊ र तिर) मोडलमा विद्युत् खरिद बिक्री सम्झौता (पीपीए) गर्ने भनेपछि ऊर्जा क्षेत्रमा निराशा आएको थियो । नेपालमा विद्युत् खरिदबिक्री गर्ने अधिकार नेपाल विद्युत् प्राधिकरणलाई मात्रै छ । त्यो अवस्थामा प्राधिकरणले चाहिएको बेला मात्रै विद्युत् किन्ने नीति ल्याएपछि परियोजनाको बजार सुनिश्चितता खोसिएको थियो । त्यसले ऊर्जा क्षेत्रमा लगानी निरुत्साहन गरेको थियो । विद्युत् बिक्री हुने ग्यारेन्टी नै नभएपछि स्वाभाविक रुपमा लगानी आउँदैन । तसर्थ, हामीले टेक अर पे (लेऊ वा तिर) मोडलमा पीपीए खुलाउने तयारी गरेका छौं । मन्त्रिपरिषद्‌बाटै निर्णय गरेर 'टेक अर पे'मा पीपीए खुलाउनेछौं । त्यसपछि ऊर्जा क्षेत्रमा निजी क्षेत्रको लगानी थप प्रोत्साहन हुनेछ ।

यसैगरी भारततर्फ इनरुवा-पुर्निया र लम्की-बरेली गरेर थप दुई अन्तर्देशीय प्रसारणलाइन निर्माण गर्ने प्रक्रिया अघि बढेको छ । न्यू बुटवल-गोरखपुर अन्तर्देशीय प्रसारणलाइन पनि निर्माणको अन्तिम चरणमा छ । प्रसारणलाइन भएपछि भारततर्फ विद्युत् निर्यात गर्न सहज हुन्छ । त्यसले पनि ऊर्जा क्षेत्रमा लगानी आकर्षण गर्छ ।

समग्रमा ऊर्जा क्षेत्रमा लगानीको वातावरण तयार भइसकेको छ । अब पनि स्वदेशी तथा विदेशी लगानी आउनेमा आशावादी छौं । यद्यपि, यस क्षेत्रमा भएको झन्झटिलो प्रक्रिया हटाउनुपर्नेछ । रुख कटानीलगायतका विषयमा भएको समस्या पनि हटाउनुपर्नेछ । यसैगरी विद्युत्‌को मागलाई विविधीकरण गर्नुपर्नेछ । अहिले विद्युत्‌को माग औद्योगिक क्षेत्रमा धेरै हुन्छ । अब औद्योगिक क्षेत्रमा मात्रै होइन, डेटा सेन्टर, चार्जिङ स्टेसन, यातायात, भान्सामा पनि विद्युत्‌को खपत बढाउनुपर्छ । बजार विस्तार भएपछि स्वतः लगानी आकर्षण हुन्छ ।

*(घिसिङ सहरी विकास, भौतिक पूर्वाधार तथा यातायात र ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री हुन्।)*





Laxmi InterContinental Pvt. Ltd.
(An ISO 9001:2015 Certified Company) an entity of Laxmi Group Nepal

**Hyundai Call Center No:** 01-5970226

**Dealership:**
**Thapathali:** 01-5911553, 5911554, 5911556, 5911457, 5911558, 5911568, 9801239277, **Thapathali-EV:** 01-5912626, 5913636, 9801239277
**Naxal:** 01-4513934, 4513942, 9801201082 **Bhaktapur:** 01-6635266, 6637147, 9801201016
**Birtamod :** 023-541495, 9802672044, 9802672041 **Biratnagar:** 021-466609, 9802369313, 9802369339 **Itahari:** 025-588486, 9801239293
**Birgunj:** 9707086115 **Hetauda:** 057-520200, 9802641982, 9802641989 **Bharatpur:** 056-522776, 9801353765 **Pokhara:** 061-537426, 9801201010, 9801240155 **Bhairahawa:** 071-575428, 9802608803, 9802608801 **Butwal:** 071-415278, 9801943958 **Dang:** 082-563634, 9801347966, 9801347967 **Nepalgunj:** 081-550427, 9802546481 **Dhangadi:** 091-524492, 9802540105


www.machbank.com
हाम्रो
माछापुच्छ्रे बैंक
जहिले छ हाम्रो साथ...
माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित



# आवश्यक वस्तु उत्पादनमा आफ्नै लगानी



प्रा.डा. विश्वनाथ पौडेल

गत पुसमा सरकारले व्यावसायिक वातावरण सुधार एवं लगानी अभिवृद्धिसम्बन्धी अध्यादेशसँगै अन्य २९ कानुन संशोधन गरेको थियो । तत्कालीन सरकारले लगानीको वातावरण सुधार गर्न विभिन्न ऐन कानुनमा संशोधन गरेर वैदेशिक लगानी प्रोत्साहन गरेको थियो । सरकारले ऐन नै संशोधन गरेर विदेशी लगानी प्रोत्साहन गर्दा पनि धेरै देशहरूबाट लगानी भित्र्याउन निकै समस्या भइरहेको छ । चीनलगायतका मुलुकहरू आफ्नो उत्पादनमा दक्ष भएका कारण त्यहाँका उत्पादनहरूले निकै प्रतिस्पर्धी बजार पाइरहेका छन् । जसले गर्दा उनीहरू अन्य मुलुकमा लगानी गर्न चाहिरहेका छैनन् ।

अर्कोतिर नेपालजस्ता 'नन-कोस्टल' एरियामा भएको लगानी भित्र्याउन विविध किसिमका चुनौतीहरू छन् । नेपालले विदेशी लगानी भित्र्याउनु चुनौतीपूर्ण काम हो । विगतदेखि नेपालले विदेशी लगानी भित्र्याउन चाहँदा पनि विदेशी लगानी भित्रिन सकिरहेको छैन । वैदेशिक लगानीका लागी धेरै समस्या झेल्नुपरेका कारण हामीले आफ्नो देशका लागि चाहिने वस्तुहरूको केही हिस्सा आफ्नै देशमा उत्पादन गर्ने गरी अघि बढ्नुपर्ने देखिन्छ । यसका लागि सरोकारवालाहरू सबैले हातेमालो गरेर अघि बढ्नुपर्ने आवश्यकता छ ।

नेपालले ऊर्जा क्षेत्रमा जसरी काम गरिरहेको छ, त्यसरी नै अन्य क्षेत्रमा पनि काम गर्नुपर्ने आवश्यकता छ । आफ्नो देशलाई चाहिने वस्तुको केही हिस्सा यहीँ उत्पादन गर्ने नीतिमा लाग्नुपर्छ । विभिन्न कारणले सम्भावना भएका क्षेत्रहरूमा पनि काम गर्न

सकिएको छैन । अहिले नेपाल आर्थिक अभावमा छैन । तर, केही राजनीतिक र नीतिगत पहलहरू भने अहिलेको अवस्थामा अत्यावश्यक छ ।

समग्रमा लगानी भित्र्याउन नेपालमा चुनौती नै छ । यो समयमा नेपाल राष्ट्र बैंकले पनि लगानी भित्र्याउनका लागि लगानीका क्षेत्रहरू पहिचान गरेर सहजीकरण गरिदिने काम गर्दै आइरहेको छ । यता लगानी बोर्ड नेपालले पनि लगानीका क्षेत्रहरू पहिचान गराउन काम गरिरहेको छ । लगानी बोर्डसँगै अन्य निकायहरूले पनि लगानीको क्षेत्र पहिचान गराउने काम गरिरहेका छन् । तर, यसको नतिजा आउन भने केही समय लाग्ने नै छ ।

पछिल्लो बजारको अवस्थालाई नियाल्ने हो भने ऊर्जा क्षेत्र केही उत्साहित देखिएको छ । अरु क्षेत्रहरूमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा नै बढी छ । उपभोग हुने चिजबाहेक अरुको लागि लगानी ल्याउन मुस्किलै छ भन्ने बुझाइ रहिआएको छ । मुलुकभित्र देशकै उद्यमीहरूलाई अलिकति उत्साहित बनाइराख्नुपर्छ । प्रविधि भित्र्याउँदै उनीहरूले लगानी गर्ने वातावरण सिर्जना गर्नुपर्छ । मुलुकै उद्यमीहरूले पनि बैंकमा पैसा राखेर बस्नुपर्ने बाध्यता छ, यस्तो परवेशबाट बाहिर निस्किन उद्योगीहरूलाई आवश्यक सहयोग गर्नुपर्ने आवश्यकता छ । अहिलेको अवस्थामा मुलुकभित्रकै लगानीकर्ताले लगानी गरेर अन्तर ष्ट्रिय लगानी भित्र्याउने गरी लगानीकर्ताको विश्वास जित्ने गरी काम गर्नुपर्छ ।

यस्तै, लगानीको वातावरण सिर्जना गर्नकै निमित्त लगानी सम्मेलनको समयमा हामीले झण्डै आधा दर्जनभन्दा बढी ऐनहरू संशोधन गर्‍यौँ । त्यसपछि नीतिगत रूपमा सहजीकरण भएको छ । तर, हामीले अन्तर्राष्ट्रियस्तरमा यस नीतिलाई प्रचार गर्न भने सकिएको छैन । यता कर्मचारीलाई नतिजा ल्याउने गरी काम गर्न निर्देशन दिन सकिरहेको अवस्था नहुँदा पनि केही चुनौती सिर्जना भएको छ ।

लगानिकर्ताको लगानी सुरक्षाका लागि राष्ट्र बैंकले विदेशी लगानीकर्ताले कमाएको सम्पत्ति विदेश लैजान सक्ने वातावरण सिर्जना गरिसकेको छ । विदेशी लगानीकर्ताले आफ्नो लगानीको प्रतिफल (रिटर्न) विदेश लैजान सक्ने स्थिति छ । यसमा कुनै समस्या छैन । आवश्यक सबै कागजात पेस गर्नेहरूलाई रिटर्न लैजान रोकेको स्थिति छैन । हामीसँग पर्याप्त विदेशी मुद्रा भएका कारण पनि विदेशी लगानीकर्ता हतोत्साहित हुनुपर्ने अवस्था छैन । साथै, हामीले नीतिगत रूपमा सरकारले गर्ने कुराहरूमा सहजीकरण गर्दै आइरहेका छौँ ।

यसैबीच, गत भदौ २३/२४ गते भएको जेनजी आन्दोलनका कारण पनि केही विदेशी लगानीकर्ता हतोत्साहित हुनेजस्तो देखिन्छ । जेनजी आन्दोलनमा बैंक तथा वित्तीय संस्थाको विभिन्न शाखाहरूले केही क्षति भोगेका छन् । राष्ट्र बैंकले आफ्नो सुरक्षाका लागि नेपाली सेनासँग समन्वय गरिराखेका हुँदा सुरक्षित नै छ । जेनजी आन्दोलनमा पनि राष्ट्र बैंकका मुख्य कार्यालयहरूमा कुनै पनि प्रभाव परेको थिएन । राष्ट्र बैंकको सुरक्षा घेराबाहिरको एउटा कार्यालयमा मात्रै केही नोक्सानी भएको छ । आन्दोलनहरूबाट राष्ट्र बैंकमा हिंसा हुन्छ भन्ने आशंका पनि छैन र पूर्ण रूपमा सुरक्षित छ ।

राष्ट्र बैंकबाहेक अन्य बैंक तथा वित्तीय संस्थाको सुरक्षाका लागि राष्ट्र बैंकले गृह मन्त्रालय र नेपाली सेनालगायत सम्बन्धित निकायहरूसँग समन्वय गर्ने गरेको छ । वित्तीय प्रणाली भनेको मुलुकको मुटु भएका कारण पनि यस क्षेत्रलाई आक्रमण गरेर कसैलाई फाइदा छैन । यस्तै, बैंकहरूको एटीएम बुथहरूमा क्षति पुर्‍याए पनि पैसा लैजान सक्ने स्थिति छैन । त्यसैले बैंकहरूमा आक्रमण गर्नु भनेको अपराध मात्रै हो भनेर सर्वसाधारणले बुझ्न जरुरी छ ।

जेनजी आन्दोनमा बैंक तथा वित्तीय संस्थामाथि एक किसिमले आक्रमण भयो । अहिले पुनः बैंक तथा वित्तीय संस्थामा चन्दा संकलनका विषय बाहिरिएका छन् । यस्ता किसिमका क्रियाकलापहरू सबै आर्थिक अपराधमा पर्छन् । यस्ता अपराधमा संलग्न हुने जो कोही व्यक्तिहरू कानुनी दायरामा आउँछन् ।

## ■ बैंकहरूको अबको बाटो

यतिबेला बैंक तथा वित्तीय संस्थाको ब्याजदर न्यून विन्दुमा छ । बैंकिङ प्रणालीमा इतिहासकै सबैभन्दा बढी तरलता छ । कर्जा प्रवाह हुन नसकेका कारण बैंकहरू पर्याप्त तरलता बोकेर बस्न बाध्य छन् । यस्तो अवस्थामा राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको कृषिलगायतका विभिन्न क्षेत्रमा रहेको प्रोडक्टहरू अपर्याप्ततालाई सम्बोधन गर्ने गरी अघि बढिरहेको छ । प्रोडक्टहरूको पर्याप्ततालाई नियाल्न राष्ट्र बैंक बैंकहरूसँग सहकार्य गरिरहेको छ । राष्ट्र बैंकका कर्मचारीहरू वा म स्वयंले पनि प्रत्यक्ष रुपमा बैंकका प्रोडक्टबारे जानकारी लिइरहेका छौँ ।

राष्ट्र बैंकले नयाँ–नयाँ नीतिहरू ल्याएजसरी बैंकहरूले पनि नयाँ नयाँ प्रोडक्टहरू ल्याउनुपर्छ । नीति र नयाँ प्रोडक्टहरूमा बैंकहरू अलि आक्रामक हुनुपर्नेछ । बैंकहरू बढी इन्नोभेटिभ, सिर्जनशील भएर अघि बढ्नुपर्छ । अहिलेको समयमा बैंकहरूले लगानी गर्न सक्ने विभिन्न नयाँ क्षेत्रहरू आएका छन् । उदाहरणका लागि, आईटी क्षेत्रलाई लिन सकिन्छ । विगतदेखि लगानी गर्दै आइरहेको कृषि क्षेत्रमा नै पनि गएको ऋणको सही अनुगमन र निरीक्षण गरेर नयाँ तरिकाले कर्जा विस्तार गर्न सकिन्छ ।

सरकारको वित्त नीतिले कुनै कुनै क्षेत्रमा लगानी जान नदिने गरी रोकिएको परिस्थितिलाई खुला गरी खर्च गर्नलाई नयाँ क्षेत्रहरू पहिल्याउनु पर्छ । सरकारले खर्च गर्न नयाँ क्षेत्र पहिल्याउन ढिलाइ गर्ने र बैंकहरू पनि 'इनोभेटिभ' नबन्ने हो भने बैंकिङ क्षेत्रमा बढिरहेको तरलता लगातार रुपमा बढ्नेछ ।

अहिले लगानीको ढाँचा नै परिवर्तन गर्ने विषय पनि उठिरहेको छ । लगानीको ढाँचा परिवर्तनमा संसारभरि नै म्यानुफ्याक्चरिङ समस्यामा छन् । चीनको पनि म्यानुफ्याक्चरिङ अधिक भएको हुनाले त्यस्तो स्थिति देखिन्छ । अर्को आर्टिफिसियल इन्टेलिजेन्सदेखि रोबोटजस्ता प्रविधिका कारण केही देशहरूको इफिसियन्सी एकदमै धेरै, अरु देशहरू भेट्टाउन गाह्रो हुने, मूल्य प्रतिस्पर्धाहरूमा पछाडि पर्ने गरेको पाइन्छ । अहिले इफिसियन्सी राम्रो भएको देशहरूले भने घाटामै बेचेर भए पनि बजार सुरक्षित गर्न सक्ने स्थिति छ । अन्तर्राष्ट्रिय परिस्थितिका कारण पनि हामी अलि सावधान भएर अघि बढ्नुपर्ने आवश्यकता छ । यस्तो परिवेशमा लगानीहरू आउन केही चुनौती सिर्जना भएको विषयलाई हामीले पनि बुझ्नुपर्ने हुन्छ ।

अर्कोतिर ऊर्जा, सूचना प्रविधि क्षेत्रहरूअन्तर्गत लगानी बढ्नुपर्ने स्थिति छ । त्यसबाहेक मुलुकभित्र आधुनिकीकरण गर्नुपर्ने धेरै क्षेत्रहरू बाँकी छन् । त्यसको लागि सडक, स्वास्थ्य, शिक्षा, ग्रोसरी स्टोर, चलचित्र हल, स्टेडियम, स्पोर्ट्स क्लबहरूमा लगानीहरू बढाउनुपर्ने बेला छ । लगानी गर्ने धेरै ठाउँहरू छन् । त्यसैले लगानीको पद्धति समयसँगै केही परिवर्तन हुन स्वाभाविक नै छ । लगानीको ढाँचा बदलिँदो अवस्थामा रहेको समयमा राष्ट्र बैंकले निर्देशित कर्जाहरू जारी गरिरहेको छ ।

यतिबेला सञ्चालनमा रहेका २० वाणिज्य बैंकमध्ये धेरै सम्पत्तिको आधारमा ठूला बनेका १० वाणिज्य बैंकहरूको अन्तर्राष्ट्रिय लेखापरीक्षकबाट 'लोन पोर्टफोलियो रिभ्यु'को काम भइरहेको छ । यी १० वाणिज्य बैंकहरूको सम्पत्तिको गुणस्तर परीक्षण छिट्टै सक्ने तयारीमा छौँ । अहिलेसम्मको स्थितिलाई हेर्दा सीमान्तकृत (मार्जिनल्ली) केही हेरफेर हुनसक्ने देखिएको छ । धेरै नै फरक आयो भने राष्ट्र बैंकले अन्य बैंकहरूको पनि यस प्रक्रियाबाट लेखापरीक्षण (अडिट) गर्नेछ । राष्ट्र बैंक र अन्तर्राष्ट्रिय लेखापरीक्षणमा धेरै अन्तर आउने देखिएन भने सामान्य रुपमा अघि बढ्छौँ ।

मौद्रिक नीतिको सीमित भूमिका हुन्छ । जसमा बैंकहरूमा अत्यधिक तरलता रहँदा कर्जाहरू सकेसम्म धेरै लगानी भएर मुलुकको समग्र आर्थिक नीति सफल होस् भन्नेमा राष्ट्र बैंक अघि बढ्छ । त्यो सिंहदरबारको शक्ति हो । सिंहदरबारको शक्तिलाई सम्मान गरेर राष्ट्र बैंक अघि बढ्छ । सरकारको आर्थिक नीतिहरूलाई सफल बनाउने काम राष्ट्र बैंकको हुन्छ । सिंहदरबार भनेको वैधानिक सरकारको ठाउँ हो ।

राष्ट्र बैंकले मुलुकको वित्तीय क्षेत्रको स्थिरता, स्थायित्वलाई ध्यान दिएर काम गरिरहेको छ । अन्तर ष्ट्रिय परिस्थिति हेरेर, मुलुकको तरलताको अवस्था हेरेर राम्रो आकलन गरेर कहिले कसलाई, कहिले कसलाई सहुलियत (इन्सेन्टिभ) दिने, क्षेत्रहरू तय गर्ने, कहिले कुन क्षेत्र, कहिले अर्को कुनै क्षेत्रलाई इन्सेन्टिभ दिने भन्ने निर्धारण गर्छौँ । राष्ट्र बैंकले सरकारले ल्याएको आर्थिक नीतिहरूलाई सफल बनाउने गरी काम गर्छ । राष्ट्र बैंकको दायित्व पनि वित्त नीतिलाई सफल पार्नु हो ।

*(पौडेल नेपाल राष्ट्र बैंकका गभर्नर हुन्)*



# परिवर्तित परिवेशमा विविधिकृत लगानी



सुशील ज्ञवाली

नेपाल एक अथाह प्राकृतिक स्रोत र रणनीतिक भौगोलिक अवस्थितिले सम्पन्न देश हो । दशकौँदेखि आफ्नो आर्थिक सम्भावनालाई यथार्थमा बदल्न नेपाल संघर्षरत छ । विदेशी तथा स्वदेशी लगानीलाई आकर्षित गरी पूर्वाधार विकास र आर्थिक वृद्धिलाई गति दिने उद्देश्यले स्थापना भएको लगानी बोर्ड नेपाल आफू स्थापनाको एक दशकभन्दा लामो यात्रामा एक महत्वपूर्ण मोडमा उभिएको छ । अझ भदौ २३ र २४ को आन्दोलनपछि सबै पक्षले आ-आफ्ना गतिविधिलाई मिहिन ढंगले केलाउनु पर्ने भएको छ ।

विगतका चुनौती, प्रक्रियागत जटिलता र संस्थागत कमजोरीबाट पाठ सिक्दै बोर्डले हाल आएर एक आक्रामक र परिणाममुखी रणनीतिका साथ आफूलाई रूपान्तरण गर्ने प्रयास गरेको छ । यो प्रयास केवल सतही नभएर नीतिगत, कानुनी, संस्थागत र सबैभन्दा महत्वपूर्ण, मानसिकताको स्तरमा परिवर्तन ल्याउने लक्ष्यबाट प्रेरित छ । लामो समयदेखि अल्झिएका ठूला परियोजनाहरूलाई गति दिनु लगानीका नयाँ र सम्भावनायुक्त क्षेत्रहरू पहिचान गर्नु र लगानीकर्ताका लागि वास्तविक अर्थमा सहयोगी वातावरण सिर्जना गर्नु वर्तमानमा बोर्डका प्रमुख प्राथमिकताहरू हुन् ।

## ■ एकद्वार नीतिको पुनर्जीवन : झन्झटबाट सहजतातर्फको यात्रा

नेपालमा लगानी प्रवर्द्धनको चर्चा चल्दा सबैभन्दा बढी बहस हुने विषय हो, 'एकद्वार नीति' । लगानीकर्तालाई आवश्यक पर्ने सबै सेवा एउटै छानामुनिबाट उपलब्ध गराउने यो अवधारणा सैद्धान्तिक रूपमा जति आकर्षक थियो, व्यावहारिक कार्यान्वयनमा त्यति नै असफलजस्तो देखिएको छ । लगानी बोर्डबाट लगानी स्वीकृत भइसकेपछि पनि लगानीकर्ताहरू वन, भूमि, अर्थ, गृह मन्त्रालयदेखि प्रदेश र स्थानीय तहसम्मका अनेकौँ सरकारी निकायमा फाइल बोकेर धाउनुपर्ने बाध्यता अहिले पनि हट् नसकेको छैन । हरेक निकायका आफ्नै प्रक्रिया र प्राथमिकता हुँदा परियोजनाहरू वर्षौँसम्म अड्किने र

अन्ततः लगानीकर्ता निराश भएर फर्किने तीतो यथार्थ छ ।

एकद्वार सेवा केन्द्रमा रहने विभिन्न मन्त्रालयका प्रतिनिधिहरूलाई निर्णय गर्ने अख्तियारी (अधिकार) प्रदान नगरिनु, उनीहरू केवल सूचना आदानप्रदान गर्ने 'म्यासेन्जर'को भूमिकामा सीमित भए, जसले गर्दा केन्द्र नाम मात्रको 'एकद्वार' तर काममा 'अनेकौं द्वार'जस्तै बन्न पुग्यो । यो गम्भीर कमजोरीलाई महसुस गर्दै पछिल्लो चरणमा सरकारले एक क्रान्तिकारी कदम चालेको छ । अध्यादेशमार्फत ऐनमै संशोधन गरी लगानी बोर्डअन्तर्गत रहने एकद्वार सेवा केन्द्रलाई बलियो र अधिकारसम्पन्न बनाइएको छ । अब केन्द्रमा रहने वन, भूमि, राष्ट्र बैंकलगायतका सबै सम्बन्धित निकायका प्रतिनिधिहरू पूर्ण कानुनी अख्तियारीसहित उपस्थित हुनेछन् । यसको अर्थ, लगानीसँग सम्बन्धित निर्णयहरूका लागि अब फाइलहरू मन्त्रालय-मन्त्रालय घुम्नेछैनन् । सिधै केन्द्रबाटै तत्काल टुङ्गो लाग्नेछन् । यो नीतिगत सुधारलाई कार्यान्वयन गर्न आवश्यक पर्ने विस्तृत निर्देशिका निर्माणको काम समेत अहिले अन्तिम चरणमा पुगेको छ ।

यति मात्र होइन यो सम्पूर्ण प्रक्रियालाई आधुनिक, पारदर्शी र प्रभावकारी बनाउन डिजिटल प्रविधिमा आधारित बनाउने महत्वाकांक्षी योजना अघि सारिएको छ । बेलायती सरकारको सहयोगमा विश्वप्रसिद्ध परामर्शदाता संस्था प्राइस वाटरहाउस कुपर्स (पीडब्लुसी) सँगको सहकार्यमा एक अत्याधुनिक डिजिटल प्रणाली विकास गरिँदै छ । यो प्रणाली लागू भएपछि लगानीकर्ताले संसारको कुनै पनि कुनाबाट अनलाइन आवेदन दिन सक्ने, आफ्नो आवेदनको अवस्थाबारे रियल-टाइम जानकारी पाउने र भौतिक रूपमा उपस्थित नभईकनै धेरै कामहरू सम्पन्न गर्न सक्ने वातावरण बन्नेछ । यसले नेपालको लगानी प्रक्रियालाई विश्वस्तरीय बनाउनुका साथै अनावश्यक ढिलासुस्ती र सम्भावित अनियमिततालाई समेत न्यूनीकरण गर्ने अपेक्षा गरिएको छ । यो सुधारले 'इज अफ डुइङ बिजनेस'को सूचकांकमा नेपालको स्तर उकास्न समेत महत्वपूर्ण भूमिका खेल्नेछ ।

### ■ सार्वजनिक-निजी साझेदारी (पीपीपी)को नयाँ अध्याय र बोर्डको विस्तारित भूमिका

विगतमा लगानी बोर्डको भूमिका मूलतः विदेशी लगानी आकर्षित गर्ने निकायको रूपमा सीमित थियो । नेपालभित्रै सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा ठूला पूर्वाधार विकास गर्ने अवधारणा भए पनि यसलाई कार्यान्वयन गर्ने एउटा सशक्त र एकीकृत निकायको अभाव खड्किएको थियो । यद्यपि 'बुट ऐन' (निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण)जस्ता केही कानुनी प्रावधान थिए । तर तिनले पीपीपीका विविध मोडेलहरूलाई समेट्न सकेका थिएनन् । लामो छलफल र अध्ययनपछि वि.सं. २०७५ मा एक दूरगामी निर्णय भयो । जसअनुसार लगानी प्रवर्द्धन र पीपीपी कार्यान्वयनका लागि छुट्टाछुट्टै निकाय बनाउनुको सट्टा लगानी बोर्डलाई नै दुवै जिम्मेवारी दिइयो । यसलाई पीपीपीको 'सेन्टर अफ एक्सिलेन्स' (उत्कृष्टताको केन्द्र)को रूपमा विकास गर्ने रणनीति लिइयो ।


> **यी निर्माणाधीन आयोजनाहरूमध्ये सबैभन्दा ठूलो र द्रुतगतिमा अघि बढेको अरूण तेस्रो जलविद्युत् आयोजना नेपालको लगानीको इतिहासमा एक सफल मोडलको रूपमा स्थापित भएको छ । निर्माणको अन्तिम चरणमा पुगेको यो आयोजनाले अबको करिब डेढ वर्षभित्र उत्पादन सुरू गर्नेछ ।**


यो निर्णय रणनीतिक रूपमा अत्यन्तै महत्वपूर्ण थियो । यसले बोर्डलाई दुईवटा शक्तिशाली भूमिका प्रदान गऱ्यो । पहिलो, पीपीपीमा अगाडि बढाउन सकिने सम्भावित परियोजनाहरूको पहिचान, अध्ययन र विकास गर्ने । दोस्रो, ती परियोजनाहरूका लागि आफ्नो लगानी प्रवर्द्धन संयन्त्रमार्फत स्वदेशी तथा विदेशी लगानी जुटाउने । यी दुई कार्यबीचको सामञ्जस्यले परियोजनाहरू केवल कागजमा सीमित नभई वास्तविक लगानीसहित कार्यान्वयनमा जाने बलियो आधार तयार पारेको छ । यसका साथै, बोर्डको कार्यक्षेत्रलाई पनि स्पष्ट पारिएको छ । अब ६ अर्ब रुपैयाँभन्दा माथिका वा २०० मेगावाटभन्दा बढी क्षमताका जलविद्युत् आयोजनाहरू बोर्डको प्रत्यक्ष क्षेत्राधिकारमा रहनेछन् । यसभन्दा साना आयोजनाहरू सम्बन्धित मन्त्रालय, प्रदेश सरकार वा स्थानीय तहले कार्यान्वयन गर्नेछन् । तर, साना आयोजनाहरू कार्यान्वयन गर्दा पनि ती निकायहरूलाई आवश्यक पर्ने कानुनी, नीतिगत र प्रक्रियागत सहजीकरण तथा क्षमता विकासमा लगानी बोर्डले सहयोगीको भूमिका निर्वाह गर्नेछ । यसले गर्दा देशैभरि पीपीपी मोडेलमा काम गर्न एउटा मानकीकृत र व्यवस्थित प्रणालीको विकास हुनेछ, जसले गर्दा लगानीको वातावरण विकेन्द्रित र थप प्रभावकारी बन्नेछ ।

### ■ अवरूद्ध मेगा प्रोजेक्टको पुनर्जागरण : प्रगतिपथमा राष्ट्रिय गौरव

नेपालको विकासको कथा लामो समयदेखि चर्चामा रहेका तर अगाडि बढ्न नसकेका ठूला आयोजनाहरूको निराशाजनक गाथासँग जोडिएको थियो । तर, पछिल्लो एक वर्षमा लगानी बोर्डको सक्रियताले यीमध्ये धेरै आयोजनाहरूले काँचुली फेरेका छन् र ठोस प्रगति हासिल गरेका छन् ।

पश्चिम सेती जलविद्युत् आयोजना, जुन लगभग दुई दशकदेखि कहिले चिनियाँ त कहिले अस्ट्रेलियन कम्पनीको हातमा परेर पनि बन्न सकेको थिएन, आज त्यो गतिहीनताको अवस्थाबाट बाहिर निस्किएको छ । भारतीय कम्पनी एनएचपीसीसँगको सहकार्यमा यसको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार भइसकेको छ र आयोजना विकास सम्झौता (पीडीए)को लागि अन्तिम चरणको वार्ता भइरहेको छ । यो सुदूरपश्चिमको विकासका लागि 'गेम चेन्जर' मानिएको आयोजना अब यथार्थ बन्ने संघारमा छ ।

त्यस्तै, माथिल्लो कर्णाली जलविद्युत् आयोजना पनि अनेकौं विवाद र ढिलाइको सिकार बनेको थियो । तर हाल यो आयोजना वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) पूरा गरी निर्माणको चरणमा प्रवेश गर्न तयार भएको छ । यसले पनि कर्णाली प्रदेशको आर्थिक मुहार फेर्न महत्वपूर्ण योगदान दिनेछ । तल्लो अरुण जलविद्युत् आयोजनाका पनि सबै प्रक्रियागत कामहरू सम्पन्न भई अब छिट्टै शिलान्यास हुने अवस्थामा पुगेको छ ।

यी निर्माणाधीन आयोजनाहरूमध्ये सबैभन्दा ठूलो र द्रुतगतिमा अघि बढेको अरुण तेस्रो जलविद्युत् आयोजना नेपालको लगानीको इतिहासमा एक सफल मोडलको रूपमा स्थापित भएको छ । निर्माणको अन्तिम चरणमा पुगेको यो आयोजनाले अबको करिब डेढ वर्षभित्र उत्पादन सुरु गर्नेछ । यो आयोजना सम्पन्न भएपछि नेपालले सम्झौताअनुसार कुल उत्पादनको २१.९ प्रतिशत अर्थात् करिब २०० मेगावाट बिजुली निःशुल्क प्राप्त गर्नेछ । यो निःशुल्क ऊर्जाले नेपालको ऊर्जा सुरक्षामा ठूलो टेवा पुऱ्याउनुका साथै हिउँदमा भारतबाट आयात गर्नुपर्ने बिजुलीको परिमाण घटाउनेछ । २५ वर्षपछि पूरै आयोजना नेपाल सरकारको स्वामित्वमा आउने हुँदा यसले दीर्घकालीन रूपमा राष्ट्रिय ढुकुटीमा समेत ठूलो योगदान गर्नेछ । यी ठूला आयोजनाहरूको निर्माणले सिमेन्ट, डण्डीजस्ता स्वदेशी उत्पादनको खपत बढाएर आन्तरिक अर्थतन्त्रलाई समेत चलायमान बनाएको छ ।

### ■ लगानीको विविधीकरण : जलविद्युत् र सिमेन्टभन्दा परको खोजी

केही समय अघिसम्म नेपालमा ठूलो लगानी भन्नाले जलविद्युत् र सिमेन्ट उद्योगमा मात्रै केन्द्रित थियो । होङ्सी र ह्वासिनजस्ता ठूला चिनियाँ लगानीका सिमेन्ट उद्योगहरू भित्रिएपछि नेपाल सिमेन्टमा आत्मनिर्भर मात्र भएन, यसले बजारमा अस्वस्थ प्रतिस्पर्धालाई रोकेर मूल्यलाई स्थिर बनाउन समेत मद्दत गऱ्यो, जसको प्रत्यक्ष

फाइदा आम उपभोक्ताले पाए । तर अब लगानी बोर्डले यी परम्परागत क्षेत्रभन्दा बाहिर गएर नेपालको अर्थतन्त्रलाई बहुआयामिक बनाउने नयाँ क्षेत्रहरूमा लगानी भित्र्याउन जोड दिएको छ ।

सूचना प्रविधि (आईटी) यस्तै एउटा सम्भावनाको खानी हो । नेपालका युवाहरूको प्रतिभा र विश्वव्यापी बजारको मागलाई जोड्न काठमाडौंको चोभारमा एक अत्याधुनिक 'आईटी पार्क' निर्माण गर्ने योजना अघि बढाइएको छ । यो पार्कमा करिब १५ हजार दक्ष युवाले रोजगारी पाउने र यहाँबाट वार्षिक अर्बौं डलरको सफ्टवेयर तथा आईटी सेवा निर्यात गर्न सकिने अनुमान छ । सेवा निर्यातको फाइदा यो हो कि यसलाई भौतिक सिमाना वा पारवहनको जटिलताले असर गर्दैन ।

पर्यटन पूर्वाधार अर्को प्राथमिकताको क्षेत्र हो । वर्षौंदेखि चर्चामा रहेको मुक्तिनाथ केबलकार परियोजनाको पीडीए अन्तिम चरणमा पुगेको छ । यसले मुक्तिनाथ क्षेत्रको धार्मिक पर्यटनमा कायापलट ल्याउने अपेक्षा छ । त्यसैगरी, कुनै समय एसियाकै पहिलो मानिने तर हाल जीर्ण अवस्थामा रहेको हेटौंडा रोपवेलाई पुनर्निर्माण गरी सञ्चालनमा ल्याउने प्रक्रिया अघि बढाइएको छ ।

औद्योगिक पूर्वाधार विकासमा पनि नयाँ मोडल अपनाइएको छ । दमक र पाँचखालजस्ता ठाउँमा औद्योगिक क्षेत्र निर्माण गर्दा अब सरकारले मात्रै पूर्वाधार बनाउने र उद्योगी पर्खिने पुरानो शैलीको अन्त्य गरिनेछ । बरु, निजी क्षेत्रलाई नै पूर्वाधार निर्माणमा साझेदार बनाएर उनीहरूले नै उद्योग स्थापना गर्ने मोडालिटीमा काम अघि बढेको छ । यसले परियोजनालाई छिटो र प्रभावकारी बनाउने विश्वास लिइएको छ ।

सबैभन्दा नवीन र भविष्यमुखी योजनाको रूपमा हरित हाइड्रोजन ऊर्जाको उत्पादनलाई लिन सकिन्छ । वर्षायाममा खेर जाने नेपालको अथाह जलविद्युत्‌लाई प्रयोग गरेर पानीबाट हाइड्रोजन उत्पादन गर्ने र त्यसलाई ऊर्जाको रूपमा भण्डारण वा निर्यात गर्ने सम्बन्धमा दक्षिण कोरियाली लगानीकर्ताहरूसँग गम्भीर छलफल भइरहेको छ र छिट्टै सम्झौतामा हस्ताक्षर हुने चरणमा छ । यो परियोजना सफल भएमा नेपालले ऊर्जाको क्षेत्रमा विश्वव्यापी रूपमा भइरहेको परिवर्तनमा आफूलाई एक महत्वपूर्ण खेलाडीको रूपमा स्थापित गर्न सक्नेछ ।

रासायनिक मल कारखाना स्थापना गर्ने योजनाले पनि मूर्तरूप लिँदै छ । नेपालकै चुनढुंगा र पानी प्रयोग गरेर मल उत्पादन गर्ने प्रविधिमा आधारित कारखानाको स्थापना अन्तिम चरणमा पुगेको छ, जसले देशको कृषि क्षेत्रमा ठूलो सकारात्मक प्रभाव पार्नेछ । यी सबै प्रयासहरूले नेपालको लगानीको क्षेत्रलाई विविधीकरण गर्दै अर्थतन्त्रलाई थप लचिलो र दिगो बनाउन मद्दत गर्नेछ ।

### ■ सबैभन्दा ठूलो चुनौती : मानसिकतामा रूपान्तरण

कानुनी र प्रक्रियागत सुधारहरू जतिसुकै गरिए पनि जबसम्म निजी क्षेत्रलाई हेर्ने दृष्टिकोणमा आधारभूत परिवर्तन आउँदैन, तबसम्म लगानीको वातावरण पूर्ण रूपमा सहज हुन सक्दैन । यो नेपालको लगानी प्रवर्द्धनमा सबैभन्दा ठूलो तर अदृश्य चुनौती हो । राजनीतिक, प्रशासनिक र सामाजिक तहमा अझै पनि निजी क्षेत्रलाई केवल 'नाफाखोर' समूहको रूपमा हेर्ने, उनीहरूलाई शंकाको दृष्टिले व्यवहार गर्ने र उनीहरूको सफलतामा खुसी हुनुको सट्टा ईर्ष्या गर्ने प्रवृत्ति विद्यमान छ ।

निजी क्षेत्र नाफा कमाउनकै लागि आउने हो, यो विश्वव्यापी सत्य हो । तर त्यो नाफा कमाउने क्रममा उनीहरूले देशमा पुँजी, प्रविधि र व्यवस्थापकीय कौशल भित्र्याउँछन्, हजारौंलाई रोजगारी दिन्छन्, सरकारलाई कर तिर्छन् र समग्रमा आर्थिक गतिविधि बढाउँछन् भन्ने कुरालाई बिर्सिन हुँदैन । ८० प्रतिशतभन्दा बढी आर्थिक गतिविधि निजी क्षेत्रले धानेको अर्थतन्त्रमा उनीहरूलाई विकास साझेदारको रूपमा स्वीकार्न र सम्मान गर्न नसक्दासम्म लगानीकर्ताहरू हच्किरहन्छन् । त्यसैले, लगानी बोर्डले अब नीतिगत सुधारका साथसाथै यो मानसिकता परिवर्तनका लागि समेत पैरवी गर्नुपर्ने आवश्यकता छ । यसका लागि पारदर्शी र प्रतिस्पर्धी प्रणाली स्थापना गर्नु अनिवार्य छ, ता कि कुनै व्यक्ति वा समूहको स्वार्थमा नभई देशको हितमा उत्कृष्टभन्दा उत्कृष्ट लगानीकर्ताले अवसर पाउने सुनिश्चित होस् !

यसका लागि लगानी बोर्ड आफैँले पनि संस्थागत सुशासन र व्यावसायिकताको उदाहरण प्रस्तुत गर्नु जरुरी छ । बोर्डभित्र एउटा स्थायी र दक्ष कर्मचारीतन्त्रको विकास गर्ने, कामको मूल्यांकन कार्यसम्पादनमा आधारित बनाउने र राम्रो काम गर्नेलाई पुरस्कार तथा नगर्नेलाई दण्डको व्यवस्था गर्ने प्रणाली विकास गर्न लागिएको छ । भूकम्पपछिको पुनर्निर्माण प्राधिकरणमा सफलतापूर्वक लागू गरिएको कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई बोर्डमा पनि अवलम्बन गर्ने तयारी छ । यस्तो सुधारले संस्थालाई थप व्यावसायिक, जवाफदेही र परिणाममुखी बनाउनेछ ।

### ■ निष्कर्ष

नेपालको लगानीको कथा अब निराशा र ढिलासुस्तीको पर्यायवाची मात्र रहेन । विगतका कमजोरीहरूबाट सिकेर, नीतिगत र कानुनी अड्चनहरूलाई फुकाएर र संस्थागत क्षमतालाई बलियो बनाएर लगानी बोर्ड एक नयाँ र ऊर्जाशील दिशामा अघि बढिरहेको छ । एकद्वार नीतिको वास्तविक कार्यान्वयन, ठूला परियोजनाहरूको ठोस प्रगति, लगानीका नयाँ क्षेत्रहरूको साहसिक पहिचान र निजी क्षेत्रसँग साझेदारीको 'रिइन्भेटेड' भावनाले भविष्यप्रति आशावादी हुने ठाउँ प्रशस्त दिएको छ । चुनौतीहरू अझै पनि छन्, विशेषगरी मानसिकता र कार्यान्वयन तहमा । तर यदि हालको सुधारको गति र प्रतिबद्धता कायम रहने हो भने, नेपालले आफूलाई दक्षिण एसियाकै एक आकर्षक र प्रतिस्पर्धी लगानी गन्तव्यको रूपमा स्थापित गर्न धेरै समय लाग्नेछैन । यो यात्रामा लगानी बोर्डको भूमिका केवल एक सहजकर्ताको नभएर देशको आर्थिक रूपान्तरणको एक प्रमुख संवाहकको रूपमा रहनेछ ।

*(ज्ञवाली लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत हुन्।)*


# शुभकामना

नेपाल आर्थिक पत्रकार संघ (नाफिज) को १६ औं वार्षिक साधारण सभा मंसिर २१ गते हुन गइरहेकोमा नेपाल पेट्रोलियम ढुवानी महासंघ खुसी व्यक्त गर्दछ । आर्थिक पत्रकारको क्षमता अभिबृद्धिसँगै आर्थिक पत्रकारिताको उन्नयन, समृद्ध राष्ट्र निर्माण र पारदर्शी सूचना प्रवाहमा नाफिजले पुर्‍याएको महत्वपूर्ण योगदानको उच्च सम्मान गर्दै आगामी यात्रामा अझ सशक्त योगदान मिलोस् भन्ने शुभेच्छा प्रकट गर्दछौं । यस वार्षिक साधारण सभाको सफल, सार्थक र प्रभावकारी रूपमा सम्पन्न होस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं । यस महत्वपूर्ण अवसरमा नाफिज र महासंघबीच आपसी सहकार्य, विश्वास, पेशागत दक्षता तथा सुशासन प्रवर्द्धनमा थप टेवा पुग्ने विश्वास लिएका छौं ।

**मनोज दास**
अध्यक्ष

**तथा नेपाल पेट्रोलियम ढुवानी महासंघ परिवार**




**SIPRADI TRADING PVT. LTD.**
THAPATHALI - 015350643, 9801013469
RADHE RADHE - 015914771, 9802345443

Scan for Test Drive

SIPRADI



# समृद्ध नेपाल : लगानीका विषयमा थालौँ प्रस्ट संवाद



डा. प्रकाशशरण महत

नेपालको आर्थिक अवस्थामा विस्तारै सुधार हुँदै आएको छ । तर, धेरै काम गर्न बाँकी छ । अहिलेको सबैभन्दा ठुलो समस्या भनेको देशभित्र आर्थिक गतिविधि कम हुनु हो । अर्थतन्त्रको स्वरूप आयातमुखी छ । बढी आयात र अत्यन्तै कम निर्यात छ । आधारभूत आवश्यकीय वस्तुमा पनि मुलुक आत्मनिर्भर हुन सकेका छैन । कृषिमा निर्भर ठुलो जनसंख्या भएपनि कृषिजन्य वस्तुमा आत्मनिर्भर बन्न सकिएको छैन । आधारभूत वस्तुमा आत्मनिर्भर गराउने चुनौती हाम्रा अगाडि छ । त्यसका लागि पर्याप्त लगानीको आवश्यकता पर्छ भने लगानीमैत्री वातावरणले मात्रै लगानी भित्रिने बाटो खुल्छ । लगानीमैत्री वातावरण सुनिश्चित गर्न र स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न सरकारले आधारभूत पूर्वाधार तयार पार्नुपर्छ । ज्यादा उत्पादन हुने सम्भावनाको क्षेत्र खोजेर लक्षित किसिमबाट काम हुनुपर्छ ।

नेपालमा धेरै पर्यटकीय केन्द्रहरू छन्, त्यस्ता क्षेत्रमा भरपर्दो पूर्वाधार जरुरी छ । उत्पादनमा आधारित सहुलियत र अनुदान कार्यक्रम अघि सार्नुपर्छ । सँगसँगै विदेशबाट आउने वस्तुसँग प्रतिस्पर्धा गर्न कठिन भएकाले भन्सार दर पनि पुनर्मूल्यांकन हुनुपर्छ । त्यसो गर्न सकियो भने मात्रै नेपाली उत्पादन प्रतिस्पर्धी र लागतभन्दा प्रतिफल बढी दिने किसिमको परिस्थिति सिर्जना हुनसक्छ ।

मुलुकमा अहिले लगानी कम भइरहेको छ । भदौ २३ र २४ को घटनाले अनेकन प्रश्नहरू उब्जाएको छ । यस्तो अवस्थामा लगानीमैत्री वातावरण सिर्जना गरि लगानीकर्तालाई आकर्षित गर्नु जरुरी हुन्छ । त्यस्तै, सरकारी खर्चलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता छ । प्राथमिकताका आधारमा सरकारी खर्च व्यवस्थित गर्न सकियो भने थोरै लगानीबाट पनि धेरै प्रतिफल प्राप्त गर्न सकिन्छ । त्यसका लागि धेरै ठाउँमा बजेट विनियोजन गर्ने र काहीँ पनि परिणाम ननिस्कने परिस्थितिको अन्त्य हुनुपर्छ । यी सबै कामका लागि राजनीतिक इच्छाशक्ति आवश्यक हुन्छ । नवउदारवादका सकारात्मक पक्षलाई आत्मसात गर्दै उत्पादनमा निजी क्षेत्रलाई परिचालित गर्न सकियो भने देशमा समृद्धि सिर्जना हुन्छ । त्यसको पहुँचमा हरेक नागरिक पुग्नुपर्छ । कुनै पनि वर्ग समुदाय गरिबीभित्र रहनु हुँदैन भन्ने मान्यतालाई समाजवादबाट ग्रहण गर्नुपर्दछ ।

अहिलेको बाटो भनेको मध्यमार्गी हो । समाजवादका पनि विभिन्न संस्करणहरू छन् । अहिलेको समाजवाद मूलभूत रूपमा उत्पादनको नेतृत्व निजी क्षेत्रले गर्ने र वितरणको नेतृत्व राज्यले गर्नुपर्छ भन्ने मान्यतामा आधारित छ । उत्पादन बढ्दै गएपछि निजी क्षेत्रको नेतृत्वमा प्राप्त हुने उत्पादन र आर्थिक वृद्धिबाट प्राप्त हुने राजस्वको हिस्सा पछाडि परेको वर्ग समूहको उत्थानका लागि राज्यले लगानी गर्ने हो । वितरणको नेतृत्व सरकारले गर्नुपर्छ । यसरी

नवउदारवाद र समाजवादलाई सन्तुलनमा राख्न सकिन्छ । यो नै अहिलेको परिस्कृत समाजवाद हो । आर्थिक उत्पादन बढाउने जिम्मेवारी उद्यमी, व्यवसायी, लगानीकर्तालाई दिने र यसको पहुँचमा पुग्न नसक्ने आमनागरिकको सुरक्षामा राज्यले खर्च गर्नुपर्छ । संसारभरका विभिन्न आर्थिक र राजनीतिक मोडलको अनुभवबाट हामीले सिक्नुपर्ने पाठ पनि यही हो ।

यो विषयमा नेपाली कांग्रेस कुनै अलमलमा छैन । लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित भएर आर्थिक र सामाजिक रूपान्तरणका लागि कांग्रेसले काम गरिरहेको छ । कांग्रेसको नीति र सरकारमा बसेर लिएको नीतिमा खासै भिन्नता छैन । आर्थिक समृद्धिको पहुँचमा हरेक नागरिकलाई पुऱ्याउने कांग्रेसको लक्ष्य हो, जुन चुनौतीपूर्ण छ । किनभने हाम्रा साधन र स्रोत न्यून छन्, थोरै साधन र स्रोतले धेरै आवश्यकता एकैपटक पूरा गर्न सकिँदैन । जसको असर कार्यान्वयन तहमा देखिएको छ र लक्ष्य पूर्ति नभएको आभाष बेलाबेला जनमानसमा पर्ने गरेको छ ।

२०४६ यतको परिस्थितिलाई हेर्ने हो भने कांग्रेस सरकारमा भएको बेला आर्थिक वृद्धि सुनिश्चित गर्न लिएका कदमहरूले परिणाम देखाएका छन् । चाहे त्यो सामाजिक सुरक्षालगायत स्वास्थ्य र शिक्षामा गरेको लगानी होस वा पूर्वाधार विकासमा गरेको लगानी नै किन नहोस् । २०४६ मा नेपालको सडकको अवस्था के थियो ? गाउँघरको स्थिति के थियो ? खानेपानी र सिँचाइको अवस्था के थियो ? स्वास्थ्य र शिक्षाको अवस्था के थियो ? विद्युत्को अवस्था के थियो भन्ने हो भने अवश्य पनि प्रगति भएको छ । यसबीचमा जुन उपलब्धि हासिल भएका छन्, त्यो कांग्रेसले लिएको नीतिकै कारण सम्भव भएको हो ।

आर्थिक समृद्धि सिर्जना गर्न निजी क्षेत्रको प्रभावकारी उपस्थिति सुनिश्चित गर्ने, सरकारले पछाडि परेका विपन्न वर्गको उत्थानका लागि लगानी गर्ने र निजी क्षेत्रलाई पनि प्रतिस्पर्धी वातावरण सिर्जना हुने गरि काम गर्नुपर्छ । कसैको पनि आधिपत्यको स्थिति नहोस् भनेर बलियो नियमनको व्यवस्था गरिएको छ । जसका कारण वित्तीय क्षेत्र (फाइनान्सियल सेक्टर), स्वास्थ्य, शिक्षा र पूर्वाधारको सूचांक सकारात्मक भएकाले धेरै क्षेत्रमा सन्तोष गर्ने ठाउँ बनेको छ ।

अनेकौं खालका राजनीतिक व्यवधानका बाबजुद हामीले यो लक्ष्य हासिल गरेका छौं । यद्यपी यसमै सन्तुष्ट भएर बस्न सक्ने अवस्था छैन । योभन्दा अझ धेरै काम गर्न सकिन्थ्यो र सक्छौं । राजनीतिक अस्थिरता, कुनै दलको पनि बहुमत नआउने परिवेस, विगतमा द्वन्द्वको परिस्थितिलगायत धेरै कारणले नीतिले अंगिकार गरेअनुसारको परिणाम प्राप्त गर्न नसकिएको तथ्यलाई विर्सनु हुँदैन ।

हामीले जुन सीमामा काम गऱ्यौं र जति उपलब्धि छन्, त्यसलाई केही भएन भन्न मिल्दैन । यसबीचमा हामीले धेरैखाले अप्ठ्यारा व्यहोर्नुपऱ्यो । १० वर्षे हिंसात्मक द्वन्द्वले हाम्रो विकासलाई धेरै पछाडि पाऱ्यो । त्यसपछि पनि अनेकौं अप्ठ्यारा आए । संविधान निर्माणको क्रममा देखिएको अस्थिरता, विविध कारणले कांग्रेस सत्ताभन्दा बाहिर बस्नुपर्ने अवस्था, २०७२ को बिनासकारी भूकम्पले व्यहोरेको क्षति र अन्य प्राकृतिक तथा मानवीय विपत्तिका कारण मुलुकले ठुलो क्षति व्यहोर्नु पऱ्यो । भूकम्पपछि देशलाई माथि उठाउन अन्तर्राष्ट्रिय सहयोग जुटाएर कांग्रेसले सार्थक भूमिका निर्वाह गऱ्यो । अहिले करिब-करिब पुनर्निर्माणको काम सम्पन्न भएको छ । त्यसपछि कोभिडका कारण देशले धेरै ठुलो अप्ठ्यारो भोग्यो । यस्ता अनेकौं विषम परिस्थितिमा काम गर्नु परेका कारण लक्षित उद्देश्य प्राप्त गर्न केही कठिनाई भोग्नु परिरहेको छ ।

हामीले अख्तियार गर्नुपर्ने केही आर्थिक नीति छन्, त्यो भनेको सरकारले सीमित साधन-



स्रोतको उचित प्राथमिकीकरण गर्नुपऱ्यो । सबै ठाउँमा सबै काम राज्यले गर्छ भन्न थालियो भने परिणाम आउँदैन । कुनै आयोजना पूरा हुँदैन । र, लक्षित परिणाम पनि आउँदैन । प्राथमिकीकरण आजको आवश्यकता हो । सबै काम एकै पटक र राज्यले नै गर्छ भन्ने लोकप्रियतावादी सोचबाट देश उँभो लाग्दैन ।

हामीले जनतामा गएर साधन-स्रोत कति छ, कुन काम नगरी नहुने हो भन्ने बारेमा यथार्थ संवाद गर्नुपर्छ । जनताले त्यो कुरा बुझ्छन् र समर्थन गर्छन् । यो अठोट र इच्छाशक्ति राजनीतिक नेतृत्वले लिनुपर्छ । यसले मात्रै लक्षित परिणाम आउन सक्छ । अब हिजोको जस्तो धनी देशहरूले सहजै आर्थिक सहयोग गर्ने, अनुदान दिने अवस्था छैन । अहिले संसार नै लेनदेनमा चलेको छ । मैले यति दिँदा कति प्राप्त हुन्छ भन्ने मोडलमा अगाडि बढेको छ । अब आर्थिक सहयोग मित्र राष्ट्रहरूबाट पनि अपेक्षा गर्न सकिँदैन । यो अवस्थामा रेमिटेन्सबाट आएको पुँजी र स्वदेशमै निर्मित पुँजीलाई ठीक ढंगबाट सदुपयोग गर्नुपर्छ । निजी क्षेत्रमा पनि व्यापारी संस्कृतिबाट लगानी संस्कृति विकसित गर्न सरकारले नीतिगत निर्णय लिनुपर्छ । त्यो भयो भने लगानीको वातावरण सिर्जना हुन्छ ।

आर्थिक गतिविधि चलायमान र लगानी सहज बनाउन सरकारले पाँचवटा नीति संसदबाट पारित गरेको छ । आगामी दिनमा सरकारी खर्च मितव्ययी र परिणामुखी बनाउने, निजी क्षेत्रलाई पनि कुन क्षेत्रमा सम्भावना छ, ती क्षेत्रमा सरकारले सहज वातावरण सिर्जना गर्दिने तर्फ काम गर्नुपर्ने आवश्यकता छ ।

विदेशमा बस्ने नेपालीको सीपसँगै लगानी पनि ल्याउन प्रोत्साहन गर्ने, कृषिमा आत्मनिर्भर हुन कृषिजन्य उत्पादनका लागि जसले लगानी गर्छ उनीहरूलाई केही वर्षसम्म कर छुट र उत्पादनमा आधारित सहुलियत दिनुपर्छ । सँगसँगै भन्सार दर बढाएर बाहिरी प्रतिस्पर्धाबाट पनि स्वदेशी उद्योगलाई संरक्षण गर्ने नीति लिइयो भने कतिपय अत्यावश्यकीय वस्तुमा आत्मनिर्भर हुन सजिलो हुन्छ । यसले रोगजारी सिर्जनासँगै

**हामीले जनतामा गएर साधन-स्रोत कति छ, कुन काम नगरी नहुने हो भन्ने बारेमा यथार्थ संवाद गर्नुपर्छ । जनताले त्यो कुरा बुझ्छन् र समर्थन गर्छन् । यो अठोट र इच्छाशक्ति राजनीतिक नेतृत्वले लिनुपर्छ । यसले मात्रै लक्षित परिणाम आउन सक्छ ।**

आर्थिक समृद्धिको बाटोमा नेपाललाई अगाडि बढाउन सकिन्छ ।

पछिल्ला वर्षहरुमा बजेटमा जथाभावी विनियोजन गर्ने प्रथा चल्यो, उपभोक्ता समितिबाट काम गर्ने नाममा बिनाठेक्का साधन-स्रोतको दुरुपयोग हुन थाल्यो । त्यसलाई सच्याउनुपर्ने आवश्यकता छ । कर प्रणालीलाई लगानीमैत्री बनाउनुपर्छ । राजस्व बढाउने कल्पना गरेर लगानीलाई निरुत्साहित गर्नु हुन्न । लगानी आएन भने करको परिकल्पना गर्न सक्दैनौं । पहिला लगानी ल्याउँ, यसले एउटा 'इकोसिस्टम' बन्छ र त्यसबाट भोलिका दिनमा आवश्यकताका आधारमा राजस्व उठाउन सक्छौं ।

संसारका कुनै पनि देश बहुपक्षीय बैंकिङ प्रणालीसँग जोडिएका छन् । जस्तो एसियाली बिकास बैंक (एडीबी)मा मूल लगानी जापानको छ, विश्व बैंकमा अमेरिकाको छ । युरोपियन कन्स्ट्रक्सन बैंकमा युरोपका देशहरूको छ । चीनको पनि ब्रिक्स र इन्फ्रास्ट्रक्चर बैंकमा लगानी छ । त्यस्तै भारत र अन्य देशको लगानी अन्य बैंकहरूमा छ । बाह्य ऋण यी बहुपक्षीय बैंकिङ प्रणालीबाट लिने नीति लिनुपर्छ । त्यसका सर्तहरू सहज र ब्याजदर कम हुन्छन् । लामो समयसम्म तिरे हुन्छ । त्यस्ता बैंकबाट ऋण लिएर प्राथमिकताका क्षेत्रमा लगानी गर्नुपर्छ । निजी लगानीलाई पनि प्रोत्साहन गर्नुपर्छ । त्योभन्दा अर्को बाटो हाम्रो अगाडि छैन ।

अहिले जहाँतहीँ सडकमा लगानी गर्न खोज्दा कुनै पनि आयोजना पूरा नहुने र लक्षित उद्देश्य पनि पूर्ति नहुने स्थिति बनिरहेको छ । पर्यटनको दृष्टिकोणबाट अत्यन्त सम्भावित ठाउँहरू छन्, ती क्षेत्रमा बाह्रैमहिना चल्ने सडक सुनिश्चित गरौं, त्यसमा लगानी गरौं । कृषि उत्पादन, उद्योग व्यवसाय बढाउन सक्ने सम्भावना भएको ठाउँ छन्, त्यहाँ वर्षैभरि चल्ने बाटो सुनिश्चित गरौं । त्यसैगरी ठुलो जनसंख्याको घनत्व छ, त्यहाँका जनता र विकासका लागि बाटो पुग्न जरुरी छ । पर्यटन, उत्पादन केन्द्र र जनसंख्याको घनत्व भएको ठाउँमा सडक सञ्जाल जोड्न प्राथमिकता साथ लगानी गरेर बाह्रैमहिना चल्ने बाटो सुनिश्चित गर्नुपर्छ । यसमा सरकारले एक्लै लगानी गर्न सक्दैन । त्यसैले सार्वजनिक निजी साझेदारी (पीपीपी) मा लगानी गर्नुपर्छ । निजी क्षेत्रलाई लगानीको बाटो खोल्नुपर्छ र राज्यले प्रभावकारी नियमन तथा सहजीकरण गरिदिनुपर्छ ।

उद्योग व्यवसायसँग रोजगारी जोडिएको हुन्छ । जति उद्योग व्यवसायमा लगानी बढ्छ, त्यहीअनुसार रोजगारी बढ्छ । सरकारले घोषणा गर्दैमा रोजगारी सिर्जना हुने होइन, सरकारी संयन्त्रमा धेरै ठुलो रोजगारी नभएपनि सरकारी पहलले धेरै रोजगारीका अवसरहरु सिर्जना हुनसक्छ । जब हामी लगानीमैत्री वातावरण सिर्जना गर्छौं, देशमा लगानी आकर्षण गर्छौं र परिणामुखी आयोजनामा हामी लगानी गर्छौं, त्यसले स्वतः रोजगारी सिर्जना गर्छ । रोजगारी सिर्जना भयो भने युवा पलायन विस्तारै कम हुँदै जान्छ ।

नेपालमा कुनै अवसर छैन, बाहिर मात्र अवसर छ भन्ने जुन भाष्य छ, त्यसलाई परिवर्तन गर्नुपर्छ । बाहिर यत्तिकै सुविधा कसैले दिँदैन । जीवन अत्यन्त कठिन छ । यहाँभन्दा धेरै कठिन छ । बाहिर मात्र राम्रो हुन्छ, यहाँ केही हुँदैन भन्ने नकारात्मक भाष्यलाई चिर्न जरुरी छ । यहाँ पनि अवसर छन्, ती अवसरलाई सदुपयोग गर्न कस्तो सीपको आवश्यकता पर्छ भन्नेतर्फ हामी केन्द्रित हुनुपर्छ । यहाँ रोजगारीको अवसरै नभएको भए विदेशीहरु किन आइरहेका छन् भन्नेतर्फ पनि विचार गर्नुपर्छ । कतिपय क्षेत्रमा हामीकहाँ विदेशी श्रमिकले रोजगारी पाइरहेका छन् ।

अहिले सूचना प्रविधि क्षेत्र (आईटी सेक्टर) विस्तार भइरहेको छ । युवा पिँढी यससँग जोडिएका छन् । ठुलो मात्रामा सफ्टवेयर विदेश निर्यात भइरहेको छ । यो सम्भावना भएको क्षेत्र हो । युवालाई यसमा जोड्ने हो भने महत्वपूर्ण अवसर दिन्छ । म अर्थमन्त्री भएका बेला अन्य क्षेत्रभन्दा सूचना प्रविधि क्षेत्रमा कर आधा कम गरेको हुँ । कानुनले पनि सुनिश्चित गरेको छ । कम लगानीले धेरै प्रतिफल दिनसक्ने आईटी सेक्टरलाई संस्थागत गर्नुपर्छ । ठुला अन्तर्राष्ट्रिय आईटी कम्पनीलाई नेपालमा शाखा खोल्न प्रेरित गर्नुपर्छ । नेपाललाई आईटी हब बनाउन सकिन्छ ।

कृषि क्षेत्रमा पनि धेरै ठुलो सम्भावना छ । नगदेबाली, आवश्यकीय कृषि उत्पादन, फलफूल उत्पादन, तरकारी र लाइभस्टक क्षेत्रलाई आधुनिकीकरण गर्न जरुरी छ । ठुलो स्केलमा फार्मिङ गर्न जरुरी छ । बसाइँसराइबाट गाउँमा धेरै ठुलो क्षेत्रको जमिन बाँझो छ । थोरै भाडा लिएर मालिकले जमिन दिनसक्छन् । उद्यमीलाई त्यतातिर प्रोत्साहित गर्नुपर्छ । यो क्षेत्रमा यति उत्पादन गर्नुभो भने राज्यले यति सहुलियत दिन्छ, हामी बाहिरी प्रतिस्पर्धाबाट पनि संरक्षण गर्छौं भनेर सुनिश्चितता गर्ने हो भने कृषिमा पनि धेरै लगानी बढ्छ र यसबाट धेरै रोजगारी बढ्न सक्छ ।

नेपालमा पर्यटनका लागि पूर्वाधारको समस्या छ । उड्डयन पूर्वाधारमा पनि समस्या छ । नेपाल एयरलाइन्सको उँधोगति छ, यसमा निजी क्षेत्रलाई सामेल गरेर अन्तर्राष्ट्रिय उडानमा सहभागिता बढाउन सकिन्छ । अन्तर्राष्ट्रिय उडान बढाउन सकियो भने विदेशी पर्यटक ठुलो मात्रामा बढाउन सकिन्छ । पर्यटनले पनि धेरै ठुलो रोजगारी सिर्जना हुन्छ ।

विद्युत्को क्षेत्रबाट धेरै रोजगारी सिर्जना त हुँदैन, तर विद्युत् निर्यात गरेर व्यापार घाटा घटाउन सकिन्छ । विदेशबाट प्राप्त विप्रेषणबाट व्यापार घाटा पूर्ति गर्ने अहिलेको अवस्था हो । तर स्वदेशमै उत्पादन बढाएर विद्युत् निर्यात बढाएर विदेशी मुद्रा आर्जन गर्न सक्छौं । व्यापार घाटा कम गर्ने, उद्योग व्यवसाय बढाउने र रोजगार सिर्जना भयो भने राजस्वको दायरा फराकिलो हुन्छ । राजस्वको दायरा ठुलो भयो भने देशको बजेट ठुलो बनाउन सक्छौं । ठुलो बजेट भयो भने निजी क्षेत्रले समेट्न नसकेका नागरिकलाई सामाजिक सुरक्षा, शिक्षा र स्वास्थ्यमा थप लगानी गर्न सक्छौं । यसरी हामी समृद्धिको पहुँचमा हरेक नागरिकलाई पुऱ्याउन सक्छौं । आजको सन्दर्भमा हामी समाजवाद यसैलाई भन्छौं ।

नेपालले सीमित साधन-स्रोतका बीच पनि सामाजिक सुरक्षामा लगानी गरिरहेको छ । दक्षिण एसियाकै सन्दर्भमा सामाजिक सुरक्षामा नेपाली बढी लगानी गरेको छ । बिमामार्फत स्वास्थ्यमा लगानी गरेको छ । निश्चितखालका रोग, ज्येष्ठ नागरिक र विपन्नलाई दिने अनुदानले हाम्रो सामाजिक सुरक्षाको दायित्व अत्यन्तै ठुलो बनाएको छ ।

वैदेशिक र स्वदेशी ऋणको साँवा-ब्याज तिर्ने दायित्व पनि बढ्दै गएको छ । हाम्रो साधारण खर्च पनि बढिरहेको छ । हाम्रा केही निश्चित दायित्व बढिरहेका छन् । यो दायित्वलाई हामीले मितव्ययी बनाउनुपर्छ भने सामाजिक सुरक्षाका कतिपय ठाउँमा दोहोरोपन छ, कतिपय ठाउँमा आवश्यक नपर्नेलाई सुविधा दिइरहेका छौं । यस्ता विषयमा ध्यान दिएर बचत संस्कृति अपनाई विकास खर्चमा लगानी गर्नुपर्छ । सामाजिक सुरक्षालाई पनि लक्षित वर्ग केन्द्रित बनाउन जरुरी छ ।

शिक्षा र स्वास्थ्यको क्षेत्रबाट पनि हामीले बचत गर्न सक्छौं । विगतमा कतिपय सरकारले हौसिएर पालिकैपिछे अस्पतालको अवधारणा ल्यायो । कतिपय ठाउँमा भवन अधुरै छ, कतै भवन मात्र छ । त्यहाँ डाक्टर, नर्स र साधन (इक्युपमेन्ट) पनि छैन । इक्युपमेन्ट, डाक्टर र नर्सबिनाको भवनले उद्देश्य प्राप्त गर्न सक्दैन । त्यसकारण यसलाई पनि धेरै जनसंख्या भएको स्थानमा सबैको पहुँच पुग्ने गरी सेवा दिने बनाउनुपर्छ । सबै सेवा दिने अस्पतालको अवधारणा योभन्दा कम लगानीमा गर्न सकिन्छ ।

बसाइँसराइले विद्यालयमा विद्यार्थी कम हुँदै गएका छन् । कतिपय स्कुलमा विद्यार्थीभन्दा शिक्षकको संख्या बढी छ । शिक्षामा लागत बढिरहेको छ, परिणाम घटिरहेको छ । स्कुललाई मर्जरको कन्सेप्टमा लैजानुपर्छ । बढी विद्यार्थी भएको स्कुलमा कम विद्यार्थी भएको स्कुल गाभ्ने र टाढाका विद्यार्थीलाई होस्टेल र खानाको सुविधा दिन सकियो भने शिक्षकमा गरिएको लगानी कम हुन्छ, विद्यार्थीलाई सुविधा दिन समस्या पर्दैन ।

यस्ता धेरै क्षेत्र छन्, जहाँबाट हामीले खर्च कम गर्न गरि परिणाम राम्रो ल्याउन सकियोस् । विगतमा खुलेका धेरै सरकारी संस्थानहरू अहिले जीर्ण भइसकेका छन् । कतिपय संस्थानमा सरकारले ठुलो घाटा व्यहोरिरहेको छ । घाटामा गएका संस्थालाई सार्वजनिक क्षेत्रले नियन्त्रण गरेर नराखी निजी क्षेत्रलाई सहभागि गराएर सहज ढंगले चल्ने वातावरण बनाउनुपर्छ । निश्चित सेवा र सर्तका आधारमा सरकारी संलग्नताविनै निजी क्षेत्रले सञ्चालन विधि अपनाइयो भने घाटामा गरिएको लगानी बचत हुन्छ । त्यो बचत लक्षित समूह/वर्गमा उपयोग गर्न सक्छौं ।

*डा. महत पूर्वअर्थमन्त्री एवं नेपाली कांग्रेसका प्रवक्ता हुन् ।*


EasyBank
अब Life
EzzZeE छ।
किनकि अब Digital Banking सेवाको लागि EasyBank छ।
Customer Services
KYC Update
Loan Services
Card Services
Account Details
& MANY MORE
*T&C Apply
Relationship Forever
SiddharthaBank
www.siddharthabank.com
SCAN FOR WEB VERSION
SIDDHARTHA CARE 24/7
01-5970020
customercare@sbl.com.np

# नोट व्यवस्थापन : भ्रष्टाचार नियन्त्रणको प्रथानविन्दु



> अहिलेको प्रणालीमा कर तिर्ने इमानदार नागरिकलाई सजाय हुने र कर छल्नेहरूलाई लाभ हुने अवस्था छ । यसलाई सुधार गर्न प्रणालीगत सुधार आवश्यक छ । कर अधिकृतहरूले बदमासी गरिरहेका छन् ।



। सुरेन्द्र पाण्डे

भ्रष्टाचार नेपालको महारोग भइसकेको छ । भ्रष्टाचारका विभिन्न आयामहरु छन् र रोकथाम तथा नियन्त्रणको बाटो पहिल्याउन आवश्यक छ । त्यसैको जगमा जेनजी आन्दोलन भएको मानिन्छ । यस्तो अवस्थमा भ्रष्टाचार नियन्त्रणका लागि कानूनी, संरचनात्मक र प्रणालीगत सुधार आवश्यक छ ।

पहिलो, नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न निकाय तथा निर्णयकर्ताहरु छन् । जसले भ्रष्टाचारलाई नियन्त्रण तथा न्यूनिकरण भन्दा पनि थप प्रशय दिइरहेको आभाष मिल्छ । यि निकायहरूकै कारण सेवाग्राहीले अनावश्यक झन्झट भोग्नु परेको छ । कार्यालयमा गएर अनुमति लिनु पर्ने, फाइल घुमाउनु पर्ने र त्यही प्रक्रियाको नाममा पैसा मागिने अवस्था नेपालमा छ । त्यसलाई घटाउने अनावश्यक निकाय तथा अनुमति प्रणालीलाई हटाएर 'नेगेटिभ चेकलिस्ट' तयार पार्न सकिन्छ । के-के काम गर्न अनुमति चाहिन्छ होइन के-के काम गर्न अनुमति लिनु पर्दैन भन्ने सूची चाहिन्छ । यसले सेवाग्राही कार्यालय धाउनुपर्ने अवस्थाको अन्त्य गर्छ ।

दर्ता भनेको छ, नवीकरण भनेको छ र यसकै नाम पैसा खाने वातावरण बनिरहेको छ । अहिले गैरसरकारी संस्था (आईएनजीओ) हरुले सरकार टु सरकार काम गर्न सक्छन् । तर, समाज कल्याण परिषदबाट अनुमति लिनुपर्ने वातावरण सिर्जना गरिएको छ । अब समाज कल्याण परिषद् जस्तो संस्थालाई किन राख्नु पर्‍यो ? अनुमति दिनुपर्ने संस्थाले नदिने काम गरिरहेको छ । भ्रष्टाचारलाई प्रशय दिइरहेको छ । कर्मचारीको कमाई खाने अड्डा बनेको छ । यो त एउटा उदाहरण मात्र हो । यस्ता धेरै संस्थाहरु छन्, जुन खारेज हुनुपर्छ ।

दोस्रो, कर प्रणालीमा समस्या छ । अहिलेको प्रणालीमा कर तिर्ने इमानदार नागरिकलाई सजायँ हुने र कर छल्नेहरूलाई लाभ हुने अवस्था छ । यसलाई सुधार गर्न प्रणालीगत सुधार आवश्यक छ । कर अधिकृतहरुले बदमासी गरिरहेका छन् । पूर्ण लेखापरिक्षण (फुल अडिट) मा परिसकेपछि कम्पनीको नाम सफ्टवेरबाट डिलिट गर्ने र रोष्टर कर कार्यालयमा पठाएर यो कर अडिटमा के समस्या छ ? के तल-माथि छ भनेर सफ्टवेरबाटै पहिचान गर्ने प्रणाली विकास गर्न जरुरी छ । यसले निष्पक्ष रुपमा काम गरेर समस्याको समाधान गर्छ । यो प्रणालीको विकास गर्दा कसको फाइल हो ? के हो भनेर टाउको दुखाउनु पर्दैन । यो प्रविधि भारतमा सुरु भइसकेको छ । यसो गर्दा कर अधिकृतले कुनै व्यक्तिगत दखल दिन सक्दैनन् । यस्तो प्रणाली नेपालमा पनि लागू गर्न सकिन्छ । जसरी लोकसेवामा परीक्षार्थीको नाम काटेर जाँच गर्न पठाइन्छ, त्यस्तै प्रणाली करमा पनि विकास गर्न आवश्यक छ । भारतले देशभरिको चार्टर्ड एकाउन्टेन्टको रोष्टर बनाएर पठाउँछ र अडिटको समस्या के-कस्तो छ भनेर पहिचान हुन्छ । यो प्रणालीमा बार्गेनिङ गर्ने ठाउँ पनि हुँदैन ।

तेस्रो, नगद कारोबारको न्यूनिकरण (भोलुम र

साइजमा पनि) । हजारको नोटलाई सयमा झार्ने र कारोबारको भोलुम पनि घटाउन गर्न सकियो भने केही मात्रामा भ्रस्टाचारको जालो तोडिन्छ । सरकारले डिजिटल कारोबारलाई बढाएर नगद कारोबारलाई निरुत्साहित गर्न सक्यो भने भ्रष्टाचार केही हदसम्म कम हुन्छ । सरकारले ठूला दरका नोटहरूलाई क्रमशः हटाउँदै साना नोट मात्रै छाप्ने र नगद कारोबारको सीमा तोक्ने उपाय अपनाउन सक्छ । जस्तैः १० हजारभन्दा माथिको कारोबार अनिवार्य रूपमा बैंकिङ माध्यमबाट हुनुपर्ने व्यवस्था गर्न सकियो भने नगद कारोबार घट्छ र सबैको प्राथमिकता डिजिटल कारोबार हुन्छ । अहिले स्मार्टफोनको सहज पहुँचसँगै डिजिटल भुक्तानीको संरचना बलियो पार्न सजिलो भएको छ । क्यूआर कोड, मोबाइल बैंकिङ, अनलाइन कारोबार तथा एटीएम मेसिनसँगै अनलाइन बिलिङ प्रणालीको व्यापक प्रयोग गर्न सकियो भने नगदको आवश्यकता घटाउँछ र भ्रष्टाचारको सम्भावना समेत कम हुन्छ ।

भ्रष्टाचार नेपालको मात्रै समस्या होइन, अमेरिकामा पनि छ । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि भ्रष्टाचार घटाउँछु भनेर विभिन्न निकायहरु बन्द गर्ने काम गरिरहेका छन् । तर, त्यहाँ पनि काम हुन सकेको छैन । ट्रम्पको त्यो कार्यशैली राजनीतिक प्रतिशोध मात्रै त नहोला । केही कमजोरी त्यहाँ पनि छ । भ्रष्टाचार सबै ठाउँको समस्या हो । र, नेपालमा पनि त्यो समस्या छ । सरकारले प्रणालीगत सुधार गर्दै यसको न्यूनिकरण गर्न सक्छ ।

नोट आफैंमा खराब होइन । एक समयमा चाँदीका सिक्काको सट्टा सस्तो, सुविधाजनक र विश्वसनीय विनिमय माध्यमका रूपमा नोट आएको हो । कुनै समयका लागि नोटको विकास हुनु नै ठूलो उपलब्धि थियो । कानूनी रुपले अधिकार प्राप्त मुद्रा भएकाले नोटमा जनताको विश्वास छ । सिक्काको समयमा हुँदा बोकेर हिँड्दा सम्भव थिएन । कारोबारलाई विस्तार गर्न नोटको आवश्यकता थियो । नेपालको सन्दर्भमा वि.सं २००२ देखि नोट प्रयोगमा आयो । त्यसअघि नेपालमा पनि सिक्का नै थिए । व्यवसाय र विनिमय विस्तारका लागि नोटको भूमिका पनि महत्वपूर्ण रह्यो । कारोबारलाई विश्वव्यापी बनायो । अहिले प्रविधिको विकासले नोटको भूमिका पुनर्विचार गर्नुपर्ने अवस्था आएको छ ।

कारोबार विस्तारसँगै नोटले भ्रष्टाचारजन्य काममा पनि पश्रय दिएको छ । नोट एक ठाउँबाट अर्को ठाउँमा हिँडेको कसैलाई थाहा हुँदैन । घुसमा नोटको प्रयोग बढ्यो । त्यही पैसा चेकबाट दियो भने थाहा हुन्छ । हिजो कम्प्युटर नहुँदा नोट जरुरी थियो । अब प्रविधिको विकाससँगै नोट भन्ने चिज सरकारले दिएको कानूनी कागज मात्र हो । अब कागजमै जानुपर्छ भन्ने छैन । मान्छेले चाहेको वस्तु खरिदका लागि अनलाइनबाट पनि भुक्तानी गर्न सकिन्छ । नोटलाई अनलाइन कारोबारमा रुपान्तरण गरिदियो भने यो विस्तारै प्रयोग कम हुन्छ ।  नोटको कारोबारमा कमिसँगै भ्रष्टाचार न्यूनिकरणमा पनि सहयोग हुन्छ । अहिले विभिन्न देशले डिजिटल करेन्सी प्रयोगमा ल्याइसके । भारत र चीनले पनि यो अभ्यास अगाडि बढाइसकेका छन् । हामीले पनि डिजिटल करेन्सी प्रयोगमा ल्याउन ढिला गर्नु हुँदैन । मान्छे लोभी जात हो । यो लोभी जातलाई सरकारले नै प्रणालीको सुधार गरेर भ्रष्टाचार गरेर पनि केही काम छैन भन्ने महसुस गराउन सक्नुपर्छ ।

## भारतबाट सिक्नुपर्ने पाठ

भारतले पछिल्लो पटक सन् २०१६ मा ५०० र १००० को नोटबन्दी लगायो र नयाँ २००० को नोट प्रचलनमा ल्यायो । भारत सरकारको सो निर्णय अनपेक्षित थियो । भारतले नोटबन्दी गर्नुको मुख्य कारण कालोधन नियन्त्रण, आतंकवादको वित्तीय स्रोत बन्द गर्ने र डिजिटल कारोबार प्रवर्द्धन गर्नु थियो । भारतजस्तो विशाल र नगद-केन्द्रित अर्थतन्त्रमा यस्तो निर्णय ऐतिहासिक नै थियो । सुरुवाती चरणमा सो निर्णयको व्यापक विरोध पनि भयो । तर, सरकारले लगत्तै २००० को नोट प्रचलनमा ल्याएपछि ठूलो कारोबार गर्न केही सहज भयो । भारतको यो कदमबाट केही सकारात्मक परिवर्तनहरू पनि देखिए । भारत नोटबन्दीमा पूर्ण रुपमा सफल भयो भन्ने अवस्था रहेन । तर, नोटबन्दीपछि भारतमा डिजिटल भुक्तानी प्रणालीको प्रयोगमा उल्लेखनीय वृद्धि भएको छ । भारत आफ्नो रणनीतिमा सफल भएको छ ।

अहिले भारतले २००० को नोट पनि



प्रतिबन्ध लगाएर ५०० को नोटमात्रै प्रचलनमा ल्याएको छ । भारतको उद्देश्य भनेको डिजिटल कारोबारलाई बढाउनु र भ्रष्टाचारलाई रोक्नु हो । यो अवधिमा भारतले डिजिटल कारोबारको लागि पूर्वाधार बलियो बनायो । वित्तीय साक्षरता सबैमा पुर्‍यायो । सबैको हातमा स्मार्ट फोनको पहुँच हुने वातावरण बनाएपछि २००० को नोट पनि हटाएको छ । त्यसपछि मात्रै नोटको कारोबारलाई निरुत्साहित र अनलाइनलाई प्रोत्साहन गरेको हो ।

डिजिटल भुक्तानीमा भारतले क्रान्ति नै गरेको छ । अहिले भारत विश्वमै बढी डिजिटल कारोबार गर्ने देशमध्येमा पर्छ । नोटबन्दीपछि ठूलो रकम पुनः बैंकिङ प्रणालीमा फर्कियो । केही हदसम्म भ्रष्टाचार न्यूनिकरण पनि भयो होला । नोटबन्दी नै सबै समस्याको समाधान होइन तर, एउटा महत्पूर्ण विकल्प भने हो । नेपालजस्तो देश जहाँ ग्रामीण भेगमा बैंक पहुँच, डिजिटल साक्षरता र वित्तीय प्रणाली कमजोर छन्, त्यहाँ आकस्मिक रूपमा नोटबन्दी गर्दा आर्थिक र सामाजिक संकट निम्तिन सक्ने कुरामा सचेत हुँदै सरकारले दीर्घकालिन रणनीति अगाडि सार्न सक्छ । आजको भोलि नै नोट बन्द गर्ने होइन विस्तारै घोषणा गरेर सरकारले नोटको कारोबारबाट अनलाइनमा रुपान्तरण गर्न सक्छ ।

ठूला नोट क्रमशः हटाउने, डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्ने र जनतामा वित्तीय सचेतना फैलाउने नीति सरकारले अवलम्बन गर्नुपर्छ । नेपालले डिजिटल पूर्वाधारमा लगानी बढाउनुका साथै व्यवसायीलाई डिजिटल कारोबारमा आवद्ध गराउँदै लैजाने र नगद कारोबारको सीमा तोक्ने अभ्यास गर्न सके केही मात्रामा भ्रष्टाचार रोकिन्छ । सरकारले भावनामा होइन, विवेकमा आधारित रणनीतिक सुधारका कार्यक्रमहरु ल्याएर दीर्घकालिन समाधानको बाटो देखाउन सक्छ । जनताले कर तिर्नुपर्छ, पारदर्शी बन्नुपर्छ भन्ने महसुस हुने खालको प्रणाली सरकारले निर्माण गर्नुपर्छ ।

### ■ करप्रति नागरिकको मानसिकता

नेपालमा कर तिर्ने कामलाई मूर्खताको रूपमा लिने प्रवृत्ति छ । कर नतिरी कर्मचारीलाई घूस दिएर काम गराउने गलत अभ्यास मौलाएको छ । कर तिरेर के हुन्छ ? भन्ने धारणा व्याप्त छ । नजान्नेले भन्दा जान्नेले बढी कर छलि गरेको उदाहरणहरु प्रशस्त छन् । कर अधिकृतले पनि त्यस्तो व्यक्तिलाई सघाउने गरेका छन् । कर छल्नकै लागि सम्पत्तिको मूल्यांकन कम गर्ने/गराउने प्रवृत्ति हावी भएको छ । सेवाग्राही र कर अधिकृत मिलेर सरकारको राजस्व कम गराउनेमा लागिरहेका छन् । यो नै भ्रष्टाचार हो । भोलि कर तिर्ने प्रणाली अनलाइनबाट गर्न सकियो, मूल्यांकन गर्ने काम अनलाइनबाट भयो भने यसमा न सेवाग्राहीको भूमिका हुन्छ नत कर अधिकृतले नै तजबिजको अधिकार प्रयोग गर्न सक्ने वातावरण बन्छ ।

कर तिरेर मात्रै राज्यको क्षमता विस्तार हुन्छ, जसबाट सेवा प्रवाह सुध्रिन्छ । कर तिरेपछि मात्र नागरिकले सेवा माग्न पाउने नैतिक आधार बनाउँछ । कुनै अंशबण्डा हुन्छ भने त्यहाँ जसरी भए पनि कर कम तिर्ने वातावरण सिर्जना गरिन्छ । कर तिरेर के पाएका छौं ? कर तिरेको रकम भ्रष्टाचार गर्न मात्रै प्रयोग गरिन्छ भन्ने भाष्य निर्माण गरिएको छ । कर तिरेर नै राज्यको सामर्थ्य बढ्छ । राज्यको ढुकुटीमा योगदान नदिएर देश विकास हुँदैन । कर्मचारीलाई घुस नदिई सरकारी कोषमा रकम दाखिला गर्दा मात्रै त्यसको सदुपयोग हुन्छ होला नी । व्यक्तिलाई घुस खुवाएर काम गर्ने र राज्यलाई कर तिरेर के हुन्छ भन्ने धारणा बनाउनु हुँदैन । कर तिरेर काम भएन भने प्रश्न गर्ने ठाउँ हुन्छ ।

> **नोटबन्दीलाई 'नोट व्यवस्थापन' का रूपमा बुझ्नुपर्छ । नोट बन्दीको सट्टा 'नोट व्यवस्थापन' भन्ने सकारात्मक शब्द प्रयोग गरेर सरकारले क्रमशः साना नोट छाप्ने, ठूला नोट हटाउने नीति ल्याउन सक्छ । नोटबन्दी भनेर जनतालाई धम्क्याउने र त्रसित गर्ने काम गर्नु हुँदैन ।**

भ्रष्टाचार आफैंमा अन्तर्राष्ट्रिय जालो हो । नेपालले जहाँ-जहाँबाट वस्तु आयात गर्छ, त्यहाँ 'अण्डर बिलिङ' गर्‍यो भने के हुन्छ ? लाखौं रुपैयाँ पर्ने गाडीको २५ सय डलर राख्यो भने सरकारले पाउने राजस्व गुम्छ । यसको स्रोत बाहिर हो । त्यसैले भ्रष्टाचारको सुरुवात विदेशबाट पनि भइरहेको छ । हुण्डी पनि विदेशबाटै भइरहेको छ । नेपालमा पैसा संकलन गरेर बाहिर लिनुभन्दा विदेशमै संकलन गरेर उतै काम भइरहेको छ । उतै पैसा जम्मा गरेर उतै कारोबार गर्ने र वस्तु पठाउने काम भइरहेको छ । त्यसले नेपाललाई नोक्सान भइरहेको छ । त्यस्तो काम गर्न विदेशमा बन्देज भयो भने नेपालमा पनि पैसा आउँथ्यो होला । त्यसैले नेपालले गरेर मात्रै समस्या समाधान हुँदैन । नोटको कारोबारले भ्रष्टाचार कम हुन्छ तर सतप्रतिशत कम हुन्छ भन्न सकिन्न ।

अहिले ठूलो मात्रामा रकम औपचारिक तथा अनौपचारिक रुपमा बाहिरिरहेको छ । नेपाली विद्यार्थीले ठूलो पैसा लिइरहेका छन् । गैरकानूनी रुपमा काम भइरहेको हुन्छ । सुरुमा नेपालबाट पठाउने र पछि उतै मिलाउने काम हुन्छ । साथीभाईबाट पैसा जम्मा गरेर उतै खर्च गर्ने र नेपालमा उसको परिवारले तिर्ने अभ्यास चलिरहेको छ, यो पनि एक प्रकारको हुण्डी नै हो । नेपालमा मात्रै हुण्डी भएको भए समाधान गर्न सकिने ठाउँ पनि हुन्थ्यो होला । तर, विश्वव्यापी रुपमा हुण्डीको कारोबार भइरहेको छ । अधिकांश देशमा यो समस्या छ । कतिपय देशले यही कारणले डलरको कारोबार गर्छ । अर्जेन्टिनाले डलरमै कारोबार गर्छ । विभिन्न देशले आफ्नो देशको आश्वयकता अनुसार नीति बनाएर समस्याको समाधान गर्छन् । भ्रष्टाचार अन्तर्राष्ट्रिय संरचनासँग पनि जोडिएको हुन्छ । हुन्डी र फर्जी कारोबारका माध्यमबाट ठूलो मात्रामा पैसाको ओसारपसार भइरहेको छ । भ्रष्टाचार विश्वव्यापी समस्या भएकाले समाधान पनि अन्तर्राष्ट्रिय सहयोग तथा कडाइमार्फत खोज्न सक्नुपर्छ ।

### ■ नोटबन्दी होइन व्यवस्थापन

धेरैले भारतको जस्तै नेपालमा पनि नोटबन्दी गर्नुपर्छ भनेर बहस गर्छन् । तर, मैले यसलाई 'नेगेटिभ' शब्दका रुपमा बुझ्दछु । नोटबन्दीलाई 'नोट व्यवस्थापन' का रूपमा बुझ्नुपर्छ । नोट बन्दीको सट्टा 'नोट व्यवस्थापन' भन्ने सकारात्मक शब्द प्रयोग गरेर सरकारले क्रमशः साना नोट छाप्ने, ठूला नोट हटाउने नीति ल्याउन सक्छ । नोटबन्दी भनेर जनतालाई धम्क्याउने र त्रसित गर्ने काम गर्नु हुँदैन । सचेत गराउँदै विस्तारै परिवर्तन गर्न सकिन्छ । यसले भ्रष्टाचारको जरा काट्न सहयोग गर्छ । तर, सतप्रतिशत सफलता मिल्छ भन्ने होइन ।

हामीले क्रमशः ठूला नोटको कारोबार घटाउँदै जान्छौं भनेर घोषणा गर्दा पनि हुन्छ । सरकारले पाँच वर्षपछि ठूला नोटको कारोबार हुँदैन भनेर घोषणा गर्‍यो भने त्यतिसम्म सबै पैसा प्रणालीमा आउँछ । सबै नागरिकलाई सचेत पार्न सक्यो भने सबैले 'माइन्डसेट' परिवर्तन गर्छन् । र केही हदसम्म भ्रष्टाचार पनि न्यूनिकरण हुन्छ ।

*- पाण्डे पूर्वअर्थमन्त्री तथा नेकपा एमालेका उपाध्यक्ष हुन्*

# नेप्से अनलाइन ट्रेडिङ सिस्टम (NOTS) मार्फत शेयर खरिदरबिक्री गर्दा निम्न कुराहरुमा जानकारी राख्न हुन NEPSE सम्पूर्ण लगानीकर्तामा अनुरोध गर्दछ :

- नेप्सेको सदस्यताप्राप्त धितोपत्र दलाल कम्पनी/शाखाबाट नट्स प्रयोग गर्नका लागि युजरनेम (USER NAME) र पासवर्ड (PASSWORD) निःशुल्क प्राप्त गर्न सकिन्छ । धितोपत्र दलाल कम्पनीहरूको नाम, ठेगाना र फोन नम्बर नेप्सेको वेबसाइट www.nepalstock.com मा उपलब्ध छ ।
- लगानीकर्तालाई ब्रोकर तथा नेप्सेको प्रणालीमा जोड्ने माध्यम टिएमएस हो जसबाट लगानीकर्ताले खरिद तथा बिक्री आदेश प्रविष्ट गराउन सक्छन् । प्रविष्ट गरिएको आदेशको हरेक अवस्थाको जानकारी Order Book मा गई प्राप्त गर्न सकिन्छ ।
- अनलाइन युजरले ब्रोकर मार्फत वा आफैले खरिद बिक्री आदेश प्रविष्टि गरी कारोवार गर्न सक्छन् ।
- लगानीकर्ताको एउटा हितग्राही खातालाई ब्रोकरसँग खोलिएको एउटा कारोबार खातासँग मात्र आवद्ध गरेपछि नट्समा कारोबार गर्न सकिन्छ । राफसाफ तथा फछ्यौट सम्वन्धी कार्य समेत यसैवाट हुन्छ ।
- कारोबार गर्नको लागि ग्राहकले आफ्नो ब्रोकरसँग धितो जम्मा गर्नुपर्छ । धितो जम्मा गरेको आधारमा ब्रोकरले लगानीकर्तालाई कारोबार सीमा (Trading Limit) प्रदान गर्छन सोही कारोबार सीमाको अधिनमा कारोवार गर्न सकिन्छ ।
- कारोबार सीमा तथा धितोपत्र खरिद पछिको राफसाफ तथा फछ्यौंट कार्यका लागि टिएमएसबाट क्लियरिङ बैंकको e-Banking Portal मा गई लगानीकर्ताले ब्रोकरको Account मा Fund/Collateral Transfer गर्न सक्छन् । नेपाल क्लियरिङ्ग हाउस लिमिटेडसँग आवद्ध बैंक तथा वित्तीय संस्थाबाट पनि यो सुविधा लिन सकिन्छ ।
- धितोपत्र बिक्री पश्चात www.meroshare.cdsc.com.np मार्फत MY EDIS खोली Transfer share गर्नु पर्ने हुन्छ । यसरी Transfer share गरे पश्चात मात्र धितोपत्रको राफसाफ गर्न सम्भव हुन्छ ।

**नेपाल स्टक एक्सचेञ्ज लि.**
युएनआई शान्ति मार्ग, भद्रकाली,
काठमाडौं



# गलत बुझाइको मारमा निजी क्षेत्र



चन्द्रप्रसाद ढकाल

२०८२ भदौ २३ र २४ मा जेनजी आन्दोलनले ल्याएको परिवर्तनपछि मुलुक आशा र संशयको दोबाटोमा उभिएको छ । जेनजीको आन्दोलन र मागबमोजिम मुलुकमा भ्रष्टाचार न्यूनीकरण गरी सुशासन कायम गर्ने प्रयत्नमा अन्तरिम सरकार लागेको छ । आन्दोलनका क्रममा निजी क्षेत्रको सम्पत्ति तथा व्यवसायमाथि पनि तोडफोड तथा आगजनी भयो । त्यसले निजी क्षेत्रलाई निरुत्साहित गऱ्यो । हरेक आन्दोलन वा प्रदर्शनमा निजी क्षेत्रमाथि नै प्रहार हुने गरेको सर्वविदितै छ । यसपटक निजी क्षेत्र अझै बढी आहत भएको छ ।

एउटा उद्यमीले जसोतसो जोहो गरेर, सरसापट, ऋण गरेर लगानी गरेको हुन्छ । राजस्वमा योगदान गर्दै रोजगारी सिर्जना गरेको हुन्छ । तर, उद्यमीका शयनकक्षसम्म लुटपाट भएको छ । व्यापार व्यवसायमा आगो लगाइएको छ । व्यवसायको उद्देश्य नै सेवा दिएर नाफा कमाउनु हो । तर, नाफा आर्जन गर्नुलाई अपराधजस्तै गरी चित्रण गर्दै आइएको छ । यही गलत बुझाइका कारण निजी क्षेत्रमाथि प्रहार हुने गरेको छ ।

रोजगारी सिर्जना गर्नु र राजस्व बुझाउनु राज्यका लागि पनि महत्वपूर्ण होइन र ? आगजनी, तोडफोड, लुटपाट गर्नेमाथि कडाभन्दा कडा कारबाही भएन भने दण्डहीनता मौलाउँछ । कुनै पनि नाममा अराजकतालाई प्रश्रय दिइनुहुँदैन । जुनसुकै पेसा व्यवसाय गर्नेले सुरक्षित रुपमा काम गर्न पाउने अधिकारको सुनिश्चितता आवश्यक हुन्छ र त्यसका लागि राज्यले काम गर्नुपर्छ । कठिन परिस्थितिमा पनि आगामी दिनमा राम्रो हुन्छ भन्ने आशामा निजी क्षेत्र खरानी टक्टक्याउँदै जुर्मुराउन खोजिरहेको छ ।

## जिम्मेवार छ निजी क्षेत्र

अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) र नेपाल उद्योग वाणिज्य महासंघको अध्ययनअनुसार नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८१ प्रतिशत छ । ८६ प्रतिशत रोजगारी निजी क्षेत्रले नै दिएको छ । निर्यात हुने पनि निजी क्षेत्रकै उत्पादन हो । आयकरमा पनि उद्यमी व्यवसायीको योगदान ८० प्रतिशतमाथि छ ।

नेपालको निजी क्षेत्र दह्रिलो र जिम्मेवार छ भन्ने कोभिड महामारीको समयलाई एउटा उदाहरणका रुपमा लिन सकिन्छ । अदालतले राजस्व बुझाउन समय दिँदा पनि सरकारलाई सहयोग गर्न उद्यमी व्यवसायीले शीघ्र कर बुझाए । कोभिडको पहिलो आर्थिक वर्षमा संशोधित लक्ष्यभन्दा बढी राजस्व संकलन भएको थियो । यसपटक पनि हामी संवेदनशील छौं । यो विषम परिस्थितिमा पनि पुनरुत्थानका लागि जिम्मेवारीपूर्वक एकअर्कालाई विश्वास र हौसला दिइरहेका छौं । निजी क्षेत्रको यो भावनालाई सरकारले पनि बुझेको छ भन्ने हाम्रो आशा छ । क्षतिलगत्तै अर्थ मन्त्रालयमा आयोजित कार्यक्रमपछि महासंघको आग्रहमा भन्सार, बीमा र बैंकिङ सुविधा प्रदान गरियो । यसले पुनर्निर्माणमा राहत पुग्ने विश्वास छ । उक्त छुट र सुविधालाई कार्यान्वयन गर्न तदारुकता देखाउन भने जरुरी देखिन्छ ।

व्यवसायीले असुरक्षाको अनुभूति गरिरहँदा गृह मन्त्रालयले जिल्ला सुरक्षा समितिमा उद्योग वाणिज्य संघलाई पनि सहभागी गराउन सबै जिल्ला प्रशासन कार्यालयमा परिपत्र गर्नुले सकारात्मक सन्देश दिएको छ । लुटपाट र आगजनीमा संलग्नलाई कारबाही गरी अब यस्ता घटना दोहोरिन नदिन सुरक्षा संयन्त्रको मनोबल बढाई काम गर्नु आवश्यक छ । यसमा सरकारले कुनै पनि कसर बाँकी नराखोस् !

## निजी क्षेत्रको अपेक्षा

महासंघले गरेको प्रारम्भिक सर्वेक्षणअनुसार प्रदर्शनका क्रममा करिब ४८ अर्ब रुपैयाँको भौतिक क्षति भएको छ । यसबाट निजी क्षेत्रलाई करिब ८८ अर्ब रुपैयाँबराबर नोक्सानी भएको छ । हालको अवस्थामा सुधारको संकेत देखिएको छ । तर, परिस्थिति प्रतिकूल हुँदै गयो भने यो नोक्सानी बढ्छ । पर्यटनमा सुधार भएन, आपूर्ति शृंखलामा फेरि अवरोध भयो भने नोक्सानी बढ्दै जानेछ । विश्व बैंकले पहिलेको आर्थिक वृद्धिको प्रक्षेपण

घटाउँदै यस वर्ष दुई प्रतिशत हाराहारीमा रहने आकलन सार्वजनिक गरेको छ। यस्तो अवस्थामा निजी क्षेत्रको मनोबल बढाई औद्योगिक तथा व्यावसायिक गतिविधि बढाउन सरकारबाट विशेष पहल अपेक्षित छ।

राज्यले निजी क्षेत्रको योगदानलाई आत्मसात् गर्दै आम सर्वसाधारणलाई पनि बुझाउने गरी मन्त्रिपरिषद्बाट सार्वजनिक महत्वको प्रस्ताव पारित गर्न आवश्यक छ। कुनै पनि प्रकारको आक्रमण नहुने गरी आवश्यक सुरक्षासहित सबै निकायबाट एकीकृत द्रुत सेवा प्रदान गर्ने गरी निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन कार्यक्रम (पीएसपीपी) पारित गर्नुपर्छ।

महासंघले बनाइरहेको आर्थिक पुनर्निर्माण एवं पुनरुत्थान योजना सरकारले कार्यान्वयन गरोस् भन्ने उद्यमीको अपेक्षा छ। उक्त योजनामा पुनर्निर्माण, निरन्तर न्यून रहेको माग बढाउने उपायलगायतका विषय समेटिएका छन्। यसले आममानिसलाई निजी क्षेत्रको योगदान र महत्व बुझाउँदै भावी पुस्तालाई सकारात्मक सन्देश दिन्छ। सरकारको खर्च नहुने गरी व्यावसायिक वातावरण तयार तयार हुने गरी अन्य अत्यावश्यक केही निर्णय र सहुलियतको अपेक्षा निजी क्षेत्रले गरिरहेको छ।

### ■ सुशासन र युवा उद्यमशीलता

महासंघले निरन्तर सुशासनको विषय उठाउँदै आएको छ। नवयुवाको चाहना पनि यही हो। सुशासन कायम गर्न निजी क्षेत्रसमेतको सहभागितामा सरकारले सुशासन संयन्त्र निर्माण गर्नुपर्छ। गत वर्ष चैत्रमा सम्पन्न महासंघको वार्षिक साधारणसभाको मुख्य एजेन्डा पनि यही थियो। सरकारी निकाय मात्रै बसेर बन्ने आयोग वा संयन्त्रले नतिजा दिन नसक्ने भएकाले निजी क्षेत्र सम्मिलित संयन्त्र तत्काल बन्नुपर्छ।

महासंघले गत वर्ष गरेको व्यावसायिक वातावरण सर्वेक्षणअनुसार साना तथा मझौला व्यवसाय दर्ता गर्न चारदेखि सात ठाउँसम्म जानुपर्छ। यसलाई घटाएर नागरिक एपबाट नै व्यवसाय दर्ता गर्न पाउने व्यवस्था गर्न आवश्यक छ। अथवा वडा कार्यालयमै दर्ता र राजस्व बुझाउने व्यवस्था हुनुपर्छ। निरन्तर कर बुझाएको छ भने नवीकरण गर्नुपर्ने व्यवस्था पनि अन्त्य गर्नुपर्छ। सुशासनका यी विषय उच्चस्तरीय आर्थिक सुधार आयोगको प्रतिवेदनमा पनि छन्।

युवा उद्यमशीलताको विषय पनि निकै महत्वपूर्ण छ। महासंघको पहलमा स्टार्टअप नीति आयो। कानुनमा स्टार्टअपको परिभाषा भयो। अहिले अनुदान दिन सुरु भएको छ। तर त्यतिले मात्र पुग्दैन। युवाहरूले उठाइरहेको सुशासन, उद्यमशीलता एवम् रोजगारीजस्ता विषयको सम्बोधनमा स्टार्टअप नीतिको सशक्त कार्यान्वयन महत्वपूर्ण हुनेछ।

युवा उद्यमशीलता विकास विशेष कार्यक्रम तत्काल सुरु गर्नुपर्छ। सरकार र महासंघको युवा उद्यमी मञ्चको सहकार्यमा उक्त कार्यक्रम सुरु गर्न सकिन्छ। व्यवसाय दर्ता, पुँजी संकलन, बजार प्रवर्द्धन र बहिर्गमनका विषयमा सहजीकरण अहिलेको आवश्यकता हो। युवाहरूका लागि परियोजना कर्जा, सामूहिक कर्जा, एकीकृत बजार विकास, सूचना प्रविधि र एआईको प्रयोग, डेटा सेन्टरलगायतका योजना एकीकृत गरी नतिजामूलक कार्यक्रम तयार गर्नुपर्छ। त्यसका लागि एउटा स्टेरिङ कमिटी बनाएर तत्काल काम गर्न सकिन्छ।

### ■ लगानी सुरक्षाको ग्यारेन्टी आवश्यक

सार्वजनिक र निजी क्षेत्रबाट निर्माण हुने पूर्वाधारको समस्या समाधानका लागि पनि संयन्त्र आवश्यक छ। वन, वातावरण र जग्गाको भोगाधिकारलगायतका स्थानीय मागहरू सम्बोधनका लागि सरकारले तदारुकता देखाएन भने काम गर्न सम्भव छैन। राज्यले स्वीकृति दिइसकेका परियोजना निर्माण एवं सञ्चालनमा कुनै पनि बहानामा कुनै पनि समूहबाट अवरोध नहुने सुनिश्चितता आवश्यक छ। परियोजनास्थलमा हुने अनावश्यक अवरोधका कारण कतिपय साना परियोजनामा लागतभन्दा बढी माग आउने गरेको गुनासो छ। त्यसैले पूर्वाधार निर्माण तथा आयोजना सञ्चालनमा राज्यको तर्फबाट पूर्ण सुरक्षाको प्रत्याभूति दिइनुपर्छ।

नेपालमा केही पनि हुँदैन र नेपालको लगानीले केही पनि गर्न सकिँदैन भन्ने नकारात्मक भाष्य चिर्नको लागि महासंघको पहलमा नेपाल उद्योग परिसंघ, चेम्बर अफ कमर्स र गैरआवासीय नेपाली संघ सदस्य एवं अन्य व्यवसायीको संलग्नतामा नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेड (एनडीपी) कम्पनी स्थापना भएको छ। यसले छरिएर रहेको आन्तरिक पुँजी संकलन गरी ठूला पूर्वाधारका परियोजनामा लगानी गर्नेछ। यसबाट लगानीकर्ताको विश्वास बढाउने र आन्तरिक पुँजी परिचालनबाट पनि ठूला परियोजना निर्माण गर्न सकिने सन्देश दिन सकिन्छ।

### ■ तत्काल सम्बोधन गर्नुपर्ने विषय

महासंघ सदस्य र निजी क्षेत्रका केही तत्काल सम्बोधन गर्नुपर्ने विषय छन्। जस्तो कि निर्यातमा अनुदान रोकिएको छ। नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदै गरेकाले यो अनुदान रोकिएको भन्ने छ। स्तरोन्नतिका विषयमा महासंघले निरन्तर भनिरहेको छ- यो कृत्रिम रूपमा धनी भएको मात्रै हो। बंगलादेशले २५ सेप्टेम्बरमा स्तरोन्नतिको विषय पुनर्मूल्यांकन गर्न संयुक्त राष्ट्रसंघसमक्ष आग्रह गरिसकेको छ। नेपालले पनि त्यसको प्रयास गर्नुपर्छ। स्तरोन्नतिको म्याद कम्तीमा तीन वर्ष पर सार्नुपर्छ र निर्यात अनुदान सुचारु गर्नुपर्छ।

अमेरिकाको भन्सार नीतिका कारण भारतीय र अन्य देशको लगानी नेपाल आउन खोजिरहेको छ। यस्ता लगानीलाई प्रोत्साहन गर्ने यो उचित समय हो। कृषि उत्पादनको चक्रमा उत्पादनदेखि बजारीकरणसम्मका विषयमा काम गर्नुपर्छ। स्थानीय उद्योग वाणिज्य संघ र स्थानीय तहको सहकार्यमा उद्यमी शीतभण्डार, बजार व्यवस्थापन र ढुवानीमा संयुक्त रुपमा काम गर्न चाहन्छन्।

करदाता सेवा केन्द्रलाई विस्तारै हटाएर वडा कार्यालयबाटै प्यान नम्बर दिने निर्णय भएको छ। राजस्व र व्यवसाय दर्ता एवं खारेजीसम्बन्धी सम्पूर्ण काम वडाबाटै गर्न पाउने व्यवस्थाका लागि हामीले नयाँ सरकार बनेलगत्तै र आर्थिक सुधार आयोगमा पनि सुझाव दिएका थियौँ। सबै सेवा सुचारु नभई सेवा केन्द्र बन्द गर्नु भने उपयुक्त हुँदैन। नेपालमा महासंघ सम्भवतः सरकारपछि सबैभन्दा ठूलो सञ्जाल भएको संस्था हो। सबै जिल्ला र अधिकांश नगरपालिकामा उद्योग वाणिज्य संघ छन्। ती निकाय प्यान कार्ड वितरणमा सहजीकरणलगायत करदाता सेवा दिन सक्षम छन्। यसमा महासंघ सहकार्य गर्न चाहन्छ।

बैंकहरूमा अहिले ११ खर्ब रुपैयाँभन्दा बढी लगानीयोग्य रकम छ। चालू पुँजी कर्जा मार्गदर्शन र सूक्ष्म निगरानी एवं कालोसूचीका कारण लगानीमा आकर्षण नभएको स्थिति छ। चालू पुँजी मार्गदर्शनसम्बन्धी निर्णय बैंक र ऋणीको आपसी छलफलबाट नै निर्णय गर्न दिने व्यवस्था हुनु उपयुक्त हुन्छ। सूक्ष्म निगरानीलगायत कर्जा वर्गीकरण र कालोसूची व्यवस्था परिमार्जन गरिनुपर्छ।

सीमा क्षेत्रमा अवैध आयात संस्थागत हुँदै गएको छ। यसको नियन्त्रणका लागि भार तर्सँगको संयुक्त प्रयास आवश्यक छ। भारतसँग गैरभन्सार अवरोध, आइरन रडलगायतको भन्सार दर, भारतीय स्ट्यान्डर्ड सर्टिफिकेट पाउन कठिन भइरहेका विषय पनि उद्यमीको चासोका विषय हुन्। रियल इस्टेट तथा सेयरबजारको व्यवस्थित विकास र विस्तारका लागि पहल आवश्यक छ। निर्यात क्षमता पनि निश्चित समयपछि क्षय हुन्छ। जस्तो कि नेपालको खेर गइरहेको गिट्टी, ढुंगा, बालुवालगायतका उत्पादन। भारत र बंगलादेश विकासको एक चरणमा पुगिसकेपछि यसको माग नहुन सक्छ। त्यसैले वातावरण विनाश नहुने, मुलुकलाई कुनै हानि नोक्सानी नहुने एवं वैधानिक रुपमा दर्ता गरी राजस्व बुझाउने कम्पनीमार्फत निर्यात गर्न पाउने व्यवस्थाले विदेशी मुद्रा आर्जनमा सहयोग पुग्नेछ।

बजारमा न्यून माग कायमै रहेको हुँदा आयकर र मूल्यअभिवृद्धि करको दर घटाउन हामीले आग्रह गरेका छौँ। यस विषयलाई सकारात्मक रुपमा लिन सकियो भने सर्वसाधारणको क्रयशक्ति बढ्न गई बजारमा माग बढ्ने अपेक्षा गर्न सकिन्छ। भारतसँग करका दरहरूसँग स्वचालित रुपमा समायोजन हुने संयन्त्र निर्माण गरे अवैध आयात रोकिनुका साथै माग पनि बढ्छ। दिगो शान्ति, स्थायित्व र समृद्धिका लागि सबैको प्रयास अहिलेको आवश्यकता हो। यसका लागि सबै राजनीतिक दल, युवा पुस्तालगायत सरोकारवालाहरूसँगको संवाद र सहकार्यमा समयमै निर्वाचन हुने वातावरण सुनिश्चित गर्नुपर्छ। यसमा निजी क्षेत्र सहयोग र सहकार्य गर्न तयार छ।

*(ढकाल नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष हुन्)*



# जेनजी आन्दोलन, बजार र लगानी

**। वीरेन्द्रराज पाण्डे**

अर्थतन्त्रको ग्राफले 'ग्रिन सिग्नल' दिँदै गर्दा देशको औद्योगिक क्षेत्र विकासतर्फ उन्मुख भएको संकेत गर्छ । व्यावसायिक क्रममा अप्ठ्यारो पार्ने नीतिनियममा भइरहेको परिमार्जन साथै आर्थिक वृद्धिमा सघाउ पुऱ्याउने किसिमका सरकारले ल्याएको बजेट तथा मौद्रिक नीतिले पक्कै सकारात्मक असर पार्छ भन्ने विश्वास निजी क्षेत्रले लिएको छ । तथापि यो पर्याप्त नभए पनि 'केही हुँदै छ' भन्ने आभास गर्नसक्ने ठाउँहरू बन्दै गएका छन् ।

आजको दिनमा व्यवसायीले यहाँको बजारको आकार, माग, खपत आदि सम्पूर्ण पक्षलाई अध्ययन गरेर मात्रै लगानी गर्छन् । तर, कुनै एउटा क्षेत्रले राम्रो गऱ्यो भने त्यसैतर्फ लाग्ने परिपाटी हुँदा त्यस्ता पक्षमा विचार गर्ने बेला आएको छ । नेपालमा पर्यटनको सम्भावना बलियो छ । अहिले 'ओभर सप्लाई' भएजस्तो देखिए पनि पर्यटनको आवागमन बढ्यो भने हालको भौतिक स्रोतले नपुग्ने स्थिति बन्छ ।

पर्यटकीय गन्तव्य बढाइँदै लग्यो, सोहीअनुसार पूर्वाधार र होटल बन्दै गएको खण्डमा पर्यटन आगमन पनि आफैँ बढ्छ । त्यसमा इतिहासको डाटाले हेर्दा मात्रै पुग्दैन । अब भविष्यको माग र उत्पादन पनि गर्न सक्नुपऱ्यो । वार्षिक १०/११ लाख पर्यटन आइरहेको नेपालमा त्यो संख्या कसरी ३० लाख पुऱ्याउने त्यसतर्फ सोच्नुपर्छ ।

भारत तथा चीनका नागरिकको व्यक्तिगत आयस्रोत बढी छ । भिसा सहजीकरण हुँदा ती देशका नागरिकहरू ठूलो संख्यामा थाइल्यान्डलगायतका देशमा घुम्न गइरहेका छन् । नेपाल आगमनमा उनीहरूलाई सोहीअनुसार सहुलियत गरिदिन सकिए पर्यटन आगमनमा वृद्धि हुनसक्छ र त्यसले अर्थतन्त्रको विस्तार सहयोग गर्छ । अहिले चार्टर्ड फ्लाइटहरू केही मात्रामा आइरहेका छन् ।

फ्लाइट कनेक्सन राम्रो बनाई चिनियाँ र भारतीयलगायतका देशका पर्यटनलाई आकर्षण गर्ने किसिमको प्याकेज बनाएर पर्यटन आगमन बढाउने विषयमा सोच्ने बेला आएको छ । साथै, पहिला भारतबाट सिमेन्ट, डन्डी आयात गरेर प्रयोग गर्थ्यौं । सरकारी अधिकांश आयोजनामा भारतीय सिमेन्टको प्रयोग हुन्थ्यो । नेपाली सिमेन्ट लाइन लागेर लिनुपर्ने अवस्था थियो । हिमाल, उदयपुरलगायतका केही सिमेन्ट उद्योग थिए ।

तर, सिमेन्ट, डन्डी उद्योग स्थापनाको लागि सरकारले कर, विद्युत्जस्ता विषयमा सहजीकरण गरिदिएकाले आज यो क्षेत्र आत्मनिर्भर बनिसकेको छ । अहिले अधिकांश आयोजनामा नेपाली सिमेन्ट नै प्रयोग हुन्छन् । आत्मनिर्भर भई ओभर सप्लाई हुन थालिसकेको यो क्षेत्रबाट उत्पादित सामानलाई निर्यातमा प्रोत्साहन गर्नुपर्छ । सिमेन्ट निर्यात भए पनि अपेक्षाकृत हुन नसकेकाले यसमा सोच्ने बेला आएको हो ।

सिमेन्ट उद्योगहरुको उत्पादन क्षमताभन्दा कम आन्तरिक माग छ । डन्डीको अवस्था पनि उस्तै देखिन्छ । त्यसैले हाम्रा उत्पादनका लागि भारत बलियो बजार हो । सिमेन्ट तथा डन्डी भारत निर्यात गर्न सकियो भने अर्थतन्त्रमा यसले महत्वपूर्ण योगदान गर्नेछ । निर्यात गर्दा गुणस्तर र मूल्यको कुरा आउँछन् । भारतबाट बिलेट ल्याएर यहाँ प्रशोधन गरेर पठाउँदा महँगो पर्नसक्छ । तर, वातावरणमैत्री सामान उत्पादन गरी, उद्योगमा केही समयमा सहुलियत दरमा विद्युत् उपलब्ध गर्न सकियो भने प्रतिस्पर्धामा आउन समय लाग्दैन । यसमा विविधीकरण गरी नयाँ बजारको सिर्जना गर्न सके लाभ लिन सकिन्छ ।

## सिमेन्ट, डन्डी, होटल र रंगरोगनमा लगानी बढ्दो

नेपालमा पहिले भारतबाट कच्चापदार्थ आयात गरेर उत्पादन गर्नुपर्ने अवस्था थियो । तर, अहिले नेपाली खानीहरूको उत्खननसँगै गुणस्तरीय उत्पादन गरी उद्योगले निर्यात गर्न थालिसकेका छन् । सिमेन्टको क्षेत्रमा मात्रै आजको दिनमा स्वदेशी र विदेशी गरी अर्बौं रुपैयाँ लगानी भइसकेको छ ।

उद्योग विभागको सन् २०२० सर्वेक्षणअनुसार टीएमटी बार उत्पादन उद्योगहरूमा कुल लगानी ४८ अर्ब ७० करोड रुपैयाँभन्दा बढी रहेको देखाउँछ । स्टिल आपूर्ति र स्टिल पग्लिने क्षमता प्रतिवर्ष २० लाख टन नाघेको छ । आर्थिक वर्ष २०८०/८१ मा स्टिल आयात अघिल्लो आर्थिक वर्ष २०७९/८० को तुलनामा लगभग १२.५ प्रतिशतले बढेको तथ्याङ्कले देखाउँछ । नेपालको जलविद्युत् र फलाम खानीको स्रोत प्रयोग गर्दै यहाँ ठूलो परिणाममा स्टिल उत्पादन गर्नसक्ने क्षमता छ ।

होटलको क्षेत्रमा पनि अहिले विदेशी र स्वदेशी लगानी थपिएको छ । उद्योग विभागको तथ्याङ्कलाई हेर्दा गत दुई आर्थिक वर्ष अर्थात् २०८०/८१ र २०८१/८२ मा पर्यटन तथा होटल क्षेत्रमा लगानी प्रतिबद्धता करिब ५२ अर्ब रुपैयाँ पुगेको छ । स्वदेशी लगानीकर्ताले पनि अर्बौं रुपैयाँ लगानी गरिसकेका छन् । नयाँ थपिएका होटलहरुले नेपालको पर्यटन उद्योगमा राम्रो प्रभाव पक्कै पार्नेछन् । यसैगरी नेपालमा स्वदेशी पेन्ट्स उत्पादन पनि बढिरहेको छ । रङ्ग बजारले २०८२ देखि २०८६ सम्म वार्षिक २/३ प्रतिशत (सीएजीआर)मा बढ्ने अनुमान पेन्ट्स उद्योगीको छ ।

### ■ कूटनीतिक सम्बन्ध र नीतिगत विषय

नेपाल एक विकासोन्मुख देश भएकाले अर्थतन्त्र मुख्यतः कृषि, पर्यटन र रेमिट्यान्समा आदि गरी निश्चित क्षेत्रमा मात्रै आधारित छ । यद्यपि, पछिल्लो समय नेपालले निर्यात प्रवर्द्धनलाई प्राथमिकता दिँदै अन्तर्राष्ट्रिय बजारमा आफ्नो उपस्थिति विस्तार गर्ने प्रयास गरिरहेको छ । निर्यात र कूटनीतिक सम्बन्धको आपसी सम्बन्ध नेपालजस्तो भू-आबद्ध राष्ट्रका लागि अत्यन्तै महत्वपूर्ण हुन्छ । सशक्त कूटनीति नै नयाँ बजारको पहुँच, सहुलियतपूर्ण व्यापार सम्झौता र लगानी प्रवाहको ढोका खोल्ने सहयोगी बन्नसक्छ ।

नेपाल र भारतबीचको खुला सिमाना तथा प्राचीन व्यापारिक सम्बन्धले निर्यातका लागि अवसर छ । चीनसँगको सम्बन्ध पछिल्ला वर्षहरूमा व्यावसायिक विस्तारको दृष्टिकोणले महत्वपूर्ण हुँदै गएको छ । धेरै मुलुकसँग नेपालको अन्तर्राष्ट्रिय व्यापार सम्बन्ध राम्रो छ । तर, अमेरिकाले अहिले 'ट्यारिफ नीति' लिई आयात हुने सामानमा कर लगाइरहेको छ । नेपालमा पनि यस्तो कर र अफर भोलिका दिनमा नहोला भन्न सकिँदैन । त्यसैले यस्ता विषयमा कूटनीतिक पहलमार्फत वार्ता गरी सम्बन्धलाई सुमधुर बनाउँदै लग्नुपर्छ ।

व्यापार सम्झौतालाई बढाउँदै देशबाट निर्यातको सम्भावना भएको वस्तुहरूको अध्ययन गरी सोहीअनुसारको उद्योग स्थापनाको रणनीति अबको आवश्यकता हो । भारतसँग 'भारतीय स्ट्यान्डर्ड र नेपाली स्ट्यान्डर्ड'को विषय छ । भारतमा सामान निर्यात गर्दा भारतीय स्ट्यान्डर्डको चाहिने र त्यो नवीकरण भइराख्नुपर्ने भएकाले कहिले छिटो त कहिले समय लाग्ने हाम्रो क्षेत्रको अनुभव छ ।

कूटनीतिक सम्बन्ध निरन्तर विस्तार गरिराख्नुपर्ने भएकाले अप्ठ्यारो अवस्था आइलाग्दा हाम्रो कूटनीतिक माध्यमको प्रयोग गरेर तत्काल निराकरण गर्ने बाटो बनाउनुपर्छ । निर्यात जति भयो त्यति नै विदेशी मुद्रा भित्रिने हो । त्यसैले कूटनीतिक सम्बन्धको प्रयोग नेपालको व्यापार रणनीतिमा विशेष स्थान राख्नुपर्छ । व्यापारिक सहकार्य, द्विपक्षीय सम्झौता, क्षेत्रीय संगठनहरूको सदस्यताजस्ता सहुलियतले निर्यात वृद्धि गर्न सकिन्छ ।

त्यसका लागि नीतिगत सुधार, निजी क्षेत्रलाई प्रोत्साहन, नवप्रवर्तनमा लगानी र कूटनीतिक तहमा व्यापार प्राथमिकतामा जोड दिनुपर्ने हुन्छ । हामीले राजनीतिज्ञहरूमा पनि अर्थतन्त्रको विकास नभई अरूको विकास अगाडि बढ्न नसक्ने मान्यताको एकबद्धता पाएका छौं । अध्यादेशमार्फत भएका कानुनी सुधारलगायत यावत् विषयमा सकारात्मक प्रतिबद्धताले पक्कै राम्रो हुन्छ भन्ने आशा हो ।

सीएनआईले दिएका ५८ प्रतिशत नीतिगत सुझाव बजेटमा समावेश भएका छन् । नीतिगत सुधारका विषयलाई पनि सरकारले आत्मसात् गरेको छ । उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनमा पनि सीएनआईले दिएका सुझावहरू समेटिएका छन् । तर, ती विषयका कार्यान्वयन कति भए भन्ने विषयले महत्व राख्ने भएकाले त्यसको कार्यान्वयन चाँडै होस् भन्नका खातिर सरकारलाई बेला-बेलामा सम्झाइरहेका हुन्छौं । साथै, हामीले नीतिनियममा दिनुपर्ने सुझावहरूलाई प्राथमिकतासाथ अध्ययन गरेर सरकारलाई दिइरहेका हुन्छौं ।

साथै, अहिलेको अवस्थामा १८ प्रतिशतजति माग बढेको र १२ प्रतिशतजतिले राजस्व बढेको तथ्याङ्क छ । अघिल्लो वर्षसम्म निर्माण, थोक तथा खुद्रा र उत्पादनशील क्षेत्र ऋणात्मक थियो । अहिले १७/१८ वटा क्षेत्र जुन कुल गार्हस्थ्य उत्पादन (जीडीपी) का योगदानकर्ताहरू छन्, ती थोरै भए पनि सकारात्मक देखिँदै छन् ।

> **कुनै पनि उद्योग चलेन र त्यसलाई बन्द गर्नुपर्‍यो भने बन्द गर्न भन् गाह्रो छ । विदेशी लगानी भित्र्याउनको लागि यहाँका लगानीकर्ताहरूको प्रभाव पर्छ । त्यसैले विदेशी लगानीकर्ताभन्दा पनि यहाँका लगानीकर्तालाई पहिलो प्राथमिकता दिएर सोहीअनुसार सुविधा दिने वातावरण मिलाउनुपर्छ ।**

### ■ औद्योगिक क्षेत्रको विकासमा चुनौती

नेपालको कुल निर्यातको आकार निर्यात सम्भावनाको तुलनामा धेरै कम रहेको पाइन्छ । यसमा पूर्वाधारको कमजोरी, प्राविधिक ज्ञानको अभाव, उच्च उत्पादन लागतलगायत सीमित बजार पहुँचजस्ता कारकहरू मुख्य चुनौती हुन् । नेपालको औद्योगिक वातावरणको समस्या समाधान गर्नको लागि एउटै औषधि छैन । क्षेत्रगत, विषयगत समस्याहरू भइरहेका हुन्छन् । नीतिगत विषयका कारणले पनि समस्या बनाइरहेको छ ।

नेपालमा उद्योग स्थापना गर्नको लागि पहिलो चरणमै समस्या छन् । कुल लगानीको २०/३० प्रतिशत पुँजी जग्गामै जान्छ । विद्युत् आपूर्ति, यातायातजस्ता आधारभूत पूर्वाधारहरू अझै पर्याप्त, गुणस्तरीय र विश्वसनीय छैनन् । हालसालै जलविद्युत् उत्पादनमा केही सुधार भए पनि उद्योग सञ्चालनका लागि चाहिने विद्युत् आपूर्तिमा अझै समस्या छन् ।

नेपालमा प्रविधिमैत्री, सीपयुक्त र दक्ष जनशक्ति उत्पादन गर्ने शैक्षिक तथा प्राविधिक संस्थाहरूको संख्या र गुणस्तर कमजोर छ । धेरैजसो जनशक्ति वैदेशिक रोजगारीमा निर्भर भएकाले उद्योगमा आवश्यकताअनुसारको जनशक्ति छैन । कतिपय अवस्थामा विदेशबाट महँगा जनशक्ति ल्याएर काम चलाइराख्नुपरेको छ । राजनीतिक अस्थिरता, नीति परिवर्तनको अनिश्चितता, अनावश्यक प्रशासनिक झमेलाले निजी क्षेत्र र विदेशी लगानीकर्तामा देखिएको असहजतालाई सहज बनाउँदै लैजानुपर्ने देखिन्छ ।

नेपालमा उत्पादित वस्तुहरूको अन्तर ाष्ट्रिय प्रतिस्पर्धामा टिक्न सक्ने गुणस्तर तथा परिमाणको अभावले पनि निर्यात सीमित बनेको छ । दीर्घकालीन सोच, स्पष्ट नीति, निजी तथा सार्वजनिक क्षेत्रबीचको सहकार्य र जनशक्तिको विकास अपरिहार्य छन् । यदि यिनलाई व्यवस्थित रूपमा सम्बोधन गरियो भने मात्र नेपालमा औद्योगिक विकासले तीव्रता लिन सक्नेछ र देश आर्थिक रूपमा आत्मनिर्भर बन्ने दिशामा अघि बढ्नसक्छ । खानी उत्खनन गर्दा वन तथा वातावरणीय विषयले समस्या बनाएका छन् ।

कुनै पनि उद्योग चलेन र त्यसलाई बन्द गर्नुपर्‍यो भने बन्द गर्न झन् गाह्रो छ । विदेशी लगानी भित्र्याउनको लागि यहाँका लगानीकर्ताहरूको प्रभाव पर्छ । त्यसैले विदेशी लगानीकर्ताभन्दा पनि यहाँका लगानीकर्तालाई पहिलो प्राथमिकता दिएर सोहीअनुसार सुविधा दिने वातावरण मिलाउनुपर्छ । त्यसपछि विस्तारै विदेशी आफैँले यहाँ लगानीको इच्छा देखाउँछन् । विदेशी लगानीकर्ताका लागि नेपाल मात्रै गन्तव्य होइन । उनीहरूको लागि संसार नै बजार भएकाले

त्यो लगानी ल्याउनका लागि अन्य देशभन्दा यहाँ सहुलियत हुन आवश्यक छ ।

नेपालले गरेको प्रत्येक 'लगानी सम्मेलन'मा लगानीको प्रतिबद्धता आउँछ । तर, लगानी प्रतिबद्धताअनुरूप आउन सकिरहेको छैन । यस्तो किन भइराख्छ, कमजोरी के-के हुन् पत्ता लगाउन आवश्यक छ । आज उद्योग खोलेर भोलिदेखि नाफामा जाने होइन । नाफामा जानको लागि समय लाग्छ । प्रत्येक वर्ष करको प्रणालीमा बजेटमार्फत भइराख्ने परिवर्तनले लगानीकर्तालाई सुरक्षित भएको महसुस गराउन नसकिरहेको अवस्था छ । यसमा पनि विस्तारै सुधार हुने अपेक्षा निजी क्षेत्रको छ ।

### ■ जेनजी आन्दोलनपछिको बाटो

समृद्धि, रोजगारी सिर्जना, व्यापार सन्तुलन र दिगो आर्थिक विकासका लागि औद्योगिक क्षेत्रको सुदृढीकरण अनिवार्य छ । त्यसैले अब आर्थिक सुधारको भिजन तयार गरी सोहीअनुरूप योजनाहरूलाई प्राथमिकता दिनुपर्छ । व्यवसायी 'मल्टिप्लेयर' भए पनि उनीहरूलाई अगाडि बढ्ने नीतिगत र प्रक्रियागत विषयलाई प्रस्ट तरिकाले कार्यान्वयन गरी लगानी सुरक्षाको अनुभूति भएको खण्डमा औद्योगिक क्रान्तिको यात्रा तय गर्न सहज हुन्छ ।

साथै, औद्योगिक विकासका लागि पारदर्शी, स्थिर र उद्योगमैत्री नीति निजी क्षेत्रले खोजेको छ । विदेशी लगानीकर्तालाई समेत आकर्षित गर्ने नीतिको तर्जुमा भए देशमा थप नयाँ अवसरहरू सिर्जना हुँदै जानेछन् । नेपालमा अझै पनि औद्योगिक क्षेत्रहरूमा पर्याप्त ऊर्जा आपूर्ति छैन, जसले उत्पादन लागत बढाउने मात्र होइन, प्रतिस्पर्धात्मक क्षमतामा पनि प्रतिकूल प्रभाव पारिरहेको छ ।

त्यसैले दीर्घकालीन पूर्वाधार योजनालाई कार्यान्वयनमा ल्याउन सरकार गम्भीर बन्नुपर्छ । नेपालजस्तो विकासोन्मुख देशमा रोजगारी सिर्जना तथा आन्तरिक उत्पादन वृद्धि गर्ने मुख्य माध्यम हो । सरकार, निजी क्षेत्र र श्रमिकहरूबीचको सहकार्यबाट मात्र दिगो औद्योगिक विकास सम्भव छ । समृद्ध, आत्मनिर्भर अर्थतन्त्र निर्माण सम्भव भए पनि त्यसमा भएको ढिलासुस्तीले हामीलाई पछाडि धकेलिरहेको अवस्था हो । प्रत्येक नागरिकले आज देशमा परिवर्तन चाहिरहेको बेलामा स्थिर राजनीतिक अवस्था हुन नसक्दाको परिणामले थुप्रै अवरोधहरू निम्त्याएका छन् । यदि स्थिर राजनीति हुँदैन भने भविष्यलाई हेरेर नीति नियमलाई दिगो बनाऊँ । सम्भावना र अवसरले भरिपूर्ण नेपालमा निराशालाई चिर्दै आर्थिक समृद्धिको यात्रा तय गर्ने उचित समय यसलाई ठानेर अगाडि बढ्नुपर्छ ।

जेनजीहरूले जायज मागहरू राखेर प्रदर्शन गरेका हुन् । तर, प्रदर्शनको क्रममा भएको हिंसात्मक कार्यले दोस्रो दिन अवस्था भयावह बन्यो । सुशासन, भ्रष्टाचाररहित समाजजस्ता जेनजीका माग निजी क्षेत्रले पनि उठाउँदै आएको विषय हो ।

तर, दोस्रो दिन प्रदर्शनकारीले हिंसात्मक कार्यको आक्रोशमा निजी क्षेत्रमाथि जुन आक्रमण, भवन तोडफोड, लुटपाट, आगजनी गरियो, त्यो सर्वथा उचित थिएन । निजी क्षेत्रमाथि भएको यो आक्रमणले थप लगानी कसरी गर्ने ?, लगानीको सुरक्षा कसरी खोज्ने भन्ने ठूलो प्रश्न खडा गरिदिएको छ ।

विगत दुई-तीन वर्षपछि बल्ल विस्तारै देशको अर्थतन्त्रले गति लिन थालेको आभास भइरहेका बेला एकाएक जेनजी आन्दोलने कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा करिब चार/पाँच प्रतिशतको हाराहारीमा असर आउने अनुमान गरिएको छ । सबैको आफ्नो सम्पत्ति माथिको अधिकार र व्यवसाय गर्न पाउने अधिकारमाथि हमला भएको छ । निजी क्षेत्रका सम्पत्ति पनि राष्ट्रका सम्पत्ति हुन् भन्ने परिवेशमा धक्का लागेको छ ।

हरेक आन्दोलन प्रदर्शनी गर्दा बारम्बार निजी क्षेत्रमाथि आक्रमण हुन्छ भने सुरक्षा चुनौती छ भन्ने अर्थ जान्छ । लगानीकर्ताको सुरक्षामा देखिएको चुनौती निरूपण गर्नुपर्ने आवश्यकता छ । जेनजी आन्दोलनको क्रममा व्यक्तिगत तथा व्यावसायिक सम्पत्ति तोडफोड गर्ने र आपराधिक क्रियाकलाप गर्नेलाई सजाय हुनुपर्छ । आजको दिनमा निजी क्षेत्रले पनि आपराधिक र तोडफोड तथा आगजनी गर्नेहरूलाई कारबाही गरी कानुनी शासन (ल एन्ड अर्डर) र सुरक्षाको सुनिश्चितता (ग्यारेन्टी) सरकारले गरिदिनुपर्छ । सँगै भविष्यमा यस्ता घटना नदोहोरिनको लागि आवश्यक नीति नियम ल्याउनुपर्छ ।

> **समृद्धि, रोजगारी सिर्जना, व्यापार सन्तुलन र दिगो आर्थिक विकासका लागि औद्योगिक क्षेत्रको सुदृढीकरण अनिवार्य छ । त्यसैले अब आर्थिक सुधारको भिजन तयार गरी सोहीअनुरूप योजनाहरूलाई प्राथमिकता दिनुपर्छ ।**

विदेशी लगानीकर्तालाई संसारभर लगानी गर्न खुला छ । लगानीका लागि उनीहरू नेपालमा आउनुपर्छ भन्ने छैन । उनीहरू आउँदाखेरि लगानीको सुरक्षा र ग्यारेन्टी दिने नीति सरकारले नीति बनाउनुपर्छ । लगानी समुदायलाई आश्वस्त पार्ने हिसाबले ऐन, नियम, कानुनहरू ल्याउनुपर्छ । सरकारी तवरबाट ठूला परियोजनाहरू अघि सारेर लगानी बढाउने, अर्थतन्त्रलाई चलायमान गराउने खालका गतिविधि गर्नु आवश्यक छ ।

अहिले बैंकमा पैसा सञ्चिति (रिजर्भ) छ । ब्याजदरको स्थायित्व कायम गर्न राष्ट्र बैंकले 'लिक्विडिटी पुल' गरिरहेको छ । विप्रेषण आप्रवाहमा सुधार भएका कारण अहिले विदेशी मुद्राको सञ्चिति प्रशस्त छ । बृहत् अर्थतन्त्रको आधारमा हेर्ने हो भने अहिले अवस्था एकदमै अनुकूल अवस्था (फेभरेबल कन्डिसन)मा छ । ब्याजदर एकदमै कम भए पनि व्यावसायिक मनोबल नभएका कारण माग घटेर गएको छ । बजारमा ऋणको माग भइरहेको अवस्था छैन । सरकारले नयाँ परियोजनामा हात हाल्दा अवश्य पनि निजी क्षेत्रले आफ्नो क्रियाकलापलाई ढुक्कसँग अगाडि बढाउनेछन् र यसले कर्जाको माग बढाउनेछ । वर्तमान सरकारले सतहमा देखिएका तमाम समस्याहरूलाई मनन गरेर अगाडि बढ्न सके भोलिका दिनमा देशको सुनौलो भविष्य तयार गर्नका लागि मजबुत जग बन्न सक्छ ।

अहिले सरकार निर्वाचनको तयारीमा जुटेको छ । यो सरकारले सफलतापूर्वक निर्वाचन सम्पन्न गर्नुपर्छ । नयाँ बन्ने निर्वाचित सरकारले जनतामा रहेको असन्तुष्टि सम्बोधन गर्न र आर्थिक विकासमा देखिएका अवरोधलाई हटाउन कदम चाल्नुपर्छ । अहिले देखिएको असन्तुष्टिको मुख्य कारण आर्थिक समृद्धि नहुनु हो । अब सरकारले हरेक प्रणालीलाई 'डिजिटलाइज' गर्नुपर्छ । नियम, ऐन, कानुनहरू कहाँ-कहाँ परिवर्तन गर्नुपर्छ छिटो छरितो काम गर्नुपर्छ । नयाँ अवसरहरूको ढोका खोल्ने काम क्षेत्र निजी क्षेत्रले गर्ने भएकाले सरकारले लगानी सुरक्षा प्रवर्द्धनमा ध्यान पुऱ्याउन आवश्यक छ । अर्थतन्त्र चलायमान भयो, व्यवसाय बढ्यो भने रोजगारी पनि बढ्छ र व्यक्तिको 'लिभिङ स्ट्यान्डर्ड' पनि माथि उकासिन्छ ।

लगानी भएपछि प्रतिफलसहित फिर्ता (रिटर्न) आउने आश हरेक क्षेत्रलाई हुन्छ । अवसर देखिएको ठाउँमा मात्रै लगानीकर्ताले लगानी गर्न रुचाउँछन् । त्यसका लागि सरकारले सहयोग गर्ने किसिमको प्रणाली विकास गरिदिनुपर्छ । जेनजीले छिटो परिवर्तन तथा अवसर खाजेका हुन् । त्यसका लागि जेनजीले उठाएका माग छिटो सम्बोधन गर्ने वातावरण सरकारले बनाउनुपर्छ र मुलुक समृद्धिको बाटोमा अघि बढाउनुपर्छ ।

*(पाण्डे नेपाल उद्योग परिसंघका अध्यक्ष हुन्)*

SPIL

Siddhartha Premier Insurance Ltd.




PROPERTY को CARE, WE'RE ALWAYS THERE,

चिन्ता छोडौँ, COVERAGE ले सम्हाल्छ FAIR

GET INSURED

SIDDHARTHA PREMIER PROPERTY INSURANCE



**| कमलेश कुमार अग्रवाल**

## आन्तरिक उत्पादन :

# बढेन लगानी, भएन आत्मनिर्भर

अर्थतन्त्रका बाह्य सूचक सकारात्मक देखिए पनि कोभिड-१९ अगाडिजस्तो व्यापार/व्यवसाय अहिले फस्टाउन सकेको छैन । २०७२ को विनाशकारी भूकम्पपछि नेपालको अर्थतन्त्र एकदम बलियो बन्दै थियो । नेपालको आर्थिक वृद्धिदर ७.७ प्रतिशतसम्म पुगिसकेको थियो । निजी क्षेत्रले आर्थिक वृद्धि अझ बढाउन पर्यटन र जलविद्युत्मा लगानी विस्तार गर्ने योजना अघि सारिरहेका थिए । आर्थिक वृद्धिदर ९ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको थियो । तर, आकस्मिक रुपमा कोभिड महामारी आयो । २०७६ चैतबाट लामो समय देशभर बन्दाबन्दी भयो । यसले व्यापार व्यवसाय मात्र होइन धेरै क्षेत्रमा नकारात्मक असरहरू देखिन थाले ।

त्यसो त महामारीमा नेपाल मात्र नभएर विश्वका सबै देश प्रत्यक्ष प्रभावित भए । नेपालमा पनि निजी क्षेत्रको अर्थतन्त्र २० प्रतिशतले घट्यो । त्यस्तो समयमा धेरै देशहरूले आफ्नो कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ५-१० प्रतिशतसम्म निजी क्षेत्रको उत्थानका लागि लगाए । विभिन्न माध्यमबाट निजी क्षेत्रलाई सुधार गर्ने लक्ष्य राखेर सेवाहरू विस्तार भए । तर, नेपालले कुनै सहुलियत प्याकेज ल्याएन । परिणामतः कोभिडकालको पहिलो वर्ष नेपालको अर्थतन्त्र २.०९ प्रतिशतले ऋणात्मक भयो ।

नेपाल राष्ट्र बैंकले बैंकिङ क्षेत्रको चलनचल्तीमा रहेको पैसालाई जीडीपीको करिब ५ प्रतिशत छोटो समयका लागि पुनर्कर्जाका रुपमा उपलब्ध गरायो । पुनर्कर्जालाई निजी क्षेत्रले सकारात्मक रुपमा लिएका कारण नेपाली अर्थतन्त्रले केही राहतको महशुस गऱ्यो र ऋणात्मक रहेको अर्थतन्त्र अर्को वर्ष नै बढेर ३ प्रतिशत हाराहारी पुग्यो ।

२०७८/७९ मा आर्थिक वृद्धि ५ प्रतिशत माथि जाने अवस्था थियो । त्यही समयमा रुस र युक्रेन युद्धले विश्वभर महंगीको त्रास सिर्जना गऱ्यो । साथै श्रीलंकाको अर्थतन्त्र चरम संकटमा फस्यो । नेपालले पनि फेरि आर्थिक संकट भोग्न नपरोस् भनेर सबै क्षेत्रमा कडा नीति अवलम्बन गरियो । राष्ट्र बैंकले कडा मौद्रिक नीति ल्यायो । यसले ब्याजदर मात्रै बढाएन, लगानीका दायराहरू पनि खुम्चिन थाले । आयातमा कडाइ गरियो । सेयर बजारमा कडाइ गरियो । कतिपय वस्तु आयातमा प्रतिबन्धदेखि आयातमा शतप्रतिशत



> **पुनर्कर्जालाई निजी क्षेत्रले सकारात्मक रूपमा लिएका कारण नेपाली अर्थतन्त्रले केही राहतको महशुस गऱ्यो र ऋणात्मक रहेको अर्थतन्त्र अर्को वर्ष नै बढेर ३ प्रतिशत हाराहारी पुग्यो ।**

नगद मार्जिनको व्यवस्था लागू भयो । यसरी मौद्रिक नीतिले अर्थतन्त्रलाई फेरि उकालो लाग्न दिएन ।

५ प्रतिशतको बैंकदरलाई बढाएर ८ प्रतिशत बनाउँदा बैंक तथा वित्तीय संस्थाले ब्याजदर बढाएर १४/१५ प्रतिशतसम्म पुऱ्याए । जसको असर ३ वर्षको अवधिमा १ लाखभन्दा बढी उद्योगी/व्यवसायीहरू कालोसूचीमा परे । अर्थतन्त्र फेरि शिथिल बन्न पुग्यो । व्यवसायीहरूले ऋणको सावाँ, ब्याज र किस्ता तिर्न सकेनन् । त्यसको असर सेयर बजार, घरजग्गा र सहकारी क्षेत्रमा देखिँदै गयो । अझ त्यही समयमा काठमाडौं महानगरपालिकाले सडक खुला गर्ने नाममा स-साना व्यवसायीमाथि धरपकड गऱ्यो । यसले व्यावसायिक वातावरण झनै धुमिल बनाउन मद्दत गऱ्यो । कोभिड महामारी, श्रीलंका संकट र आन्तरिक राजनीतिक अस्थिरताले व्यावसायिक क्षेत्रको मनोबल गिर्न पुग्यो । जसले गर्दा मुलुकको अर्थतन्त्र नै शिथिल भयो ।

अहिले पनि अर्थतन्त्रका बाह्य सूचकहरू मजबुत भए पनि अझै आन्तरिक अर्थतन्त्र कोभिड अगाडिजस्तो चलायमान हुनसकेको छैन । गत वर्ष ४ प्रतिशत हाराहारी मात्रै आर्थिक वृद्धि भएको छ । यसले पनि देखाउँछ- नेपाली अर्थतन्त्र अझै शिथिल छ तर माथि चढ्न खोजिरहेको छ । २०८१ असारमा नेपाली कांग्रेस र एमालेको सरकार गठन भएसँगै निजी क्षेत्रले धेरै आश राखेको थियो । नभन्दै सुधारका कार्यक्रमहरू पनि आए । सरकारले अर्थतन्त्र सुधारका लागि आवश्यक सुझावहरू दिन भन्दै उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गऱ्यो र आयोगमा निजी क्षेत्रलाई पनि समावेश गरियो । यस सुझाव प्रतिवेदनमा समग्र आर्थिक क्षेत्रको रूपान्तरणको विषय समावेश गरिएको छ । नेपाली अर्थतन्त्र चलायमान बनाउन धेरै ऐन कानुनहरू खारेजी, संशोधन र नयाँ बनाउन सिफारिस गरिएको छ । धेरै संरचनाहरूको पुनर्व्याख्या गर्नुपर्ने विषयसमेत समेटिएको छ ।

सरकारले पनि आयोगका सुझावहरूलाई क्रमबद्ध रुपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ । चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा निजी क्षेत्रको मागअनुसार कार्यक्रमहरू आएकाले अहिले निजी क्षेत्र उत्साहित छ । आर्थिक वृद्धिदर ६ प्रतिशत पुऱ्याउने लक्ष्य छ । तर, लक्ष्य पूरा गर्न धेरै मिहिनेत गर्नुपर्छ । शिथिल अर्थतन्त्र भएको बेला स्रोत कसरी जुटाउने भन्ने मुख्य चुनौती छ । शिथिल अर्थतन्त्रका कारण सरकारको स्रोत अर्थात् राजस्व लक्षित रुपमा उठ्न सकिरहेको छैन । विश्वव्यापी अर्थतन्त्र अस्थिर (भोलटायल) भएको समयमा विदेशी सहायता र विदेशी ऋण पनि प्रभावित भएको छ । चालू वर्षकै मौद्रिक नीति थप सुधारिएर आएका कारण निजी क्षेत्र थप सक्रिय भएको छ र देखिएका समस्या समाधान गर्दै लक्ष्यमा पुग्न सकिन्छ कि भनेर अघि बढेको स्थिति छ ।

### ■ आन्तरिक उत्पादनमा लगानी नहुनु मुख्य चुनौती

विगत लामो समयदेखि नेपालको अर्थतन्त्र आयातमुखी छ । कुल व्यापारको ९० प्रतिशत हिस्सा आयातले ओगट्छ । यसको मुख्य कारण नेपालमा वस्तु उत्पादन धेरै नै महंगो हुनु हो । नेपाल चेम्बर अफ कमर्सले गरेको एक अध्ययनमा नेपालको उत्पादन लागत अन्य देशको तुलनामा करिब २० प्रतिशत बढी पर्ने गरेको छ ।

महंगो लागतका पछि केही कारणहरू छन् । भूपरिवेष्ठित राष्ट्र भएकाले सहज पूर्वाधारको पहुँच छैन । उत्पादन दिने माटो भए पनि त्यसमा लाग्ने लागतलाई न्यूनीकरण गर्नुपर्ने छ । जस्तो भुटानमा उत्पादनमूलक क्षेत्रमा २ रुपैयाँ ४० पैसा प्रतियुनिटमा विद्युत् उपयोग गर्न पाइन्छ । तर, नेपालमा धेरै बढी मूल्य पर्छ । उत्पादन लागत बढी परेकै कारण निर्यात बढ्न नसकेको मात्र होइन, आयात प्रतिस्थापन गर्न सकिएको छैन ।

निर्यात बढाउन सरकारले तीनवटा काम गर्नुपर्छ । पहिलो पूर्वाधारको विकास गर्नुपर्छ । दोस्रो, प्रतिस्पर्धी दरमा विद्युत् उपलब्ध गराउनुपर्छ । तेस्रो, करका दरहरू प्रतिस्पर्धी हुनुपर्छ । होइन भने आन्तरिक उत्पादनभन्दा आयात नै सस्तो पर्छ । उपभोक्ताले स्वदेशमा उत्पादित र विदेशी भनेर विभेद गर्दैन, उसले सस्तो मूल्यमा गुणस्तरीय सामानको अपेक्षा गर्दछ । सबैभन्दा पहिला हाम्रो अर्थतन्त्र प्रतिस्पर्धी हुनुपर्छ । खुला सिमाना भएको देशमा आयात प्रतिबन्ध गर्दा चोरी पैठारी बढ्न सक्छ । त्यसकारण सरकारका नीतिहरू सहज हुनुपर्छ । नेपालका अधिकांश नीतिहरू संकुचित भावनाले प्रेरित छन् ।

नेपालमा प्राकृतिक स्रोतहरू प्रशस्तै छन् । प्राकृतिक स्रोतको सहज ढंगले उपयोग गर्न खुकुला नीतिहरू आवश्यक हुन्छ । पछिल्लो समय सरकारले लगानीमैत्री कानुनहरू ल्याउने छनक देखाएकाले केही आशा गर्ने ठाउँ भने देखिएको छ । नेपालमा विप्रेषण आप्रवाह (रेमिट्यान्स)को फ्लो छ । विदेशी मुद्रा सञ्चिति इतिहासकै उच्च मूल्यमा छ । तर, सदुपयोग नीति बन्न सकेको छैन । राज्यको मुख्य स्रोतको रुपमा रहेको राजस्व बढाउन आफ्नै देशमा लगानी बढाउने वातावरण सिर्जना हुनुपर्छ । आयातित सामानहरूबाट प्राप्त राजस्वलाई आन्तरिक उत्पादन गर्ने प्रविधिमा लगाउन सकियो भने मात्रै आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न भूमिका खेल्छ र राजस्व पनि बढ्दै जान्छ ।

नेपाल कृषि, जलविद्युत्, खनिज, मेडिसिन र पर्यटनमा प्रचुर सम्भावना भएको देश हो । निजी क्षेत्र नेपालकै प्राकृतिक उत्पादनमा लगानी गर्न तयार छ । तर, प्राकृतिक क्षेत्रहरूमा लगानी गर्न निजी क्षेत्रको सामर्थ्यले मात्रै पुग्दैन । अहिले निजी क्षेत्रलाई आफ्नै पुँजी निर्माण गर्नुपर्ने (क्यापिटल फर्मेसन चाहिएको) छ । निजी क्षेत्रले बैंक तथा वित्तीय संस्थाबाट ऋण लिँदा धेरै अवयवहरू पूरा गर्नुपर्छ । त्यसले गर्दा निजी क्षेत्रले पूर्ण रुपमा जोखिम उठाएर काम गर्ने आँट गर्न सकिरहेको छैन । नेपालमा लगानी गर्न निजी क्षेत्रलाई पनि विदेशी लगानी आवश्यक

**पछिल्लो दश वर्षको आयात र निर्यात स्थिति** (रकम रु. हजारमा)

| आर्थिक वर्ष | आयात मूल्य | निर्यात मूल्य |
|---|---|---|
| २०८१-८२ | १८०४१२२७३१ | २७७०३०२०२ |
| २०८०-८१ | १५९२९८५५२८ | १५२३८१२४४ |
| २०७९-८० | १६११७३१७७० | १५७१४०६९५ |
| २०७८-७९ | १९२०४४८३४९ | २०००३०९६२ |
| २०७७-७८ | १५३९८३७०६८ | १४११२४०८० |
| २०७६-७७ | ११९६७९९०५३ | ९७७०९१०५ |
| २०७५-७६ | १४१८५३५३४३ | ९७१०९५२१ |
| २०७४-७५ | १२४४८१४४१७ | ८१३०६५५३ |
| २०७३-७४ | ९८४३०२९४८ | ७३०३६२४४ |
| २०७२-७३ | १५०३८०५४६५ | १३९४५४०५७ |

स्रोत : भन्सार विभाग

पर्छ । तर, असजिला ऐन/कानुनहरूका कारण विदेशी लगानी आकर्षित भइरहेको छैन । निजी क्षेत्र सबै क्षेत्रमा उत्पादन बढाउने गरी काम अघि बढाउन तयार भए पनि सरकारीस्तरबाटै काम गर्ने वातावरण बनिरहेको छैन ।

वैदेशिक लगानी ल्याउन निकै धेरै झमेलाहरू पार गर्नुपर्छ । कृषिमा लगानी गर्न सुरुमा पूर्वाधार आवश्यक छ । सबै पूर्वाधार निर्माण गरेर कृषि क्षेत्रमा लगानी गर्ने क्षमता निजी क्षेत्रसँग छैन । अनि सरकारले कृषि क्षेत्रमा खासै ध्यान पनि दिएको छैन । सिँचाइका लागि पुग्ने पानी हामीसँग छ । तर सिँचाइ गर्ने ठाउँसम्म पुऱ्याउने पूर्वाधार छैन । अनि कसरी आन्तरिक उत्पादनमा लगानी गर्ने ?

नेपालको माटोले राम्रो उत्पादन दिन्छ । तर, आवश्यक प्रविधि नेपालमा छैन । खासै उत्पादन दिने माटो नभएका देशहरूमा पनि पूर्वाधारको निर्माण र प्रविधिको भरपूर प्रयोग गरेर हामीभन्दा धेरै ठूलो उत्पादन गरिरहेका छन् । त्यसैले जबसम्म उतपादनमूलक क्षेत्रमा पूर्वाधार र प्रविधिको राम्रो विकास हुँदैन तबसम्म निजी क्षेत्रले लगानी गर्न सक्दैन । कृषिपछिको सम्भावनायुक्त क्षेत्रका रुपमा जलविद्युत् क्षेत्र देखिएको छ र नेपालको व्यापारघाटा नियन्त्रण गर्न ठूलो भूमिका खेल्न सक्छ । जलविद्युत् विकास गर्ने पूर्वाधार र प्रविधि मात्र नभएको होइन, सरकारले बेलाबेला नयाँ-नयाँ झमेला समेत ल्याउने गर्दछ । यसले पनि जलविद्युत् क्षेत्रको विकासमा कठिनाइ आइरहेको छ ।

निजी क्षेत्रले प्रचुर सम्भावनायुक्त क्षेत्रमा लगानी गर्न नसक्नुको मुख्य कारण सरकारी नीतिनियम र पटक-पटक नयाँ नयाँ झमेला थपिनु पनि हो । विदेशी लगानी ल्याउन सकिन्छ र आउँछ पनि । तर, त्यसका लागि सहज तरिकाले आउने वातावरण बनाउनुपर्छ । लगानी लिएर आउँदै गर्दा उनीहरूलाई प्रोत्साहन गर्न सक्नुपर्छ । लगानी गर्ने क्षेत्रमा सहज नीति हुनुपर्छ । साथै नेपालबाट सहजै आफ्नो लगानी चाहेका बेला लिएर जाने बाटो सहज तरिकाले खोलिदिनुपर्छ । अन्यथा कोही पनि विदेशी नेपालमा लगानी गर्न चाहँदैनन् । अझै नेपालका नीति नियम विदेशी लगानीमैत्री बन्न सकिरहेको छैन ।

अब हामीले आत्मनिर्भर अर्थतन्त्रलाई प्रवर्द्धन गर्नुको विकल्प छैन । अहिले पो विदेशी रेमिट्यान्सले देश धानेको छ । भोलि फेरि कोभिडजस्तै महामारी आयो, नाका बन्द भए र हाम्रा विदेशिएका दाजुभाइहरू सबै नेपाल फिर्ता भएको खण्डमा नेपालीहरू भोकमरीले मर्ने अवस्था आउँछ । त्यसकारण हामीले आन्तरिक उत्पादन प्रोत्साहन गनुपर्छ र महंगो लागतलाई न्यूनीकरण गर्न गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ ।

करका नीतिहरू परिवर्तन गर्ने र उत्पादनलाई बढाउन प्रोत्साहन गर्ने नीति अख्तियार गर्न सकेमा मुलुक आत्मनिर्भर हुने मात्र होइन, अरु धेरै वस्तु निर्यात गर्न सकिन्छ । यसले मुलुकमै रोजगारीको हिस्सा बढाउँछ । त्यस्तै, पर्यटन पनि धेरै ठूलो सम्भावना भएको मुलुक हो, नेपाल । तर, पर्याप्त पूर्वाधार बनिसकेको छैन । विदेशी पर्यटकलाई सजिलोसँग घुम्न सक्ने वातावरण भयो भने अहिलेभन्दा दोब्बर पर्यटक नेपाल आउँछन् । तर, हामी पूर्वाधार, नीतिनियम र प्रविधि भित्र्याउन नसकेर पछि परिरहेका छौँ ।

सरकारले खुला अर्थतन्त्रमा खेल्नका लागि मैदान दिनुपर्छ । अनि मात्र व्यापार, व्यवसाय गर्नेहरूबीच प्रतिस्पर्धा हुन्छ । खुला वातावरण र खुला नीति हुनेबित्तिकै विदेशी लगानी पनि आउँछ । हाम्रो नीतिगत स्थायित्वको कमीले उद्योगी व्यवसायीहरूले मन फुकाएर लगानी गर्न सकिरहेका छैनन् । हामीले सिधै उत्पादन गर्न नसके पनि बाहिरबाट कच्चा पदार्थ ल्याएर मूल्यअभिवृद्धिको काम (रिफाइन्ड) गरेर निर्यात गर्न सकिन्छ । तर, यसरी गर्दा पनि उत्पादन लागत महंगो हुने भएकाले समस्या आइरहेको छ । नेपालमा ल्याएर रिफाइन्ड गरेर बेच्दा पनि हाम्रो वस्तु महंगो पर्न जान्छ र बिक्दैन । त्यही भएर विभिन्न वस्तुहरू तयारी अवस्थामा ल्याएर बिक्री गर्नुपर्ने बाध्यता छ । उत्पादन लागत कम गर्न उद्योगी व्यवसायीहरूलाई सस्तो ऋणदेखि पूर्वाधार विकासमा सहयोग र सस्तो दरमा विद्युत् उपलब्ध गराउनुपर्छ ।

> **निजी क्षेत्रले प्रचुर सम्भावनायुक्त क्षेत्रमा लगानी गर्न नसक्नुको मुख्य कारण सरकारी नीतिनियम र पटक-पटक नयाँ नयाँ झमेला थपिनु पनि हो । विदेशी लगानी ल्याउन सकिन्छ र आउँछ पनि । तर, त्यसका लागि सहज तरिकाले आउने वातावरण बनाउनुपर्छ ।**

पहिला पर्यटन क्षेत्रलाई चलायमान बनाऔँ भन्दा पनि पूर्वाधारै आवश्यक पर्छ । भारतमा १ अर्ब ४० करोड र चीनमा पनि त्यति नै हाराहारी जनसंख्या छ । २७०/२८० करोड जनसंख्याबाट ०.१ प्रतिशत व्यक्ति मात्रै प्रत्येक वर्ष पर्यटकका रुपमा नेपाल भित्र्याउन सक्ने हो भने २८ लाख हुन्छ । सँगै अन्य राष्ट्रबाट आउने पर्यटकका कारण नेपालको उपभोग बढाउँछ । उपभोग बढेपछि उत्पादन बढाउन पनि सहयोग गर्छ ।

अर्थतन्त्रमा 'चेन इफेक्ट' पनि हुन्छ । एउटा कुनै क्षेत्र चम्कियो भने अरु धेरै क्षेत्रमा सकारात्मक प्रभाव पार्छ । अहिले जलविद्युत्मा लगानी गरेर बिजुली भारत निर्यात गर्न सक्यौँ भने निर्यात बढ्नुका साथै धेरै जनशक्तिको प्रयोग हुन जान्छ । भारतमा अत्यधिक विद्युत्को माग छ । १० हजार मेगावाट विद्युत् किन्ने भनिसकेको छ । हामीसँग प्रशस्त सम्भावना हुँदाहुँदै पनि समयमै जलविद्युत् उत्पादन गर्न नसकेका कारण ठूलो स्रोत गुमिरहेको छ । त्यसैले हरेक क्षेत्रमा देखिएका नीतिगत अवरोधहरूलाई नहटाईकन नेपालको अर्थतन्त्र सहज रुपले अघि बढ्न सक्दैन ।

### ■ एमआरपी उत्पादनस्थलमै लागू नगरे सम्भव छैन

चेम्बरले आयातित सामानमा अधिकतम खुद्रा मूल्य (एमआरपी) लागू गर्न नसकिने विषय उठाइरहेको छ । किनभने आयातित सामानलाई व्यापारीले फेरि आफ्नो गोदाममा राखेर एमआरपी राख्न सम्भव हुँदैन । एमआरपी २०७५ मा उपभोक्ता संरक्षण ऐनअन्तर्गत आएको थियो । एमआरपीको उद्देश्य २० प्रतिशतभन्दा बढी नाफा लिन पाइँदैन भन्ने मनसायमा आधारित छ । तर, अहिले २० प्रतिशत नाफाको सीमा हटाइएको छ ।

अहिले एमआरपीको उद्देश्य उपभोक्तालाई सूचित गर्ने हो । नेपाली अर्थतन्त्र आयातमुखी छ । आयातमुखी अर्थतन्त्रमा पनि अन्य देशको तुलनामा नेपालको आयात ज्यादै न्यून हो । आयात थोरै भएका कारण विदेशी उद्योगहरूले हामीलाई लेभल टाँसेर सामान दिँदैनन् । यसरी विदेशी उत्पादकहरूले लेभल टाँसेर सामान नदिएपछि आयातकर्ता वा निजी क्षेत्रले कसरी एमआरपी राख्न सक्छ । सामान ल्याएर गोदाममा राखेर एमआरपी टाँस्ने हो भने वस्तुको मूल्य बढ्न जान्छ र त्यसको मार पनि फेरि उपभोक्तालाई नै पर्छ । यसो गर्दा वस्तु बिक्री नहुने सम्भावना रहन्छ । तर, सरकारले भन्सारमै कुनै संयन्त्र बनाएर एमआरपी लागू गरेको खण्डमा निजी क्षेत्र तयार छ । उत्पादकहरूले नै कारखानाबाटै लेभलिङ गरेर पठाएको स्थितिमा सहज हुन्छ तर, त्यसका लागि उत्पादक कम्पनीहरू तयार हुनुपर्छ ।

सरकारले भन्सारमा 'रिफरेन्स प्राइस'

राखेको छ । सामान आयात गर्दा कसरी आउँछ, अनि भन्सारमा रिफरेन्स प्राइस राखेर कसरी काम हुन्छ । आयातकर्तालाई आफ्नो सामान कुन मूल्यमा बिक्छ भन्ने नै थाहा हुँदैन, अनि कसरी एमआरपी लगाउन सक्छ । पेट्रोलमा के एमआरपीको मूल्य टाँस्न सकिन्छ ? सकिँदैन । यस्ता धेरै स-साना आइटमहरू छन्, जसको एमआरपी राख्न सकिँदैन । एमआरपीको नाममा अहिले जरिवानाहरू लिने काम पनि भइरहेको छ । यसले गर्दा एमआरपीको विषय उछालिएर आपूर्ति घट्ने अवस्था आयो भने फेरि कस्तो अवस्था सिर्जना होला ?

आन्तरिक उत्पादनमा एमआरपी लागू गर्न सहज हुन्छ । तर, त्यसमा पनि पहाडी क्षेत्रमा यातायातको समस्या छ । सिमेन्ट नै हेरौँ न ! हेटौंडामा उत्पादन हुन्छ । नेपालगन्जसम्म पुर्‍याउन भाडा कति लाग्छ ? अनि त्यही सिमेन्ट जुम्ला पुर्‍याउँदा कति भाडा पर्छ ? अति आवश्यक वस्तुहरूमा मात्र एमआरपी लागू हुनुपर्छ । पहिला व्यवसायी र आयातकर्ताहरूको समस्या समाधान गर्नुपर्छ । भोलि लेभलिङ गर्न सकिएन भने प्राइसलिस्ट टाँसेर पनि उपभोक्तालाइ सूचित गराउन सकिन्छ । वेबसाइटमा पनि राख्न सकिन्छ । २०७५ को ऐन लागू गर्दै दनादन जरिवाना ठोक्न थाल्यौँ भने त फेरि समस्या हुन्छ । पूर्वाधारको समस्या समाधान नहुँदासम्म लेभलिङको काम सम्भव हुँदैन तबसम्म उद्यमी/व्यवसायीहरूले विरोध गरिरहन्छन् ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले भन्सार विभागसँग समन्वय गरेर केही समाधान निकाल्ने जनाएको छ । राज्यले समस्या समाधानको बाटो खोज्नु राम्रो हो । विश्वभर जहाँ पनि लेभलिङको काम वस्तु उत्पादन उद्योगले नै गर्छ । नेपालमा आयातको 'भोल्युम' कम भएको र आयातकर्ताहरूले खुला बजारबाट ल्याउने भएकाले लेभलिङ गर्न समस्या भएको हो । प्रक्रियागत अप्ठ्यारोलाई बुझेर राज्यले नै सहजीकरण गर्नुपर्छ ।

### ■ जेनजी आन्दोलनपछि निजी क्षेत्रको मनोबल झनै खस्कियो

जेनजी आन्दोलनपछि उद्यमी व्यवसायीहरूको मनोबल थप खस्केको अवस्था छ । बाहिर दह्रो भएको देखाए पनि भित्रभित्रै स्थिति कमजोर भइसकेको छ । अहिले वनको बाघले नखाए पनि मनको बाघले खाइरहेको अवस्था छ । नयाँ उद्यमीहरू उद्योगमा लगानी गर्न हिच्किचाउने अवस्था आएको छ । निजी क्षेत्र फेरि उठ्छ, हामी पछि हट्दैनौँ भनेर निजी क्षेत्रका संगठनहरूले समग्र उद्योगी व्यवसायीहरूको मनोबल बढाउन सकारात्मक सन्देश प्रवाह गरिरहे पनि व्यवसायीहरू आफूलाई सुरक्षित महशुस गर्नसकेका छैनन् । भोलि कसैले उद्योग लगाउला, नयाँ व्यवसाय गर्ने सोच्ला । फेरि यस्तै स्थिति आइदियो भने के गर्ने भन्ने चिन्ता थपिएको छ ।

आजको दिनमा उद्यमी व्यवसायीको मनोबल उकास्नुपर्ने सबैभन्दा ठूलो चुनौती छ । अर्थतन्त्रलाई पुरानै लयमा फर्काउन उद्यमी व्यवसायीको मनोबल उच्च हुनुपर्छ । त्यसका लागि राजनीतिक स्थायित्व चाहिन्छ । राजनीतिक स्थायित्व नभईकन स्वदेशी लगानी प्रवर्द्धन हुँदैन । विदेशी लगानीको त कुरै छाडौँ । दीर्घकालीन राजनीतिक स्थायित्वपछि बल्ल आर्थिक नीतिहरूको स्थायित्व आवश्यक पर्छ किनभने राजनैतिक र आर्थिक नीतिमा स्थायित्व भएन भने लगानी आउँदैन । आर्थिक नीति स्थिर भयो भने लगानीकर्तालाई 'मेजर' परिवर्तन तत्काल हुनेछैन भन्ने विश्वासले ढुक्कसँग लगानी गर्ने स्थिति बन्छ । लगानीमैत्री वातावरण र निजी क्षेत्रमैत्री तथा प्रतिस्पर्धी नीति कार्यान्वयन आएको खण्डमा मात्रै लगानी आउँछ र त्यसले सकारात्मक माहोल सिर्जना गर्दछ ।

सुशासनको विषयमा जेनजीहरूले अहिले उठाएको विषय निजी क्षेत्रले लामो समयदेखि उठाउँदै आएका हुन् । जेनजीको माग निजी क्षेत्रले पनि मान्दै आइरहेको छ । निजी क्षेत्रले पनि सुशासन र भ्रष्टाचाररहित वातावरण नै खोजिरहेको हुन्छ । सुशासन र भ्रष्टाचाररहित वातावरण निर्माण गर्न सकियो भने लगानी प्रवर्द्धन हुन्छ । अहिले अर्थमन्त्री रामेश्वर खनालले निजी क्षेत्रलाई उत्साहित गर्ने गरी काम गर्न खोजिरहेको आभास दिनुभएको छ । यसअघि खस्किँदै गएको अर्थतन्त्रलाई द्रुतगतिमा अगाडि बढाउन उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन उहाँकै अगुवाइमा तयार भएको थियो । आयोगले त्यतिबेला प्रतिवेदन कार्यान्वयन हुन सकेमा कुल गार्हस्थ्य उत्पादन (जीडीपी) वृद्धिदर ८-९ प्रतिशतसम्म हुने अनुमान गरेको थियो । हामी सबै मिलेर लामो छलफल र गृहकार्यपश्चात् तत्कालीन सरकारलाई पेस गरिएको प्रतिवेदन कार्यान्वयन गर्ने ठाउँमा स्वयं आयोगका अध्यक्ष अर्थमन्त्रीका रुपमा भएकाले पनि निजी क्षेत्र केही हदसम्म उत्साहित भएको छ । विषम परिस्थितिहरूलाई झेल्दै अर्थतन्त्रलाई माथि उकास्नैपर्ने बाध्यता हामीसामु छ । त्यसका लागि सुरक्षाको प्रत्याभूति दिएर लगानीकर्ता, उद्यमी, व्यवसायीको मनोबल उकास्न सबैभन्दा धेरै काम र कर्तव्यबोध सरकारले नै गर्नुपर्छ र आजको प्राथमिकता पनि त्यही हो जस्तो लाग्छ ।

जेनजी आन्दोलनबाट निजी क्षेत्रको मात्रै अर्बौं सम्पत्ति नोक्सानी भएको छ । जे घटना नहुनुपर्ने थियो, त्यो भइसक्यो । अब त्यसबाट पाठ सिकेर नेपाललाई एउटा आकर्षक गन्तव्य बनाऔँ । विदेशी लगानीलाई भित्र्याऔँ, स्वदेशी लगानी प्रवर्द्धन पनि गरौँ । यस्ता विषय आन्दोलनपश्चात् मात्रै उठाइएको होइन । लामो समयदेखि खस्किँदै गएको अर्थतन्त्र केही समययता अलिकति लयमा फर्किन खोजिरहेको बेला भएको अप्रत्याशित घटनालाई बिर्सेर लयमा फर्काउन सबै पक्षले बाटो खोजौँ । सरकारका नीतिहरूले गर्दा विगत लामो समयदेखि निजी क्षेत्र अत्यन्त पीडित अवस्थामा छ । निजी क्षेत्रलाई सुरक्षा, राजनीतिक स्थायित्व, आर्थिक नीतिहरूको स्थायित्व र लगानीमैत्री वातावरणको चाहिएको छ । अर्थतन्त्र लयमा फर्काउन समय लाग्ला । तर, नसकिने भने होइन ।

राजनीतिक दल र उद्यमी व्यवसायीमा धेरै फरक हुन्छ । उद्योगी व्यवसायी भनेका जोखिम वहन गर्ने क्षमता (रिस्क बियरिङ क्यापासिटी) भएका व्यक्ति हुन् । हाम्रो उद्देश्य भनेको जोखिम लिएर आर्थिक गतिविधि विस्तार गर्ने हो । राजनीतिक आकांक्षासँग निजी क्षेत्रको त्यति धेरै मेल खाँदैन । राज्यको नीति जस्तो हुन्छ, त्यही हिसाबले निजी क्षेत्र अगाडि बढ्नुपर्छ । राज्यले भोलि सुविधा दिएन भने निजी क्षेत्रले पनि आर्थिक समृद्धि गर्न सक्दैन । जेनजी आन्दोलने एउटा नयाँ दिशा प्रदान गरेको छ । आगामी दिनमा निजी क्षेत्र पनि विश्वस्त भएर अगाडि बढ्ने वातावरणलाई पर्खिरहेको छ । हामी आयातमुखी र राजस्वमुखी अर्थतन्त्रमा छौँ । हामीसँग अझै पर्याप्त पूर्वाधार तयार भइसकेको छैन । भूपरिवेष्ठित राष्ट्रको नाताले नेपालको 'कस्ट अफ डुइङ बिजनेस' अझै पनि महँगो छ । भारतले केही समय अगाडि जीएसटी लगायत करका दरहरू परिमार्जन गर्‍यो । तर, नेपालमा करका दर परिमार्जनमा कसैको ध्यान गएको छैन । खुला सिमानाका कारण चोरीपैठारीको क्रम रोकिएको छैन ।

आज तपाईंले संसारमा कहाँ के भइरहेको छ, त्यो सहजै हेर्न सक्नुहुन्छ । सोही प्रकारको विकास र व्यक्तिगत आर्थिक वृद्धि पनि नागरिकले खोजिरहेको हुन्छ । त्यसैले अर्थतन्त्रका नीतिहरू कार्यान्वयन भए आर्थिक समृद्धि प्राप्त हुन्छ र यस प्रकारको निराशा हुँदैन । नेपालले अहिले आर्थिक समृद्धिको आधार खोजिरहेको छ । समृद्धिको आधारशिला भनेको लगानी हो । लगानी बढाउन त्यसका अड्चनहरू हटाउनुपर्छ । विदेशी लगानीकर्तालाई सहज प्रवेश र सहज निकास दिनुपर्छ । 'प्रोफिट रिप्याट्रिएसन'को अवधारणा स्पष्ट हुनुपर्छ । जसले गर्दा विदेशी लगानीकर्ता ढुक्क भएर लगानी ल्याउन उद्यत हुन्छन् । आर्थिक समृद्धि प्राप्त भयो भने नेपालीहरूको प्रतिव्यक्ति आय माथि जान्छ । प्रतिव्यक्ति आय बढ्दा सबै मानिस खुसी हुन्छन् । अहिले जेनजी आन्दोलन हुनुको एउटा मूल कारण वा असन्तुष्टिको मुख्य कारण आर्थिक समृद्धि नहुनु हो । आर्थिक समृद्धिबाटै यस्ता विषय र 'दीर्घकालीन समस्याको समाधान गर्न सकिन्छ । जेनजी आन्दोलन तत्कालीन विषय भए पनि हाम्रा यसअघिका समस्याहरू ज्यूँका त्यूँ छन् । जेनजी आन्दोलनले ती समस्याहरू कसरी समाधान हुन्छ भन्ने अहं प्रश्न उब्जाइदिएको छ ।

*(अग्रवाल नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष हुन्)*



। सुशील भट्ट

# सरकारी ढिलाइको मारमा एफडीआई



नेपालमा प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई)का लागि सम्भावनाको नयाँ ढोकाहरू खुल्दै छन् । ती भनेका ऊर्जा, पर्यटन, कृषि, पूर्वाधार, तथा सूचना प्रविधिजस्ता विविध क्षेत्रहरूका आकर्षक परियोजनाहरू हुन् ।

किनभने अन्तर्राष्ट्रिय लगानीकर्तालाई दीर्घकालीन प्रतिफल र नेपालसँग वैदेशिक लगानीका साझेदारीमा दिगो आर्थिक प्रतिफल हासिल गर्ने अवसर यिनै परियोजनाले गर्छन् । राजनीतिक स्थिरता, नीतिगत सुधारको पहल तथा क्षेत्रीय र विश्वव्यापी बजारसँगको पहुँचको कारण नेपाललाई आगामी वर्षहरूमा वैदेशिक लगानीको आकर्षक गन्तव्यको रुपमा उभ्याउने स्पष्ट संकेत मिलेको छ ।

नेपालमा वैदेशिक लगानीलाई सहज, पारदर्शी र द्रुत बनाउन लगानी बोर्ड नेपाल (आईबीएन) र उद्योग विभाग (डीओआई)ले अग्रणी भूमिका निर्वाह गरिरहेका छन् । आईबीएनले ६ अर्ब रुपैयाँभन्दा माथिका तथा २०० मेगावाटभन्दा माथिका जलविद्युत् तथा अन्य ऊर्जा परियोजनाहरूको कार्यान्वयनमा सहजीकरण, सार्वजनिक-निजी साझेदारी (पीपीपी) विधिद्वारा परियोजनाको विकास तथा व्यवस्थापनमा आवश्यक सहजीकरण गरी अन्तर्राष्ट्रिय लगानीकर्तासँगको प्रत्यक्ष समन्वयमा विशेष दक्षता देखाएको छ ।

यसैगरी, डीओआईले ६ अर्ब रुपैयाँभन्दा कमका तथा २०० मेगावाटभन्दा साना परियोजनाहरूको लगानीसँग सम्बन्धित विषयमा प्रभावकारी सहजीकरण गर्न एकल विन्दु सेवा कार्यान्वयनमा ल्याएको छ । दुवै संस्थाहरूको स्पष्ट कार्यविभाजन र संयुक्त प्रयासले नेपालमा वैदेशिक लगानी प्रवाहलाई तीव्र बनाउन र लगानीकर्तालाई व्यापार वा परियोजनाहरूको जीवनचक्रमा निरन्तर आवश्यक सहजीकरण गर्न संस्थागत आधार तयार भएको छ ।

**नेपाललाई भरपर्दो लगानीको गन्तव्य रूपमा स्थापित गरिएको छ । सबै सम्मेलनमा लगानीको प्रचुर सम्भावना भएका देशहरूको तथ्यांकमा आधारित श्रेणीगत प्रोफाइल साथै अध्ययन तथा विकासको विभिन्न चरणमा भएका परियोजनाहरू सोकेसिङ गरिरहेका थियौं ।**

## पृष्ठभूमि

कोभिड-१९ को महामारी, त्यसपछि देखा परेको आर्थिक मन्दीले विश्वव्यापी रुपमै वैदेशिक लगानी घटिरहेको थियो । त्यसको असर नेपालमा समेत नपरेको होइन । सँगसँगै विश्वव्यापी रुपमा यो अवस्था सुधार हुँदै गयो । तर नेपालमा भने उल्लेख्य रुपमा बढ्न सकेन । सन् २०२१/२२ मा नेपालमा कायम रहेको प्रत्यक्ष वैदेशिक लगानी २ खर्ब ६४ अर्ब रहेको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ । जसमध्ये ६२ प्रतिशत औद्योगिक क्षेत्रमा गएको थियो ।

त्यसो त नेपालमा एफडीआईलाई आकर्षित तथा व्यवस्थित गर्न सरकारले विभिन्न नीतिगतसँगै कानुनी तथा प्रक्रियागत सुधार गर्दै आएको छ । पछिल्लो समय त झन् सरकारले प्रत्यक्ष वैदेशिक लगानी नीति २०७१, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन २०७५, औद्योगिक व्यवसाय ऐन २०७६, नेपाल राष्ट्र बैंकको वैदेशिक लगानी तथा वैदेशिक ऋण ब्यवस्थापन कार्यविधि २०७८, एकल विन्दु सेवा केन्द्रजस्ता कानुनी तथा नीतिगत पूर्वाधार हरूबाट एफडीआईलाई सहजीकरण गर्दै आएको छ ।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन संशोधन गरेर ५० करोड रुपैयाँसम्मको वैदेशिक लगानी स्वचालित रुपमा स्वीकृत गर्ने व्यवस्था गरिएको छ । यसैगरी सूचना प्रविधि क्षेत्रमा लगानीको लागि वैदेशिक लगानीमा

तोकिएको २ करोडको सीमा हटाउँदा साना तथा मझौला उद्योगहरूमा पनि लगानी भित्रिने वातावरण बनेको छ ।

नेपालमा ठूला र दीर्घकालीन लगानी रुपमा वैदेशिक लगानी भित्र्याउन र सहजीकरण गर्न लगानी बोर्ड महत्वपूर्ण नीतिगत तथा संस्थागत संयन्त्रका रूपमा स्थापित भएको छ । यसले जलविद्युत्, यातायात, कृषि, पर्यटन, सूचना-प्रविधि, खानी, स्वास्थ्य, शिक्षा, निर्माण तथा वित्तीय सेवाजस्ता प्राथमिक क्षेत्रलाई आफ्नो मुख्य लगानी क्षेत्रको रुपमा लिएको छ ।

लगानी प्रवर्द्धनका लागि बोर्डले परियोजना बैंकको स्थापना गरी लगानीका लागि तयार भएका आयोजनाहरूको सूची तयार पारेको छ। ती परियोजनाहरूको पूर्वसम्भाव्यता अध्ययन, जोखिम मूल्याङ्कन र वित्तीय लागत मूल्यांकन भएका छन् ।

व्यावसायिक योजनासहितको रणनीतिक योजनाअन्तर्गत बोर्डले आफ्नो संस्थागत क्षमता बढाउने, प्रक्रिया सरल पार्ने र राष्ट्रिय लगानी प्राथमिकतासँग तालमेल मिलाउने बहुवर्षीय योजना अघि सारेको छ । पूर्वसम्भाव्यता अध्ययनमार्फत लगानीकर्तालाई परियोजनासम्बन्धी तथ्यांक, जोखिम-प्रतिफल प्रोफाइल उपलब्ध गराइन्छ। यसले नै उनीहरूको ड्यु डिलिजेन्स मूल्यांकन (सम्पत्ति र दायित्व मूल्यांकन)मा लागत पनि कम गराएको छ । यसबाट आयोजनाको सम्भाव्यताको साथै लगानीकर्ताहरूमा विश्वास बढाएको छ ।

बोर्डले विभिन्न समयमा अन्तर्राष्ट्रिय लगानी सम्मेलन आयोजना गरेर नेपालको लगानीका सम्भावना प्रस्तुत गरेको छ । सन् २०१७ मा भएको पहिलो सम्मेलनबाट विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन सुधार गर्नुका साथै जलविद्युत्, यातायात र पर्यटन क्षेत्रमा लगानी प्रतिबद्धता सुनिश्चितता गरेको छ ।

यस्तै सन् २०१९ सम्पन्न भएको दोस्रो सम्मेलनमा बहुपक्षीय बैंक र निजी लगानीकर्ताको सहभागिता विस्तार भएको थियो । यस्तै बोर्डको भूमिकामा सुदृढीकरण भएको छ । सन् २०२४ मा भएको सम्मेलनबाट सुदूरपश्चिम र अन्य प्रदेशलाई लगानी गन्तव्यका रूपमा स्थापित गर्दै परिष्कृत सार्वजनिक निजी साझेदारीका परियोजनाहरूको पाइपलाइन र डिजिटल सुधार, स्वतः मार्ग, एकद्वार प्रणालीबाट सेवा प्रवाह गर्नेजस्ता उपलब्धिहरू हासिल भएका छन् ।

लगानी सम्मेलनबाट ठूला परियोजनाहरूको परियोजना विकास सम्झौताजस्ता कार्यहरू सम्पन गर्न सहजीकरण भएको छ । जलविद्युत् क्षेत्रमा अरुण-३ (९०० मेगावाट), तल्लो अरुण (६६९ मेगावाट), अपर मर्स्याङ्दी (३२७ मेगावाट), पश्चिम सेती (७५० मेगावाट) तथा सेती नदी-६ (४५० मेगावाट), अपर त्रिशूली-१ (२१६ मेगावाट) जस्ता महत्वपूर्ण परियोजनाहरू विकासक्रमको विभिन्न चरणमा छन् ।

यातायात र पर्यटन क्षेत्रका परियोजनामा निजी क्षेत्रलाई समेत समेट्दै छिटो स्वीकृति प्रक्रिया अघि सारिएको छ । सरकारलाई सम्झौता संरचना, ट्यारिफ नीति र भायबिलिटी ग्याप फन्डिङसम्बन्धी कानुनी तथा जोखिम परामर्श प्रदान गरिएको छ ।

नेपाललाई भरपर्दो लगानीको गन्तव्य रुपमा स्थापित गरिएको छ । सबै सम्मेलनमा लगानीको प्रचुर सम्भावना भएका देशहरूको तथ्यांकमा आधारित श्रेणीगत प्रोफाइल साथै अध्ययन तथा विकासको विभिन्न चरणमा भएका परियोजनाहरू सोकेसिङ गरिरहेका थियौं । सबै लगानीका लागि स्वीकृति प्रक्रिया छिटो र पारदर्शी बनाउन बोर्डअन्तर्गत एकद्वार सेवा केन्द्र स्थापना गरिएको छ । यसमा नेपाल राष्ट्र बैंक, उद्योग विभाग, आन्तरिक राजस्व विभाग, भन्सार र अन्य प्रमुख निकायले वास्तविक समयको आधारमा आवश्यक सहजीकरण गर्न सक्नेछन् । यसमा अनलाइन आवेदन ट्र्याकिङ, जग्गाप्राप्ति, विदेशी विनिमय स्वीकृति, श्रम अनुमति र कर दर्ता प्रक्रियामा सहजता हुनेछ । यसबाट प्रशासनिक अवरोध घटी, पारदर्शिता बढी र लगानीकर्ताको लागत कम गर्नेछ ।

लगानी सम्मेलनमार्फत सरकारले लगानी परिचालन सुधार गर्न नीतिगत कानुनी तथा प्रक्रियागत लगानीसँग सम्बन्धित प्रक्रिया र समयसीमा छोट्याउने, पीपीपी प्रणालीलाई मजबुत बनाउने, पारदर्शी प्रक्रिया, विश्वसनीय तथ्यांक र कानुनी स्पष्टतामार्फत लगानीकर्ताको विश्वास बढाउनेजस्ता सकारात्मक सन्देश प्रवाह गर्न सहज भएको छ ।

## वर्तमान अवस्था

नेपालमा एफडीआईलाई प्रोत्साहित गर्न औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानहरू नै आधारस्तम्भ हुन् । राष्ट्र बैंकको तथ्यांकअनुसार कुल लगानीमा रहेको वैदेशिक लगानीमध्ये करिब ६२.६ प्रतिशत औद्योगिक क्षेत्रमा केन्द्रित छ । यसमा जलविद्युत् एक्लैले ३२.८ प्रतिशत योगदान गर्छ भने उत्पादन उद्योगको हिस्सा २०-२५ प्रतिशत, खानी तथा प्रशोधन करिब ५ प्रतिशत र कृषि-उद्योगको हिस्सा २-३ प्रतिशत मात्र छ ।

औद्योगिक क्षेत्रमा वर्चस्वको प्रमुख कारण यस्ता परियोजनामा ठूलो पुँजी आवश्यक पर्ने, जलविद्युत् क्षेत्रमा दीर्घकालीन पावर खरिद सम्झौता र परियोजना विकास सम्झौताको उपलब्धता र कानुनी तथा नीतिगत स्पष्टता तुलनात्मक रूपमा अरु क्षेत्रभन्दा राम्रो हुनु नै हो । यस क्षेत्रले पूर्वाधार विकास, रोजगारी सिर्जना र वैदेशिक लगानी भित्र्याउने काममा अग्रणी भूमिका खेलेको छ । तर यसमा पनि नगण्य मात्रामा मात्र वैदेशिक लगानी भित्रिएको परिप्रेक्ष्यमा यसलाई तीव्रता दिन बजारको सुनिश्चितता, सरकारबाट प्रदान गरिनुपर्ने सुविधा र सहजीकरणका साथै वन-जग्गा प्राप्ति र व्यावसायिक वातावरणलाई थप सुदृढ गर्नुपर्ने आवश्यकता छ ।

जलविद्युत् क्षेत्रमा मात्र कुल वैदेशिक लगानीको ३२.८ प्रतिशत लगानी भएको छ । ठूला र मध्यमस्तरका जलविद्युत् परियोजनाहरूमा विदेशी लगानीकर्ता आकर्षित भई परियोजना विकासका कार्य अगाडि बढेका छन् । यसमा मुख्यतया भारतीय लगानीकर्ता कम्पनीहरू सक्रिय छन् भने केही चिनियाँ, कोरियाली तथा स्वदेशी लगानीकर्ताको पनि सहभागिता छ ।

यसैगरी नेपालको उत्पादन उद्योग क्षेत्रमा सिमेन्ट, डण्डीलगायतका निर्माण सामग्री, खाद्य प्रशोधन, औषधि र हल्का उद्योगहरू पर्छन् । यस क्षेत्रमा अधिकांश लगानी स्वदेशी छ भने भारत, चीन र बंगलादेशबाट केही विदेशी लगानी पनि आएको छ । तर, आधारभुत पूर्वाधार सीमितता, उच्च ढुवानी लागत र विद्युत् आपूर्ति अस्थिरताजस्ता समस्या यी उद्योगहरूले भोगिरहेका छन् ।

यस्तै लाइसेन्स प्राप्ति, वातावरणीय प्रभाव मूल्यांकन स्वीकृति, आवश्यक जनशक्तिको अभाव, निर्यात प्रतिस्पर्धाको कमी, उच्च उत्पादन लागत र सानो आन्तरिक बजारजस्ता समस्याहरू पनि छन् ।

## गर्नुपर्ने कुरा

औद्योगिक क्षेत्रमा देखिएका यी चुनौतीहरूको समाधानदेखि जलविद्युत् र उत्पादन उद्योगको मूल्य शृंखला विस्तार र नीतिगत स्थिरताका लागि काम गर्नुपर्ने अबको आवश्यकता हो । यसो गर्दा नेपालको वैदेशिक लगानीलाई दिगो रूपमा विस्तार गर्न सकिन्छ । यसले नेपालले आफ्नो वैदेशिक लगानी परिदृश्यलाई क्षेत्रीय प्रतिस्पर्धी स्तरमा लैजान सक्छ ।

नेपालमा वैदेशिक प्रत्यक्ष लगानी प्रवाहमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण छ । उत्पादन, सेवा र रोजगारी सिर्जनामा उनीहरूको योगदानले दीर्घकालीन लगानीको आधार बलियो बनाएको छ । तर, आर्थिक कूटनीतिक कमजोरीका कारण यी पहलहरू अपेक्षित परिणाममा परिणत हुन सकेका छैनन् । डाबर नेपाल, युनिलिभर नेपाल, स्ट्यान्डर्ड चार्टर्ड बैंक, एनसेलजस्ता कम्पनीहरूले उत्पादन, सेवा र रोजगारीमा ठूलो योगदान गरेका छन् । यी कम्पनीहरूले नेपालमा दिगो वैदेशिक लगानीको आधार तयार मात्र गरेका छैनन्, पुनः लगानीमार्फत लगानीकर्ताको विश्वास पनि बढाएका छन् । उदाहरणका लागि, डाबर नेपालले २०२३ मा गरेको ९ अर्ब ६८ करोड रुपैयाँको पुनःलगानीले अन्तराष्ट्रिय बजारमा नेपाललालाई विश्वशनीय गन्तव्यको रुपमा स्थापीत गर्नुका साथै सकारात्मक संकेत दिएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स र नेपाल उद्योग परिसंघजस्ता संस्थाहरूले लगानीमैत्री वातावरणका लागि सम्मेलन, क्षेत्रगत संवाद र निजी-सार्वजनिक परामर्शमार्फत लगानीका वातावरण सुधारका लागि पैरवी गर्दै आएका छन् । सार्वजनिक-निजी संवादमार्फत यी संस्थाहरूले कर प्रणाली

सुधार, भन्सार सरलीकरण र व्यवसाय दर्ता तथा लाइसेन्स प्रक्रियाको डिजिटलाइजेसनका लागि सरकारसँग आवश्यक सहकार्य तथा पैरवी गरेका छन् ।

निजी क्षेत्रले सूचना प्रविधिमा आधारित स्टार्टअपका लागि न्यूनतम लगानी सीमा हटाउने सरकारी कदमलाई समर्थन गरेका छन्, जसले प्रविधि-केन्द्रित क्षेत्रमा विदेशी लगानीको बाटो खुला गरेको छ । साथै, जलविद्युत्, पर्यटन, कृषि-प्रशोधन र निर्माण क्षेत्रमा पीपीपी मोडलमा आधारित परियोजनामा निजी क्षेत्रको बढ्दो चासोले विदेशी लगानीकर्तालाई आकर्षित गरेको छ ।

तर, यी प्रयासहरूका बाबजुद नेपालको आर्थिक कूटनीति अपेक्षित रूपमा प्रभावकारी हुन सकेको छैन । लगानी र व्यापार सम्झौतामा ढिलाइ : द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता (बीप्पा), दोहोरो कर हटाउने सम्झौता, वैदेशिक विनिमय जोखिम व्यवस्थापनका लागि चाहिने ओजार र उपकरणको अभावले बजार पहुँच विस्तारमा सुस्त प्रगति भएकाले वैदेशिक लगानी परिचालन गर्न अवरोध सिर्जना भएको छ । यस्तै राजनीतिक अस्थिरता र कर प्रशासनका कारण लगानीकर्ताको विश्वास कमजोर हुँदा निजी क्षेत्रको पहल प्रभाव कमजोर देखिएको छ । यसैगरी विदेशस्थित नेपाली दूतावास र कूटनीतिक नियोगहरूले व्यापार तथा लगानी प्रवर्द्धन गर्न लक्षित कार्यक्रम वा रोडशोमार्फत नेपाललाई लगानी गन्तव्यका रूपमा स्थापित गराउन पर्याप्त रूपमा प्रचार-प्रसार गर्न सकेका छैनन् । समग्रमा नेपालमा निजी क्षेत्रको सक्रियताको प्रयासमा निजी क्षेत्रको छाता संस्थाहरूको योगदान प्रशंसनीय भए पनि, नीतिगत स्थिरता, छिटो तथा छरितो कार्यान्वयन, र प्रभावकारी आर्थिक कूटनीतिविना यी पहलहरू दीर्घकालीन रुपमा वैदेशिक लगानीका लागि नेपाललाई आकर्षक र प्रतिस्पर्धी बनाउन कठिन देखिन्छ ।

राष्ट्र बैंकको तथ्यांकअनुसार सन् १९९५/९६ देखि २०२२/२३ सम्मको अवधिमा स्वीकृत भएको वैदेशिक प्रत्यक्ष लगानीमध्ये मात्र करिब ३५-३६ प्रतिशत मात्र भित्रिएको देखिन्छ । लगानीकर्तासँग निरन्तर संवाद, फलोअप, आवश्यक सहजीकरण गरी प्रतिबद्धता र प्राप्तिबीचको खाडल हटाउन सकिन्छ ।

लगानी स्वीकृत भएपछि पनि लगानीकर्ताले सामान्य प्रशासनिक प्रक्रिया पूरा गर्न ६-१२ महिना खर्च गर्नुपर्छ, जसका कारण कतिपय परियोजना अघि बढ्दैनन् । यसका लागि वास्तविक समयको अवस्था देखाउने गरी एकीकृत लगानी ट्र्याकिङ ड्यासबोर्डको अभाव छ । जसका कारण साना-साना प्राविधिक ढिलाइहरू समेत ठूलो समस्या बनेका छन् ।

वैदेशिक लगानीमा अर्को समस्या भनेको मुद्रा सटही र लाभांश पठाउने प्रक्रियामा समेत ढिलाइ पनि हो । सम्बन्धित निकायहरूबाट स्वीकृत भइसकेको लाभांश लैजानका लागि नेपाल राष्ट्र बैंकबाट अनुमति लिन ३-९ महिना समय लाग्छ । आइटी क्षेत्रमा आएको वैदेशिक लगानीको लाभांश पठाउन भएको ढिलाइका कारण पछिल्ला लगानीको मुद्दाहरू अरु मुलुकतर्फ सरेका पनि पाइएको छ ।

## ■ निष्कर्ष

हालसम्म भएका लगानी सम्मेलनहरूमा आएका सबै इच्छा, चाहना वा आशय, प्रतिबद्धतामा परिणत भई कार्यान्वयनमा जान्छन् भन्ने हुँदैन । सम्मेलनहरू प्रायः लगानीको वातावरणलाई उजागर गर्ने अवसर हो । लगानी प्रतिबद्धतापछिको प्रभावकारी सहजीकरण र नीतिगत स्थिरताको कमी पनि ठूलो चुनौती हो । नेपालमा वैदेशिक लगानीकर्तालाई लगानीपछिको समस्याको समाधानका लागि कुनै विशेष संयन्त्र छैन ।

वैदेशिक लगानी पाइपलाइन व्यवस्थापनको पनि अभाव छ । प्रतिबद्धता, स्वीकृति, कार्यान्वयनदेखि विस्तारसम्मको परियोजनाचक्र ट्र्याक गर्ने आधिकारिक ड्यासबोर्ड छैन । एकपटक स्वीकृति पाएपछि परियोजना लगानीकर्ताले सक्रिय रूपमा अघि नबढाएसम्म प्रशासनिक प्रक्रियामै हराउने अवस्था छ । यी समस्या समाधान गर्न आवश्यक छ ।

*(भट्ट लगानी बोर्ड नेपालका पूर्वप्रमुख कार्यकारी अधिकृत हुन्)*





# समृद्धिको पर्खाइमा वन : नीतिगत बन्धन र व्यवस्थापनको अन्योल



भारती पाठक

नेपाल, प्राकृतिक स्रोत र सौन्दर्यले भरिपूर्ण देश । यहाँको करिब ४५ प्रतिशत भूभाग वनले ढाकेको छ । यो हरियो सम्पदा हाम्रो पहिचान मात्र होइन, राष्ट्रिय समृद्धिको एउटा प्रमुख आधार पनि हो । झण्डै तीन दशकदेखि सामुदायिक वनको सफल अभ्यासले विश्वमाझ नेपाललाई चिनाएको छ ।

२२ हजारभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहले लाखौँ हेक्टर वनको संरक्षण र व्यवस्थापन गरिरहेका छन्, जसले स्थानीयस्तरमा जीविकोपार्जनदेखि जैविक विविधता संरक्षणसम्म अतुलनीय योगदान पुऱ्याएको छ । तर, यति ठूलो सम्भावना बोकेको हाम्रो वन क्षेत्र आज किन समृद्धिको संवाहक बन्न सकेको छैन, किन हामी अर्बौंको काठ र काठजन्य सामग्री विदेशबाट आयात गर्न बाध्य छौँ र हाम्रै जंगलमा काठ कुहिएर किन खेर गइरहेको छ भन्ने तमाम प्रश्नहरू केन्द्रमा छन् । अव्यावहारिक वन नीति, केन्द्रीकृत मानसिकता र व्यवस्थापनमाथिको अनावश्यक नियन्त्रणले विकास चरणमा वनप्रति गलत भाष्य देखाइएको छ ।

■ **विकासको बाधक बन्दै वन नीति : समृद्धिको सपनामाथि कानुनी अंकुश**

कानुनहरू बनाउँदाको उद्देश्य जतिसुकै राम्रो देखिए पनि कार्यान्वयन तहमा आइपुग्दा ती विकास र समृद्धिका लागि बाधक बन्ने गरेका छन् । वन क्षेत्र यसको सबैभन्दा ज्वलन्त उदाहरण हो । वन ऐन, २०७६ ले पर्या-पर्यटन, उद्यमशीलता र वन पैदावारको उपयोगमार्फत सामुदायिक वनलाई समृद्धिसँग जोड्ने विश्वास गरिएको थियो । तर ऐनको भावनालाई नियमावली र निर्देशिकाहरूले पूर्णतः निस्तेज पारिदिए । कानुनमा एउटा कुरा लेखिएको त हुन्छ तर त्यसलाई कार्यान्वयन गर्न बन्ने निर्देशिकाहरूले अर्कै रूप लिन्छन् भन्ने प्रमाण पनि बन ऐन बनेको छ । नियमावली वा निर्देशिकाहरू यति कसिलो र अव्यावहारिक हुन्छन् कि तिनीहरूले समृद्धिको ढोका खोल्नुको सट्टा झन् बलियो ताल्चा लगाउने काम गर्छन् ।

उदाहरणका लागि, वन पैदावारमा आधारित साना तथा मझौला उद्यम खोल्ने विषय नै हेरौँ न ! सामुदायिक

आज अवस्था कस्तो छ भने स्थानीय सरकार र डिभिजन वन कार्यालय एकअर्काका प्रतिस्पर्धी वा शत्रुजस्ता देखिन्छन् । स्थानीय सरकारले आफ्नो पालिकाभित्रको वनको सम्भावना पहिचानपूर्वक बजेट छुट्याएर उद्यमशीलतासँग जोड्ने कार्ययोजना बनाउन खोज्छ तर डिभिजन वन कार्यालयले त्यसलाई अनेक बहानामा अड्काइदिन्छ ।

वननजिकै खाली र उपयोगविहीन जमिन हुँदाहुँदै पनि 'वन क्षेत्रको निश्चित किलोमिटरभित्र उद्योग खोल्न नपाइने'जस्ता प्रावधानले उद्यमशीलतालाई सुरुमै तुहाइदिएको छ । उद्यमीले निजी जग्गा किनुपर्ने वा महँगो भाडा तिर्नुपर्ने बाध्यताले वनमा आधारित उद्योग फस्टाउन सकेको छैन । यसले स्थानीयस्तरमा रोजगारी सिर्जना हुने र कच्चापदार्थको मूल्यअभिवृद्धि हुने सम्भावना समाप्त भएको छ ।

विकासको अर्को पूर्वाधार हो– सडक । तर, वन क्षेत्रमा सडक निर्माण गर्नुपर्दा प्रक्रिया यति झन्झटिलो र लामो छ कि विकास आयोजनाहरू वर्षौंसम्म अलपत्र पर्छन् । एउटा रुख काट्नुपर्दा 'मान्छे मारेभन्दा चर्को कानुन लाग्छ' भन्ने आमबुझाइ छ । निश्चय पनि, अन्धाधुन्ध वन फँडानी रोक्नुपर्छ तर विकास र संरक्षणबीच सन्तुलन भने आवश्यक छ । वनको 'फायर लाइन' (डढेलो नियन्त्रण रेखा) जस्ता व्यवस्थापनका कार्यसँग जोडेर सडक सञ्जाल विस्तार गर्नेजस्ता रचनात्मक उपायहरू सोच्न सकिन्थ्यो होला । तर हाम्रा नीतिहरू यसतर्फ मौन छन् ।

त्यसमाथि वातावरण संरक्षण ऐन, २०५३ (संशोधित) र त्यसअन्तर्गत बनेको राष्ट्रपति चुरे-तराई मधेश विकास संरक्षण समितिले चुरे क्षेत्रलाई 'अति संवेदनशील' भन्दै त्यहाँका समुदायलाई आफ्नो छेउको जंगलमा प्रवेश गर्नसमेत लगभग बन्देज लगाएको छ । उदयपुरको कटारीमा स्थानीयले 'हामीले १० वर्ष भयो यो जंगलमा खुट्टा टेक्न नपाएको' भनेर सुनाउँदा हाम्रो नीतिले कसरी स्थानीयलाई आफ्नै स्रोतबाट विमुख गरिरहेको छ भन्ने प्रस्ट हुन्छ । संरक्षणको नाममा जनतालाई स्रोतबाट अलग्याउने नीतिले न यसको दिगो संरक्षण हुन्छ, न त विकास नै । यसले केवल जनता र राज्यबीच अविश्वासको खाडल फराकिलो बनाउँछ ।

■ **संघीयतामा वनको केन्द्रीकृत अभ्यास : अधिकारविहीन स्थानीय तह**

नेपालमा संघीयता कार्यान्वयनमा आएसँगै स्वास्थ्य, शिक्षा, कृषिजस्ता क्षेत्रहरूको अधिकार र संरचना स्थानीय तहसम्म पुग्यो । तर, वन क्षेत्रको पुनर्संरचना भएन । यो आजको सबैभन्दा ठूलो विडम्बना हो । संविधानले वनलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा राखेको छ । तर, व्यवहारमा वन प्रशासनको मानसिकता अझै पनि केन्द्रीकृत र एकात्मक छ ।

संविधानले 'वन्यजन्तु'को अधिकार स्थानीय तहलाई दियो तर 'वन'को दिएन । यो कस्तो व्यवस्था हो ? के वन्यजन्तु जंगलबाहेक अन्यत्र बस्छ र ? वनको अधिकार नदिई वन्यजन्तुको अधिकार दिनु भनेको स्थानीय सरकारलाई जिम्मेवारी मात्रै दिने तर स्रोत र अधिकार नदिने पुरानै केन्द्रीकृत सोचको निरन्तरता हो । यसले संरक्षण र विकासलाई सँगसँगै लैजाने संघीयताको मर्ममाथि नै प्रहार गरेको छ ।

**काठ आयातमा बाहिरिएको रकम**

| आर्थिक वर्ष | रकम रु. लाखमा |
|---|---|
| २०७६/७७ | ५०२०४ |
| २०७७/७८ | ७८८५८ |
| २०७८/७९ | ७४४७८ |
| २०७९/८० | ५८९४२ |
| २०८०/८१ | ५१२६३ |

वन ऐन, २०७६ निर्माणका क्रममा हामीले सामुदायिक वनको कार्ययोजना स्वीकृत गर्ने अधिकार स्थानीय तहलाई दिनुपर्छ भनेर लामो लबिङ गर्‍यौं । तर, ऐनमा 'सिफारिस गर्ने' भन्ने शब्द राखियो, जसले स्थानीय सरकारको भूमिकालाई कमजोर बनाइदियो । आज अवस्था कस्तो छ भने स्थानीय सरकार र डिभिजन वन कार्यालय एकअर्काका प्रतिस्पर्धी वा शत्रुजस्ता देखिन्छन् । स्थानीय सरकारले आफ्नो पालिकाभित्रको वनको सम्भावना पहिचानपूर्वक बजेट छुट्याएर उद्यमशीलतासँग जोड्ने कार्ययोजना बनाउन खोज्छ तर डिभिजन वन कार्यालयले त्यसलाई अनेक बहानामा अड्काइदिन्छ ।

प्रदेश सरकारको अवस्था पनि उस्तै छ । राष्ट्रिय वन व्यवस्थापनको जिम्मा प्रदेशलाई भनिएको छ । तर 'संघीय कानुनसँग नबाझिने गरी' कानुन बनाउनुपर्ने प्रावधानले प्रदेशलाई संघीय सरकारको 'फोटोकपी' मात्र बनाएको



छ । जबसम्म वन क्षेत्रको साँचो अर्थमा पुनर्संरचना हुँदैन र स्थानीय समुदाय तथा स्थानीय सरकारलाई विश्वास गरेर अधिकार हस्तान्तरण गरिँदैन तबसम्म वन क्षेत्र सिंहदरबारको साँघुरो कोठाबाटै सञ्चालित भइरहन्छ र संघीयताको अनुभूति जनताले गर्न पाउँदैनन् ।

■ **वनमा अन्तर्राष्ट्रिय प्रभाव : हस्तक्षेपभन्दा सहयोगको 'सिफ्टिङ'**

वन क्षेत्रमा प्रत्यक्ष अन्तर्राष्ट्रिय हस्तक्षेप छ भनेर किटान गर्न नसकिएला । तर अन्तर ाष्ट्रिय सहयोग र प्राथमिकताको क्षेत्र परिवर्तन (सिफ्टिङ) भएको छ, जसको असर नेपालले भोगिरहेको छ । कुनै बेला अस्ट्रेलियन वन विकास परियोजना, फोर्ड फाउन्डेसनजस्ता अन्तर्राष्ट्रिय साझेदार संस्थाहरूले नेपालको सामुदायिक वनको अवधारणालाई स्थापित गर्न, क्षमता विकास गर्न र विकेन्द्रीकरणलाई बल पुऱ्याउन ठूलो लगानी गरेका थिए । त्यसैको जगमा आज नेपालको सामुदायिक वन यहाँसम्म आइपुगेको हो ।

तर, आज त्यो लगानी र प्राथमिकता अन्यत्र मोडिएको छ । वन क्षेत्रमा आउनुपर्ने अन्तर्राष्ट्रिय सहयोग कृषि वा अन्य क्षेत्रमा गएको छ । यसले सामुदायिक वनमा आएका नयाँ पुस्ताका अगुवाहरूको क्षमता विकास, संघीयताअनुकूल नीतिनिर्माणमा स्थानीय समुदायको सहभागिता र पैरवीजस्ता महत्वपूर्ण कामहरूका लागि स्रोतको अभाव खड्किएको छ ।

अर्कोतर्फ, जलवायु परिवर्तनको असर न्यूनीकरणमा नेपालको वन क्षेत्रले पुऱ्याएको योगदानको कदर विश्व समुदायले गर्न सकेको छैन । कार्बन सञ्चिति गरेर विश्वलाई बचाइरहेका समुदायले पाउनुपर्ने क्षतिपूर्ति (लस एन्ड ड्यामेज) र अनुदानका कार्यक्रमहरू प्रभावकारी रूपमा भित्रिनसकेका छैनन् । कहिलेकाहीँ अन्तर ाष्ट्रिय साझेदारको स्रोतमा बन्ने कानुनहरू उनीहरूकै स्वार्थअनुकूल पो बनेका छन् कि भन्ने आशंका गर्ने ठाउँसमेत रहन्छ । यद्यपि, यो सरकारले जवाफ दिनुपर्ने विषय हो । तर, सारमा भन्नुपर्दा आज वन क्षेत्रमा बाह्य हस्तक्षेपभन्दा पनि आवश्यक सहयोगको अभाव टड्कारो रूपमा देखिएको छ ।

■ **अर्बौंको आयात तर आफ्नै जग्गाको रूख काट्न नपाइने**

एउटा किसानले आफ्नो बारीमा मकै, कोदो, भटमास रोपेर निर्बाध रूपमा बेच्न पाउँछ । तर त्यही बारीको डिलमा हुर्काएको रुख बेचेर छोराछोरी पढाउँछु, घर बनाउँछु वा गर्जो टार्छु भन्दा उसले राज्यको सयवटा ढोका चहार्नुपर्छ । यो व्यक्तिको सम्पत्तिको अधिकारमाथिको ठाडो हस्तक्षेप हो ।

विशेषगरी सालजस्ता प्रजातिका रुख निजी जग्गामा भए पनि काट्न र बेच्न अत्यन्तै झन्झटिलो प्रक्रिया पूरा गर्नुपर्छ । यसले दुईवटा नकारात्मक असर पारेको छ । पहिलो, मानिसहरूले आफ्नो खेतबारीमा रुख रोप्न निरुत्साहित भएका छन् । दोस्रो, भएका रुख पनि काट्न नपाउँदा गाउँघर जंगलजस्तै बन्न थालेका छन् र यसले मानव-वन्यजन्तु द्वन्द्वलाई भयावह रूपमा बढाएको छ । हामीले यो विषय सम्माननीय प्रधानमन्त्रीसमक्ष पनि राखेका छौँ र उहाँले यसलाई गम्भीरतापूर्वक लिनुभएको छ । यदि सरकारले निजी जग्गामा हुर्काएका रुखबिरुवालाई सहजै बिक्री-वितरण गर्न दिने हो भने मात्रै पनि हजारौँ परिवारको आयआर्जनमा सुधार आउनेछ र काठ आयात घटाउन मद्दत पुग्नेछ । आफ्नै नागरिकलाई विश्वास नगर्ने र उसको सम्पत्तिमाथि अनावश्यक नियन्त्रण गर्ने नीति तत्काल अन्त्य हुनुपर्छ ।

वनको सदुपयोग गर्ने विषयले समग्र देशलाई नै फाइदा हुन्छ किनभने विगत ५ वर्षको काठ आयातको तथ्यांकले मुलुकबाट कति पैसा बाहिर पठाइरहेका छौँ भन्ने देखिन्छ । गत आर्थिक वर्ष २०८१/८२ को कुल तथ्यांक अझै आइसकेको छैन । तर त्यसअघि आव २०७६/७७ देखि २०८०/८१ सम्म काठजन्य सामग्री आयातमा कुल ३१ अर्ब ३७ करोड ४७ लाख रुपैयाँ देशबाट बाहिरिएको छ ।

■ **वन व्यवस्थापनको उत्तम उपाय : समुदाय नै सर्वेसर्वा**

वन व्यवस्थापन कसले, कसरी गर्ने भन्ने बहस नेपालमा लामो समयदेखि चलिरहेको छ । कहिले 'वैज्ञानिक वन व्यवस्थापन'को नाममा सालका जंगलहरू सखाप पार्ने प्रयास भयो । यसलाई हामीले समुदायको बलमा रोक्यौँ । त्यो मोडलमा न सुशासन थियो, न समुदायको सहभागिता, न त महिलाको भूमिका नै । त्यसको एक मात्र उद्देश्य काठ काट्ने र बेच्ने थियो । वन व्यवस्थापनको सबैभन्दा उत्तम र दिगो उपाय भनेको समुदायमा आधारित व्यवस्थापन नै हो । जसले पुस्तौँदेखि वनको संरक्षण गऱ्यो, त्यसको व्यवस्थापन गर्ने क्षमता र ज्ञान पनि उसैसँग छ ।

■ **अबको व्यवस्थापन कस्तो हुनुपर्छ ?**

१. कसले गर्ने ? : वनको व्यवस्थापन उपभोक्ता समुदायले नै गर्ने हो । प्राविधिक ज्ञान र सहजीकरणमा सरकार र अन्य निकायले सहयोग गर्ने हो तर निर्णय प्रक्रियामा समुदाय नै सर्वेसर्वा हुनुपर्छ ।

२. कसरी गर्ने ? : 'एकै साइजको जुत्ता सबैलाई लगाउने' केन्द्रीकृत मोडल अब चल्दैन । हिमाल, पहाड र तराईको वनको चरित्र फरक छ, त्यसैले त्यहाँको व्यवस्थापन विधि पनि स्थानीय परिवेशअनुकूल हुनुपर्छ । हालै ल्याइएको 'वनको दिगो व्यवस्थापनको राष्ट्रिय मापदण्ड'लाई पनि समुदायले बुझ्ने गरी सरलीकृत गरिनुपर्छ । वन व्यवस्थापन भनेको रुख काट्नु मात्र होइन; यो त वनभित्रको जडीबुटी, गैरकाष्ठ पैदावार, पानीको मुहान, माटो र जैविक विविधतासहित सम्पूर्ण इकोसिस्टमको समग्र व्यवस्थापन हो ।

३. व्यवस्थापनको उद्देश्य के ? : व्यवस्थापनको अन्तिम लक्ष्य वनको स्वास्थ्य राम्रो बनाउँदै त्यहाँबाट प्राप्त हुने लाभलाई स्थानीय समुदायको जीवनस्तर सुधार र राष्ट्रिय समृद्धिमा जोड्नु हो । यसका लागि निम्न कुरामा ध्यान दिनुपर्छ :

- मूल्यअभिवृद्धिमा जोड : जडीबुटीजस्ता कच्चापदार्थ सस्तोमा बेच्ने होइन । स्थानीयस्तरमै प्रशोधन केन्द्र खोलेर औषधि, कस्मेटिकजस्ता तयारी वस्तु उत्पादन गर्नुपर्छ ।
- काठको मूल्य घटाउने : नेपालमा उत्पादित काठको मूल्य अचाक्ली महँगो छ । बाहिरबाट प्रतिक्युबिक फिट ३५०० मा काठ आउँदा हाम्रो काठको मूल्य ८००० रुपैयाँसम्म पर्छ । यसको कारण हो– लामो र झन्झटिलो प्रक्रिया, अनेक तहमा लाग्ने कर र बिचौलियाको बिगबिगी । यो चक्र तोडेर नेपाली काठलाई सस्तो र सुलभ बनाउन सके मात्रै आयात प्रतिस्थापन हुन्छ ।
- उद्योगसँग सहकार्य : कागज उद्योग, फर्निचर उद्योगजस्ता ठूला उद्योग स्थापनाका लागि निजी क्षेत्रसँग सहकार्य गर्न सकिन्छ । समुदायले कच्चा पदार्थ उपलब्ध गराउने र निजी क्षेत्रले प्रविधि र बजार व्यवस्थापनमा सहयोग गर्ने मोडलले विकास र रोजगारी दुवै सिर्जना गर्छ ।
- पर्या-पर्यटनको प्रवर्द्धन : वनलाई पर्या-पर्यटनको आकर्षक गन्तव्य बनाउन स्थानीय सरकार र समुदाय मिलेर पूर्वाधार विकास र प्रवर्द्धनमा लाग्नुपर्छ ।

■ **अन्त्यमा,**

नेपालको वन समृद्धिको अपार खानी हो । तर हामीले यो खानीको ढोका खोल्ने सही साँचो भेट्टाउनसकेका छैनौँ । त्यो साँचो हो– समुदायमाथिको विश्वास र अधिकारको वास्तविक हस्तान्तरण । जबसम्म हामी हाम्रा नीतिहरूलाई सरल र व्यावहारिक बनाउँदैनौँ, जबसम्म संघीयताको मर्मअनुसार वन प्रशासनलाई विकेन्द्रीकृत गर्दैनौँ र जबसम्म निजी जग्गादेखि सामुदायिक वनसम्मका स्रोतहरूको दिगो उपयोग गर्ने बाटो खोल्दैनौँ तबसम्म 'समृद्धिमा उपयोग हुन नसकेको वन'को बहस चलिरहनेछ । वनलाई बन्द कोठाभित्रको नीतिले होइन, जंगलसँगै बाँचेका समुदायको ज्ञान, सहभागिता र स्वामित्वले मात्र दिगो बनाउन सकिन्छ । अबको बाटो भनेको विवाद र नियन्त्रणको होइन, सहकार्य, विश्वास र समृद्धिको हुनुपर्छ ।

*(पाठक बागमती प्रदेशसभा सदस्य र सामुदायिक वन उपभोक्ता महासंघ नेपालकी निवर्तमान अध्यक्ष हुन् ।)*



। डा. खगराज शर्मा

# सहकारी : स्वनियमनमा नछाडेर कडा नियमभित्र बाँध्नुपर्छ

सहकारी आफैँ सदस्य, उपभोक्ता, उत्पादक, बिक्रेता हुने क्षेत्र हो । पैसाको व्यवस्थापन कसरी गर्ने भनेर आफैँले नीति बनाउने र पैसाको प्रयोग पनि आफैँले गर्ने हो । तर, अहिले सहकारीमा पैसा राख्ने एकथरि र प्रयोग गर्ने अर्कोथरि भए । सहकारीले नामका सदस्यहरू बनाएर पैसा लिए र गैरसदस्यलाई पैसा दिए अर्थात् गैरसदस्यबाट पैसा उठाइयो र सदस्य भनिएका मानिसहरूले त्यसको प्रयोग गरे । यसरी सहकारी क्षेत्रमा एउटा बेथितिको सुरुवात भयो ।

सहकारीमा बेथिति सहकारी ऐन २०४८ आउनु अघिबाटै सुरु भइसकेको थियो । त्यसबेला साझा ऐनअन्तर्गत सहकारी नियन्त्रित थिए । नियन्त्रित सहकारीबाट २०४८ मा सहकारी ऐन आयो । त्यसले धेरै सहकारी गठन हुने परिस्थिति बन्यो । २०४६ को जनआन्दोलनले ल्याएको परिवर्तन र तीव्र विस्तार हुने एउटा क्षेत्रमा सहकारी पनि दरियो ।

सहकारी ऐन २०४८ आएपछि र सहकारी ऐन २०७४ आउनु अघिसम्म नेपालमा करिब ३४ हजार सहकारी स्थापित भए । सहकारीको संख्या धेरै भए पनि त्यसलाई नियमन गर्ने नियामकीय निकाय सानो र कमजोर देखियो । २०६०/०६१ सम्म आइपुग्दा सहकारी क्षेत्रमा एकखालको विकृति देखा पर्न सुरु गर्‍यो र सहकारीलाई प्रयोग गरेर लाभ लिन आफ्ना निजी कम्पनीहरूमा लगानी गर्ने प्रवृत्ति फस्टाउँदै गयो ।

> सहकारी सदस्यले मैले कसलाई पैसा दिएको छु, मेरो पैसा कहाँ छ भन्नेतिर ध्यानै दिएनन् । ब्याजको प्रलोभनमा परेर अन्धाधुन्ध सहकारीलाइ पैसा दिए । सहकारीका सदस्यहरू सहकारीलाई नियमन गर्ने संयन्त्र होला भन्ने भरोसामा चले ।

सहकारी सदस्यले मैले कसलाई पैसा दिएको छु, मेरो पैसा कहाँ छ भन्नेतिर ध्यानै दिएनन् । ब्याजको प्रलोभनमा परेर अन्धाधुन्ध सहकारीलाइ पैसा दिए । सहकारीका सदस्यहरू सहकारीलाई नियमन गर्ने संयन्त्र होला भन्ने भरोसामा चले । 'सहकारी स्वनियमन गर्ने संस्था हो' भनियो, जसले गर्दा ठूलो रकम अपचलन/हिनामिना गर्ने क्षेत्रका रूपमा देखिन थाल्यो ।

२०६२/६३ को जनआन्दोलनपछि पनि लामो समय मुलुक संक्रमणकालीन अवस्थामा रह्यो । २०७२ मा संविधान जारी नहुँदासम्म सहकारीको नियमन डिभिजन सहकारी कार्यालयले गर्ने गरेका थिए । तर, संविधान आएसँगै सहकारीहरू तीन तहको क्षेत्राधिकारभित्र गए । त्यससँगै जिल्ला-जिल्लामा डिभिजन सहकारी कार्यालयले आफूसँग भएका कागजपत्रहरू केही पालिकालाई दिए, केही प्रदेशलाई दिए र केही संघलाई बुझाए । करिब ८० प्रतिशत सहकारी पालिकाको जिम्मामा आए भने

करिब २० प्रतिशत प्रदेशमातहत र ०.५ प्रतिशत हाराहारी मात्रै संघको क्षेत्राधिकारभित्र परे ।

यसले एकातर्फ नियमन निकाय कमजोर हुँदै गयो भने अर्कोतर्फ कतिपय पालिकाहरूमा २/३ वर्षसम्म सहकारीलाई नियमन गर्ने संयन्त्र/कानुन नै बनेन । संघमा पनि २०७४ मा मात्र ऐन आयो । सहकारी ऐनमा सहकारी व्यवस्थापन गर्न केही प्रबन्धहरू गरिए । खासगरी कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण र बचत तथा कर्जा सुरक्षण कोष, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिजस्ता संयन्त्रहरूको परिकल्पना गरियो । तर, यस्ता धेरै संरचनाहरू ७/८ वर्षसम्म पनि बन्न सकेनन् । समयमा संयन्त्र नबन्दा गलत मनसायले सहकारीको पैसा अपचलन गरिरहेकाहरू अझै हौसिए र गलत ढंगले सहकारीको पैसा प्रयोग गर्ने प्रवृत्ति अझ बढ्यो । उनीहरूले सहकारीको पैसा लिएर घर, घडेरी अनुत्पादनशील क्षेत्रमा निस्फिक्री लगानी गरिरहेका थिए । 'दिन दुगुना रात चौगुना'को दरमा घर घडेरीको मूल्य आकाशिन थालेका कारण सहकारीको पैसा गलत मनसायका साथ प्रयोग गरेकाहरू थप हौसिँदै गए ।

त्यसैबीचमा कोभिड-१९ को महामारी आयो । कोभिड महामारीले अर्थतन्त्रमा मन्दीको अवस्था सिर्जना भयो । कोभिडले विश्वव्यापी अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्‍यो, त्यसबाट अछूतो रहने कुरै भएन । र, सहकारी क्षेत्र पनि प्रभावित भयो । खासगरी कोभिडका कारण मानिसहरूको आयस्रोतमा धक्का लाग्न थालेपछि एकथरि मानिसहरूको जीवनयापनका लागि अलिअलि गरेर जम्मा गरेको सहकारीको पैसा (बचत) फिर्ता लिनुपर्ने परिस्थिति बन्यो ।

तर, अर्थतन्त्र मन्दीमा गएका कारण मानिसहरूको आयस्रोत घट्न थाल्यो । आयस्रोत घटेपछि घरजग्गाको मूल्य प्रभावित भयो । घरजग्गाको मूल्य कम हुँदा पनि बिक्री हुने अवस्था आएन । एक करोड धितो राखेको सम्पत्ति ५० लाखमा पनि बिक्री नहुने अवस्था देखियो । यसले सहकारीबाट लिएर घरजग्गामा लगानी गरेकाहरूले बचतकर्ताको पैसा फिर्ता गर्न सकेनन् र उनीहरू भागेर/लुकेर बस्नुपर्ने अवस्था सिर्जना भयो । यसरी एकपछि अर्को गर्दै सहकारीको ठूलो रकम संकटमा पर्न थाल्यो ।

बल्ल आएर नीतिनिर्माण र नियमन संस्थाका रुपमा राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना भएको छ । सहकारी नियमनका लागि एउटा छुट्टै संयन्त्र, नियमन निकाय, छुट्टै एउटा एजेन्सीको आवश्यकता सरकारलाई भएकाले प्राधिकरण निर्माण भएको छ । विस्तारै प्राधिकरणले आफ्नो काम सुरु गर्न थालेको छ । सहकारीको उजुरी लिने र प्राप्त उजुरीमाथि कारबाही चलाउने जिम्मेवारी प्राधिकरणलाई छ । त्यस्तै, बचत तथा ऋणको कारोबार गरेका सहकारीलाई प्राधिकरणमा दर्ता हुन आह्वान गरिएको छ । यी सबै जिम्मेवारी निर्वाह गर्न प्राधिकरणलाई पर्याप्त जनशक्ति र स्रोत चाहिन्छ । त्यसपछि सहकारीका बेथिति हटाउन आवश्यक नीति नियमहरू निर्माण गर्छौं । सफ्टवेयर निर्माण गरी सबै सहकारीलाई प्रणालीमा सामेल गर्छौं ।

अहिले कुल सहकारीको संख्या ३३ हजारको हाराहारीमा भए पनि बचत तथा ऋणको कारोबार गर्ने ७०/७५ प्रतिशत अर्थात् २२/२३ हजार सहकारी छन् भन्ने अनुमान छ । प्राधिकरणमा सहकारी दर्ता भएपछि बल्ल प्राधिकरणको क्षेत्राधिकारभित्रका सहकारी पहिचान हुन्छ र प्रणालीभित्र आबद्ध सहकारीलाई नियमन गर्न सजिलो हुन्छ । आवश्यकताका आधारमा स्थलगत रुपमा (फिल्डमा गएर) सहकारीको अनुगमन तथा सुपरिवेक्षण गर्छौं । सफ्टवेयरका माध्यमबाट सहकारीहरूका डकुमेन्ट निगरानी गर्छौं ।

समस्यामा परेका, अप्ठ्यारोमा रहेका सहकारीहरू प्राधिकरणको दायरामा आउँछन् । समस्याग्रस्त घोषणा गर्नुपर्ने छ भने मन्त्रालयलाई सिफारिस गर्छौं । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमार्फत समस्यामा रहेका सहकारीका सम्पत्ति जफत गर्ने, लिलाम गर्ने कामहरू अघि बढिरहेको छ । अझै पनि प्राधिकरणले सम्पत्ति जफत गरेर पैसा फिर्ता गर्ने गरी विधि, प्रक्रिया, कानुन पर्याप्त छैन । अहिले प्राधिकरणले समस्याग्रस्त सहकारीको सम्पत्ति जफत गरेर बचतकर्ताको पैसा फिर्ता गर्छ भन्ने आम मानिसको बुझाइ छ । प्राधिकरणको कार्यक्षेत्र त्यो होइन । सम्पत्ति जफत गर्ने धेरै निकायहरू हुँदा परिणाम राम्रो आउँदैन । सम्पत्ति आफूमातहत ल्याएर बेच्ने वा बेच्न सहजीकरण गरिदिएर बचतकर्ता पैसा फिर्ता गर्ने भन्ने काम समस्याग्रस्त सहकारी व्यवस्थापनले गर्छ ।

प्राधिकरणले सहकारी ठीक छ/छैन, ठीक नभए राम्रो बनाउन नियमन गरेर आवश्यक पृष्ठपोषण गर्ने, त्यतिले पनि नपुगे कारबाही गर्ने, अझ नभए खारेज वा समस्याग्रस्त घोषणा गर्न सम्बन्धित निकायलाई सिफारिस गर्नेसम्मको काम



प्राधिकरणले गर्छ ।

नेपालमा अनौपचारिक रूपमा सहकारीको संस्कृति हाम्रो परापूर्वकालदेखि चल्दै आएको छ । तर, २०१३ चैत २० गते चितवनमा बखान ऋण सहकारीको स्थापना भएपछि औपचारिक रुपमा संस्थागत सहकारीको विकास भएको मानिन्छ । औपचारिक सहकारी यात्रा सुरु भएको सातौँ दशकमा हामी छौँ । यसबीचमा सहकारी क्षेत्रमा धेरै नै उतारचढाव आए । २०२४ देखि २०८१ सम्म बनेका संसदीय छानबिन विशेष समितिसम्म आइपुग्दा सहकारीहरूको व्यवस्थापन गर्न, सहकारीलाई व्यवसायी बनाउन र सहकारीमा देखिएका समस्याहरूलाई अझ राम्ररी समाधान दल, कार्यदल, आयोग गरी २३ वटा समितिले आफ्ना प्रतिवेदनहरू दिएको देखिन्छ ।

सुरुका समितिहरूले सहकारीमार्फत कृषि क्षेत्रलाई प्रवर्द्धन गर्ने विषय जोडेको पाइन्छ । मानिसलाई कृषि क्षेत्रको विकास र रोजगारी सिर्जनासँग कसरी जोड्न सकिन्छ भन्ने हिसाबले र तात्कालिक समस्या समाधान गर्न विभिन्न सुझावहरू आएको पाइन्छ । तर, सहकारीले अर्थतन्त्रको विकास लागि गैरकृषि क्षेत्रमा काम गरेको पाइन्छ । जस्तै, साझा कार्यक्रममा साझा प्रकाशन, साझा यातायात, साझा भण्डार, साझा औषधिजस्ता साझा सेवाहरू प्रयोगमा आए । मानिसहरूका आवश्यकतासँग जोडेर सहकारीलाई कसरी प्रयोग गर्न सकिन्छ भन्ने हिसाबले प्रतिवेदनहरू आए ।

२०६० पछि नियमनसँग जोडेर प्रतिवेदनहरू आउन थाले । बचत तथा ऋणको कारोबार र त्यसले पारेको प्रभाव, सञ्चालनका दौरान देखिएका समस्या र नियमनको आवश्यकतालाई लिएर प्रतिवेदनहरू आउन थाले । यद्यपि २०६० अघि पनि सहकारीले पैसा अपचलन/हिनामिना गरेका सानातिना घटनाहरू आइरहेकै थिए । तर, समस्याहरू स्थानीय रूपमा नै मिलेका थिए । पछिल्लो समयमा एक ठाउँका मान्छे अर्को ठाउँमा गएर सहकारी खोल्ने र पैसा जम्मा गर्न सक्ने व्यवस्थाका कारण बढी समस्या सिर्जना भएको पाइन्छ । धेरै समस्या बचत तथा ऋण कारोबार गर्ने सहकारीमा छ भने बहुउद्देश्यीय र कृषि नामधारी सहकारीमा पनि समस्याहरू देखिएका छन् । जसले बचत तथा ऋणको कारोबार गरेका छन्, पैसाको किनबेच गर्ने सहकारीहरूलाई राम्ररी नियमन नहुँदा समस्या आएको हो । पछिल्लो समय बचत तथा ऋण सहकारी दर्तामा रोक लगाएपछि गलत मनसाय भएका मानिसहरूले बहुउद्देश्यीय सहकारी, उपभोक्ता सहकारी, कृषि सहकारीको नाममा दर्ता गर्ने र बचत तथा ऋणको काम गर्ने प्रवृत्ति समेत देखाए ।

सहकारी व्यवस्थापनका लागि अहिले सबै स्थानीय तह, प्रदेश र संघमातहत आ-आफ्ना कानुन छन् । संविधानले संघीय कानुनलाई मूल कानुनका रुपमा लिएको छ र संघीय कानुनको आधारमा प्रदेश र पालिकाले कानुन बनाउने भन्ने छ । नेपालको संविधानले अनुसूची पाँचदेखि नौसम्म सहकारीलाइ विभिन्न ढंगले अधिकार दिएको छ। नियमनको एकल अधिकार संघमातहत छ । प्रदेश र स्थानीय तहलाई सहकारी दर्ता गर्ने अधिकार दिएको छ । तर पछि सबैलाई अधिकार बाँडफाँट गर्दै दर्ता, नियमन तथा सुपरिवेक्षणका सबै काम गर्ने अधिकार तीनै तहमा विभाजित भएको छ । विकसित प्रविधि, जनशक्ति अभाव र समान अवधारणा बन्न नसक्दा तल्ला तहहरूमा नियमनमा समस्या देखिएका कारण धेरै सहकारीले रकम अपचलन गर्ने अवस्था सिर्जना भयो । नेपाल राष्ट्र बैंकभित्रको लामो र संगठित संयत्र हुँदा त बैंक तथा वित्तीय संस्थाहरूमा बेलाबेला ठूलै अप्ठ्यारो परेको देखिन्छ/सुनिन्छ ।

सहकारीमा कुनै नियमन थिएन । दर्ता अधिकारीले वार्षिक प्रतिवेदन बुझाउ भन्छ। नियमित रूपमा वार्षिक प्रतिवेदन बुझाएपछि साधारणसभा गर्न दिने र त्यसैका आधारमा सहकारी ठीक छ भन्ने परिस्थितिको परिणाम अहिले भोगिएको हो । वार्षिक प्रतिवेदन हेरेर त्यसभित्र अपचलन भएको छ वा छैन भन्ने थाहा हुने कुरै भएन । कतिले कृत्रिम प्रतिवेदन बुझाए तर, त्यसको अनुगमन पनि भएन । कतिले लेखापरीक्षण प्रतिवेदन नै नक्कली बुझाए, कसैलाई चासो भएन । संसदीय छानबिन विशेष समितिको प्रतिवेदनले त लेखापरीक्षण प्रतिवेदन नक्कली, साधारणसभा नक्कली, सञ्चालक समिति नक्कली, कर्जाका तमसुकहरू नक्कली भएको स्वीकारेको छ । मानिसहरू नक्कली काम गरेर सहकारीको रकम अपचलनमा अभ्यस्त भइसकेका रहेछन् । त्यसैको परिणाम अहिले सहकारी बिग्रिने क्रम बढ्दो छ ।

प्राधिकरण स्थापनासँगै दुई ठाउँमा दर्ता किन भनेर प्रश्न उठिरहेको छ । सम्बन्धित निकायमा दर्ता गर्ने व्यवस्था ऐनले गरेको छ। दर्ता भनेको इजाजत हो भन्ने बुझ्नुपर्छ । इजाजत लिइसकेका सहकारीहरूले प्राधिकरणमा पेस गरेका डकुमेन्टको आधारमा नियमन, सुपरिवेक्षण गर्छ । 'म्यानेज्मेन्ट इन्फर्मेसन सिस्टम' अथवा 'जियोग्राफिकल इन्फर्मेसन सिस्टम'बाट सहकारीहरूले उपलब्ध गराएको विवरणको आधारमा ट्र्याक गरेर जोखिममा भए/नभएको स्थिति मूल्यांकन प्राधिकरणले गर्छ र जोखिमका आधारमा 'रेड, एलो, ग्रिन' सिग्नल दिन्छ। रेड जोनमा भएको सहकारीलाइ एकदमै खबरदारी गर्ने र धेरै विषयमा निरीक्षण गर्नुपर्ने हुन्छ । रेड जोनमा रहेको सहकारीलाइ एलो जोनमा लैजान प्रयत्न हुन्छ र एलोलाई ग्रिन जोनमा लैजान हरदम प्रयत्न भइरहन्छ ।

पहिलो चरणमा सबै सहकारी प्राधिकरणको दायरामा ल्याउँछौँ । सहकारीले पठाएका/दिएका प्रतिवेदन/सूचना प्रणालीमार्फत हेर्छौँ र आएका उजुरीका आधारमा स्थलगत अध्ययन गर्छौँ । २०/२२ हजार सहकारीमा एकै पटक फिल्ड गएर सपरिवेक्षण गर्ने साधन स्रोत र जनशक्ति तत्काल प्राधिकरणसँग छैन । कुनै सहकारी प्राधिकरणमा आबद्ध हुन नमानेको खण्डमा सहकारी दर्ता भएको स्थानीय तहले नै विवरण उपलब्ध गराने प्रणाली विकास हुन्छ ।

सरकारी कार्यालयमा कर राफसाफ गर्दा प्राधिकरणको प्रमाणपत्र चाहिन्छ । कानुनी प्रक्रियामा जान नपाउने, कर्जा प्रक्रियामा जाँदा मालपोतमा रोक्का गर्दा प्राधिकरणको डकुमेन्ट अनिवार्य चाहिने कानुनी व्यवस्था गर्छौँ । यसका लागि केही समय लाग्छ। प्राधिकरण गठन भएसँगै पालिका, प्रदेश, संघहरू विवरण पठाउन थालेका छन् । प्राधिकरणले पनि आफ्नो क्षेत्राधिकार हेर्छ । जनशक्ति हेर्छ । विधि नबनाई सहकारी आए भनेर भटाभट दर्ता गरौँला तर कुन विधिबाट आइस् भनेर अदालतमा मुद्दा पर्न सक्छ । विधि, प्रक्रिया निर्माण नगरीकन अगाडि बढ्दा अदालतले पनि साथ दिन गाह्रो हुन्छ ।

अब नियमन प्राधिकरण आयो, अब हामीलाई डण्डा लाउँछ, बर्बाद पार्छ, हामीलाई त एकदम सिध्याउने भयो भन्ने केही मान्छेको बुझाइ छ । प्राधिकरण कुनै संस्था सक्न बनेको होइन । भइरहेको संस्था बिग्रिन नदिन प्राधिकरणले काम गर्छ । प्राधिकरण सहकारीको विकास गर्न, सहकारी क्षेत्रलाई राम्रो बनाएर हराभरा बनाउन स्थापना भएको हो । सहकारी सुपरिवेक्षणमा विश्वमा भएका असल अभ्यासहरूलाई आत्मसात् गरिनेछ । केही समय अझै लाग्छ तर धैर्यतापूर्वक हामीले नतिजा निकाल्छौँ । केन्यामा सहकारी नियमन गर्ने छुट्टै एजेन्सी (नेपालको प्राधिकरणजस्तै) छ । कोरियामा केन्द्रीय संघले सहकारीको नियमन गर्छ । भारतमा रिजर्भ बैंक अफ इन्डियाले नै बचत ऋणको कारोबार गर्ने सहकारीको नियमन गर्छ। कतिपय देशमा सहकारीलाई केन्द्रीय बैंकले नै नियमन गरिरहेको पाइन्छ। नेपालमा पनि केन्द्रीय बैंकले सुरुदेखि सहकारी नियमनका लागि एउटा प्रणाली विकास गर्नसकेको भए आजको समस्या सायद देखिने थिएन होला। अहिले एकैपटक सहकारी समस्यामा परेपछि केन्द्रीय बैंकले २०/२२ हजार सहकारीलाई नियमन गर्न सम्भव भएन र ऊ आफ्नो अधिकार क्षेत्रभित्र नरहेको भन्दै बाहिरियो ।

सहकारीमा नियमनको अभ्यास फरक भए पनि मुख्य कुरा सहकारी विधि/सिस्टमबाट चल्छन् भन्ने विश्वव्यापी मान्यता हो । जहाँ नागरिक सुशासन छ, त्यहाँ 'ल एन्ड अर्डर' पालना हुन्छ । स्थिर सरकार भएका ठाउँहरूमा प्रणाली अवलम्बन गर्छन्, कानुनहरूको पालना हुन्छन् र समस्या पनि कम देखिन्छ । नेपालजस्ता अस्थिर सरकार भएका र कानुन परिपालनामा कडिकडाउ नभएका ठाँउहरूमा धेरै समस्या आउँछन् ।

वित्तीय कारोबार गर्ने सहकारीलाई स्वनियमनमा छोड्नु नै एउटा भूल हो । सहकारी स्वनियमनबाट चल्ने भनेर लामो समयसम्म हेर्दाको परिणाम अहिले देखिएको हो । पैसाको कारोबार गर्ने संस्थालाई स्वनियमन बनाउँदा लोभीपापीहरूको जन्म भयो र उनीहरूले सर्वसाधारणको ठूलो रकममाथि खेलबाड गरे । सहकारीमा जम्मा भएको पैसा मैले प्रयोग गर्न पाएँ भने धेरै कमाउँथेँ, आखिर मसँग पैसा छ, मेरो कलम चल्छ, यहाँ कसैले हेरेको छैन, मैले त्यसलाई किन प्रयोग नगर्ने भन्ने मानिसहरूमा आएको गलत सोच नै आजको परिणाम हो । सुरुमै कसैले गलत अभ्यास गर्दा समस्या हुन्छ भनेर डर, त्रास दिएको भए, मैले तलमाथि गर्न साथ मेरो खैरियत छैन भन्ने डर मानिसमा भएको अहिलेको अवस्था आउने थिए । यस अर्थमा सहकारीलाई स्वनियमनमा मात्रै नछोडेर कडा नियमनभित्र बाँध्नुपर्छ ।

*(डा. शर्मा राष्ट्रिय सहकारी नियमन प्राधिकरणका अध्यक्ष हुन्)*



भाइकाजी तिवारी

# राज्यको लगानीमा निर्भर सहरीकरण

> **नेपालको सबैभन्दा ठूलो समस्या भनेको जग्गाको स्वामित्व व्यक्तिको नाममा रह्यो । ७० को दशकबाट जग्गाको स्वामित्व सबैभन्दा बढी बल्भिmयो । २०७२ मा संविधान आउनु अघिसम्म धेरै मान्छेले जग्गा निजी सम्पत्ति भनेर आभास गरेका थिएनन् ।**

नेपालमा वि.सं. २०५२ मा माओवादीको सशस्त्र द्वन्द्वसँगै सहर पलायनको क्रम बढेको हो । माओवादी शान्तिप्रक्रियामा आएपछि सहर पस्ने क्रमले तीव्रता पायो र सहरीकरणको अवधारणा सुरु भयो । अझ वैदेशिक रोजगारीबाट कमाएको पैसाले सहरबजारमा घरघडेरी किन्ने जमात बढ्यो । तर, राज्यले थेग्ने गरी सहर निर्माण हुन सकेन ।

बस्ती विस्तार हुँदै गएर सहर बन्ने हो । नयाँ सहर बनाउन योजना (प्लानिङ) बनाउनुपर्छ । नेपालमा नयाँ सहरको प्लानिङ एकदमै कम छ । कतिपय क्षेत्रमा जग्गा एकीकरण आयोजना (ल्यान्ड पुलिङ) सञ्चालन गरिएको छ । त्यसैगरी 'साइट एन्ड सर्भिस'ले बस्ती विकास हुँदै गयो । यसले केही क्षेत्रमा भोलि अस्तव्यस्त हुन्छ भन्ने परिकल्पना गरेर प्लानिङ गरियो र सहरी अवधारणा विकास भयो । सहरमा एक्टिभिटी (क्रियाकलाप) धेरै हुन्छ, जे जति सम्पत्ति कमाउछन्, खर्च गर्छन् । राज्यले कर लिन्छ, सबै सहरमा हुन्छ । तर, सहरको आम्दानी सहरीकरणमा खर्च हुने गरेको छैन ।

सरकारले लगानी नगरेका कारण काठमाडौंका चारवटा सहर निर्माणको काम रोकियो । विश्व बैंक, एसियाली विकास बैंक (एडीबी)को ऋण सहायतामा सघन सहरी विकास, एकीकृत सहरी विकास योजनालगायत सञ्चालनमा छन् । तर, राज्य आफैँले सहर विकासका लागि लगानी गरेको छैन । राज्य आफू लगानी गर्दैन तर योजना अगाडि सारिरहन्छ । अहिले पनि हरेक जिल्लामा केही न केही सहरका नाममा योजना छन् । आफू सरकारमा भएका बेला घोषणा गर्छन्, परामर्शदाताबाट अध्ययन गराउँछन् । तर, कार्यान्वयन गर्दैनन् । तर, कसैले योजना अगाडि बढायो भने यो मेरो पालामा अघि बढेको भनेर गफ लडाउँछन् ।



अहिले काठमाडौं अस्तव्यस्त छ । भोलि के हुने हो कसैलाई वास्ता छैन । भावी पुस्ताका लागि कसैले सोचेको छैन । २०/३० वर्षपछि राजधानी सहर कस्तो हुने भनेर कुनै योजना कसैसँग छैन । तर, विदेशको अभ्यास हेर्ने हो भने सिंगै सहरको प्लान हुन्छ । कुन ठाउँमा के राख्ने, कता के गर्ने भन्ने किसिमको प्लान गरेर सहर व्यवस्थित बनाइएको हुन्छ । काठमाडौंसहित नेपालका अधिकांश ठाउँमा बस्ती विकासका क्रममा घरहरू बन्दै गए । बन्दै गएको संरचनालाई सामान्य व्यवस्थापन गर्दा सहर बन्यो ।

नेपालको सबैभन्दा ठूलो समस्या भनेको जग्गाको स्वामित्व व्यक्तिको नाममा रह्यो । ७० को दशकबाट जग्गाको स्वामित्व सबैभन्दा बढी बल्भियो । २०७२ मा संविधान आउनु अघिसम्म धेरै मान्छेले जग्गा निजी सम्पत्ति भनेर आभास गरेका थिएनन् । संविधानले भूस्वामित्व व्यक्तिको हुने भनेपछि व्यक्तिको सम्पत्ति राज्यले लिन नसक्ने अवस्था सिर्जना भयो । राज्यलाई जग्गा चाहिएमा क्षतिपूर्ति दिनुपर्ने प्रणालीको विकास भयो । हुन त २०६२/६३ को जनआन्दोलनपछि अन्तरिम संविधानमा जग्गामा व्यक्तिको स्वामित्व हुने भनिसकेपछि घरजग्गामा धेरै लगानी भएको थियो । फलस्वरुप अहिलेको अवस्था आएको छ । व्यक्तिको सम्पत्तिमा कसरी सहरको विकास गर्नुहुन्छ ? सरकारले क्षतिपूर्ति दिएर व्यक्तिको जग्गा लिने सामर्थ्य राख्दैन । जग्गा लिएर फेरि लक्षित वर्गले बेच्ने भन्ने कुरा आउन सक्छ । यसले गर्दा सहरी विकास अति महँगो भयो । व्यवस्थित सहरी विकास हुन सकेन । अब जुनसुकै परियोजना बनाउँदा क्षतिपूर्ति नदिई केही गर्न सकिँदैन । जग्गा अधिग्रहण यति महँगो भयो कि कुनै पनि परियोजना अगाडि बढाउन सक्ने स्थिति छैन ।

## चाहिन्छ व्यवस्थित सहरीकरण

काठमाडौंको भित्री सहरलाई अस्तव्यस्त हुनबाट जोगाउन व्यवस्थित सहरीकरण गर्नैपर्छ । हिजोको दिनमा ८-१० वर्ष लगाएर ६ सय किलोमिटर बाटो चौडा गर्‍यौं, अहिले केही हदसम्म गाडी गुडेको छ । १० वर्षपछि यही अवस्थामा रह्यो भने काठमाडौंमा हिँड्न सकिन्छ ? अहिले नै कार्यालय समयमा पाँच किलोमिटर हिँड्न एक घण्टाको समय छुट्याउनुपर्छ । भोलिका दिनमा पाँच किलोमिटरका लागि दुई घण्टा समय राख्नुपर्ने अवस्था आउँछ । यो परिस्थिति अन्त्य गर्न र सहरभित्रको उकुसमुकुसलाई रोक्न नयाँ सहर चाहिन्छ ।

अहिले ग्रोसरी, सरसामान किन्न बजार जानुपर्‍यो भने सबैभन्दा बढी टाउको दुखाइको विषय बन्छ 'पार्किङ' । नयाँ सहर विकास गरियो भने त पर्याप्त पार्किङको सुविधा पनि हुनसक्छ । बजार क्षेत्र, आवास, खुला क्षेत्र तोकिएको हुन्छ । अहिलेसम्म त सडक हुनेबित्तिकै अगाडि सटर हालिदिने, सडकमै उभिएर सामान किन्न पाउने, सडकमै ढोका खोलेर आफ्नो घरमा पस्न पाउने, अभ्र सकिन्छ भने सडकै मिचेर पनि बाहिर सामान राख्न खोजिन्छ । यस्ता समस्या नहुन्, व्यवस्थित होस् भन्ने चाहना हो भने नयाँ सहर प्लान नगरी हुँदैन ।

सहर बन्यो भने उकुसमुकुस भएर बसेको मान्छे नयाँ ठाउँमा सर्छ । सहरभित्रकै मान्छेले पनि बसाइँसराइ गर्छ । बाहिरबाट आउनेले पनि अलि राम्रो, सजिलो ठाउँमा बस्छ । यसले भित्री सहरको जनघनत्व पातलो हुन्छ । जनघनत्व पातलो हुनेबित्तिकै भइरहेको पूर्वाधारमा भार पर्दैन । मान्छे सहज रुपमा हिँड्न सक्छ । ऐतिहासिक ठाउँमा खाजा, खाना खान्छु भनेर जानेहरूलाई पनि सहज हुन्छ । ऐतिहासिक महत्व बोकेका सहरको ऐतिहासिकता झन् बढ्छ । तर, विडम्बना जो मान्छे सहरभित्र सम्पत्ति जोडेर बसेको छ, तिनीहरूलाई नयाँ सहर बन्दा हाम्रो सम्पत्तिको मूल्य घट्छ भन्ने भित्री मानसिकताले पनि स्थायी योजना अगाडि बढ्न सकिरहेका छैनन् ।

सहरमा हुने न्यूनतम मापदण्ड तोकिनुपर्‍यो । अहिले अढाई आनाका घडेरी काट्न पाइन्छ । अंश मुद्दा भयो भने एक आना पनि काट्न पाउने भइसकेपछि व्यवस्थित सहर कसरी बन्छ र ! विकसित देशमा बाबुआमाको सम्पत्ति छोराछोरीको नाममा आउँदा ५० प्रतिशत कर राज्यलाई तिरेर बल्ल लिन पाउँछ । नेपालमा साधारण नामसारी गरे पुग्छ । त्यसैले अंशबण्डा हुँदा जग्गा टुक्रिन्छन् । सहरीकरणमा ह्रास आउने एउटा कारण यो पनि हो । असन, इन्द्रचोक गल्लीभित्र एक/डेढ आनामा बनेका घर छन् । कानुन कडा भइदिएको भए सहर बिग्रँदैनथ्यो होला । राजधानीबाहिर पनि बस्ती विकास बढ्दै सहर बनेका छन् । जग्गाको वर्गीकरण गरेर सहरी र कृषि छुट्याइदिनुपर्छ । काठमाडौंभित्रैका कतिपय नगरपालिकाले कृषियोग्य जमिनलाई पनि घरघडेरीका लागि पास गरिदिने गरेको छ । यसले कृषियोग्य जमिन पनि सबै घडेरी हुने भयो । तर, घडेरी हुन न्यूनतम योग्यता पनि पूरा गरेको पाइँदैन ।

२० वर्षपछि जनसंख्या बढेर कति हुन्छ होला ? जुन सहरमा जनसंख्या दिनानुदिन बढ्दै गएको छ । त्यो सहरमा अहिलेको पूर्वाधारले थेग्दैन । त्यसैले सहर विस्तार गर्नुपर्छ । विकास गर्नुपर्छ । भोलि गएर अहिलेको असनजस्तै सानो चार मिटर, १३ फिटे बाटो, २० फिटे बाटो राखेर घर बनाऊ भनेर छोड्ने कि नियमन गरेर आधुनिक सहरमा जाने ? सहरमा पार्क, हरियाली चाहिन्छ । तर, अलिकति सरकारी जग्गा खाली रह्यो भने कुनै एउटा निकायले कब्जा गरेर ठूला भवन ठड्याउने गरिएको छ । कतै खुला क्षेत्र रहनै नदिने रणनीति अहिले छ । यही प्रवृत्तिले सिंहदरबार पनि घरैघरले भरिइसक्यो ।

सहर व्यवस्थित गर्न पहिले प्लान चाहिन्छ । एउटा उदाहरण हेरौं-पोहोर काठमाडौंमा आएको बाढी ३० वर्षपछिको बाढी हो । ५० वर्षको बाढी आउने हो भने शंखमूल क्षेत्रमा एक तलासम्म घर डुबाउँछ । सहर त बने तर सहरलाई दूरगामी असर गर्ने वस्तु/संरचनाबारे हेरिएन । अहिले मेलम्चीको पानी १७ करोड घनमिटर आइरहेको छ । भोलिका दिनमा ३० करोड घनमिटर आउँदा अवस्था के हुन्छ ? मेलम्चीबाट आउने पानी पनि काठमाडौंमै बग्ने हो, सबैभन्दा बढी बिहान ६-९ बजेसम्म । त्यही बेलामा काठमाडौंमा भारी वर्षा भयो भने गल्छीहरूको अवस्था के हुन्छ ? अहिले यो परिवेशलाई हेरिएजस्तो लाग्दैन ।

दिगो/व्यवस्थित सहरीकरणका लागि यस्ता धेरै विषयहरूले दूरगामी असर पार्छन् तर हाम्रोमा राम्रो अध्ययन भएको छैन । अव्यवस्थित सहरीकरणको उपज वीरगन्जलगायत तराईका सहरमा वर्षायाममै पानी सुक्न थालेको छ । यो समस्या विस्तारै अरु सहरमा पनि नआउला भन्न सकिँदैन । यस्ता विषयमा सूक्ष्म अनुसन्धान गर्नुपर्छ । आकाशबाट परेको पानी जमिनमा सोस्ने ठाउँ दिइएको छैन । सबै ठाउँ ढलान गरिदिने, छोपिदिने गरेपछि पानी जमिनभित्र छिर्न पाउँदैन । पहिला पानी विस्तारै पर्थ्यो, क्रमिक रुपमा त्यो पानी सोसिएर जमिनभित्र जान्थ्यो, रिचार्ज हुन्थ्यो । पछिल्ला वर्षहरूमा विविध कारणले पानी एकैचोटि पर्न थालेको छ र परेको पानी पनि जमिनमा सोस्न नपाउँदै बगेर जाने बनाइदियौं । रिचार्ज प्रणाली कम भइकेपछि भूमिगत पानी सुक्ने अवस्था बन्यो ।

अब प्लानविना घर बनाउन दिन हुँदैन । पूर्ण पूर्वाधार भएको ठाउँमा मात्र घर बनाउनुपर्छ । जहाँ पनि घर ठड्याउन दिँदा दमकल जान सक्दैन । यो सबै समस्याको

> **सरकारले सहर बनाउन भन्दै काठमाडौंका ४ क्षेत्रको जग्गा रोक्का गरिदिएको छ । योजना नबनाएपछि जनतालाई दुःख भयो । योजना नबनाउने हो भने जग्गा फुकुवा गरिदिनुपर्छ । होइन भने राज्यले योजना अगाडि बढाउनुपर्छ । कानुनले दुई वर्षभन्दा बढी समय जग्गा रोक्का राख्न दिँदैन**

जड राज्य कमजोर हुनु हो । विगतमा तीनथरि जग्गा थिए- रैकर, बिर्ता र गुठी । सरकारलाई कर तिरेर आफूले कमाएर खान पाइन्थ्यो । तर, अहिले सबै जग्गा रैकर हुँदै व्यक्तिको सम्पत्तिमा परिणत भए । संविधानले जग्गालाई मौलिक हक र सम्पत्तिको अधिकार दियो । व्यक्तिको भइसकेपछि चलनचल्तीको उचित क्षतिपूर्ति मात्रै लिनू/चलाउनू, नत्र चलाउन पाइँदैन भनेर सर्वोच्च अदालतबाट परमादेश जारी भइसकेको छ ।

### ■ नयाँ सहरको फाइल फर्काइयो

काठमाडौं उपत्यका विकास प्राधिकरणले काठमाडौंभित्र चारवटा ठूला सहरको परिकल्पना गरेको थियो । एक लाख रोपनीको एउटा र १०-१० हजार रोपनीका तीनवटा गरी चार सहरको प्लान बन्यो । तर, मन्त्रिपरिषद्बाट स्रोत सुनिश्चितता नभएको भनेर फाइल फर्काइए । समस्या स्रोत सुनिश्चितताको थिएन किन कि सरकारले 'ल्यान्ड पुलिङ' गर्न खोजेको हो । १ लाख ३० हजार रोपनीको सहरमा ६५-७० हजार रोपनी जग्गामा मात्रै प्लानिङ हुन सक्थ्यो । अरु भीरपाखा, सम्पदा क्षेत्र, पुरानो बस्ती छोडिन्थ्यो । सम्बन्धित क्षेत्रको जग्गा एकीकरण गरेर सरकारी पर्ती जग्गा पनि एकै ठाउँमा ल्याउने प्लान हो ।

मनोहरामा ५ सय रोपनीको ताल परिकल्पना गरिएको थियो । एकातिर 'स्यान्ड माइनिङ' गर्ने र अर्कोतिर ताल बनाउने योजना थियो । ६५-७० हजार रोपनी जग्गामा ५-७ हजार रोपनीसम्म सार्वजनिक जग्गा निस्किन्थ्यो । ती जग्गा पनि सरकारले सदुपयोग गर्न सक्छ ।

सरकारको सुरुवाती लगानी भए पनि त्यहीँका जनताबाट कटाएर लिएको ५-१० प्रतिशतसम्म जग्गा बिक्रीबाट सम्पूर्ण रकम असुल हुन्छ । अहिलेसम्म प्राधिकरणले बनाएका करिब दुई दर्जन आयोजना कुनै पनि घाटामा छैनन् । यस्तो मोडलमा जान पनि सबै पैसा राज्यले एकै ठाउँमा लगाउन सकिँदैन भनेर अर्थ मन्त्रालय नकारात्मक भयो । सरकार सहरी क्षेत्रमा लगानी नै गर्न चाहँदैन । सरकारलाई तुरुन्तै नतिजा चाहिएको छ । तर, सहर बनाउँदा भोलि जग्गाको दाम बढ्छ, जग्गा किनबेच हुँदा सरकारले राजस्व पाउँछ । यसलाई लेखाजोखा नगर्दा सहरीकरणमा ठूलो बाधा उत्पन्न भएको छ ।

सरकारले सहर बनाउन भन्दै काठमाडौंका ४ क्षेत्रको जग्गा रोक्का गरिदिएको छ । योजना नबनाएपछि जनतालाई दुःख भयो । योजना नबनाउने हो भने जग्गा फुकुवा गरिदिनुपर्छ । होइन भने राज्यले योजना अगाडि बढाउनुपर्छ । कानुनले दुई वर्षभन्दा बढी समय जग्गा रोक्का राख्न दिँदैन । त्यसमा एक वर्ष थप्न सकिन्छ तर जग्गा रोक्का राखेको पनि सात वर्ष भइसक्यो ।

### ■ स्याटेलाइट सिटी : गफ भयो, काम भएन

नुवाकोटको कुनामा स्याटेलाइट सिटी हुनसक्छ । तर, सिटी हुन भरपर्दो यातायात सुविधा चाहिन्छ । मानिसलाई तुरुन्तै जान आउन सक्ने यातायात सुविधा छ/छैन हेर्नुपर्छ । बनेपा, धुलिखेल, पनौती पनि स्याटेलाइट सिटी हुनसक्छन् तर राजधानी जोड्न द्रुतमार्ग भएन । धुलिखेलबाट काठमाडौं कार्यालय आउने र साँझ फर्किने गरी यातायात सुविधा चाहिन्छ । त्यसपछि बल्ल मानिसहरू भित्री सहरबाट बाहिर निस्कन्छ । तर, अहिले कतिपय क्षेत्रबाट मूल सहर आउन सहज यातायात व्यवस्था छैन ।

### ■ मध्यपहाडी सडक बन्यो, सहर बनेन

राजधानी बाहिर पनि सानो सडक भएको ठाउँमा पहुच मार्ग छ भने त्यो गाउँ ग्रामीण हिसाबको सहरीकरण हुन जान्छ । मध्यपहाडी क्षेत्रमा राज्यले पूर्वाधार पुऱ्याइरहेको छ । मध्यपहाडी राजमार्ग लगभग निर्माण सम्पन्नको चरणमा छ । राजमार्ग बनाउँदा नमूना सहरहरू बन्छन् भनिएको थियो तर, तालमेल मिलेको देखिँदैन ।

बिग्रियो कसरी भन्दा सुरुमा बाटो चाहियो भनेपछि बाटो बन्यो । अहिले ती बाटोमा झार उम्रेर बसेको छ । दुःख भएपछि मान्छे मोटर बाटो भएको ठाउँमा बसाइँ सरे । मानिसहरू खेतको फाटमा बसाइँ सरे अनि खेतीयोग्य जमिन पनि नाश भयो । उदाहरणका लागि डुम्रेमा बजार र भन्सार थियो । हिजोका दिनमा व्यापारिक नाका भएर तनहुँ, गोरखा र लमजुङका लागि सामान जाने व्यापारिक केन्द्र थियो । अहिले गाउँमा बाटो पुगेपछि भन्सा र बजार सुके । तर, डुम्रे केही हदसम्म राजमार्गमा भएकाले जोगिएको छ । मध्यपहाडी राजमार्गमा बन्ने सहरमध्ये एउटा सहर डुम्रे हो । तर, मान्छे त्यहाँ गएर बस्दैन । किन त्यहाँ मान्छे अड्दैन भन्दा डुम्रेमा जग्गा पाउने पैसाले तराईमा पाइन्छ । जग्गामा घर बनाउन पाइहालिन्छ । घर बनाइसकेपछि सरकारले बनाएको सहरमा मान्छे किन बस्छ ? कि राज्यले




सित्तैमा बस्न दिनुपऱ्यो ? होइन भने त्यति पैसामा अन्य ठाउँमा पनि पाइन्छ ।

सहरमा मान्छे तान्न केही न केही 'एक्टिभिटी' हुनुपर्छ । स्वास्थ्य, शिक्षा र रोजगार हुने हो भने मान्छे टाढा जाँदैन, आफ्नै ठाउँमा बस्छ । होइन भने सुविधाको खोजीमा मानिस बसाइँ सर्छ । पहाडभन्दा तराई त्यसमा पनि सदरमुकाममा बढी बसाइँसराइ छ । मानिसहरू सकेसम्म राजधानीमा बस्न खोज्छन् किनभने सेवासुविधा राजधानीमा बढी हुन्छ । हरेक गाउँ, अझ घरघरमा सबै सेवासुविधा पुऱ्याएर मान्छे अडाउन त नसकिएला तर, कुनै ठाउँ तोकेर सहर प्लान गर्न सकिन्छ । नेपालमा सबैभन्दा बढी बसाइँसराइ रोजगारीका कारण भइरहेको छ । गाउँमा रोजगारीका अवसर छैन, कमाइ हुँदैन । खेती गरेर वर्षभर खान पुग्दैन । बल्लबल्ल खेती लगायो कि खडेरी लाग्छ कि असिना पर्छ । किराको प्रकोप उस्तै हुन्छ । खेतीको काम वर्षभर नहुने भएकाले मानिसमा अल्छीपन पनि आउँछ । यसले उत्पादकत्व घटाउँछ ।

बसाइको सहजता र यातायातको सुविधा खोज्दै मानिसहरू पहाडको टुप्पाबाट बेसीतिर झरे । खेती पनि पहाडका टुप्पाभन्दा बेसीमा बढी हुने भयो । पहाडमा भएका मूलका पाइप तल ल्याइदिए, अनि खोल्साखोल्सी सुके । विगतमा माथिको धारा वा कुवाबाट निक्लेको पानी बगेर आउँथ्यो र कुनै क्षेत्रमा गएर हराउँथ्यो । पछि जरुवा भएर अलि तल गएर अर्को मूल निक्लिन्थ्यो । प्राकृतिक सिँचाइको अवस्था हुन्थ्यो । यो सबै प्रणाली बिग्रेर गयो । अब पहाडमा पानीको अभाव भएपछि गाउँ रित्तिए । नसक्ने मात्र पहाडमा बसेका छन् ।

**■ बाहिरी चक्रपथ अहिलेकै अवस्थामा बन्दैन् तर चाहिन्छ**

बाहिरी चक्रपथको अवधारणा आएको पनि वर्षौं भइसक्यो । बाहिरी चक्रपथको वरिपरि ५० मिटरको चक्रपथ अनि ५० मिटरको दायाबायाँ २५०-२५० मिटर जग्गा लिएर व्यवस्थित बसोबास बसाउने र सहर बनाउने भनेर प्लान भएको थियो । त्यो पनि तुहिएर बसेको छ, काम अगाडि बढेन । राजधानीमै यो अवस्था छ भने अन्यत्र सहरी विकास कसरी होला ?

अहिलेकै अवस्थामा १६ करोड रुपैयाँ खर्च भइसकेको बाहिरी चक्रपथ बन्न सक्ने सम्भावना छैन । आयोजना अघि नबढेपछि जग्गा रोक्का नै गरिएन र किनबेच भइरहेको छ । तर, बाहिरी चक्रपथ चाहिन्छ । बाहिरी चक्रपथको अवधारणा पूर्वसचिव किशोर थापा सहसचिव हुँदा आएको हो । २०६५ सम्म सहरी विकास विभागले चलाएको बाहिरी चक्रपथको अध्ययन पूरा भइकेपछि नगर विकास समिति अर्थात् हालको उपत्यका विकास प्राधिकरणलाई हस्तान्तरण गरियो । बाहिरी चक्रपथ एकैपटक बनाउन सक्ने स्थिति थिएन र छैन । बाहिरी चक्रपथ पूर्वमा अरनिको राजमार्ग र पश्चिममा त्रिभुवन राजपथलाई जोड्ने गरी प्रस्ताव भएको थियो । यसो हुँदा धुलीखेल-बनेपा हुँदै पूर्वबाट आएका मानिसहरू पोखरा जानुपऱ्यो भने काठमाडौं सहरभित्र प्रवेश नगरी छेउछेउबाटै थानकोट निक्लिएर जान सक्ने स्थिति हुन्थ्यो ।

त्यसैले कम्तीमा सूर्यविनायकदेखि सतुंगलसम्म जोड्नुपर्छ भन्ने हिसाब थियो । पहिलो खण्ड सतुंगलदेखि चोभारसम्मको बाटो बनाउने भनेर अघि बढ्दै थियो । त्यतिबेला सहरी विकासमन्त्री इस्तियाक रायलाई जग्गा खण्डीकरण भएको छ, सरकारलाई घाटा हुन्छ भनेर सुनाइएको रहेछ । मलाई रिपोर्ट चाहियो भन्नुभयो । रिपोर्ट हेर्दा ११ सय कित्ता जग्गा अढाईदेखि तीन आनासम्मका भेटिए । तीमध्ये आधाभन्दा बढी जग्गा सरकारको नामको पर्ती, कुनाको जग्गा थिए । यो जग्गाबाट नोक्सान पर्दैन भनेर 'कन्भिन्स' भइसक्नुभएको थियो । फेरि खण्डखण्ड किन सिंगै चक्रपथ ल्याउनुस् भन्नुभयो । तीन महिना लगाएर सिंगो चक्रपथको नापीनक्सा जोडियो, जग्गा कति छ, रोक्का राख्नुपर्ने जग्गा र अधिग्रहण गर्नुपर्ने जग्गाको हिसाब निकालेर प्लान बनाइसकेपछि इस्तियाक मन्त्रीबाट हट्नुभयो । खासमा इस्तियाकको पार्टीमा काठमाडौंमा बाहिरी चक्रपथ र नयाँ सहर बनाउनुहुँदैन भनेर आवाज उठिरहेको थियो । उहाँकै पार्टीका राजेन्द्र श्रेष्ठको नेतृत्वमा विरोध भएको थियो । २०७५ तिर श्रेष्ठले बाहिरी चक्रपथ बन्नै सक्दैन भनेर घोषणा गर्नुभएको थियो । इच्छाशक्ति भए बाहिरी चक्रपथ नबन्ने भन्ने प्रश्नै आउँदैन । घरको क्षतिपूर्ति दिएर मानिसहरूलाई सार्ने इच्छाशक्ति र योजना/भिजन (दृष्टिकोण) चाहिन्छ । लागत ठूलो भए पनि त्यहीँबाट उठ्छ सबै पैसा । बाहिरी चक्रपथमा पर्ने जग्गा व्यक्तिबाट कटाएर ल्यान्ड पुलिङअन्तर्गत लिने र पूर्वाधारको सम्पूर्ण रकम सरकारले व्यहोर्ने । त्यसो गर्दा जनतालाई पनि मर्का पर्दैनथ्यो, बाटो पनि बन्थ्यो । धोबीखोला करिडोरमा ल्यान्ड पुलिङ गर्ने कि जग्गा अधिग्रहण भन्ने थियो । पछि आयोजना प्राधिकरणमातहत आएपछि ल्यान्ड पुलिङमा बनाइएको थियो ।

*(तिवारी काठमाडौं उपत्यका विकास प्राधिकरणका पूर्वविकास आयुक्त हुन्।)*


नेपाल सरकार

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**

**सडक विभाग**

**आयोजना निर्देशनालय (ए.डी.वी.)**

**सर्वसाधरणमा अनुरोध**

एशियाली विकास बैंकको ऋण सहयोगमा सञ्चालित पृथ्वी राजमार्गको मुग्लिङ्ग(पोखरा सडक, महेन्द्र राजमार्ग अन्तर्गत नारायणघाट(बुटवल सडक, कञ्चनपुर(कमला सडक तथा कांकडभित्ता(लौकही सडक खण्ड स्तरोन्नती कार्य भइरहेको सर्वसाधरणमा विधितै छ ।

सडकको सीमा अतिक्रमण गरी घर/टहरा तथा अनाधिकृत संरचना निर्माण नगरौं । सहज निर्माण कार्यको लागि मिलेर धैर्यता पूर्वक सुरक्षित यात्रा गर्न सबै सवारी चालक तथा यात्रु महानुभावमा अनुरोध गर्दछौं ।

निर्माण कार्य भैरहेको बेला सडकमा धुलो/धुँवा/ध्वनी प्रदुषणबाट सर्वसाधरणको स्वास्थ्यमा असर पर्ने भएकाले माक्सको प्रयोग गरौं । धेरै गुनासो भए यस आयोजना निर्देशनालयमा जानकारी गराऔं र यसबाट पर्न गएको असुविधाको लागि हामी क्षमा प्रार्थी छौं ।

**आयोजना निर्देशक**



RATO GURANS
Resort And Training Center Pvt. Ltd.
Dadeldhura, Nepal
RATO GURANS
RESORT &
TRAINING
CENTER
Conference and event facilities
Airport Pickup & Drop Facilities
Gourmet dining experiences
Locally sourced organic farm-to-table cuisine
Luxurious AC Rooms
Guided tours of local attractions
Outdoor barbecue facilities and bar service
Large Parking Space
Mail Address : resortratogurans@gmail.com
Instagram : www.instagram.com/ratoguransresort/
Web site : www.ratogurans.com
Phone number : +977-9802365033
Book Now !
+977-096-410183
AP SPRING WATER
Natural Spring Water
API Spring Water Pvt. Ltd.
Factory: Marma-2, Drachula District
Head office: 4th Floor, Trade tower, Thapathali Kathmandu, Nepal
Email : apispring.pl@gmail.com
Website : www.apispringwater.com
Costumer care no: +977-1-5111093
API SPRING
Natural Spring Water
250 ml
"Natural Spring Water from API Mountain"
Product of Nepal
In partnership with
RATO GURANS
APC
2003
API POWER COMPANY LIMITED
अपि पावर कम्पनी लिमिटेड
अपि पावर कम्पनी लिमिटेड
अपि पावर कम्पनी लिमिटेड
ट्रेड टावर थापाथली



दीपकराज जोशी

# पर्यटन : ओझेलमा परेको सुनगाभा

नेपालमा साहसिक पर्यटकहरूको संख्यामा भइरहेको वृद्धिलाई केन्द्रमा राखेर सरकारले हाल ९७ वटा नयाँ हिमालहरूलाई आगामी दुई वर्षसम्म निशुल्क आरोहण गर्न दिने निर्णय गरेको छ । जसले केही दुर्गम क्षेत्रका पर्यटन प्रवर्द्धनमा मद्दत पुग्ने अपेक्षा गरिएको छ ।



विश्व मानचित्रमा सानो देखिने नेपाल अद्वितिय भौगोलिक बनोट, सुन्दर प्रकृति र समृद्ध संस्कृतिले भरिपूर्ण छ । संसारभरका पर्यटक, शोधकर्ता र साहसिक यात्रुहरूलाई आकर्षित गर्ने अनुपम धरोहरको रूपमा नेपाल स्थापित छ। समुद्री सतहबाट ६० मिटरको तराईदेखि ८८४८.८६ मिटरको सगरमाथासम्मको उचाइसहित जलवायु र जैविक विविधता भएको एक मात्र देश नेपाल हो । नेपालको जलवायु र जैविक विविधता अतुलनीय छ। जहाँ अनन्त प्रजातिका वनस्पति, दुर्लभ वन्यजन्तु र सांस्कृतिक विविधताले परस्पर जीवन र पर्यावरणको अद्भुत सहअस्तित्वको नमूना प्रस्तुत गरेका छन् । जसले प्राकृतिक र सांस्कृतिक सम्पत्तिको साक्ष्य दिँदै विश्वभरिका पर्यटकलाई स्वागत गर्छन् ।

नेपाल आर्य र तिब्बतो बर्मन सभ्यताको संगमस्थल मात्र नभई बहुआयामिक संस्कृति, अप्रतिम कला, विविध परम्परा र सौन्दर्यले भरिएका भौगोलिक दृश्यावलीका कारण विश्वभरका पर्यटकहरूको आकर्षण केन्द्र बनेको छ। जसका कारण पर्यटन नेपालको अर्थतन्त्रको मेरुदण्ड मात्र नभई राष्ट्रको आत्मा, संस्कृति र पहिचानको मिश्रित अभिव्यक्ति बनेको छ । सगरमाथासहित विश्वका १४ सर्वोच्च शिखरमध्ये ८ वटा शिखरको ताज बोकेको नेपालको हावामा पर्वतीय सुगन्ध, पानीमा इतिहासको धारा र माटोमा जनताको उष्मा मिसिएको छ । हरेक पहाड, नदी, वन र गाउँसँग जोडिएका कथाले नेपाललाई उत्कृष्ट गन्तव्य बनाउन बलियो सम्भाव्यता बोकेका छन् ।

## वर्तमान अवस्था र सकारात्मक पहल

पर्यटन विकासको लक्ष्य हासिल गर्न दिशाबोध गर्ने मूल पथ-प्रदर्शकको रुपमा सरकारले नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना सन् २०१६-२०२५ कार्यान्वयनमा छ । जसमा नेपाललाई एक प्रमुख पर्यटकीय गन्तव्यको रूपमा स्थापित गरी देशको अर्थतन्त्रमा योगदान पुऱ्याउने महत्वपूर्ण माध्यमको रूपमा विकास गर्ने र अन्तर्राष्ट्रिय पर्यटकहरूलाई उनीहरूका चाहना र इच्छाअनुसार विविध अनुभवहरू प्रदान गर्न हालका केही पर्यटकीय केन्द्रहरूका अतिरिक्त अन्य पर्यटकीय गन्तव्य तथा अनुभवमा विविधीकरण ल्याउने लक्ष्य राखिएको थियो । त्यसै अनुरुप नेपाल पर्यटन बोर्डले आन्तरिक र अन्तर्राष्ट्रिय बजारमा पर्यटन प्रवर्द्धन गर्दै नेपालको छविलाई पुनःस्थापित गर्ने दिशामा सक्रिय रुपमा काम गरिरहेको छ ।

पर्यटन क्षेत्रले नेपालको कुल राष्ट्रिय आम्दानी (गार्हस्थ उत्पादन) मा करिब तीन प्रतिशत योगदान पुऱ्याइरहेको छ भने रोजगारी र स्थानीय विकासमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । त्यसैले नेपालको दीगो पर्यटन विकास र प्रतिस्पर्धी बनाउन रणनीतिक दृष्टिकोण र प्रवर्द्धन कार्यहरू अझ प्रभावकारी बनाउन बोर्डले निरन्तर पहल गरिरहेको छ ।

## पर्यटक आगमन, बसाई, खर्च र आकर्षणहरू

सन् १९६४ मा ९ हजार ५२६ पर्यटकलाई स्वागत गरेको नेपालले पर्यटन बोर्डको स्थापना भएको वर्ष सन् १९९८ र १९९९ मा ४ लाख ९४ हजारलाई स्वागत गऱ्यो। त्यसपछि निरन्तर पर्यटक आगमनको ग्राफ (केही विशेष परिस्थितिबाहेक) निरन्तर उकालो लागिरको छ ।

पछिल्लो समय सन् २०१९-२०२० मा कोरोना कहरले विश्वमा आवतजावत ठप्प भयो। जसको असर सन् २०२० देखि २०२२ सम्म पऱ्यो । यस तीन वर्षको अवधिमा नेपालमा ९ लाख ९५ हजार ९ सय १६ पर्यटकको मात्रै आगमन भएको देखिन्छ । तर, सन् २०२४ पछि पर्यटक आगमन पुनः लयमा फर्किन थालेको छ ।

सन् २०२४ मा बोर्डले नेपालका पर्यटकीय उत्पादनहरुलाई विभिन्न मुलुकमा पुऱ्याउने क्रमलाई तीव्रता दिएसँगै ११ लाख ४७ हजार ५ सय ४८ पर्यटक आगमन भएको तथ्यांक छ । सन् २०२५ को पछिल्लो ७ महिनामा नेपालले ६ लाख ४७ हजार ८ सय ८२ पर्यटकलाई स्वागत गरिसकेको छ ।

पर्यटन उद्योगमा बसाई अवधि प्रमुख सूचक हो, जसले पर्यटकको व्यवहारका विभिन्न पक्षहरू साथै पर्यटनको आर्थिक प्रभावबारे महत्वपूर्ण जानकारी प्रदान गर्छ । पर्यटकको औसत बसाई अवधिमा पनि क्रमशः सुधारोन्मुख देखिन्छ । सन् २०२३ मा पर्यटकको औसत बसाई १३.२ दिन थियो भने सन् २०२४ मा १३.३ दिन छ। उनीहरुको प्रतिपर्यटक दैनिक खर्च करिब ४२ अमेरिकी डलर छ । यसले स्थानीय अर्थतन्त्र, बजारीकरणका लागि गरिएका प्रयासहरू र पर्यटकको सन्तुष्टिको अवस्था सुधार भइरहेको सूचित गर्दछ । यस्ता सूचकहरूले पर्यटन रणनीतिमा गर्नुपर्ने सुधार र आगामी योजना निर्माणमा सहयोगी हुन्छ । पर्यटकको बसाई अवधि लम्बिँदा समग्र रूपमा राष्ट्रिय आर्थिक विकास र स्थानीय समुदायको उत्थानमा पनि महत्वपूर्ण भूमिका खेल्नेछ ।

विश्व पर्यटनका अगुवा बेलायती नागरिक थोमस कुकले सन् १८४१ मा सुरु गरेको पर्यटन र आजको पर्यटकका रोजाईमा निकै भिन्नता आइसकेको छ । यद्यपि, आधारभूत सिद्धान्तमा भने खासै फरक देखिँदैन । सन् १८५४ मा कुकले 'पर्यटन केवल स्थल परिवर्तन मात्र



नभई आत्मालाई पुनर्ताजगी गर्ने प्रक्रिया' भन्दै परिभाषित गरेका थिए । त्यो समय यात्राको मुख्य उद्देश्य प्रकृतिसँग प्रत्यक्ष सम्पर्क गर्नु र ज्ञानको भोक मेटाउनु थियो । आज, नेपालले यही भावना आधुनिक संरचना र प्रविधिसँग जोड्दै पुनः जीवित बनाउने काम गरिरहेको छ ।

बिसौं शताब्दीको मध्यतिर पर्यटन उद्योग डिजिटल प्रविधि, हवाई यातायात र विश्वव्यापीकरणले पुनःपरिभाषित भए पनि कुकको यात्रा दर्शन नेपालजस्तो हिमाल, संस्कृति र प्रकृतिको समिश्रण भएको देशमा अझै सान्दर्भिक छ र यात्रुलाई गहिरो अनुभव दिन सक्षम छ । सन् २०२४ को पर्यटक आगमनको प्रवृत्ति विश्लेषण गर्दा कुल आगमनको ६०.४ प्रतिशत पर्यटक बिदा मनाउन आएको देखिन्छ । साहसिक पर्यटको आगमन संख्या सन् २०२३ मा १३.१ प्रतिशत रहेकोमा २०२४ मा १४.५ प्रतिशत पुगेको छ ।

त्यसैगरी व्यापारिक पर्यटक आगामन ३.६ प्रतिशत, औपचारिक तथा कार्यालय प्रयोजनका लागि आउनेहरु ४.४ प्रतिशत, स्वास्थ्य, भेटघाटलगायतका पर्यटक आगमन ९.८ प्रतिशत रहेको देखिन्छ । धार्मिक पर्यटक आगमन सन् २०२३ मा १३.१ प्रतिशत थियो भने सन् २०२४ मा १५.२ प्रतिशत पुगेको छ । धार्मिक पर्यटनमा हिन्दु र बौद्ध धर्मका पर्यटकहरु बढी देखिन्छन् ।

नेपालका प्रमुख पर्यटन उत्पादनहरुमा सांस्कृतिक पर्यटन अन्तर्गत काठमाडौं उपत्यकाका दरबार स्क्वायर, लुम्बिनीलगायत पर्दछन् भने पर्वतारोहण अन्तर्गत सगरमाथा, अन्नपूर्ण, मनास्लु, कञ्चनजङ्घा लगायत पर्दछन् । त्यसैगरी पदयात्रामा सगरमाथा आधार शिविर, अन्नपूर्ण सर्किट, लाङटाङ लगायत छन् भने जैविक तथा वाइल्डलाइफ अन्तर्गत चितवन, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज पर्यटकको रोजाइमा पर्ने गरेका छन् । साहसिक पर्यटन र्‍याफ्टिङ, प्याराग्लाइडिङ, बन्जी, रक क्लाइम्बिङ छन् भने धार्मिक र आध्यात्मिक पर्यटनअन्तर्गत पशुपतिनाथ, लुम्बिनी, मुक्तिनाथ, जनकपुरलगायत छन् । नेपालमा साहसिक पर्यटकहरुको संख्यामा भइरहेको वृद्धिलाई केन्द्रमा राखेर सरकारले हाल ९७ वटा नयाँ हिमालहरूलाई आगामी दुई वर्षसम्म निशुल्क आरोहण गर्न दिने निर्णय गरेको छ । जसले केही दुर्गम क्षेत्रका पर्यटन प्रवर्द्धनमा मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

### ■ नयाँ गन्तव्यको खोजी, प्रचारप्रसार र प्रवर्द्धन

प्रकृतिको अनुपम कृति नेपालका हरेक कुना हिमालदेखि तराईसम्म, एक अलग किसिमको कथासँग जोडिएको छ । र त्यसलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिन्छ । पछिल्लो समय रारा, बडीमालिका, खप्तड, पाल्पा, जनकपुर, इलाम, पाथीभरा, दोलखा, मुस्ताङ जस्ता ओझेलमा परेका ठाउँहरू उदयीमान गन्तव्यको रुपमा अघि आइरहेका छन् ।

डिजिटल युगको शक्तिशाली माध्यम र सामाजिक सञ्जालमार्फत ती सुन्दर स्थलहरू अन्तर्राष्ट्रिय मेलाहरूमा उपस्थित हुँदै प्रचारप्रसार तीव्र गतिमा हुँदैछ । नयाँ गन्तव्यहरूको प्रवर्द्धनसँगै त्यहाँका स्थानीय बासिन्दा र व्यवसायीलाई पनि पर्यटनमैत्री बनाउने सतत् प्रयासहरू भइरहेका छन् । नयाँ गन्तव्य चयन गर्दा न्यूनतम पूर्वाधारयुक्त क्षेत्रहरूलाई प्राथमिकता दिइएको छ, ताकि दिगो विकासको आधार तयार होस् । यसरी नेपालले आफ्नो भूगोल र संस्कृतिको विविधता प्रयोग गर्दै नयाँ गन्तव्यहरूको खोजी, पूर्वाधार सुधार र समन्वयात्मक प्रयासमार्फत पर्यटन प्रबर्द्धनका प्रयासलाई सफल र दिगो बनाउन विभिन्न तहमा सक्रियता बढाईंदैछ । यी सबै प्रयासले नेपालको सांस्कृतिक सम्पदालाई विश्वसामु उजागर गर्नुका साथै देशको पर्यटन क्षेत्रलाई दीर्घकालीन समृद्धितर्फ अग्रसर गराउनेछ ।

> **नेपाललाई पर्यटनमैत्री राष्ट्र बनाउन सरकार, निजी क्षेत्र, स्थानीय समुदाय र अन्तर्राष्ट्रिय साझेदारबीचको सहकार्य अपरिहार्य छ । नेपालको ब्रान्डिङलाई विश्व बजारमा अझ मजबुत बनाउँदै, गन्तव्यहरूको प्रवर्द्धनमा नवीनतम प्रविधिको प्रयोग गर्नुपर्ने आवश्यकता छ ।**

### ■ पदयात्रा तथा पर्वतारोहणको बजार

नेपाल विश्वकै प्रमुख पर्वतारोहण तथा पदयात्रा गन्तव्यको रुपमा स्थापित छ । सगरमाथा मात्र होइन अन्नपूर्ण, मनास्लु, धौलागिरी लगायतका विश्वकै आठ वटा आठ हजारभन्दा अग्ला हिमालहरूमा वार्षिक हजारौं आरोही पुग्छन् । यी हिमाली क्षेत्रहरूले साहसिक पर्यटनको अन्तर्राष्ट्रिय पर्यटन बजारमा नेपालको महत्वलाई अझ बलियो बनाएका छन् । यद्यपि यस क्षेत्रमा बजार अझै पनि मुख्य रूपमा मध्यमस्तरीय ट्राभल व्यवस्थापकहरूमै सीमित छ । विस्तृत र लक्षित बजारीकरण रणनीति, उच्चस्तरीय सुरक्षा व्यवस्था, सटीक मौसम पूर्वानुमान प्रणाली, आधुनिक गाइडिङ सेवा र प्रविधिको समावेशीकरणले बजारलाई थप फराकिलो बनाउन सकिन्छ । तसर्थ यसतर्फ थप लगानी र ध्यान जानु जरुरी छ । साथै, स्थानीय समुदायलाई समावेश गरेर दिगो पर्यटन विकास गर्न ध्यान दिँदा थप सम्भावना खोलिनेछ ।

### ■ पर्यटन प्राथमिकता

लामो समयदेखि साहसिक र पर्वतीय पर्यटन मात्रै प्रचार भएकोमा पछिल्लो समय नेपालमा पर्यटनको मुख्य प्राथमिकता सांस्कृतिक, साहसिक र पदयात्रामा केन्द्रित देखिन्छ । सांस्कृतिक पर्यटनले ठूलो संख्या मध्यम बजेटका पर्यटक आकर्षित गर्न सक्छ भने साहसिक र पर्वतारोहण पर्यटनले बढी खर्च गर्ने विशेष वर्गलाई तान्न सहयोग पुर्‍याउँछ । तर, पर्यटन क्षेत्रमा विविधता थप्न वाइल्डलाइफ पर्यटन, हेल्थ र स्पिरिचुअल टुरिज्म (जस्तै योग, ध्यान, आयुर्वेद) मा पनि लगानी बढाउन आवश्यक छ । यी नयाँ र विकसित भइरहेका क्षेत्रहरूले पर्यटकको अनुभवलाई सुदृढ बनाउने मात्र होइन, दीगो र समावेशी पर्यटनको आधार तयार गर्नेछन् । यसरी नेपालले आफ्नो प्राकृतिक र सांस्कृतिक विविधतालाई समेट्दै, आधुनिक प्रविधि र सशक्त व्यवस्थापनमार्फत विविध प्रकारका पर्यटन विकास गर्ने रणनीति अपनाउँदा पर्यटन उद्योग थप सशक्त बन्नेछ ।

यसका लागि मुख्य स्रोत बजारहरु भारत, अमेरिका, चीन, बेलायत र अष्ट्रेलियामा नेपालका नयाँ गन्तव्यहरु र पर्यटनका विविध आयामको बजारीकरण गर्नुपर्छ । यी बजारहरू नेपालका लागि दीर्घकालीन पर्यटन सम्भावनाका आधार हुन् । नेपालको पर्यटनमा एकातिर अपार सम्भावना र सुन्दर भविष्यको चित्र देखिन्छ भने अर्कोतिर चुनौतीहरूको लामो सूची पनि छ ।

### ■ सम्भावनासँगै चुनौती

नेपालको पर्यटन विशाल सम्भावनासहितको क्षेत्र हुँदाहुँदै पनि पूर्वाधार विकास, हवाई सेवा सुदृढीकरण, वातावरणीय संरक्षण, स्थानीय समुदायको सहभागिता र गन्तव्य व्यवस्थापनमा सुधारका चुनौतीहरु कायम छन् । जसका कारण गुणस्तरीय पर्यटकहरु भित्र्याउन समय लागिरहेको छ ।

### क) गुणस्तरीय पर्यटक किन बढ्न सकेनन् ?

नेपालको पर्यटन उद्योगको प्रमुख चुनौती भनेको गुणस्तरीय पर्यटकलाई तान्न नसक्नु नै हो । नेपाल आउने पर्यटकको ठूलो हिस्सा मध्यम बजेट योजनाका हुन्छन् । उच्चस्तरीय पर्यटक, जसले प्रतिदिन सयौँ डलर खर्च गर्न सक्छन् । उनीहरुलाई तान्नका लागि स्तरीय पूर्वाधारका साथै गुणस्तरीय होटल सेवा, सरसफाइ, डिजिटल भुक्तानी सुविधा, गाइडको दक्षता र जानकारीको पहुँच अझै सन्तोषजनक छैन ।

**ख) सडक पूर्वाधार, यातायातको चुनौती**

नेपालमा पर्यटन भित्र्याउने अर्को ठूलो चुनौती भनेको दुर्गम क्षेत्रसम्मको सडक पहुँच अझै सहज हुन सकेको छैन । वर्षातको समयमा हिलोयुक्त हुने र हिउँदमा धुलाम्य हुने मात्र नभई सडकहरु ढुक्कसँग यात्रा गर्ने गरी सुरक्षित बन्न सकेका छैनन । हवाई सेवा, विशेष गरी लुक्ला, जोमसोम, डोल्पा, रारा, सिमिकोट जस्ता विमानस्थलमा यात्रा गर्न मौसममा भर पर्नुपर्ने अवस्था छ ।

अन्तर्राष्ट्रिय हवाई यात्राका लागि पनि उडान सिमितता छ । पर्यटक सूचना प्रणाली, अनलाइन टिकट बुकिङ, स्मार्ट गाइडिङ प्रणालीलगायतका डिजिटल पूर्वाधारको पर्याप्त पहुँच विस्तार भएको छैन ।

**ग) महँगो गन्तव्यको कथन**

नेपाल महँगो गन्तव्य हो भन्ने भ्रम पनि छ । वास्तवमा विश्वका अन्य हिमाली गन्तव्य (भूटान, स्विट्जरल्यान्ड) वा माल्दिभ्सजस्ता समुद्री गन्तव्यसँग तुलना गर्दा नेपाल सस्तो हो ।

खासगरी नेपालका ग्रामिण क्षेत्रका पर्यटकीय गन्तव्यमा यात्रा गर्दा यातायात भाडा, खाजापानी, गाइडिङ सेवा र गुणस्तरताबीच सन्तुलन नमिल्दा पर्यटकहरुले महँगो महसुस गर्छन् । यस्तो समस्या समाधान गर्न सरकारी तबरबाट गुणस्तरीयता उकास्ने, गन्तव्यसम्मको पहुँच बढाउने, ठूलो लगानी भित्र्याउने र लक्षित बजारमा बढी प्रबर्द्धन गर्ने र स्थानीयहरुलाई आवश्यक सहुलियत उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ ।

**घ) भिसा सुविधा, विदेशी मुद्राको चलनचल्ती** र **भुक्तानी**

पर्यटकको संख्यामा वृद्धि गर्न भिसा प्रणाली अझ सहज बनाउनुपर्छ । अनलाइन भिसा सुविधा भए पनि प्रक्रिया छिटो र सरल बनाउन सकिएको छैन । विदेशी मुद्राको सटही र डिजिटल भुक्तानी (यूपीआई, पेपल, कार्ड) को पहुँच अझै सीमित छ । विदेशी मुद्राको सटहीमा सीमा नाकामा र साना शहरहरूमा समस्या छन् । जुन तत्काल सहज बनाउनुपर्छ ।

**ङ) पर्यटकको सुरक्षा**

नेपालमा पर्यटक सुरक्षा र उद्धारको पक्षमा पनि केही चुनौतीहरु कायम छन् । ट्रेकिङ, पर्वतारोहण वा साहसिक गतिविधिमा दुर्घटना भएको अवस्थामा उद्धारमा ढिलाइ हुने समस्याहरु पूर्णरुपमा समाधान हुन सकेका छैन । डिजिटल ट्र्याकिङ प्रणाली सबै क्षेत्रमा लागू भएको छैन । बीमा सम्बन्धी विश्वसनीयता बढाउनु पर्ने आवश्यकता छ ।

■ **संरक्षण र प्रवर्द्धन**

दीगो पर्यटन विकासको आधारनै संरक्षण र प्रवर्द्धनको सन्तुलित दृष्टिकोण हो । देशको पर्यटन क्षेत्र केवल आय-आर्जनको स्रोत मात्र नभई राष्ट्रिय पहिचान, सांस्कृतिक सम्पदा र जैविक विविधताको संरक्षणसँग प्रत्यक्ष रूपमा जोडिएको छ । नेपालमा पर्यटनको संरक्षण पक्षले प्राकृतिक सौन्दर्य, जैविक विविधता, ऐतिहासिक स्थल, कला-संस्कृति, जातीय परम्परा र धार्मिक धरोहरलाई जोगाउने उद्देश्य राख्छ । त्यस्तै, प्रवर्द्धन पक्षले यिनै सम्पदाको प्रभावकारी प्रचार-प्रसार, व्यवस्थित व्यवस्थापन, पूर्वाधार निर्माण र आधुनिक मार्केटिङ रणनीतिहरू प्रयोग गरी आन्तरिक तथा अन्तर्राष्ट्रिय बजारमा प्रस्तुत गर्ने कार्यलाई सम्बोधन गर्दछ । अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा टिक्न संरक्षण र प्रवर्द्धन दुवैको सन्तुलित संयोजन आवश्यक हुन्छ । यसका लागि सरकारी र निजी दुबै पक्षको सकारात्मक र रचनात्मक योगदान विशेष रहन्छ ।

**क) निजी क्षेत्रको पहल**

पछिल्लो दशकमा निजी क्षेत्रको लगानीले नेपालको पर्यटन पूर्वाधार विकासमा उल्लेखनीय प्रगति भएको छ । काठमाडौं, पोखरा, चितवन, लुम्बिनीलगायतका प्रमुख पर्यटकीय गन्तव्यहरूमा अन्तर्राष्ट्रिय मापदण्डका स्तरीय तारे होटल, लक्जरी रिसोर्ट, अन्तर्राष्ट्रिय फ्रेन्चाइज रेस्टुरेन्ट, एड्भेन्चर स्पोर्ट कम्पनी, सफारी तथा वेलनेस स्पा सञ्चालनमा आएका छन् । तर, लगानीकर्ताहरूले अझै पनि करको जटिलता, निर्माण अनुमति प्रक्रियाको ढिलाई र दीर्घकालीन नीतिगत स्थायित्वको अभावलाई प्रमुख चुनौतीका रूपमा औंल्याएका छन् । लगानीमैत्री नीतिजस्तै भन्सार शुल्क छुट, सस्तो ब्याजदरमा पर्यटन ऋण, 'सिंगल-डोर' क्लियरन्स प्रणाली तत्काल लागू गर्न जरुरी छ ।

**ख) होटललाई उद्योग सरहको मान्यता**

होटल तथा रिसोर्ट उद्योगलाई औद्योगिक क्षेत्रको मान्यता दिइएमा बिजुली शुल्कमा औद्योगिक दर, निर्माण सामाग्रीमा भन्सार छुट, बीमा प्रिमियममा कमी र आयकरमा छुट हुने हुँदा प्रत्यक्ष फाइदा पुग्नेछ । यो पहलले प्रतिस्पर्धात्मक मूल्यमा उच्चस्तरीय सेवा दिन मद्दत पुऱ्याउनेछ । यसका लागि पर्यटन मन्त्रालय, उद्योग मन्त्रालय र ऊर्जा मन्त्रालयबीच स्पष्ट समन्वय आवश्यक छ । यससम्बन्धी केही घोषणा भए पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । जुन यथाशिघ्र हुन जरुरी छ । यस्तै, होटल तथा रेस्टुरेन्ट क्षेत्रलाई 'ग्रीन होटल' मापदण्डमा लैजान सकेमा अन्तर्राष्ट्रिय स्तरमा नेपालको ब्रान्डिङ अझ बलियो हुन्छ ।

**ग) आम्दानी र रोजगारी कसरी वृद्धि गर्ने ?**

पर्यटनको आम्दानी र रोजगारी वृद्धि गर्न नेपालले बहुआयामिक रणनीति अपनाउन आवश्यक छ । यसका लागि स्थानीय समुदायमा आधारित पर्यटन महत्त्वपूर्ण पक्ष हो । जसअन्तर्गत गाउँस्तरीय होमस्टे, सांस्कृतिक महोत्सव, स्थानीय खाद्य तथा हस्तकलाको प्रवर्द्धनमार्फत ग्रामीण क्षेत्रमा सीधा आर्थिक लाभ पुऱ्याउन सकिन्छ । होमस्टे सञ्चालनले ग्रामीण महिलालाई आयआर्जन र उद्यमशीलतामा जोड्ने अवसर प्रदान गर्छन् ।

यसैगरी पर्यटन शिक्षा र तालिमलाई व्यवस्थित गर्दै होटल म्यानेजमेन्ट, टुर गाइड, पर्वतारोहण, तथा सुरक्षा सम्बन्धी सीप विकास गराउन सकिन्छ, जसले नयाँ पुस्तालाई रोजगारीमा जोड्ने सम्भावना बढाउँछ । साथै सिजन विस्तार (अफ-सिजन टुरिज्म) पनि अर्को प्रभावकारी उपाय हो । जसअन्तर्गत वर्षा र जाडो मौसममा वेलनेस पर्यटन, नेपालजस्तो चाडपर्वले भरिएको मुलुकमा धार्मिक पर्यटकहरुलाई भित्र्याउन चाडपर्व अनुसारका प्याकेज घोषणा, सम्मेलन तथा प्रदर्शनी, आरोग्य पर्यटन, फिल्म पर्यटन र आन्तरिक पर्यटनको प्रचारमार्फत पर्यटकको प्रवाह वर्षभर कायम राख्न सकिन्छ ।

■ **खनाल आयोग प्रतिवेदनको सुझावहरू**

खनाल आयोग (२०८०) ले पर्यटन नीति सुधार, संस्थागत समायोजन, सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडल विस्तार, टुरिज्म ब्रान्डिङ, हवाई पूर्वाधारको विकास, डिजिटल प्रवर्द्धन, स्वदेशी उत्पादनको प्रयोग जस्ता पक्षहरुलाई समेटेर सुझावहरु सिफारिस गरेको छ । आयोगले 'नेपालः प्राकृतिक र आध्यात्मिक (नेचुरल एण्ड स्प्रिचुअल)' ब्रान्डमार्फत नयाँ पहिचान सिर्जना गर्नुपर्ने सुझाव दिएको छ । पर्यटन बोर्डले पीपीपी मोडलमार्फत प्रचारप्रसार, मेलामा सहभागिता, डिजिटल मार्केटिङ, क्षेत्रीय टुरिज्म प्रवर्द्धनमा काम गरिरहेको छ । यद्यपि नीति निर्माण तहमा प्रभाव बढाउनु, समन्वय सुधार गर्नु, कार्यान्वयनमा पारदर्शिता बढाउनु उत्तिकै आवश्यक छ ।

■ **अन्त्यमा,**

नेपाललाई पर्यटनमैत्री राष्ट्र बनाउन सरकार, निजी क्षेत्र, स्थानीय समुदाय र अन्तर ाष्ट्रिय साझेदारबीचको सहकार्य अपरिहार्य छ । नेपालको ब्रान्डिङलाई विश्व बजारमा अझ मजबुत बनाउँदै, गन्तव्यहरूको प्रवर्द्धनमा नवीनतम प्रविधिको प्रयोग गर्नुपर्ने आवश्यकता छ । नेपालको पर्यटन केवल आर्थिक पक्षमा मात्र होइन, सांस्कृतिक पहिचान र पर्यावरणीय संरक्षणमा पनि योगदान पुऱ्याउने क्षेत्र हो । त्यसैले पर्यटनलाई दीर्घकालीन र दीगो विकासको अभिन्न अंग बनाउन सबै सरोकारवालाहरूले साझा दृष्टिकोण र कार्ययोजना अपनाउन जरुरी छ । विश्वको वर्तमान ट्रेन्ड हेर्दा र आफ्नै सम्भावना मूल्याङ्कन गर्दा नेपालको भविष्य उज्यालो छ ।

नेपाललाई विश्वको पर्यटन मानचित्रमा स्थायी रूपमा शीर्ष स्थानमा राख्ने भनेको सुन्दर दृश्य मात्र होइन उत्कृष्ट अनुभव, सहज पूर्वाधार, र सुरक्षित यात्रा सुनिश्चितता गर्नु पनि हो । संसारको पर्यटन यात्रामा नेपाल अगाडि बढ्न तयार छ । तर, स्पष्ट दृष्टिकोण, पर्यटनमैत्री नीति र व्यवहारिक कामको गति बढाउनुपर्ने हुन्छ ।

*जोशी नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) हुन् ।*




# नेपालमा नियो बैंकको सम्भावना



उपेन्द्र प्रसाद पौडेल

**अवधारणा**

पूर्ण डिजिटल रूपमा कारोबार गर्ने गरी नेपाल सरकारले नियो बैंकको अवधारणा अघि सारेको छ। आर्थिक वर्ष २०८२/८३ भित्र नियो बैंक स्थापना गर्ने बजेट वक्तव्यमा उल्लेख छ। यसका साथै दुर्गम क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको पहुँच विस्तार गरी ग्रामीण अर्थतन्त्रको विकास गरिने र डिजिटल, मोबाइल तथा शाखारहित बैंकिङ सेवा विस्तार गर्ने लक्ष्य राखेको छ। नियो बैंकलाई फिनटेक वा च्यालेन्जर बैंक पनि भनिन्छ। तर, नियो बैंक कस्तो संरचनामा सञ्चालन गर्ने, यसको व्यवस्थापक र सेयर संरचना कस्तो हुने भन्नेबारे सरकारले कानुन बनाएको छैन। नेपालमा यो बैंक सञ्चालनका लागि विशेष किसिमको अध्ययन चाहिन्छ। देशको अर्थतन्त्र, अहिले सञ्चालनमा भएका बैंक तथा वित्तीय संस्थाको कारोबार, डिजिटल अर्थतन्त्रको प्रयोग र यसले पार्ने प्रभावका विषयमा गहन अध्ययन चाहिन्छ।

लाइसेन्स बाँड्ने तरिकाले परम्परागतशैलीमा नियो बैंकको परिकल्पना गर्नुहुँदैन। नियो बैंक हाम्रो मुलुकले धान्न सक्छ कि सकिँदैन भनेर हेर्न आवश्यक छ। नियो बैंक सञ्चालनका लागि आईटी क्षेत्रका दक्ष कर्मचारी आवश्यकता पर्छ। बढ्दै गएको साइबर सेक्युरिटिजका कुराहरूलाई पनि हेर्नुपर्ने हुन्छ। समयअनुसार परिवर्तन हुनु त ठीक हो। तर, अहिलेकै बैंकहरू पनि डिजिटल रूपमा अगाडि बढिरहेका छन्।

विश्वमा नियो बैंकको अवधारणा अलिक अगाडिदेखि नै सुरु भइसकेको हो।

२००८ को वित्तीय संकटपछि परम्परागत बैंकहरू विलय हुँदै गए। त्यसपछि २००९ मा बैंकिङ क्षेत्रप्रति विश्वास जगाउन नयाँ प्रविधिको विकाससँगै नियो बैंकको अवधारणा आएको थियो। २००९ मा जर्मनीमा स्थापना भएको पहिलो नियो बैंकको नाम फिडोर थियो। नियो बैंकको अवधारणा युरोप र अमेरिकामा धेरै नै प्रचलित छ। अहिले भारतमा पनि विकास भएको छ। विश्वभर फैलिएको कोभिडपछि नियो बैंकको अवधारणा विश्वभर नै प्रचलित भएर गयो। नियो बैंकले मोबाइल एप वा वेब बैंकिङमार्फत पूर्णरूपमा डिजिटल ढाँचामा वित्तीय सेवाहरू प्रदान गर्दछ। निक्षेप संकलनदेखि कर्जा दिनेसम्मका सम्पूर्ण काम अनलाइन प्रणालीबाट सहज रूपमा हुने गर्छ। अहिले कुनै बैंकको शाखा कार्यालयमा धाएर ऋणका लागि प्रक्रिया अगाडि बढाउनुपर्ने बाध्यता हुँदैन।

**परम्परागत र नियो बैंकबीचको फरक**

| विशेषता | परम्परागत बैंक | नियो बैंक |
|---|---|---|
| शाखा | हुन्छ | हुँदैन |
| सेवा शैली | भौतिक र अनलाइन दुवै | पूर्ण डिजिटल |
| केवाईसी प्रक्रिया | शाखा पुग्नुपर्ने | अनलाइन प्रक्रिया |
| सञ्चालन खर्च | बढी | कम |
| सुविधा उपलब्धता | सीमित समय | चौबीसै घण्टा |
| जनशक्ति | सबै किसिमका धेरै | कम्प्युटरको ज्ञान भएका सीमित |

## नेपालमा विकसित घटनाक्रम

विश्वव्यापी बदलिँदो समयसँगै प्रविधिको प्रयोग गर्ने युवापुस्ता बढिरहेका छन् । यसैलाई ध्यानमा राखेर सरकारले नियो बैंकको अवधारणा ल्याएको हुन सक्छ । यसअघि डिजिटल बैंक भनेर बजेटमा पटक-पटक समावेश गरिएको थियो । यो वर्ष त नियो बैंक उल्लेख गरेरै प्रस्ताव आएको छ । यो एक किसिमको डिजिटल बैंक नै हो ।

यस्तो किसिमको बैंक स्थापना गर्दा नेपालमा डिजिटल अर्थतन्त्रको पनि सुरुवात हुन्छ । नेपाल राष्ट्र बैंकले पनि बजेटको कुरालाई कार्यान्वयन गर्न आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिमा पनि नियो बैंकलाई समेटेको छ । मौद्रिक नीति र बजेटमा राख्नेबित्तिकै काम सुरु हुनेछैन । यसका लागि आवश्यक कानुन चाहिन्छ । अहिलेको बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ (बाफिया) लाई पनि संशोधन गर्नुपर्छ ।

नयाँ प्रविधिसहितको पूर्ण डिजिटल बैंक ल्याउने भन्दै गर्दा अहिलेको व्यावहारिक पाटो पनि हेर्नुपर्ने हुन्छ । नियो बैंकको पूर्वाधारका लागि प्रविधिमा ठूलो खर्च गर्नुपर्छ । सफ्टवेयरदेखि प्रणाली विकासका लागि लगानी आवश्यक पर्छ । नियो बैंक सञ्चालन गर्दा बैंकले दिने सेवाबाट कति कमाइ गऱ्यो, फाइदा छ वा घाटा भन्ने महत्वपूर्ण विषयहरू हेर्नुपर्छ । यो बैंक टिक्न कत्तिको सक्छ र स्थायित्व प्राप्त हुन्छ भनेर विश्वव्यापी रूपमा हेर्नुपर्ने हुन्छ ।

नियो बैंकमा खाता खोल्नुपऱ्यो भने भौतिक उपस्थिति आवश्यक पर्दैन । ग्राहक पहिचान (केवाईसी) देखि सबै भिडियोमार्फत नै हुन्छ । खाता खोल्नेदेखि ऋण लिनेसम्म पूरै डिजिटल रूपमा हुन्छ । तर, यस्तो प्रविधि बनाउन ठूलो लगानीको आवश्यकता पर्छ । अहिले सञ्चालनमा रहेका वाणिज्य बैंकहरूले डिजिटल रूपमा काम गरिरहेका छन् । ग्राहकहरू बैंकमै नआईकन डिजिटल रूपमा काम गर्न सक्ने अवस्था विस्तारै विकास भइरहेको छ । यसलाई नजरअन्दाज गर्नुहुँदैन ।

## अहिलेको अभ्यास र नियो बैंक हुँदा फरक

आज बैंकिङ क्षेत्र जुन प्रविधिलाई आत्मसात् गरेर अगाडि बढिरहेका छन्, त्यसलाई हेर्दा नियो बैंकको अवधारणालाई पनि आत्मसात् गर्नुपर्छ । नियो बैंक आउँदै गर्दा अहिलेकै बैंकसँग लिंक भएर काम गर्ने हो भने त्यति आवश्यक छैन । अहिले चलिरहेका बैंकहरू पनि भुक्तानी प्रणालीसँग एकदमै राम्रोसँग 'इन्टिग्रेट' भएर काम गरिरहेका छन् ।

ऋण प्रक्रिया सुरु गर्दा नै अहिलेका बैंकहरूले अनलाइनबाट प्रक्रिया पुऱ्याउनेलाई निश्चित रकम उपलब्ध गराउने गरेका छन् । जस्तो नबिल बैंकले पनि डिजी बैंक भनेर छुट्टै पोर्टलमार्फत डिजिटल सेवा दिइरहेको छ । नबिलले डिजी बैंकमार्फत सबै काम गरिरहेको छ । ग्राहक बैंकमा आइराख्नुपर्दैन । एक लेभलको कारोबार अनलाइनबाटै भइरहेको छ ।

नियो बैंक नै नभए पनि अनलाइनबाट दिने सेवा दिने काम अहिलेका बैंकमार्फत भइरहेकै छ । बैंकिङ क्षेत्रको विकासमा नेपाल एउटा चरणमा पुगेको छ, त्यसमा गर्व गर्नुपर्छ । अहिले सबै बैंकहरू डिजिटल रूपमै अगाडि बढिराखेका छन् । नियो बैंक भनेर खोल्दा अर्थतन्त्रलाई पनि विचार गर्नुपर्छ । नेपाली अर्थतन्त्रको आकार बढेको छैन, त्यसैले नयाँ आउने नियो बैंक दिगो नहुन सक्छ । कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई) लाई नियो बैंकमा कसरी आत्मसात् गर्ने भन्ने विषय जटिल छ । बढ्दो एआईको प्रयोगलाई नसमेट्ने हो भने नियो बैंकको अर्थ रहँदैन ।

## नियो र ओपन बैंकको सम्बन्ध

अहिले डिजिटल रूपमा इ-सेवा, खल्ती तथा मोबाइल बैंकिङले कारोबार गरिरहेका छन् । यी नियो बैंक हैनन् । इ-सेवा, खल्तीजस्ता एपहरू डिजिटल वालेट मात्र हुन् । परम्परागत शैलीका बैंकहरूले दिँदै आएका डिजिटल सेवा मोबाइल बैंकिङले पनि वालेटकै काम गरिरहेको छ । यसबाट बैंकमा रहेको पैसा भुक्तानी गर्न सहज बनाएको छ । अहिले भइरहेकै बैंकलाई नियो बैंक बनाउन सक्ने अवस्था पनि छैन । अहिलेका बैंकले कानुनी प्रबन्ध पूरा गरेर निश्चित परिधिसम्म डिजिटल सेवा दिन सक्छन् । निश्चित सीमासम्म बैंकहरूले जोखिम उठाउन सक्छान् । तर, माथिल्लो लेभलमा जोखिम लिन सक्दैनन्/चाहँदैनन् । भोलि अदालतमा मुद्दा पर्दा थेग्न सकिँदैन । पूर्ण डिजिटल कारोबारका लागि कानुनहरू सबैले परिपालना गर्नुपर्छ । नियामकले पनि मान्नुपर्छ ।

अहिलेको अवस्थामा नियो बैंक कति आवश्यक हो, त्यसको अध्ययन हुनुपर्छ । कुन मोडलमा लाइसेन्स दिइन्छ, कस्तो खालको नियमन गरिन्छ भन्ने विषयमा ध्यान दिनुपर्छ । लगानी कति गर्नुपर्छ, त्यसपछिका व्यावसायिक

### नेपालमा बैंक वित्तीय संस्था

| बैंक वित्तीय संस्था | संख्या |
|---|---|
| वाणिज्य बैंक | २० |
| विकास बैंक | १७ |
| फाइनान्स कम्पनी | १७ |
| लघुवित्त | ५२ |
| पूर्वाधार बैंक | १ |

*स्रोत : नेपाल राष्ट्र बैंक*

### विश्वका चर्चित नियो बैंकहरू

| Neobank | HQ | Founded | Licensed Bank? | Users (2025) | Funding Raised | Revenue Model | Profit for the Year |
|---|---|---|---|---|---|---|---|
| Revolut | UK | 2015 | Yes | 40M+ | $1.7B+ | Subscriptions, FX fees, card spending | ~$350M (2024 est.) |
| Chime | US | 2013 | No (banking partner) | 15M+ | $2.3B+ | Interchange, partner referrals | Data not available |
| N26 | Germany | 2013 | Yes | 7M+ | $1.8B+ | Card interchange, premium tiers | Data not available |
| Monzo | UK | 2015 | Yes | 8M+ | $1.1B+ | Interchange, overdraft, premium plans | £15.4M profit (FY 2023) |
| Starling Bank | UK | 2014 | Yes | 3.6M+ | ~£500M | Lending, B2B banking services | £195M profit (FY 2023) |
| Varo | US | 2015 | Yes (since 2020) | 6M+ | $1.1B+ | Lending, interchange, interest margins | Data not available |
| Aspiration | US | 2013 | No | | | | |

स्रोत : https://sdk.finance/top-neobanks-of-2024-revolutionizing-the-banking-industry/

नेपालको छिमेकी देश भारतमा एक दर्जनभन्दा बढी नियो बैंक प्रचलनमा छन् । तर, भारतीय रिजर्भ बैंक (आरबीआई)ले पूर्ण रूपमा डिजिटल बैंकहरूलाई अनुमति दिएको छैन । नियो बैंकहरूले लाइसेन्स प्राप्त परम्परागत बैंकहरूसँग सहकार्य गरी भुक्तानी, ऋण र पैसा स्थानान्तणका काम गरिरहेका छन् ।

अवसरहरू कति हुन्छन्, कति अवसरहरू 'ट्रान्सलेट' र रूपान्तरण गर्न सकिन्छ भन्ने सबै अध्ययन गर्नुपर्छ । नियो बैंकका ग्राहक युवापुस्ता हुने देखिन्छ । विकसित प्रविधिलाई आत्मसात् गर्न सक्ने, त्यसलाई चलाउन सक्ने, बुझ्न सक्ने मान्छेहरू नियो बैंकका ग्राहक हुन्छन् ।

नियो बैंकले राष्ट्र बैंकबाट लाइसेन्स लिनुपर्ने हो कि कुनै एउटा बैंकसँग सहकार्य गरेर काम गर्ने भन्ने स्पष्ट छैन । अहिले सञ्चालित वाणिज्य बैंकहरूले पनि केही हदसम्म नियो बैंककै जस्तो सेवा दिइरहेको छन् । नियो बैंक सञ्चालन गर्न इमेल, इन्टरनेट र विद्युत्‌को आवश्यकता पर्छ । त्यसलाई आवश्यक पर्ने डाटा सेन्टर, ग्राहकको विश्वास बढाउन गर्नुपर्ने काममा पनि ध्यान दिनुपर्छ ।

### ■ अन्तर्राष्ट्रिय अभ्यास

नेपालको छिमेकी देश भारतमा एक दर्जनभन्दा बढी नियो बैंक प्रचलनमा छन् । तर, भारतीय रिजर्भ बैंक (आरबीआई)ले पूर्ण रूपमा डिजिटल बैंकहरूलाई अनुमति दिएको छैन । नियो बैंकहरूले लाइसेन्स प्राप्त परम्परागत बैंकहरूसँग सहकार्य गरी भुक्तानी, ऋण र पैसा स्थानान्तणका काम गरिरहेका छन् । भारतमा डिजिटल बैंकका रूपमा फिडोर, जुपिटर, फि मनी, फाम पे, इन्स्टेन्ट पे, राजर पे एक्सलगायत सञ्चालित छन् । नियो बैंकको इजाजतपत्र र नियामकीय ढाँचा लागू गर्ने पहिलो देश पाकिस्तान हो । स्टेट बैंक अफ पाकिस्तान (एसबीपी)ले डिजिटल बैंकहरूको लागि इजाजतपत्र र नियामकीय व्यवस्था गरेको छ ।

### ■ नेपालमा सञ्चालित परम्परागत बैंक तथा वित्तीय संस्था

नेपालमा हाल १०७ वटा बैंक वित्तीय संस्था छन् । जसमा वाणिज्य बैंक २० वटा, विकास बैंक १७ वटा, फाइनान्स कम्पनी १७, लघुवित्त ५२ वटा र एउटा पूर्वाधार विकास बैंक छ । यी बैंक तथा वित्तीय संस्थाहरू राष्ट्र बैंकबाट अनुमति प्राप्त गरेर सञ्चालित छन् । तर, अब सञ्चालनमा ल्याउन भनिएको नियो बैंक कस्तो हुने भन्ने खाका आएको छैन । के-केमा कसरी लगानी गर्ने ? ऋण कसरी दिने ? स्पष्ट नीति हुनु पर्छ । नत्र नियो बैंक नामको मात्र हुने निश्चित छ ।

*(पौडेल बैंक तथा वित्तीय संस्था परिसंघ नेपालका अध्यक्ष तथा नबिल बैंकका अध्यक्ष हुन् ।)*






मुकेशराज काफ्ले

# ऊर्जा : लोकरिझ्याइँको 'ब्याक गियर'

नेपालमा जलविद्युत्को उत्पादनयोग्य क्षमता ४२ हजार मेगावाट हाराहारी छ । आर्थिक र प्राविधिक रुपमा माइक्रो हाइड्रोपावरबाट १०० मेगावाट, वायु ऊर्जाबाट ३ हजार मेगावाट र सौर्य ऊर्जाबाट २१०० मेगावाट विद्युत् उत्पादन गर्न सकिने एक अध्ययनले देखाएको छ। नेपालमा जलविद्युत् आयोजनाको विकाससँगै ऊर्जा सुरक्षालाई पनि उत्तिकै ध्यान दिइएको छ । ऊर्जा खपत, ऊर्जा सुरक्षा र जलवायुमैत्री विकासलाई आर्थिक वृद्धिसँग जोडेर हेर्ने गरिएको छ। यो त्रिकोणात्मक रुटबाट हेर्दा दिगो विकासको आधार जलविद्युत् क्षेत्र देखिएको छ।

## वर्तमान स्थिति

अहिले नेपालको राष्ट्रिय प्रणालीमा ३ हजार ६ सय मेगावाट बिजुलीको जडित क्षमता छ। वर्षायामको ४ महिना पर्याप्त बिजुली हुन्छ। कतिपय ठाउँमा त बिजुली खेर (स्पिल) गइरहेको पाइन्छ । वर्षायाममा ६/७ सय मेगावाट बिजुली छिमेकी मुलुक भारत निर्यात हुने गरेको छ भने हिउँदमा अपुग बिजुली भारतबाट आइरहेको छ।

नेपालको राष्ट्रिय प्रणालीमा जडित प्रायः बिजुली अधिकांश नदी प्रवाहमा आधारित (रन अफ दि रिभर) प्रकृतिका जलविद्युत् आयोजनाबाट उत्पादन भएको हो । सरकारले २०७२ मा (म आफैं नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक हुँदा) ९९ बुँदामा ऊर्जा संकट निवारणकाल र ऊर्जा विकास दशक भनेर निकै व्यावहारिक र बजेटरी कार्यक्रम अघि बढायो। नयाँ जलविद्युत् आयोजनाहरू क्रमशः विकास गर्ने र १० वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखियो । त्यसमध्ये ४०-५० प्रतिशतसम्म स्टोरेज वा पम्प स्टोरेज, २५-३० प्रतिशत पिकिङ रन अफ दि रिभर (पीआरओआर), २०-२५ प्रतिशत रन अफ दि रिभर (आरओआर) र ५-१० प्रतिशत वैकल्पिक ऊर्जा (सौर्य र वायु) परियोजनाहरू विकास गर्ने लक्ष्य राखिएको थियो।

तदनुरुप काम भएको भए ऊर्जा सुरक्षा, सन्तुलनको सुनिश्चितता, वातावरणमैत्री विकास र आन्तरिक माग पूरा गर्न सक्षम हुने अवस्था रहन्थ्यो। तर, दशक सकिँदा लक्ष्यभन्दा दुई तिहाइ कम विद्युत् राष्ट्रिय प्रणालीमा जोडियो ।

**■ बनेनन् जलाशययुक्त आयोजना, इनर्जी मिश्रणको चिन्ता**

इनर्जी मिश्रणका हिसाबले नेपाल धेरै पछाडि परिसकेको छ । जलविद्युत्‌जस्तो रणनीतिक वस्तुमाथि पनि राजनीतिकरण भएको छ । सुरुवातमा ४०-५० प्रतिशत जलाशययुक्त जलविद्युत् आयोजनाको परिकल्पना गरे पनि स्वार्थसमूहको दबाबमा सरकारले २५-३० प्रतिशतमा सीमित गऱ्यो । जलाशययुक्त आयोजनाहरू घटाई आरओआर प्रकृतिका आयोजनाहरूको अनुपात बढाउँदै लगियो । अहिले पनि ५० प्रतिशतभन्दा बढी जलविद्युत् आयोजनाहरू आरओआर प्रकृतिका छन् । विद्युत् खरिद सम्झौता (पीपीए) गरेका र निर्माणचरणमा रहेका करिब २० हजार मेगावाट क्षमताका आयोजनाहरू आरओआर प्रकृतिका छन् । यसले इनर्जी मिश्रणको चिन्तालाई बढाइरहेको छ ।

पहिचान गरिएका कुनै पनि जलाशययुक्त विद्युत् आयोजना विकास हुनसकेको छैन । कर्णाली चिसापानी, कोशी उच्च बाँधजस्ता ठूला प्रकृतिका जलविद्युत् आयोजनाहरू अन्य देशसँगको सहकार्यमा कसरी अघि बढाउने भनेर विगतमा छलफलहरू भए । खासगरी भारतसँगको सहकार्यमा ती जलविद्युत् आयोजना विकास गर्न सकिन्छ कि भनेर वर्षौँदेखि छलफल भए तर कुनै टुंगोमा पुग्न सकिएन । अर्कोतिर, आन्तरिक स्रोत परिचालन गर्दै कतिपय जलविद्युत् आयोजनाहरू निर्माणमा लैजान सकिने खालका थिए । बूढीगण्डकी, दूधकोशी, माथिल्लो अरुण, तमोर र उत्तरगंगाजस्ता महत्वपूर्ण ठूला तथा जलाशययुक्त जलविद्युत् आयोजनाहरू स्वदेशी पुँजीमा बनाउने भने पनि अहिलेसम्म प्रगति भइरहेको छैन ।

**■ शक्तिशाली निजी क्षेत्र, निरीह सरकार**

विद्युत् उत्पादनमा अहिले पनि निजी क्षेत्र सरकारभन्दा अघि छ । विद्युत् वितरणलाई पनि भारतमा जस्तो कम्पनी बनाएर जिम्मा दिने र विद्युत् व्यापार गर्न निजी क्षेत्रलाई खुला गरिदिनुपर्छ भन्ने आवाज उठिरहेको छ । निजी क्षेत्रले आफ्नो बजार आफैं खोजेर विद्युत् व्यापार गर्छ भन्ने भनाइ छ । प्रतिस्पर्धी बजारमा निजी क्षेत्रलाई बन्देज लगाएर ऊर्जा क्षेत्रलाई संकुचनमा राख्नुहुँदैन । सरकारले खासगरी नीति बनाइदिने र मुख्य समस्या आउँदा हस्तक्षेप गरेर समाधान खोजिदिने मात्र हो ।

जलविद्युत्‌मार्फत देशको गरिबी न्यूनीकरण गर्ने र देशको आर्थिक वृद्धि हासिल गर्ने उद्देश्यमा सरकार केन्द्रीकृत हुनुपर्छ । तर, सरकार उद्देश्यलाई पन्छाएर खालि घरघरमा बिजुली पुऱ्याउने विषयमा ध्यान दिइरहेको छ । कुनै बेला एक चरणमा त्यो काम पनि महत्वपूर्ण कामभित्र पर्थ्यो तर अहिले त्यसतर्फ लागिरहनु आवश्यक छैन । आज कुनै एक जलविद्युत् आयोजना निर्माण सुरु गरियो भने सम्पन्न हुन झण्डै अर्को १० वर्ष लाग्छ । त्यसकारण विगतको लोकरिझ्याइँले समग्र ऊर्जा क्षेत्र अर्को एक दशक पछाडि धकेलिएको छ ।

अबको एक दशकपछि निजी क्षेत्र आन्तरिक रुपमा धेरै शक्तिशाली हुने देखिन्छ । त्यो बेला निजी क्षेत्रकै दबाबमा नीति बनाउनुपर्ने खतरा हुनसक्छ । चालू बजेटमा ल्याइएको 'टेक एन्ड पे'को व्यवस्थालाई यसको 'ट्रेलर'का रुपमा लिन सकिन्छ । समग्र ऊर्जा क्षेत्रका समस्या समाधान गर्न सरकार हिच्किचाइरहेको वा निरीह देखिएको छ । निजी क्षेत्र बलियो हुँदैमा डराउनुपर्छ भन्ने होइन । तर, जलविद्युत् क्षेत्रको विकास गर्न राज्य वा सरकार आफैं बलियो हुनुपर्छ । जलविद्युत्‌को विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ । मेरो कार्यकालमै १४० मेगावाटको तनहुँ जलविद्युत् आयोजना निर्माणको प्रक्रियामा लगिएको थियो । त्यसबाहेक अन्य जलाशययुक्त आयोजना निर्माण प्रक्रिया अघि बढ्नसकेको छैन । समग्रतामा अहिले जलविद्युत् क्षेत्र पूर्ण रूपमा 'कन्स्ट्रक्सन एन्ड जेनेरेसन होलिडे'को अवस्थामा पुगेको छ । तर, सरकारले ठोस योजना ल्याउन सकेको छैन ।

अहिले प्राधिकरणले निजी क्षेत्रद्वारा उत्पादित विद्युत्‌को तथ्यांक देखाएर वर्षेपिच्छे प्रगति विवरण देखाइरहेको छ । सरकारले सन् २०३५ सम्ममा २८ हजार ५ सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ । सपना देख्नु र योजना बनाउनु आफैंमा राम्रो हो, त्यसको विरोध गर्नु आवश्यक छैन । अब त पछिल्लो दश वर्षमा भएको जलविद्युत् क्षेत्रमा भएको कामको पुनरवलोकन (रिभ्यु) गर्नुपर्ने बेला भएको छ ।

> **राज्यले प्रसारण तथा वितरण प्रणालीलाई आफ्नो पहुँचमा राख्नुपर्छ । रणनीतिक महत्व र ऊर्जा सुरक्षाका हिसाबले संवेदनशील विषयका रूपमा रहेका प्रसारणलाइन निर्माण र विकास गर्दै सरकारमातहत राख्ने व्यवस्था हुनुपर्छ ।**

**पहिचान भएका तर निर्माणकार्य सुरु हुन नसकेका जलविद्युत् परियोजनाहरू :**

| क्र.सं. | जलविद्युत् आयोजनाको नाम | उत्पादन क्षमता(मे.वा.) | प्रारम्भिक लागत | स्थिति तथा अवरोध |
|---|---|---|---|---|
| १ | कर्णाली चिसापानी | १०,८०० | ११.४७ अर्ब | वित्तीय व्यवस्था नहुनु, त्रिपक्षीय सम्झौता निष्क्रिय आदि |
| २ | बूढीगण्डकी | १२०० | ३.१० अर्ब | वित्तीय स्रोतको अभाव, लगानी मोडालिटी अन्योल |
| ३. | पश्चिम सेती | ७५० | १.७२ अर्ब | वित्तीय व्यवस्था भएन, विदेशीकै आश |
| ४. | पञ्चेश्वर | ६४८० | ४.८० अर्ब | डीपीआर तयार, भारतीय लगानीको प्रस्ताव निष्क्रिय |
| ५. | दूधकोशी | ६७० | ३०० अर्ब | जग्गा अधिग्रहण गर्न जुटेन पुँजी |
| ६ | फुकोट कर्णाली | ४८० | ९२.३० अर्ब | डीपीआर तयार, ईआईएमा अलमल |
| ७ | माथिल्लो अरुण | १०६१ | २.१४ अर्ब | वित्तीय व्यवस्थापनमा सकस, भारतीय अनिच्छुक |
| ८. | तमोर | ७५६ | १.६९ अर्ब | डीपीआरमा अलमल, ढिलाइ र निष्क्रियता |
| ९. | उत्तरगंगा | ८२८ | १.४४ अर्ब | डीपीआरमा ढिलाइ, वित्तीय स्रोतको अभाव |

स्रोत : ऊर्जा मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण र सरोकारवाला निकाय



## ■ अस्थिर विकास नीति र ऊर्जा सुरक्षामा चुनौती

अहिलेसम्म जलविद्युत् क्षेत्रमा खर्बौं लगानी भइसकेको छ । ऊर्जा विकास मार्गचित्र-२०२५ को कार्यान्वयन गर्न अझै ६१ खर्ब चाहिने आकलन छ। त्यो पुँजी लगानी कहाँबाट जुटाउने भन्ने चुनौती कायमै छ।

राज्यका नीतिहरू जस्तै : परराष्ट्र नीति, जलस्रोत र विकाससम्बन्धी नीतिहरू त स्थिर हुनुपर्ने हो । तर, अस्थिर राजनीतिकै कारणले नयाँ मन्त्री आउनेबित्तिकै नयाँ नीति र कार्ययोजना बनाउने परिपाटीले निरन्तरता पाइरहेको छ, जुन गलत छ। हामीले कागजमा धेरै नीतिहरू बनायौँ तर कार्यान्वयनका क्रममा नीतिहरू परिवर्तन हुँदै गएका कारण अहिले समस्या निम्तिएको छ।

राज्यले प्रसारण तथा वितरण प्रणालीलाई आफ्नो पहुँचमा राख्नुपर्छ । रणनीतिक महत्व र ऊर्जा सुरक्षाका हिसाबले संवेदनशील विषयका रुपमा रहेका प्रसारणलाइन निर्माण र विकास गर्दै सरकारमातहत राख्ने व्यवस्था हुनुपर्छ । २०७२ मा २०८२ सम्म दश हजार मेगावाट विद्युत् उत्पादनको प्रक्षेपण भए पनि अहिले मुस्किलले ३ हजार ६ सय मेगावाट मात्र उत्पादन भएको छ। राज्यका नीतिहरू यो दश वर्षमा विकासमैत्री हुन सके कि सकेनन् ? र, अर्को दश वर्षमा ती नीतिहरू विकासमैत्री हुन्छन भन्ने ग्यारेन्टी के ? त्यो कुरा सरकारले प्रस्ट पार्नुपर्छ।

## ■ विद्युत् खपत र त्यसका फाइदा

पछिल्लो समय नेपालमा ऊर्जा खपतको विषयले निकै ठाउँ पाइरहेको छ। २०३५ सम्म १३ हजार ५ सय मेगावाट आन्तरिक खपत गर्ने, १० हजार मेगावाट भारतलाई बेच्ने र ५ हजार मेगावाट बंगलादेशलाई बेच्ने भनिएको छ। तर, ५ हजार मेगावाट बंगलादेशलाई बेच्न कसरी सम्भव होला ? त्यसको 'जस्टिफाइ' सरकारले गर्नसकेको छैन। अहिले मुस्किलले पनि १ हजार मेगावाट बिजुली भारतलाई बेच्न सकिएको छैन भने अबको १० वर्षमा १० हजार मेगावाट निर्यातको सपना कसरी पूरा होला ?

भारतले किन्छु भने पनि प्रसारण तथा वितरणलाइन स्थिर हुँदा पर्याप्त बिजुली निर्यात गर्न सक्ने अवस्था छैन । सरकार र नेतृत्वमा बस्नेहरूमा दीर्घकालीन दृष्टिकोण नहुँदा एक कदमअघिको विकासको गति देख्न पाइएन । अस्थिर राजनीतिका कारण मन्त्रिपिच्छेका नीति तथा योजनाहरू (मुलुक र देशका लागि भन्दा पनि आफू र आफ्नो स्वार्थपूर्ति)को भारी मुलुकले बोक्नु परिरहेको छ।

सरकार घरमा बिजुली बाल्ने विषयमा मात्रै केन्द्रित हुने हो भने अरु आयोजनाहरू नबनाए पनि हुन्छ। उद्योग तथा कलकारखानाले मागेजति बिजुली पाउनसकेका छैनन् । तसर्थ, सरकारले उत्पादित बिजुलीलाई विविधीकृत (डाइभर्सिफाइड) गर्नुपर्छ । जलविद्युत्मार्फत नै मुलुकले रोजगारीको अवसर सिर्जना गर्ने हो र उत्पादकत्व बढाउने हो । कृषि क्षेत्रका लागि सिँचाइ र पम्प बोरिङजस्ता प्रविधिको उपयोग बढाउँदै आन्तरिक रुपमा विद्युत्को खपत बढाउन सकिने धेरै क्षेत्रहरू छन् । यसपालि तराईमा धेरै सुख्खा भयो । कतिपय क्षेत्रमा विद्युतीकरण नभएकाले सिँचाइ भएन । विद्युतीकरण नहुँदा कृषिको उत्पादन र उत्पादकत्वमा समेत प्रभाव परिरहेको छ।

एक अध्ययनअनुसार नेपालले ९ प्रतिशतको आर्थिक वृद्धि हासिल गरेको खण्डमा सन् २०४० सम्ममा ४२ हजार मेगावाट बिजुली आन्तरिक रुपमा नै खपत हुने देखिएको छ। त्यसैले मुलुकको पहिलो प्राथमिकता विद्युत्को आन्तरिक खपतमै केन्द्रित हुनुपर्छ। एक युनिट बिजुली आन्तरिक बजारमा बेच्न सकियो भने पनि त्यसले नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा ३९ सेन्ट अर्थात् ५५ देखि ६० रुपैयाँबराबरको योगदान दिन्छ। त्यही एक युनिट बिजुली भारतमा बेच्दा ४ रुपैयाँ प्राप्त हुने हो । नेपालमा भने भारतलाई यति अर्बको बिजुली बेचेको भनेर हल्ला गरिन्छ। तर, त्यतिबेला सोही परिमाणको बिजुली आयात भइरहेको छ भन्ने बिर्सिन्छौँ ।

## ■ विद्युत् प्राधिकरण कहाँ चुक्यो ?

विद्युत् प्राधिकरणले बिजुली बेचेर आम्दानी गर्ने र नाफा कमाउने हो। प्राधिकरणले जति धेरै बिजुली बेच्न सक्छ, त्यति धेरै आम्दानी गर्ने हो। हिजो प्राधिकरणले ५० अर्बको बिजुली बेच्दा जति फाइदा गर्थ्यो। अहिले एक खर्बको बिजुली बेच्दा आम्दानी स्वतः बढ्ने अवस्था बनेको छ।

प्राधिकरणले विद्युत् चुहावट घटाउनुपर्नेछ । अनुत्पादक क्षेत्रमा खर्च घटाउनुपर्नेछ । एकातिर प्राधिकरण नाफामा छ भनिएको छ। तर, अर्कोतिर ५० अर्ब रुपैयाँ बक्यौता छ । प्राधिकरणको वासलातमा नाफा देखिन्छ । तर, बक्यौता उठाइएको छैन । सम्पूर्ण करकट्टी गरेपछि मात्र बाँकी रहेको रकम नाफा हुने हो । सार्वजनिक खपतका लागि र सस्तो लोकप्रियताका लागि जे पनि भनिदिने प्रवृत्ति बढेको छ । भित्र-भित्र प्राधिकरण कतै खोक्रो भइसकेको त छैन भन्ने आशंका जन्माएको छ।

अझै पाँच वर्ष भारतबाट बिजुली आयात नगरी नहुने स्थिति छ । हिउँदमा अपुग हुने बिजुलीका लागि स्टोरेज परियोजना बनाएर स्वदेशमै विद्युत् खपत गर्नुपर्छ। हुन त पहिल्यै १/२ वटा स्टोरेज प्रोजेक्टहरू निर्माण सुरु गरेको भए अहिलेको अवस्था आउने थिएन। त्यतिबेला नै ढल्केबर मुजफ्फरपुर ४०० केभी प्रसारणलाइन दीर्घकालीन सोचसहित निर्माण सुरु नगरेको भए अहिले पनि नेपालमा लोडसेडिङ कायमै रहन्थ्यो। विद्युत् निर्यात त कल्पनाबाहिरको कुरा हो।

राज्यको लगानीमा ढल्केबर प्रसारणलाइन बनेपछि मात्र बिजुली आयात र निर्यात गर्न सम्भव भएको हो। स्पष्ट दृष्टिकोण र भिजनका कारण ढल्केबर प्रसारणलाइनले आगामी ५०औँ वर्षका लागि नेपालको ऊर्जा क्षेत्रमा सकारात्मक नतिजा दिनेछ । यसबाट कम्तीमा एक हजार मेगावाट बिजुली आयातनिर्यात गर्न कुनै समस्या आउनेछैन।

## ■ 'टेक एन्ड पे'को बहस र दीर्घकालीन प्रभाव

अहिले 'टेक एन्ड पे' र 'टेक अर पे'का विषयमा बहस भइरहेको छ। यी विषय बजेटमा कहिले आएको थियो ? जलविद्युत् नीतिमा कहाँ 'टेक एन्ड पे' गर्ने व्यवस्था आयो ? यो त विद्युत् प्राधिकरण ऐन २०४१ ले प्राधिकरणको सञ्चालक समितिलाई दिएको अधिकार हो। बरु बढीभन्दा बढी मन्त्रिपरिषद्का निर्णयहरू यसमा

जोडिएलान् । यो व्यवस्था बजेटमा आएपछि त कानुनसरह नै भयो नि ! त्यो प्रावधान ल्याएको किन ? यस्तो खालको दिव्यदृष्टि कसको आएको हो ? त्यसकारण 'टेक एन्ड पे'लाई सकारात्मक हिसाबले हेर्न सकिने ठाउँ छैन ।

अब 'टेक एन्ड पे'को व्यवस्था सच्याइयो भनिएको छ । तर, त्यो भाषणमा मात्र सच्याइएको छ । कागजी रूपमा त्यो सच्चिएन किन कि बजेट सच्चिँदैन । बजेट भाषण त रेकर्डमा पनि रहँदैन । सच्याउँदा पनि कसरी सच्याइयो भने आयात र निर्यातको विषय जोडेर निर्यातमूलक जलविद्युत् आयोजना वा आन्तरिक खपत हुन सक्ने आयोजनाले मात्र पीपीए गर्ने भनिएको छ । यो व्यवस्थाको दीर्घकालीन प्रभावको कुनै ख्याल गरिएन ।

### ■ विद्युत् व्यापारमा भारत र चीन नीति

नेपाली बिजुलीको मुख्य बजार भारत नै हो । चीनसँग हामी विद्युत् व्यापारका दृष्टिले सुरुवाती अवस्थामा छौँ । तत्काल व्यापार गर्न सकिने अवस्था छैन । अर्को दश वर्ष चीनसँग विद्युत् व्यापार सुरु गर्न लाग्छ । हाम्रा दुवै छिमेकी मुलुकसँग परराष्ट्र नीति र व्यापार नीति सन्तुलित रुपबाट अघि बढ्नुपर्छ ।

भारतले पनि नेपालको बिजुली आयातमा कटौती गरेको छ । भारतले खुला बजारमा प्रतिस्पर्धा गर्न अनुमति दिएको छैन । र, भारतको अघोषित नीति चिनियाँ संलग्न कुनै पनि आयोजनाको बिजुली नकिन्ने भन्ने छ । चिनियाँ संलग्नताको लगानीमात्र होइन, निर्माण कम्पनी, ठेकेदार र कामदार भएका कुनै पनि जलविद्युत् आयोजनाको बिजुली भारतले नकिन्ने नीति लिएको देखिन्छ । यसको ज्वलन्त उदाहरण ४५६ मेगावाटको माथिल्लो तामाकोशीलाई लिन सकिन्छ । त्यसकारण, सरकारले कानुन र बजेटमा दीर्घकालीन प्रभाव पार्ने कुनै पनि प्रावधान र व्यवस्था राख्नुहुँदैन ।

### ■ सर्वोच्चको आदेश र जलविद्युत्मा त्यसको प्रभाव

विकास दीर्घकालीन र दिगो हुनुपर्छ । नेपाललाई दिगो रुपमा बिजुली चाहिन्छ । नेपालमा केही संरक्षित क्षेत्रहरू छन् । डल्फिन एउटा प्राणी हो । नेपालको कानुनले पनि डल्फिनलाई एउटा संरक्षित वन्यजन्तुअन्तर्गत राखेको छ ।

वातावरणीय प्रभावका विषयलाई बेवास्ता गरेर विकास सम्भव छैन । संरक्षित क्षेत्र किन घोषणा गरियो ? मध्यवर्ती क्षेत्रहरू किन घोषणा गरियो ? त्यसको आफ्नै महत्व छ नि ! सगरमाथाको आफ्नै महत्व छ । सगरमाथामा केबलकार बनाउँछु भनेर पाइन्छ त ? पक्कै पाइँदैन होला । त्यसकारण सर्वोच्च अदालतको निर्णयले ५ हजार मेगावाटका प्रस्तावित जलविद्युत् आयोजनालाई प्रभाव पर्ने देखिन्छ । त्यस्ता संरक्षित क्षेत्रमा जलविद्युत् आयोजना विकास गरिँदै छ भने त्यसको ईआईए र वातावरणीय प्रभावजस्ता विषयमा किन सूक्ष्म रूपले अध्ययन गरिएन ? लगानीकर्ताहरूको लगानी त डुब्ने भयो नि ! फेरि त्यहाँ जलविद्युत्लाई मात्र भनिएको छैन । जुनसुकै पूर्वाधारका आयोजना पनि संरक्षित क्षेत्रमा बनाउन नपाउने गरी अदालतले आदेश दिएको छ । अदालतको आदेश विकास गर्ने नाममा वातावरणको विनाश गर्नुहुँदैन भन्ने मान्यतामा आएको छ । विकास गर्न वातावरणको विनाशै नगर्ने, रुख नै नकाट्ने भन्ने कुरा होइन तर न्यून क्षति वा विनाश गरेर अधिकतम विकासका काम गर्नुपर्छ ।

> **विद्युत् प्राधिकरणले बिजुली बेचेर आम्दानी गर्ने र नाफा कमाउने हो । प्राधिकरणले जति धेरै बिजुली बेच्न सक्छ, त्यति धेरै आम्दानी गर्ने हो । हिजो प्राधिकरणले ५० अर्बको बिजुली बेच्दा जति फाइदा गर्थ्यो । अहिले एक खर्बको बिजुली बेच्दा आम्दानी स्वतः बढ्ने अवस्था बनेको छ ।**

### ■ बनेन लगानीमैत्री वातावरण, आगामी कार्यदिशा के ?

जलविद्युत्का लागि सबैभन्दा चिन्ताको विषय नै विद्युत्को बजार हो । जलविद्युत्मा बाह्य क्षेत्रले किन लगानी गर्छ ? विद्युत् उत्पादन गरेर बेचेपछि फाइदा हुने भएर नै बाह्य क्षेत्रले लगानी गर्ने हो अर्थात् लगानीकर्ताको एउटै उद्देश्य हो- कमाउने । तर, नेपालको सन्दर्भमा विद्युत् बजार निकै सानो छ । अहिले पनि देशभर 'पिक आवर'मा २१/२२ सय हाराहारीमा विद्युत्को खपत हुन्छ । अरु बेला औसतमा १४/१५ सय हाराहारीमा विद्युत्को लोड खपत छ । हिउँदयाममा त उत्पादन घट्ने कारणले भारतबाट आयात गर्नुपर्ने बाध्यता छ ।

७५० मेगावाटको पश्चिम सेती जलविद्युत् आयोजना कहिले चीनले त कहिले स्मेकले बनाउने भनेर लामो समय 'होल्ड' भयो । अन्ततः सरकारले भारतीय कम्पनीलाई परियोजना सुम्पेको छ । भारतीय लगानीकर्तालाई नेपालमा विद्युत् व्यापार गर्न सहज छ किन कि उनीहरूको बजार सुनिश्चित छ । तर, चिनियाँ लगानीकर्ताले लगानी गर्न नचाहनुको पछाडि उनीहरूले विद्युत् बजारको सुनिश्चितता देख्दैनन् । अझ भारतले आफूबाहेकका चीनसहितका अन्य मुलुकहरू संलग्न परियोजनाको बिजुली नकिन्ने अघोषित नीति लिएका कारण बाह्य लगानीकर्ताले जलविद्युत्मा रुचि देखाएका छैनन् । सरकारले जलविद्युत् क्षेत्रमा लगानीमैत्री वातावरण बनाउन सकिएको छैन । लगानी गरिसकेपछि त्यसको प्रतिफलको ग्यारेन्टी भएमा लगानीकर्ता पक्कै आउँछन् ।

नेपालले जलविद्युत् क्षेत्रमा लगानी गर्न अन्तर ष्ट्रिय लगानीकर्तालाई आग्रह गर्दै आएको छ । तीन पटकसम्म लगानी सम्मेलन भयो । तर, कुनै पनि परियोजनामा लगानी आएको छैन । लगानी सम्मेलन गर्दैमा लगानीकर्ता आकर्षित हुन्छन् भन्ने पनि होइन । प्रचलित नियम, कानुनले लगानीको वातावरण बनाउन सहजीकरण गरिदिनुपर्छ । लगानीकर्तालाई सुविधा र सहुलियत पनि दिनुपर्छ ।

### ■ निष्कर्ष

लगानीको प्रतिफलको सुनिश्चितता गरिदिएको खण्डमा स्वदेशी मात्र होइन, विदेशी लगानी पनि आउने अवस्था बन्छ । निजी क्षेत्रलाई प्रोत्साहन गर्ने, सरकारी नीतिनियममा सहजीकरण गर्ने र बाह्य लगानी भित्र्याउने वातावरण सिर्जना गर्नुपर्छ । सन् २०१६ मा ०.४३ प्रतिशत रहेको नेपालको आर्थिक वृद्धिदर सन् २०१७ मा ह्वात्तै बढेर ९ प्रतिशत पुगेको थियो । जुन दक्षिण एसियाका मुलुकमै दोस्रो स्थानको आर्थिक वृद्धि नेपालले हासिल गरेको थियो । त्यो वर्ष विश्वमै आर्थिक वृद्धिदर बढी हुनेमा नेपाल छैठौं मुलुकमा परेको थियो । सन् २०२० मा विश्वव्यापी कोरोना महामारीले नेपालको आर्थिक वृद्धिदर नेगेटिभ (ऋणात्मक) बनायो । त्यसयता शिथिल बनेको नेपालको अर्थतन्त्र अहिलेसम्म पनि बौरिन सकेको छैन ।

आन्तरिक खपत गरेर बाँकी रहेको बिजुली मात्र बेच्नुपर्छ । पहिला त उद्योगहरूमा बिजुली पुऱ्याउनुपऱ्यो । कृषि र सिँचाइका लागि बिजुली चाहिएको छ । तराइमा डिप बोरिङ खनेर मात्र हुँदैन, विद्युत् अभावका कारण सञ्चालनमा नआउँदा सिँचाइ भइरहेको छैन । त्यसैले तराईमा विद्युतीकरणमा ध्यान दिनुपर्छ । आन्तरिक खपतका क्षेत्रहरूमा विद्युतीकरण गर्ने, निर्माणप्रक्रियामा आइपर्ने प्रक्रियागत झन्झटमा सरकारले सहजीकरण गर्ने, पुँजी व्यवस्थापन गर्ने र प्रसारण र वितरण प्रणालीको सुधार गर्दै गुणस्तरीय बिजुली उत्पादन गर्नसकेमा मुलुकले आर्थिक विकासको कोल्टे फेर्न सक्छ ।

*(काफ्ले नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक हुन्)*

# जेनजी आन्दोलन, प्रतिस्पर्धा र सम्पत्ति बीमा



। राजेन्द्र मल्ल



। सञ्चित बज्राचार्य



सन् २०१५ पछि भूकम्पका कारणले घरहरूको बीमा बढेको छ। अहिले सहरी क्षेत्रमा ४० प्रतिशतभन्दा बढीले घर बीमा गरिसकेका छन्। ग्रामीण क्षेत्रमा अझै बीमाको पहुँच पुगेको छैन। ठूला ठूला भवनहरू बनाउनेले बैंकबाट कर्जा लिँदा बैंकबाट बीमा गराउने हुँदा गर्ने गरिएको छ। अन्यथा बीमा नगर्ने बानी छ। तर एक करोड रुपैयाँको वार्षिक ४ हजार प्रिमियम तिरेर सम्पत्ति सुरक्षित गर्न सकिने भएकोले बीमा गर्नुपर्छ र यसमा जनचेतना हुनुपर्छ।

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका कारण ३ हजार २ सय ४६ बीमा दाबीबाट २३ अर्ब ४६ करोड रुपैयाँ दाबी भुक्तानी माग गरिएको छ। यसबीचमा ४ अर्ब रुपैयाँ भन्दा बढी प्रारम्भिक भुक्तानी पनि भएको छ। यो घटनापछि बीमा कम्पनीहरु एक प्रकारको दवाबमा छन्। बीमाको पुनर्बीमा हुन भएपनि केही हिस्सा बीमा कम्पनीहरुको भागमा पनि पर्छ। यसले केही कम्पनीहरुलाई अप्ठ्यारो पर्ने सम्भावना छ।

यही अप्ठ्याराबीच पनि बीमा क्षेत्रको नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले बीमा सचेतना कार्यक्रम पटक-पटक सञ्चालन गरिरहेको छ। फलतः विगतभन्दा धेरै बीमा बढ्दै गएको छ। अहिले प्रदेश तहमा पनि प्राधिकरणले सचेतनामूलक कार्यक्रमहरू गरिरहेको छ। त्यति सचेतनामा अलिकति जुन किसिमले द्रुतगतिमा हुनुपर्ने थियो, त्यो भने भएको छैन। बीमा सचेतना कार्यक्रम गर्न मैले बीमा कम्पनीको हैसियतले सचेतना कार्यक्रम एफएममार्फत गर्दा धेरै प्रभावकारी हुने सुझाव दिएका छौं।

बीमा सचेतनाको लागि कञ्जुस्याइँ गरेको भन्न मिलेन। हाम्रो काम गर्ने तौरतरिका अन्तरर्राष्ट्रिय अभ्यासअनुसार जानुपर्ने हो तर अलिकति परम्परागत रुपमा छौं। बाहिर स्वास्थ्य, सम्पत्ति र गाडीहरूको अनिवार्यजसरी बीमा भएको हुन्छ। नेपालमा त्यो सबै कुरा बीमा क्षेत्रमा हामी आवश्यकताको रूपमा नगरीकन एउटाचाहिँ गरिदिऊँ न भन्ने किसिमबाट छ। तर बीमा गर्नु आवश्यकतै हो। अहिले स्वास्थ्य बीमा हरेकलाई दिने भन्ने कुरा आइरहेको छ। यस्तो कुरा सरकारले गर्नेभन्दा बीमा कम्पनीहरूलाई नै जिम्मा दियो भने सरकारको राजस्वमा पनि कम खर्चिन जान्छ र सबै बीमितले पनि लाभ पाउँछन्। प्राधिकरणले पनि नियामकीय हैसियतले यसलाई संवर्द्धन र प्रवर्द्धन गर्ने कार्यमा लागिरहेको छ।

बीमा प्राधिकरण र बीमा कम्पनीले पनि बीमा व्यवसायको संवर्द्धन र प्रवर्द्धनका लागि सक्रिय रुपमा बजार बढाइरहेका छन्। हरेक वर्ष व्यवसाय वृद्धि हुनु यसैको उदाहरण हो। सायद, अबको केही वर्षमा बीमाबारे आममानिस पूर्ण जानकार हुनेछन्।

अहिले अधिक प्रिमियम बीमाको कुरा छ। त्यसको एउटा दर हुन्छ। अहिले आएको नयाँ समस्या के हो भने नेपालमा दुईवटा रिइन्स्योरेन्स (पुनर्बीमा) कम्पनीहरू छन्। ती दुईलाई हामी बीमा कम्पनीहरूले ६-६ प्रतिशत व्यवसाय बराबर बाँडेर दिनुपर्ने अवस्था छ। दुई कम्पनीमा आन्तरिक प्रतिस्पर्धा हुनुपर्ने थियो तर अहिले प्रतिस्पर्धाविना भाग लगाएर दिने गरिएको छ। आफूलाई चाहिएको नेपाल रिइन्योरेन्सले लिने र नचाहिएको विदेशी पुनर्बीमा कम्पनीमा जानुपर्दा हामी निर्जीवन बीमा कम्पनीहरूलाई महंगो परेको छ। अरुले छोडेको व्यवसाय लिने हुँदा पुनर्बीमा महंगो परेको हो। यसको मार बीमितहरूलाई परिरहेको छ। खास कुरा र समस्या त्यही हो। नेपालको पुनर्बीमाले छानेर व्यवसाय लिइरहँदा प्रिमियम महंगो भएर समस्या सिर्जना भइरहेको छ।

अर्को कुरा, दाबी भुक्तानीमा समस्या हुनुहुँदैन, कसैले बीमा गरेपछि बीमा कम्पनीहरूले भुक्तानी दिनैपर्छ। यसमा कुनै दुविधा छैन। यसमा बीमितहरूले पनि बीमा दाबी गर्दा चाहिने कागजात समयमै दिनुपर्छ। कहिलेकाहीँ एउटा निवेदन पठाउने दाबी कागज नपठाउँदा ढिलासुस्ती हुन गएको हो।

हामी बीमा कम्पनीहरूको निर्जीवन बीमा व्यवसायी संघ छ। यो संघले र बोर्डले पनि बीमितको पैसा समयमा पाएको छ/छैन भनेर 'वाचलिस्ट'मा हेर्ने गरेका छौं। भुक्तानी पनि सययमै दिने कार्य गरिरहेका छौं।

यसमा विवाद आउनुहुँदैन। बीमामा बीमितले भुक्तानी पाउनुपर्छ। तर यसमा एउटा

समस्या भनेको सर्भेयरको हो । एउटै खालका सर्भेयरले धेरै व्यवसाय लिने र समयमा काम नगर्ने भएकोले यसलाई अलिकति क्याटेगोरी राखेर कति वटासम्म दिने र त्यसपछि अर्कोमा जाने एउटा विधि गर्नुपर्छ । त्यसको लागि बीमा प्राधिकरणले काम गरिरहेको छ ।

जलविद्युत् एउटा ठूलोखालको बीमा हुने क्षेत्र हो । यसमा ठूलो धनराशि चाहिन्छ । हामीले जोखिम व्यहोर्न सक्दैनौँ भने त्यो अन्तर र्राष्ट्रिय बजारमा जान्छ । नेपालको रिइन्योरेन्सले हुने कुरा लिएर अरु छोड्ने भएकोले बाहिरका रिइन्स्योरेन्सले यो जलविद्युत् परियोजनामा धेरै प्रायःजसो क्षति अझ वर्षातृको समयमा हुने भएकोले यसलाई लिन हिच्किचाइरहेका छन् । अलिकति यो महंगिएको अवस्था छ ।

यसलाई व्यवस्थित बनाउन नेपालमा भएका दुईवटा रिइन्योरेन्स कम्पनीलाई बराबरी दिने कुरामा आन्तरिक प्रतिस्पर्धा गर्नुपर्‍यो । ६/६ गरेर १२ दिने ठाउँमा हामी २० प्रतिशत नै दिऊँला । समस्या भएन तर छानेको लिने र अरु छोड्ने काम हुनुभएन । आन्तरिक २ वटा कम्पनीलाई प्रतिस्पर्धा गराउनैपर्छ । हरेक वर्ष प्राकृतिक प्रकोप भइपरी आउने क्षति हो । यसमा सम्पत्ति भनेर जमिन, पहाड, बाटो, सडकको बीमा नै गरिएको छैन । त्यसबाहेक सामान ढुवानी हुनेदेखि गाडी र सामानको बीमा भइरहेको छ ।

नेपालको रिइन्योरेन्सले छानी छानी व्यवसाय लिएर अरु छोड्ने कामलाई रोक्नुपर्छ । छोडेको व्यवसाय अन्तर्राष्ट्रिय पुनर्बीमकले लिन मान्दैन । बीमा भनेको पनि एउटा व्यवसाय हो । कसैले पनि आफूलाई टाट पल्टिने गरी व्यवसाय लिँदैन । आफूलाई एकमुठी के राम्रो हुन्छ भनेर हेर्छ । यसले गर्दा नेपालका रिइन्योरेन्सले ‘सेलेक्टिभ बिजनेस’ नेपालमा राख्ने र अरु छोड्ने काम नगर्ने हो भने जलविद्युत् परियोजनाको बीमामा समस्या आउँदैन ।

नेपालको सन्दर्भमा सम्पत्ति बीमा हुन नसक्नुमा चेतनाको कमी मुख्य कारण हो । जनामानसमा यसबारे चेतना फैलिन सकेको छैन । अतः पहिला सबैले बीमा भनेको के हो भनेर बुझ्नु जरुरी छ । सम्पत्ति बीमा संसारभर छ । आफ्नो सम्पत्तिको बीमा आफैँले बुझेर गर्नुपर्छ ।

बीमा गराउँछौँ भनेर हामी स्थापित भएका हौँ । हाम्रो कामै त्यही बीमा गराउने हो । कम्पनीले कुनै पनि बीमा नगरी छोड्न चाहँदैन । तर हामीले छोड्न नचाहेर भएन, गर्नेले गर्नुपर्छ । सबैले सम्पत्ति बीमा आफ्नै जोखिम वहन गर्ने हो । कम्पनीको लागि बीमा गरेको होइन भनेर बुझ्नुपर्छ ।

जसले बीमा गर्छ, ऊ दायित्वबाट मुक्त हुन्छ । सबैले आफूलाई कसरी घाटा हुँदैन भनेर सोच्नुपर्छ । बीमाबारे चेतना बढ्न नसक्नु मुख्य कारण हो । एउटा कम्पनी स्थापित भइसकेपछि व्यवसाय विस्तार कसरी हुन्छ भनेर लागिरहेको हुन्छ । आफ्नो उद्देश्यमा सफल हुन हामीले बीमा गर्न, गराउन र दायित्व तिर्नुपर्छ । त्यसबाट २/४ पैसा जोगाउन कम्पनीलाई चलाउनुपर्ने भएकोले हामी आफ्नो स्रोत साधनअनुसार बीमा सचेतनाको लागि लागिरहेका छौँ । नत्र कसरी कम्पनी चल्छ ? बीमा सचेतना कार्यक्रमहरु भइरहेको र गरिरहेको हुन्छ । तर यतिले मात्रै पुग्दैन । समाजमा स्वार्थी भएर सोच्दा बीमा हुन नसकेको हो । बीमा गरौँ भन्दा यसलाई व्यापार चाहिएको भन्ने चलन छ । अहिले बजारमा प्रतिस्पर्धा भएकोले फरक ढंगले परिभाषित गरिरहेका हन्छन् । अब सम्बन्धित निकाय राम्रोसँग लाग्नुपर्छ ।

सरकारले शिक्षामा बीमा पनि राख्नुपर्छ । विश्वविद्यालय तहमा नभई तल्लो तहमै समावेश गर्नुपर्छ । विश्वविद्यालय शिक्षाले कम्पनीलाई स्थापित र दक्ष जनशक्ति उत्पादन गर्ला तर व्यापार बढ्दैन । यदि बीमा र व्यापार बढाउने हो भने बीमालाई आधारभूत शिक्षामा राख्नुपर्छ । आगामी दिन बीमाको दायरा बढाउन फरक ढङ्गले सोच्नुपर्छ ।

प्रिमियम भनेको रिइन्स्योरेन्सअनुसार निर्धारण हुने हो । हामीले एउटाको लागि प्रिमियम निर्धारण गर्ने होइन । एक करोडको घरको लागि करिब ५ हजार रुपैयाँ प्रिमियम पर्ने भएकोले ठूलो रकम होइन । अहिले बाहिर गएर खाजा मात्र खाने हो भने योभन्दा धेरै खर्च हुन्छ भनेर विचार गर्नुपर्छ ।

भुक्तानी नपाइने भन्ने गलत धारणा पनि




समाजमा विकास भइरहेको पाइन्छ । बीमा गरेर क्षति भयो भने भुक्तानी पाइन्छ । कहिलेकाहीँ केही प्रक्रिया नपुग्दा ढिलोचाँडो वा पैसा कम हुनसक्छ । वास्तविकता नबुझ्दा यस्तो भएको हो । प्रिमियम अधिक र न्यून भन्ने कुरा नै गलत छ । व्यक्ति आफैँले आफ्नो जोखिम निर्धारण गरेर त्यसैका आधारमा प्रिमियम तय हुने कुरा पनि बुझ्नुपर्छ ।

दाबी भुक्तानीको समस्या भनेर यसलाई विवाद बनाइएको हो । यहीँ कसैले बीमा गरेको छ र उसले दाबी भुक्तानी नपाएमा नियमनकारी निकायले कारबाही गर्छ । भोलि कम्पनीले दाबी तिरेन भने अर्को व्यापार बढाउन सक्दैन । आज एउटा दाबी नतिरेर कति फाइदा गर्छ र ? त्योभन्दा बढी उसले प्रिमियम संकलन गरेर आफ्नो व्यापार बढाउन सक्छ । यति धेरै प्रतिस्पर्धीहरु छन्, एउटा कम्पनीले बीमा गरेन भने अरु कम्पनी तयार हुन्छन् ।

देशमा बीमाबारेको चेतना र बुझाइको कमी छ । लिनेले धेरै लान खोज्छ, दिनेले थोरै दिन खोजिरहेको हुन्छ । तर यसमा कोही सफल हुन खोज्दैनन् । नियमअनुसार यहाँ सबै टिक्नुपर्छ । लिनेले आफूले चाहिनेभन्दा बढी लिन नपाउने भएकोले विवाद भएको हो । बीमाको नियमलाई मान्नुपर्‍यो । एउटा घरको ५० लाखको बीमा गरेर एक करोडको भुक्तानी दाबी गर्दा बजारको मूल्यले नदिने भएकोले समस्या देखिएको छ ।

जलविद्युत् आयोजना 'रिस्क' लिने ठाउँमा हुने भएकोले कम्पनीहरुलाई अलिकति 'रिस्क' हुन्छ । कम्पनीले बीमा गरेपछि रिइन्योरेन्स गर्नुपर्छ । यहाँ सबैले केही नाफा हुन्छ भनेर काम गरेर बसेका हुन्छन् । जोखिम हुने कुरामा कम मूल्यमा बीमा गर्न सकिँदैन । अहिले भएको त्यही हो । 'रिस्क फ्याक्टर' भएकोले यसअनुसारको मूल्यांकन गरेर बीमा दर कायम हुनेछ । जोखिमयुक्त आयोजनाहरुको बीमा एउटा कम्पनीले मात्र गर्ने होइन, यो परस्पर बाँडेर संकलन गरेर दिने हो । बीमा कम्पनीले यहाँको मात्र हेरेर हुँदैन ।

हामीले पुनर्बीमा गरेको कम्पनीले पनि हेर्छ । रिस्क विश्लेषण गरी प्रक्रिया पुर्‍याएर बीमा गर्दा जुन किसिमको नतिजा आउँछ, त्यसमा सन्तुष्ट हुन नसकेको हो । मैले बीमा गर्न सक्छु भनेको मैले दायित्व वहन गर्ने भन्ने हो । बीमितले लिएर आएको एउटा दरमा कम्पनीले बीमा गर्न या नगर्न पनि सक्छ । यो बीमा मैले मात्र लिने होइन, अरुलाई पनि 'सेयर' गर्नुपर्छ । सबैको रिइन्योरेन्स छुट्टाछुट्टै हुन्छ । यी कम्पनीहरुको क्षमता पनि एउटै हुँदैन ।

जोखिम वहन गर्ने क्षमता मेरो कम्पनीले गर्छ भने गर्ने हो । होइन भने सस्तोमा गर्न सक्नेले बीमा गर्छन् । योभन्दा बढी र कममा बीमा गर्न सकिँदैन भने भन्नुपर्छ । अहिले भइरहेको यही हो । दायित्व भुक्तानी गर्न नसक्ने कम्पनीले कम प्रिमियममा बीमा गर्दा दाबी भुक्तानी तिर्न नसकेका हुन् । यसमा बीमितले पनि कम्पनीहरुमा बुझेर गर्नुपर्ने हुन्छ । बीमितले सस्तो प्रिमियमभन्दा बीमा कम्पनीको गुणस्तरीय पक्ष हेर्नुपर्छ । महंगो प्रिमियम तिरेपछि त्यसले जोखिम वहन गर्छ भनेर बुझ्नुपर्छ ।

बीमा कम्पनीले जोखिम लिएपछि त्यो रिइन्योरेन्समा पठाउने हो । उसले स्वीकार गर्‍यो भने कम्पनीलाई सजिलो हुन्छ । तर स्वीकार भएन भने कम्पनीलाई समस्या हुन्छ । अर्बौंको दायित्व एउटा कम्पनीले मात्र लिन सक्दैन । यदि रिइन्योरेन्सले कुनै रिस्क लिन खोजेन भने बीमा कम्पनीले व्यवसाय गुमाउने अवस्था आउँछ । इन्योरेन्स भनेको जोखिम बाँडिँदै जाने कुरा हो ।

हामीले लिएको चिजलाई रिइन्योरेन्सले पनि अस्वीकार नगर्ने गरी लिनुपर्छ । तोकिएको शुल्कभन्दा कम भयो भने मात्र नलिने हो । तर शुल्कअनुसार बीमा भएको हो भने लिनुपर्छ । यस्तो हुँदा निर्जीवन बीमामा रिइन्योरेन्सको समस्या कम हुन्छ । अनिवार्यबाहेकका सम्पत्तिको हकमा निजी क्षेत्रका मानिसहरूले विगतभन्दा दिनप्रतिदिन बीमाको दायरा बढाउँदै गएका छन् । सम्पत्ति बीमाको हकमा सरकारी पक्षले बीमा गर्दै गर्दैनन् । सरकारले पनि विशेष गरी ठूला-ठूला भौतिक पूर्वाधार, घर र गाडीहरूको बीमा गर्नुपर्छ । बीमामा छुट्याएको सानो रकमले आफ्नो भविष्य सुरक्षित हुने कुरामा अहिलेसम्म सरकारबाट कुनै बजेट खर्च भएको छैन । यो कुरा छिटोभन्दा छिटो गर्नुपर्छ । यसमा अन्तर्राष्ट्रिय अभ्यासअनुसार काम गर्ने हो भने मुलुकलाई पनि फाइदा पुग्छ । जेनजी आन्दोलनपछिको राम्रो पक्ष के भने मानिसहरुमा बीमा गर्नुपर्छ र आफ्नो सम्पत्ति सुरक्षित राख्नुपर्छ भन्ने सोच विकास भएको छ । यो सोचले निरन्तरता पाएमा आगामी दिन बीमा क्षेत्रको विस्तार मात्रै नभएर मुलुकको अर्थतन्त्र सबल र भयरहित बन्न भूमिका खेल्छ ।

*(मल्ल निर्जीवन बीमा व्यवसायी संघका अध्यक्ष र बज्राचार्य प्रभु इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत हुन्)*





। राजकुमार क्षेत्री

# 'टेक अफ' हुन नसकेको नेपालको हवाइ क्षेत्र

नेपालको हवाइ यातायातमा आममानिसको पहुँच नपुग्नुमा कारणहरू छन् । पहिलो, नेपालमा हवाइ यातायातका लागि आवश्यक कुनै पनि सामग्री उत्पादन हुँदैन, सबै आयात गर्नुपर्छ । भारतमा आर्थिक रूपमा हवाइ यातायात सस्तो छ किनभने धेरै सामग्री त्यहीँ बन्छन् । स्वदेशमा धेरै वस्तु उत्पादन हुँदा सामान खरिदमा लगानी कम पर्छ, खरिद लागत कम परेपछि स्वतः सेवा सस्तो हुन्छ । एकातिर सबै वस्तु बाहिरबाट किन्नुपर्ने र अर्कोतिर सरकारले विभिन्न कर लगाउने गरेका कारण जहाज खरिद लागत नेपालमा बढी पर्न अन्यत्रभन्दा हवाइ यातायात महंगो भएको हो । विदेशी वस्तुसँगको तुलनामा धेरै वस्तु (सामग्री)हरू नेपालमा महंगो नै परिरहेको हुन्छ ।

दोस्रो, नेपाल क्षेत्रफलका हिसाबले सानो र कम जनसंख्या छ । अनि नेपाली जनताको क्रयशक्ति कमजोर छ । आर्थिक अवस्था बलियो हुन्थ्यो भने सबैले जहाज नै चढ्थे होला ।

### ■ भाडा घटाउन करछुट वा अनुदान

हवाइ यातायातको मूल्य मनपरी निर्धारण हुँदैन । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहभागितामा नेपाल नागरिक उड्डयन प्राधिकरणले एउटा समूह बनाएर मूल्य निर्धारण गरेको हुन्छ । हवाइ सेवा प्रदायक (एयरलायन्सहरू)ले पनि आफ्नो सञ्चालन लागत प्राधिकरणमा रिपोर्ट गरेका हुन्छन् । त्यसलाई पनि भाडादर निर्धारणको आधार बनाइन्छ । न्यूनतम र अधिकतमसहितको आधारलाइन बनाएर भाडादर कायम गरिएको हुन्छ । एयरलाइन्सहरूले त्यसैको सीमाभित्र रहेर भाडा तोक्ने र एकआपसमा प्रतिस्पर्धा गर्ने गर्दछन् । इन्धनको दर बढ्यो, कसैले ल्याएको कुनै सामानको बढी परेको छ भने एयरलाइन्स कम्पनीले प्राधिकरणलाई जानकारी दिएको हुन्छ । त्यसैको आधारमा विज्ञसमूहमा छलफल गरेर मूल्य निर्धारण गरिन्छ ।

इन्धनबाट वृद्धि वा घट्ने भाडालाई छाड्ने हो भने सामान्यतया दुई/तीन वर्षमा भाडा बढेकै हुन्छ । बाहिरबाट आउने सामानको लागत नै बढी पर्ने भएकाले त्यसको असर पर्ने गरेको हो । एयरलायन्सले चाहेर एकैपटक भाडादरमा ठूलो फेरबदल हुँदैन । अर्थात् १० हजार रहेको भाडा बढेर एकैपटक १५ हजार हुने वा घटेर एकै पटक ३ हजार रूपैयाँ हुने भन्ने हुँदैन । क्रमिक रूपले थोरैथोरै घटबढ हुन्छ । २० प्रतिशत कर लाग्ने ठाउँमा सरकारले घटाएर १० प्रतिशत, १२ वा १५ प्रतिशत गरिदियो भने अलिकति भए पनि भाडा घटाउन मद्दत मिल्छ । सरकारले इन्धनमा कर लिइरहेको हुन्छ । जहाज किनेर ल्याउँदा कुनै कर लिइरहेको हुनसक्छ । एयरलाइन्सले कमाएको आम्दानीमा आयकर लाग्दछ । यस्तो अवस्थामा कतै कुनै छुट वा राहत मिल्यो भने भाडा दर घटाउन मद्दत मिल्छ ।



■ **फाइदा नदेखेर एयरलायन्स आएनन्**

नेपालको हवाइ बजार सानो छ, आम्दानी पनि कम नै छ। आन्तरिक उडानका लागि धेरै एयरलायन्स छन्। अन्तर्राष्ट्रिय उडानका लागि नेपाल वायुसेवा निगम (एनएसी) मात्रै हो। निगम पनि धराशायी भएकाले बाहिरका एयरलायन्सहरूले नेपालमा लगानी गर्न इच्छा नदेखाएको हुनसक्छ। कम जनसंख्या र कमजोर क्रयशक्तिका कारण एयरलाइन्सको लगानीमा फाइदा नदेखेर विदेशी कम्पनीहरू नआएका हुन सक्छन्।

■ **निजगढ बनाउँदा भारतसँग सम्झौता आवश्यक**

निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल हचुवाको भरमा बनाउन हुँदैन। भारतसँग मज्जाले छलफल (लिखित सम्झौता) गरेर भैरहवा र पोखरा विमानस्थलले भोगेको बाधा नआउने सुनिश्चित भएपछि मात्रै निजगढमा विमानस्थल बनाउनुपर्छ। एकदमै आवश्यक हो भने मात्रै निजगढमा विमानस्थल बनाउनुपर्छ। नत्र, पोखरा र भैरहवाकै अवस्था आउँछ। दोहोऱ्याएर गल्ती गरिनुहुन्न।

पोखरा र भैरहवा विमानस्थल नचल्नुको एउटा मुख्य कारण ट्राफिक पनि हो। नेपालमा विदेशी पर्यटक आएर वर्षभरि उडान गर्ने हुँदैन, नेपाली यात्रु नै उड्ने हुन्। पोखरा र भैरहवा विमानस्थलबाट उड्न गाह्रो छ किन कि अधिकांश नेपाली वैदेशिक रोजगारीका लागि विदेश जान्छन्, घुम्न जाने २-५ प्रतिशत होलान्। काम गर्न जाने श्रमिक जहाज चढ्न पोखरा वा भैरहवा पुग्दैन। बाँकी हरेक कामका लागि काठमाडौं नै आउनुपर्छ।

छिटो राहदानी लिनु छ भने पनि काठमाडौं आउनुपर्छ। हवाइ टिकटमा छुट दिनसक्ने ट्राभल एजेन्सीहरू, श्रमिक विदेश पठाउने मेनपावर कम्पनीहरू काठमाडौंमै छन्। मेडिकल जाँचलगायतका अन्य काम पनि काठमाडौंमै हुन्छन्। पोखरा वा लुम्बिनी घुम्न आएका पर्यटक पनि दूतावासको प्रक्रिया मिलाउन होस् वा अन्य कामका लागि काठमाडौंमै आउनुपर्ने बाध्यता हुन्छ। सबै समूहले सबै काम काठमाडौंमा गर्नुपर्ने भएपछि फेरि भैरहवा र पोखरा गएर जहाज कसले चढ्छ ?

श्रमिक होस् वा पर्यटक सबैका लागि चाहिने सरकारी होस् वा निजी क्षेत्रबाट प्रदान गरिने सेवासुविधा, सम्बन्धित सहरमा उपलब्ध गराएमा मात्रै सम्बन्धित क्षेत्रका विमानस्थलहरू सञ्चालनको आधार बन्छ। प्राधिकरणले मात्रै गरेर वा एयरलायन्स कम्पनीले चाहेर मात्रै हुँदैन, नेपाल सरकार आफैँ संवेदनशील भएर काम गर्नुपर्छ। किन सम्बन्धित विमानस्थल चलेनन् भनेर चनाखो बन्नुपर्छ। ठूलो ऋण लिएर बनाइएका विमानस्थल नचल्दा राज्यलाई ठूलो भार परिरहेको छ।

पोखरा र भैरहवाको समस्या अध्ययन गरी त्यहाँका कुनै पनि समस्या आउन नदिने पूर्वतयारी सकेर मात्र निजगढमा विमानस्थल बनाउनुपर्छ। आउट-गोइङ (बाहिर जाने) र इन-कमिङ (नेपाल आउने)मा कुनै समस्या नआउने गरी भारतसँग सहमति (लिखित सम्झौता) लिनुपर्छ। भारतले एयरलाइन्स रुटमा समस्या खडा गर्नेबित्तिकै निजगढ विमानस्थल पनि चल्ने स्थिति हुँदैन। यस विषयमा सरकारी विज्ञहरू, प्राधिकरणका विज्ञहरू र एयरलायन्सका विज्ञहरू बसेर एकदमै मसिनोसँग सजिला पक्ष र अप्ठ्यारा पक्षहरूका विषयमा गहन गृहकार्य गर्नुपर्छ। निजगढलाई 'ट्रान्जिट' विमानस्थलका रूपमा विकास गर्दा मात्रै राम्रोसँग चल्ने सम्भावना हुन्छ। तर, यसले भारतलाई असर गर्न सक्ने भएकाले 'एयर रुट'को अनुमति नदिन सक्छ।

भारतले गयामा सन् २०२२ बाट अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याएको छ। पटनामा पनि अन्तर्राष्ट्रिय विमानस्थल छ। आफूलाई असर पर्छ भने त उसले कुनै काम गर्दैन। भारतको चित्त बुझाएर अनुमति लिइएन भने नेपालमा निजगढ विमानस्थलको हालत पनि पोखरा र भैरहवाजस्तै हुन्छ। ट्रान्जिट रुटमा भारतले सहज अनुमति नदिएको खण्डमा विदेशी एयरलाइन्सहरूले जोखिम लिँदैनन्। ऋण लिएर बनाएको हुन्छ, त्यसको सावाँ र ब्याज तिर्नुपर्छ। विमानस्थल चलेन र आम्दानी भएन भने राज्यलाई ठूलो नोक्सानी हुन्छ। विगतमा एउटा मात्रै अन्तर्राष्ट्रिय विमानस्थल भयो, अब हामीलाई अर्को विमानस्थल पनि चाहिन्छ भन्ने सोचले काम गऱ्यो। तर, विमानस्थल बनाउँदा के-के बाधा आउन सक्छ भनेर हेक्का राखिएन। भारतसँग एयर रुटबारे कुनै छलफल र सहमति गरिएन। 'भगवान् भरोसा'को भरमा ठूलो लगानी गर्दा परिणाम के हुन्छ, अहिले मुलुकले भोगिरहेको छ।

■ **सरकारले चाहे हुनसक्छ एनएसीको सुधार**

नेपाली वैदेशिक रोजगारीका लागि श्रम गर्न र उच्च शिक्षा अध्ययनका लागि विदेश जाने क्रम बढेको एक दशकजति भयो। त्यसअघि विमानको प्रयोग गर्ने अधिकांश विदेशी नै हुन्थे। एनएसीसँगै सुरु भएका एयरलायन्स कहाँबाट कहाँ पुगिसके। नेपाल एयरलायन्स झन्-झन् खस्किरहेको छ। जहाज खरिद प्रक्रियामै कमिसन र लेनदेनको विषय उठ्ने गर्दछ। यसले पनि एनएसीलाई धराशायी बनाउन मद्दत गरेको छ। वाइडबडी काण्ड, धमिजा काण्ड त्यसैका प्रतिरूप होलान्, सायद !

विगतमा आन्तरिक हवाइ सेवा एनएसीले मात्रै दिन्थ्यो। तर, २०४६ पछि निजी क्षेत्रको प्रवेश भयो र आन्तरिक उडानमा निजी विमानहरूले कायापलट नै गरिदिए। तर, अन्तर्राष्ट्रिय उडान विस्तारका लागि सरकारले धेरै भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। एनएसीमा कार्यरत कर्मचारीहरूले भूमिका खेल्नुपर्ने हुन्छ। त्यसैमा कता-कता कमी कमजोरी देखिन्छ।

एनएसीको व्यवस्थापनले राम्रो गरेको छ कि छैन ? आवश्यकभन्दा धेरै बढी कर्मचारी छन् कि ? हरेक मन्त्री फेरिएसँगै एनएसीमा कर्मचारी थपिन्छन् भन्ने भाष्य कसरी बनिरहेको छ ? एनएसीको अवस्था कसरी बिग्रियो र के गर्दा राम्रो हुन्छ ? भन्ने विषयमा सरकारले एउटा विज्ञ समूह बनाएर आफ्ना कमजोरीहरू केलाउने साहस गर्नुपर्छ र समूहले दिएको सुझाव हुबहु कार्यान्वयन गर्नुपर्छ। एनएसीलाई टिकाउन नेपाल आयल निगमले इन्धनमा छुट दिनैपर्छ। सरकारले जहाज किन्दा लिने गरेको करछुट दिनुपर्छ।

एनएसी व्यवस्थापन समूहमा भएकाहरूको योग्यता, ल्याकत र क्षमता के हो ? त्यसको अनुगमन मूल्यांकन गर्नुपर्छ। महाप्रबन्धक वा अध्यक्ष वा अन्य व्यक्तिहरू विज्ञ र नैतिक हुनुपर्छ। उनीहरूको कामको निरन्तर अनुगमन गर्ने र विना राजनीतिक प्रतिशोध र विना हिच्किचाहट गलत गर्नेलाई कारबाही गर्ने हो भने एनएसीको कायापलट हुन्छ। जसलाई जे मन लाग्यो त्यही गर्न दिने र सरकारमा आएकाहरूले पनि आफूखुसी गर्दै जाने हो भने वर्षौंसम्म एनएसीमा सुधारको गुञ्जायस देखिँदैन।

नेतृत्व अलि गतिशील, त्यो क्षेत्रको विज्ञ र इमानदार भयो भने लागिपरेको खण्डमा मात्रै एनएसी सुधार गर्न सकिन्छ। एनएसीमा सरकारले गर्ने हरेक नियुक्ति प्रक्रियादेखि नै सुधारको आरम्भ हुनुपर्छ। कार्ययोजनासहित कार्यतालिका बनाएर कार्यसम्झौता गरी जिम्मेवारी दिने र तालिकाअनुसारको काम नभएमा दण्डसजायको व्यवस्था हुने परिवेशमा मात्रै एनएसी सुधार हुने आधार खडा गर्दछ। तर, एनएसीमा राजनीतिक दलहरू बढी हस्तक्षेपका कारण त्यहाँको व्यवस्थापनले चाहेर पनि काम गर्न नसक्ने स्थिति छ। कर्मचारी समेत पार्टीसँग आबद्ध छन्, छिसिक्क केही गर्नेबित्तिकै पार्टी बचाउन आइहाल्छ भन्ने मनोदशाका कारण एनएसी सुधारको गुञ्जायस देखिँदैन। यद्यपि जेनजी आन्दोलनपछि बनेको सरकारले केही सुधारका पहल भने थालिसकेको छ।

आन्तरिक उडानमा कायापलट भएको छ। आन्तरिक उडानमा निजी क्षेत्रकै सक्रियता रहेकाले

> **मेडिकल जाँचलगायतका अन्य काम पनि काठमाडौंमै हुन्छन्। पोखरा वा लुम्बिनी घुम्न आएका पर्यटक पनि दूतावासको प्रक्रिया मिलाउन होस् वा अन्य कामका लागि काठमाडौंमै आउनुपर्ने बाध्यता हुन्छ।**

सरकारले लगानी गर्नुपर्ने स्थिति छैन । बुद्ध एयर कहाँबाट कहाँ पुग्यो । श्री एयरलायन्सले राम्रो सुरुवात गरेको छ । यतिले बीचमा राम्रै गरेको थियो, अहिले अलि कमजोर देखिएको छ । अन्य एयरलायन्सले पनि राम्रो गरिरहेका छन् ।

अन्तर्राष्ट्रिय उडानमा घाटा नहुने प्रतिबद्धतासहित लगानीकर्ताहरूलाई सरकारले आह्वान गर्ने र जमानी बसिदिने हो विदेशी लगानी पनि आउनसक्छ । तर, अहिलेकै अवस्था नेपाल एयरलाइन्स सेवामा आन्तरिक र बाह्य दुवै लगानी आउने सम्भावना क्षीण छ । पर्यटनमन्त्री र सचिवले अठोट लिने हो भने एनएसी सुधार नहुनुपर्ने कारण कुनै छैन ।

### ■ ईयूको सेफ्टी लिस्टबाट हट्न प्राधिकरण विभाजन

नेपाल सन् २०१३ देखि युरोपियन युनियन (ईयू)को कालोसूचीमा छ । ईयूको एभिएसन सेफ्टी लिस्टबाट बाहिर निस्किन प्राधिकरणलाई नियामक (रेगुलेटर) र सेवा प्रदायक (सर्भिस प्रोभाइडर)का रूपमा टुक्र्याउनुपर्छ । म प्राधिकरणको महानिर्देशक हुँदा नै ईयूको नेपालका लागि राजदूतसहितका अधिकारीहरूले एकघण्टा लामो कुराकानीका क्रममा 'जबसम्म प्राधिकरण रेगुलेटर र सर्भिस प्रोभाइडरका रूपमा छुट्टिन्न तबसम्म कालोसूचीबाट हटाउँदैनौं, किनभने स्वार्थ बाझिएको छ' भनेका थिए । सेवा प्रदायकले विमानस्थलसम्बन्धी सेवा दिने काम गर्छ, नियमनको काम प्राधिकरणले गर्नुपर्छ । एउटै मान्छे कहिले सेवा प्रदायक, कहिले नियामक हुँदा स्वार्थ बाझिने उनीहरूको तर्क थियो ।

कर्मचारीप्रतिको दायित्वलाई पन्छाएर हैन कि पूरा गरेर, भविष्य सुनिश्चित र सुरक्षित गरेर प्राधिकरणलाई छुट्याउनुपर्छ । नियामकमा जाने कि सेवाप्रदायकमा बस्ने रोज्न लगाउनुपर्छ । कर्मचारीलाई हातमा लिएर, विश्वास जितेर, चित्त बुझाएर नै काम गर्नुपर्छ । त्यसरी छुट्याउँदा नतिजा राम्रो आउँछ किनभने स्वार्थ बाझिन्न, स्वार्थ नबाझिएपछि सेफ्टीका लागि राम्रो हुन्छ । सेफ्टी राम्रो भयो भने ईयूले सेफ्टी लिस्टबाट नेपाललाई हटाइदिन्छ । सेफ्टी लिस्टबाट हटेको सन्देशसँगै विदेशी एयरलायन्सहरू नेपाल आउन सक्छन् । नेपालमा सेफ्टीको समस्या छ भन्नेहरूको मुखमा बुजो लाग्छ । कहीँ कसैले द्विविधा राखेको भए त्यो पनि हट्छ र नयाँ आधारशिला तयार हुन्छ ।

पर्यटन मन्त्रालयले नेतृत्व लिएर कर्मचारीको भविष्य सुनिश्चित हुन्छ, कुनै समस्या आउँदैन भनेर काम अघि बढाउने हो भने नतिजा राम्रो आउँछ यसको व्यवस्थापनमा ठूलो समस्या पनि छैन । नियामक र सेवाप्रदायक छुट्याउने विषय उठेको पनि धेरै वर्ष भयो, तर कार्यान्वयनमा आउन सकेको छैन । कर्मचारीलाई के डर छ भने भविष्य अनिश्चित हुन्छ कि, पदोन्नति रोकिन्छ कि, वृत्तिविकासमा बाधा पुग्छ कि, तलब घट्छ कि भन्ने चासो बढी छ । सरकारले कर्मचारीलाई चित्त बुझाउन सक्नुपर्छ । वृत्ति विकास, पदोन्नति रोकिन्न, जुनमा बस्न चाहनुहुन्छ त्यसैमा बस्न पाउनुहुन्छ भनेर विस्तृतमा प्याकेज ल्याउने हो भने कर्मचारीबाट समस्या हुँदैन, मान्नुहुन्छ ।

अहिलेकै जनशक्तिमा अलि-अलि थपेर काम गर्न सकिन्छ । सेफ्टी बढ्छ भने किन त्यसो नगर्ने, विदेशीलाई नेपालमा राम्रो भयो, दुर्घटनाको दर घट्यो । सेवा प्रदायक र नियामक निकाय दुईवटा भयो । राम्रो भइरहेको छ भनेर सन्देश जान्छ । जुन एयरलायन्सहरू आउन खोजेर पनि सेफ्टी लिस्टका कारण आएका थिएनन्, ती आउँछन् । नेपालको आन्तरिक उडानमा दुर्घटनाको दर अन्यत्रभन्दा अलि बढी नै छ, त्यो पनि घट्छ । प्रभाव राम्रो देखिन्छ । दीर्घकालीन रूपमै राम्रो हुन्छ । सेफ्टी राम्रो छ भन्ने सन्देशले धेरै ठूलो काम गर्छ ।

अहिले एनएसीको जहाज अस्ट्रेलिया, थाइल्यान्ड, हङकङ, सिंगापुर गइरहेको छ तर ईयूको कुनै पनि देशमा जान पाउँदैन, भोलि त्यहाँ जान पाउँछ । एनएसी सधैँ यस्तै नरहला, जहाजहरू थप्ला, प्रगति होला, जहाज थपेर उडान क्षेत्र नै पाएनौँ भने त भएन, भोलि युरोपमा पनि कुनै कुनै क्षेत्र नाफामूलक छन् । त्यो ठाउँमा जान पाउँछ । विदेशका एयरलायन्सहरू नेपाल आउन सक्छन् । नेपालको राजस्व बढ्छ । नेपालबाट गर्छु भनेर अरु कुनै अन्तर्राष्ट्रिय कम्पनी पनि आउला । तर, पहिला गहन गृहकार्य गर्नुपर्छ । एनएसीसँग जहाज नै भएन । अहिले हप्तामा एउटा उडान अमेरिकाका लागि हुन सक्थ्यो तर एनएसीसँग ठूलो जहाज छैन, सानो जहाज जान सक्दैन । कमजोरी पहिचान गरेर सुधारको थालनी गर्नुपर्छ । प्राधिकरणको कामको अनुगमन गर्नुपर्छ । ईयूको सेफ्टी लिस्टबाट कसरी हुन्छ, एयरलायन्सलाई हटाउनुपर्छ, विदेशी जहाज नेपालमा आयो भने देशलाई नै फाइदा हुन्छ ।

*(क्षेत्री नागरिक उड्डयन प्राधिकरण (क्यान)का पूर्वमहाप्रबन्धक हुन्)*





| सन्तोष कोइराला

# चुनौतीमय वित्तीय पारदर्शिता

**उच्च ब्याजदर, तरलताको अभाव र विदेशी मुद्रा सञ्चितिमा दबाबले अर्थतन्त्र थप संकटतर्फ अग्रसर भइरहेको देखिन्छ । एफएटीएफको ग्रे लिस्टमा नेपाल परेकोले पनि नेपालको वित्तीय पारदर्शितामाथि प्रश्न उठाएको छ ।**

नेपालको आर्थिक अवस्था, यसले भोगिरहेका चुनौती र भविष्यमा गर्नुपर्ने सावधानीहरूबारे धेरै बहस टीकाटिप्पणीहरू भइरहेका छन् । सबै क्षेत्रले आफ्नो आफ्नो क्षेत्रबाट देशको अर्थव्यवस्थामा टेवा पुऱ्याउन यथाशक्य योगदान दिइरहेका छन् । एउटा कमर्सियल बैंकको प्रमुख कार्यकारी अधिकृत तथा बैंकर्स संघको अध्यक्षको हैसियतमा कुरा गर्दा हाल नेपालको आर्थिक अवस्थामा लगानीको गति सुस्त देखिएको छ। यद्यपि नयाँ आर्थिक वर्षको मौद्रिक नीतिले केही आशा भने जगाउँदै लगेको छजस्तो पनि देखिएको छ । एकातर्फ बैंक तथा वित्तीय संस्थाहरूसँग कर्जा दिन सक्ने क्षमता छ तर देशमा लगानी गरेको रकम र त्यसबाट सुरक्षित प्रतिफल आउँछ कि आउँदैन भन्ने विषय एकदमै गहन छ । लगानीकर्ताहरू आफैँमा लगानी गर्न डराइरहेको अवस्था छ ।

पछिल्ला वर्षहरूमा उत्पादनशीलभन्दा अनुत्पादक क्षेत्रमा लगानी केन्द्रित हुँदा त्यहाँबाट प्राप्त हुने तात्कालिक प्रतिफलले मात्र देशको अर्थतन्त्र धान्न नसकेको र दीर्घकालका लागि लगानी नगरिँदा प्रतिफल प्राप्त हुन नसकेको यथार्थ हामीसँग छँदै छ । घरजग्गा, गाडी गरगहनालगायतका अन्य विलासिताका क्षेत्रमा लगानी केन्द्रित हुँदा केही समय बजार चलायमानजस्तो नदेखिएको पनि होइन तर यसैबीचमा देखिएको कोरोना महामारीलगायतका अन्य प्राकृतिक प्रकोपको सामना गर्न यस्ता अल्पकालीन लगानीका क्षेत्रहरूसमक्ष नहुँदा अहिले देशको अर्थव्यवस्थामा ठूलो धक्का पुगेको छ। पछिल्ला केही वर्ष नेपालमा केही उद्योगहरू जस्तै, सिमेन्ट, डण्डी, हाइड्रोपावर आदिमा अत्यधिक लगानी भइसकेको थियो र छ। जसका कारण ती क्षेत्रहरूमा अब थप लगानीको सम्भावना विस्तारै सीमित हुँदै गएको छ । नयाँ र नवीन क्षेत्रको पहिचान, अनुसन्धान तथा

नवप्रवर्तनको अभावले पनि लगानी प्रवाहमा अवरोध सिर्जना गरेको छ । यसका साथै, बैंकहरूले सुरक्षित क्षेत्र (जस्तै, रियल इस्टेट वा व्यक्तिगत कर्जा) मा कर्जा केन्द्रित गर्नु, उत्पादनशील क्षेत्रलाई प्राथमिकता दिन नसक्नु तथा प्रक्रियागत जटिलता पनि समस्याको कारण बनेका छन् ।

हाल नेपालका धेरै बैंकहरूमा खराब कर्जाको मात्रा बढी छ । कर्जा असुलीमा समस्या हुँदा बैंकहरूको वित्तीय स्थिति कमजोर हुन्छ र नयाँ ऋण दिन सक्ने क्षमता घटिरहेको छ । उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह कम हुने दीर्घकालीन प्रतिफल स्वतः कम भइहाल्छ। जब दीर्घकालीन प्रतिफल कम हुन्छ, त्यसपछि देशको समग्र अर्थव्यवस्थामा समस्या देखिन्छ । अहिले देशमा देखिएको समस्या पनि यही नै हो । अब पनि हामीले दीर्घकालीन लगानीका क्षेत्र पहिचान गर्न सकेनौँ भने भोलिका पुस्तासम्मले यसको नकरात्मक प्रतिफल व्यहोर्न तयार हुनुपर्दछ ।

कोभिड-१९ को महामारीपछि उत्पन्न आर्थिक मन्दीले ग्राहकको ऋण तिर्नसक्ने क्षमतामा पनि ठूलो असर गरेकाले व्यापार व्यवसायलगायत देशको अर्थव्यवस्थामा नै ठूलो 'भ्याकुम' पैदा भएको छ । जसको फलस्वरुप कतिपय व्यवसायीहरूले बैंकसँग लिएको ऋण चुक्ता गर्न नसक्दा धेरै नै समस्या उत्पन्न भएका छन् । बैंक र व्यवसायीको बीचमा जुन सुमधुर सम्बन्ध हुनुपर्ने हो, त्यो सम्बन्ध कायम हुन नसकिरहेको पनि हामीले देखेका छौँ । यसले बैंकहरूको लगानी चक्रमा नै पनि अवरोध ल्याएको छ ।

यस्तो अवस्थामा उच्च ब्याजदर, तरलताको अभाव र विदेशी मुद्रा सञ्चितिमा दबाबले अर्थतन्त्र थप संकटतर्फ अग्रसर भइरहेको देखिन्छ। एफएटीएफको ग्रे लिस्टमा नेपाल परेकोले पनि नेपालको वित्तीय पारदर्शितामाथि प्रश्न उठाएको छ । यी सबै चुनौतीहरूको दीर्घकालीन समाधानका लागि सशक्त वित्तीय नीति, सहकारी क्षेत्रमा कडा नियमन र उत्पादनशील क्षेत्रमा लगानी प्रवाह बढाउनु अत्यावश्यक छ ।

यति भन्दै गर्दा फेरि सबै कुरा नकारात्मक मात्रै छ भन्नेचाहिँ पक्कै होइन, गर्नसक्ने धेरै ठाउँ र क्षेत्रहरू छन् । लगानीका नयाँ नयाँ भइरहेका क्षेत्रहरूलाई प्राथमिकतामा राखेर काम गर्नसक्ने हो भने सम्भावना धेरै छन् । पर्यटन क्षेत्रले नेपाललाई दीर्घकालसम्म राम्रो प्रतिफल दिन सक्छ। हाइड्रोपावर क्षेत्र, सूचना प्रविधिलगायतका क्षेत्रमा धेरै गर्नसक्ने ठाउँहरू छन् ।

पछिल्लो समय नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको मौद्रिक नीतिले पनि धेरै सकारात्मक बन्न र बनाउन मद्दत गर्ने लागेको छ । नेपाल राष्ट्र बैंकले लिएको ब्याजदर नियन्त्रण र तरलता व्यवस्थापनका नीतिले कर्जा लिने लागत बढाएसँगै बजार केही हदसम्म चलायमान हुने अपेक्षा गर्न सकिन्छ भने बैंकहरूको कर्जा प्रवाहलाई सन्तुलित बनाउने प्रयत्न गर्नुपर्दछ । यस्तै सरकारले सार्वजनिक गरेको बजेटमा बैंकिङ क्षेत्रमा कर व्यवस्था र वित्तीय प्रोत्साहनहरूका कुरा समावेश छन् जसले बैंकहरूको लगानी क्षमता र क्रेडिट प्रवाहमा सकारात्मक प्रभाव पार्न सक्छ भन्नेमा मेरो विश्वास छ । बजेटले वित्तीय समावेशितालाई जोड दिएको छ जसले ग्रामीण क्षेत्रसम्म बैंकिङ पहुँच बढाउने अपेक्षा गर्न सकिन्छ । यस्तै सार्वजनिक पूर्वाधार र उद्योगमा लगानी बढ्दा बैंकहरूको कर्जा मागमा वृद्धि हुन सक्छ भने मुद्रा आपूर्तिमा नियन्त्रणले मुद्रास्फीति कम गर्ने लक्ष्य राखेकाले दीर्घकालीन रूपमा वित्तीय स्थिरता ल्याउनेमा पनि केही आशा राख्न सकिन्छ ।

लगानी सँगसँगै पछिल्लो समय डिजिटल बैंकिङ कारोबारमा देखिएका साइबर सुरक्षा जोखिम, डेटा चोरी र अनधिकृत पहुँचजस्ता समस्याहरूले पनि ग्राहकको विश्वासमा असर पारेको देख्न सकिन्छ। यसतर्फ पनि बैंकहरूले विशेष ध्यान दिन जरुरी छ । एकातिर बढिरहेको साइबर सुरक्षा जोखिम अर्कातर्फ बजारमा फिनटेक कम्पनीहरूको बढ्दो प्रतिस्पर्धाले बैंकहरूलाई नयाँ प्रविधि र सेवा सुधार गर्न दिने दबाब यी दुवै कुरालाई एकसाथ मिलाएर लैजान बैंकहरूलाई ठूलो चुनौती छ। प्रविधिको आत्मसात् नगर्दा हुने बेफाइदासँगै प्रविधिको प्रयोगमा अपनाउनुपर्ने सजगता अहिलेको सबैभन्दा ठूलो चुनौती देखिन्छ ।

*(कोइराला नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष तथा माछापुच्छ्रे बैंकका प्रमुख कार्यकारी अधिकृत हुन्)*



# अर्थतन्त्र : कहाँ चुके दलहरू



| लिमा अधिकारी

नेपालको राजनीतिक संक्रमण, आन्दोलन र संविधान निर्माणको लामो यात्राले देशलाई लोकतान्त्रिक गणतन्त्रमा त डोऱ्यायो तर अर्थतन्त्रका आधारभूत मुद्दामा राजनीतिक दलहरू अझै गम्भीर र दूरदर्शी बन्न सकेका छैनन् । सत्ता परिवर्तन र शक्ति बाँडफाँटमा लिप्त राजनीतिक नेतृत्वले राष्ट्रिय आर्थिक एजेन्डालाई प्राथमिकतामा राख्नुपर्नेमा उल्टै अल्पकालीन लाभ र सत्ता समीकरणमै ध्यान केन्द्रित गरिरहेका छन् ।

यतिखेर सरकारले अर्थतन्त्रका लागि केही सहज वातावरण बनेको दाबी गरिरहँदा अपेक्षाकृत आर्थिक प्रगति हासिल हुनसकेको छैन । बैंक ब्याजदर एकल अंकमा झरेको छ तर कर्जा माग बढेको छैन । उद्योग व्यवसाय आधा क्षमतामा चलेका छन्, उत्पादन उत्पादकत्व घटेको छ । निजी क्षेत्रको आत्मविश्वास खस्किएको छ । राजस्व संकलन र पुँजीगत खर्चमा सुधार हुनसकेको छैन ।

राजनीतिक दलहरू संवेदनशील नहुँदा स्वदेशी र विदेशी लगानी नबढ्ने अवस्था आइसकेको छ । सबै दल मिलेर अर्थतन्त्रको जटिलता समाधानमा पहल नगर्ने हो भने निजी क्षेत्र लगानी बढाउने नभई व्यवसायबाट बाहिरिने बाटो नखोज्लान् भन्न सकिँदैन । त्यस्तो परिस्थिति सिर्जना भएमा अर्थतन्त्र गम्भीर दुर्घटनामा पर्नेछ । साथै नेपाल फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) को 'ग्रे लिस्ट'मा परेको घटनाले नेपालको वित्तीय छवि र लगानीमैत्री वातावरणमा अर्को धक्का पुगेको छ ।

ग्रे लिस्टमा परेको हिसाबले नेपालमाथि अवैध आर्थिक कारोबार रोकथाममा कमजोरी रहेको औँल्याउँदै अन्तर्राष्ट्रिय संस्थाहरूले सुधारको चेतावनी दिइरहेका छन् तर सरकारले आवश्यक सुधारका कदम द्रुतगतिमा चाल्नसकेको छैन । नियमावली, कानुन अभाव, कार्यान्वयनको ढिलासुस्ती र संघ-प्रदेश-स्थानीय तहबीचको समन्वयनहीनताले बजेटका कार्यक्रमहरू धेरैजसो बाझिँदै गएका छन् । राजस्वले सरकारको खर्च धान्न नसक्नु, युवामा बढ्दो नैराश्य र राज्यको उदासीनता नेपालको विकासमा अर्को जटिल विषय बनिरहेको छ ।

यस्तो अवस्थामा पनि सत्तामा पटक-पटक नेतृत्व गरिरहेका र सत्ताबाहिर रहेका दलहरूबाट अर्थतन्त्रका अप्ठ्यारा सुल्झाउनेतर्फ खासै रुची देखिँदैन । अर्थतन्त्रका विषय राजनीतिक दलहरूको प्राथमिकता नपर्नुले नेपालको विकासमै प्रशस्त आशंका जन्मिएका छन् ।

## ■ आर्थिक एजेन्डा सधैँ चुनावी घोषणापत्रको आकर्षक हिस्सा

नेपालमा राजनीतिक दलहरूका लागि आर्थिक एजेन्डा सधैँ चुनावी घोषणापत्रको आकर्षक हिस्सा बन्ने गरेको छ । तर, व्यवहारमा भने दीर्घकालीन

विकास र समावेशी समृद्धिको मार्गदर्शक बन्नसकेको छैन । त्यसको मुख्य कारण दलहरूको आर्थिक दृष्टिकोणमा स्पष्ट एकरूपता र प्रतिबद्धताको कमी हो । राजनीतिक दलहरू आ-आफ्ना विचारधाराको पृष्ठभूमिमा आधारित रहेर नीति निर्माण गर्छन् । जस्तै, वामपन्थी दलहरू राज्यको हस्तक्षेपलाई स्वीकार्छन् भने लोकतान्त्रिक दलहरू निजी क्षेत्रको अग्रसरता र खुला बजार व्यवस्थालाई प्राथमिकता दिन्छन् । यद्यपि यी दुवै मोडलका आ-आफ्ना फाइदा र सीमा छन्, व्यावहारिक रुपमा भन्नुपर्दा यी दलहरूले आफ्नो दृष्टिकोण परिवर्तन र लचक नबनाएसम्म साझा आर्थिक एजेन्डा बन्ने कुरा निकै क्षीण देखिन्छ ।

त्यसैगरी, नेपालको राजनीतिक स्थिरता र स्थायित्व निरन्तर चुनौती बनिरहेको छ । एउटा सरकारले नीति तथा योजना बनाउने क्रममै अर्को सरकार आउने, अनि पहिलेका योजनाहरूलाई खारेज गर्ने वा रोक्ने चलन स्थापित भइसकेको छ । दीर्घकालीन विकास परियोजनाहरूको निरन्तरता नहुनु मात्र नीतिगत समस्या होइन, यो राजनीतिक संस्कारको पनि उपज हो । यस्तो अस्थिरताले कुनै पनि दललाई साझा योजना निर्माण र कार्यान्वयनको दिशामा लैजान सक्दैन । अर्कोतर्फ, दलहरूमा देखिने नीतिनिर्माणको प्रक्रियामा प्राविधिक पक्षभन्दा पनि राजनीतिक स्वार्थले प्राथमिकता पाउने गर्छ । नीति बनाउँदा तथ्य र व्यावहारिकता कम, जनमत लोभ्याउने अल्पकालीन योजना ल्याइन्छ । यस्ता योजनाहरू तत्काल लोकप्रिय हुन सक्छन् तर तिनको दीर्घकालीन प्रभावले आर्थिक असमानता, अनुत्पादक खर्च र बजेटमा असन्तुलन निम्त्याइरहेको छ ।

अर्कोतर्फ राजनीतिक दलहरूमाथि विभिन्न स्वार्थसमूहहरूको प्रभाव दिनप्रतिदिन बढ्दो छ । उद्योगी, व्यापारी, क्षेत्रीय वा जातीय समूहहरूले राजनीतिक निर्णयमा आफ्नो हित सुनिश्चित गर्न खोज्दा दलहरू राष्ट्रिय हितभन्दा पनि स्वार्थसमूहको दबाबमा नीति बनाउन तल्लीन भएको महसुस हुन्छ । यसले आर्थिक एजेन्डा दलहरूका लागि सानो घेरामा सीमित बनाउँदै गएको छ । यसको असर नीति निर्माणमा विश्वासको खडेरी र सार्वजनिक संस्थाहरूको विश्वसनीयता दिनप्रतिदिन घट्दो अवस्थामा छ ।

यी सबै पक्षहरूको विश्लेषण गर्दा स्पष्ट हुन्छ कि नेपालका राजनीतिक दलहरूले कम्तीमा दीर्घकालीन विकास, पूर्वाधार निर्माण, रोजगारी सिर्जना, वित्तीय अनुशासनजस्ता विषयमा न्यूनतम साझा कार्यक्रम निर्माण गरिहाल्नुपर्नेछ । त्यस्तै, नीतिनिर्माणमा प्राविधिक विशेषज्ञता, व्यावहारिक विश्लेषण र दीर्घकालीन सोचलाई स्थान दिनु अपरिहार्य छ ।

### ■ अर्थतन्त्र सुधारका लागि रास्वपा नीति

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सबै नेपालीको समतामूलक उन्नतिप्रति कटिबद्ध सामाजिक न्यायसहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने बहुलवादी लोकतान्त्रिक पार्टी हो । यसको ध्येय वैयक्तिक स्वतन्त्रता र मौलिक हकको प्रत्याभूतिपूर्वक पूर्ण लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीभित्र विधिमा आधारित जवाफदेहीपूर्ण असल शासनमार्फत समन्यायिक समावेशी समाज निर्माण गर्नु हो । उन्नत लोकतान्त्रिक एजेण्डा लिएर आएको दल रास्वपा राज्यका आर्थिक योजनाहरूमा युवालाई उत्पादनशील काममा संलग्न गराउने, उद्यमशीलता प्रवर्द्धन गर्ने, संघीयताको सवालमा नीतिसँगै कार्यान्वयनको पक्षमा जोड दिन्छ । मूलतः अहिलेको समस्या आर्थिक प्रणालीमा सेटिङ, बिचौलिया र भ्रष्टाचार हावी हुनु हो । यो सञ्जाल अन्त्य नहुँदासम्म आर्थिक सुदृढीकरणका कुरा कोरा सपना मात्र हुन् । आर्थिक समृद्धिको आधार सुशासनसहितको प्रशासन, राष्ट्रिय पुँजी निर्माण र निजी क्षेत्रको सशक्तीकरण हो ।

### ■ राष्ट्रिय पुँजी निर्माणमा जोड

वर्तमान अवस्थामा व्यवसायीहरूको आत्मविश्वास घट्नु अर्थतन्त्रको मूल समस्या हो । बजारको आत्मविश्वास घट्नु हो । नेपालमा सरकारले उद्यमशीलता, स्टार्टअप, साना उद्योगहरूका लागि आवश्यक नीतिगत, कानुनी र वित्तीय सहजीकरण गर्न नसकेको गुनासो साना उद्यमीहरूसँग साझा छ । भियतनाम, बंगलादेशजस्ता मुलुकहरूले नीतिगत स्थायित्व, लगानीमैत्री वातावरण सिर्जना गरेर विदेशी पुँजी आकर्षित गरेर विकासमा फड्को मारेका छन् । नेपालको उत्पादन, वितरण र विनिमय लागत उच्च हुनुमा भूपरिवेष्ठित अवस्थासँगै कमजोर संस्थागत क्षमता, महँगो इन्धन, श्रम, ढुवानी र प्रशासनिक झन्झट प्रमुख कारण हुन् । यी चुनौतीहरू समाधान गर्न र निर्यात प्रवर्द्धन गर्न चरणबद्ध संरचनात्मक सुधार आवश्यक छ ।

रास्वपा अनावश्यक भन्सार/गैरभन्सार अवरोध हटाई इन्टरमिडिएट वस्तुको सुलभ आयात, व्यापार सहजीकरण र पूर्वाधारमा लगानीमार्फत प्रतिस्पर्धात्मक क्षमता बढाउने पक्षमा छ । डिजिटल सेवा, हरित ऊर्जा, कृषि र पर्यटनजस्ता क्षेत्रमा वैदेशिक र स्वदेशी पुँजी आकर्षित गर्न कानुनी तथा संस्थागत संरचनाहरू लगानीमैत्री बनाउने विषय आफ्नो नीतिमा राखेको छ ।

### ■ पुँजीवाद र समाजवादको सन्तुलन

रास्वपाले बारम्बार उठाएको लोककल्याणकारी राज्यको परिकल्पना साकार पार्न राज्य पहिले आफैँ सक्षम हुनुपर्छ भन्ने छ । आफूसँग केही भए न दिने हो, त्यसका लागि निजी क्षेत्रलाई प्रोत्साहन, उत्पादन वृद्धि, आयआर्जन स्रोत विस्तार र सुधारमुखी नीतिहरू अत्यावश्यक छन् ।

अर्को, पुँजीवाद र समाजवादको सन्तुलन नमिल्दा नेपाल दिशा हराइरहेको अर्थतन्त्रजस्तो भएको छ । नेपालका राजनीतिक दलहरूले एकातर्फ समाजवादको नाममा लोककल्याणको सपना बाँड्ने गरेका छन् भने अर्कोतर्फ न निजी क्षेत्रको संरक्षण गर्छन्, न त उत्पादन वृद्धिका कार्यक्रम नै ल्याउँछन् । त्यसकारण रास्वपाले उदार अर्थतन्त्र र समाजवाद दुईवटा विरोधी होइनन्, पूरक तत्वहरू हुन् भन्दै आएको छ । चीनजस्तो समाजवादी मुलुकमै आज निजी क्षेत्र र पुँजी प्रवर्द्धन भइरहेको छ । यसबाट नेपालले सिक्नुपर्नेछ ।

### ■ आर्थिक कूटनीति, रणनीतिक सहकार्यको नीति

रास्वपाले आर्थिक कूटनीति, रणनीतिक सहकार्य, प्रवासी संलग्नता र सन्तुलित परराष्ट्र नीतिमार्फत नेपाललाई विश्वसामु सबल, आत्मनिर्भर र सम्मानित राष्ट्र बनाउने लक्ष्य राखेको छ । व्यापार र प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) प्रवाहलाई विविध र व्यापक बनाउन सघन आर्थिक कूटनीति अपनाउने र दक्षिण एसियासँग मात्र सीमित नभई बिमस्टेक, आसियान, ईयूजस्ता क्षेत्रीय समूहहरूसँग सहकार्य विस्तार गर्ने नीति छ ।

त्यस्तै प्रवासी नेपालीको योगदान र सशक्त सहभागितासहित देशलाई आत्मविश्वासी र सबल राष्ट्रका रूपमा स्थापित गर्न रास्वपा प्रतिबद्ध छ । भूराजनीतिक प्रतिस्पर्धाबीच नेपालले सन्तुलित, स्वतन्त्र र राष्ट्रिय हितकेन्द्रित परराष्ट्र नीति अँगाल्ने नीति अघि सारेको छ ।

### ■ उद्यमशीलतालाई प्रतिस्पर्धात्मक र परिणाममुखी बनाउने

रास्वपाले उद्यमशीलतालाई प्रतिस्पर्धात्मक र परिणाममुखी बनाउनेतर्फ सुरुदेखि नै जोड दिएको छ । यसका लागि बलियो, पारदर्शी र सक्षम नियामक संयन्त्र अपरिहार्य छ । उदार अर्थतन्त्रलाई 'छाडा' अर्थतन्त्रको रूपमा बुझ्नु भ्रम हो । यदि उद्योग र व्यापारमा कानुनको स्पष्ट र निष्पक्ष कार्यान्वयन नहुने हो भने उनीहरू अवैध लाभ खोज्ने प्रवृत्तिमा फस्छन्, जसले दीर्घकालीन पुँजी निर्माणमा अवरोध पुऱ्याउँछ । निजी सम्पत्तिको सुरक्षा, उपभोक्ता अधिकार, वातावरण संरक्षण र एकाधिकार नियन्त्रणजस्ता जिम्मेवारीहरू राज्यकै कर्तव्य हुन् । कार्टेल र अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गर्ने बलियो नियामकीय संयन्त्र नबन्दा बजारमा विकृति आउँछ । रास्वपाले नेपालको सन्दर्भमा सन्तुलित सामाजिक बजार अर्थतन्त्रलाई आफ्नो आर्थिक मोडलको रूपमा अघि सारेको छ, जसले विकास र न्यायबीच सन्तुलन कायम गर्न सक्छ ।

राजनीतिक मतभेद आफ्नो ठाउँमा होला तर देशको आर्थिक समृद्धिको विषय सबैको साझा लक्ष्य हुनुपर्छ । आजको अवस्थामा आर्थिक एजेन्डालाई राष्ट्रको साझा एजेन्डा बनाई राजनीतिक सहमति कायम गर्नु नेपालको विकासको लागि अनिवार्य भएको छ ।

*(अधिकारी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की कोषाध्यक्ष हुन्)*



# सम्पत्ति व्यवस्थापनमा प्रचार बढी, काम शून्य



राजनसिंह भण्डारी

नेपालमा सम्पत्ति व्यवस्थापन कम्पनी (एएमसी) को आवश्यकता र यसबारे बहस चल्न थालेको दुई दशकभन्दा बढी भइसकेको छ । नेपालको पहिलो औपचारिक मौद्रिक नीति (२०५९/६०) ले एएमसीको परिकल्पना गरेको थियो । त्यसअघि सरकारले आर्थिक वर्ष २०५९/६० को बजेटमा पनि खराब कर्जा व्यवस्थापन गर्न एएमसी स्थापना गर्ने उद्घोष गरेको थियो ।

खासगरी विदेशी मुलुकजस्तै नेपालमा पनि बैंकहरूको खराब कर्जा र गैरबैंकिङ सम्पत्ति व्यवस्थापन गर्न एएमसी स्थापनाको आवश्यकता महशुस गरिएको थियो । तर, समयक्रममा यसले निरन्तरता पाएन । यद्यपि त्यसयता समय-समयमा बजेट तथा मौद्रिक नीतिमा सम्पत्ति व्यवस्थापनको विषय उठान हुँदै आइरहेको छ । र, चालू वर्षको बजेट र मौद्रिक नीतिमा पुनः एक पटक एएमसी स्थापनाको उद्घोष र परिकल्पना गरिएको छ । तर, कार्यान्वयनको पाटामो सरकार सधैँ चुक्दै आइरहेको छ ।

२०५८ तिर सरकारी लगानीमा स्थापित वाणिज्य बैंकहरू (खासगरी नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंक)को निष्क्रिय कर्जा ६० देखि ८० प्रतिशतसम्म पुगेको थियो । तत्कालीन समयमा निजी लगानीमा स्थापित बैंकहरूको तुलनामा सरकारी स्वामित्वका बैंकहरूको बैंकिङ कारोबार हिस्सा ८० प्रतिशतसम्म थियो । जसले गर्दा एउटा सरकारी बैंकमा समस्या आएमा वा बैंक डुबेमा अन्य बैंकहरूमा लहरै समस्या आउने स्थिति थियो ।

त्यही परिवेशलाई हेरेर २३ वर्षअघि समस्याग्रस्त बैंकहरूको खराब सम्पत्ति व्यवस्थापन गर्न एएमसी परिकल्पना गरिएको थियो । पहिलो मौद्रिक नीति र तत्कालीन बजेटमा एएमसी पर्नुअघि नै ४/५ वर्षदेखि अनौपचारिक छलफलहरू भइरहेका थिए । समस्या बढ्दै गएपछि मेरो नेतृत्व (कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक)मा एएमसीको आवश्यकता, सम्भावना, सञ्चालनको प्रक्रिया, काम गर्ने तौरतरिका अध्ययन गर्न कार्यदल बनेको थियो । कार्यदलमा केन्द्रीय बैंककै भीष्म ढुंगाना, पर्शुराम कुँवर र मनोज गोयल सदस्य थिए ।

कार्यदल गठन भएपछि विभिन्न देशहरूको सञ्चालन प्रक्रिया अध्ययन गरियो । कार्यदलले मलेसिया र थाइल्यान्डको समेत स्थलगत भ्रमण गरेर एएमसीको अन्तर्राष्ट्रिय अभ्यासबारे अध्ययन गरेको थियो । स्थलगत भ्रमणसहित अन्य मुलुकहरूको 'केस स्टडी'पछि कार्यदलले प्रतिवेदन पेस गरेको थियो ।

अध्ययनपछि नेपालमा एएमसी आवश्यक रहेको वा नरहेको कार्यदलको मतभेदबीच सञ्चालन हुनुपर्छ भन्ने निष्कर्षसहितको प्रतिवेदन बुझाइएको थियो । जसमा सरकारले कोष सिर्जना गर्ने र यसको समयावधि (आयु) दीर्घकालीन नभएर निश्चत अवधिको हुने भन्ने प्रस्ताव थियो । अध्ययन प्रतिवेदनमा एएमसी स्थापना गर्ने र तत्कालीन समस्या टरेपछि विकल्प

सोच्ने गरी १०-१५ वर्षको अवधि तोक्ने विषयले स्थान पाएको थियो ।

पहिलो कार्यदलले प्रतिवेदन बुझाएको कम्पनी पनि अहिलेसम्म स्थापना भएको छैन । बरु, हरेक १० वर्षमा नेपालमा एएमसीको आवश्यकता र सञ्चालनबारे बहस भइरहेको छ । चालू वर्ष फेरि वित्त नीति र मौद्रिक नीतिमा २ दशकअघिकै विषय परेको छ । यसभन्दा अघि पनि पटक-पटक यस्तो परिकल्पना गरिएको थियो । दुई दशकभन्दा अघि नै आएको अवधारणा र गरिएको अध्ययन प्रतिवेदनअनुसार पहिला नै स्थापना भइसकेर सञ्चालनमा आइसक्नुपर्ने विषय अहिले पनि छलफलमै छ ।

नेपालीहरू नीतिनिर्माण र कार्यान्वयनभन्दा बढी छलफल र बहसमै रमाउँछौँ । सरकारी ढिलासुस्तीसँगै हामी सबै जिम्मेवार छौँ । बैंक तथा वित्तीय संस्थाले वित्तीय क्षेत्र सुधारको महत्वपूर्ण हिस्साको रहेको जोडदार रूपमा बताइरहँदा पनि कार्यान्वयनमा चुकिरहेका छौँ । नेपालजस्तो विकासशील अर्थतन्त्र भएको मुलुकमा समस्या पहिचान गरेर मात्रै एएमसी स्थापना हुनुपर्छ किनभने बैंकहरूमा देखिने खराब (निष्क्रिय) कर्जा र गैरबैंकिङ सम्पत्तिको समस्या छोटो समयका लागि हुन्छ । निश्चित समयपछि यी विषयहरू आफैँ समाधान हुन्छन् । त्यसकारण एएमसीको समयावधि छोटो बनाउने र दीर्घकालीन रूपमा आवश्यक नदेखिएमा बन्द गर्ने विधिसहित स्थापना गर्नुपर्छ । तत्कालीन समयमा एएमसीमा सरकारले सिर्जना गरेको कोषबाट वाणिज्य बैंकहरूको खराब कर्जामा रहेको धितो किन्ने गरी स्थापनाको तयारी अघि बढेको थियो ।

अहिले फेरि एएमसी स्थापनाको चर्चा चलिरहँदा बैंकहरूको खराब कर्जामा रहेको धितो किनेर बैंकलाई तनावमुक्त बनाउन सक्ने खालको कम्पनी आवश्यक पर्छ । स्थापनापछि एएमसीसँग अनुकूलता हेरेर सम्बन्धित धितोहरू बेच्ने वा राख्ने निर्णय लिनसक्ने क्षमता हुनुपर्छ । कम्पनीले आफ्नो समयावधि (आयु) भित्र बैंकबाट सकारेको सम्पत्ति बिक्री गर्नसके नाफा हुन सक्छ । अन्यथा घाटा हुन जान्छ ।

स्थापित कम्पनीले खराब कर्जामा परिणत धितोबाट नाफा निकाल्न सकेमा लगानीकर्ताहरू र सरकार पनि खुसी हुन्छ नै । यदि सरकारी लगानीमा स्थापित कम्पनीलाई घाटा भयो भने लगानी डुब्यो भन्नुपर्ने हुन्छ । त्यसका लागि लगानी मोडल र सञ्चालन प्रक्रियामा गहन छलफल आवश्यक छ । यस प्रकृतिको कम्पनीमा बैंकहरू नै सेयरधनी रहने व्यवस्था गर्न सकियो भने उत्तम हुन्छ ।

सरकारसहितको संलग्नतामा निजी क्षेत्रको लगानी हुँदा प्रभावकारी बन्न सक्छ र समस्या समाधान पनि गर्न सक्छ । दुई दशकअघि बैंकहरूको निष्क्रिय कर्जा व्यवस्थापनका लागि छुट्टै कम्पनी स्थापना गर्ने छलफल गर्दैगर्दा समस्या समाधान भइसकेको थियो । २० वर्षअघि र अहिलेको निष्क्रिय कर्जा तुलना गर्ने हो भने एएमसीको औचित्य देखिँदैन । किन कि दुई दशकअघि निष्क्रिय कर्जा ६० देखि ८० प्रतिशतसम्म पुगेको थियो र अहिले ५ प्रतिशत हाराहारी छ ।

विगतको इतिहासले समयक्रमसँगै बैंकहरू स्वयं निष्क्रिय कर्जा घटाउन सक्षम छन् भन्ने देखाउँछ । यद्यपि अहिलेको समयमा बैंकहरूको 'स्ट्रेस' घटाउन एएमसी चाहिन्छ । विश्वव्यापी रूपमा देखिइरहेको आर्थिक मन्दीको नेपाली अर्थतन्त्रमा परेको प्रभावका कारण बैंकहरूको गैरबैंकिङ सम्पत्ति बढ्दै जाँदा समस्या समाधानमा कठिनाइ भइरहेको छ । र, एएमसीलाई बैंकहरूको खराब कर्जा किन्ने अधिकारमा मात्रै सीमित नराखेर व्यक्तिको सम्पत्ति व्यवस्थापनको जिम्मेवारी पनि दिन सकिन्छ । किन कि व्यवस्थापनका लागि पनि दुई दशकअघि सरकार आफैँ अग्रसर थियो । त्यसबेला सरकारी बैंकहरूको निष्क्रिय कर्जा उल्लेख्य बढेका कारण सरकारले लगानी गर्ने भएको थियो । अहिले सबै बैंकहरूको खराब कर्जा बढ्दो स्थितिमा रहँदा खराब कर्जा बढेका कम्पनीहरूले नै लगानी गर्नु उपयुक्त हुन्छ । यो स्थापनाको मुख्य लक्ष्य निष्क्रिय कर्जा व्यवस्थापन गर्नु हो ।

त्यसकारण निष्क्रिय कर्जा बढी भएकाहरूको अग्रसरता वा लगानीमा नै एएमसी स्थापनाको मोडल अपनाउनुपर्छ किन कि अहिलेकै अवस्थामा सरकारलाई एएमसीमा लगानी गर्न कठिन छ । त्यसैले वाणिज्य बैंकहरू, विकास बैंकहरू र वित्त कम्पनीहरूले समस्या समाधान गर्न आ-आफूहरूले लगानी गरेर एएमसी स्थापना गर्न सक्छन् ।

> **एएमसी एउटा यस्तो कम्पनी हो- जसले आफ्ना ग्राहकको अनुरोधमा खराब भएको सम्पत्तिको व्यवस्थापन गर्छ । लगानी र सम्पत्तिको व्यवस्थापन गर्छ । यो कम्पनीले आफ्नो लागि नभई आफ्ना ग्राहकको सम्पत्ति व्यवस्थापन गर्ने काम गर्छ ।**

अहिले बैंकहरूको निष्क्रिय कर्जा बढेको, लगानी गर्ने फन्ड हुँदा पनि कर्जाको माग कम भएको र राष्ट्र बैंकले तरलता खिचिरहेको छ । यस्तो अवस्था सिर्जना हुनु अर्थतन्त्रको हिसाबले राम्रो मानिँदैन । लगानी बढेन भने रोजगारी बढ्दैन, राजस्व बढ्दैन र अन्य क्षेत्रहरू पनि प्रभावित बन्न पुग्छन् । त्यसकारण लगानी बढ्नुपर्ने पहिलो आवश्यकता हो । तर, लगानी बढ्न नसक्नुको कारण आर्थिक कारण होइन । यतिबेला बैंकहरूको ब्याजदर निकै सस्तो छ ।

पछिल्लो समय बैंकहरूले घर कर्जा नै ८ देखि ९ प्रतिशतमा दिइरहेका छन् । यति सस्तो ब्याज हुँदा पनि किन लगानी बढेन भन्दा लगानीकर्तालाई लगानीको वातावरण चित्त बुझेको छैन । केही नाफा कमाउँदा अनेकौँ झन्झटहरू सहनुपर्ने स्थिति छ । लगानीमैत्री वातावरण नहुँदा स्वदेशी तथा विदेशी लगानीकर्ता दुवैले चासो देखाइरहेका छैनन् । त्यसैले लगानी बढ्न नसक्नुमा गैरआर्थिक कारण बढी देखिन्छन् । गैरआर्थिक कारण के-के हुन सक्छन्, राज्यले पहिल्याएर लगानीमैत्री वातावरण सिर्जना गर्न सक्नुपर्छ ।

अन्य देशको अभ्यासलाई हेर्ने हो भने कुनै एक व्यक्तिको सम्पत्ति व्यवस्थापन गर्न पनि एएमसीजस्ता कम्पनी स्थापना गरेको पाइन्छ । धेरैजसो देशले फरक-फरक नाम र भूमिकामा सञ्चालन अनुमति दिएका छन् । नेपालमा पनि एएमसीजस्ता कम्पनी स्थापना भएमा अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्छ । वित्तीय क्षेत्रको स्थायित्वका लागि राष्ट्र बैंकले पनि केही प्रतिशत लगानी गर्नुपर्छ । राष्ट्र बैंकले कर्जा सूचना केन्द्र र नेपाल क्लियरिङ हाउसमा १० प्रतिशत लगानी गरेको उदाहरण छ । राष्ट्र बैंकले एएमसीमा पनि १० प्रतिशत लगानी गरे राम्रो हुन्छ । वित्तीय क्षेत्रको क्षमता बढाउन चाहिने संस्थाहरूमा राष्ट्र बैंकले लगानी गर्नुपर्छ । सञ्चालनमा रहेका 'म्युचुअल फन्ड'हरू पनि एक किसिमको एएमसी नै हुन् । यी संस्थाले काम गर्ने तौरतरिकालाई पनि अवलम्बन गर्न सकिन्छ । हामीले स्थापना गर्ने भनिएको एएमसीको दायरा खालि वाणिज्य बैंकहरूको निष्क्रिय कर्जा व्यवस्थापन गर्ने भनेर सीमित बनाइरहेका छौँ ।

एएमसी एउटा यस्तो कम्पनी हो- जसले आफ्ना ग्राहकको अनुरोधमा खराब भएको सम्पत्तिको व्यवस्थापन गर्छ । लगानी र सम्पत्तिको व्यवस्थापन गर्छ । यो कम्पनीले आफ्नो लागि नभई आफ्ना ग्राहकको सम्पत्ति व्यवस्थापन गर्ने काम गर्छ । ग्राहक भनेको व्यक्तिगत वा कर्पोरेट पनि हुन सक्छ । तिनीहरूले लगानीलाई चाहिने कोष स्थापना गर्छन् । यसमा म्युचुअल फन्डसँगै पेन्सन कोषलाई समेत उदाहरणका रूपमा लिन सकिन्छ । यसबाहेक एएमसीले 'प्राइभेट इक्विटी फन्ड'हरू पनि सिर्जना गर्न सक्छन् ।

नेपालमा एएमसी स्थापनाको बहस सुरु भएयता मैले निजी क्षेत्रले पनि एएमसी सञ्चालनमा ल्याएको देखेको छु । निजी क्षेत्रबाट सञ्चालित एएमसीहरूले वित्तीय क्षेत्र मात्र नभई व्यक्तिगत सम्पत्तिको पनि व्यवस्थापन गरिरहेको पाइन्छ । तर, यसरी सञ्चालित कम्पनीहरूले

प्रभावकारी भूमिका खेल्छन् भन्ने लाग्दैन ।

यतिबेला परिकल्पना गरिएको कम्पनी बैंकहरूको निष्क्रिय कर्जाको व्यवस्थापन गर्ने गरी हो । बैंकहरूले आफैं खराब कर्जाका ऋणीहरूलाई बोलाएर व्यवस्थापन गर्नुभन्दा कम्पनीलाई दिने कुरा हो । यस्तो गर्न सकियो भने बैंक तथा वित्तीय संस्थाहरू वित्तीयरूपले बलियो हुन्छन् । बलियो भएपछि पुँजीको सहजता हुन्छ । पुँजी सहज भएपछि उद्योग व्यवसाय फस्टाउन थाल्छन् । उद्योग व्यवसाय फस्टाउनु भनेको देशको अर्थतन्त्रमा पनि सुधार आउनु हो । वित्तीय क्षेत्र बलियो, प्रतिस्पर्धी र प्रभावकारी हुनुपर्छ । अहिलेको कठिन अवस्थामा एएमसी स्थापना गरियो भने समस्या समाधानमा सघाउ पुऱ्याउँछ । एउटा कम्पनी स्थापना गर्न वर्षौं खर्चिनु हुँदैन । ढिला भए पनि राम्रोसँग सञ्चालनमा आउन सके राम्रो नै हुन्छ किनभने एएमसीको दायरा निष्क्रिय कर्जा व्यवस्थापन गर्ने मात्रै होइन, वैदेशिक लगानी भित्र्याउन पनि बाधा पुऱ्याउँछ ।

वैदेशिक लगानी भित्र्याउने मुख्य तत्वभित्र लगानीमा प्रतिफल र लगानीमा सुरक्षा पर्छ । देशले लगानीमा प्रतिफल र सुरक्षा प्रत्याभूत गर्नसके मात्रै विदेशी लगानी आउँछ । सरकारले क्षेत्र तोकेर विदेशी लगानी भित्र्याउने भनेको छ । तर, नाफा र सुरक्षा भएन भने लगानी आउँदैन । नेपालमा लगानी गरेर प्रतिफल लिन सकेन भने कम्पनी अर्कैतिर लाग्छ ।

कुनै पनि मुलुकमा विदेशी लगानी नआउँदा देशको साखमा ठूलो प्रश्न खडा हुन्छ । नेपालमा लगानी गरेका कम्पनीलाई केही समस्या सिर्जना भयो भने सरकारले साथ दिँदैन भन्ने छाप अन्तर्राष्ट्रियजगतमा पऱ्यो भने विदेशी लगानीलाई निरुत्साहित गर्छ । सरकारले त्यो वातावरण सुल्झाउनुपर्छ । विदेशी लगानी भित्र्याउन निजी क्षेत्रले 'जोइन्टभेन्चर' गरौं भन्ने किसिमका कुरा गर्दै आइरहेका छन् । निजी क्षेत्रको प्रयास उल्लेखनीय देखिन्छ, सरकारको नीति पनि देखिन्छ तर व्यवहारमा कार्यान्वयन भएको देखिँदैन ।

यस सन्दर्भमा सरकारका कुनै पनि नीति खराब छैन । कतै पनि सरकारले विदेशी लगानीलाई निरुत्साहन गरेको छैन । तर, लगानी आएको छैन अर्थात् कार्यान्वयन भएको छैन । उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग र बैंकिङ क्षेत्र सुझाव कार्यदलले पनि अर्थतन्त्र सुधार गर्न र विदेशी लगानी सहजीकरण गर्न मात्र भनेको छैनन्, एएमसी स्थापनाको आवश्यकता पनि औंल्याएका छन् । यसका लागि आवश्यक कानुन बनाएर सार्वजनिक निजी साझेदारी (पीपीपी)मा कम्पनी खडा गर्न सुझाएका छन् र त्यही रुपमा काम अघि बढाउनु पनि पर्छ ।

देशको आवश्यकता भएपछि विभिन्न आयोग, समितिहरूले एएमसी स्थापनाको सुझाव दिइरहेका छन् । एउटा कम्पनी सञ्चालन गर्न विभिन्न समिति/आयोगले प्रतिवेदनमा समेट्नुपर्ने होइन । सरकारले नै बुझेर एएमसी स्थापनाको प्रक्रिया अघि बढाउनुपर्ने थियो । तर, विज्ञको धारणा बुझौं भन्ने किसिमले समितिहरू गठन गरिन्छ । प्रतिवेदन पनि आउँछ तर कार्यान्वयन हुन भने निकै मुस्किल पर्छ । एएमसी वित्तीय क्षेत्रको आवश्यकता हो । यसको सीमा, दायरा बृहत् छ । अन्यत्र जाने हो भने राष्ट्र बैंकको लगानी नदिएर निजी क्षेत्रले लगानी गर्दा हुन्छ । म्युचुअल फन्ड जसरी पनि सञ्चालन गर्न सकिन्छ । अहिले बैंकहरूले आफ्नै म्युचुअल फन्ड सञ्चालन गरिरहेको अवस्थामा त्यसरी नै एएमसी स्थापना गर्न सक्छन् ।

बैंकिङ क्षेत्रबाट कर्जा प्रवाह अत्यधिक बढेपछि अन्य क्षेत्रका वस्तुहरूको माग घट्छ । कर्जाको विस्तारमा रोकावट आएपछि घरजग्गाको माग पनि घट्छ । घरजग्गाको माग घटेपछि घरजग्गा व्यवसायीहरूको आम्दानी कम हुन्छ र उसले गर्ने खर्च पनि कम हुन्छ । अर्थतन्त्रमा विभिन्न क्षेत्रहरू एकआपसमा जोडिएका हुन्छन् । एक क्षेत्र राम्रो भयो भने त्यसले सबै क्षेत्रलाई राम्रो गर्छ किनभने एक वर्षमा २ लाख नयाँ घर बन्छ भने निर्माणका लागि सामग्री खरिद बढ्छ ।

सरकारले सबै पक्ष बुझे पनि काम भने गर्दैन । मुलुकले खुला अर्थतन्त्रको नीति अवलम्बन गरेको छ । खुल्ला अर्थतन्त्र भनेको खुल्ला लाइसेन्सिङ भन्ने धेरै नेपालीको बुझाइ छ । तर, खुल्ला अर्थतन्त्र भनेको खुल्ला लाइसेन्सिङ होइन । यस विषयमा अनभिज्ञ कोही पनि छैन । विद्वान् अर्थशास्त्रीहरू सरकारमा छन् र पनि समस्या समाधानमा कसैले चासो देखाउँदैनन् । अहिले अर्थतन्त्रमा जुन शिथिलता छाएको छ, त्यो सरकारकै चाहनामा सिर्जित हो भन्दा अन्यथा हुँदैन ।

*(भण्डारी नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक, सिटिजन्स बैंक इन्टरनेशनलका पूर्वअध्यक्ष तथा पूर्वप्रमुख कार्यकारी अधिकृत हुन् ।)*




घरजग्गा कारोबार

# ब्रोकर लाइसेन्सको व्यवस्था र अर्थतन्त्रमा पार्ने प्रभाव





भेषराज लोहनी

नेपालमा घरजग्गाको कारोबार अनुमति (ब्रोकर लाइसेन्स) दिने विषय केही वर्षदेखि बेला-बेला उठ्ने र हराउने गरेको छ । सरकारले बजेटमै घोषणा गरे पनि कार्यान्वयन हुनसकेको छैन । धेरै राजनीतिज्ञ तथा कर्मचारी यस विषयमा जानकार पनि छैनन् । घरजग्गा कारोबारमा ब्रोकर लाइसेन्सको व्यवस्था पश्चिमा देशबाटै सुरु भएको देखिन्छ । घरजग्गामा ब्रोकर लाइसेन्स सेयरबजारको ब्रोकर लाइसेन्ससँग मिल्छ । कुनै पनि पब्लिक कम्पनीको कारोबार ब्रोकरको माध्यमबाट मात्रै हुन्छ । एउटा व्यक्तिले चाहेर पनि सिधै अर्को चिनेको व्यक्तिलाई आफूअनुकूलको मूल्यमा बिक्री गर्न सक्दैन । व्यक्तिले चाहेको सेयर खरिद गर्न सक्छ तर कुनै ब्रोकरको प्रयोग गरी प्रतिस्पर्धी मूल्य तिरेर मात्र । सेयरकै मोडलमा रियल इस्टेटका ब्रोकर कम्पनीलाई कारोबार गर्न दिइनुपर्छ । लाइसेन्स दिएको कम्पनीमा ब्रोकरले काम गर्छन् ।

ब्रोकरको न्यूनतम योग्यता तोकिएको हुन्छ । कतिपय मुलुकमा स्नातक तह र कतिपयमा माध्यमिक शिक्षा पूरा गरेको हुनुपर्छ । विदेशमा उनीहरूलाई निश्चित कोर्ष गरेको हुनुपर्छ । जग्गा प्रशासनका कानुनी व्यवस्था, घर र जग्गाको मूल्यांकनका विधिबारे अध्ययन गराइन्छ । यो अध्ययन सकिएर उत्तीर्ण भएका व्यक्तिलाई लाइसेन्स दिइन्छ । ब्रोकर एजेन्टको रूपमा लाइसेन्स पाएको व्यक्तिले एउटा लाइसेन्स प्राप्त कम्पनीमा रही ग्राहकलाई सेवा दिन्छ । यसको उदाहरण ल फर्मसँग जोडेर हेर्न सकिन्छ । ल फर्मले पनि अनुमति लिएको हुन्छ र ल फर्ममा काम गर्ने वकिलले पनि लाइसेन्स लिएको हुन्छ । एउटा ब्रोकर कम्पनीमा धेरै लाइसेन्स प्राप्त व्यक्तिले एजेन्टको रूपमा काम गर्छन् । मिलेमतोमा बिक्रेतालाई बढी मूल्यको जग्गा खरिद गराउने सम्भावना हुँदैन । खरिदकर्ताप्रति ब्रोकरको जवाफदेहिता हुन्छ ।

> सरकारले तोकेको मापदण्ड पूरा गर्ने हजारौँ ब्रोकर हुन सक्छन् । घरजग्गा कारोबार औपचारिक रूपमा हुनुपर्छ भन्ने हो । हजारौँ ब्रोकर हुँदा एकाधिकार हुँदैन । डेभपलपर्सको काम गर्ने रियल इस्टेट कम्पनी पनि निश्चित मापदण्ड बनाएर जोसुकैलाई दिने व्यवस्था गर्दा एकाधिकार हुँदैन ।

**■ बजेटमा आयो कार्यान्वयन भएन**

काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन २०४५ आएपछि केही हदसम्म 'प्लानिङ परमिट' लिएर काम गर्ने क्रम बढ्यो । काठमाडौं उपत्यकाबाहिर नगर विकास ऐन २०४५ ले 'रियल इस्टेट'को कारोबार कम्पनीहरूमार्फत हुनथाले । संयुक्त आवास ऐन २०५४ आएपछि अपार्टमेन्टहरू खुल्ला भए । तर, जुनरूपमा अगाडि बढ्नुपर्थ्यो, त्यसमा व्यवसायीहरू पनि जान चाहेनन् । राज्यका निकायले बाध्यकारी बनाएनन् ।

डा. युवराज खतिवडा अर्थमन्त्री भएको समयमा घरजग्गा कारोबार गर्नेलाई लाइसेन्स दिने व्यवस्था बजेटमा आयो । त्यसपछि पनि २ पटक ब्रोकर लाइसेन्सको विषयले बजेटमा प्राथमिकता पायो । तर, कार्यान्वयन गर्न ठोस तरिकाले ऐन/नियमावली बन्न सकेनन् । नेपाल जग्गा तथा आवास विकास महासंघले बारम्बार घचघच्याए पनि अहिलेसम्म कुनै प्रक्रिया अघि बढेको छैन ।

लाइसेन्सको व्यवस्था कार्यान्वयन हुँदा मानिस ठगिनबाट जोगिन्थ्यो । जग्गाधनीसँग एउटा मूल्यमा जग्गा छिन्ने र त्यसमा ठूलो कमिसन राखेर दोस्रो व्यक्तिलाई उति नै बेला बिक्री गर्ने क्रम घट्थ्यो । निश्चित ब्रोकरमार्फत बिक्री गर्ने मानिसले पनि उचित मूल्य पाउन सक्छ । अहिले पनि ब्रोकरमार्फत नै कारोबार भइरहेको छ तर अनौपचारिक रूपमा ।

केही वर्षदेखि महासंघको पहलमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री र सचिवलाई बारम्बार भेटेर रियल इस्टेट लाइसेन्सको विषयमा बुझाउने कोशिस गर्छौं । उहाँहरूले केही महिनापछि बुझेको संकेत गर्दा नगर्दै पुराना हटेर नयाँ मन्त्री र सचिव आउने बेला भइसकेको हुन्छ । अहिलेसम्म ब्रोकर लाइसेन्सका विषयमा कुनै मस्यौदा सार्वजनिक भएर बहस गर्ने ठाउँमा आइपुगिएको छैन । सहसचिवस्तरबाट मस्यौदा भनिन्छ तर त्यसले मूर्तरूप नपाउँदै सरुवा हुने र अर्को नेतृत्वले अगाडि नबढाउने प्रवृत्ति हावी छ ।

मन्त्रालयहरूबीच समन्वय नहुँदा पनि काम रोकिने गरेको छ । घरजग्गा कारोबारको रेकर्ड भूमि व्यवस्था मन्त्रालयले राख्छ । जग्गा प्रशासनका सबै काम भूमि मन्त्रालयले नै गर्छ । सहरी विकास मन्त्रालयले आवास र भवन निर्माणसम्बन्धी मापदण्ड बनाउँछ । घरजग्गा कारोबारसम्बन्धी कानुन कुन मन्त्रालयले अगाडि बढाउने भन्ने अन्योल पनि छ । मन्त्रालयहरूको कार्यक्षेत्र तोकिए पनि अन्तर्संघर्षको कारण समग्र देशलाई घाटा भइरहेको छ ।

**■ डेभलपर्स र ब्रोकर छुट्टिनुपर्छ**

नेपालमा घरजग्गा कारोबारको सबै काम एकै व्यक्तिले गर्ने चलन छ । एउटै व्यक्तिले जग्गाको खरिदबिक्रीको माध्यम बन्ने ब्रोकर र प्लटिङ, हाउजिङ, अपार्टमेन्ट विकास गर्ने डेभलपर्स छुट्टिने गरी स्पष्ट कानुन बन्नुपर्छ । डेभलपर्स र ब्रोकरको लाइसेन्स फरक हुनुपर्छ । उदाहरणका लागि, बैंक तथा वित्तीय संस्था कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भएका हुन्छन् । त्यहाँ दर्ता हुँदैमा वित्तीय कारोबार गर्न पाउँदैनन् । नेपाल राष्ट्र बैंकले अनुमति नदिएसम्म बैंक तथा वित्तीय संस्थाले कुनै कारोबार गर्न पाउँदैनन् । अहिले धेरैले कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता गरेर जग्गा प्लटिङको काम गरिरहेका छन् । सीमित कम्पनीले मात्रै 'प्लानिङ परमिट' लिएका छन् तर एकीन तथ्यांक छैन । डेभलपर्स हुन न्यूनतम पुँजीको व्यवस्था गर्नुपर्छ । डेभलपर्स नियमन गर्ने कुनै निकाय तोकिनुपर्छ । यसो गर्दा ब्रोकर र रियल इस्टेट कम्पनी छुट्टिन्छन् । अहिले ब्रोकर र डेभलपर्स नछुट्टिएका कारण घरजग्गामा संलग्न व्यक्ति वा कम्पनीलाई पनि ब्रोकरको रूपमा हेर्ने गरिएको छ ।

नेपालमा करिब १८ हजार कम्पनी घरजग्गासम्बन्धी कारोबार गर्न कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भएका छन् । त्यसमध्ये ५-६ सय कम्पनी मात्रै नियमित कारोबार र नवीकरण भइरहेको देखिन्छ । यी कम्पनीहरूबाट नेपालमा कुल घरजग्गा कारोबारको करिब २ प्रतिशत मात्रै भएको देखिन्छ । ९८ प्रतिशत कारोबार अनौपचारिक रूपमा भइरहेको छ । कतिपयले कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता गरे पनि व्यक्तिगत रूपमा कारोबार गरिरहेका छन् । कम्पनी देखाउने तर व्यक्तिगत रूपमा कारोबार गर्ने व्यवसायी धेरै छन् । यसले राजस्वमा समेत घाटा लागेको छ । व्यक्ति व्यक्ति कारोबार हुँदा ७.५ प्रतिशतसम्म पुँजीगत लाभकर तिर्दा हुन्छ । तर, कम्पनीमार्फत कारोबार हुँदा आयकर २५ प्रतिशतसम्म तिर्नुपर्छ । त्यसकारण धेरै मानिस व्यक्तिबाट कारोबार बढी गर्छन् । सरकारले ब्रोकरलाई लाइसेन्स दिए, उनीहरूले पाएको कमिसनको निश्चित प्रतिशत आयकर पनि सरकारलाई बुझाउँछन् ।

कतिपय नेपालीमा कुनै ब्रोकरलाई घरजग्गाको कारोबार गर्न दिने निर्णय गर्दा एकाधिकार पो हुन्छ कि भन्ने चिन्ता पनि देखिन्छ । सरकारले तोकेको मापदण्ड पूरा गर्ने हजारौँ ब्रोकर हुन सक्छन् । घरजग्गा कारोबार औपचारिक रूपमा हुनुपर्छ भन्ने हो । हजारौँ ब्रोकर हुँदा एकाधिकार हुँदैन । डेभपलपर्सको काम गर्ने रियल इस्टेट कम्पनी पनि निश्चित मापदण्ड बनाएर जोसुकैलाई दिने व्यवस्था गर्दा एकाधिकार हुँदैन । डेभलपरहरूले एकाधिकार चाहेका छैनन्, घरजग्गाको कारोबारमा औपचारिक प्रणाली खोजेका हुन् ।

लाइसेन्सको विषय उठ्दा कतिपयले आशंका गर्छन् । आफ्नो जग्गा चिनेकै व्यक्तिलाई बिक्री गर्दा पनि ब्रोकर खोज्नुपर्दा झन्झट हुन्छ । केही व्यक्तिको फाइदाको लागि लाइसेन्सको विषय उठ्ने गरेको भन्ने सुनिन्छ । ब्रोकर लाइसेन्स दिने व्यवस्था भएका विकसित राष्ट्रमा पनि व्यक्ति व्यक्तिबीच कारोबार हुन्छ । खरिद गर्ने र बिक्री गर्ने दुवैलाई जग्गाको मूल्य कति हो भन्ने ज्ञान छ भने कारोबार गर्न पाउँछन् । तर, सहरी क्षेत्रमा कुन ठाउँको जग्गाको मूल्य कति सबैलाई थाहा हुँदैन ।

त्यस्तो समयमा ब्रोकरको आवश्यकता पर्ने हो ।

खरिदकर्ता र बिक्रीकर्ता दुवैलाई जग्गाको मूल्य कति भन्ने थाहा हुन मुस्किल हुन्छ । ब्रोकर भनेको कारोबार गर्नेहरूका लागि सल्लाहकार पनि हो । हामीले ब्रोकरबाट मात्रै कारोबार गर्न दिनुपर्छ भनेका छैनौँ । व्यक्ति र ब्रोकर दुवैले कारोबार गर्न पाउँछन् । व्यक्ति व्यक्ति मिलेर कम मूल्यांकन देखाएको अवस्थामा सरकारलाई उक्त क्षेत्रको जग्गाको मूल्य थाहा हुने भएकाले राजस्व छली हुँदैन । उदाहरणका लागि, दुर्गमको जग्गा व्यक्तिहरू एक आपसमा मिलेर बिक्री गर्न सक्छन् । तर, न्यूनतम एक करोडमाथिको जग्गा कारोबार गर्नेले ब्रोकरको प्रयोग गर्नुपर्छ । सर्वसाधारणलाई पनि ब्रोकरबाट कारोबार गर्दा कुनै झन्झट हुँदैन, बरु जग्गाको वास्तविक मूल्यमा खरिदबिक्री गर्न पाउँछन् ।

## ■ सेयरबजारजस्तै घरजग्गा बजार

जग्गा खरिदकर्ता र बिक्रेताका फरक ब्रोकर हुन सक्छन् । जग्गा विस्तृत विवरणसहित डिजिटल माध्यममा राखिएको हुन्छ । आफूअनुकूलको जग्गा सम्बन्धित ब्रोकरले आफ्ना ग्राहकलाई खरिदका लागि सहजीकरण गरिदिन्छ । उदाहरणका लागि, काठमाडौंको बानेश्वरमा घरजग्गा खरिद गर्दा उक्त क्षेत्रका सबै जग्गा आफ्नो सेवाग्राहीलाई देखाइदिन्छ । एउटा जग्गा खरिद गर्न चाहने धेरै हुन सक्छन् । उनीहरूबीच डिजिटल माध्यमबाटै बोलकबोल हुन्छ । बढी मूल्य तिर्नेले जग्गा खरिद गर्न पाउँछ । यसले मूल्य पारदर्शी हुन्छ । खरिदकर्ता र बिक्रेता दुवैका ब्रोकरले तोकिएको निश्चित प्रतिशत कमिसन पाउँछन् । ब्रोकरले ल्याएको कमिसन पनि करको दायरमा आउँछ ।

विकसित देशमा व्यक्ति आफैँले आफ्नो जग्गा अनलाइन माध्यममा राखिदिएको हुन्छ । उक्त जग्गा कुन समयमा कति बिक्री भयो भन्ने लामो समयको जानकारी हुन्छ । छिमेकीको जग्गा वा घर कति वर्षअघि कति मूल्यमा खरिदबिक्री भयो भन्ने जानकारी अनलाइन माध्यमबाटै हेर्न पाउँछन् । भर्खरै मात्र उक्त ठाउँमा कुन कुन जग्गा कति मूल्यमा बिक्री भए डिजिटल प्लेटफर्ममा आउँछ । खरिदकर्तालाई विकल्प धेरै हुन्छन् र यसले पारदर्शिता बढाउँछ ।

ब्रोकर र डेभलपर्सलाई लाइसेन्स त अनिवार्य गर्नैपर्छ । पहिलो चरणमा लाइसेन्समार्फत कारोबार गराउनुपर्छ । लाइसेन्स कार्यान्वयन हुँदै गर्दा अझै परिष्कृत तहमा स्टक मार्केटजस्तै ल्यान्ड मार्केट स्थापना गर्नुपर्छ । ल्यान्ड मार्केटमा ब्रोकर कम्पनीहरू दर्ता हुन्छन् । निश्चित मूल्यभन्दा बढीका जग्गा ल्यान्ड मार्केटबाटै कारोबार हुने व्यवस्था गर्नुपर्छ । ब्रोकरमार्फत कारोबार गर्दा एक तहको 'फिल्टरिङ' हुन्छ । ब्रोकरले लाइसेन्स पाउँदा हरेक कम्पनीका प्लेटफर्ममा हेर्न पाइयो ।

कारोबारलाई अझै सहज बनाउन सबै ब्रोकर कम्पनीलाई एउटै प्लेटफर्ममा राखेर कारोबार गर्न दिनुपर्छ । ल्यान्ड मार्केटमा दर्ता भएका कम्पनीले बिक्री हुने जग्गा प्लेटफर्ममा राखेको हुन्छ । देशभरका नागरिकले एउटै प्लेटफर्ममा कुन ठाउँको जग्गा कतिमा कारोबार भएको छ हेर्न पायो । उसले ब्रोकरमार्फत खरिद वा बिक्री गर्न पनि पायो । त्यसका सरकारले सिधै व्यक्तिलाई पनि पहुँच दिने प्रणाली बनायो भने ब्रोकरविना पनि कारोबार गर्न पाउँछन् । सरकारले बनाउने प्रणालीमा भर पर्छ । सेयरको कित्ता कारोबार भएजस्तै अनलाइनबाटै जग्गा नामसारी हुने व्यवस्था गर्नुपर्छ । घरमै बसेर सहजै कारोबार गर्न पाउँदा अहिले मालपोत कार्यालयमा देखिएको भीड पनि स्वतः हराउँछ । कतिपय अवस्थामा कर्मचारीलाई घुस खुवाउनुपर्ने अवस्थाको पनि अन्त्य हुन्छ ।

## ■ जग्गाको मूल्य निर्धारण आफैँ हुन्छ

नेपालमा सरकारी मूल्य एउटा, बजार मूल्य अर्को छ । अर्थात् सरकारी मूल्यांकन १० लाख भएको जग्गाको बजार मूल्य ५० लाख रूपैयाँ पुगिसकेको हुन्छ । कतिपय व्यक्तिले १० लाख रूपैयाँमै पनि 'अन्डर इन्भोइस' गरेर कारोबार गरिरहेका हुन्छन् । यसले राजस्व चुहावट गरिरहेको छ । नेपालमा अहिलेसम्म घरजग्गाको 'प्राइस इन्डेक्स' छैन । ब्रोकरमार्फत कारोबार गर्दा डिजिटल रेकर्ड बस्दै जाँदा इन्डेक्स आफैँ बन्छ ।

मालपोत कार्यालयहरूले वर्षौँअघि एउटा मूल्य निर्धारण गरे । अहिले वार्षिकरूपमा ठाउँअनुसार १०-१५ प्रतिशत बढाउँदै लैजाने परम्परा छ । नेपालमा घरजग्गाको वैज्ञानिक मूल्य निर्धारण हुनसकेको छैन । मालपोत कार्यालयहरूसँग हरेक कित्ताको मूल्य निर्धारण गर्ने क्षमता पनि छैन । एकै ठाउँको जग्गाको मूल्य लाखौँ रूपैयाँ फरक पर्न सक्छ । मालपोतले कुनै सडकको यहाँबाट यहाँसम्म यति मूल्य भनेको आधारमा राजस्वका लागि कारोबार भइरहेको हुन्छ । ब्रोकरमार्फत कारोबार हुँदा कम्तीमा सरकारले तोकेको मूल्यभन्दा कममा कारोबार हुन पाउँदैन ।

यो सबै परिस्थितिलाई बुझेर राष्ट्र बैंकले प्राइस इन्डेक्स बनाउन खोज्यो । घरजग्गा कारोबारका छाता संघ/सँगठनसँग छलफल पनि गर्‍यो । मूल्य निर्धारणको आधार के हुने ? मालपोत कार्यालयको मूल्यलाई आधार बनाउने कि बजार मूल्यलाई बनाउने भन्ने निर्क्योल गर्न सकेन । राष्ट्र बैंकले अव्यवस्थित कारोबार भइरहेको नेपालमा प्राइस इन्डेक्स तोक्न सकिँदैन भनेर पछि हट्यो । राष्ट्र बैंकले बजारमा 'फेयर भ्यालु' कारोबार नहुनु र जग्गाको मूल्य बढ्ने ट्रेन्ड एउटै नहुँदा प्राइस इन्डेक्स निकाल्न सकेन । त्यसकारण अव्यवस्थित कारोबारलाई पारदर्शी बनाउन पनि ब्रोकर लाइसेन्स खोल्न ढिला गर्नुहुँदैन ।

## ■ रूमलिएका हामी बाहिर निस्किनुपर्छ

मन्त्री, सचिव र सहसचिवहरू छिटो छिटो परिवर्तन हुँदा सम्बन्धित मन्त्रालयको कामका विषयमा जानकार कम हुन्छन् । कुनै पनि मन्त्रीले मन्त्रालय सम्हाल्दा सहजै अगाडि बढाउन सक्ने अवस्था छैन । नेपालमा भूमिसम्बन्धी कानुनमा अत्यन्तै राजनीति हुन्छ । विवादमा परिन्छ भन्ने डरले कुनै पनि विषयमा अग्रसर भएर काम अगाडि बढाउन चाहँदैनन् । भोलि विवादमा परिन्छ कि, गलत विषयवस्तु ल्याएर फसाउन पो लागेका हुन् कि भन्ने संशय मन्त्री र कर्मचारीमा देखिन्छ । भूमि मन्त्रालयमा प्रवेश गर्दा नै सशंकित तवरमा प्रवेश गरेको हुन्छ । सबै विषय बुझिसक्दा सम्बन्धित मन्त्री, सचिव त्यहाँबाट हटिसकेको हुन्छ । एकातिर यस्तो अवस्था छ भने अर्कोतिर मन्त्री 'कन्भिन्स' भएर हुँदैन, कर्मचारीलाई राजी गराउनुपर्छ । नेपालको कर्मचारी शासन प्रणाली सुधार गर्न अग्रसर भएको खासै देखिँदैन । मन्त्री र उच्च तहको कर्मचारी 'बोल्ड' नेतृत्वयुक्त नहुँदासम्म घरजग्गामा ब्रोकरको व्यवस्था अगाडि बढाउन मुस्किल देखिन्छ । मन्त्रालयले मस्यौदा तयार गरी अर्थ मन्त्रालय र कानुन मन्त्रालयको राय लिनुपर्छ । उनीहरू पनि सहमत हुनुपर्‍यो । महासंघको नेतृत्वमा पुगेका व्यक्तिहरूले विगतमा ब्रोकर व्यवस्थाका पक्षमा 'लबिइङ' गरे पनि पछि के हुन्छ भन्न सकिन्न । तर, व्यक्तिगत र अपारदर्शी रूपमा कारोबार गर्ने व्यवसायीहरू ब्रोकर लाइसेन्सको वकालत गर्दैनन् । घरजग्गा कारोबारलाई व्यवस्थित बनाउन सकियो भने रियल इस्टेट क्षेत्रमा काम गर्ने मानिसहरूको इज्जत र प्रतिष्ठा बढ्छ । समाजमा घरजग्गा व्यवसायीलाई हेर्ने नजर अहिले राम्रो छैन ।

वार्षिक १५ खर्ब रूपैयाँ बढीको घरजग्गा (प्रोपर्टी) खरिदबिक्री अपारदर्शी रूपमा भइरहेको छ । नेपालको अनौपचारिक अर्थतन्त्र बनाउन मुख्यतः घरजग्गाको अव्यवस्थित कारोबारले सहयोग गरिरहेको छ । यो विषयमा सबै घरजग्गा कारोबार गर्ने व्यक्ति र सरकार गम्भीर हुन जरुरी छ । २०८० मा मालपोत ऐन संशोधन भएर दर्ता भएका कम्पनीले मात्रै कारोबार गर्न पाउने व्यवस्था गरेको छ । राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्र, क्षेत्रफल वा रकमको सीमाभन्दा बढीको घरजग्गासम्बन्धी कारोबार गर्दा इजाजत लिनुपर्ने भन्ने व्यवस्था छ । तर, कार्यान्वयन हुनसकेको छैन । अतः घरजग्गा कारोबारलाई व्यवस्थित गर्न ब्रोकर लाइसेन्स दिन स्पष्ट कानुनको आवश्यकता छ । तत्काल मालपोत ऐनमा भएको व्यवस्था कार्यान्वयन गर्दै कानुन परिमार्जन गर्नु उचित हुन्छ । पछिल्लो समय सरकारले नेपालको आर्थिक क्षेत्र सुधारका लागि रामेश्वर खनाल नेतृत्वको आयोग गठन गरेको थियो । आयोगले पनि घरजग्गाको कारोबार गर्न लाइसेन्स दिने व्यवस्था सुझाएको छ । अव्यवस्थित घरजग्गाको कारोबार हुँदा नेपाल 'ग्रे लिस्ट'मा समेत परेको छ । महालेखापरीक्षकको कार्यालयले सरकारले बजेटमा ल्याए पनि कार्यान्वयन गर्न नसकेको भन्दै प्रश्न उठाएको छ । सरकारले हालै तीन करोड रुपैयाँभन्दा बढीको घरजग्गा कारोवार गर्दा ब्रोकर लाइसेन्स खुलाएको छ । यो व्यवस्थाको कार्यान्वयनबाट आगामी दिनमा घरजग्गा कारोवार थप व्यवस्थित हुन्छ भन्ने अपेक्षा गर्न सकिन्छ ।

*(लोहनी नेपाल जग्गा तथा आवास विकास महासंघका निवर्तमान अध्यक्ष हुन् ।)*

# पुँजीबजारमा एनआरएनलाई भित्र्याउन प्रविधिमा सुधार गर्नुपर्छ






डा. चिरञ्जीवी नेपाल

## पुँजीबजारको इतिहास

नेपालमा धितोपत्र कारोबारको इतिहास धेरै लामो छैन । नेपालमा वि.सं. १९९३ मा कम्पनी ऐन जारी भयो । त्यसपछि १९९४ मा विराटनगर जुट मिल्स र नेपाल बैंङ्कले पहिलोपटक सर्वसाधारणलाई धितोपत्र निष्काशन गरे । १९९४ मा धितोपत्र निष्काशन भए पनि त्यतिबेला नेपालमा धितोपत्र कारोबारसम्बन्धी स्पष्ट कानुनी व्यवस्था भने थिएन । धितोपत्र कारोबारको सञ्चालन र व्यवस्थापन सम्बन्धमा कानुनी व्यवस्था 'धितोपत्र कारोबार ऐन २०४०' बाट सुरु भएको हो । यो ऐनमा दुई पटक संशोधन भयो । सुरुमा नेपाल सरकारले जारी गरेका धितोपत्रहरू खरिद-बिक्री गर्ने गराउने व्यवस्थाका लागि आवश्यक कानुनी व्यवस्था गर्न र त्यसका लागि उपयुक्त संस्था खडा गर्न धितोपत्र कारोबार ऐनको निर्माण भएको थियो । सो ऐनले सेक्युरिटी खरिद-बिक्री केन्द्रको स्थापना गरी सरकारी धितोपत्रको कारोबार सञ्चालन एवं त्यसको व्यवस्थापन सम्बन्धमा न्यूनतम व्यवस्था गरेको थियो ।

पहिलेको ऐनलाई प्रतिस्थापन गरी धितोपत्रसम्बन्धी ऐन, २०६३ कार्यान्वयनमा आयो, छ । स्थापनाको पहिलो दशक (वि.सं.२०५०-२०५९) धितोपत्र बजारको कानुनी तथा नियमनकारी संरचनालाई सुदृढ बनाउन बोर्डको ध्यान केन्द्रित भएको छ । सो अवधिमा प्राथमिक र दोस्रो बजारका गतिविधिहरू पनि बढ्दै गएको पाइन्छ । स्थापनाको दोस्रो दशक (वि.सं. २०६०-२०६९) मा धितोपत्र बजारमा आवश्यक पूर्वाधारहरूको विकास गरी बजारलाई अन्तर्राष्ट्रिय स्तरउन्मुख बनाउनेतर्फ बोर्ड केन्द्रित रह्यो । यस अवधिमा नेपालको पुँजीबजारमा धितोपत्र कारोबारको खुला बोलकबोल प्रथा प्रतिस्थापित भई अर्धस्वचालित कारोबार प्रणालीको सुरुवात भयो । यसैगरी, यस अवधिमा धितोपत्रको केन्द्रीय निक्षेप कम्पनीको स्थापना भई बजार अभौतिकीकरणतर्फ क्रमशः लम्कियो भने क्रेडिट रेटिङ संस्थाको स्थापना भयो । संस्थागत लगानीकर्ताको लागि सामूहिक लगानी कोष सञ्चालनमा आए ।

बोर्ड स्थापनाको तेस्रो दशक (वि.सं. २०७०-२०७९) अर्थात् २०७० पछिको अवधिलाई नेपालको धितोपत्र बजारमा भएको विकासलाई

बजार आधुनिकीकरणको चरणको रूपमा लिन सकिन्छ। यस अवधिमा बजारमा धितोपत्रको पूर्ण अभौतिक कारोबार हुने व्यवस्था भयो । नेपाल स्टक एक्सचेन्ज (नेप्से)को सम्पूर्ण कारोबार अनलाइन प्रणालीमार्फत सुरु भयो। कम्पनीहरूले सेयर निष्काशन गर्दा प्रिमियम मूल्यमा जारी गर्न पाउने व्यवस्थाको सुरुवात भयो भने बुक बिल्डिङमार्फत आईपीओ निष्काशन प्रक्रियाले पूर्णता पायो। यस अवधिमा वैदेशिक रोजगारीमा गएका नेपाली नागरिकलाई सार्वजनिक सेयर निष्काशनमा दश प्रतिशत आरक्षणको व्यवस्था मात्रै भएन, अरु धेरै परिवर्तनहरू सेयरबजारमा देख्न पाइन्छ।

अर्थतन्त्रको विकासको सुरुवातमा वित्तीय मध्यस्थताको लागि बैङ्किङ संस्थाहरू गहन भूमिका खेल्ने गर्दछन्। यस्ता संस्थाले बचतकर्ताको बचत सङ्कलन गरी लगानीकर्तालाई लगानी गर्न ऋण प्रवाह गर्ने गर्दछन्। यस प्रकारको मध्यस्थकर्ताको कामले अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्न गई उत्पादनमा समेत सघाउने गर्दछ। यसले देशको आर्थिक वृद्धिमा सहयोग पुऱ्याउँछ । बैङ्किङ क्षेत्रबाट सबैले आफूले चाहेजति ऋण लिन पाउँदैनन्। खास गरी दीर्घकालीन लगानी गर्नको लागि ऋणबाट पर्याप्त स्रोत पुग्दैन । बैङ्किङ संस्थाले छोटो समयको लागि मात्र लगानी गर्न खोज्छन् । बैङ्क तथा वित्तीय क्षेत्रले दीर्घकालीन लगानी गर्न हिच्किचाउँछन् । तसर्थ ठुल्ठूला लगानी र जोखिमयुक्त लगानीको लागि बैङ्क तथा वित्तीय संस्थाको विकासले मात्रै सम्भव हुँदैन। लगानीकर्ताको विश्वास आर्जन गर्न सक्ने पुँजीबजारबाट सहज ढङ्गले पुँजी परिचालन गर्न सकिन्छ । पुँजीबजारअन्तर्गत ऋणपत्रको बजार पनि हुन्छ।

निश्चित प्रतिशत ब्याजदर दिने गरी ऋणपत्र जारी गरेर लगानीको साधन सङ्कलन गर्न सकिन्छ । पुँजीबजारमा कम्पनीको स्वामित्वमा सहभागी हुने गरी सेयर जारी गर्न सकिन्छ। कम्पनीले सेयर स्वामित्व सर्वसाधारण तथा संस्थागत लगानीकर्तालाई बिक्री गरेर लगानीको साधन जुटाउन सक्छ। कम्पनीले यसरी जारी गरेको सेयरमा मात्र नभएर लगानीकर्ता यसको जोखिममा पनि सहभागी हुने गर्छन् । नेपालमा पुँजीबजारको विकास नै अर्थतन्त्रको मुद्रा संकलनको लागि, आर्थिक विकास सहज ढङ्गले हुने कार्यका लागि उपयोग गरिएको हुन्छ।

बोर्डले गैरआवासीय पुँजीबजारमा लगानी गर्ने प्रावधानको व्यवस्था गर्न खोजेको थियो । त्यो प्रक्रियामा बैङ्किङ कानुनहरू, विदेशी विनिमय कानुनलगायतका कानुन बनाएर एनआरएनलाई पुँजीबजारमा भित्र्याउने प्रक्रिया अघि बढेको थियो । तर, अहिलेसम्म पनि पुँजीबजारमा एनआरएनको लगानी आउन सक्ने वातावरण तयार भएको छैन।

नेपालमा पुँजीबजारको इतिहास छोटो भएजस्तै एनआरएनलाई सेयर बजारमा भित्र्याउने विषय उठान भएको पनि धेरै भएको छैन । नेपालको पुँजीबजारमा वैदेशिक लगानी भित्र्याउने विषयसँगै एनआरएनलाई सेयर बजारमा भित्र्याउने विषय चर्चामा आएको हो। म धितोपत्र बोर्डमा हुँदाबाट नै एनआरएनलाई पुँजीबजारमा ल्याउने विषय उठे पनि अहिलेसम्म सम्भव भएको छैन।

संस्थागत लगानी बढाउन सामूहिक लगानी कोष (म्युचुअल फन्ड) आएका छन् । तर, वैदेशिक लगानीको सन्दर्भमा एनआरएनलाई खुला गर्ने भनिए पनि अहिलेसम्म कानुनी सुनिश्चितता प्राप्त छैन। धितोपत्र दर्ता र निष्काशन नियमावली २०७३ मा अन्तर्राष्ट्रिय वित्तीय संस्थाले ऋणपत्र निष्काशन गर्नेसम्बन्धी व्यवस्था गरिए पनि नेपाली कम्पनीले जारी गरेको धितोपत्रमा एनआरएनले आवेदन दिन पाउने व्यवस्था छैन । नेपालको

**नेपालमा पुँजीबजारको इतिहास छोटो भएजस्तै एनआरएनलाई सेयर बजारमा भित्र्याउने विषय उठान भएको पनि धेरै भएको छैन। नेपालको पुँजीबजारमा वैदेशिक लगानी भित्र्याउने विषयसँगै एनआरएनलाई सेयर बजारमा भित्र्याउने विषय चर्चामा आएको हो।**




### ■ पुँजीबजारमा एनआरएन

पुँजीबजारमा संस्थागत गैरआवासीय नेपाली (एनआरएन)लाई नभित्र्याएसम्म यस क्षेत्रको विकास असम्भव छ । यो कुरा धेरै पहिलेबाट नै उठ्दै आएको हो । पुँजीबजार विकासको लागि आन्तरिक लगानीले मात्र पुग्दैन। विदेशी लगानी पनि अत्यावश्यक हुन्छ। विदेशी लगानी पहिलो रूपमा एनआरएनबाट भित्र्याउन सकिन्छ। नेपालमा एनआरएनलाई पुँजीबजारमा भित्र्याउन पहिलोचोटि २००७ मा धितोपत्र पुँजीबजार (प्राथमिक र दोस्रो बजार) मा अहिलेसम्म नेपाली नागरिकहरूबाहेक अरुले लगानी गर्न पाउने कानुनी व्यवस्था छैन।

केही वर्षदेखि वैदेशिक लगानीलाई समेत पुँजीबजारमा भित्र्याउने विषय उठे पनि त्यसले कानुनी मान्यता पाएको छैन । आर्थिक वर्ष २०७९/८० को बजेटमा धितोपत्रको दोस्रो बजारमा एनआरएनलाई लगानी खुला गर्न कानुनी व्यवस्था मिलाइने भनिएको थियो । त्यस्तै, आर्थिक वर्ष २०८०/८१ को बजेटमा पनि एनआरएनलाई पुँजीबजारमा प्रवेश दिने विषयले निरन्तरता पायो । एनआरएनलाई सेयरबजारमा सूचीकृत भएका जलविद्युत् तथा अन्य वास्तविक क्षेत्रका कम्पनीहरूमा लगानी गर्ने बाटो खुला गर्ने र एनआरएनको पुँजी, प्रविधि र अनुभवलाई राष्ट्रिय विकासमा परिचालन गर्ने घोषणा भए पनि कुनै प्रक्रिया अघि बढेको छैन।

पछिल्लो समय पुँजीबजारमा एनआरएन भित्र्याउन नेपाल धितोपत्र बोर्ड र नेपाल राष्ट्र बैङ्क लागिपरेका छन् । आफ्नोतर्फ सकिने कामहरू उनीहरूले गरेको देखिन्छ । एनआरएनलाई

धितोपत्रको दोस्रो बजारमा प्रवेश गराउने सम्बन्धमा बोर्डबाट विभिन्न अध्ययनहरू भएका पनि छन् । बोर्डको अध्ययनमा एनआरएनलाई धितोपत्र बजारमा प्रवेश गराउने उद्देश्यसहित आर्थिक वर्ष २०७५/७६ मा नियमन विभागका कार्यकारी निर्देशकको संयोजकत्वमा एक अध्ययन समिति गठन भएको थियो । तर, सो समितिबाट प्रतिवेदन पेस भएको अभिलेखमा देखिँदैन ।

फेरि बोर्डबाट २०७७/७८ मा एनआरएनलाई धितोपत्र बजारमा प्रवेश गराउने सम्बन्धमा अध्ययन गर्न राष्ट्र बैङ्कका पूर्वकार्यकारी निर्देशक लक्ष्मी प्रपन्न निरौलालाई जिम्मा दिइएको थियो । निरौलाको प्रतिवेदनमा एनआरएनसम्बन्धी ऐन २०६४, विदेशी विनियम (नियमित गर्ने) ऐन २०१९ र मुलुकी देवानी संहिता ऐन, २०७४ को दफा ४३२ र ४३३ का कानुनी प्रवधानअन्तर्गत रही धितोपत्र बोर्डले केही नीतिगत व्यवस्था गरी एनआरएनलाई धितोपत्र बजारमा लगानीको अनुमति दिन सकिने उल्लेख छ । प्रतिवेदनले लिएका आधारहरू ठीकै रहेकाले सरकार तथा सम्बन्धित निकायले कानुनी प्रक्रिया अघि बढाउनुपर्ने देखिन्छ ।

प्रतिवेदनले धितोपत्र कारोबार गर्नुपूर्व केही प्रक्रियागत व्यवस्था मिलाउन बोर्डलाई सुझाव दिएको छ। साथै एनआरएनले स्वदेशी मुद्रामा बैङ्क खाता, डिम्याट खाता, ग्राहक पहिचान, इच्छाएको व्यक्ति वा कानुनी उत्तराधिकारी, छोटो अवधिको कारोबारसम्बन्धी व्यवस्था, लगानीसम्बन्धी परिमाणात्मक बन्देज, धितोपत्रमा लगानी गरेको नाफा 'रिप्याट्रिएसन'को विषय र खरिद गरेको धितोपत्रको 'लकिङ' अवधिको विषयमा बुँदागत सुझाव दिएको छ । नेपालको धितोपत्र बजारमा लगानी गर्न चाहने एनआरएनले ६ महिनाभन्दा बढी अवधि म्याद भएको एनआरएन परिचयपत्र, पासपोर्ट वा आवासीय अनुमति (भिसा) को प्रतिलिपिको आधारमा डिम्याट खाता तथा बैङ्कमा स्वदेशी मुद्रामा गैरआवासीय बाह्य खाता खोल्ने र डिम्याट खाता तथा गैरआवासीय बाह्य खाताबीच लिङ्क हुनुपर्ने भनेको छ ।

धितोपत्र बोर्डबाट स्वीकृतिप्राप्त दलालको कार्यालयमा व्यापार खाता खोल्नुपर्ने, धितोपत्र दलालले एनआरएनको ६ महिना अवधिभन्दा बढी म्याद रहेको एनआरएन परिचयपत्र, पासपोर्ट वा आवासीय अनुमति पत्र (भिसा)को प्रतिलिपि लिई खाता खोलिदिने व्यवस्था गरेको छ । एक लाख अमेरिकी डलरभन्दा बढी लगानी गर्ने लगानीकर्ताले धितोपत्र बोर्डको स्वीकृति लिई 'क' वर्गको बैङ्कमा आफैँ वा आफ्नो आधिकारिक प्रतिनिधिमार्फत प्रत्यक्ष उपस्थित भई चल्ती वा बचत प्रकृतिको गैरआवासीय बाह्य खाता खोल्न सकिने व्यवस्था छ ।

त्यसैगरी सो खाताबाट रकम झिक्नुपर्दा वा विप्रेषण पठाउँदाको बखत एकपटक लगानीकर्ता स्वयं वा आफ्नो आधिकारिक प्रतिनिधि अनिवार्य उपस्थित हुनुपर्ने, स्थायी लेखा नम्बर (प्यान) लिनुपर्ने र १ लाख डलरभन्दा बढी लगानी गर्नुपर्ने भएमा धितोपत्र बोर्डको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था सिफारिस गरेको छ । साथै बोर्डले यस्तो जानकारी राष्ट्र बैङ्कलाई दिनुपर्नेलगायतका शर्तहरू राखिएका छन् । एनआरएनले नेप्सेमा कारोबार गर्दा अधिकतम पाँच लाख डलरसम्म सोझै लगानी गर्न सकिने र यस्तो रकम नेपाल ल्याउँदा अनुमतिप्राप्त बैङ्क तथा वित्तीय संस्थाबाट ल्याउनुपर्ने, म्युचुअल फन्डहरू लगानी गर्दा अधिकतम १० लाख डलरसम्म लगानी गर्न पाउनेजस्ता सुझावहरू प्रतिवेदनमा समेटिएका छन् ।

## ■ कानुनी व्यवस्था छन् तर अपर्याप्त

नेपालको संविधानले विभिन्न शर्त राखेर एनआरएनलाई नागरिकता दिन सकिने व्यवस्था गरेको छ । एनआरएनको ज्ञान, सीप, प्रविधि र पुँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने व्यवस्था गरिएको छ। यस्ता नेपालीका लागि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन पनि छ । एनआरएनले विभिन्न शर्तमा वाणिज्य बैङ्कसँग पनि लगानी सम्झौता गर्नसक्ने व्यवस्था छ । हाल एनआरएनले नेपालमा प्रत्यक्ष लगानी गर्न चाहेमा राष्ट्र बैङ्कले तोकेका शर्तहरू पूरा गरेर लगानी भित्र्याउन सक्ने व्यवस्था छ । एनआरएनले विदेशी मुद्रामा आर्जन गरेको रकम वाणिज्य बैङ्क वा वित्तीय संस्थामा परिवर्त्य विदेशी मुद्रामा खाता खोली कारोबार गर्न सक्ने व्यवस्था पनि छ । एनआरएनको ५० प्रतिशतभन्दा बढी सेयर लगानी भएको कुनै विदेशी कम्पनीले विदेशी लगानीको लागि खुला गरिएका उद्योग वा व्यवसाय वा क्षेत्रमा विदेशी मुद्रामै लगानी गर्न सक्ने व्यवस्था छ ।

यसैगरी, सेयर निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को २०८१ मङ्सिर ७ गते आठौँ संशोधनमार्फत एनआरएनले सेयरबजारमा लगानी गर्न पाउने बाटो खोलिदिएको छ । तोकिएका केही शर्त र सीमाभित्र रहेर नेपालको धितोपत्र बजारमा एनआरएनले कारोबार गर्न सक्ने व्यवस्था गरेको छ । तर, यो आम लगानीकर्ताले अपेक्षा गरेजस्तो एनआरएनहरूले प्रत्यक्ष रूपमा व्यक्तिगत ढङ्गबाट दोस्रो बजारमा सबै कम्पनीको सेयर खरिद गर्न सक्ने गरेर आएको व्यवस्था होइन । आंशिक रूपमा पुँजीबजार र देशको भौतिक विकासका पूर्वाधारमा एनआरएनको सम्पत्ति प्रयोग गर्नसक्ने प्रभावकारी द्वार खुलेको भने छ । संयुक्त कम्पनीको सेयरमा लगानी गर्ने एनआरएनले नेपाली नागरिकता वा गैरआवासीय परिचयपत्र तथा स्थायी लेखा नम्बर (प्यान नम्बर) पेस गर्नुपर्ने हुन्छ ।

लगानी गरिसकेपछि लगानीबाट प्राप्त प्रतिफल र लगानी फिर्ताको सम्बन्धमा संयुक्त लगानीको इन्भेस्टमेन्ट कम्पनीको लगानी, लेखाङ्कन, भुक्तानी र रकम फिर्ता (रिप्याट्रिएसन) सम्बन्धी व्यवस्था विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, नियमावली २०७७, औद्योगिक व्यवसाय ऐन २०७६, नेपाल राष्ट्र बैङ्क विदेशी लगानी तथा विदेशी कर्जा व्यवस्थापन विनियमावली २०७८ र नेपाल राष्ट्र बैङ्कले निर्धारण गरेबमोजिम हुन्छ भनिएको छ । यसले लगानी गर्न सहजता र लचकता अपनाएको भए पनि फिर्ताको सम्बन्धमा परम्परागत व्यवस्थालाई नै आत्मसात् गरेको हुँदा लगानीकर्तामा उत्साह नआएको हो । लगानी फिर्ताका विषयमा अझै सुधारको आवश्यकता छ । सरकारले एनआरएनलाई सेयर बजारमा भित्र्याउन धेरै विषयमा सुधार गरे पनि अझै पर्याप्त भने भएको छैन ।

पुँजीबजारमा होस् वा अन्य क्षेत्रमा विदेशी लगानी ल्याउन वैदेशिक पोर्टफोलियो बजारलाई खुला गर्न आवश्यक छ । यसले विदेशी विनिमयमा आइपर्ने सङ्कटको उचित सहजता खोज्छ । यसले गर्दा एनआरएनलाई खाता रूपान्तरण सहज हुन्छ । कानुनमा एनआरएनको लगानी ल्याउने/लग्ने विषय प्रस्ट रूपमा आउनुपर्छ । यस्तो व्यवस्था भएमा पुँजीबजारको उतारचढावलाई हेरेर एनआरएनहरूले आफ्नो पैसा लैजान र ल्याउन सक्ने वातावरण सिर्जना हुनु आवश्यक छ । अहिले कानुनले पुँजी भित्र्याउन सहजीकरण गरे पनि कमाएको पैसा लैजान निकै झन्झटिलो व्यवस्था छ । वित्तीय क्षेत्र रणनीतिमा पनि धितोपत्र निष्काशनमा एनआरएनको लगानी भित्र्याउने सम्बन्धमा अध्ययन आवश्यक रहेको भनिए पनि काम अघि बढ्नसकेको छैन ।

एनआरएनलाई नेपालको पुँजीबजारमा भित्र्याउँदा नेपाली अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्छ । यसरी लगानी भित्र्याउँदा अत्यधिक रूपमा लगानी आउने हुन्छ । एनआरएनले लगानी गर्दा विभिन्न उद्योग व्यवसायको आकार बढाउन सकिन्छ । यसले देशको आर्थिक उन्नतिमा सहयोग पुग्छ । एनआरएनलाई नेपालमा लगानी गर्न दिन सबै पक्ष सकारात्मक छन् । तर, भोलि नेपालको अर्थतन्त्र कुनै किसिमको समस्यामा पर्दा एनआरएनहरूले ठूलो मात्रामा आफ्नो लगानी सिधै निकाल्दा समस्या ल्याउँछ कि भन्नेमा सतर्क छन् ।

उदाहरणको लागि, सन् १९९७ मा दक्षिण-पूर्वी एसियामा ठूलो आर्थिक सङ्कट आयो । यस्तो सङ्कट नेपालमा पनि नआउला भन्न सकिन्न । त्यसैले एनआरएनको लगानी भित्र्याउँदा धेरै विषयमा सजकता अपनाउनु आवश्यक हुन्छ । कानुनका सजिला र अप्ठ्यारा दुवै पक्षलाई मिलाएर लगानीको वातावरण सिर्जना गर्नु आवश्यक छ । त्यसका लागि नेपाल धितोपत्र बोर्ड ऐनको संशोधन आवश्यक छ । त्यसैगरी, राष्ट्र बैङ्कका निर्देशिका तथा ऐन/नियमावलीहरूमा केही विषयहरूमा संशोधनको आवश्यकता छ । पछिल्लो केही नीतिहरूले लगानीको माहोल सकारात्मक बनाए पनि पुँजी बाहिरिँदा केही शर्तहरू पालना गर्नुपर्छ ।

'पुँजीबजारमा बाह्य पुँजी प्रवाह हुने उपायको खोजी गर्नुपर्छ । पुँजीबजारमा प्राथमिक र दोस्रो बजारमा गैरआवासीय नेपालीलाई सहज पहुँच दिँदा वित्तीय साधन नेपाल भित्रिने हुन्छ', खनाल आयोगको प्रतिवेदनमा भनिएको छ, 'यस्तो लगानीसँगै एनआरएनहरूको ज्ञान र नेटवर्क भित्रिँदा आर्थिक गतिविधि फस्टाउने

हुन्छ । बाह्य पुँजी दोस्रो बजारमा प्रवाह हुँदा एकैचोटि ठूलो स्तरमा अल्पकालीन रूपमा पुँजीको आगमन र बहिर्गमन भई वित्तीय स्थायित्वमा पार्नसक्ने नकारात्मक प्रभावलाई नियन्त्रण गर्नसक्ने सम्भावना रहन्छ ।' तर, प्रतिवेदनमा भनिएजस्तै सबै जस्ताको त्यस्तै लागू गर्नुपर्छ भन्ने अवस्था हुँदैन । त्यसै पनि अहिलेको अवस्थामा विभिन्न माध्यमबाट पुँजी पलायन भइरहेको छ र यसतर्फ सबै सरोकारवालाहरू चनाखो बन्नुपर्छ ।

### लगानी भित्र्याउन के गर्नुपर्छ ?

अहिले विभिन्न निकायले एनआरएनलाई लगानी भित्र्याउन काम गरेको भनिरहेका छन् । तर, ती सबै गफमा सीमित छन् । कार्यान्वयनको पाटो फितलो छ । सरकारले नागरिकता विधेयकमा एनआरएनलाई गरेको व्यवस्थाले लगानी भित्र्याउन सहज भयो भन्ने गरिएको छ । तर, त्यसले केही पनि सहजीकरण गरेको छैन । संसारको धेरै देशमा पुँजीबजार खुला भइसकेको छ । नेपालमा अझै धेरै काम गर्न आवश्यक छ । नेपालको पुँजीबजार अझै विकसित बनाउन आवश्यक छ । पुँजीबजारमा एनआरएनए तथा वैदेशिक लगानी भित्र्याउने हो भने हाम्रो पुँजीबजारलाई पूर्ण/अटो रूपमा सञ्चालित हुने बनाउन आवश्यक छ । विदेशमा रहेका नेपाली तथा विदेशी लगानीकर्ता जहाँ छन्, त्यहाँ नै बसेर सम्पूर्ण रूपमा कारोबार गर्न सक्ने व्यवस्था मिलाउनु पर्छ । विदेशमा कम्प्युटर/मोबाइल लिएर नेपालको पुँजीबजारमा किनबेच गर्नसक्ने व्यवस्था हुनुपर्छ र त्यहीअनुरूपको जनशक्तिको विकास गर्नुपर्छ । अनि मात्र नेपालको अर्थतन्त्र अगाडि बढ्न सक्छ । कानुनमा ल्याएर मात्रै पनि पुँजी भित्रिँदैन । नेपालको पुँजीबजारमा वैदेशिक लगानीको कमी हुनुमा प्रविधिको पहुँच पनि एउटा कारण हो । पुँजीबजारमा एनआरएनको लगानी भित्र्याउन प्रविधिको विकास आवश्यक छ । प्रविधिको आधारमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) सबल हुनुपर्छ । नेप्सेको कारोबारलाई अन्तर्राष्ट्रियस्तरको पहुँचमा विस्तार पुँजीबजार नयाँ शिराबाट अघि बढाउनुपर्छ ।

*(नेपाल, नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर तथा नेपाल धितोपत्र बोर्डका पूर्वअध्यक्ष हुन् ।)*







# खोजौं नेपाली मुद्राको स्वार्थ विनिमय दर



। डा. रमेश पौडेल

> लामो समयको स्थिर विनिमय दरले के राम्रो भयो र के नराम्रो भयो भन्ने सन्दर्भमा केही महत्वपूर्ण विषयहरू हेर्नुपर्दछ । पहिलो बजारको माग र आपूर्तिलाई पूर्ण बेवास्ता गरेर नेपाली मुद्राको विनिमय दर तय गरिएका कारण वास्तवमा हाम्रो मुद्राको यथार्थ विनिमय दर कति हो भन्ने आधार तय भएको छैन ।

नेपालले आफ्नो मुद्रालाई भारतीय मुद्रासँग बाँधेर स्थिर विनिमय दर अंगालेको धेरै लामो समय भयो । त्यसो त नेपालले अहिलेसम्म अर्कोखालको विनिमय अभ्यास नै गरेको छैन । सन् १९६० मा पहिलो पटक भारतीय रुपैयाँ (भारु) १ सँग नेपाली १ रुपैयाँ ६० पैसामा स्थिर विनिमय दर कायम गरेको थियो ।

करिब ६ वर्षपछि सन् १९६६ मा भारु अमेरिकी मुद्रासँग निकै कमजोर भयो भनेर यो दर १.०१ रुपैयाँ कायम गरियो । त्यसको एक वर्षपछि नै सन् १९६७ मा यो दर १.३५ रुपैयाँ कायम गरियो । यसको कारण के थियो भने १.०१ दर कायम गर्दा नेपालको वैदेशिक व्यापारमा प्रतिस्पर्धी क्षमता ह्रास भयो भन्ने थियो । पछि विभिन्न समयमा विभिन्न कारणहरू देखाउँदै ५ पटकसम्म यो दर परिवर्तन भयो । इतिहास हेर्ने हो भने भारुसँग न्यूनतम विनिमय दर १.०१ रुपैयाँ र अधिकतम १.७० रुपैयाँ कायम भएको देखिन्छ । सन् १९८५ मा १.७० कायम हुँदा अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ) को संरचनागत समन्वय कार्यक्रममा आधारित भएर नेपाली मुद्रालाई अवमूल्यन गरिएको थियो । त्यसपछि सन् १९८६ मै १.६८, १९९१ मा १.६५ हुँदै सन् १९९३ देखि १.६० रुपैयाँ कायम छ, जुन दर अद्यापि कार्यान्वयनमा छ । अतः नेपालले तीन दशकभन्दा बढी समयदेखि आफ्नो मुद्रालाई भारतीय मुद्रासँग स्थिर राखेको छ । नेपालले यति लामो समयसम्म पनि विनिमय दर नचलाउँदा वा पुनरवलोकन नगर्दा बाहिरी दुनियाँका मानिसहरू पनि अचम्म मान्दछन् ।

बितेको ३ दशकमा राजनीतिक परिवर्तन पनि ३ पटकभन्दा बढी भयो भने देश र विदेशमा पनि थुप्रै खालका राजनीतिक र आर्थिक उतारचढावहरू आए । त्यसलाई सम्बोधन गर्न पनि विनिमय दरमा समसामयिक पुनरवलोकन हुनु आवश्यक थियो, जुन भएको छैन । नेपालकै सन्दर्भमा सन् १९९३ भन्दा अगाडिको अभ्यास हेर्दा पनि यो अलि अपरिपक्व र अव्यावहारिक नै देखिन्छ । तर्क पक्ष र विपक्ष दुवैमा सयौं गर्न सकिए पनि लामो समयसम्म राष्ट्रिय र अन्तर ाष्ट्रिय उतारचढावलाई ख्याल नगरिँदा नेपाली अर्थतन्त्र ज्ञात/अज्ञात अप्ठ्यारा र अवसर दुवैबाट गुज्रिएको छ ।

लामो समयको स्थिर विनिमय दरले के राम्रो भयो र के नराम्रो भयो भन्ने सन्दर्भमा केही महत्वपूर्ण विषयहरू हेर्नुपर्दछ । पहिलो बजारको माग र आपूर्तिलाई पूर्ण बेवास्ता गरेर नेपाली मुद्राको विनिमय दर तय गरिएका कारण वास्तवमा हाम्रो मुद्राको यथार्थ विनिमय दर कति हो भन्ने आधार तय भएको छैन । भारु र अरु देशको मुद्राको विनिमय दर अनि नेपालको र भारतको स्थिर दर १.६० रुपैयाँलाई दाँजेर अमेरिकन र अरु मुद्राको दर तोक्दा नेपाली मुद्रा भारुको छायाँ मात्र भयो । यसले अन्तर्राष्ट्रियस्तरमा नेपाली मुद्राको स्थान तय गर्ने समयममा के हो, कसो हुने हो भन्ने आधार एकीन हुनै सकेको छैन । नेपालको जत्रो अर्थतन्त्र, जनसंख्या र बजारको छेउमा भएको अरु कुनै पनि अर्थतन्त्रले

आफ्नो मुद्रालाई यसरी लामो समयसम्म स्थिर विनिमय दरमा झुन्डाएको देखिँदैन । यस्तो प्रवृत्तिले विदेशी मुद्राको व्यवस्थापनमा सजिलो भए पनि धेरै विषयमा अप्ठ्यारो पारेको छ ।

सजिलो हिसाबले आकलन गरेर विनिमय दरको उतारचढाव हुन्छ भन्ने आधारमा आन्तरिक व्यापार गर्न चाहनेहरूका लागि पनि सजिलो भएको छैन, अप्ठ्यारै भएको छ । यसले अर्थतन्त्रमा राम्रै गरेको छ भन्ने पनि लाग्दछ । अर्थात् विगतमा छिटो छिटो दर परिवर्तन हुँदा हेरफेरका आधार आकलन गरेर नाफा कमाउने प्रवृत्ति देखिन्थ्यो, जुन अहिले छैन किनभने दर जति बढी उतारचढाव भयो, त्यति नै धमिलो पानीमा माछा मार्नेहरूलाई सजिलो हुन्छ । त्यो मौका नेपालको विनिमय प्रणालीले दिएको छैन । अर्थात्, विनिमय दर स्थिर हुँदा मुद्रासँग सम्बन्धित सटही व्यापारबाट अनावश्यक लाभ उठाउने अवसर घटेको देखिन्छ । त्यसैले, विनिमय प्रणाली आज जति छ, त्यति नै भोलि, पर्सि अथवा ६ महिना या अर्को निर्णय नभएसम्म निरन्तर भइरहन्छ भनेपछि त्यो खालको जोखिम व्यवस्थापन गर्ने प्रवृत्ति कम हुन्छ । यसले मुद्रासँग सम्बन्धित कारोबारलाई स्थायित्व दिएको छ । नीतिनिर्माणका हिसाबले यस्तो स्थिरता रहनु सकारात्मक हो ।

अर्को कुरा, नेपालको व्यापारको ठूलो हिस्सा भारतसँग हुने भएकाले भारुसँग स्थिर विनिमय दर हुँदा आयात र निर्यात दुवै कारोबारमा सुविधा मिलेको छ । व्यापारीहरूलाई लेनदेन अनुमान गर्न सजिलो भएको छ । तर, लामो समयदेखि एउटै स्थिर विनिमय दर प्रणालीका कारणले भारु अमेरिकी डलरसँग पूर्ण रूपमा संरक्षित छ । अमेरिकन डलरसँग नेपाली मुद्रा पनि एकखालले तुलना गर्छौं । तर, त्यो तुलना भारुको अवस्थासँग गर्नुपर्ने भएको छ । भारु अमेरिकी मुद्राको तुलनामा कमजोर भयो भने नेपालको मुद्रा पनि स्वतः कमजोर हुने भयो किन कि नेपाल र भारुसँगको दर एउटै छ । कुनै कारणले भारु अमेरिकी मुद्रासँग बलियो भयो भने नेपाली मुद्रा पनि विना कारण बलियो हुन जान्छ ।

नेपालको अर्थतन्त्र र भारतको अर्थतन्त्रको विशेषताहरू फरक फरक छन् । भारतीय अर्थतन्त्र बलियो हुँदा नेपालको अर्थतन्त्र कमजोर भएको पनि हुन सक्छ र ठीक उल्टो नेपाली अर्थतन्त्र बलियो हुँदा भारतीय अर्थतन्त्र कमजोर भएको पनि हुन सक्छ । तर, भारुसँग स्थिर विनिमय दर भएको हुनाले भारतीय मुद्रा बलियो हुँदा नेपालले पनि जबर्जस्ती बलियो मुद्रा भारवहन गर्नुपर्छ, चाहे नेपाली अर्थतन्त्र त्यसको लायक होस् या नहोस् !

अनि नेपालको मुद्रा बलियो भएको बेला भारु डलरको तुलनामा कमजोर हुन सक्छ, त्यो अवस्थामा पनि हाम्रो मुद्रा कमजोर ठहरिनुपर्ने हुन्छ । त्यसैले, त्यो दुईवटै अवस्थामा नेपालको अर्थतन्त्रमा सकारात्मक र नकारात्मक प्रभावहरू देखिन्छ । भनेपछि हाम्रो अर्थतन्त्र कमजोर रहेको तर मुद्रा बलियो भइरहेको अवस्थामा मुद्राको मूल्यवृद्धि भएको भन्ने बुझिन्छ । जब मूल्यवृद्धि भएको हुन्छ, तब भारुको कारणले अन्तर्राष्ट्रिय बजारमा नेपाली मुद्रा त्यसै बलियो हुन्छ । अकारण नेपाली मुद्रा बलियो भएपछि निर्यात महँगो पर्छ, जसकारण अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तुहरू महंगा पर्ने भए । महंगो पर्ने हुनाले नेपालको निर्यात प्रभावित हुन्छ र एउटा व्यापारको प्रतिस्पर्धात्मक लाभ गुमाउने स्थिति आउँछ ।

मुद्रा सस्तो र मूल्य ह्रास भएको बेला नेपालजस्तो आयातबाट चलेको अर्थतन्त्र कमजोर हुँदा धेरै मुद्रा तिरेर विदेशी वस्तु आयात गर्नुपर्ने स्थिति आउँछ । त्यसैले, हाम्रो मुद्रा वास्तविकताभन्दा मूल्यवृद्धि हुनु पनि ठीक छैन र मूल्यह्रास हुनु पनि ठीक छैन । दुवै अवस्थाले अर्थतन्त्रमा दबाब सिर्जना गर्दछ । स्थिर विनिमय प्रणालीमा भएका यस्ता समस्या समय-समयमा देखा परिरहन्छन् । त्यसबाट हाम्रो अर्थतन्त्रलाई घाटा पुग्छ । बितेका ३ दशकयता हामीले यस्ता दुवै प्रवृत्तिका समस्या थाहा नपाई पटक-पटक व्यहोर्दै आएका छौं । अर्कोतर्फ, यो व्यवस्थाले भारतबाहेक अरु देशसँग गरिने व्यापारलाई थप अप्ठ्यारो पारिरहने भयो । त्यसैले भारतसँगको निर्भरता सजिलोसँग घटेको छैन । त्यसैले, व्यापारिक हिसाबले हेर्दा अहिलेको स्थिर विनिमय दरलाई परिमार्जन अथवा पुनरवलोकन गर्नुपर्ने बेला भएको छ ।

### ■ अवधारणा

कुनै एउटा मुद्रासँग आफ्नो देशको मुद्रालाई निश्चित मूल्यमा बिक्री गर्ने कुरा स्थिर विनिमय दर हो । जस्तो, अमेरिकी डलर सधैँभरिलाई यति हुने भनेर 'फिक्स' गरेर एउटै मुद्रासँग स्थिर गर्‍यो भने त्यो स्थिर विनिमय प्रणाली हो ।

स्थिर विनिमय प्रणाली ७० को दशकमा व्यापक थियो । तर, सन् १९७३-७४ पछि धेरै देशहरूले यो प्रणाली त्यागेर चलायमान विनिमय दर (स्वतन्त्र र चलायमान) प्रणाली अपनाएका छन् । हाल विश्वका सीमित ४/५ देश मात्र स्थिर विनिमय प्रणालीमा अडिएका छन् । अधिकतर देशको मुद्रा परिवर्तनशील विनिमय दरमा आधारित छन् ।

नेपालमा पछिल्लो पटक सन् १९९३ मा तय गरेको भारु १ सयको नेपाली १ सय ६० रुपैयाँ तोकिएको स्थिर विनिमय दर नै प्रचलनमा छ । त्यतिबेला राष्ट्र बैंकले त्यो निर्णय गर्नुको कारण स्थिर विनिमय दरले नेपालको अर्थतन्त्रमा धेरै खालका अस्थिरताहरूलाई नियन्त्रण गर्न सहयोग गर्छ भन्ने थियो । अनि हाम्रो नियमन प्रणालीलाई सजिलो बनाउँछ भन्ने थियो ।

स्थिर विनिमय दरमा आफ्नो मुद्राको निश्चित दर सम्बन्धित मुद्रासँग हुन्छ भने परिवर्तनशील विनिमय दर हरेक दिन, हरेक घण्टा, हरेक मिनेट र हरेक सेकेण्डमा एउटा मापदण्डअनुसार परिवर्तन भइरहन्छ । घटबढ भइरहन्छ । अर्थात् सम्बन्धित बजारमा सम्बन्धित मुद्राको माग र आपूर्तिका आधारमा विनिमय दर निर्धारण हुन्छ । अन्तर राष्ट्रिय व्यापारको हिस्साले मुद्राको माग घटबढ भएअनुसार मुद्राको मूल्य तय हुन्छ ।

मूलरूपमा आर्थिक वृद्धिमा प्रभाव पार्ने माध्यम भनेको विनिमय दरको कारणले अन्तर राष्ट्रिय व्यापारमा हो । यदि हाम्रो मुद्रा अनायासै वा अकारण परिपक्व नभई मूल्यवृद्धि भएको छ भने त्यसले व्यापारिक निरन्तरतालाई घटाउँछ र गर्नुपर्ने जति व्यापार गर्न सकिँदैन । त्यसले निर्यातलाई हतोत्साहित बनाउँछ भने आयातलाई उत्साहित गराउँछ । मूल्यह्रास भयो भने ठीक उल्टो हुन्छ किनभने हाम्रो मुद्रा अरु मुद्राको तुलनामा कमजोर हुन्छ र हाम्रो उत्पादन अन्तर राष्ट्रिय बजारमा सस्तो पर्छ । जसले गर्दा हाम्रो उत्पादन बाहिरी बजारमा बिक्न सक्थ्यो । त्यो बिक्री नहुनुको कारणले जति उत्पादन गर्नु सकिने हो, त्यति उत्पादन हुँदैन वा सक्दैनौं । चाहेजति उत्पादन नहुनुको अर्थ हाम्रो देशमा रोजगारी सिर्जना भएन । नभएपछि युवाहरू विदेशिन थाले, जसको प्रत्यक्ष असर देशको उत्पादनमा पर्‍यो र उत्पादन घट्न थाल्यो । यसले माग पनि घट्न थाल्यो किन कि मान्छे नभएपछि उत्पादनको माग

> **कुनै एउटा मुद्रासँग आफ्नो देशको मुद्रालाई निश्चित मूल्यमा बिक्री गर्ने कुरा स्थिर विनिमय दर हो । जस्तो, अमेरिकी डलर सधैँभरिलाई यति हुने भनेर 'फिक्स' गरेर एउटै मुद्रासँग स्थिर गर्‍यो भने त्यो स्थिर विनिमय प्रणाली हो ।**



पनि घट्यो र वस्तु भाउको मूल्य पनि घट्ने भयो । उत्पादन भएका वस्तुहरू बजारमा जाने भएनन्, निर्यात हुन सक्ने भएनन् ।

एकातिर मूल्यमा प्रतिस्पर्धी हुन नसक्दा उत्पादित वस्तु विदेशी बजारमा जान नसक्ने भयो भने अर्कोतिर विदेशी बजारमा वस्तु जान नसक्ने भएपछि नेपालमा उत्पादन गर्नुको अर्थ पनि भएन । नेपालमा उत्पादित वस्तुभन्दा विदेशमा उत्पादित वस्तु ल्याएर नेपालमा प्रयोग गर्दा सस्तो पर्ने भयो । जसले गर्दा नेपालमा उत्पादनजन्य कामहरू हुने भएनन् । काम नहुँदा रोजगारी गुम्ने भयो । रोजगारी गुमेपछि मानिसहरूको आयस्तर घट्ने भयो । काम नभएपछि मानिसहरू विदेश पलायन हुने भए । यसले गर्दा नेपालका संघ/संस्थाहरू चल्ने भएनन् । नेपालका वस्तुहरू खपत हुने भएनन् । औसत माग पनि घट्ने भयो । औसत माग घट्नेबित्तिकै आर्थिक क्रियाकलाप रोकिने भयो । आर्थिक क्रियाकलाप रोकिँदा राजस्व कम उठ्ने भयो । राजस्व कम उठ्नेबित्तिकै सरकार कमजोर हुने भयो । यसले गर्दा राष्ट्रको अस्तित्वमा नै प्रश्न उठ्ने अवस्था देखिन सक्छ । यसतर्फ हामी सजग हुनुपर्छ । यद्यपि यो विनिमय दरको कारणले मात्रै भएको हैन तर पर्ने समस्याहरू यिनीहरू नै हुन् ।

स्थिर विनिमय दरका कारण मुद्राको मूल्य बढेको वा ह्रास भएको आधारमा विदेशी विनिमय सञ्चिति प्रभावित हुन्छ । उदाहरणका लागि, हाम्रो मुद्रामा मूल्यह्रास भएको बेलामा सारा नेपाली बाहिर गए भने रेमिट्यान्स आइराखेको छ, विदेशी मुद्राको सञ्चितिमा त राम्रै प्रभाव पर्‍यो । तर, त्यसो हुनुको सट्टा हामीले यहाँ नै उत्पादनजन्य कामहरू बढाएर वस्तु निर्यात गरेर रेमिट्यान्स ल्याउन सकेको भए त्यसले अहिलेभन्दा धेरै राम्रो प्रभाव अर्थतन्त्रमा पार्थ्यो र देशले विकासको गतिमा फड्को मार्न सक्थ्यो । यसले मुद्रा पनि बचत हुन्थ्यो किनभने वस्तु र सेवा बेचेर आउने मुद्रा त एउटै हो । तर, वस्तु तथा सामग्री बेच्दा आफ्नो देशमा रोजगारी पनि सिर्जना हुन्थ्यो । त्यसले गर्दा औसत माग पनि बढ्थ्यो । तर हामीले त्यो नगरेर युवाको श्रम विदेशमा बेचेर आएको पैसा ल्यायौँ । पैसा त हामीसँग भयो तर, औसत माग बढेन । जसले गर्दा अर्थतन्त्रमा अर्कोखालको समस्या देखिने भयो । त्यसैले स्थिर विनिमय दरमा पुनरवलोकन गर्नुपर्ने अवस्था छ किनभने विदेशी मुद्राको सञ्चिति बढेर पनि अर्थतन्त्र एकखालको संकुचनमा छ । आर्थिक गतिविधिहरू बढेको छैन । बजार चलायमान देखिदैन । बजारमा चहलपहल छैन । राजस्व बढेको छैन । राजस्व नबढ्नुले नै अर्थतन्त्रको संकुचन दर्शाउँछ ।

स्थिर विनिमय दर नै कायम गर्ने हो भने पनि अहिलेको बजारलाई सुहाउँदो गरी दरलाई पुनः समायोजन गर्नुपर्छ । १ सय ६० रुपैयाँको ठाउँमा १ सय ७० रुपैयाँ गर्नुपर्ने हो कि वा घटाएर १ सय ४० रुपैयाँ गर्नुपर्ने हो, त्यो पुनरवलोकन समय-समयमा गर्नुपर्छ । त्यसो भएमा हाम्रो व्यापारमा पनि सजिलो हुन्छ । नोटको प्रशासनिक प्रणालीमा पनि सरलता ल्याउँछ र लामो समयको गुमराहमा रहनुपर्ने समस्या हट्छ । अर्थात् अहिलेको स्थिर विनिमय प्रणालीको बिकल्पमा सोच्ने र बहस गर्ने बेला भएको छ । एउटा विधिमा टेकेर आयात र निर्यात दुवैमा सजिलो हुन सक्ने गरी विनिमय दर प्रणालीको व्यवस्थापन गर्न सकिन्छ । अथवा निर्देशित परिवर्तनशील वा समन्वय गरिएको स्थिर विनिमय दरमै पनि जान सकिन्छ ।

सामान्यतया मुद्राको मूल्यवृद्धि भएको बेला धेरै वस्तु तथा सेवा आयात गर्ने, ठूला-ठूला कम्पनीहरू स्थापित गर्ने र मेसिनहरू मगाउनुपर्ने हुन्छ । निर्यात भने मुद्राको मूल्यह्रासले सजिलो बनाउँछ । खुला विनिमय दर प्रणाली अपनाउँदा प्रशासनिक मामिलाको हिसाबले अप्ठ्यारो हुनसक्छ । तर, मुद्राको वास्तविक मूल्यांकन त्यति बेला थाहा हुन्छ, जसले हाम्रो व्यापारमा सजिलो हुन्छ । यसको अर्थ व्यापारको प्रतिस्पर्धात्मक लाभ लिन पनि मुद्रालाई समय समयमा अनुकूल हुने गरी परिमार्जन गर्नुपर्छ ।

### ■ अब के गर्ने बेला आयो ?

सामान्यतया भोलिका दिनमा मुद्राको मूल्यवृद्धि हुन्छ भन्ने विश्वास भयो भने मानिसहरूले भोलिको नाफा हेरेर अहिले नै लगानी गर्छन् । भोलिको दिनमा मूल्यह्रास हुन्छ भन्ने हो भने त्यही समय कुरेर बस्छन् । अहिले लगानी गर्न मानिसहरू आउन खोज्दैनन् । अँध्यारोमा हिँड्दा कहिलेकाहीँ ठेस लाग्छ नि ! अहिलेको स्थिर विनिमय दर अन्धाधुन्ध चलेको हुनाले लगानीकर्ताहरू सन्तुष्ट हुनसकेका छैनन् र राम्रो समय कुरेर बसेका हुन सक्छन् ।

त्यसैले स्थिर विनियम दरले लगानीमा पनि असर गरेको छ । अबका दिनमा नेपाली रुपैयाँको भाउ बढ्छ भन्ने भयो भने अहिले लगानी गर्न पाए पो भोलिका दिनमा धनी हुन पाइन्छ भन्ने भावना पलाउँछ र लगानीकर्ता आकर्षित हुन्छन् । तर, हामीले त्यो मौका जुराउन सकेका छैनौँ । त्यसैले नेपाली मुद्राको लागत के हो भन्ने जान्न पनि तीन दशक हाराहारीमा रहेको स्थिर विनिमय दरलाई पुनरवलोकन गर्नुपर्छ । अन्तर्राष्ट्रिय बजारमा नेपाली मुद्राको वास्तविक हैसियत थाहा पाउन पनि आवश्यक छ । त्यसले मुद्राप्रति विश्वास पनि बढ्छ । अतः लामो अवधिको एउटै स्थिर विनिमय दरका कमजोरीहरूमाथि टेकेर पूर्ण रूपमा परिवर्तनशील गर्न नसके पनि लचकदार, आंशिक चलायमान, समायोजित स्थिर विनिमय दर प्रणाली अपनाउनु उचित हुन्छ । विभिन्न कार्यपद्धतिमा टेकेर नेपालको मुद्रालाई पुनरवलोकन गर्नुपर्ने बेला भएको छ ।

*(पौडेल राष्ट्रिय योजना आयोगका पूर्वसदस्य र त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका सहप्राध्यापक हुन् ।)*



सही Plan
सही सोचौं, सही रोजौं!
कम प्रिमियममा, ठूलो Plan
७० वर्षको उमेरमा सम्पुर्ण प्रिमियम Refund
सीमित भुक्तानी, असीमित Coverage
सही PLAN सँगै
सुरक्षा पनि ठूलो,
अब तपाईंको परिवारलाई
६ गुणा सम्मको COVERAGE !
www.suryajyotilife.com
SuryaJyoti
जीवनको लागि



# कृषि, उद्योग र आत्मनिर्भर अर्थतन्त्र



ज्ञानेन्द्र प्रसाद ढुंगाना

नेपाललाई प्रायः कृषिप्रधान देश भनिन्छ। जनसंख्याको ठूलो हिस्सा अझै पनि कृषिमा आश्रित छ। तर, विडम्बना नेपालमा उत्पादन हुने कृषिउपजले देशलाई आत्मनिर्भर बनाउन सकेको छैन। नेपालमा अझै पनि खेती गर्ने शैली परम्परागत नै छ। उत्पादन प्रणाली असंगठित छ भने बजार व्यवस्थापन अझै पनि कमजोर छ।

किसानले उत्पादन गरे पनि उचित मूल्यमा बेच्न सक्ने वातावरण छैन। सरकारको समर्थन मूल्य पनि अपूरो छ। नेपालको कृषि उत्पादनमा केवल कृषि सुधारको कुरा गरेर मात्रै पुग्दैन। नेपालको विकासका लागि कृषि उत्पादन, उद्योग कलकारखानाको विस्तारलाई महत्वका साथ अघि सार्नुपर्ने आवश्यकता देखिन्छ। जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित रहेको देशले कृषि क्षेत्रमा नै प्रगति गर्न नसक्ने अवस्था हुनु र कृषिजन्य उत्पादन समेत बाहिरबाट आयात गरेर खानुपर्ने बाध्यता विडम्बनापूर्ण छ। यस्तो परिवेशबाट बाहिर निस्किन कृषिमा आधुनिकीकरण र किसानलाई प्रोत्साहन गर्न आवश्यक छ।

नेपालमा उत्पादित धान, गहुँ, मकै, तरकारी वा फलफूल प्रायः काँच्चै बेचिन्छन्। तर, यी उत्पादनलाई प्रशोधन गरेर मूल्य बढाउन सकियो भने किसानलाई बढी लाभ हुने थियो। त्यसतर्फ राज्यको ध्यान गएको छैन। उदाहरणका लागि बिस्कुट, चाउचाउ वा जुस उद्योग कृषिजन्य कच्चा पदार्थमै आधारित हुन्छन्। तर यस्ता उद्योगलाई प्रोत्साहन गर्न सरकारले कानुनी संरक्षण, करछुट, सहुलियतपूर्ण ऋण, पूर्वाधार निर्माण र बजार विस्तारमा ध्यान दिनुपर्छ। यदि कृषि उत्पादनलाई उद्योगसँग जोड्न सकियो भने किसानले सहजै आफ्नो उत्पादन बिक्री गर्न सक्छन्। जसले गर्दा उद्योगलाई पनि आयातमा निर्भर रहनुपर्ने अवस्थाको अन्त्य हुन्छ। यसले आयात प्रतिस्थापन मात्र होइन, रोजगारी सिर्जना र निर्यात बढाउन पनि सहयोग गर्छ। आत्मनिर्भर अर्थतन्त्रको पहिलो आधार नै कृषि र उद्योगबीचको सहकार्य हो।

कृषि उत्पादनको ठूलो चुनौती भनेको



**नेपाल कृषि र जलविद्युत्मै सीमित नभई खानी तथा जडीबुटी क्षेत्रतर्फ पनि अगाडि बढ्नसक्ने सम्भावना बोकेको देश हो । कर्णाली प्रदेशको दैलेख जिल्लामा भेटिएको ग्यास, कर्णालीका बहुमूल्य पत्थर, ग्रेनाइट, मार्बल, तामा, फलामजस्ता स्रोत अझै अन्वेषणमै सीमित छन् ।**

न्यूनतम समर्थन मूल्यको अभाव हो । नेपालमा गोलभेँडा, चिया वा तरकारी उत्पादन बढ्नेबित्तिकै बजारमा मूल्य अचानक घट्छ र किसान घाटामा पर्छन् । यो नै नेपाली किसानलाई निरुत्साहित गर्ने सबैभन्दा ठूलो कारकका रुपमा देखिन्छ । यस्ता विषयलाई राज्यले विशेष ध्यान दिनुपर्ने आवश्यकता छ । अन्तर्राष्ट्रिय अभ्यास हेर्दा भारत वा बंगलादेशजस्ता मुलुकले समेत 'न्यूनतम सपोर्ट मूल्य' प्रणालीमार्फत किसानलाई घाटाबाट जोगाइरहेका छन् । तर, नेपालमा किसानका लागि त्यस्ता कुनै पनि कार्यक्रमहरू छैनन् । नेपालले पनि तत्काल यो प्रणाली लागू गर्नुपर्ने आवश्यकता देखिन्छ । राज्यले निश्चित मूल्य तोकेर उत्पादन खरिद गर्न सक्ने व्यवस्था गरे किसान आत्मविश्वासका साथ खेतीपातीमा संलग्न हुनेछन् । जुन दीर्घकालीन रूपमा खाद्य सुरक्षा र आत्मनिर्भरता दुवैका लागि अपरिहार्य छ ।

नेपालमा कृषिमा रसायन प्रयोग गर्ने तरिका पनि समस्याग्रस्त छ । कुन बालीमा कुन प्रकारको कीटनाशक वा रसायन प्रयोग गर्ने भन्ने आधारभूत जानकारी किसान, व्यापारी र आयातकर्तामा पनि पर्याप्त छैन । यसले किसानको स्वास्थ्यलाई मात्र होइन, उपभोक्ताको स्वास्थ्यलाई समेत जोखिममा पारिरहेको छ । यसमा सरकारले कडाइ गर्नुपर्ने, अनुगमनलाई बलियो बनाउनुपर्ने र किसानलाई निरन्तर सचेत गराउनुपर्ने आवश्यकता छ । नेपालमै स्थापना भएका खाद्य प्रयोगशालालाई अझै सक्षम र प्रभावकारी बनाउन सके बजारमा विश्वास बढ्ने र उपभोक्ताले नेपाली उत्पादन रोज्ने वातावरण बन्नेछ ।

नेपाल-भारतबीचको खुला सिमानाले पनि कृषि क्षेत्रमा गम्भीर असर पारेको छ । नेपालको अधिकांश सीमा भारतसँग खुला रहेकाले भारतमा उत्पादित वस्तुले नेपाली बजारमा सहजै पहुँच पाउँछ । भारतीय किसानलाई मल, बिजुली, सिँचाइमा छुट र न्यूनतम समर्थन मूल्यको 'ग्यारेन्टी' दिइएको हुन्छ । जसका कारण उनीहरूको उत्पादन सस्तो पर्छ । त्यस्ता वस्तु सहजै नेपाल भित्रिएपछि नेपाली किसानले उत्पादन गरेको कृषिउपजले प्रतिस्पर्धा गर्न सक्दैन । यसले पनि नेपाली किसान मारमा परेका छन् । कुनै पनि उपभोक्ताले कुनै वस्तु खरिद गर्दा सस्तो मूल्यको खोज्नु स्वाभाविक हो । सस्तो कृषि उपजका कारण नेपाली किसान मारमा परेका छन् । सस्तो भएको कारण नेपाली उभपोक्ताहरू पनि भारतीय उत्पादन रोज्नुपर्ने बाध्यतामा छन् । जब कि त्यो स्वास्थ्यका लागि कतिको सही छ वा छैन भन्नेभन्दा पनि केही पैसाको लोभले काम गरिरहेको छ । यसले पनि नेपाललाई आत्मनिर्भर बनाउन बाधा सिर्जना गरेको छ । यसतर्फ राज्यको ध्यान जानुपर्ने आवश्यकता छ ।

यसरी नेपालको मुख्य पेसामा लागेका किसानहरूले निरन्तर समस्या भोगिरहेका छन् । यस्तो समस्याको समाधानका लागि नाकामा कडाइ गर्नुपर्ने हुन्छ । त्यस्तै, डिजिटल ट्र्याकिङ प्रणाली प्रयोग गर्ने र निश्चित नाकाबाट मात्रै वस्तु आवतजावत हुने व्यवस्था गर्नुपर्ने देखिन्छ । यसले नेपाली उत्पादनलाई केही हदसम्म प्रतिस्पर्धी बनाउन मद्दत गर्नेछ ।

नेपाल कृषि र जलविद्युत्मै सीमित नभई खानी तथा जडीबुटी क्षेत्रतर्फ पनि अगाडि बढ्नसक्ने सम्भावना बोकेको देश हो । कर्णाली प्रदेशको दैलेख जिल्लामा भेटिएको ग्यास, कर्णालीका बहुमूल्य पत्थर, ग्रेनाइट, मार्बल, तामा, फलामजस्ता स्रोत अझै अन्वेषणमै सीमित छन् । यी खानीहरूलाई सञ्चालन तथा उत्खनन गरेर देशले समृद्धि हासिल गर्न सक्छ । त्यस्तै, कर्णाली र सुदूरपश्चिममा पाइने जडीबुटी प्रायः कच्चा रुपमा नै बेचिन्छन् । जसबाट किसानले न्यून मूल्य मात्र पाउँछन् । यस्ता कच्चा पदार्थलाई प्रशोधन गरेर तेल, औषधि, भिटामिन वा परफ्युम बनाउन सकिन्छ । यसले स्थानीय कच्चा पदार्थको मूल्यवृद्धि मात्रै होइन, स्थानीय उद्योगको विकासमा पनि सहयोग पुग्छ । जसबाट हाम्रो निर्यात क्षमता विस्तारमा सहयोग पुग्छ । आयातमुखी अर्थतन्त्रलाई केही मात्रामा भए पनि घटाउन सहयोग पुग्छ ।

अर्को महत्वपूर्ण विषय नेपालका धेरै सरकारी स्वामित्वका उद्योगहरू रुग्ण अवस्थामा छन् । त्यस्ता उत्पादन बढाउन नसक्ने, बजार विस्तारमा असफल हुने, व्यवस्थापनमा कमजोर देखिने, ओभरस्टाफिङ र उच्च सञ्चालन खर्चजस्ता कारणले उद्योगहरू घाटामा चलेका छन् । यस्तो अवस्थामा सरकारलाई वर्षेनी अर्बौं खर्च गरेर उद्योग धानिरहनुपर्ने बाध्यता छ । त्यस्ता उद्योगहरूलाई कसरी हुन्छ नाफामा सञ्चालन गर्ने वा बन्द गर्नेतिर लाग्नुपर्छ । यस्ता समस्या समाधानका लागि निजीकरण, पुनर्संरचना वा वैकल्पिक उपाय प्रयोग गर्ने विषयमा सोच्नुपर्छ । निजीकरणमार्फत दक्ष निजी क्षेत्रलाई उद्योग हस्तान्तरण गर्न सकिन्छ ।

पुनर्संरचनामार्फत वित्तीय सहुलियत, करछुट वा व्यवस्थापन सुधारमार्फत उद्योगलाई पुनर्जीवन दिन सकिन्छ र टिक्नै नसकेको अवस्थामा वैकल्पिक विधि उपयोग गरेर अरू क्षेत्रमा लगानी गर्न सकिन्छ । यसले सरकारी खर्च कम गर्ने मात्र होइन, उत्पादन र प्रतिस्पर्धात्मकता बढाउने सम्भावना रहन्छ ।

नेपालको कृषिमा प्रविधिको उपयोग हुनु

पनि उत्तिकै आवश्यक छ । नेपालमा अहिले पनि परम्परागत कृषि भइरहेको छ। त्यस्तै नेपाल अझै पनि धेरै कृषि औजार आयातमै निर्भर छ । तर सामान्य औजारहरू नेपालमै उत्पादन गर्न सकिन्छ। अहिले पनि किसानहरूले गोरुको प्रयोग गरेर नै खनजोत गरिहेका छन्। प्रविधिको विकासले अहिले धेरै मेसिनहरू आइसकेका छन्। गोरु प्रयोग गरेर गर्ने कामलाई मेसिनमार्फत सजिलो बनाउन सकिने सम्भावना छ । त्यसले छिटो र छरितो काम सम्पन्न गर्न सघाउँछ । यसको लागि खेतीलाई व्यावसायिक र सहकारी मोडेलतर्फ लैजानुपर्ने आवश्यकता छ।

नेपालको कृषिका लागि गम्भीर पक्ष भनेको जमिनको खण्डीकरण हो । सम्पत्ति बाँडफाँटका नाममा जग्गाको खण्डीकरण बढ्दो छ। जग्गाको खण्डीकरण रोकेर ठूलो क्षेत्रमा खेती गर्न सकियो भने मात्रै मेसिनको प्रयोग सम्भव हुन्छ। अहिलेकै अवस्थामा मेसिनको प्रयोग गर्न पनि सम्भव छैन भने उत्पादन बढाउन पनि सम्भव छैन। यसरी परम्परागत कृषिबाट आधुनिकतामा प्रवेश गर्ने र प्रविधि भित्र्याउन सकियो भने उत्पादन लागत घट्छ। श्रम दक्ष बन्छ र उत्पादन पनि बढ्छ। नेपाल कुनै समय धान चामल निर्यात गर्ने मुलुक थियो। यो अहिले एकादेशको कथाजस्तो भइसक्यो । अहिले हाम्रो भान्सामा पाक्ने अधिकांश खानेकुरा आयातित छन्। अहिले ६५ प्रतिशत जनता कृषिमा लागेका छन्। तर पनि हामीहरूले अधिकांश खाद्यान्न आयात गरेर खानुपर्ने अवस्था छ। अर्कोतर्फ युवा शक्ति विदेश पलायन भएकाले पनि गाउँका खेतबारीहरू बाँझै छन्।

खाद्यान्नको भण्डारका रुपमा रहेको तराई क्षेत्रमा जमिन खण्डीकरण तीव्र छ। यसले उत्पादन घटिरहेको छ। त्यस्तै पहाडका जमिनहरू बाँझै छन्। त्यसलाई लिज फार्मिङ वा कमर्सियल फार्मिङमा उपयोग गर्न सकियो भने आत्मनिर्भर हुन सहयोग गर्ने मात्र होइन, निर्यात सम्भावना पनि देखिन्छ। त्यसका लागि राज्यले जमिन खण्डीकरण रोक्ने र कृषि क्षेत्रमा ठूलो लगानी गर्नुपर्ने आवश्यकता छ।

अर्को महत्वपूर्ण आयाम वित्तीय संरचना हो। कृषिमा कर्जा बढेको देखिन्छ, तर उत्पादन बढेको देखिँदैन । यसले के देखाउँछ भने कर्जा मात्र बढाएर कृषिमा प्रगति सम्भव छैन। जबसम्म आवश्यक पूर्वाधार, बीउबीजन, सिँचाइ र बजारको सुविधा हुँदैन तबसम्म कर्जा दिएर मात्रै पनि कृषिमा प्रगति हुँदैन । सरकारले सिँचाइ, बीउबीजनको उपलब्धता र बजारको प्रबन्ध गर्नु आवश्यक देखिन्छ। कृषिमा प्रभावकारी लगानीका लागि विशिष्टीकृत बैंकको आवश्यकता पर्छ। यस्तो बैंकमा केवल कर्जा प्रवाह मात्र होइन, प्राविधिक सहयोग, मल, बीउ, सिँचाइ, कोल्ड स्टोर, बजार व्यवस्थापनदेखि मूल्य ग्यारेन्टीसम्मको सम्पूर्ण चक्रलाई समेट्नुपर्छ।

बैंकलाई अनिवार्य रूपमा कृषिकर्जा दिनुपर्छ भन्ने दबाव दीर्घकालीन समाधान होइन । बरु जसले सक्दैन, उसले कृषि विकास बैंक वा सरकारले स्थापना गर्ने विशिष्टीकृत बैंकलाई रकम उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ। यसो गर्न सकियो भने कृषि क्षेत्रले वित्तीय क्षेत्रलाई समेत सहज बनाउन सहयोग गर्छ।

नेपालले आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न कृषि, उद्योग र वित्तीय क्षेत्रबीचको सहकार्यलाई मजबुत बनाउनुपर्ने आवश्यकता छ । कृषि उत्पादनलाई उद्योगसँग नजोड्दासम्म अर्थतन्त्रलाई कृषि क्षेत्रले योगदान दिने सक्दैन। कृषिलाई उद्योगमा जोड्ने, न्यूनतम समर्थन मूल्य तोक्ने, रसायन प्रयोगमा कडाइ गर्ने, भारतीय प्रभावलाई व्यवस्थित गर्ने, खानी र जडीबुटीलाई उपयोग गर्ने, रुग्ण उद्योग सुधार्ने, प्रविधि भित्र्याउने र विशिष्टीकृत कृषि बैंक स्थापना गर्नेजस्ता कामहरू तत्काल गर्न सकेको खण्डमा आजको भोलि नै त नभनौं केही समयमा यसको नतिजा देखिन थाल्छ। यस्ता विषयहरूलाई सरकारले महत्व दिएर अघि बढ्नुपर्छ। यी सबै कदम समयमै चाल्न सके नेपाल केवल आत्मनिर्भर मात्र होइन, आयातमुखी अर्थतन्त्रबाट निर्यातमुखी अर्थतन्त्रको बाटोतर्फ अघि बढ्न सक्छ। आत्मनिर्भरता भनेको केवल उत्पादन बढाउने कुरा मात्र होइन, यो त किसानलाई सुरक्षा दिने, उद्योगलाई टिकाइराख्ने, वित्तीय क्षेत्रमा अनुशासन ल्याउने र राष्ट्रिय स्वाभिमानलाई मजबुत बनाउने बलियो आधार हो।

*(ढुंगाना नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष हुन्)*






# रोजगारीको चक्र : नेपाली विदेशमा, विदेशी नेपालमा



। भवानी राणा

वर्षौंदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हरेक दिन हजारौं नेपाली युवायुवती भविष्य खोज्न विदेशिन्छन् ।

उनीहरू आफ्नो उमेर, ऊर्जा र सपनालाई एउटै सुटकेसमा खाँदेर भविष्यको अनिश्चित यात्रामा निस्किन्छन् ।

उनीहरूका आँखामा आशा र विवशताको मिश्रितभाव हुन्छ । उनीहरूको यो बहिर्गमनले पठाएको रेमिट्यान्स देशको अर्थतन्त्रको धमनीमा रगत बनेर बगिरहेको छ ।

तर, यसको अर्को पाटो आगमन कक्षमा देखिन्छ। नेपालकै उद्योग, होटल र परियोजनाहरूलाई गति दिन भन्दै विदेशी विज्ञहरू ठूलो तलब, सुविधा र सम्मानको आश्वासनसहित नेपालमा भित्रिन्छन् ।

यो केवल एउटा सामान्य दृश्य होइन । हाम्रो राष्ट्रिय विकासको सबैभन्दा ठूलो विरोधाभास र असफलताको प्रतीक हो ।

नेपालको यो अवस्था रोजगारीमा नमिलेको एउटा चक्र हो । नेपालमा अहिले जनशक्तिको बाढी भएर पनि सीपको खडेरी छ । रोजगारीको तिर्खाले हजारौं युवा छट्पटाइरहेका छन् ।

काम गर्न सक्ने लाखौं नागरिक हुँदाहुँदै पनि नेपालका उद्योगहरू योग्य जनशक्तिको अभावमा परनिर्भर बन्न अभिशप्त छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ छ । जसमध्ये पुरुषको संख्या १ करोड ४२ लाख ५३ हजार ५ सय ५१ (४८.९८ प्रतिशत) र महिलाको संख्या १ करोड ४९ लाख ११ हजार २७ (५१.०२ प्रतिशत) छ ।

जनगणनाअनुसार नेपालमा क्रियाशील श्रम गर्न सक्ने उमेर समूह (१५-५९ वर्ष) हो । यो उमेर समूहको जनसंख्या सबैभन्दा बढी छ । कुल जनसख्याको ६१.९६ प्रतिशत अर्थात् १ करोड ८० लाख ७१ हजार ६ सय ८५ जना श्रम गर्न सक्ने जनशक्तिभित्र पर्छन् । अघिल्लो जनगणना २०६८ को तुलनामा अहिले ५ प्रतिशत बिन्दुले सक्रिय श्रमशक्ति बढी छ । जनगणनालाई पछ्याउने हो नेपालले अझै दुई दशकसम्म सक्रिय श्रमशक्तिमा निरन्तर जनसांख्यिक लाभ लिन सक्ने अवस्था छ ।

तर, मुलुकको विकासको धिमा गतिका कारण रोजगारीको अवसर सिर्जना हुन नसक्दा र राजनीतिक अस्थिरताका कारण हरेक दिन हजारौं

नेपालीहरू रोजगारीको खोजीमा विदेश पलायन भइरहेको यथार्थ कसैबाट लुकेको छैन । नेपाल अहिले श्रम गर्न सक्ने जनशक्तिलाई मुलुकभित्रै रोजगारी दिएर र उपयोग गरी मुलुक समृद्ध बनाउने अवसरबाट चुकिरहेको छ ।

नेपालको श्रम रोजगारीको अवस्था अत्यन्त दयनीय छ । यो मुलुकको संरचनागत कमजोरी र नीतिगत दिवालियापनको एक यथार्थपरक निदान हो । नेपाल अहिले निदानको धरातलमा उभिएको अवस्था छ । यसरी हेर्दा नेपालको आर्थिक संकटको जड यसको श्रमबजारको संरचनाभित्रै लुकेको छ । यो बजार एकीकृत छैन, बरु पूर्णतया असन्तुलित र एकअर्कासँग नजोडिएका तहमा विभाजित छ । यस्तो विभाजनले माग र आपूर्तिबीच यति ठूलो खाडल सिर्जना गरेको छ कि देशको उत्पादनशील क्षमता नै पंगु बनेको छ ।

नेपालको श्रमशक्तिको सबैभन्दा ठूलो र चिन्ताजनक हिस्सा अदक्ष जनशक्ति हुनु हो । जसले कुल श्रमशक्तिको लगभग तीन-चौथाइ ओगटेको छ । यो विशाल मानव सागर हो । जसलाई देशको शिक्षा प्रणालीले कुनै पनि प्राविधिक सीप दिएको छ न त बजारले माग गरेअनुसारको व्यावसायिक तालिम । परिणामस्वरुप यो जनशक्तिसँग ऊर्जा र काम गर्ने इच्छा छ तर अवसरको ढोका खोल्ने योग्यताको साँचो छैन । जसले गर्दा रोजगारीको खोजीमा भौँतारिने अधिकांश युवाहरूका लागि वैदेशिक रोजगारी एक मात्र विकल्प बन्न पुगेको देखिन्छ ।

हरेक वर्ष लाखौँ नेपाली वैदेशिक रोजगारीका लागि पलायन हुने प्रवृत्तिले अहिले गाउँहरूलाई युवाविहीन रित्तो घरहरूको संग्रहमा बदलेको छ । सामाजिक संरचनालाई कमजोर बनाएको छ । त्यति मात्रै नभएर देशलाई आफ्नो सबैभन्दा मूल्यवान् सम्पत्तिबाट वञ्चित गराइहेको छ ।

गत आर्थिक वर्ष २०८१/८२ मा ८ लाख ३९ हजार २ सय ६६ युवा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गए । त्यसमध्ये ७ लाख ४४ हजार ८ सय ११ पुरुष र ९४ हजार ४ सय ५५ महिला छन् । यसरी विदेशिनेमध्ये ६०.२८ प्रतिशत नयाँ र पुनः श्रम स्वीकृति लिएर २९.७२ प्रतिशत छन् । गत वर्ष १ सय ७८ मुलुकमा नेपालीहरू वैदेशिक रोजगारीका लागि गएको वैदेशिक रोजगार विभागको तथ्याङ्कले देखाउँछ ।

विगतको तुलनामा अझ नेपालका दुई ठूला राजनीतिक दल मिलेर नयाँ सरकार बनाएको वर्ष सबैभन्दा बढी नेपाली रोजगारीका लागि विदेश गएको देखिन्छ । जब कि २०८०/८१ मा ७ लाख ४१ हजार २ सय ९७ युवा वैदेशिक रोजगारीमा गएका थिए । श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेमध्ये सबैभन्दा बढी यूएई, साउदी अरब, कतार, कुवेत, मलेसिया, रोमानिया, जापान, कोरिया, क्रोएसिया र बहराइनलगायतका देश छन् । यूएईमा मात्रै २ लाख ७४ हजार ५ सय ९१ जना, साउदी अरब १ लाख ५२ हजार ८ सय ५७ जना र कतारमा १ लाख ४० हजार ७ सय ९१ जना गएका छन् ।

**नेपाल नेपाली युवालाई ज्ञान र सीपले सुसज्जित गरेर विश्वबजारमा प्रतिस्पर्धी बनाउनुको सट्टा उनीहरूको शारीरिक श्रमलाई सस्तोमा निर्यात गरेर रेमिट्यान्सको अंक गन्दै रमाइरहेको स्थिति छ । यो एक आत्मघाती प्रवृत्ति हो । श्रम बजारको दोस्रो तहमा अर्ध-दक्ष जनशक्ति छ ।**

युरोप अमेरिकाभन्दा पनि खाडी मुलुकहरूमा युवाहरू रोजगारीका लागि भौँतारिएका छन् ।

पछिल्लो ५ वर्षमा ३५ लाख १६ हजार ९ सय ६५ नेपाली वैदेशिक रोजगारीमा गइसकेका छन् । त्यसमध्ये पुरुष ३१ लाख ८१ हजार १ सय ९१ र महिला ३ लाख ३५ हजार ७ सय ७४ जना छन् । विभागको तथ्यांकले नेपालको रोजगारी क्षेत्रको यथार्थलाई निर्ममतापूर्वक उजागर गर्छ । आर्थिक वर्ष २०७९/८० मा श्रम स्वीकृति लिएर विदेशिएका ७ लाख ७१ हजारभन्दा बढी नेपालीमध्ये ७८ प्रतिशत (६ लाख ३ हजार) अदक्ष श्रमिक थिए । अर्ध-दक्षको संख्या करिब २१ प्रतिशत हुँदा दक्ष श्रमिकको संख्या १ प्रतिशतभन्दा पनि कम (केवल १ हजार ८ सय ६२ जना) थियो । यो तथ्यांकले नेपालले जनसांख्यिक लाभांशलाई कसरी अवसरमा बदल्न नसकेर बोझमा परिणत भइरहेको छ भन्ने देखाउँछ ।

नेपाल नेपाली युवालाई ज्ञान र सीपले सुसज्जित गरेर विश्वबजारमा प्रतिस्पर्धी बनाउनुको सट्टा उनीहरूको शारीरिक श्रमलाई सस्तोमा निर्यात गरेर रेमिट्यान्सको अंक गन्दै रमाइरहेको स्थिति छ । यो एक आत्मघाती प्रवृत्ति हो । श्रम बजारको दोस्रो तहमा अर्ध-दक्ष जनशक्ति छ । जसले अदक्ष र दक्षबीचको खाडल पुर्ने कमजोर प्रयास गरिरहेको छ । यो समूहमा विदेशबाट केही सीप सिकेर फर्केका वा देशभित्रै पर्यटन, साना उद्योग, निर्माण र सेवा क्षेत्रमा काम गर्दै अनुभवबाट खारिएका व्यक्तिहरू पर्छन् ।

उनीहरूले अर्थतन्त्रको एउटा महत्वपूर्ण हिस्सा धानेका छन् र बजारको सामान्य मागलाई सम्बोधन पनि गरेका छन् । तर, यो समूहको सबैभन्दा ठूलो चुनौती भनेको उनीहरूको सीप 'पूर्ण' नहुनु हो । उनीहरू सामान्य मेसिन चलाउन सक्छन् तर त्यसलाई मर्मत गर्न सक्दैनन् । उनीहरू निर्देशन पालना गर्न सक्छन् तर नवीन सोच वा व्यवस्थापकीय जिम्मेवारी लिन सक्दैनन् ।

यदि राज्य र निजी क्षेत्रले उनीहरूको 'अपस्किल' अर्थात् सीप अभिवृद्धिमा लगानी गर्ने हो भने यो समूह नेपालको लागि एउटा ठूलो सम्भावना हो । तर, यस्ता कार्यक्रमहरूको अभावमा यो विशाल जनशक्ति 'न यता, न उता'को अवस्थामा अर्थात् मझधारमा

**दक्षताअनुसार विदेशिने नेपालीहरूको संख्या**

| आर्थिक वर्ष | अदक्ष | दक्ष | अर्ध दक्ष | व्यावसायिक | उच्च दक्ष | जम्मा |
|---|---|---|---|---|---|---|
| २०७७/७८ | ८०३८२ | ७०४२६ | १५५८३ | २४६ | ६१ | १६६६९८ |
| २०७८/७९ | २८३०६८ | २९१८८९ | ५४३२८ | ६८० | १२५ | ६३००९० |
| २०७९/८० | २०२६१६ | ५०६७४६ | ६०५५५ | ११५३ | २५७ | ७७१३२७ |
| २०८०/८१ | १४५५४७ | ५३२१२३ | ६०१२३ | २७७२ | ७३२ | ७४१२९७ |
| २०८१/८२ | २२७४०७ | ५०६८२७ | ९९७२३ | ४३७२ | ९३७ | ८३९२६६ |
| पाँच आर्थिक वर्षको जम्मा | ९३९०२० | १९०८०११ | २९०३१२ | ९२२३ | १८५५ | ३१४८६७८ |

स्रोत : वैदेशिक रोजगार विभाग

अड्किएको छ । उनीहरू अदक्ष श्रमिकभन्दा माथि त छन् तर पूर्ण विशेषज्ञको विकल्प बन्नसकेका छैनन् ।

**दक्ष जनशक्तिको खडेरी : परनिर्भरताको राष्ट्रिय लज्जा**

नेपालको विकासको सबैभन्दा ठूलो विरोधाभास र असफलताको पर्दा त्यतिबेला उघ्रिन्छ जतिबेला एकातिर लाखौँ युवा काम नपाएर विदेशिन्छन् भने अर्कोतिर देशका महत्वपूर्ण आर्थिक खम्बाहरू चलाउन विदेशी विज्ञको आयात गर्नुपर्छ । योभन्दा ठूलो राष्ट्रिय लज्जा अर्को हुन सक्दैन । उच्च दक्ष, प्राविधिक र विशेषज्ञ जनशक्तिको संख्या नेपालमा १ देखि २ प्रतिशतभन्दा बढी छैन । यही अभावको फाइदा उठाउँदै विदेशी विज्ञहरूले नेपालको बजारमा आफ्नो आधिपत्य जमाएका छन् । चाहे पाँचतारे होटलका महाप्रबन्धक हुन् वा जलविद्युत् आयोजनाका प्रमुख इन्जिनियर वा औषधि कारखानाका प्रमुख प्राविधिक नै किन नहुन् । दूरसञ्चार र सूचना प्रविधि क्षेत्रका रणनीतिकार–अधिकांश उच्च पदहरूमा विदेशी नागरिककै उपस्थिति छ ।

श्रम विभागको औपचारिक तथ्यांकअनुसार वार्षिक २ हजार ५०० भन्दा बढी विदेशीले नेपालमा काम गर्न श्रम स्वीकृति लिन्छन् । जसमा अधिकांश चीन र भारतका हुन्छन् । यो त केवल हिमनदीको टुप्पोजस्तो मात्र हो । भारतसँगको खुला सिमानाका कारण लाखौँको संख्यामा भारतीय अर्ध-दक्ष र दक्ष कामदारहरू (जस्तैः कार्पेन्टर, इलेक्ट्रिसियन, प्लम्बर, मेकानिक) नेपाली बजारमा कुनै रोकतोकविना काम गरिरहेका छन् । जसले गर्दा हाम्रो आफ्नै जनशक्तिले अवसर पाएको छैन । यो परनिर्भरताले देशलाई दोहोरो आर्थिक मारमा पारेको छ– एकातिर, विदेशी विज्ञलाई तिर्नुपर्ने महँगो तलब र सुविधाले ठूलो मात्रामा विदेशी मुद्रा बाहिरिन्छ भने अर्कोतिर यसले राष्ट्रिय आत्मनिर्भरता र आत्मसम्मानमाथि गहिरो चोट पुर्‍याउँछ ।

तर नेपालबाट विदेशिने नेपालीहरू भने न्यून सीप र शारीरिक श्रमलाई समेत सम्झौताको केन्द्रविन्दुमा राख्न बाध्य हुन्छन् । हरेक वर्ष न्यून सीपसहित विदेशिने युवा संख्या बढिरहेको छ । विभागको तथ्यांकअनुसार आर्थिक वर्ष (२०७७/७८ देखि २०८१/८२) सम्ममा ३१ लाख ४८ हजार ६ सय ७८ नेपालीले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । तर, उच्च दक्ष जनशक्तिको हिस्सा नगन्य छ ।

गत आर्थिक वर्षमा १ हजार ८ सय ५५ जना मात्रै उच्च दक्ष जनशक्ति विदेश पुगेका छन् । गत आर्थिक वर्षमा २०८१/८२ मा ८ सय १५ विदेशीले नेपालमा 'उच्च दक्ष' श्रमिकका रूपमा काम गर्न श्रम स्वीकृति लिएको देखिन्छ । पछिल्लो पाँच वर्षको तथ्याङ्कले पनि नेपालबाट कति अर्धदक्ष नेपालीहरू विदेश जाने गर्छन् भन्ने देखाउँछ । त्यसैले सरकारले जनशक्तिको क्षमता तथा सीप विकासको लागि लगानी गर्न आवश्यक छ ।

**रेमिट्यान्सको श्रम र पुँजीको दोहोरो रक्तस्राव**

नेपालको अर्थतन्त्रको मेरुदण्ड रेमिट्यान्स हो । हरेक वर्ष वैदेशिक रोजगारीमा जाने नेपालीले पठाएको रेमिट्यान्सले मुलुकको अर्थतन्त्र चलेको अवस्था छ । गत आर्थिक वर्ष २०८१/८२ मा उच्च रुपमा रेमिट्यान्स भित्रिएको छ । २०८२ असार एक महिनामा मात्रै मुलुकमा १ खर्ब ८९ अर्ब ११ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको छ । अघिल्लो वर्ष असारमा यस्तो रेमिट्यान्स १ खर्ब १७ अर्ब ७८ करोड रुपैयाँ भित्रिएको थियो ।

गत आर्थिक वर्षमा रेमिट्यान्स १९.२ प्रतिशतले वृद्धि भई १७ खर्ब २३ अर्ब २७ करोड रुपैयाँ पुगेको छ । अघिल्लो वर्ष रेमिट्यान्स १६.५ प्रतिशतले बढेको थियो । पछिल्लो पाँच वर्षमा नेपालबाट वैदेशिक रोजगारीमा जानेको सख्या वृद्धि भएसँगै रेमिट्यान्समा पनि निरन्तर वृद्धि देखिएको छ । बढ्दो रेमिट्यान्सले विदेशी मुद्रा सञ्चितिलाई जोगाएको छ र देशलाई आर्थिक संकटमा जानबाट रोकेको छ ।

**अदृश्य पुँजी पलायन : हिसाबबाहिरको राष्ट्रिय क्षति**

पछिल्लो पाँच वर्षमा नपालमा भित्रिएको

**विदेश पढ्न जाँदा बाहिरिएको र नेपाल भित्रिएको रेमिट्यान्स रकम** (रु.अर्बमा)

| आर्थिक वर्ष | नेपाल भित्रिएको रेमिट्यान्स रकम | अध्ययनका लागि बाहिरिएको रकम |
|---|---|---|
| २०७७/७७ | ८७५.०३ | २५.८१ |
| २०७७/७८ | ९६१.०१ | २४.९६ |
| २०७८/७९ | १००७.३१ | ६७.७० |
| २०७९/८० | १२२० | १००.४२ |
| २०८०/८१ | १४४५.३२ | १२५.१३ |
| २०८१/८२ | १७२३.२७ | १३८.४८ |

स्रोतः नेपाल राष्ट्र बैंक

रेमिट्यान्सको चम्किलो आँकडाको पछाडि एउटा अँध्यारो र डरलाग्दो सत्य लुकेको छ । एकातिर नेपालीहरूले विदेशी भूमिमा पसिनाको कमाइ भित्र्याइरहेका छन्, अर्कोतिर ठूलो मात्रामा प्रतिभा र पुँजीको दोहोरो रक्तस्राव भइरहेको छ । जसले देशलाई भित्रभित्रै खोक्रो बनाइरहेको छ । यो दोहोरो बहिर्गमनको सबैभन्दा डरलाग्दो र संगठित स्वरूप उच्च शिक्षाका लागि विदेशिने विद्यार्थीहरूको लर्कोमा देखिन्छ । यो केवल 'ब्रेन ड्रेन' मात्र होइन, यो 'क्यापिटल ड्रेन' पनि हो ।

जब देशको शैक्षिक प्रणालीले आफ्नै नागरिकको विश्वास गुमाउँछ, तब यस्तो भयावह अवस्था आउँछ । कुनै बेला इन्जिनियरिङ र मेडिकल कलेजमा एउटा सिटका लागि प्रधानमन्त्री र मन्त्रीसम्मको भनसुन चल्ने देशमा आज अधिकांश विश्वविद्यालयका कक्षाहरू रित्तिँदै गएका छन् । यो हाम्रा विश्वविद्यालयहरूको असफलता र देशको भविष्यप्रतिको अविश्वासको द्योतक हो । शिक्षा मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा मात्रै १ लाख १२ हजारभन्दा बढी विद्यार्थीले विदेश अध्ययनका लागि 'नो अब्जेक्सन लेटर (एनओसी)' लिएका छन् । औपचारिक माधयमबाट विदेशमा जाने विद्यार्थीहरूले मात्रै १ खर्ब रुपैयाँ बाहिर लगेका छन् । तर, वास्तविक रकम योभन्दा कयौँ गुणा बढी हुने अनुमान छ ।

आर्थिक वर्ष २०७७/७८ मा कोभिड-१९ का कारण विदेशिने विद्यार्थीले लगेको पैसा केही कम भएजस्तो देखिए पनि त्यसपछिका वर्षहरूमा तीव्र रुपले बढेको छ । अध्ययनसँगै पैसा पनि कमाउन सकिने आशा बोकेर विद्यार्थी भिसामा विदेश उड्ने नेपाली विद्यार्थीको लहर बढ्दो छ । विदेशिने विद्यार्थी बढेसँगै पैसा बाहिरिने दर पनि बढेको छ ।

उच्च शिक्षाका लागि विदेश जाने विद्यार्थीबाट पछिल्लो ६ वर्षमा ४ खर्ब रुपैयाँभन्दा बढी रकम विद्यार्थी भिसामार्फत बाहिरिएको छ । उच्च शिक्षाका लागि विद्यार्थी विदेश जानु सामान्य प्रक्रिया भए पनि नेपाल कम विकसित राष्ट्र भएका कारण शिक्षाकै लागि यति ठूलो रकम बाहिरिँदा देशको अर्थतन्त्रमै ठूलो असर पुगेको छ ।

हुन त विश्वव्यापीरुपमा हेर्दा विद्यार्थीको 'मोबिलिटी' हुनु सामान्य हो । तर, नेपालको सन्दर्भमा भने विद्यार्थीहरू पढाइभन्दा पनि सुरक्षित भविष्यका लागि उतै 'सेटल' हुने गरी विदेशिने गरेका छन् । यसले नेपालबाट ठूलो मात्रामा पुँजी पनि पलायन भइरहेको छ । जहाँ हामी अदक्ष श्रम निर्यात गरेर कमाएको पैसाले आफ्नै सन्तानलाई विदेश पठाएर शिक्षा आयात गरिरहेका छौँ । यो हाम्रा नीतिनिर्माता र शैक्षिक नेतृत्वका लागि गम्भीर आत्मसमीक्षाको विषय हो ।

शैक्षिक पलायन त केवल एउटा औपचारिक माध्यम मात्र हो । त्यसबाहेक राजनीतिक अस्थिरता, लगानीको असुरक्षा, नीतिगत झन्झट र भ्रष्टाचारले गर्दा व्यापारिक र राजनीतिक वृत्तबाट हुन्डी वा अन्य गैरकानुनी माध्यममार्फत ठूलो मात्रामा पुँजी विदेश पलायन भइरहेको छ । विदेशमा घरजग्गा किन्न, व्यापारमा लगानी गर्न वा केवल कमाएको सम्पत्ति सुरक्षित गर्न भइरहेको पुँजी पलायनको कुनै आधिकारिक लेखाजोखा छैन । यसले के देखाउँछ भने रेमिट्यान्सबाट भित्रिएको विदेशी मुद्राको ठूलो हिस्सा उत्पादनमूलक क्षेत्रमा लगानी हुनुको सट्टा कि त अनुत्पादक क्षेत्र (घर-जग्गा) मा जकडिएको छ कि त पुनः विदेश पलायन भएको

छ ।

**■ रोजगारी सिर्जनामा अवरोध : किन जम्न सकेन उद्योगको जरा ?**

सरकारले निजी क्षेत्रको अपेक्षाअनुसार कानुनी सुधार गर्दै लगेको छ। तर पनि नेपालमा रोजगारी किन बढ्न सकेन भन्ने प्रश्न आउने गरेको छ। कानुनी सुधारले मात्रै लगानी आउँदैन। लगानी गर्ने वातावरणका लागि केही आधारभूत तर संरचनागत समस्याहरू पहिल्याएर समाधान गरिनुपर्छ।

**■ औद्योगीकरणको अभाव र कमजोर उत्पादन क्षमता**

मुलुकभित्र रोजगारी सिर्जना हुन नसक्नुको कारण औद्योगीकरणको अभाव र कमजोर उत्पादन क्षमता हुनु हो। कुनै पनि देशमा दिगो रोजगारी सिर्जना गर्ने प्रमुख माध्यम भनेको औद्योगीकरण हो। तर, नेपाल यसमा नराम्रोसँग चुकेको छ। अहिले पनि भएका उत्पादनमूलक उद्योगहरू पनि क्षमताको ३० देखि ५० प्रतिशत हाराहारी मात्रै चलेका छन्। शतप्रतिशत क्षमतामा चलेको उद्योग पाउन मुस्किल पर्छ।

नेपालको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान घटेर १७.८ प्रतिशतमा सीमित भएको छ। जब कि सेवा क्षेत्रको योगदान बढेर करिब ६० प्रतिशत पुगेको छ। उत्पादनमूलक उद्योगको सट्टा सेवा र व्यापार (ट्रेडिङ)मा आधारित अर्थतन्त्रले ठूलो संख्यामा रोजगारी सिर्जना गर्न सक्दैन।

**■ उच्च उत्पादन लागत र प्रतिस्पर्धात्मक शून्य क्षमता**

हाम्रा उद्योगहरू किन फस्टाउन सकेनन् ? यसको सोझो जवाफ हो–उच्च उत्पादन लागत। चीन र भारतजस्ता दुई औद्योगिक महाशक्तिहरूको बीचमा रहेर पनि त्यसको लाभ लिन सकिएको छैन। बिजुली महँगो छ। बाटो राम्रो छैन। भूपरिवेष्ठित राष्ट्र (ल्यान्ड लक कन्ट्री) भएकाले मेटेरियल (सामान)हरू मगाउँदा कति दिनपछि आउँछ पत्तो छैन। आएका सामानहरूको थप फिनिसिङ गरेर काम गर्दा लागत बढ्दै जान्छ।

जब नेपाली उत्पादनको लागत भारतीय र चिनियाँ उत्पादनभन्दा महँगो पर्न जान्छ। उपभोक्ताले सस्तो सामान नै रोज्छ। यसले गर्दा हाम्रा उद्योगहरू आफ्नै बजारमा पराजित भएका छन् र बजार पूर्ण रूपमा आयातमुखी बनेको छ।

**■ लगानीको गलत प्रवृत्ति र बजार विश्लेषणको अभाव**

निजी क्षेत्रले पनि अरुको देखासिकीमा लगानी गर्ने प्रवृत्ति बढेको छ। एउटै किसिमको बिजनेस धेरै हुनु पनि समस्या हो। अब सिमेन्ट उद्योग खुल्यो, औषधि खुल्यो, कतिलाई दिने त ? राम्रो देख्यो, देखासिकीको रुपमा अरुले पनि खोल्न थाली हाल्ने गरिन्छ। लुम्बिनीमा अन्तर्राष्ट्रिय विमानस्थल बन्ने हल्ला चल्नासाथ होटलमा लगानीको बाढी आयो। तर, विमानस्थल नचल्दा अहिले ती होटलहरू सञ्चालनमा आउनसकेका छैनन्। बजारको आकार, माग र दिगोपनाको विश्लेषण नगरी केवल हल्ला र अरूको नक्कलका आधारमा लगानी गर्दा सीमित बजारमा अत्यधिक प्रतिस्पर्धा हुन्छ। अन्ततः धेरै व्यवसाय टिक्न सक्दैनन्, लगानी डुब्छ र भएको रोजगारी पनि गुम्छ।

**■ निर्यात बजारमा शून्य पहुँच र मूल्यअभिवृद्धिको अभाव**

हाम्रो निर्यात क्षमता अत्यन्तै कमजोर छ। नेपालसँग जडीबुटी, कृषि, हस्तकला, चिया, कफीजस्ता अद्वितीय उत्पादनहरू छन्। तर, हामीले यिनीहरूमा मूल्यअभिवृद्धि गरेर अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउन सकेका छैनौं। हामी कच्चा पदार्थ सस्तोमा बेच्छौं र त्यही कच्चा पदार्थबाट बनेको तयारी वस्तु महँगोमा किन्छौं। जबसम्म हामी निर्यातमुखी बन्दैनौं, तबसम्म विदेशी मुद्रा आर्जन हुन सक्दैन र उत्पादन क्षेत्रमा रोजगारी विस्तार हुन पाउँदैन।

**■ समस्या तलब मात्र हो कि अवसर र भविष्य पनि ?**

नेपालमा ज्यालादर कम भएकाले युवाहरू विदेशिएका हुन् भन्ने एक प्रकारको भाष्य छ। तर, समस्या केवल ज्यालाको अंकमा मात्र होइन, बरु त्यो ज्यालाले दिने जीवनस्तर, सामाजिक सुरक्षा र भविष्यको सपनामा छ।

नेपालमा काम गरेको पैसाले घर बनाएर बस्न सक्ने अवस्था छैन। घर बनाउन र जग्गा किन्नका लागि पनि धेरैजसो विदेश जाने गरेका छन्। यसको अर्थ नेपालको पारिश्रमिकले दैनिक




जीवनयापन (दाल-भात-तरकारी) त गराउला, तर एउटा सम्मानजनक जीवन जिउन, आफ्ना सन्तानलाई राम्रो शिक्षा दिन र एउटा घरजग्गा जोडेर भविष्य सुरक्षित गर्ने सपना पूरा गर्न लगभग असम्भव छ। विदेशमा केही वर्ष दुःख गरेर कमाएको पैसाले यहाँ त्यो सपना पूरा गर्न सकिन्छ भन्ने मानसिकताले युवाहरूलाई विदेश जान आकर्षित गरेको छ।

नेपालका उद्योगले विदेशी महाप्रबन्धक (जीएम) लाई १० लाख दिन्छ, त्यही काम गर्ने नेपालीलाई ५ लाख दिन गाह्रो हुन्छ। ५ लाख पाउँदा नेपाली खुसीले आफ्नो घरमा बस्छ। नेपालीहरू विदेशभन्दा कम तलबमा पनि स्वदेशमा काम गर्न तयार छन् तर त्यसका लागि उपयुक्त अवसर र पद सिर्जना हुनुपर्छ।

ज्याला बढाउन उद्योग र समग्र अर्थतन्त्र नै बलियो हुनुपर्छ। कम्पनीले नाफा कमाए मात्रै श्रमिकलाई बढी ज्याला दिन सक्छ। त्यसैले ज्याला बढाउने उपाय भनेको नारा लगाउनु होइन, बरु अर्थतन्त्रलाई उत्पादनमुखी र नाफामुखी बनाउनु हो।

## ■ रोजगारी सिर्जनामा किन चुक्यो नेपाल ?

दिगो र सम्मानित रोजगारीको मुख्य स्रोत बलियो औद्योगिक आधार हो। तर, नेपालको औद्योगीकरणको कथा असफलता र निराशाले भरिएको छ। नेपाली उद्योगहरू किन फस्टाउन सकेनन् र रोजगारी सिर्जना गर्न किन चुके ? त्यसपछाडिका संरचनागत कारणहरू खोतल्नुपर्ने हुन्छ।

नेपालका अधिकांश उद्योगहरू आफ्नो कुल क्षमताको ३०-५० प्रतिशतमा मात्र चलिरहेका छन्। यसको मुख्य कारण हो– व्यवसाय सञ्चालनको चर्को लागत। महँगो र अनियमित बिजुली, कमजोर सडक सञ्जाल, भूपरिवेष्ठित हुनुका कारण कच्चा पदार्थ आयातमा हुने ढिलाइ र महँगो ढुवानी, जटिल कर प्रणालीले गर्दा नेपाली उत्पादनहरू छिमेकी भारत र चीनका उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्दैनन्।

नेपाली उद्योगहरू असफल हुनुको अर्को कारणका रुपमा गम्भीर मनोवैज्ञानिक समस्यालाई पनि लिन सकिन्छ। जारको गहन अध्ययन र विश्लेषणविना केवल अरूको देखासिकीमा लगानी गर्ने प्रवृत्तिले पनि समस्या ल्याइरहेको छ। एउटाले सिमेन्ट उद्योगमा नाफा कमायो भने अरू दर्जनौं त्यही क्षेत्रमा हाम फाल्छन्। एउटाले होटल खोल्यो भने त्यही ठाउँमा होटलको बाढी आउँछ। सीमित बजारमा मागभन्दा आपूर्ति धेरै हुँदा अस्वस्थ प्रतिस्पर्धा सुरु हुन्छ, मूल्य घट्छ र अन्ततः धेरैजसो लगानीकर्ता डुब्छन्। यसले पुँजी र रोजगारी दुवैको विनाश गर्छ।

उत्पादन गर्न गाह्रो र व्यापार गर्न सजिलो भएकाले हाम्रो अर्थतन्त्र क्रमशः आयातमुखी बन्दै गयो। उत्पादनमूलक उद्योगभन्दा ट्रेडिङ (आयातनिर्यात)मा धेरै व्यवसायी आकर्षित भए। तर, ट्रेडिङले धेरै रोजगारी सिर्जना गर्दैन। एउटा ठूलो आयात कम्पनी केही कर्मचारी र अनलाइन प्रणालीको भरमा चल्न सक्छ तर एउटा उद्योगले सयौँ वा हजारौँलाई रोजगारी दिन्छ। जब अर्थतन्त्र उत्पादनको सट्टा आयातमा निर्भर हुन्छ, रोजगारी सिर्जना स्वतः घट्छ।

## ■ निर्यातमा शून्यप्रायः प्रगति

नेपालसँग जडीबुटी, चिया, कफी, पश्मिना,

> **हामी कच्चा जडीबुटी कौडीको भाउमा बेच्छौं र त्यही जडीबुटीबाट बनेको औषधि हजारौं गुणा महँगोमा किन्छौं। जबसम्म हामीले हाम्रा मौलिक उत्पादनलाई प्रशोधन, प्याकेजिङ र ब्रान्डिङ गरेर निर्यात गर्न सक्दैनौं तबसम्म विदेशी मुद्रा आर्जन र दिगो रोजगारी दुवै सपनामा मात्र रहनेछ।**




National Life
for a secure future....
Lazimpat, Kathmandu, Nepal, Tel. : +977-1-4514799, 4516556
Email : nlgilife@mail.com.np, www.nationallife.com.np

हस्तकलाजस्ता अद्वितीय र उच्च मूल्यका उत्पादनहरू छन् । तर, हामीले यिनीहरूमा मूल्य अभिवृद्धि गरेर अन्तर्राष्ट्रिय बजारमा ब्रान्डिङ गर्न सकेनौँ । हामी कच्चा जडीबुटी कौडीको भाउमा बेच्छौँ र त्यही जडीबुटीबाट बनेको औषधि हजारौँ गुणा महँगोमा किन्छौँ । जबसम्म हामीले हाम्रा मौलिक उत्पादनलाई प्रशोधन, प्याकेजिङ र ब्रान्डिङ गरेर निर्यात गर्न सक्दैनौँ तबसम्म विदेशी मुद्रा आर्जन र दिगो रोजगारी दुवै सपनामा मात्र रहनेछ ।

### ■ यो दुश्चक्र तोड्न अब के गर्ने ?

यो निराशाजनक चित्रको विश्लेषणपछि अबको बाटो के हो भन्ने स्वाभाविक रुपमा प्रश्न उठ्छ । यो दुष्चक्र तोड्न असम्भव छैन तर यसका लागि परम्परागत सोचभन्दा माथि उठेर कठोर र साहसिक कदमहरू चाल्नु आवश्यक छ ।

रणनीतिक र केन्द्रित औद्योगीकरण : छरिएर सबै क्षेत्रमा हात हाल्नुको सट्टा नेपालको तुलनात्मक लाभ भएका केही निश्चित क्षेत्रमा मात्रै राज्यले सम्पूर्ण शक्ति केन्द्रित गर्नुपर्छ । जस्तै : जडीबुटी र सुगन्धित तेलको प्रशोधन, उच्च पहाडी क्षेत्रको अर्गानिक कृषि, साहसिक र धार्मिक पर्यटनको पूर्वाधार र सूचना प्रविधि सेवा । यी क्षेत्रहरूमा लगानी गर्नेलाई विशेष अनुदान, कर छुट र नीतिगत सहजीकरणको ‘प्याकेज’ दिनुपर्छ । यो सबैभन्दा महत्वपूर्ण र तत्काल गर्नुपर्ने काम हो । ७५ प्रतिशत अदक्ष जनशक्तिलाई सीपयुक्त बनाउन राष्ट्रिय प्राथमिकतामा राख्नुपर्छ ।

निजी क्षेत्रसँगको सहकार्यमा बजारको मागअनुसारको पाठ्यक्रम बनाएर हरेक प्रदेशमा ठूला अत्याधुनिक र आवासीय तालिम प्रतिष्ठानहरू खोल्नुपर्छ । यसले एकातिर अदक्ष जनशक्तिलाई सीपयुक्त बनाउँछ भने अर्कोतिर उद्योगले चाहेको जनशक्ति स्वदेशमै पाउँछ ।

नीति बनाउनु मात्र पर्याप्त छैन, त्यसको इमानदार र द्रुत कार्यान्वयन अनिवार्य छ । व्यवसाय सञ्चालन लागत घटाउन बिजुलीमा अनुदान, एकद्वार प्रणालीको प्रभावकारी कार्यान्वय र नीतिगत स्थिरताको ग्यारेन्टी गरिनुपर्छ । लगानीकर्तालाई नीतिगत झन्झट होइन, सहजीकरणको अनुभूति दिनुपर्छ ।

देशको शैक्षिक प्रणालीलाई गुणस्तरीय, अनुसन्धानमूलक र रोजगारमुखी बनाएर विद्यार्थी र अभिभावकको विश्वास जित्नुपर्छ । प्राविधिक र व्यावसायिक शिक्षालाई सामाजिक प्रतिष्ठाको विषय बनाउनुपर्छ । जब हाम्रा विश्वविद्यालयहरू सक्षम र प्रतिस्पर्धी हुन्छन् तब शैक्षिक पलायन स्वतः घट्छ । नेपालको ‘नमिलेको चक्र’ कुनै प्राकृतिक विपत्ति होइन; यो दशकौँदेखिको अदूरदर्शी नीति, कमजोर कार्यान्वयन, राजनीतिक स्वार्थ र संरचनागत कमजोरीहरूको मानव निर्मित संकट हो ।

अबको बाटो भनेको युवालाई विदेश जानबाट रोक्ने कानुन बनाउनु होइन, बरु उनीहरूलाई स्वदेशमै बस्न र फस्टाउन लायकको अवसर, सम्मान र भविष्य प्रदान गर्नु हो । जबसम्म अदक्षताको विशाल सागरलाई सीपको नदीमा परिणत गरिँदैन, उद्योगको जरा बलियोसँग गाडिँदैन र नीति तथा नियतबीचको खाडल पुरिँदैन तबसम्म ‘हाम्रा युवा विदेशमा, विदेशी विज्ञ नेपालमा’को यो तीतो यथार्थ हाम्रो राष्ट्रिय नियति बनिरहनेछन् । यो दुश्चक्र तोड्ने राजनीतिक इच्छाशक्ति र राष्ट्रिय संकल्प आजको सबैभन्दा ठूलो आवश्यकता हो ।

*(राणा नेपाल उद्योग वाणिज्य महासंघकी पूर्वअध्यक्ष हुन् ।)*





# पुँजीबजारमा सधैं पारदर्शिताको बहस



निरज गिरी

पछिल्लो समय प्राथमिक सेयर निष्काशनका लागि नेटवर्थ कति आवश्यक पर्ने भन्ने विषयमा बहस र विवाद भइरहेका छन् । कम्पनीहरूले धितोपत्र बोर्डमाथि गालीगलौज गरिरहेको अवस्था छ भने बोर्ड पनि आफूले कानुनअनुसार नै काम भएको बताइरहेको छ । यो विवादमा धितोपत्र बोर्ड प्रतिनिधिसभाको लेखा समिति र अर्थ समितिको चेपुवामा परेको छ ।

नेटवर्थको विषय बुझ्न केही अगाडिका घटनाक्रम र भएका व्यवस्थाहरूलाई बुझ्नुपर्छ । नेपालको सेयरबजारमा अहिले पनि बैंक तथा वित्तीय संस्थाहरूको बाहुल्य छ । हामी सेयर बजारलाई अर्थतन्त्रको ऐनाको रुपमा लिन्छौं । सबै क्षेत्रका कम्पनीहरू सेयरबजारमा आए भने मात्र त्यो अर्थतन्त्रको ऐना बन्ने हो । वित्तीय संस्था र बीमा क्षेत्रका कम्पनीहरूलाई पब्लिकमा जानलाई सम्बन्धित कानुनहरूले नै बाध्य गरिदिएको छ । तर, अरू क्षेत्रका कम्पनीहरूको लागि बाध्यकारी व्यवस्था छैन र तिनीहरूको नियामक निकाय पनि धितोपत्र बोर्ड हो ।

बोर्डले विगतमा पूर्वाधार, जलविद्युत्लगायतका वास्तविक क्षेत्रका संस्थाहरूलाई पुँजीबजारमा ल्याउन कानुनी व्यवस्था गरेर प्रोत्साहन गरेको थियो । पूर्वाधार कम्पनीहरूले आफ्नो उद्देश्यअनुसारको कारोबार सुरु गरेपछि मात्र सार्वजनिक निष्काशनमा जान पाउने व्यवस्था रहेकोमा त्यसलाई पनि संशोधन गरी व्यवसाय सञ्चालनका लागि आवश्यक पूर्वाधारहरू तयार गरेपछि जान सकिने व्यवस्था भयो । जलविद्युत् कम्पनीले सार्वजनिक निष्काशन (आईपीओ बिक्री) गर्ने हो भने उसले आफ्नो विद्युत् गृह जहाँ निर्माण गर्ने हो, त्यहाँ जग्गा खरिद वा अन्य प्रकारको व्यवस्था गरी निर्माण कार्य सुरू गरेको, विद्युत् उत्पादनको लागि आवश्यक यान्त्रिक उपकरण तथा त्यसका पार्टपुर्जा आदि खरिद गर्नुपर्ने भएमा टेन्डर आदि गरी खरिद प्रक्रिया अगाडि बढाइसकेको हुनुपर्नेजस्ता व्यवस्था गरी कम्तीमा परियोजना अगाडि बढिरहेको छ भन्ने अवस्था देखाउनुपर्ने व्यवस्था गरियो । त्यसपछि कम्पनीले जग्गा लिज (भाडा)मा लिई अन्य आवश्यक पूर्वाधारहरू बनाउन सुरु गरिसकेको र पूरा एक आर्थिक वर्षको अवधि व्यतित भएको छ भने आईपीओ बिक्री गर्न पाउने व्यवस्था गरियो ।

जुन बेला विद्युत् उत्पादनका लागि आवश्यक

पूर्वाधारहरू निर्माण गर्नुपर्ने हुन्छ, त्यो बेलामा पैसा लिन नदिने अनि कारोबार सुरु गरेपछि सर्वसाधारणबाट पैसा उठाउनुभन्दा संस्थापक र सर्वसाधारण लगानीकर्ताहरूलाई आईपीओको फाइदा नहुने देखिएको छ। साथै त्यतिखेर प्रिमियममा सेयर निष्काशनको व्यवस्था रहे पनि त्यो व्यवस्थित र स्पष्ट थिएन। धितोपत्र बोर्डले नै पूर्वाधार क्षेत्र र वास्तविक क्षेत्र (रियल सेक्टर)का कम्पनीहरूलाई सेयरबजारमा ल्याउन सहजीकरण गर्नुपर्ने निष्कर्ष निकालेर जलविद्युत् क्षेत्रको कानुनमा परिवर्तन गरेको थियो । त्यसपछि पूर्वाधार क्षेत्र र रियल सेक्टर कम्पनीहरूलाई पनि सेयरबजारमा ल्याउन प्रयासहरू भए । त्यो परिवर्तनपछि २०६४/६५ सालतिरबाट जलविद्युत् कम्पनीहरू पब्लिकमा आउन थाले । त्यसपछि चिलिमे जलविद्युत् परियोजनाले आईपीओ बिक्री गरेको हो ।

जलविद्युत्, पूर्वाधार क्षेत्रका कम्पनीहरूको निर्माण अवधि नै ५-६ वर्षको हुन्छ। यो अवधिमा परियोजना निर्माण कार्यका लागि कम्पनीहरूले बैंकबाट ऋण लिएका हुन्छन् । बैंकबाट लिएको र संस्थापक (प्रोमोटर)को सम्पत्ति (इक्विटी)बाट मात्र काम अगाडि बढेको हुन्छ र खर्चबाहेक वास्तविक आम्दानी केही पनि हुँदैन । केही आम्दानी भइहाल्यो भने ब्याज आम्दानी मात्रै हो । परियोजना निर्माण अवधिमा संस्थाको सम्पत्तिभन्दा दायित्व बढी हुने भएकाले यस अवधिमा कम्पनीको नेटवर्थ ऋणात्मक हुन्छ ।

नेटवर्थ ऋणात्मक भएका कम्पनीहरू पनि आईपीओमा जान सक्ने व्यवस्था गरिएकोमा लगानीकर्ताहरूलाई सुसूचित गर्ने उद्देश्यले नेगेटिभ नेटवर्थ भएका कम्पनीहरूको हकमा त्यस्ता कम्पनीहरूको विवरणपत्रको पहिलो पृष्ठमा बक्स बनाई संस्थाको नेटवर्थ ऋणात्मक छ र यसले के जनाउँछ भन्ने विस्तृत विवरण विवरणपत्रको फलानो पानामा उल्लेख गरिएको छ भनी बोल्ड अक्षरमा लेखेर जानकारी दिनुपर्छ भन्ने कानुनी प्रबन्ध गरियो ।

लगानीकर्ताहरूलाई झुक्याउन पाइँदैन, वास्तविक अवस्था देखाउनुपर्छ भनेर यस्तो व्यवस्था गरिएको थियो । कम्पनी अहिले यस्तो अवस्थामा छ र अब भविष्यमा कस्तो रहन सक्छ भन्ने कुरा त भित्र प्रक्षेपण (प्रोजेक्सन)हरू हुन्छ । त्यो सबै अध्ययन गरेरै किन्नुपर्छ भन्ने सन्दर्भमा यस्तो व्यवस्था भएको हो । त्यसैअनुसार विद्युत् कम्पनीहरू पब्लिकमा आएका थिए ।

नेटवर्थ ऋणात्मक भएका संस्थाहरूलाई कानुनी रुपमा आफ्नो अवस्थाबारे स्पष्ट जानकारी दिनुपर्ने व्यवस्था गरी सार्वजनिक निष्काशन गर्न सकिने व्यवस्था भई धेरै जलविद्युत् कम्पनीहरू नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत भए । तर, अहिले नेटवर्थ ९० भन्दा कम भएकालाई आईपीओ जान दिने वा नदिने भन्ने विषयमा भएको बहस नै असान्दर्भिक देखिन्छ ।

भोलिका दिनमा द्रुतमार्गजस्ता सडकहरू पनि पब्लिक कम्पनीको रूपमा स्थापित भएर आईपीओ बिक्री गर्छु भन्न सक्छन् अथवा अरू उद्योगहरू पनि आउन सक्छन् । तर, ९० भन्दा कम नेटवर्थ भएका कम्पनीहरूले सर्वसाधारणमा सेयर जारी गर्न नपाउने व्यवस्था गरिएमा रियल सेक्टरका कम्पनीहरूले हाम्रो पुँजीबजारको प्रयोग गर्न पाउँदैनन् । अहिलेको स्थितिमा हाम्रो पुँजीबजारमा धेरैभन्दा धेरै वास्तविक क्षेत्रका कम्पनीहरू आउनुपर्ने आवश्यकता छ । अझै पनि सेयर बजारमा जलविद्युत्बाहेक हेर्ने हो भने वित्तीय क्षेत्रकै आधिपत्य छ । बैंक तथा वित्तीय संस्थाले नै सेयरबजारलाई नेतृत्व गरिरहेको अहिलेको अवस्थामा अन्य धेरै क्षेत्रहरूलाई प्रवेश गराउन आवश्यक हुन्छ ।

अन्य क्षेत्रका कम्पनीहरूलाई पनि सेयरबजारमा ल्याउन गरिएको प्रोत्साहनमा अहिले आएर विवाद हुनु दुर्भाग्यपूर्ण छ । हामीलाई हाम्रो विकासको लागि पुँजीको आवश्यकता छ । नागरिकहरू पुँजी दिन तयार छन् । इच्छुक लगानीकर्ताहरूलाई कम्पनीको वास्तविक अवस्था तथा भएको जोखिमहरूबारे सत्यतथ्य 'डिस्क्लोज' गरेर जानुपर्ने अहिलेको आवश्यकता हो । यस्तो अवस्थामा आजको भोलि रिटर्न (प्रतिफल) नपाउने क्षेत्रलाई आयोजना पूरा नगरी जान पाउँदैनौ वा तिम्रो वित्तीय विवरण सकारात्मक नभईकन जान पाउँदैनौ भन्यो भने आउनेभन्दा नआउने धेरै हुन्छन् । कुनै कम्पनी आएछ भने पनि उसको वित्तीय विवरणमा जालझेल गर्न थाल्छ । कानुनले ९० भन्दा माथि छौ भने मात्र जान पाउँछौ भन्ने व्यवस्था गऱ्यो भने त जस्तो कम्पनीले पनि 'फाइनान्सियल म्यानिपुलेट' गर्न थाल्छ । यसरी ९० भन्दा बढी नेटवर्थ देखाएर आउन थाले भने लगानीकर्ताहरू झन् जोखिममा पर्छन् र बजारको समस्या अझै बढ्छ । यसले धितोपत्र बोर्डले बजार विस्तारका लागि राम्रो गर्न खोज्दा अर्कैतिर असर पर्न थाल्छ । कुनै पनि सेयर किन्ने नकिन्ने विषय लगानीकर्ताको आफ्नो निर्णय हो । निर्णय गर्न जानकारी चाहिन्छ । सुसूचित भएर निर्णय गर्न कम्पनीले आफ्नो वास्तविक जानकारी विवरण पत्रमा राख भन्नुपर्छ ।

## ■ नियामकको काम राम्रो नराम्रो छुट्याउने होइन

नियामक निकायले यो कम्पनी राम्रो, यो कम्पनी नराम्रो भन्ने होइन र भन्न पनि हुँदैन । ऋणात्मक नेटवर्थ भएका कम्पनीहरूलाई सार्वजनिक निष्काशन गर्न नदिने भए कानुनी व्यवस्था गरेर यति नेटवर्थभन्दा कम भएकाले आईपीओ बिक्री गर्न नपाउने व्यवस्था गर्नुपर्छ । कानुनी व्यवस्था नभएको अवस्थामा नेटवर्थ कम भएकालाई आईपीओ बिक्री रोक्न खोज्नु दुर्भाग्य हो । यो प्रयास रियल सेक्टरका कम्पनीहरूलाई पुँजीबजारमा प्रवेश गर्न रोक्ने नियत देखिन्छ ।

अहिले नेटवर्थको विषयलाई विवादित बनाइएको छ र प्राविधिक कारणले उजागर भएजस्तो देखिन्छ । धितोपत्र बोर्डमा अध्यक्ष नियुक्त हुने लामो अवधि रोकिएको थियो । पद रिक्त भएको करिब ११ महिनापछि बोर्डमा अध्यक्ष नियुक्त भए । यसबीचमा आईपीओका लागि धेरै कम्पनीहरू पाइपलाइनमा लामो समय बसे । लामो समय पाइपलाइनमा बसेको हुनाले अब सबैलाई चाँडो जानुपरेको छ । यस्तो अवस्थामा बोर्डले सबैलाई एकैपल्ट अनुमति दिन सक्दैन । त्यसपछि आईपीओ बिक्रीको अनुमित दिन ढिलाइ भएको सबैलाई महसुस भयो र विवाद सुरु भयो । यसबीचमा ११ महिना नरोकिएर जलविद्युत्को आईपीओ बिक्री भइरहेको भए सायद यो विवाद आउँदैनथ्यो होला । अहिले धितोपत्र बोर्डले ऋणात्मक नेटवर्थ भएका जलविद्युत् कम्पनीहरूको आईपीओ निष्काशन रोकेको अवस्था छ । यसले गर्दा जलविद्युत् क्षेत्रको कर्जामा समेत समस्या भइरहेको ऊर्जा उद्यमीहरू बताउँदै छन् ।

जलविद्युत् परियोजनामा बैंकले चरणबद्ध रुपमा कर्जा दिएका हुन्छन् । जलविद्युत् कम्पनीले बैंकबाट ऋण लिँदा कुन-कुन समयमा कसरी पैसा तिर्ने भन्ने योजना पेस गरेको हुन्छ । त्यसमा सर्वसाधारणमा सेयर बिक्री गरेपछि प्राप्त हुने पैसा पनि दिन्छु भन्छ । पब्लिकमा आउन नपाएपछि कम्पनीको ब्याज बढ्दै जान्छ । उसको पैसा पनि हुँदैन । यसले कम्पनीहरूलाई झनै समस्यामा पार्दै गएको छ । त्यसकारण पनि यो विवाद आएको देखिन्छ ।

## ■ यसरी आएको थियो मेरिटबाट डिस्क्लोजरको अभ्यास

अन्तर्राष्ट्रिय रुपमा पुँजीबजारको सुरुवाती चरणहरूमा पुँजीबजारको नियामक निकायहरूले कम्पनीहरूलाई मेरिटमा आधारित भएर आईपीओ निष्काशन अनुमति दिइन्थ्यो । मेरिटअनुसार यो कम्पनी राम्रो छ, यसलाई जान दिऊँ भन्ने गरिएको थियो । तर, पछि नियामकबाट मेरिटमा आधारित नभई डिस्क्लोजरमा आधारित भएर निष्काशन अनुमति दिनु पर्छ भन्ने मान्यता स्थापित भई सोहीअनुरूप अनुमति दिन थालियो । अतः नियामकले स्वीकृति प्रदान गर्नुको अर्थ त्यो कम्पनी राम्रो हो भन्ने नभई कम्पनीले आफनो विवरणपत्रमा उल्लेख गरेका कम्पनीसम्बन्धी जानकारी तथा विवरणहरूले लगानीकर्ताहरूलाई कम्पनीको वास्तविक अवस्था थाहा हुन्छ भन्ने कुरामा नियामक विश्वस्त हुनु हो ।

पूर्वअर्थसचिव रामेश्वर खनाल नेतृत्वको उच्चस्तरीय आयोगले सेयर बजारसम्बन्धी केही विषयहरू उठाएको छ । जसमध्ये परियोजना पूरा भएपछि मात्रै आईपीओ निष्काशन गर्न दिने विषय पनि समावेश छ । जुन गम्भीर विषय हो । धितोपत्रसम्बन्धी ऐन, २०६३ लागू भएपश्चात् बनेका नियमावलीले अन्तर्राष्ट्रिय अभ्यासअनुरुप नियामक निकायले डिस्क्लोजरमा आधारित भएर निष्काशन अनुमति दिनुपर्छ भन्ने व्यवस्था गरिसकेको अवस्थामा हामी फेरि पछाडि फर्किएर मेरिट-बेसमा जाने कि भन्ने विषयमा बहस गर्नु सान्दर्भिक हुन्छ जस्तो लाग्दैन । हामी पश्चगामी भयौँ भने त्यो गलत हुन्छ । परियोजना पूरा गर्नुअगाडि नै आवश्यक पर्दा लगानी उठाउन

सकेमा लगानीकर्तालाई पनि परियोजनाप्रति अपनत्व हुन्छ । लगानीकर्ताहरूमा जोखिम पनि कम हुन्छ । त्यसैले हामी पश्चगामी हुने हैन अग्रगामी हुनुपर्छ । जुन-जुन नियमावलीलाई हामीले छोडेर अगाडि बढिसक्यौँ, अब फेरि त्यही नियमावलीमा जाऔँ भन्नु उपयुक्त हुँदैन ।

अहिले कार्यान्वयनमा भएका विषयहरू कसरी आए भनेर खोज्नुपर्नेमा व्यवस्था नै उल्ट्याउने काम राम्रो होइन । यदि कम्पनीको वित्तीय विवरणहरू पारदर्शी छैनन् वा गलत छन् भने लेखापरीक्षकसँग समन्वय गरेर कडाइ गर्न सक्नुपर्छ । लेखापरीक्षकहरूको नियामक निकाय नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) सँग समन्वय गरेर देखिएका समस्या हल गर्नुपर्नेमा पूरानो नीतिमा फर्किएर मेरिटतर्फको यात्रा तय गर्न खोज्नु कदापि उपयुक्त होइन ।

आगामी दिनमा औषधि, सूचना प्रविधि (आईटी) जे जस्ता कम्पनी पुँजीबजारमा आउन चाहन्छन्, ती सबै क्षेत्रको विज्ञ त नियामक निकाय हुँदैन । अनि उसले के आधारमा यो कम्पनी राम्रो त्यो नराम्रो भन्न सक्छ ? त्यसैले कम्पनीको वास्तविक अवस्था र उसको व्यावसायिक सम्भावना हेरेर बजारमा जान दिनुपर्छ । यसै मान्यतामा रहेर यसअघि कम्पनी घाटा नाफा जे भए पनि वास्तविक अवस्था (ट्रु एन्ड फेयर पिक्चर) देखाएर सर्वसाधारणलाई सेयर बिक्री गर्न दिने कानुनी व्यवस्था गरिएको थियो ।

तर, अहिले धितोपत्र बोर्डलाई अलिकति प्राविधिक कठिनाइ देखिएको छ । नेटवर्थबारे प्रतिनिधिसभाको अर्थ समिति र लेखा समितिबीच समन्वयको अभाव देखिएको छ। धितोपत्र बोर्डले मैले नदिएको होइन, लेखा समितिले नदिएको भन्न थालेको छ । अर्को पक्ष हावी हुँदा कता कता धितोपत्र बोर्ड लगानीमैत्री हुन नसकेको हो कि भनेजस्तो देखिने परिवेश सिर्जना भएको छ।

धितोपत्र बोर्डले पनि दुईवटा संस्थाहरूमा दुई किसिमको पत्राचार गरेको पाइन्छ। बोर्डले लेखा समितिमा तिम्रो निर्देशनअनुसार आईपीओ निष्काशन गरिरहेका छौं भनेको छ भने अर्थ समितिमा कानुनले ९० भन्दा मुनिकालाई नदिनु भन्ने कुनै कानुनी व्यवस्था छै मात्र भनेको छ । यसले धितोपत्र बोर्ड आफैं दुविधामा छ भन्ने देखाउँछ ।

नियामक निकायले आफ्नो कानुनले दिएको काम गर्ने हो । नियामकले कसैको तजबिजीभन्दा पनि उसलाई कानुनले के गर्नु भन्या छ, के नगर्नु भन्या छ सोहीअनुसार अगाडि बढ्नुपर्ने हो । नियामक नै द्विविधामा रहेमा भोलि बजारमा राम्रो नाफा गरिरहेका कम्पनीहरू पब्लिकमा जान इच्छुक हुँदैनन् । एनसेल, वाइवाइजस्ता ठूला कम्पनीहरू पनि नेपालको सेयरबजारमा आउन सक्छन् । तर, यो विवादले अनुमति कहिले आउने निश्चित छैन भन्ने लाग्छ र आउन हिच्किचाउँछन् र राम्रो नाफा कमाइरहेका कम्पनीहरू पब्लिकमा आउन दुरुत्साहित हुन्छन् । यस्तो हुनु पुँजीबजारका




**धितोपत्र बोर्डले प्रिमियम मूल्यमा धितोपत्रको निष्काशन सम्बन्धमा गरेको कानुनी व्यवस्थामा समेत धेरै विवाद भइरहेको छ । कतिपयले त प्रिमियममा धितोपत्र निष्काशन नै गर्न दिनुहुन्न भनिरहेका छन् । राम्रो नाफा कमाइरहेका कम्पनीका संस्थापकहरूले आफ्नो कम्पनीको सेयर एक सय रूपैयाँमा बेच्न चाहँदैनन् ।**

लागि नै दुर्भाग्य हो । पुँजीबजारमा विभिन्न क्षेत्रका जति धेरै कम्पनीहरू आउँछन् र कारोबार गर्छन् त्यति नै राम्रो हुन्छ । त्यसैले पुँजीबजारलाई अर्थतन्त्रको ऐना भनिएको छ । यस्ता कम्पनीहरू पब्लिकमा आएपछि लगानीकर्ताहरूले पनि आफ्नो लगानीलाई विविधीकरण गर्न सक्छन् ।

हाल धितोपत्र बोर्डले प्रिमियम मूल्यमा धितोपत्रको निष्काशन सम्बन्धमा गरेको कानुनी व्यवस्थामा समेत धेरै विवाद भइरहेको छ । कतिपयले त प्रिमियममा धितोपत्र निष्काशन नै गर्न दिनुहुन्न भनिरहेका छन् । राम्रो नाफा कमाइरहेका कम्पनीका संस्थापकहरूले आफ्नो कम्पनीको सेयर एक सय रुपैयाँमा बेच्न चाहँदैनन् । कम्पनी स्थापना गरी राम्रो अवस्थामा ल्याउन संस्थापकहरूले धेरै मेहनत गरेका हुन्छन् । उसले त त्यत्रो दुःख गरेको छ, ऋण लिएको छ । त्यो ऋण तिरेको छ, कम्पनीलाई नाफामा लगेको छ । त्यसैले त्यस्ता कम्पनीका संस्थापकहरूलाई अंकित मूल्य (फेस भ्यालु)मा नभई प्रिमियममा धितोपत्र निष्काशन गर्न दिनुपर्छ । अहिले बैंक तथा वित्तीय संस्था र बीमा क्षेत्रका कम्पनीहरूलाई अनुमति दिँदा नै दुई वर्षभित्र सर्वसाधारणलाई सेयर बिक्री गरिसक्नुपर्ने शर्त तोकिएको हुन्छ । तर, वास्तविक क्षेत्रका पब्लिक लिमिटेड कम्पनीहरूलाई समयसीमा तोकेर सर्वसाधारणमा जानैपर्छ भन्नेचाहिँ कतै भनिएको छैन । यस्ता कम्पनीहरूलाई पुँजीबजारमा कसरी आकर्षित गर्ने ? त्यसका लागि नियामकले बजारमैत्री नीति ल्याउँदै जानुपर्छ । त्यसकै लागि प्रिमियमको व्यवस्था गरिएको हो ।

तत्कालीन धितोपत्र कारोबार नियमावली

२०४० मा कम्पनीले आफैं प्रिमियम मूल्य निर्धारण गर्ने र मूल्य के कसरी निर्धारण गरिएको भन्ने आधार तथा औचित्यहरू कम्पनी आफैंले दिनुपर्ने व्यवस्था थियो । कम्पनीले मेरो प्रिमियम एक सय रुपैयाँ हो भन्ने हो भने कसरी एक सय रुपैयाँ तोकियो भन्ने विषय स्पष्ट पार्नुपर्थ्यो । यस्ता सबै विषय डिस्क्लोज गरेर सर्वसाधारणमा धितोपत्र निष्काशन गर्न सक्थ्यो ।

पछि हाम्रो पुँजीबजार र लगानीकर्ताहरू परिपक्व नभइसकेको निष्कर्ष निकालेर कम्पनीहरूलाई खुला छोड्नुको सट्टा केही विधिहरू दिनुपर्छ भनेर धितोपत्र बोर्डले प्रिमियममा धितोपत्र निष्काशन सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यासहरूमा के के छन् भन्ने विषयमा अध्ययन गरेर आफ्नो नियमावलीमा नयाँ व्यवस्था गऱ्यो । जसअनुसार कम्तीमा एक अर्ब रुपैयाँ चुक्ता पुँजी भएको संगठित संस्थाको हकमा कम्पनीको साधारणसभाबाट स्वीकृत पछिल्लो दुई आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको आधारमा पुँजीकृत भएको आम्दानी (क्यापिटलाइज्ड अर्निङ्ग), भविष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (डिस्काउन्टेड क्यास फ्लो) र प्रचलित नेपाल कानुनबाट मान्यताप्राप्त अन्तर्राष्ट्रिय प्रचलनको आधारमा मूल्याङ्कन विधि अवलम्बन गरी प्राप्त हुने कुल मूल्यको औसत मूल्य । यसरी निर्धारण गरिएको प्रिमियम मूल्यलाई सम्बन्धित प्रत्याभूतिकर्ताले समेत प्रमाणित गरी पेस गर्नुपर्ने व्यवस्था गरियो ।

साथै माथि उल्लेख भएबमोजिम कायम भएको औसत मूल्य र सङ्गठित संस्थाको साधारणसभाबाट स्वीकृत पछिल्लो लेखापरीक्षण भएको वित्तीय विवरणअनुसारको प्रतिसेयर नेटवर्थको दुई गुणाले हुन आउने मूल्यमा जुन कम हुन्छ सो रकमलाई प्रिमियमसहितको मूल्य कायम गर्नुपर्ने व्यवस्था भयो । विभिन्न विधि अवलम्बन गर्दा लिइएका मान्यता तथा आधारहरू खुलाई सोको औचित्य समेत स्पष्ट गर्नुपर्ने व्यवस्था गरिएको छ ।

त्यतिले मात्रै नपुगेर अन्तर्राष्ट्रिय अभ्यासमा रहेको बुक बिल्डिङ विधिमा जाने भनेर धितोपत्र बोर्डले आफ्नो नियमावलीमा परिवर्तन गऱ्यो । बुक बिल्डिङ विधिमा बजार आफैंले कम्पनीको मूल्य निर्धारण गरिदिन्छ । विगतमा नियमावली आउँदा अन्तर्राष्ट्रिय अभ्यासमा रहेको तीनवटा बुक बिल्डरबाट मूल्य लिएर कट अफ मूल्य निर्धारण गरे पनि हुने व्यवस्थाको सट्टा न्यूनतम १० वटा बुक बिल्डरबाट मूल्यमा प्रतिस्पर्धा गरी कट अफ मूल्य निर्धारण गनुपर्छ भन्ने व्यवस्था गरिएको छ । बुक बिल्डरबीचमा कार्टेलिङ नहोस् भनेर यसो गरिएको थियो । बुक बिल्डर भनेको त संस्था हो । संस्थाहरूले आफ्नो एक्सपर्टिज लगाएर कम्पनीको मूल्यांकन गर्छ भनेर ती व्यवस्थाहरू गरियो । तर त्यसमा विवाद आए । ती विवादहरू अझै पनि सल्टिएका छैनन् ।

तर, अन्तर्राष्ट्रिय अभ्यास र सबैले राम्रो भनेको अभ्यास भनेकै बुक बिल्डिङ हो । छिमेकी मुलुक भारतमा ट्र्याक रेकर्ड नभएको कम्पनी अनिवार्य रुपमा बुक बिल्डिङ विधिबाट मात्र सर्वसाधारणमा जान पाउने व्यवस्था छ । तर, यहाँ भर्खर सुरुवातको चरण भएको हुनाले विगत तीन आर्थिक वर्षदेखि लगातार खुद नाफामा सञ्चालनमा रहेको, संगठित संस्थाको प्रतिसेयर नेटवर्थ प्रतिसेयर चुक्ता पुँजीको कम्तीमा १५० प्रतिशत रहेको र संगठित संस्थाले कम्तीमा औसत वा सोभन्दा माथिल्लो क्रेडिट रेटिङ्गको ग्रेड प्राप्त गरेको कम्पनी मात्र बुक बिल्डिङमा जान पाउँछ भन्ने व्यवस्था गरियो । यो नेपालको लगानीकर्ता र पुँजीबजारलाई सुहाउँदो व्यवस्था हो ।

नियामक निकायले नियम वा नयाँ व्यवस्था गर्दै जाँदा समस्या आउँछन् र यसलाई घटाउँदै जानुपर्छ । त्यस्तो समस्या आउँदा कहाँबाट आयो पहिचान गर्न सक्नुपर्छ । मूल्यांकनमा, मूल्यांकन विधिमा वा केमा समस्या आएको हो ? त्यसलाई समाधान पनि गर्दै जानुपर्छ । बुक बिल्डिङकै कुरा गर्दा १० वटा कम्पनी हुँदा कार्टेलिङ हो भन्ने लागेको हो भने त्यसलाई कसरी अझै पारदर्शी बनाउन सकिन्छ भन्नेबारे अध्ययन गरेर सुधार गर्नुपर्छ ।

### ■ १० कित्ता नीति परिमार्जन अत्यावश्यक

आईपीओमा १० कित्ता नीति लागू भएको लामो समय भयो । १० कित्ताको नीति सी-आस्वा लागू गरिएको समयमा ल्याइएको थियो । सी-आस्वाले इन्टरनेटको पहुँच भएको नेपालको जुनसुकै ठाउँबाट पनि सेयर भर्नसक्ने व्यवस्था गऱ्यो । त्यसअघि भौतिक रुपमा बैंक तथा वित्तीय संस्थाको संकलन केन्द्रमा गएर दिनभर लाइन लागेर सेयरका लागि आवेदन दिनुपर्ने अवस्था थियो । जब आईटीमा आधारित प्रणाली विकास भएसँगै १० कित्ता नीति लागू गरियो । काठमाडौंमा मात्र केन्द्रित सेयर कारोबारलाई देशव्यापी बनाउन सबैलाई सहज हुने गरी १० कित्ता नीति ल्याएको थियो । त्यतिखेर पनि यो नीतिलाई लामो समयसम्म लैजान हुँदैन भन्ने थियो ।

पुँजी बजार भनेको समाजवादजस्तो सबैलाई बराबर दिनुपर्छ भन्ने होइन । पुँजीबजार पुँजीवादको 'क्रक्स' हो र यो सारै क्रूर हुन्छ । साना लगानीकर्तालाई एकैपल्ट धनी बनाउन सक्छ र धनी लगानीकर्तालाई एकैपल्ट सडकमा ल्याउन सक्छ । हाल सम्भव भएसम्म सबै आवेदकलाई कम्तीमा १० कित्ता प्रदान गर्नुपर्छ भन्ने व्यवस्थाले गर्दा लगानीकर्ताहरूले सार्वजनिक निष्काशनका लागि तयार गरिएको विवरणपत्र अध्ययन नै नगरी निःसंकोच लगानी गर्ने अवस्था देखियो । यसलाई सामान्य हिसाबले हेरियो । लगानीकर्ताहरूमा अध्ययनको बानी बसेन । अझ धेरै जोखिम भएको दोस्रो बजारमा पनि अरुको कुरा सुनेर लगानी गर्ने प्रवृत्ति देखियो ।

प्रिमियम वा बुक बिल्डिङ विधिबाट धितोपत्रको निष्काशन गर्ने भनेपछि लगानीकर्ताहरूले विवरणपत्र अध्ययन गरेर मात्र लगानीसम्बन्धी निर्णय लिन्छन् । १० कित्ता नीतिले धितोपत्र खरिद गर्ने बानी त बस्याल्यो तर बिक्री गर्दा कहिलेकाहीँ नाफाको सट्टा घाटा हुने अवस्था छ । त्यसैले १० कित्ता नीतिलाई परिवर्तन गरेर ५० कित्ता न्यूनतम दिनुपर्ने व्यवस्था गर्दा लगानीकर्ता र कम्पनी सबैलाई राम्रो हुन्छ ।

धितोपत्र बोर्डले स्थापनाको तीन दशकभन्दा लामो समय पार गरिसकेको छ । तर, सेयरबजार भने अहिलेसम्म वामे सर्दै गरेको अवस्थामा छ । अझै पनि बजारमा लगानीका विभिन्न औजारहरू आउन सकेको छैन । वित्तीय साक्षरता बढ्न सकेको छैन । बजारमा देखिएका समस्याहरूलाई हल गर्ने, प्रभावकारी नियमन तथा सुपरिवेक्षण हुनसकेको छैन । यो ३० वर्षमा इक्विटी स्टकको कारोबार त धेरै भयो तर, बजार जोखिम लिन चाहने र नचाहने सबैको बजारको रुपमा विकास हुनुपर्नेमा वास्तविकतामा त्यस्तो हुनसकेको छैन । धेरै जोखिम लिन सक्ने वर्गलाई 'इक्विटी मार्केट', अवकाश जीवन बिताइरहेका नागरिकहरू तथा कम जोखिम लिनेहरूका लागि 'बोन्ड मार्केट'जस्ता उपकरण ल्याएर बजार विकास हुनुपर्छ । तर, नेपालको सेयरबजार यसरी विकास हुनसकेको छैन ।

पछिल्लो दशकमा धितोपत्र बोर्डबाट बजार सुधारका धेरै कामहरू भएका छन् तर जुन रुपमा लगानीकर्ताहरूको संख्या तथा तिनीहरूको आकांक्षा बढेर गएको छ त्यसको अगाडि सुधारका प्रयासहरू पर्याप्त होइन । कानुन निकै पुरानो भइसकेकाले त्यसमा सुधार आवश्यक छ । अहिले नेपालको राजनीति चुनावकेन्द्रित हुँदा धितोपत्र ऐन भने २०६३ कै छ । त्यसैले अन्तर्राष्ट्रिय अभ्यासअनुरूप धितोपत्र बोर्डको स्थापना, काम कारबाही सम्बन्धमा र पुँजीबजारको सञ्चालन सम्बन्धमा छुट्टाछुट्टै गरी दुईवटा ऐन बनाई बोर्डको काम कारबाही र बजार सञ्चालनको कार्यलाई थप व्यवस्थित र पारदर्शी बनाउन जरुरी छ । नियामक निकायलाई स्वायत्त संस्थाको रुपमा विकास गर्नुपर्छ । नेपालमा वित्तीय क्षेत्रका नियामक निकायहरूमध्ये राष्ट्र बैंकका काम कारबाहीहरू सबैभन्दा प्रभावकारी छ । किन कि उसलाई स्वायत्त संस्थाको रुपमा कार्य गर्न दिइएको छ । तर, अन्य नियामक निकायमा त्यो रुपको स्वायत्तता छैन ।

निचोडमा भन्दा हामीले पहिल्यै छोडिसकेका व्यवस्थातर्फ फर्किने होइन । लगानीकर्ताहरूको आकांक्षा तथा अन्तर्राष्ट्रिय अभ्यासअनुरूपको कानुनी सुधार गरी बजार विकासको गतिलाई द्रुत रुपमा अगाडि बढाउनुपर्ने आवश्यकता छ ।

*(गिरी नेपाल धितोपत्र बोर्डका पूर्वकार्यकारी निर्देशक हुन्)*



अर्जुनजंग थापा

# पूर्वाधार निर्माण : विकासमा प्राथमिकता संकट

नेपालको आर्थिक, सामाजिक र भौगोलिक संरचना यस्तो छ – जहाँ पूर्वाधार विकास सुविधाको कुरा मात्रै होइन, यो प्रत्यक्ष रूपमा जनजीवनको गुणस्तर, आर्थिक वृद्धिदर, राष्ट्रिय एकता र अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमतासँग जोडिएको छ ।

विडम्बना, दशकौँ बित्दा पनि पूर्वाधार विकासमा मुलुकले स्पष्ट प्राथमिकता, दीर्घकालीन दृष्टिकोण र प्रभावकारी कार्यान्वयन क्षमता सुनिश्चित गर्नसकेको छैन । आज पनि कैयौँ सडक, पुल, विमानस्थल, जलविद्युत् तथा सिँचाइ आयोजनादेखि पर्यटनसम्मका सयौँ परियोजनाहरू बीचमै अलपत्र छन् ।

औद्योगिक, व्यापारिक, पर्यटन, कृषि, जलविद्युत् र खानी क्षेत्रहरूलाई जोड्न कस्ता किसिमका यातायात पूर्वाधार आवश्यक पर्छन्, सोहीअनुसार प्राथमिकता दिएर राज्यले लगानी गर्ने हो भने राम्रो प्रतिफलसहित अर्थतन्त्रले गति लिन्छ । सन् २०१९ को कोभिडले थला पारेको अर्थतन्त्रलाई गति दिन बहुतै सुझबुझ तवरले लगानी गर्नुपर्नेमा यातायात पूर्वाधारतर्फ गरिएको लगानीबाट सरकारको प्राथमिकता अन्यत्रै मोडिएको आभास मिल्छ ।

राजमार्गहरूले यातायातको धमनीको काम गर्दछन्, जसमा ७०–८० प्रतिशत सवारीसाधनहरूले लामो दूरी तय गरेर यात्रीहरूलाई जिल्लाका सदरमुकाम वा व्यापारिक केन्द्र वा प्रमुख स्थलसम्म पुर्‍याउँछन् । त्यसपछि सहायक वा प्रादेशिक राजमार्गहरूले यातायातको नशाका



रुपमा यात्रीहरूलाई स्थानीय तहको केन्द्रसम्म पुऱ्याएर सेवा प्रदान गर्छन् । अनि स्थानीय सडकहरूले सानो नशा जस्तो कि आफ्ना टोल-छिमेक वा घर-गाउँसम्म यात्रीहरूलाई पुऱ्याएर सेवा दिन्छन् । कुनै पनि योजनाकारले सडक सञ्जालको विकास गर्दा राजमार्ग, सहायक राजमार्ग र स्थानीय सडकहरूलाई क्रमशः प्राथमिकता दिएर सडक यातायातको विकास गर्छन् । तर, नेपालमा राजमार्गहरूको कुल लम्बाइ १४९१३ किलोमिटरमध्ये करिब ३ प्रतिशतको ट्र्याक खोल्नै बाँकी छ । बाँकीमध्ये कच्ची अवस्थाका करिब ३५ प्रतिशत लम्बाइका सडकहरूमा ज्यानको बाजी थापेर १०-१५ किमि प्रतिघण्टा गतिमा यात्रा गरी आफ्नो गन्तव्यमा पुग्नुपर्ने बाध्यता छ । कालोपत्रे भएका भनिएका करिब ३० प्रतिशत सडकहरू समेत अतिजीर्ण भएर प्रतिघण्टा १०-२० किमि गतिमा यात्रा गर्न सकिने एक लेनका सडकहरू छन्, जसमा सडक सुरक्षा संरचनाको अभाव छ । यस यथार्थलाई सम्झेर संघीय सरकारले संविधानको मर्मअनुरूप आफ्नो जिम्मेवारी र अधिकार क्षेत्र तोकिएका राजमार्गहरूको निर्माण, स्तरोन्नति र व्यवस्थापनमा ध्यान दिनुपर्नेमा अन्यथा गरिरहेको आभास हुन्छ ।

नेपालको ७ सय ५३ स्थानीय तहका सदरमुकामहरूमध्ये करिब २ सय ३८ तहका सदरमुकामहरू सडक सञ्जालले जोडिएका छैनन् । हुम्लाको सदरमुकाम सिमकोट भर्खर मात्र सडक सञ्जालसँग जोडिएको छ । मुस्ताङ जिल्ला सदरमुकाम जोड्ने सडकको अझै सम्पूर्ण लम्बाइ कालोपत्रे भइसकेको छैन भने मनाङ, डोल्पा, हुम्ला र मुगु जिल्लाहरूको सदरमुकामहरू कालोपत्रे सडकले जोड्न एकमुष्ठ कार्यक्रम राखिएको देखिँदैन । यी चारवटै जिल्लाहरू पर्यटन सम्भावना भएका जिल्लाहरू पनि हुन् ।

जब कि अर्बौं रुपैयाँ खुद्रे र कम प्राथमिकताका योजनामा खर्च भइरहेको छ । पूर्वाधार विकासका योजनाहरूलाई प्राथमिकताका आधारमा बजेट नछुट्याउँदा यस्ता समस्याहरू देखिने गरेका छन् । सडक पूर्वाधार विकासको एउटा मेरुदण्ड हो । पछिल्लो समय नेपालमा सडक पूर्वाधारमध्ये ठूला राजमार्गभन्दा पनि टुक्रे र स्थानीयस्तरका सडकमा ठूलो बजेट जाने गरेको छ ।

राष्ट्रिय गौरवका आयोजना भनी प्राथमिकता दिइएका हुलाकी राजमार्ग, मध्यपहाडी राजमार्ग र उत्तर दक्षिण कालीगण्डकी, कोशी र कर्णाली करिडोर राजमार्गहरू, मदन भण्डारी राजमार्ग समेत पाँच राजमार्गहरूलाई चालू आर्थिक वर्ष (आव) २०८२/८३ को बजेटमा १४ अर्ब ९० करोड रुपैयाँ विनियोजन गरिएको छ । तर, सहायक राजमार्ग भनी नामकरण गरिएका वडास्तरीय सडकहरू र निर्वाचन क्षेत्र सडकहरू (जसलाई वडास्तरीय भनेर जानिन्छ)का लागि २१ अर्ब रुपैयाँ विनियोजन भएको छ । सरकारले ठूला राजमार्गहरूको निर्माण कार्यक्रमलाई ओझेलमा पारेर खुद्रे तथा वडास्तरीय सडकहरूलाई बढी प्राथमिकतामा दिएको छ भन्ने यसबाट पनि देखिन्छ । साथै सडक मर्मतका लागि नियमित गर्नुपर्ने विनियोजनमा समेत गत आवभन्दा केही कटौती गरिएको छ । यसले सवारीसाधन र प्राकृतिक तवर (बाढी-पहिरो)ले सडकहरूमा हुने क्षतिको पुनर्स्थापना र मर्मतसम्भारमा कठिन हुने गरेको तथ्य झल्काउँछ ।

हाम्रो वडास्तरीय सडकमा बढी जनता हिँड्छन् कि मुख्य ट्रंक रोडमा हिँड्छन् भनेर प्रश्न गऱ्यो भने स्वाभाविक रूपमा ट्रंक रोडमा र राजमार्गमा बढी जनता हिँड्छन् वा बढी जनताले सेवा पाउँछन् । राजमार्ग चुस्त दुरुस्त भयो भने मात्रै समग्र यातायात खर्च घट्ने हो किन कि यसले ढुवानीको खर्च र यातायातको समयसमेत घटाउँछ । योजना बनाई प्राथमिकताका आधारमा बजेट विनियोजन गर्ने हो भने यस्ता समस्या केही हदसम्म समाधान भएर जान्छ ।

राष्ट्रिय प्राथमिकतामा परेका आयोजनाको विनियोजन कटौती गरी संघीय सरकारको जिम्मेवारी नरहेका र कम प्राथमिकताका टुक्रे योजनाहरूमा लगानी हुनुको मूल कारण जनप्रतिनिधिहरूले आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिर आफ्नो जिम्मेवारी नदेख्नु पनि हो । मुख्य राजमार्गहरूलाई कन्तबिजोग बनाएर वडास्तरीय सडक निर्माणमा ध्यानकेन्द्रित गरिरह्यौँ र जथाभावी स्थानीयस्तरका नेताहरूको मागलाई पूरा गर्नेतिर लाग्यौँ भने मुलुक कहिल्यै उँभो लाग्न सक्दैन । अहिले कर्णाली राजमार्ग हेर्ने हो भने कोहलपुरदेखि सुर्खेतसम्म सडकको अवस्था ठीकै छ । तर, सुर्खेतबाट उत्तर लाग्यो भने अवस्था बिजोग छ । २ सय ३६ किमिको सुर्खेतदेखि जुम्ला राजमार्गमा यात्रा गर्न करिब १० घण्टा लाग्छ । यस्तो किसिमको राजमार्गको सेवा लिएर कहिले उँभो लाग्ने ?

> **चीन जोड्ने सबै सडक पूर्वाधारहरूको अवस्था झनै नाजुक छ । सरकारले त्यसतर्फ ध्यान दिनसकेको छैन । रसुवागढी सडक आव २०७१/७२ देखि एकदमै प्राथमिकता दिएर खोल्ने भनेर ठेक्कापट्टा गरिए पनि एक दशक नाघिसक्दा राम्ररी यातायात चल्न सक्ने अवस्थाको छैन ।**

बढी प्रतिफल दिनेखालका योजनाहरूलाई पहिलो प्राथमिकता र कम प्रतिफल दिने खालका योजनालाई क्रमिक रुपले विकास गर्दै लैजानुपर्छ । सडकसँगै, खानेपानी, हवाइ यातायातलगायत हरेक खालका पूर्वाधारहरूमा यही नीति लागू हुनुपर्छ ।

चीन जोड्ने सबै सडक पूर्वाधारहरूको अवस्था झनै नाजुक छ । सरकारले त्यसतर्फ ध्यान दिनसकेको छैन । रसुवागढी सडक आव २०७१/७२ देखि एकदमै प्राथमिकता दिएर खोल्ने भनेर ठेक्कापट्टा गरिए पनि एक दशक नाघिसक्दा राम्ररी यातायात चल्न सक्ने अवस्थाको छैन । अझ गत असार २४ को बाढीले क्षतिग्रस्त पुऱ्याएपछिको अवस्था कहाली लाग्दो छ । निर्माणसम्पन्न हुनलागेको सुख्खा बन्दरगाह पनि बाढीले बगाएको अवस्था छ ।

सरकारले अरनिको राजमार्गमा पर्ने लार्चाको भोटेकोशीमा एउटा पुल निर्माण गर्न नसकेर बसिरहेको छ । सरकारसँग राजमार्ग मर्मत गर्न पैसा नभएको होइन, पैसा यथेष्ट हुँदाहुँदै पनि खुद्रे योजनाहरूलाई प्राथमितकता दिई विनियोजन गरिएका कारण महत्वपूर्ण राजमार्गहरू अलपत्र परिरहेका छन् ।

आयोजनाहरूमा विनियोजित रकम खर्च गर्न सकिएको छैन किनभने त्यो पैसा खुद्रे सडकमा दिइयो । तर, ठूला राजमार्गमा पैसा छैन । वास्तवमा राजमार्गलाई पहिला चुस्त दुरुस्त बनाएर राम्ररी सञ्चालन हुन थालिसकेपछि स्थानीय सडकहरूमा क्रमिक रुपमा बजेट विनियोजन हुनुपर्नेमा अन्यथा भइरहेको छ । बजेट विनियोजन लोकल रोडहरूमा गरे पनि भयो नि ! सरकार कहाँनिर भुल्यो, कहाँनिर ओझेल पऱ्यो भन्ने विषय पनि सोचनीय छ ।

सरकारले आव २०८२/८३ को बजेट विनियोजन हेर्दा पनि विगतमा बाढीपहिरोले क्षति गरेका सडक तथा पुलपुलेसाहरूको पुनर्स्थापनाका लागि हामीसँग रकम अभाव देखिन्छ । गत वर्षको बाढीपहिरोले बीपी राजमार्गमा करिब १०/१२ अर्ब रुपैयाँबराबरको क्षति भएको भनिएको छ । तर, त्यसको पुनर्निर्माणका लागि सरकारले पर्याप्त बजेट विनियोजन गरेको छैन ।

सरकारले वर्षमा एकाध पनि उडान नहुने विमानस्थलमा लगानी गरिरहेको छ । कुनै आर्थिक र व्यावसायिक अध्ययनविना महेन्द्रनगरको मजगाउँमा विमानस्थल बनाउन लागेको छ । जसको ५० देखि १०० किमिको दूरीमा क्षेत्रीय हबको रुपमा रहेको धनगढी विमानस्थल र टीकापुर विमानस्थल छँदै छ ।

१० मिनेटको हवाइ दूरीमा रहेका समथर

भूमिमा विमानस्थल चाहिँदैन । त्यसकारण कम आवश्यकता भएका योजनाहरूमा बजेट विनियोजन गरिरह्यौँ र अत्यावश्यक योजनाहरूलाई पन्छाइरह्यौँ भने अर्थतन्त्रले गति लिन सक्दैन ।

### ■ ऐन कार्यान्वयनमा समस्या

नेपालमा पूर्वाधार विकासका अनेक समस्याहरूको जड सार्वजनिक खरिद ऐन, २०६३ रहेको कतिपयको बुझाइ छ । तर, वास्तविकता भने सार्वजनिक खरिद ऐन तथा नियमावलीको समस्या नभई कार्यान्वयन गर्ने निकाय र कार्यान्वयनकर्ताको भूमिका मुख्य समस्या हो ।

मानौँ, एक अर्ब रुपैयाँ लागतको कुनै योजना ३ वर्षमा निर्माणसम्पन्न गर्ने हो भने वार्षिक ३०/३० करोड रुपैयाँ हाराहारी बजेट विनियोजन हुनुपर्छ । तर, वार्षिक २/३ करोड रुपैयाँ मात्र विनियोजन गरेपछि कसरी पूर्वाधारहरू समयमा निर्माणसम्पन्न हुन्छन् ? यसरी आवश्यकताभन्दा अतिन्यून बजेट विनियोजन भएपछि योजनामा तरलताको अभाव हुन्छ, सम्पन्न निर्माणकार्यको भुक्तानी हुन सक्दैन र निर्माण व्यवसायीले आफ्नो बुताबाट तरलताको व्यवस्थापन गर्नै सक्दैनन् । त्यसैले निर्माण व्यवसायीले आफ्नो जिम्मेवारीको योजनामा कति बजेट विनियोजन भएको छ, रातो किताबबाट एकीन गरेर सोहीअनुसार काम गर्ने हुँदा कार्यप्रगति कम हुन्छ, योजना अलपत्र पर्छ ।

पछिल्लो दुई/तीन वर्षदेखि निर्माण कम्पनीहरूले भुक्तानी पाउन एक वर्षभन्दा बढी कुर्नुपर्ने अवस्था छ । एक वर्षअघि गरेको कामको बिल पेस गरेको वर्ष दिनपछि बल्ल भुक्तानी हुने परिस्थितिले निर्माण व्यवसायीले समयमै कसरी काम सम्पन्न गर्छन् । आफ्नो घर र खेत बेचेर, काम गरेर, भुक्तानी अड्काएर निर्माण व्यवसायी अलपत्र परेर बस्न चाहँदैनन् । यस्ता विभिन्न कारणले एउटै आयोजना बन्न १५/२० वर्ष लाग्ने समस्या ज्यूँका त्यूँ छ ।

केही निर्माण व्यवसायीहरूले बदमासी पनि गर्ने गरेका छन् । 'मोबिलाइजेसन पेस्की' लिएर अन्यत्र लगानी गर्ने र योजनालाई अलपत्र पारिएका कैयौँ उदाहरणहरू छन् । निर्माण व्यवसायीले मोबिलाइजेसन पेस्की लिएर महंगा गाडीहरू किन्नेदेखि घरजग्गा र अन्य व्यवसायमा लगानी गर्ने काम गर्दा पनि समस्या भएको देखिन्छ । यो परिस्थिति सानो संख्यामा मात्र देखिएकाले ठूलो समस्या भनेको ऐनको कार्यान्वयन र सरकारी कार्यशैली नै मुख्य समस्या हो भनेर ठोकुवा गर्न सकिन्छ ।

हालसम्म सार्वजनिक खरिद ऐनमा २ पटक र सार्वजनिक खरिद नियमावलीमा १४ पटक संशोधन भइसकेको छ । कतिपयले ऐनको पुनर्लेखन गर्नुपर्छ भनिरहेका छन् । वास्तवमा ऐन आफैँमा धेरै समस्या नभएर कार्यान्वयन पक्षमा देखिएको समस्या मुख्य हो । योजना कार्यान्वयन चरणमा अनेकौँ पटक म्याद थप गर्नुपर्ने, समय गुजारिने, पुनः म्याद थप गर्न नियमावली संशोधन गर्नेजस्ता कारणले काममा बाधा ल्याइरहेको छ । सरकारले आवश्यकताअनुसार बजेट विनियोजन गरिदिने, अन्य सरकारी निकायहरूसँग समन्वय गरी योजनासंग सम्बद्ध स्वीकृति र अनुमतिलगायतका विषयहरूबारे समयमै सम्बोधन गरिदिने हो भने खासै समस्या पर्ने देखिँदैन । विश्वमा प्रचलित सार्वजनिक खरिदका नयाँ प्रारूपहरू खरिद कानुनमा समेट्न संशोधन भने जरुरी छ ।

### ■ आयोजना निर्माणमा पूर्वतयारीको अभाव

सरकारले पूर्वाधार विकासको कार्य समयमै सम्पन्न गर्न आयोजनाहरूको पूर्वतयारीका कामहरू पनि समयमै सम्पन्न गर्नु आवश्यक छ । यस्तो पूर्वतयारीअन्तर्गत जग्गा अधिग्रहण, बिजुलीको लाइन सार्ने, रुख कटान, ढुंगा, गिट्टी, बालुवाको सहज उपलब्धता र आपूर्ति तथा अन्य सरोकारवाला निकायहरूबाट स्वीकृति लिनेजस्ता विषयहरू समयमै गरिदिने आदि पर्दछन् ।

यी सबै कामहरू सरकारको वा आयोजनाको प्राथमिक जिम्मेवारीभित्र पर्दछन् । तर, सरकारले आफ्नो जिम्मेवारी समयमै पूरा नगरेको अवस्थामा निर्माण व्यवसायीहरू पनि आफ्नो मूल कार्य छाडेर अन्यत्रै लगानी गर्न थाल्छन् । यस्तो परिस्थितिमा न सरकारी संयन्त्रले प्रभावकारी भूमिका खेल्न सक्छ, न त निजी क्षेत्रले नै पूर्ण रूपमा योगदान दिन सक्छ ।

सरकारी निकायहरूबीच एउटा निकायले अर्को निकायलाई नटेर्ने वा 'मपाईंत्व' प्रवृत्तिका कारण पनि पूर्वतयारीका कार्यहरू समयमै सकिँदैनन् । सम्बन्धित सबै सरकारी निकायहरूले आयोजनालाई सहयोग गर्नुको साटो सबैले आ-आफ्नै जिम्मेवारीहरू र नियमहरू देखाएर विकासका योजनाहरू वर्षौँसम्म अड्काउने गरेका छन् । एउटा राष्ट्रिय गौरवको आयोजनामा सबैले स्वामित्व ग्रहण गरी सहयोग गरिए देशले गरेको लगानीको प्रतिफल चाँडो आउने र सो प्रतिफलबाट सबैको हित हुने सोच बनाइनुपर्छ ।


# शुभकामना

**नेपाल आर्थिक पत्रकार संघ (नाफिज) को १६ औं वार्षिक साधारण सभा मंसिर २१ गते हुन गइरहेकोमा नाडा अटोमोबाइल्स एसोसिएशन अफ नेपाल खुसी व्यक्त गर्दछ । आर्थिक पत्रकारको क्षमता अभिवृद्धिसँगै आर्थिक पत्रकारिताको उन्नयन, समृद्ध राष्ट्र निर्माण र पारदर्शी सूचना प्रवाहमा नाफिजले पुऱ्याएको महत्वपूर्ण योगदानको उच्च सम्मान गर्दै आगामी यात्रामा अझ सशक्त योगदान मिलोस् भन्ने शुभेच्छा प्रकट गर्दछौँ । यस वार्षिक साधारण सभाको सफल, सार्थक र प्रभावकारी रूपमा सम्पन्न होस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौँ । यस महत्वपूर्ण अवसरमा नाफिज र नाडाबीच आपसी सहकार्य, विश्वास, पेशागत दक्षता तथा सुशासन प्रवर्द्धनमा थप टेवा पुग्ने विश्वास लिएका छौँ ।**

**करण कुमार चौधरी**
अध्यक्ष
**तथा समस्त नाडा परिवार**

यस्तो सोचको अभावले गर्दा राष्ट्रिय योजनाहरूमा सहकार्यको भावना हुँदैन ।

चाहे हवाइ क्षेत्र होस्, खानेपानी, सिँचाइ, वन वा प्रशासन कार्यालय - सबै निकायहरू आफ्ना सीमित अधिकारमा मात्र केन्द्रित रहन्छन् । यदि सबै निकायहरूले एकअर्कालाई सहयोग गरे भने यसबाट नेपाल सरकारले आफ्ना विकासका लक्ष्यहरू पूरा गरेर जनतामा लोकप्रियता हासिल गर्न सक्छ ।

### ■ वनले पूर्वाधारमा पुऱ्याएको प्रभाव

आयोजनाहरू निर्माण गर्दा वनका कारण पनि ठूलो समस्या हुने गरेको छ । आयोजनाहरू वन क्षेत्रमा पर्ने भएमा रुख कटानको समस्या झन् ठूलो छ । आयोजनाको निर्माण क्षेत्रमा पर्ने रुखहरू काट्न वर्षौंसम्म कुर्नुपर्ने अवस्था छ । उदाहरणका लागि २०६६ मा कैलालीको धनगढीदेखि सतीसम्मको हुलाकी राजमार्गको १४ किमि पर्ने बसन्ता वन क्षेत्रका रुखहरू काट्ने स्वीकृतिका लागि प्रयास गरिएको थियो, वन तथा वातावरण मन्त्रालयले सोमध्ये बसन्ता वन क्षेत्रका १२ किमिभित्रका रुखहरू काट्नलाई तुरुन्तै स्वीकृति दियो तर बाँकी २ किमिको रुख काट्ने अनुमति पाउन झण्डै १२ वर्ष लाग्यो र २०७८ मा मात्र स्वीकृति प्राप्त भयो । त्यति बेलासम्म भारतको अनुदान परियोजनाले कामलाई यथास्थितिमा छोडेर फर्किसकेको हुँदा नेपाल सरकार आफैँले बनाउनु पऱ्यो । त्यसकारण वनको नीतिले पूर्वाधार विकासका कामहरू बिजोग बनाएको छ । यस्तै परिस्थिति कालीगण्डकी कोरिडरको गैँडाकोट क्षेत्रका रुखहरू काटने सवालमा पनि देखियो । वन तथा वातावरण मन्त्रालयले ६ वर्षसम्म अनुमति नदिएका कारण भारतीय ऋण सहयोगमा निर्माण भइरहेको सडकको काम यथास्थितिमा रोकेर टुंग्याउनुपर्ने बाध्यता आइलाग्यो । तर, निजी क्षेत्रले मौलाकालिका केबलकारको लाइनमा परेका रुखहरू काट्न निवेदन दिएको ६ महिनामा नै सालका रुखहरू काट्ने अनुमति प्राप्त गरेको विडम्बनायुक्त अनुभव छ ।

अर्को उदाहरण, ठोरीबाट चितवन र नवलपरासी जोड्ने हुलाकी राजमार्ग खण्डलाई लिन सकिन्छ । यस सडक निर्माण गरेर विश्वसम्पदा सूचीमा रहेको चितवन राष्ट्रिय निकुञ्जलाई डिस्टर्ब नगर्नु भनेर सर्वोच्च अदालतबाट आदेश आयो । अहिले विश्वमा यस्ता सम्पदाहरू र संरक्षित क्षेत्रहरूबाट पूर्वाधार बनाउँदा सम्पदाहरूलाई कम हानि/नोक्सानी हुने गरी पुल वा सुरुङ निर्माण गर्न सकिने प्रविधि आइसकेको परिप्रेक्ष्यमा यस किसिमको आदेश अनपेक्षित हो । न्यायिक निकायलाई सही तरिकाले बुझाउन नसक्नु पनि आयोजना पक्षको कमजोरी हो । माडीदेखि ठोरी जोड्ने यो सडक करिब १४/१५ वर्षदेखि रोकिएको छ ।

नेपालमा अहिले निर्माण भएको ३३ सय मेगावाट जलविद्युत्मध्ये ५० प्रतिशतभन्दा बढी निजी क्षेत्रबाट निर्माण भएको छ । निजी क्षेत्रले हाइड्रोपावर बनाउँदा वन क्षेत्रमा बाँध निर्माण, पानी जमाउने कार्य गर्नुपर्ने हुन्छ । तर, वन क्षेत्र प्रयोग गर्न पाउनुको सट्टा सो बराबरको निजी जग्गा किनेर वन कार्यालयलाई बुझाउनुपर्ने कानुनी प्रावधान छ । जब कि ती संरचनाहरू २५ वर्षपछि सरकारको स्वामित्वमा जान्छन् । तर, तिनै संरचनाहरू निर्माण गर्न राज्यबाट सघाउनुपर्ने ठाउँमा उल्टो बाधा सिर्जना गरिएको छ । यस्तो अव्यावहारिक कानुनले विकास प्रक्रियामा अवरोध पुऱ्याइरहेको छ ।

> **निजी क्षेत्रको लगानीका लागि दाउन्नेमा सुरूङ र सिन्धुलीगढीको मुनि पनि सुरूङहरू उपयुक्त देखिन्छन् । किन कि यी दुई आयोजनाहरूमा पर्याप्त सवारीसाधन गुड्ने सम्भावना छ । सिन्धुलीगढीमा सुरूङ बनाउने हो भने ६ किमि लम्बाइको सुरूङले करिब ३० किमि दूरी घटाउँछ ।**

हाम्रो कानुन प्रणाली पनि अत्यन्त जटिल र दोहोरिएको छ । उदाहरणका लागि वातावरण संरक्षण ऐन २०७६, वन ऐन २०७६, बन्यजन्तु संरक्षण ऐन २०३१ लगायतका ऐनहरूले विकासमा अवरोध सिर्जना गर्छन् । नेपालमा विकास कसरी रोक्ने, कसरी समस्या दिने भन्ने मानसिकतामा आधारित कानुनी संरचना छन् ।

### ■ पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई कम प्रोत्साहन

पर्यटन पूर्वाधार, होटल पूर्वाधार र जलविद्युत्मा निजी क्षेत्रको भूमिका उल्लेखनीय छ । यसलाई अझ सहज बनाउनुपर्ने आवश्यकता छ । तर, सरकारको तरिका भने निजी क्षेत्रलाई कसरी कडाइ गर्ने र अप्ठ्यारो बनाउने भन्नेतर्फ केन्द्रित देखिन्छ ।

केबलकारको क्षेत्रमा निजी क्षेत्रको भूमिका राम्रो देखिएको छ । त्यसैले केबलकारमा द्रुत विकास भए पनि यातायात पूर्वाधारमा निजी क्षेत्रलाई ल्याउन अझै कठिन भइरहेको छ । सरकारी कमजोरीकै कारण यातायात क्षेत्रमा निजी क्षेत्र आउन सकिरहेको छैन ।

काठमाडौं(तराई द्रुतमार्ग एउटा आकर्षक आयोजना थियो, जसमा दैनिक १४-१५ हजारका संख्यामा सवारीसाधनहरू गुड्ने सम्भावना थियो । यो संख्या सडक यातायातमा निजी क्षेत्रलाई राजस्व उठ्न सक्ने लाभदायी मानिन्छ । सरकारले यो द्रुतमार्ग निर्माणका लागि लगानी गर्न इच्छुक लगानीकर्तालाई आह्वान त गऱ्यो तर प्रस्ताव बुझाउने म्याद रहेकै अवस्थामा नेपाल पूर्वाधार बिकास कम्पनीलाई झ्यालबाट छिराएर सडक विकासका लागि सम्झौता गऱ्यो । यसबाट द्रुतमार्गका लागि इच्छुक कम्पनीहरू सशंकित बने ।

२५ हजार बढी गाडीहरू गुड्ने सूर्यविनायक धुलिखेल सडक खण्ड अर्को निजी क्षेत्र आकर्षिक हुन सक्ने आयोजना थियो । यसमा सरकारले आफैं लगानी गरेको छ । बढी सवारीसाधन गुड्ने यस्ता सडकहरूमा निजी क्षेत्रलाई लगानी गर्न दिनुपर्छ र यस्ता सडकमा खर्च नगर्दा बचत हुने रकम अन्य विकास निर्माणका काममा लगाउन सकिन्छ । सरकारले निजी क्षेत्रलाई आकर्षित गर्न कानुनलाई अझ निजी क्षेत्रमैत्री बनाएर कार्यान्वयनमा ल्याउनुपर्छ ।

निजी क्षेत्रको लगानीका लागि दाउन्नेमा सुरुङ र सिन्धुलीगढीको मुनि पनि सुरुङहरू उपयुक्त देखिन्छन् । किन कि यी दुई आयोजनाहरूमा पर्याप्त सवारीसाधन गुड्ने सम्भावना छ । सिन्धुलीगढीमा सुरुङ बनाउने हो भने ६ किमि लम्बाइको सुरुङले करिब ३० किमि दूरी घटाउँछ । चालू बजेटमा यस्ता विषय समेटिए पनि कसरी कार्यान्वयन हुन्छन्, हेर्न बाँकी नै छ ।

### ■ कर्मचारी व्यवस्थापनको समस्या

हाम्रो मुलुकमा कर्मचारी तथा प्रशासनिक संरचनामा राज्यशक्ति वा राजनीतिको प्रभाव व्यापक छ । जसले गर्दा योग्य व्यक्ति कतिपय अवस्थामा सही स्थानमा पुग्दैनन् । नेपालमा कर्मचारीहरूको छनौट ट्रेड युनियनको आबद्धताका आधारमा हुन्छ । पार्टीगत ट्रेड युनियनहरूमार्फत संरक्षण लिने प्रवृत्ति बढेको छ । यस्तो प्रवृत्तिले दक्ष, योग्य र अनुभवी व्यक्तिलाई उपयुक्त जिम्मेवारी दिन नसक्ने अवस्था सिर्जना भइरहेको छ । कोही विद्युत् निर्माणमा विशेषज्ञ छन्, कोही डिजाइनमा सक्षम छन् । कोही सडक निर्माणमा पारंगत छन्, तर यिनलाई योग्य स्थानमा नियुक्त गर्ने प्रणाली विकास भएको छैन । मन्त्रालयमा नेतृत्व जुन पार्टीबाट भएको हुन्छ, सोही पार्टीसम्बद्ध ट्रेड युनियनहरू मातहतका निकायमा हावी हुने र मन्त्रीले पनि तिनैका कुरा सुन्ने प्रवृत्तिका कारण समस्या आइरहेको छ । विभागीय प्रमुखले दिएको सुझाव कमै लिने बरु बिचौलियालाई

बढी सुन्ने प्रवृत्ति हावी छ । राजनीतिक पहुँचकै कतिपय कर्मचारीहरूको सरुवा उपत्यकाभित्रै मात्र हुने गर्दछ र बाहिरी जिल्लामा जान पार्टीनिकट कुनै पनि कर्मचारी तयार हुँदैनन् । निरीह कर्मचारी मात्र दुर्गम जिल्लामा सरुवा हुन बाध्य छन् ।

■ **जग्गाप्राप्तिमा समस्या**

पूर्वाधार निर्माणको विषय आइरहँदा जग्गाप्राप्तिको विषय ठूलो समस्या तथा चुनौतीको रुपमा छ । नेपालको संविधानमा व्यक्तिगत सम्पत्ति संवैधानिक अधिकारको रूपमा राखिएको छ, जसले गर्दा निर्माणका लागि आवश्यक जग्गा अधिग्रहण गर्न धेरै समस्या हुने गरेको छ ।

जग्गाप्राप्तिको विषयमा भारतको अनुभव हेर्न सकिन्छ । भारतमा प्रारम्भमा निजी सम्पत्तिको अधिकारलाई संवैधानिक हकको रूपमा राखिएको थियो । पछि जब ठूला विकास योजनाहरूमा जग्गाप्राप्ति कठिन हुन थाल्यो तब सो हकलाई संवैधानिक हैसियतबाट हटाइयो ।

आयोजना विकासका चरणमा राजनीतिक हस्तक्षेपका कारण पनि नेपालमा जग्गाप्राप्ति ठूलो चुनौती बनेको हो । स्थानीय तहमा समेत जनप्रतिनिधिहरूको असहयोगले योजना अलपत्र पर्ने अवस्था आएको छ । कुनै एउटा सरकारले कुनै योजना सञ्चालन गरिरहेको छ भने विपक्षी दलले त्यसलाई असफल पार्ने योजना बनाउँछ । उदाहरणका लागि भारतीय सरकारको अनुदानमा भारतको फारबिसगञ्जदेखि विराटनगरको कटहरीसम्म रेल ल्याउने सरकारको योजनामा राजनीतिक हस्तक्षेपले गर्दा भारततर्फको सम्पूर्ण जग्गा अधिग्रहण, रेलमार्ग निर्माण, रेलस्टेसन स्थापना तथा सञ्चालन भइसक्दासमेत नेपालतर्फ करिब १३ किमि लम्बाइको रेलमार्ग निर्माणका लागि आवश्यक जग्गाप्राप्तिमा जनप्रतिनिधिले भाँजो हालिदिएका कारण १५५ रोपनी जग्गा अधिग्रहण कार्य ४ वर्षसम्म अड्कियो । अहिले बल्ल सो विवाद समाधान भएको बुझिएको छ र आशा गरौं, चाँडै यो आयोजना अघि बढ्नेछ । समग्रमा भन्दा मुलुकमा निर्माणमैत्री व्यवहार र कानुनको अभावका कारण योजनाहरू समयमा सम्पन्न हुन सकिरहेका छैनन् ।

■ **डिजाइन एन्ड बिल्ड**

पछिल्ले समय ठुल्ठूला पुलहरू 'डिजाइन एन्ड बिल्ड' खरिद विधिअनुसार काम हुनथालेका छन् । निर्माण व्यवसायी आफैंले विस्तृत सर्भे, भौगर्भिक अध्ययन, माटो परीक्षण, हाइड्रोलोजिकल अध्ययन गरेर स्थापित डिजाइन संहितामा आधारित डिजाइन गरी सोही कम्पनीले निर्माण कार्यान्वयन गर्न थालिएको छ । नेपालको सबैभन्दा लामो कर्णाली पुल पनि यही विधिबाट निर्माण गरिएको हो । सयौँको संख्यामा यही विधिद्वारा पुलहरू निर्माण भइरहेका छन् । मदन भण्डारी राजमार्गको हेटौँडादेखि धरान खण्डमा पर्ने करिब ९० वटा पुलहरू यही विधिबाट बनेका हुन् ।

यस विधिबाट ठेक्का गरिँदा निर्माण व्यवसायीले छरितो डिजाइन, अत्याधुनिक प्रविधि, लाभ मूल्यांकन गरी चाँडोभन्दा चाँडो निर्माण गरेर छिटो र बढीभन्दा बढी लाभ लिने प्रयास गर्दछन् । यसअन्तर्गत तोकिएको समयमा काम सम्पन्न नभएमा निर्माण व्यवसायीलाई जरिवाना पनि लगाउने गरिन्छ ।

■ **अन्त्यमा,**

समग्रमा सरकारले पूर्वाधार निर्माणलाई प्राथमिकीकरण दिनुपर्छ । प्राथमिकतामा परेका आयोजनाहरूलाई आवश्यक रकम विनियोजन र समन्वयमा पहिलो प्राथमिकता पाउनुपर्छ । भेरी बबई जल पथान्तरण आयोजना, सुनकोशी मरिन जल पथान्तरण आयोजना, सुनकोशी कमला जल पथान्तरण आयोजना, काठमाडौं-तराई द्रुतमार्ग, राष्ट्रिय गौरवका आयोजनाहरूलाई सरकारले प्राथमिकता दिनुपर्छ । यी आयोजनाहरू सञ्चालनमा उच्चस्तरीय समन्वय संयन्त्रको व्यवस्था गर्नुपर्छ । सरकारले र जनप्रतिनिधिहरूले खुद्रे आयोजनाको मोह छाडेर पहिला ठूला आयोजना कार्यान्वयनमा लाग्नुपर्छ । बढी लाभ र प्रतिफल दिने आयोजनाहरू सम्पन्न गरेपछि खुद्रे आयोजनातर्फ लाग्नु उपयुक्त हुन्छ । त्यसैले कुनै निश्चित आयोजनाहरूलाई प्राथमिकतामा राखेर चाँडो बनाउँदा लगानीले प्रतिफल पनि चाँडो पाउँछ र अयोजनाहरू पनि समयमै बन्छन् ।

*(थापा नेपाल सरकारका पूर्वसचिव हुन्)*





# नयाँ आयोजना थप्नेभन्दा सक्नेतर्फ लाग्नुपर्छ



प्रा.डा. शिवराज अधिकारी

नेपालमा १५औँ र १६औँ योजनाको प्रस्तुति फरक छ। १५औँ योजनाअघि राजनीतिक र राज्य संरचनाको हिसाबले ठूलो उपलब्धि भएको समय थियो । त्यसआधारमा राजनीतिक परिवर्तनको झल्को दिने गरी लक्ष्य राखियो । तर, दुर्भाग्य कोभिड-१९ महामारी र राजनीतिक अस्थिरताका कारण प्रभावित बन्न पुग्यो । सरकार बलियो भएकाले योजना कार्यान्वयन हुन्छ भन्ने अपेक्षा थियो। तर, अपेक्षाको प्रतिकूल परिस्थिति बनिदियो र १५औँ योजना आर्थिक वृद्धिको हिसाबले सोचेअनुरूप फलदायी भएन। तथापि, सामाजिक र अन्य क्षेत्रमा भने राम्रै प्रगति भएको छ।

१५औँ योजनामा १० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य पूरा भएन। वृद्धिका हिसाबले असफल देखिए पनि १५औँ योजनाले 'पोलिसीमा डिपार्चर' गरेको छ र त्यसलाई आत्मसात् गर्नुपर्छ। उपलब्धि केवल आर्थिक वृद्धिलाई मात्र हेरेर हुँदैन, अन्य सूचकहरूलाई पनि हेर्नुपर्छ।

## १६औँ योजनाको रोडम्याप

१६औँ योजनाको प्रारम्भ हुने समय मुलुक निकै जटिल अवस्थामा थियो। त्यसैले १६औँ योजनामा धेरै महत्वाकांक्षाभन्दा वास्तविक धरातलमा उभिने कोशिस भएको छ । त्यसैले १६औँ योजनामा औसत ७.३ प्रतिशतको आर्थिक वृद्धि गर्ने लक्ष्य छ । योजना बनाउँदा अलिकति महत्वाकांक्षी, सम्भावित (पर्स्पेक्टिभ) र प्रेरणा दिने (मोटिभेसन गर्ने) खालको कार्यक्रमहरू राख्नुपर्छ। त्यसैअनुरूप १५औँ योजनामा आर्थिक वृद्धिको लक्ष्य उच्च राखिएको थियो । तर, कोभिड महामारीको असर लामो समयसम्म देखिँदा समस्या भयो । नेपालमा कोभिड 'रिकभरी' छिटो भयो, तर असर लामो समय रह्यो । आर्थिक वृद्धि एक वर्षबाहेक ऋणात्मक रहेन । अर्थतन्त्र विस्तारै अगाडि त बढ्यो तर अन्य धेरै क्षेत्रमा भने असर परिराख्यो । जसले गर्दा नेपालको औसत आर्थिक वृद्धि ४ प्रतिशत हाराहारीमा रह्यो ।

गत वर्ष ४.६१ प्रतिशत आर्थिक वृद्धि रहेको प्रक्षेपण भएको छ। सबै क्षेत्रको आर्थिक सूचकहरू सकारात्मक नहुँदा आर्थिक वृद्धिमा सकारात्मक प्रभाव परेको थियो । तर, चालू वर्षको सुरुवातबाटै सबै क्षेत्रमा सूचकहरू सकारात्मक छन् । सबै क्षेत्रका सूचकहरू सकारात्मक हुनु नै आर्थिक सुधारको बलियो आधार हो। गत वर्ष अर्थतन्त्रमा निर्माण क्षेत्रको योगदान १३ प्रतिशतसम्म ऋणात्मक थियो । अर्थतन्त्र विस्तारमा निर्माण क्षेत्रले पनि ठूलो असर पार्छ । अहिले निर्माण क्षेत्रमा निकै सुधार देखिएको छ।

१६औँ योजनालाई १५औँ योजनाकै रूपमा हेर्नुहुँदैन । यसरी हेरियो भने अर्को गल्ती हुन्छ । नेपाल छिट्टै विकासोन्मुख मुलुकबाट विकासशील देशमा स्तरोन्नति हुँदै छ । आर्थिक वृद्धि ५ प्रतिशतभन्दा माथि हुने अवस्था छ। चालू वर्ष ६ प्रतिशतको लक्ष्य छ। तर, पनि हामी अर्थतन्त्र केही सुस्त छ भनिरहेका छौँ। सुस्त अर्थतन्त्र कस्तोलाई भन्ने ? कुनै सूचक सुस्त हुँदैमा त्यही शब्दलाई निरन्तरता दिन मिल्दैन ।

अर्थतन्त्र त गतिशील हुन्छ। एक पटक माथि

पुगेको वृद्धि अर्को वर्ष तल झर्न पनि सक्छ । आर्थिक वृद्धि समयअनुसार परिवर्तन हुन्छ भन्ने बुझ्नुपर्छ र त्यहीअनुरूप विश्लेषण गर्न सक्नुपर्छ । सदावहार राजनीतिजस्तै एउटै शब्द प्रयोग गरि नुहुँदैन । समृद्धि हासिल गर्न गफमा अल्झिने होइन, आर्थिक सूचकहरूलाई गम्भीरताका साथ हेर्ने गर्नुपर्छ । सूचकहरू तलमाथि भइरहन्छन् र त्यसबाट आत्तिनुपर्ने अवस्था पनि हुँदैन ।

### ■ कमजोरी र सुधारका प्रयास

नेपालमा योजना बनाउने र कार्यान्वयन गर्ने प्रक्रियामा कहीँ न कहीँ कमजोरी छ । विगतमा भएका कमी-कमजोरीहरूलाई मध्यनजर गरेर मध्यकालीन खर्च संरचना (एमटीईएफ)मा हामीले राम्रोसँग विश्लेषण गरेका छौँ । त्यसमा हाम्रो वस्तुस्थिति कस्तो छ ? भनेर सबै हेर्न सकिन्छ ।

हाम्रा योजना र ती योजनाहरूको कार्यान्वयनमा ठूलो अन्तर छ । यो असमान अन्तर हटाउनुपर्छ अनि मात्र अघि बढ्न सकिन्छ भनेर राष्ट्रिय योजना आयोग अहिले त्यही 'रिफर्म'को काममा लागिरहेको छ । कतिपय रिफर्मका आयोजनाहरूलाई 'फास्ट ट्र्याक'मा लगिरहेका छौँ । २५ देखि ३० वर्ष लाग्ने आयोजनाहरूलाई दुई वर्षमा सक्ने भनेर अनुगमनमा भइरहेको छ । अब अन्तर्विरोध सदावहार रहनेछैन, अधिक क्षेत्रमा तीव्र रिफर्म गर्ने काम भइरहेको छ ।

आयोगले तीन करोड रूपैयाँभन्दा माथिका आयोजना मात्रै हेरिरहेको छ । सुन्नमा त एक हजार रूपैयाँ पनि विनियोजन भयो भन्ने आइरहेका छन् । तर, कार्यान्वयनमा तीन करोडभन्दा कमका जाँदैनन् । विनियोजन ऐनको दफा १२ मा प्रोजेक्ट बैंकमा समावेश नभएका योजना कार्यान्वनमा जाँदैनन् भनेर स्पष्ट व्यवस्था गरिएको छ । यसले आयोजनालाई ठीक तवरमा प्रयोग गर्न सघाउ पुग्छ ।

### ■ एफडीआई आकर्षण नहुनुका कारणहरू

समृद्धिका लागि लगानी चाहिन्छ । तर, लगानी कति बेला कस्तो चाहिन्छ भन्ने विषयले फरक पार्छ । देशभित्रको स्रोत पर्याप्त छैनन् भने बाहिरबाट लगानी ल्याउने हो । अहिले देशभित्रकै स्रोत प्रयोग गर्न सकिएको छैन । बैंकिङ प्रणालीमा अधिक तरलता छ । तसर्थ यसपटक डोमेस्टिक डाइरेक्ट इन्भेस्टमेन्ट (डीडीआई) लगानीको पहिलो प्राथमिकतामा छ ।

स्वदेशी लगानीलाई वास्ता गर्न छाडेर बाहिर भौँतारिँदा खासै अर्थ हुँदैन । नेपालमै भएको लगानी संकलन गरेर प्रयोग गर्न सकिरहेको अवस्था छैन । यदि स्थानीय तहमा उपलब्ध निजी क्षेत्रको लगानीबाटै परियोजनाहरू अघि बढाउन सकिन्छ, विकास निर्माणका कार्यहरू गर्न सकिन्छ भने प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) कुर्नै पर्दैन । त्यसैले पछिल्लो समय हामीले लगानीको मोडालिटी बनाउँदा डीडीआईलाई बढी प्राथमिकता दिइएको छ ।

निजी क्षेत्रले व्यापारमा मात्र लगानी गरिरहेका छन् । उद्योगमा निजी क्षेत्रको लगानी रूपान्तरित हुनसकेको छैन । त्यही भएर उद्योग कम भएको हो । अहिले उद्योगमा स्वदेशी लगानी बढाउन के-कस्ता प्रोत्साहन आवश्यक छ भनेर काम गरिरहेको स्थिति हो । सँगसँगै स्वदेशी लगानीमा विदेशी लगानी पनि भित्र्याउने हो । लगानी बजारलाई अझ परिष्कृत र समुन्नत बनाउने हो ।

लगानीका स्रोतमा पहिलो निजी क्षेत्र नै हो । विकल्पमा विदेशी लगानी ल्याउने हो भने कतिपय आयोजनाहरू सरकारले पनि लगानी गर्नुपर्ने हुन्छ । सरकारले लगानीयोग्य वातावरण बनाउनुपर्छ । स्रोत कसरी जुटाउने भन्ने विषयमा अन्तर्क्रिया, छलफल र बहस गर्नुपर्छ । कानुन बनाउँदैमा तत्काल परिणाम आउने होइन । परिणाम देखिन लामो समय लाग्छ । बनिरहेका नीतिलाई कसरी छिटोछरितो र परिणाम देखिने गरी कार्यान्वयनमा लैजाने भन्ने विषयले अर्थ राख्छ । हिजोभन्दा आज लगानीमा केही आकर्षण बढेको महसुस भइरहेको छ र त्यसको परिणाम आर्थिक वृद्धिको तथ्यांकले पनि देखाएको छ ।

अरु धेरै विषयहरूलाई व्यवस्थापन गरेर अघि बढ्नुपर्ने आवश्यकता छ ।

यसअवधिमा 'ट्रेड अफ'लाई व्यवस्थापन गर्नुपर्छ भनेर पाठ सिकिएको छ र हिजोको सोचाइलाई परिवर्तन गरिएको छ । १६औँ योजनामा ट्रेड अफ र 'सिनर्जी'ले ठाउँ पाएका छन् । सिनर्जीले वृद्धिलाई सहयोग गर्छ भने ट्रेड अफले कहाँनिर घटाउने र हटाउने भनेर सहयोग गर्छ । पहिलेभन्दा काम गर्ने तौरतरिकालाई फरक बनाइएको छ । सामाजिक र आर्थिक व्यवहार रातारात परिवर्तन हुँदैन र त्यसका लागि समय लाग्छ । जस्तो, पहिले-पहिले संसद् विकास कोषको खुबै बहस हुन्थ्यो । तर, पछिल्लो समय यसले ठाउँ पाउन छोडेको छ । सुधार एउटा निरन्तर प्रक्रिया हो र यो कहिल्यै अन्त हुँदैन । नेपाल अन्ततः ५५ वर्षपछि एलडीसी ग्राजुएसन (स्तरोन्नति)मा जाँदै छ । सबै सूचकहरू पूरा भएका छन् । सम्पत्ति र जोखिममा सबै मापदण्डहरू पूरा भएका छन् । यो पनि अर्को 'लेसन लर्न' हो ।




विगतमा निजी क्षेत्रले गरेका गुनासाहरू क्रमशः कानुनले सहजीकरण गरिरहेको छ । अप्ठ्यारो परेका गाँठाहरू फुकाउँदै जाने निरन्तर प्रक्रिया पनि हो । कानुनले अप्ठ्यारो पारेका विषयहरूलाई सम्बोधन गर्दै लानुपर्छ । कानुनहरू निरन्तर सुधार हुँदै जाँदा लगानीकर्ता पनि प्रोत्साहित हुँदै जान्छन् र सोहीअनुरूप लगानी पनि बढाउँदै लग्छन् ।

हामीले पनि गल्तीबाट सिक्दै/सुधार गर्दै जाने हो । कतिपय नीतिहरूमा उच्च आर्थिक वृद्धिको लक्ष्य राखियो । हामीलाई उफ्रिने आर्थिक वृद्धि (डबल डिजिट ग्रोथ) चाहिन्छ भन्यौँ । डबल डिजिट ग्रोथमा अरु खालका असरहरू आउने रहेछन् । डबल डिजिट (दोहोरो अंक) को वृद्धिले व्यापारघाटा उच्च हुन्छ । ऋण धेरै बढ्छ । यसले वैदेशिक मुद्रा सञ्चितिमा ठूलो असर पुऱ्याउन सक्छ । तसर्थ आर्थिक वृद्धिसँगै

### ■ लगानीको विविधीकरण एवं श्रेणीकरण

हिजोका दिनमा आयोजना के हो र कार्यान्वयन कसरी गर्ने भन्ने विषयमै स्पष्टता थिएन । अहिले कम्तीमा यसको परिभाषा गरिएको छ । आयोजना हुनलाई प्रतिफल (रिटर्न) नै हुनुपर्छ र रिटर्न दिने आयोजनामै लगानी गर्नुपर्छ भनिरहेका छौँ । सरकारले कहाँ लगानी गर्ने र कहाँ नगर्ने भन्ने विषयलाई लिएर अघि बढेका छौँ । प्रतिफल नदिने आयोजनाहरू अघि बढाउँदा धेरै पटक सोचविचार गर्ने र सकेसम्म परम्परागत अवधारणाभन्दा बाहिर निस्केर यथार्थ धरातलमा आयोजना छनोट गर्नुपर्छ ठाउँमा पुऱ्याएका छौँ ।

राष्ट्रिय गौरवका आयोजनाहरू चाँडै सम्पन्न गर्नेतर्फ ध्यान केन्द्रित भएको छ । कतिपय राष्ट्रिय गौरवका आयोजनाको गौरव नै नभएको पाइएको छ । त्यस्ता आयोजनाहरूलाई पनि सुधार गर्न खोजिएको छ । लेसन एन्ड लर्न,

इन्भेस्टमेन्ट, इकोसिस्टम, मन्त्रालयगत समन्वयका काम तीव्रतासाथ अघि बढिरहेको छ ।

विगतमा आयोजना बनाउने प्रक्रियामै खाडल (ग्याप) थियो । आयोजनाहरू कार्यान्वयन गर्छौं भन्थ्यौं तर तयारी नै अघि बढेको हुँदैनथ्यो । आयोजना निर्माण र कार्यान्वयनको तयारी नपुग्दा समय र लागत धेरै लाग्ने गरेको थियो । जसले गर्दा आम्दानी पनि गुम्दै गएको थियो । आयोगले कार्यविधि परिवर्तन गरेको छ । आयोजना बैंक बनाएको छ । वित्तीय उत्तर दायित्व ऐनले नै सबै आयोजनाहरू आयोजना बैंकमा समावेश (इन्ट्री) गर्नुपर्ने व्यवस्था गरेको छ । आयोजना बैंकमा अब विगतजस्तो एकैपटक ११ हजार आयोजना थपिँदैनन् । किनभने जथाभावी आयोजना थप्ने प्रवृत्ति आयोगले सुधार गरिसकेको छ ।

### ■ कस्ता आयोजना तथा परियोजनाहरू खारेजीमा परे ?

कानुन अनुसारआयोजना बैंकमा भएका ४ हजार ४ सय ५६ आयोजनाहरू फालिएको छ र अहिले १ हजार १ सय आयोजनाहरू मात्र छन् । कतिपय 'इन्ट्री' हुँदै छन् । प्रतिफल नै नआउने रुग्ण र काम नलाग्ने आयोजनाहरू कटौती गरिएको छ । विगतमा आयोजना यसरी थपियो कि सबैको काम आयोजना थप्ने जस्तो भयो अर्थात् आयोजनामा मात्रै धेरैको ध्यान गयो । आयोजना सम्पन्न गर्नेतर्फ कुनै राजनीतिक दलको ध्यान गएन । कसैले पनि हामीले यति काम सम्पन्न गर्‍यौं भन्ने अवस्था रहेन । तर, बजेटमा यति आयोजना पर्‍यो, हामीले यति आयोजना पार्‍यौं भनेर लेखिरह्यौं । अब यस्तो गल्ती दोहोरिनेछैन भन्ने अपेक्षा गर्न सकिन्छ ।




सरकारले कति आयोजना कति समयमा सम्पन्न गर्ने भनेर नीति तथा कार्यक्रममा भनेको हुन्छ । त्यही हिसाबले आयोग अघि बढ्ने हो । फेरि एकैपटक ठूलो परिवर्तन हुन्छ, सबै व्यवस्थाहरू परिवर्तन हुन्छन् भन्ने पनि सोच्नु हुँदैन र त्यो सम्भव पनि छैन । सुरुवात गरेका आयोजनालाई खारेजीमा लैजान पनि मिल्दैन । अब आयोजना थप्ने होइन, सुरु गरिसकेका आयोजना तथा परियोजनाहरूलाई सम्पन्न गर्ने गरी अघि बढ्ने हो ।

### ■ एलडीसी ग्र्याजुएसनको तयारी

१६औं योजनामा एलडीसीमा कसरी जाने भनेर स्पष्ट पारिएको छ । १६औं योजना, एलडीसी स्तरोन्नति र दिगो विकासका लक्ष्यहरू सबैलाई एकै ठाउँमा राखेर कार्यान्वयन भइरहेको छ । यसले आम्दानीको मापदण्ड पुर्‍याउन सहयोग गर्‍यो । कार्यान्वयनमा तीव्रता दिएका कारण हामीले लिएका लक्ष्यहरू पूरा हुन्छन् भन्ने अपेक्षा गर्न सकिन्छ । हामीसँग भएको स्रोतलाई कसरी कार्यान्वयन गर्ने भन्नेतिर सबैको ध्यान जानुपर्छ । स्वदेशी लगानी परिचालनमा केन्द्रित हुनुपर्छ । कानुनमा भएका अप्ठ्याराहरूलाई हटाउँदै र परिमार्जन गर्दै जानुपर्छ र त्यो काम भइरहेको पनि छ । लगानीलाई व्यापारमा मात्रै होइन, उत्पादनमा लगाउनुपर्छ भन्नेसम्मको स्थितिमा अहिले पुगिएको छ । 'पहिला उत्पादन गरौं, अनि व्यापार गरौंला' गरौं भन्ने सोचले काम गर्नुपर्ने आवश्यकता छ । अर्थतन्त्र सधैं सुस्त छ भनेर हल्ला गर्नुभन्दा पनि यथार्थपरक सूचकहरू लिएर अघि बढ्नुपर्छ । तथ्यमा आधारित भएर अघि बढ्दा अवश्य पनि परिवर्तन ल्याउँछ ।

### ■ आयोगको भूमिका

हिजोभन्दा आज आयोग सुनिने भएको छ । आयोगलाई अहिले सुनिन्छ र बुझिन्छ पनि । हिजोका दिनमाभन्दा आज आयोग नीति निर्माणमा, नीतिगत छलफलम र सुधारमा निकै अग्रसर छ । आयोगको औचित्य छ कि छैन भन्नेहरूलाई पनि आयोगकै कामले यसको औचित्य पुष्टि गर्नेछ ।

आयोगले विकाससम्बन्धी छलफल चलाउँदै आएको छ । नेपालमा विकास के हो र कस्तो हुनुपर्छ भनेर छलफल गर्ने क्रम पछिल्ला दिनमा बढ्दै गएको छ र यसलाई बढाउनु पनि पर्छ । अझ परिवर्तित सन्दर्भमा आयोगको भूमिका झनै बढ्ने देखिन्छ । आयोगले 'इक्विटी बेस्ड' विकासका लागि समपूरक काम गर्‍यो । विकास नभएको र कम बजेट पाउने गरेका ठाउँहरूमा बढी बजेट विनियोजन गर्ने गरी अझ समानुपातिक बजेट बाँडफाँटका लागि सक्रिय हुनुपर्छ र योजनाअनुसार काम भयो कि भएन भनेर कार्यान्वयन चरणमा आयोगले विशेष भूमिका खेल्नु पर्छ ।

*(प्रा.डा. अधिकारी राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष हुन् ।)*



। करण कुमार चौधरी



# नेपालमा अटोमोबाइल क्षेत्र अर्थतन्त्रको बलियो स्तम्भ

रोजगारी सिर्जनादेखि मुलुकको आर्थिक गतिविधि चलयमान बनाउने कार्यमा अटो क्षेत्रले दशकौँदेखि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । मानिसको आधारभूत आवश्यकता बनिसकेको सवारीसाधन खरिदबिक्रीको बजार निरन्तर मुलुकलाई आर्थिक पाटोमा योगदान गर्ने मुख्यमध्येको एक बनिसकेको छ । अटोमोबाइल्स उद्योग देशको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने क्षेत्र बनिसकेको छ । नेपालको अटोमोबाइल्स उद्योग सवारीसाधन बिक्रीको कारोबार मात्र नभई सम्पूर्ण अर्थतन्त्रको एक बलियो स्तम्भ हो ।

रोजगारीको दृष्टिकोणबाट हेर्दा, अटो मोबाइल क्षेत्र नेपालमा एक प्रमुख रोजगारी सर्जक उद्योगको रूपमा स्थापित छ । हाल यो क्षेत्रले १ लाखभन्दा बढीलाई प्रत्यक्ष रोजगारी दिएको छ भने १० लाखभन्दा बढी मानिस अप्रत्यक्ष रोजगार छन् । आयातकर्ता, डिलर, सेल्स एजेन्ट, सर्भिस सेन्टर, मर्मत-सम्भार प्राविधिकदेखि ड्राइभर र सहायकसम्म छन् । अप्रत्यक्ष रूपमा यो क्षेत्र पेट्रोलियम व्यवसाय, बीमा कम्पनी, वित्तीय संस्था, स्पेयर पार्ट्स सप्लायर र ट्रान्सपोर्ट सेवा प्रदायकहरूसँग गाँसिएको छ ।

ग्रामीण भेगमा साना ग्यारेज र स्पेयर पार्ट्स पसलहरू स्थानीय रोजगारीको मुख्य आधार बनेका छन् । यसरी अटोमोबाइल उद्योगले देशको हरेक तह र तप्कामा आयआर्जनका अवसरहरू सृजना गरेको छ । हाल विश्वभर विद्युतीय सवारीसाधनको प्रयोग तीव्र गतिमा बढिरहेको सन्दर्भमा नेपाल पनि सो प्रवृत्तितर्फ उन्मुख हुँदै छ । सरकारले विद्युतीय इकोसिस्टम प्रवर्द्धनका लागि करछुट, चार्जिङ स्टेसन स्थापनाको अनुमति र आयातमा सहुलियतजस्ता कदमहरू चाल्दै आएको छ । यसले वातावरणमैत्री प्रविधि प्रोत्साहन मात्र होइन, नयाँ उद्योग र रोजगारीका सम्भावनाहरु पनि खोलिरहेको छ ।

त्यति मात्र मात्र होइन, कुनै पनि राष्ट्रको विकासमा मोबिलिटीको ठूलो भूमिका हुन्छ । सडक पूर्वाधार र सवारीसाधनको पहुँच यो मोबिलिटीको ठूलो अंश हो । सडक पूर्वाधार तीव्र विकास हुँदै रहेको अहिलेको अवस्थामा पनि करिब २० प्रतिशत नेपालीमा निजी सवारीको पहुँच पुगेको छ । अटो मोबाइल क्षेत्र विलासिता नभई यातायात, रोजगारी, औद्योगिक विकास र क्षेत्रीय समावेशीकरणमा योगदान दिने आधारभूत र अत्यावश्यक क्षेत्रको रुपमा स्थापित भइसकेको छ ।

तर, भदौ २३ र २४ गते भएका घटनाक्रमले अटो क्षेत्रमा प्रत्यक्ष रुपमा ठूलो प्रभाव परेको छ । कर्मचारी, ग्राहक र सम्पूर्ण संरचनाको सुरक्षाप्रति चिन्ता बढेको छ । देशको वर्तमान अवस्थाले उपभोक्ता विश्वासमा नकारात्मक असर पुऱ्याएको छ भने लगानी र रोजगारीमा पनि चुनौती थपिएको छ । यस्तो अवस्थामा व्यावसायिक समुदायको सुरक्षालाई सर्वोच्च प्राथमिकतामा राख्दै सरकार अगाडि बढ्नुपर्ने देखिन्छ । अटोमोबाइल उद्योगले नेपालको आर्थिक संरचना र सामाजिक गतिशीलतामा गहिरो प्रभाव पारेको छ । यो उद्योग केवल सवारीसाधनको उत्पादन, आयात र बिक्रीमा सीमित छैन; यसले देशको राजस्व, रोजगारी, लगानी र प्रविधिक विकासमा समेत महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । नेपालमा अटोमोबाइल उद्योग अझै प्रारम्भिक चरणमै रहेको भए पनि यसको प्रभाव व्यापक र गहिरो बनिरहेको छ ।

विशेषगरी सवारीसाधनको आयातनिर्यातमा हुने उतारचढावले सरकारको राजस्व संकलन, उपभोक्ताको खरिद क्षमता, वित्तीय बजार र उद्योगको उत्पादन सञ्जालमा प्रत्यक्ष असर पार्ने गरेको छ । अर्थतन्त्रका विभिन्न सूचकहरू अटो क्षेत्रसँग गाँसिएका छन् । जस्तै, गाडीको बिक्री घट्दा बीमा कारोबार, बैंक तथा वित्तीय संस्थामा सवारी कर्जाको माग, पेट्रोलियम पदार्थको खपत र मर्मत-स्पेयर पार्ट्स व्यापारमा समेत नकारात्मक प्रभाव पर्छ । त्यस्तै, बजार विस्तार हुँदा यी सबै क्षेत्रहरू चलायमान हुँदा आर्थिक गतिविधि पनि तीव्र रुपमा बढ्ने हुन्छ ।

अटोमोबाइल उद्योगले औद्योगीकरण, प्रविधि हस्तान्तरण र ऊर्जा रूपान्तरणको दृष्टिले पनि ठूलो सम्भावना बोकेको छ । त्यसैले, यो क्षेत्रलाई दीर्घकालीन नीतिगत प्राथमिकता दिई स्थायित्वपूर्ण कर नीति, पूर्वाधार विकास र लगानीमैत्री वातावरण सिर्जना गर्न जरुरी छ । यस्ता पहलले अटोमोबाइल उद्योगलाई मात्र होइन, सम्पूर्ण राष्ट्रिय अर्थतन्त्रलाई गतिशील र सुदृढ बनाउनेछन् । सरकारले अटोमोबाइल क्षेत्रको आर्थिक महत्वलाई गम्भीरतापूर्वक बुझी आवश्यक सहयोग र तत्काल नीतिगत हस्तक्षेप गर्नुपर्छ ।

नेपालमा अटोमोबाइल्स उद्योगले राजस्व संकलनमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ । सवारीसाधन आयात गर्दा भन्सार महशुल, कर तथा अन्य शुल्कहरूबाट सरकारले ठूलो आम्दानी प्राप्त गर्छ ।

त्यसैगरी, सवारीसाधन दर्ता, बीमा, सडक कर र पेट्रोलियम पदार्थमा लाग्ने करहरू पनि राज्यका लागि प्रमुख आम्दानीका स्रोत हुन् । प्रत्येक नयाँ सवारीको बिक्रीले संघ, प्रदेश र स्थानीय तिनै तहका सरकारहरूलाई राजस्ववृद्धिमा सहयोग पुऱ्याउँछ । उचित नीतिगत व्यवस्थापन र दिगो प्रविधिको प्रयोगसँगै यो उद्योगले भविष्यमा अझ ठूलो आर्थिक मूल्य सिर्जना गर्न सक्ने सम्भावना छ । तर, यस उद्योगसँग केही चुनौतीहरू पनि छन् । इन्धनमा निर्भरता, ट्राफिक जाम, प्रदूषण र आयातमुखी बजारले दीर्घकालीन दृष्टिकोणमा चुनौती सिर्जना गरेका छन् । त्यसैले भविष्यमा विद्युतीय सवारीसाधनको प्रवर्द्धन, करनीतिमा सुधार र वातावरणमैत्री नीतिहरू लागू गर्न आवश्यक देखिन्छ ।

### ■ जेनजी आन्दोलनपछि अटोमाबाइल उद्योगको अवस्था

कोरोनापछि थलिएको अटोमोबाइल बजार भर्खरै चलहपहल सुरु भएको थियो । अर्थतन्त्रका केही सूचकहरू सुधारोन्मुख देखिन थालेपछि उपभोक्ताहरूमा नयाँ आशा र उत्साह पैदा भएको थियो । केही वर्षयता आयात प्रतिबन्ध, विदेशी मुद्राको अभाव र आर्थिक मन्दीले अटो क्षेत्र निकै दबाबमा भएको बजार पुनः सुधार भएर अर्थतन्त्रले विस्तारै लय समात्न खोजिरहेको थियो ।

अटो उद्योगमा नयाँ मोडेलहरूको आगमनले बजारमा प्रतिस्पर्धा र आकर्षण दुवै बढाएको थियो । अन्तर्राष्ट्रिय ब्रान्डहरूले उपभोक्ताको माग र प्राथमिकतालाई ध्यानमा राख्दै नेपालमा आफ्ना नयाँ उत्पादन ल्याउन थालेका थिए । बैंक तथा वित्तीय संस्थाहरूले अटो लोन सहज र आकर्षक बनाएका कारण उपभोक्ताहरूले सवारीसाधन खरिद गर्न सहज महशुस गर्न थालेका थिए । चाडपर्वको सिजनमा अटो बजार स्थायित्वको दिशातर्फ फर्किंदै गरेको अवस्थामा एकाएक भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनले नेपालको अटोमोबाइल क्षेत्रलाई प्रभावित बनायो ।

आन्दोलनका क्रममा भएको तोडफोड र आगजनीले अटो व्यवसायीहरूलाई ठूलो नोक्सानी पुग्यो । सवारीसाधन खरिदबिक्रीको मुख्य सिजनमा आन्दोलन भएका कारण एकाएक व्यवसाय खस्कियो । अटो व्यवसायको मुख्य सिजन दशैं र तिहारअगाडिको घटनाले व्यवसायीको मनोबलमा गिरावट ल्यायो । दुई दिनको आन्दोलनले सवारीसाधन क्षति हुनुका साथै वितरणमा अवरोध, आवतजावतमा कठिनाइ र जनताको मनोविज्ञानमा परेको असरले बजार प्रभावित भयो । जसको असर दशैं र तिहार जस्ता मुख्य सिजनमै बिक्री घट्न पुग्यो । तर, यो दीर्घकालीन होइन ।

जेनजी आन्दोलनका क्रममा अटोमोबाइल्स क्षेत्रमा कति क्षति भयो भन्ने आँकडा आइसकेको छैन । तर, तोडफोड, आगजनी र हिंसात्मक गतिविधिहरूले देशभरका सवारीसाधन व्यवसायीहरूलाई ठूलो धक्का पुऱ्याएको छ । केही क्षतिको कभर बीमाले गर्ने भए पनि केही गैरबीमित क्षतिहरू व्यवसायीहरूले आफ्नै प्रयासबाट सामना गर्नुपर्ने अवस्था छ ।

नाडाले आफ्ना सदस्यहरूबाट क्षतिको विस्तृत विवरण संकलन गरी बीमा कम्पनी र सरकारसँग क्षतिपूर्ति प्रक्रिया अघि बढाउने पहल गरिरहेको छ । क्षतिग्रस्त भएका धेरै शोरुमहरू पुनर्निर्माण र मर्मतपछि पुनः सञ्चालनमा ल्याउने प्रयास भइरहेको छ, जसले गर्दा यस क्षेत्रको व्यावसायिक गतिविधि चाँडै सामान्य अवस्थामा फर्किने विश्वास गर्न सकिन्छ ।

जेनजी आन्दोलनको क्रममा गाडी र मोटरसाइकलका शोरुमहरूमा भएको आगजनी र तोडफोड कुनै एक व्यवसाय वा घरानालाई लक्षित गरेर भएको होइन । यो व्यापक जनआन्दोलनको आवेग, असन्तुष्टि र क्षणिक आक्रोशको परिणाम हो भन्ने लाग्छ । अटोमोबाइल क्षेत्र दृश्यात्मक रूपमा आकर्षक र प्रतीकात्मक रूपमा सम्पन्न वर्गसँग जोडिएको देखिने भएकाले गाडीका शोरुमहरु सजिलै निशानामा परेको अनुमान गर्न सकिन्छ । हाम्रो बुझाइमा यो कुनै व्यक्तिगत द्वेष वा व्यावसायिक दुश्मनीको कारण नभई भावनात्मक क्षणमा भएको अराजकता हो । अहिले सबैले आत्मसंयम र पुनर्निर्माणको बाटो रोजेका छन् । स्थिति विस्तारै सुधारिँदै छ र बजार पुनः स्थायित्वतर्फ फर्किने सम्भावना देखाइरहेको छ ।

### ■ नयाँ सरकारबाट सहयोगको आश्वासन

आन्दोलनका क्रममा भएको अटो क्षेत्रको क्षतिको बारेमा नयाँ सरकारसँग छलफल सुरु भइसकेको छ । हामीले उद्योग पुनर्निर्माणका विषयमा सरकारसँग संवाद गरिरहेका छौं । पछिल्लो समय विभिन्न घटनाक्रमबाट क्षतिग्रस्त भएका व्यवसायहरूका लागि बीमा दाबी भुक्तानीमा ढिलाइ हुनु चिन्ताको विषय बनेको छ । बीमा दाबी भुक्तानी प्रक्रियालाई छिटो र सरल बनाउने, क्षतिग्रस्त व्यवसायहरूलाई कर वा ब्याजमा राहत दिने र अटो उद्योगका दीर्घकालीन नीतिहरूमा स्पष्टता ल्याउने विषयमा हामीले सरकारसँग छलफल गरिरहेका छौं र सरकारी अधिकारीहरूबाट सकारात्मक प्रतिक्रिया पाएका छौं ।

सरकारी अधिकारीहरुले निजी क्षेत्रको समस्याप्रति गहिरो सहानुभूति प्रकट गरेका छन् र पुनर्निर्माण तथा आर्थिक पुनरुत्थानमा पूर्ण सहयोगको आश्वासन दिएका छन् । जसले अटो क्षेत्रप्रति सकारात्मक सन्देश दिएको छ । आगामी दिनमा सरकार र निजी क्षेत्र हातेमालो गर्दै अगाडि बढेमा त्यसको फाइदा व्यवसायीलाई मात्रै हुँदैन, त्यसको लाभ मुलुक र आम नागरिकले पनि प्राप्त गर्दछन् । यसर्थ, यस विषयलाई सबैले मनन गरेर अगाडि बढ्न आवश्यक छ ।

लाखौंको रोजगारी सिर्जना गर्ने र मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिने अटोमोबाइल क्षेत्रलाई कुनै पनि बहानामा अप्ठ्यारोमा पार्ने काम उचित हुँदैन । बरु यसबाट बढीभन्दा बढी नीतिगत सहजता अपनाएर राज्यले लाभ लिन सक्नुपर्दछ । यसले मुलुकको अर्थतन्त्र चलयमान बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

आगामी दिनमा हामी सरकारबाट अटोमोबाइल उद्योगका लागि स्थायित्व, स्पष्ट नीति र दीर्घकालीन दृष्टिकोण चाहन्छौं । अटो उद्योगले कर, रोजगारी र प्रविधिमा ठूलो योगदान दिएको छ, त्यसैले नीति निर्माणमा प्राथमिकता आवश्यक छ । व्यवसायीले चाहेको भनेको नीतिगत स्थायित्व, सहज वित्तीय पहुँच, दिगो ईभी नीति र निजी क्षेत्रसँगको निरन्तर सहकार्य हो । व्यवसायीहरू लगानी गर्दा भविष्यको सुनिश्चितता चाहन्छन् । हरेक नयाँ बजेट वा सरकार परिवर्तनसँगै कर, भन्सार महसुल र आयात नीतिमा हुने अकस्मात् परिवर्तनले लगानीकर्ताहरूमा अन्योल र असुरक्षा पैदा गर्छ । तसर्थ, उद्योगले पाँच वर्षका लागि एक स्पष्ट, स्थिर र पूर्वानुमान गर्न सकिने नीतिगत ढाँचाले दीर्घकालीन लगानीलाई प्रोत्साहन गर्नुका साथै ग्राहकको विश्वास बढाउन पनि मद्दत पुग्छ ।

अहिले बैंकिङ प्रणालीमा उच्च ब्याजदर र ऋण पहुँचको कठोरता (उच्च ब्याजदर र कठोर कर्जा नीति) का कारण धेरै अटो व्यवसायहरू संकटमा छन् । सरकारले बैंकहरूलाई उद्योगमैत्री नीति अपनाउन प्रेरित गर्नुपर्छ, जसले अटोमोबाइल क्षेत्रका उद्यमी र उपभोक्तालाई सहज ऋण सुविधा उपलब्ध गराओस् ! विशेष गरी निजी सवारी साधनका लागि अटो कर्जामा लगाइएका सीमाहरू तत्काल हटाउनुपर्छ । उद्योगले सहज र सहुलियतपूर्ण वित्तीय पहुँचको अपेक्षा गरेको छ, जसले नयाँ सवारी खरिदलाई प्रोत्साहित गर्न र बजारमा तरलता बढाउन सहयोग पुगोस् ! स्वस्थ वित्तीय वातावरणले मात्र यो उद्योगलाई सामान्य अवस्थामा फर्काउन सक्छ ।

अर्को भनेको अटो व्यवसायीहरुले दिगो ईभी नीति चाहेका छन् । अहिले सरकारले ईभीलाई प्रोत्साहन गरे पनि यसको नीति अस्थिर र परिवर्तनशील छ । ईभीको प्रयोग बढाउन ईभी नीति दीर्घकालीन र स्पष्ट हुन आवश्यक छ । सरकारले अटोमोबाइल उद्योगलाई विलासिताको वस्तुको रूपमा मात्र नहेरी यसलाई राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रूपमा लिनुपर्छ । स्थायित्व, स्पष्ट नीति, सहज वित्तीय पहुँच र सहकार्यको माध्यमबाट मात्र अटो उद्योगले आफ्नो पूर्ण क्षमतामा देशको आर्थिक समृद्धिमा योगदान दिन सक्छ ।

अटोमोबाइल उद्योग केवल व्यापार होइन । यो देशको आर्थिक पुनरुत्थान, रोजगारी सिर्जना र प्रविधि विकासको मेरुदण्ड हो । सरकारले यदि स्थायित्व, पारदर्शिता र साझेदारीमा आधारित नीति अपनायो भने यो क्षेत्रले देशलाई दिगो आर्थिक समृद्धितर्फ डोऱ्याउने क्षमता राख्छ । अटो उद्योग सरकारसँग सहकार्यका साथ देशको आर्थिक पुनरुत्थानमा साझेदार बन्न तयार छ ।

*(चौधरी नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा) का अध्यक्ष हुन्)*

# पोडवे सञ्चालनको सम्भावना, गति र मति



। कृष्णराज पन्थ

अहिले मुलुकको सार्वजनिक यातायात अस्तव्यस्त छ । यातायात क्षेत्रलाई मर्यादित र व्यवस्थित बनाउन धेरै विषयहरूमा सुधार गर्नुपर्ने आवश्यकता छ । सहरी क्षेत्रमा बढदै गएको जनसङ्ख्या वृद्धि दरले थपिने सवारीसाधनले सडकमा एकदमै भीडभाड हुने गरेको छ । अव्यवस्थित सार्वजनिक यातायातका कारण सडकमा देखिएको भद्रगोल अवस्थालाई व्यवस्थित गर्न नीतिगत र व्यावहारिक पक्षहरूमा सुधार आवश्यक छ ।

उपत्यकाको सार्वजनिक यातायात चढेर यात्रा गर्दा हुने जाम, चोकचोकमा लामो समयसम्म सवारी कुरेर बस्नुपर्ने बाध्यता, सार्वजनिक सवारीसाधनको सिट क्षमताभन्दा बढी यात्रु राख्ने अभ्यास, सवारीको वास्तविक क्षमताभन्दा बढी सिट बनाउने, यात्रु कोचाकोच (ठेलमठेल) भएर यात्रा गर्नुपर्ने बाध्यता, भाडादरमा विभिन्नता र सार्वजनिक यात्राका क्रममा हुने दुर्व्यवहारले यात्रुहरूमा विकास भइरहेको मनोवैज्ञानिक असरलाई समेत अध्ययन/विश्लेषण गरी समाधानको विकल्प खोज्नुपर्ने आवश्यकता छ ।

उपत्यकालगायत प्रमुख सहरी इलाकाहरू बढदो सहरीकरणअनुसार सडक विस्तार हुन नसक्नु, भएका सडकलाई चौडा तथा अत्याधुनिक बनाउन नसक्नु, सयौँ यात्रु एकैपटक यात्रा गर्ने क्षमताका ठूला बस तथा सवारीसाधन प्रयोगमा आउन नसक्नु मुख्य समस्या देखिएको छ । सवारीसाधनको ढोकाबाट छिरेपछि आरामसँग बस्ने स्थिति छैन । ओर्लिने गन्तव्यमा कति बेला पुगिन्छ भन्ने अनुमान गर्न गाह्रो छ । यस्ता कारणले यातायात व्यवसायी/मजदुर र यात्रुबीचको सम्बन्ध मैत्रीपूर्ण बन्नसकेको छैन ।

सामान्यतया नागरिकले एक स्थानदेखि अर्को स्थान (गन्तव्य) सम्म आवतजावत गर्न सार्वजनिक रुपमा प्रयोग गरिने यातायात प्रणालीलाई सार्वजनिक यातायात भनिन्छ । सार्वजनिक यातायातलाई व्यवस्थित बनाउने सन्दर्भमा जनप्रतिनिधिमूलक थलो संसद्मा समेत बेलाबेला बहस भएर सार्वजनिक यातायात सुधार्न पटक-पटक निर्देशनसमेत दिएको पाइन्छ । सार्वजनिक यातायात व्यवस्थापनको जिम्मेवारी संघ, प्रदेश र स्थानीय तीन तहका सरकारको भए पनि अहिलेसम्म सार्वजनिक यातायात सुधारको अनुभव यात्रुले गर्न पाएका छैनन् ।



**सार्वजनिक यातायातलाई व्यवस्थापन गर्न ठूला यात्रुवाहक साधन प्रयोगमा ल्याउनुपर्छ।सार्वजनिक यातायातलाई भरपर्दो, विश्वासिलो र व्यवस्थित बनाउन अन्तर्राष्ट्रिय तहमा देखिएका अभ्यासको अनुसरण गर्न आवश्यक छ ।**

देशको सार्वजनिक यातायात प्रणालीले समाजको अर्थतन्त्रलाई चलायमान बनाउन भूमिका निर्वाह गरेको हुन्छ । सार्वजनिक यातायातलाई व्यवस्थापन गर्न ठूला यात्रुवाहक साधन प्रयोगमा ल्याउनुपर्छ । सार्वजनिक यातायातलाई भरपर्दो, विश्वासिलो र व्यवस्थित बनाउन अन्तर्राष्ट्रिय तहमा देखिएका अभ्यासको अनुसरण गर्न आवश्यक छ । नीतिनिर्माता, उच्चपदस्थ अधिकारीहरूले सरकारी सवारीसाधन प्रयोग गर्ने र निजी क्षेत्रले पनि क्षमताअनुसार निजी सवारीसाधन प्रयोग गर्ने हुँदा सार्वजनिक यातायातको क्षेत्रमा आकर्षण वृद्धि गर्न र सार्वजनिक यातायत व्यवस्थापनसम्बन्धी उपयुक्त नीति बनाउन खासै चासो दिएको देखिँदैन । अर्थात् सिधा भाषामा भन्दा मुलुकका विशिष्ट व्यक्तिहरू, मन्त्री, नेता, सम्पन्न मानिएका धनीमानीमा निजी सवारी मोहका कारण सार्वजनिक यातायात व्यवस्थित हुन नसकेको निर्क्योल गर्न कठिन हुँदैन ।

सार्वजनिक यात्रुवाहक यातायात आचारसंहिता २०६७ मा तयार भएर कार्यान्वयनमा आए पनि प्रभावकारी प्रयोग देखिएको छैन । यातायात आचारसंहिता पालन गर्न/गराउन यातायात व्यवसायी, यातायात मजदुरहरू, ट्राफिक प्रहरी, यातायात व्यवस्था विभाग तथा मातहतका यातायात व्यवस्था कार्यालयहरू, नागरिक समाज र यात्रुहरू सबैको उत्तिकै भूमिका हुने भए पनि कुनै न कुनै पक्षले अवरोध गर्ने गरेको पाइन्छ ।

मुलुकमा सवारीसाधन प्रयोगका निम्ति यातायात विकासको क्रममा वि.सं. १९९६ मा त्रिभुवन राजपथ निर्माण भएको अभिलेख पाइन्छ । समयको विकासक्रमसँगै सडकको विस्तार हुँदै निजी तथा भाडाका सवारीको

प्रयोग सुरु भएको पाइन्छ। देशभित्रका भौगोलिक जटिलता साथै ठूलो लगानीका परियोजनाका रुपमा रहेका रेल्वे सेवा, पोड वे, केवलकारजस्ता शीघ्र र छरितो यातायात सेवा विस्तार हुन नसक्दा सार्वजनिक यातायातको समस्या झन्-झन् विकराल बन्दै गएको छ।

मुलुकमा दर्ता भएका तथा नभएका करिब २० लाख सवारीसाधन रहेको अनुमान छ। देशको सबै जिल्ला सडकसँग जोडिएको छ। सडक विभागको तथ्याङ्कअनुसार १५ हजार किलोमिटर सडक छ। त्यसमा आठ हजार कालोपत्रे, बाँकी ग्राभेल र कच्ची सडक छन्। स्थानीय तथा प्रदेश सरकारबाट ग्रामीणस्तरमा पनि सडक बनाउने काम भइरहेका छन्। प्रत्येक वर्ष सार्वजनिक सवारीसाधनको वृद्धिसँगै यात्रुको संख्या पनि बढ्दै गएको देखिन्छ। लामो तथा छोटो दूरीका सार्वजनिक सवारीसाधनबाट दैनिक करिब १० लाख बढी मानिसहरूले यात्रा गरेको अनुमान छ।

आचारसंहिता एक प्रकारको मार्गदर्शक सिद्धान्त हो। सार्वजनिक सवारीका धनी तथा सञ्चालक, कर्मचारी, यात्रुलगायतलाई समेटेर ल्याइएको संहिताले समाजलाई नैतिक तथा कानुनी अनुशासन पालना गराउन सहयोग पुऱ्याउँछ र आचारसंहिता पालनाले समाजलाई सभ्यता र शिष्टतातर्फ अभिप्रेरित गर्दछ भन्ने मान्यता राखिन्छ। आचारसंहिता उल्लंघन गर्नु कानुनी रुपमा दण्डनीय हुन्छ। नागरिकलाई उपलब्ध गराउने सेवा तथा सुविधाहरू तोकिएको हुन्छ। वृद्ध, महिला तथा शारीरिक अपाङ्गता भएका व्यक्तिलाई आरक्षणको व्यवस्था गरिएको छ।

विद्यमान यातायातको अस्तव्यस्ततालाई न्यूनीकरण गर्ने उद्देश्यले सरकारले २०८० मंसिर ७ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी पोडवे, स्काई रेल, स्काई ट्रलीबस, जलमार्गलगायत वैकल्पिक यातायातसम्बन्धी नीति कानुन, मापदण्ड कार्यान्वयन गर्ने उल्लेख गरेको छ।

पोडवे तार (केबल)मा आधारित केबलकारको अर्को स्वरूप हो। विकसित मुलुकमा यो प्रविधि प्रयोग गरी निर्माण गरिएको अत्याधुनिक संरचनाले सार्वजनिक यातायातलाई व्यवस्थित गरेको छ। पोडवेलाई रेलको पछिल्लो र अत्याधुनिक सेवाका रुपमा पनि लिइएको छ।

यातायातको क्षेत्रको अस्तव्यस्ततालाई कम गर्न चक्रपथभित्र सहजै रूपमा पोडवे सञ्चालन गर्न सकिन्छ। तर, विद्यमान नीतिनियम परिमार्जन गर्नुपर्ने आवश्यकता देखिन्छ। पोडवे सार्वजनिक यातायातमा कानुनी मान्यता पाए पनि नीतिको अभावमा काम हुनसकेको छैन। सरकारी तहमा पोडवे विकासका लागि आवश्यक छलफलहरू गरिएका छन्। पोडवे यातायात प्रणालीको विषयमा सम्भाव्यता अध्ययन गर्ने कार्यक्रम राखिएका छन्। त्यसैगरी एसियाली विकास बैंक (एडीबी)ले विष्णुमती करिडोरमा केबलकारको सम्भाव्यता अध्ययन गरेको छ। सार्वजनिक सवारी क्षेत्रको सुधारका लागि सडकको विकल्पमा तारमा आधारित यी प्रविधि प्रयोग गर्न सकिएमा ठूलो सुधार हुने अपेक्षा गरिएको छ।

केही विकसित देशमा यस किसिमको प्रविधिमा आधारित पोडवे सञ्चालनमा ल्याइएको छ भने केहीमा सञ्चालन गर्ने तयारी भइरहेका छन्। कर्णाली प्रदेशमा पोडवे सञ्चालन गर्ने घोषणा समेत गरिएको थियो। नेपालजस्ता विकासोन्मुख देशमा यस्ता प्रविधि सबैभन्दा उपयुक्त हुने विज्ञको सुझाव छ। स्वदेशी बिजुलीको खपत गरी सञ्चालन गर्न सकिने सहज प्रविधिका रूपमा पोडवेलाई लिइएको छ। छिटो पोडवेजस्ता प्रविधि कार्यान्वयनमा ल्याउन सकिएमा पेट्रोलियम पदार्थको आयातमा खर्च हुने ठूलो धनराशि बचत हुने र देशको अर्थतन्त्रलाई बलियो बनाउन सहयोग पुग्नेछ।

सरकारले जनकपुरदेखि सिन्धुलीसम्म रेल सञ्चालनका लागि पूर्वाधार निर्माणको तयारी गरेको छ। रेललगायतका प्रविधिभन्दा पोडवे निर्माण लागतदेखि सञ्चालन खर्च पनि कम पर्ने अनुमान छ। रेल सञ्चालनका लागि ठूलो जनशक्ति र पूर्वाधारको आवश्यकता पर्छ भने पोडवे स्वचालित हुन्छ। व्यक्तिगत सवारीसाधन न्यूनीकरण गरी सार्वजनिक सवारीसाधन व्यवस्थापनका लागि काठमाडौं उपत्यकामा मेट्रो रेल पनि समस्या समाधानको विकल्प हुनसक्छ। प्राविधिक र आर्थिक रूपमा कठिन मानिएकाले मेट्रो रेलका विषयमा चर्चा गरिएजस्तो गहन अध्ययन भएको छैन। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सहरी विकास मन्त्रालयले सडकको विकल्पमा आ-आफ्ना आयोजना प्रस्ताव गरेका छन्।

नेपालका लागि पोडवे यातायात प्रविधि महत्वपूर्ण सम्भावना बोकेको नौलो प्रविधि बन्न सक्दछ। स्वचालित प्रविधिमा आधारित पोडवेका लागि छुट्टै ट्र्याक निर्माण गर्नुपर्ने हुन्छ। सडकको माथि वा करिडोरमा पनि सञ्चालन गर्न सकिने यस प्रविधिमा आकाशमै चढ्ने र ओर्लिने व्यवस्था गरिएको हुन्छ। यसका लागि प्रत्येक दुई-तीन किलोमिटरमा स्टेसन निर्माण गर्न आवश्यक हुन्छ। यात्रु चढाउन र ओराल्न आकाशे पुलजस्तै प्लेटफर्म बनाउनुपर्ने हुन्छ। अस्तव्यस्त सार्वजनिक यातायातको विकल्प बन्नसक्ने सम्भावना देखिएको पोडवेको गति प्रतिघण्टा १५० किलोमिटर हुन्छ। सडकमाथि आकाशमा हिँड्ने भए पनि सञ्चालनका लागि संघीय सरकारले अनुमति दिनुपर्ने कानुनी व्यवस्था छ। विश्वका विभिन्न मुलुकले सुरु गरिसकेको भए पनि पोडवे नेपालमा सञ्चालन गर्न तत्काल कानुनी एवं संरचनागत र प्राविधिक जटिलता कायम छ।

सबै कानुनी प्रक्रिया पूरा भएपछि दुईदेखि तीन वर्षभित्रै काठमाडौं उपत्यकामा पोडवे सञ्चालनमा ल्याउन सकिन्छ। पोडवे यातायात क्षेत्रका लागि थप गुणस्तरीय र यात्रुको सुरक्षाका हिसाबले कम जोखिमपूर्ण हुन्छ। एउटा पोडको डिब्बामा एकपटकमा करिब ४० यात्रुले सहज यात्रा गर्न सक्छन्। यसको गति नियन्त्रण केन्द्रीय नियन्त्रण कक्षले गर्ने भएकाले वास्तविक समयमा नै यात्रु तोकिएको गन्तव्यमा पुग्न सक्छन्। सार्वजनिक सवारीसँगै मालसामान ढुवानीका लागि पनि राम्रो मानिन्छ। सामान ढुवानीका लागि प्रयोग गर्दा उपभोग्य वस्तुको लागत कम पर्ने हुँदा बजारभाउमा पनि कमी आउने सम्भावना रहन्छ।

बिजुलीबाट चल्ने भएकाले वातावरण संरक्षणमा योगदान पुग्छ। देशमै विकास गर्न सकिने प्रविधि भएकाले भाडादर न्यून हुने, समयको बचत हुनेजस्ता राम्रा पक्ष रहेकाले पोडवेलाई सार्वजनिक सवारी व्यवस्थापनमा नयाँ विकल्प मान्न थालिएको छ। पछिल्लो समयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पोडवे तयारीको गृहकार्य गरेको जनाएको छ। सरकार आफैँले पोडवे विकास गर्न नसक्ने भए गैरसरकारी तथा निजी क्षेत्रलाई सञ्चालन गर्न दिने वातावरण बनाइदिनुपर्छ।

पोडवे कम्पनीले करिब छ वर्षअगाडि सम्भाव्यता अध्ययन गर्दा सर्वसुलभ मूल्यमा सार्वजनिक यातायात सेवामा प्रयोग गर्न सकिने उल्लेख गरेको थियो। सरकारले अनुमति दिएर कानुनी जटिलता फुकाइदिएमा नमूना परियोजना अघि बढाउन सक्ने जनाएको थियो। पोडवे देशका विभिन्न छ/सात स्थानबाट सञ्चालन गर्न सकिने तथ्य बाहिर आएको छ। यातायात क्षेत्रमा विद्यमान अस्तव्यस्तता, असुविधा हटाएर देशमा पूर्वाधार विकासका क्षेत्रमा नयाँ आयाम थप्न तीन तहका सरकारबीच समन्वय र सहयोगको खाँचो छ।

लुम्बिनी विकास कोषले २०८० मङ्सिर २५ गते काठमाडौं पोडवेसँग विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) माग गर्ने निर्णय गरेको थियो। अधिकारसम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले करिब दुई वर्षअगाडि काठमाडौं उपत्यकाको नदी करिडोरमा ट्राफिक जाम कम गर्न माइक्रो रेल, पोडवे सञ्चालनका लागि सम्बन्धित पक्षसँग आवश्यक सहकार्य र समन्वय गर्ने निर्णय गरेको थियो। काठमाडौं उपत्यकाका १३ नगरपालिकाले पोडवेको आवश्यकता र महत्वबारे छलफल गरी सहरी विकास मन्त्रालयलाई आवश्यक नीतिगत व्यवस्थाको माग गर्दै पत्राचार गरेका थिए। नयाँ प्रविधिबाट यातायात व्यवस्थापन गर्दा नदी तथा त्यस आसपास क्षेत्रमा ट्राफिक जाम कम गर्न, प्रदूषणरहित बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

काठमाडौं उपत्याकाभित्रको सडक संरचनालाई व्यवस्थित बनाई सार्वजनिक यातायात सुदृढ गर्न सम्बन्धित पक्ष तथा सरोकारवाला संवेदनशील भएर पोडवे सेवा सञ्चालनका अग्रसर हुनुपर्छ। स्काई रेल, स्काई ट्रलीबस, जलमार्गलगायत यातायातमा जाने वैकल्पिक विषयले देशको गर्विलो इतिहास निर्माण गर्नेछ। मुलुकमा बढ्दो बाढी, पहिरो र प्राकृतिक विपत्तिहरूले पोडवेको सम्भावनालाई अझ बढी उजागर गरेको छ। पछिल्लो समयमा विकसित प्रविधिलाई क्रमिक रुपमा प्रयोग गरी नयाँ पुस्तालाई हस्तान्तरण गर्न अब विलम्ब गर्नुहुँदैन।

*(पन्थ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव हुन्)*

# थपिँदो नियमनकारी निकाय र जोखिम नलिने प्रवृत्ति

**बीचका केही वर्षहरूमा ब्याजदर उच्च हुन पुग्यो । जसका कारण साना तथा मझौला व्यवसाय, उत्पादनमूलक उद्योग, रिटेल व्यापार, सेयर बजार तथा घर-जग्गा कारोबार सबै प्रभावित भए ।**



| पवन गोल्यान

नेपालमा पछिल्ला केही वर्षयता नियमनकारी निकायहरू थपिने क्रम तीव्र छ। औपचारिक रूपमा सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणलाई उद्देश्य बनाइए पनि व्यवहारमा भने यसको प्रभाव उल्टो देखिन थालेको छ। निकायहरू बढ्दै जाँदा निर्णयप्रक्रिया जटिल, ढिलो र भययुक्त भएको, जसको प्रत्यक्ष असर नागरिक, व्यवसायी तथा समग्र आर्थिक गतिविधिमा परेको छ।

सरकारी निकायहरूमा 'जोखिम नलिने' प्रवृत्ति बढेको छ। 'तलब त आइरहेको छ, किन निर्णय गरेर जोखिम मोल्ने ?' भन्ने मानसिकता मौलाउँदै जाँदा सेवा प्रवाह कमजोर हुने, परियोजना ढिलो हुने र निजी क्षेत्रसँगको समन्वय बिग्रिने अवस्था छ।

बैंक तथा वित्तीय संस्थामा समेत निर्णय लिन अत्यधिक सतर्कता बढेको छ। वाणिज्य बैंक र नेपाल बैंकजस्ता संस्थामा साधारण निर्णय गर्न पनि अधिकारीहरूले '१० पटक सोच्नुपर्ने' अवस्था आएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दायरा निजी बैंकसम्म पुग्दा सीईओले समेत जोखिमयुक्त निर्णय लिन हिचकिचाउने, जसले वित्तीय गतिशीलता नै कमजोर हुने जोखिम अधिक हुनेछ।

विगतदेखि नै नियमनकारी निकाय थपिँदै आए पनि भ्रष्टाचार नियन्त्रणमा ठोस सुधार नआएको तथ्यांकले देखाउने गरेको छ। यदि निकाय बढाउँदैमा प्रभावकारी ढङ्गले सुशासन आउने हो भने सरकार आफैं सबैभन्दा पारदर्शी संस्थान भइसक्थ्यो। बरु, निर्णय नलिने र अनावश्यक फसावटको डरले इमानदार कर्मचारी र व्यवसायी नै फस्ने, जब कि ठूलो हिनामिना गर्नेका लागि उन्मुक्ति हुने विसंगति बढ्दो छ।

## ■ अर्थतन्त्रमा नीतिगत असन्तुलन

एकातर्फ खुला अर्थतन्त्रको पक्षमा बहस भइरहेका बेला अर्कोतर्फ नियमनकारी संरचना थपिँदै जानु नीतिगत विरोधाभास देखिन्छ। बजार मूल्य घट्दा तिनैअनुसार नीति समायोजन गर्नुपर्ने निजी क्षेत्रका कम्पनीहरूलाई 'किन सस्तोमा बेचेको ?' भनेर कारबाहीको भय देखाएर बाँध्ने प्रवृत्तिले व्यवसाय चल्न नसक्ने अवस्थासमेत सिर्जना गर्छ।

उदाहरणका लागि, विगतमा कुनै सामानको लागत मूल्य १०० रुपैयाँ हुँदा बजार मूल्य ८० रुपैयाँमा झरेपछि व्यवसाय टिकाउन व्यापारीले ९० रुपैयाँमा बेच्नुपर्ने बाध्यता हुन्छ। यस्तो अवस्थामा छानबिनको डरले मूल्य घटाउन नदिँदा व्यवसाय नै धराशायी हुने, वस्तु बिक्री नभई खेर जाने जोखिम बढ्ने सम्भावना रहन्छ।

## ■ जनसंख्यामा कमी र उपभोग घट्दा बजारमा प्रभाव

ठूलो जनसंख्या बाहिरिएका कारण हाल घरेलु बजार सुक्दै गएको हो। ३ करोड जनसंख्यामा आधा विदेशमा हुँदा स्वदेशी बजार पूर्ववत् रहन सक्दैन। अहिले ट्रेडिङ क्षेत्रको व्यापार कम हुँदा बजारमा हाउगुजी फैलिएको हो।

ट्रेडिङ क्षेत्रमा विगतमा एक अर्ब नाफा कमाउने व्यवसाय अहिले ५० करोडमा झरेको छ तर यसलाई '५० करोड घाटा भयो' भनेर प्रस्तुत गर्ने गरिएको छ। यसलाई ५० करोड नाफा भन्दैनन्। यसले पनि मुलुकको समग्र अर्थतन्त्रप्रति नकारात्मक धारणा निर्माण गर्न निजी क्षेत्रको योगदान छ।

कोभिड-१९ महामारी अघि नेपालको व्यापार व्यवसाय जेनतेन चलायमान अवस्थामा थियो। बीचका केही वर्षहरूमा ब्याजदर उच्च हुन पुग्यो। जसका कारण साना तथा मझौला व्यवसाय, उत्पादनमूलक उद्योग, रिटेल व्यापार, सेयर बजार तथा घर-जग्गा कारोबार सबै प्रभावित भए। ट्रेडिङ व्यवसायबाट अधिकतम लाभ हुँदा जोखिम लिएर रोजगारीमूलक र उत्पादनमूलक उद्योग खोल्ने क्रम कम भयो। ब्याजदर घटाउन नसक्दा उत्पादनमूलक उद्योग बन्द हुँदै गए, साना व्यवसाय धराशायी भए, रोजगारी हराए। यसको प्रभावस्वरुप ठूलो संख्यामा नागरिक विदेशिन बाध्य भए।

उपभोग गर्ने नागरिक मुलुकबाट बाहिरि एसँगै विस्तारै विदेशिँदा ट्रेडिङ क्षेत्रसमेत सुस्ताउन थाल्यो। ट्रेडिङको व्यापार घट्दा मात्र अर्थतन्त्र थप कमजोर भएको भाष्यले जोडबलका साथ प्राथमिकता पाउन थाल्यो। अहिले मुलुकको उपभोग गर्ने नागरिक पलायन भएको अवस्थामा ब्याजदर घटाइएको थियो। विगतमै ब्याजदर कम गर्न सकिएको भए यस्तो अवस्था आउने थिएन।

तत्कालीन समयमा ब्याजदर घटाउँदा आयात बढ्छ भनेर घटाउन दिइएन। ब्याजदर नघट्दा स्वदेशी उत्पादनको लागत बढ्दा आयात अझै बढ्न पुग्यो।

विगतका सरकारले केही नगरेकाले जेनजी प्रदर्शनपछि गठित सरकारबाट केही आशा राख्न सकिन्छ। यस सरकारले समस्याको मूल जड ग्रासरुट तहमा रोजगारी सिर्जना गर्नुपर्छ। कृषि, एग्रो-फरेस्ट्री, पर्यटन र सूचना-प्रविधि (आईटी) गरी चार क्षेत्रमा केन्द्रित नीति आए मात्र दुई-तीन वर्षमा ठोस परिवर्तन देख्न सकिन्छ। हैन भने मुलुकबाट थप नागरिक पलायन हुनेछन्।

परम्परागत धान-मकै-गहुँ खेतीले एक बिघामा वर्षभर १ लाख आम्दानी पनि हुँदैन। यस्तो आम्दानीबाट परिवार चलाउन सकिँदैन। त्यसैले पनि बाध्य भएर विदेश नजानुको विकल्प छैन।

धेरै नेपालीसँग एक बिघा जग्गा पनि छैन। औसतमा पूर्वमा १० कठ्ठा र पश्चिममा १५ देखि २० कठ्ठा जग्गा छ। यति जमिनले जीवन चल्दैन र बाध्य भएर बाहिर काम गर्न जानुपर्छ।

एक बिघाबाट कम्तीमा पनि किसानले ३ लाखको आम्दानी गर्न सक्ने हुनुपर्छ। साथै जग्गा

नभएका वास्तविक किसानलाई स्थानीय तहले भाडामा खेतीका लागि जग्गा दिने व्यवस्था गर्न सक्नुपर्छ । मासिक २५ देखि ५० हजार रुपैयाँ आम्दानी स्वदेशमा हुने हो भने घर परिवार छोडेर विदेशिनुपर्ने अवस्था आउने थिएन ।

त्यसका लागि चार खर्बको आयात प्रतिस्थापन नेपाल भित्रैबाट गर्नुपर्छ । यो धान, मकै, गहुँजस्ता खाद्यान्न फलाएर मात्र सम्भव हुँदैन । यसका लागि महँगा खाद्यवस्तुहरू पनि उत्पादन गर्नुपर्छ ।

तर सिमल तरुल, केरा, बास, अम्बाजस्ता वैकल्पिक बाली तथा कृषि-प्रशोधन जोडिनुपर्छ । जीविकोपार्जन हैन, कृषिलाई व्यवसायीकरण गर्नुपर्छ ।

कृषकलाई पलायन हुनबाट रोक्न गोल्यान समूहले ट्राइपड एग्रिमेन्ट मोडलमा काम गरिरहेको छ । यसमा स्थानीय तह, उद्योग, कृषक र लगानीकर्ताको सहकार्यमा काम हुन्छ । यसमा उत्पादनको बिक्रीको ग्यारेन्टी र उद्योगसँग ल्याउन प्रोत्साहन गरिन्छ ।

### ■ वन-उद्योग, जडीबुटी र फरेस्ट-टुरिज्ममा अपार सम्भावना

नेपालको ६५ प्रतिशत भूभाग वन क्षेत्र भए पनि यसको उपयोग अत्यन्त न्यून छ । खर्बौं रुपैयाँको काठ नेपालको जंगलमा बेवारिसे अवस्थामा कुहिएर खेर गइरहेको छ । फर्निचरका लागि विदेशबाट काठ आयात गरिरहेका छौं । स्वदेशी जंगलका ती काठ उपयोग गर्न सकिए स्वदेशी बजारको माग मात्र नभई अन्तर्राष्टिय बजारमा निर्यात पनि गर्न सकिन्छ ।

मरिच, जडीबुटी तथा उच्च मूल्यका वनउपज विश्वबजारमा माग बढ्दो छ । ती वस्तु नेपालको जंगलमा उत्पादन गर्न सकिन्छ । यी वस्तुको भारतमा पनि ठूलो माग छ । तर हामी आफूसँग उपलब्ध स्रोत र साधनको उपयोग गर्न चुकिरहेका छौं । सयौं करोडबराबरका वन-उत्पादन भारत निर्यात गरेर व्यापारघाटा कम गर्न सकिन्छ । यसबाट लाखौं रोजगारी सिर्जना हुनुका साथै राजस्व पनि बढ्छ ।

### ■ धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रचार-प्रसार कमजोर

पर्यटकीय गतिविधिका लागि नेपाल 'भर्जिन ल्यान्ड' हो । यहाँ एडभेन्चरदेखि धार्मिक पर्यटन गतिविधिका लागि प्रशस्त मात्रामा ठाउँ छ ।

पर्यटकीय क्षेत्रको पर्याप्त मात्रामा प्रचार हुनसकेको छैन । नेपालबाट वार्षिक लाखौं मानिस केदारनाथ दर्शन गर्न जान्छन् । तर केदारनाथको शिर डोलेश्वर महादेव नेपालमै छ भनेर धेरैलाई थाहा छैन । कठिन भूगोल पार गरेर ज्यानै जोखिममा राखेर केदारनाथको दर्शन गर्नुपर्छ । डोलेश्वर सुगम स्थानमा छ । काठमाडौं उपत्यकाको एक सहर भक्तपुरमा । भारतीय हिन्दू धर्मावलम्बीहरूलाई आकर्षित गर्ने अन्य धेरै मठमन्दिरहरू नेपालमा छन् । कास्की र लमजुङको सीमामा सन्तानेश्वर महादेव, गुह्वेश्वरीको अघि रहेको मन्दिरमा पुजा गर्दा सन्तान प्राप्त हुने जनविश्वास छ । यी विषयको प्रचार मात्र गर्ने हो ठूलो संख्यामा भारतीय धार्मिक पर्यटक भित्र्याउन सकिन्छ । अहिलेसम्म हामीले पशुपतिनाथ र सगरमाथा मात्र देखाएर प्रचार गरिरहेका छौं । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मुक्तिनाथको दर्शन गरेसँगै भारतीय पर्यटकको आगमन बढेको छ ।

पर्यटकलाई आकर्षित गर्न सक्ने ५० भन्दा बढी स्थान नेपालसँग छ । त्यसको प्रचार तथा प्रवर्द्धनमा सरकारले अग्रसरता देखाउनुपर्छ । थाइल्यान्डबाट हरेक वर्ष ५ लाखले नेपालको भिसा लिन्छन् । तर पाँच हजार पनि सिधै नेपाल आउँदैनन् । धेरै भारत हुँदै आउँछन् । भारतका ट्राभल एन्ड टुर एजेन्सीले बसमार्फत नेपाल भित्र्याएर मायादेवी मन्दिरको दर्शन गराएर फर्काउँछन् । उनीहरूलाई नेपाल प्रवेश गरेको जानकारी पनि दिँदैन । बौद्ध धर्मावलम्बीसमक्ष बुद्धको जन्मथलो नेपाल भनेर प्रचार गर्न नसक्दा परिणाम हो । यसले गर्दा यी पर्यटकबाट नेपालले आर्थिक लाभ लिन सकेको छैन । भारतीय कम्पनीमार्फत भारतीय सीमा नजकिको स्थानमा आउँदा नेपाली बजारमा उनीहरूको योगदान देखिन पाएको छैन ।

> **हिल्टन, ह्यातजस्ता ठूला होटलमा आगलागी हुँदा अन्तर्राष्ट्रिय छवि कमजोर भएको छ । यसमा कूटनीतिक स्तरबाट सुधारात्मक सन्देश प्रवाह गर्नु अपरिहार्य हुन्छ । साथै विदेशी मिडियाका प्रतिनिधिहरूलाई नेपाल भ्रमण गराए पनि प्रचार तथा प्रवर्द्धनका कार्य गर्न सकिन्छ ।**

नेपालमा ५० भन्दा धेरै धार्मिक-पर्यटकीय स्थल छन् । यी विश्वस्तरीय गन्तव्य बन्न सक्ने क्षमता राख्छन् ।

तर प्रचारको कमी, राजनैतिक नेतृत्वद्वारा विदेशी नियोगहरूसँग पर्याप्त समन्वय नहुनु नेपालका लागि विडम्बना हो । पछिल्लो समय जेनजी प्रदर्शनका क्रममा भएको गतिविधिले नेपाललाई 'असुरक्षित' भनेर चित्रण गरिएको छ । यसले पर्यटन क्षेत्रमा असर पुगेको छ ।

हिल्टन, ह्यातजस्ता ठूला होटलमा आगलागी हुँदा अन्तर्राष्ट्रिय छवि कमजोर भएको छ । यसमा कूटनीतिक स्तरबाट सुधारात्मक सन्देश प्रवाह गर्नु अपरिहार्य हुन्छ । साथै विदेशी मिडियाका प्रतिनिधिहरूलाई नेपाल भ्रमण गराए पनि प्रचार तथा प्रवर्द्धनका कार्य गर्न सकिन्छ । अन्य विधाभन्दा यो प्रभावकारी र किफायती हुन्छ ।

### ■ आईटी क्षेत्र : १० खर्बसम्म निर्यात गर्ने क्षमता

नेपालमा पछिल्लो समय सूचना प्रविधि (आईसीटी) ले पनि अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याएको छ । नेपालमा आईटीमा दक्ष युवाले बाहिरैबाट लाखौं कमाइरहेका छन् । तर करदर उच्च र अस्पष्ट नीतिका कारण वैधानिकता पाउन नसकेको अवस्था छ । कम्पनी खोल्नेहरू पनि त्रासको अवस्थामा छन् । नीति सहज बनाएमा एक-दुई वर्षमै १० खर्बबराबरको आईटी निर्यात सम्भव छ । नेपालको श्रम बजार अन्तर्राष्ट्रिय बजारभन्दा किफायती छ । यसले गर्दा पनि अन्तर्राष्ट्रिय कम्पनीहरू नेपालमा आउने क्रम बढ्दो छ । सरकारले यसमा थप सहजता प्रदान गर्ने हो भने आईटी क्षेत्र नेपालको अर्थतन्त्रको प्रमुख स्तम्भको रुपमा कायम हुन धेरै समय लाग्दैन ।

### ■ पहाडको कृषि घट्दै, गाउँ खाली हुँदै

सडक विस्तारसँगै पहाडमा सुगमता छाएको छ । यसले तराईका सस्तो लागतका खाद्यवस्तु गाडी हुँदै पहाड पुगेको छ । सस्ता सामग्री पहाडसम्म पुग्दा स्थानीय उत्पादन महँगो हुन पुग्यो । उत्पादन हुन छाड्यो । अन्य रोजगारीका अवसर सिर्जना नहुँदा युवाहरू विदेशिनुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ । गाउँका पक्की घरहरू ताला गाइएको अवस्था छ । युवा पलायन हुँदा डाँडाहरू 'बाँझो' बनेको छ ।

यदि एक रोपनी जग्गाबाट १ लाख कमाइ हुने मोडल कार्यान्वयन भए गाउँमा फर्किनेहरू बढ्ने, पहाडको उत्पादन पुनर्जीवित हुने र स्थानीय अर्थतन्त्र पुनः सक्रिय हुनेछ । यसका लागि इन्टरक्रपिङ खेती गर्न सिकाउनुपर्छ । जसले गर्दा किसानले निश्चित जमिनबाट अधिकतम प्रतिफल प्राप्त गर्न सक्छन् । परम्परागत खेती प्रणालीबाट आम्दानी बढाउन सकिँदैन । तसर्थ परम्परागत कृषि सोचमा परिवर्तन जरुरी छ ।

*(गोल्यान, गोल्यान ग्रूपका अध्यक्ष हुन् ।)*

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी

# नेपाल आयल निगम लि. को

# अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

## दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :





१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।

२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।

३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

## ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :





१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।

२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।

३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"*

उपभोक्ता जनहितका लागि जारी


## नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१





मनोहरकुमार भट्टराई

# दोसाँधमा दूरसञ्चार क्षेत्र

नेपालमा सूचना प्रविधि क्षेत्र प्रचुर सम्भावनाका बीच गहिरो दोसाँधमा छ । विश्वव्यापी रुपमै विकास भइरहेको र फड्को मार्न सक्ने क्षेत्र हो । वार्षिक अर्बौं राजस्व र हजारौं रोजगारी सिर्जनामा यही क्षेत्रको योगदान छ । समग्र अर्थतन्त्रमा सूचना प्रविधि क्षेत्रको योगदान मापन गर्ने विषय नेपालमा अझै केही 'ट्रिकी' रहेको देखिन्छ ।

भारतजस्ता देशमा 'नेशनल अकाउन्ट'मा नै यस क्षेत्रको योगदान तुरुन्तै थाहा हुन्छ । नेपालमा सूचना प्रविधि क्षेत्र भनेर केलाउने र त्यसको स्पष्ट तथ्यांक भेटिँदैन । राष्ट्रिय तथ्यांक कार्यालयकै आँकडाअनुसार सञ्चार र प्रविधि क्षेत्रको कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा २ प्रतिशत योगदान छ । नेपालमा सूचना प्रविधि क्षेत्रबाट दूरसञ्चारलाई छुट्याएर हेर्नुपर्छ । सूचना प्रविधिको क्षेत्र बढिरहँदा त्यससँग जोडिने दूरसञ्चार क्षेत्रचाहिँ अप्ठ्यारो अवस्थामा छ । दूरसञ्चारको विशेषगरी कर योगदान र कारोबारका आधारमा अहिले कुल गार्हस्थ्य उत्पादनमा 'साइजेबल' योगदान राम्रै देखिन्छ । सूचना प्रविधि क्षेत्रलाई उद्योग भने पनि नेपालमा अझै स्थापित हुनसकेको छैन । आईडीएसको रिपोर्टमा सूचना प्रविधि क्षेत्रको ठूलो पाटो अनौपचारिक अर्थतन्त्रको रूपमा देखिन्छ ।

सूचना प्रविधि क्षेत्र आर्थिक वृद्धि र समृद्धिको लागि प्राथमिक क्षेत्रको रुपमा स्थापित भइसकेको छ । विगत चार/पाँच वर्षयता बाहिर बस्ने नेपालीहरूले नेपालमा व्यवसाय सुरु गरेर मार्केट लिंकेज गराउँदा यसले फड्को मारेको देखिन्छ । पहिले स्थापित फर्महरू नै हुनुपर्ने बाध्यता थियो । तर अहिले सानोतिनो कामहरू पनि यहाँ बसेर गर्न सकिने अवस्था बनेको छ । यसकारण सूचना प्रविधि क्षेत्र सम्भावना भएको क्षेत्र हो । यसको अर्को महत्वपूर्ण पक्ष भनेको यो जनसांख्यिक लाभ पूरै लिनसक्ने क्षेत्र हो । नेपाल अझै २० वर्षका युवाहरू बढी हुन्छन् ।

विदेशी लगानीको सन्दर्भमा पनि सकारात्मक अवस्था देखिन्छ । उद्योग विभागको तीन महिनाको मात्र तथ्यांक हेर्दा बढी छ । आर्थिक वर्ष २०८२/०८३ को पहिलो चार महिनामा कुल वैदेशिक लगानी स्वीकृत भएका उद्योगमध्ये ५४ प्रतिशत सूचना प्रविधिकै छन् अर्थात् ३८२ स्वीकृत उद्योगमध्ये २०५ सूचना प्रविधिमूलक छन् । लगानी प्रतिबद्धताको हिसाबले रकम कम भए पनि अबको क्षेत्र सूचना प्रविधि नै हो भन्ने देखिन्छ ।

## ■ वित्तीय संकटमा दूरसञ्चार

सूचना प्रविधि क्षेत्रसँग जोडिएको महत्वपूर्ण पिलर मानिने दूरसञ्चार क्षेत्र अहिले गम्भीर समस्यामा छ । यो समस्या नेपालमा मात्र नभई विश्वव्यापी प्रचलन पनि हो, जहाँ ओभर-द-टप (ओटीपी) सेवाहरूले गर्दा परम्परागत टेलिकम कम्पनीहरूको राजस्व घटेको छ । नेपालमा पहिले धेरै कम्पनी भए पनि अहिले दुईवटा मात्र छन् । निजी क्षेत्र र सरकारी लगानीका २ कम्पनी समस्यामा छन् । टेलिकम अपरेटरहरूले अहिलेको राजस्व मोडलमा थप लगानी गर्न नसक्ने स्पष्ट देखिएको छ । टेलिकम सेक्टर अर्थात् दूरसञ्चारलाई बचाउने हो भने कि त महशुलको नयाँ मोडल ल्याउन दिनुपर्‍यो, नभए उनीहरूले बुझाउने कर घटाउनुपर्‍यो ।

यस क्षेत्रको समस्याको मुख्य जड पहिलेको नियमन र कर संरचनामा छ । पहिलेको नियमनले भ्वाइसमा आधारित मोडलमा काम गर्थ्यो तर अहिले सबै कुरा 'आईएसपी बेस्ड' र 'टेक्नोलोजी कन्भर्जेन्स'को जमाना आइसकेको छ । अहिले डेटा बेचिने युगमा पनि पुराना नियमहरू र कर संरचना कायम राख्दा टेलिकम अपरेटरहरूलाई कठिनाइ भएको छ । अहिले इन्टरनेट सेवा प्रदायक र टेलिकमको मुख्य काम डेटा बेच्ने हो । एउटाको फिक्स्ड अर्थात् तारबाट इन्टरनेट डेटा बिक्री गर्छ भने टेलिकम अपरेटरले वायरलेस डेटा बिक्री गर्छ । दुवैले दिने डेटाबाट प्रयोगकर्ताले इन्टरनेट चलाउँछ । तर टेलिकमले अर्ब रुपैयाँ कर तिर्नुपर्छ आईएसपीले पर्दैन । टेलिकम क्षेत्रको कर प्रणाली परम्परागत भयो । अब नयाँ मोडल खोज्नुपर्छ । सरकारले टेलिकम अपरेटरलाई खराब व्यापारीको रुपमा नभई सामयिक परिवर्तनअनुसार स्वीकार गर्नुपर्छ । टेलिकम अपरेटर पनि अब भ्वाइस होइन, डेटा वा एआई वा कुनै नयाँ क्षेत्रमा लगानी गर्ने मोडालिटीतर्फ लाग्नुपर्छ । टेलिकम अपरेटर हरूको समस्या यति गहिरो छ कि उनीहरूले करिब ६ अर्ब रुपैयाँ खाली बत्ती बालेर राखिराख्न मात्र खर्च गर्नुपर्ने अवस्था छ । जसमा नाफा छैन ।

## ■ फाइभजी विस्तार गर्न राजस्व मोडालिटी परिवर्तन

टेलिकम क्षेत्रको वित्तीय सङ्कटको सबैभन्दा ठूलो असर फाइभजी प्रविधिमा लगानी नहुनु हो । टेलिकम अपरेटरहरू स्पष्ट भन्छन् कि यही राजस्व मोडलमा उनीहरू फाइभजीमा जान सक्दैनन्, किन कि थप लगानी गर्नलाई आम्दानी छैन । कतिपयले नेपालमा फाइभजी ल्याएर के गर्ने, त्यसको उपयोग गर्ने ठाउँ नै छैन भनिरहेका छन् । तर विश्वका ठूला कम्पनी नेपालमा लगानी गर्नलाई आकर्षित गर्ने हो भने द्रुतगतिको प्रविधि देखाउनुपर्छ । अन्तर्राष्ट्रिय

क्षेत्रले नेपाललाई आईटी व्यवसायको गन्तव्य मान्नका लागि फाइभजी छ कि छैन भन्ने कुरा एक प्रमुख सूचक बनेको छ। नेपाल फाइभजीमा गएन भने हामीले अन्तर्राष्ट्रियस्तरमा दिन खोजेको 'ब्रान्डिङ'मा असर गर्छ।

फाइभजी नहुँदाको असर सिधै सूचना प्रविधि क्षेत्रमा पर्छ। शासकीय सुधारको एजेन्डा पनि प्रभावित हुन्छ। देशका हरेक कुनाकाप्चासम्म सूचना प्रविधिको पहुँच आईएसपीबाट मात्र हुँदैन। टेलिकमका द्रुतगतिमा चल्ने इन्टरनेट आवश्यक हुन्छ। टेलिकम क्षेत्रले दुर्गम क्षेत्रमा सहजै इन्टरनेट पुऱ्याउन सक्छन्। गाउँ-गाउँमा डिजिटल भुक्तानी, ई-गभर्नेन्सका प्रयोगहरू पुऱ्याउन टेलिकम अपरेटर हरूको भूमिका महत्वपूर्ण हुन्छ। यदि उनीहरूले सेवाको गुणस्तर र कभरेज नबढाए सूचना प्रविधिमार्फत गरिने शासकीय सुधारको एजेन्डा पनि पछाडि पर्छ। अहिले जेनजी आन्दोलन त्यही शासकीय सुधारको एजेन्डामा भएको थियो। सूचना प्रविधिको प्रयोगबाट आन्दोलन भई सत्तापलट भयो। उनीहरूका धेरै माग देशका सबै ठाउँबाट इ-गर्भनेन्सको माध्यमबाट सम्बोधन गर्न सकिन्छ।

फेरि प्रश्न उठ्छ- फाइभजीमा लगानी निजी क्षेत्रले गर्ने कि सरकार आफैँले लगानी गर्ने ? टेलिकम क्षेत्रमा लगानी गर्ने जिम्मेवारी सरकारको होइन। लगानीको वातावरण बनाइदिने जिम्मा सरकारको हो। आफूले सरकारी बजेटबाट लगानी गर्ने होइन, अहिलेको अनावश्यक करको भारीलाई नयाँ मोडलमा रुपान्तरित गर्नुपर्छ। टेलिकम क्षेत्रमा 'राष्ट्रिय सहमति' नै बनाएर अगाडि बढ्नुपर्ने देखिन्छ। किनकि यो 'खेला' होइन। सञ्चारमन्त्रीहरूले नै अहिलेको टेलिकम कम्पनी बाहिरिए फाइभजी लगानी गर्न अर्को कम्पनी आउँछ भन्ने गर्छन्। व्यापार नभएर टेलिकमका लगानीकर्ता बाहिरिरहेको समयमा नयाँ कम्पनी आउने त देखिँदैन। नयाँ कम्पनी आएर अर्बौं लगानी गरी फाइभजी पूर्वाधार तयार गर्न त्यति सहज छैन। सरकारले नीतिगत निर्णय गरेरै समस्याको समाधान गर्न सक्छ।

## वैदेशिक लगानीको लागि मानसिकतामा परिवर्तन

विदेशी लगानी ल्याउन वा ठूला कम्पनीहरूलाई फस्टाउन दिनका लागि नेपाल सरकारका अधिकारीहरू मन्त्री, सचिव, नियामक निकायको 'निजी क्षेत्र चोर हो' भन्ने मानसिकता परिवर्तन हुन जरुरी छ। सरकारले सधैँ निजी क्षेत्रलाई शंकाको दृष्टिकोणले हेर्ने गर्छ। यदि कुनै कम्पनीले 'बिजनेस डाउन' भइरहेको बेला देश छोड्छ भने अर्को नयाँ लगानीकर्ता आउँछ भन्नु 'मुर्खता' हो। भएको कम्पनी जाने अवस्थामा नयाँ लगानीकर्ता आउँदैन।

नेपालले बाह्य लगानीलाई आकर्षित गर्नका लागि दिनुपर्ने मेसेजिङ महत्वपूर्ण हुन्छ। जेनजी आन्दोलनको बेला एनसेलमा भएको आक्रमण र यस्ता बिजनेसहरूमा गरिने आक्रमणहरू एकदमै क्षति पुऱ्याउने कार्य हुन्। यसले दीर्घकालीन लगानीको सम्भावनालाई असर गर्छ। लगानी आकर्षित गर्न राजनीतिक प्रतिबद्धता र विधिको शासन हुनैपर्छ। कुनै पनि नियम कसैका लागि 'फेभर' गर्ने वा कसैका लागि नगर्नेखालको हुनुहुँदैन।

सरकारले पैसा खर्च गर्नुभन्दा पनि नीतिगत निर्णयमार्फत लगानीको वातावरण सिर्जना गर्न सक्छ। मलेसियाले गरेको 'मल्टिमिडिया करिडोर' यसको उत्तम उदाहरण हो। मलेसियाले एक/डेढ लाख रोपनी जग्गा छुट्याएर त्यहाँ आएर व्यवसाय गर्नेहरूलाई लामो अवधिका लागि सम्पत्ति कर, आयकर र रोजगारी कर नलिने प्रतिबद्धता जनायो। सरकारले आफ्नो 'वालेट' खोलेको थिएन। तर 'स्ट्रोक अफ पेन' अर्थात् नीतिगत निर्णयमार्फत–लगानीको 'ग्यारेन्टी' दियो र यो नीति सरकार परिवर्तन भए पनि जारी रहने प्रतिबद्धता जनायो। यसले लगानीकर्ताहरूलाई विश्वास दिलायो र उनीहरूले आफ्नै पैसा खर्चेर ठूला अफिस भवन र पूर्वाधार बनाउन थाले। उनीहरू अहिले सूचना प्रविधि क्षेत्रमा राम्रो प्रगति गरिरहेका छन्।

## रोजगारी र दक्ष जनशक्तिको चुनौती

सूचना प्रविधि कम्पनीले रोजगारीको क्षेत्रमा पनि प्रगति भएको देखिन्छ। नयाँ कम्पनीहरू आइरहेका छन्। स्थापित कम्पनीहरूले पनि आफ्नो 'स्ट्रेन्थ' बढाइरहेको पाइएको छ। आईटी स्टार्टअपहरूको इभेन्टहरू भइरहेको सन्दर्भले पनि स्टार्टअपहरू आइरहेको पुष्टि गर्छ। तर, यस क्षेत्रमा एउटा महत्वपूर्ण चुनौती दक्ष जनशक्तिलाई टिकाउनु हो। अहिले नै प्रचुर मात्रामा दक्ष जनशक्ति उपलब्ध नभए पनि केही हदसम्म उपलब्ध जनशक्तिले यस क्षेत्रलाई उत्साहित बनाएको छ। तर, अलिकति सीप भएको वा पढ्नेबित्तिकै मानिसहरू विदेश गइरहेका छन्। आईटी उद्योगको 'कच्चा पदार्थ' भनेको मान्छे (ह्युमन रिसोर्स) र सीप हो। यो जनशक्ति वा संसाधनलाई कसरी आर्थिक रूपले व्यवस्थापन गरिन्छ, त्यसैमा यस उद्योगको भविष्य निर्भर गर्छ। श्रम कानुनमा सुधार दक्ष जनशक्ति विदेशिने समस्या समाधान गर्न करार कानुन बलियो बनाउनुपर्छ। यदि कुनै कर्मचारीले छोटो समयमै कम्पनी छोड्छ भने त्यसका लागि क्षतिपूर्ति वा स्पष्ट नियमहरू बनाउनुपर्छ। फर्महरूलाई उनीहरूको कर्मचारी कति समय बस्छन् भन्ने बारेमा 'प्रेडिक्टेबिलिटी' दिन सक्नुपर्छ।

अर्को समस्या, विदेशी विनिमय नियन्त्रण सफ्टवेयर कम्पनीहरूलाई आवश्यक पर्ने सेक्युरिटी प्याच वा अपडेटहरू किन्नका लागि आवश्यक विदेशी मुद्रा (डलर) पाउन महाभारत हुन्छ। बिजनेस निरन्तरताका लागि आवश्यक विदेशी विनिमय नियमनमा सुधार ल्याउनुपर्छ। आईटी क्षेत्रलाई औपचारिक अर्थतन्त्रमा ल्याउन विदेशी विनिमय सम्बन्धी कानुनमा सुधार गर्नैपर्छ।

## तत्काल सुधारका कदम आवश्यक

सरकारले कम्तीमा १० वर्षका लागि सूचना प्रविधि क्षेत्रलाई प्राथमिक क्षेत्रको रूपमा घोषणा गरेर लगानी र नीतिगत प्रोत्साहनका उपायहरू अवलम्बन गर्नुपर्छ। कर र महशुलमा सुधार गरी टेलिकम उपकरणको आयातमा लाग्ने शुल्कहरूलाई तत्काल नीतिगत निर्णय (स्ट्रोक अफ पेन)मार्फत घटाइदिने। यसले टेलिकम कम्पनीहरूलाई ठूलो लगानी गर्न प्रोत्साहित गर्छ। सरकार र व्यावसायिक क्षेत्रबीच मुद्दा केन्द्रित र अर्थपूर्ण संवाद हुनु जरुरी छ। अहिले जुन किसिमको खुला संवाद हुनुपर्ने थियो। त्यो भएको पाइँदैन।

आईटीतर्फ, सरकारले यहाँको घरेलु आईटी उद्योगलाई प्रोत्साहन दिन मिल्ने खालको नीतिगत कुराहरू ल्याउनु आवश्यक छ। साथै उनीहरूको आपूर्ति दक्षता पनि बढाउनुपर्छ। नेपालको सूचना प्रविधि क्षेत्रको समस्या खाली निर्यातमा मात्र केन्द्रित हुनु पनि हो। यद्यपि निर्यात राम्रो कुरो भए पनि, आदर्श स्थिति भनेको देश भित्रै माग सिर्जना हुनु हो। माग सिर्जना गर्ने सबभन्दा ठूलो कर्ता भनेको सरकार हो। बाहिरतिर हेर्दाखेरि पनि सबैभन्दा ठूलो आईटीको क्रेता नै सरकार हो। सरकारले शासकीय सुधारमा डिजिटलाइजेसनको कार्यक्रमहरू ल्याउनुपर्छ र त्यसमा स्थानीय फर्महरूलाई पनि काम गर्ने अवसर दिनुपर्छ। सरकारले आफ्नो सार्वजनिक खर्चको माध्यमबाट सूचना प्रविधिको माग बढाउन अवसर सिर्जना गर्न सक्छ। नीतिगत स्पष्टताको अभाव, विद्यमान नियमनकारी निकायको दृष्टिकोण र विश्वव्यापी प्रविधिगत परिवर्तनसँग जुध्न नसक्दा यसको पूर्ण क्षमता सदुपयोग हुन सकेको छैन।

सूचना प्रविधि क्षेत्रले फड्को मार्न उदीयमान प्रविधिहरू जस्तै, एआई, ब्लकचेन, र रोबोटिक्समा दक्षता अभिवृद्धि गर्नुपर्छ। कम्प्युटर वा आईटी शिक्षा समयनुकूल छ कि छैन भनेर गम्भीर तरिकाले हेर्नुपर्ने बेला आइसकेको छ। खोज तथा अनुसन्धान र नवप्रवर्तनमा सरकारले लगानी बढाउनुपर्छ। तब मात्र हाम्रा आफ्नै उत्पादनहरू निस्किन्छन्। अहिले एआईको अहिले ठूलो चर्चा छ। तर नेपाल त्यो 'मूल्य शृंखला'मा कहाँ छ भन्नेबारे तयारी आवश्यक छ। भारतले एआईका लागि करिब १० हजार करोड रुपैयाँ छुट्याएको छ। नेपालमा पनि अनुसन्धान र नयाँ कुराहरूमा लगानी बढाउनुपर्ने देखिन्छ। अहिलेको लडाइँ 'ल्यान्ड, लेबर, क्यापिटल'मा नभई 'नलेज'मा हो। त्यसैले नेपालले पनि अनुसन्धान र नलेज इकोनोमीमा ध्यान दिनुपर्छ। राजनीतिक इच्छाशक्तिबाट सुरुगरी, प्रशासन र निजी क्षेत्रबीचको अर्थपूर्ण छलफल मार्फत यो क्षेत्रलाई अगाडि बढाउनुको विकल्प छैन। यदि यसो गर्न सकिएन भने नेपालले विश्वव्यापी डिजिटल अवसरबाट वञ्चित भई आर्थिक सम्भावना गुमाउने जोखिम रहन्छ।

*(भट्टराई नेपाल सरकारको सूचना प्रविधिसम्बन्धी उच्चस्तरीय आयोगका पूर्वउपाध्यक्ष हुन्)*



# संकटमा पनि सम्भावना : जेनजी आन्दोलनपछि नेपाली होटल र पर्यटन उद्योग



। विनायक शाह

जेनजी आन्दोलनमा काठमाडौंसहित विभिन्न सहरी क्षेत्रमा तोडफोड र आगजनी हुँदा झण्डै दुई दर्जन होटल प्रभावित भए । तर पर्यटन उद्योगले छिट्टै पुनरुत्थानको गति लियो । आन्दोलनले अल्पकालीन रूपमा होटल बुकिङ र पर्यटक आगमनमा असर पुऱ्यायो । तर पनि सरकार र निजी क्षेत्रको समन्वय तथा 'नेपाल नाउ' अभियानमार्फत देशको सुरक्षा र शान्ति सामान्य भएको छ भन्ने सन्देश विश्वभर फैलाउन सफल भइयो । यसले लगानीकर्तालाई विश्वस्त बनाउने मात्र नभई आगामी पर्यटन सिजनमा नेपाललाई आकर्षक गन्तव्यको रूपमा प्रस्तुत गर्ने अवसर सिर्जना गरेको छ । व्यवसायीहरूले यो संकटलाई पनि सम्भावनाका रूपमा लैजान सके पर्यटक उद्योगले यसबाट लाभ लिन सक्ने आशा गरेका छन् ।

### ■ पर्यटन क्षेत्र सुधारोन्मुख

अहिले नेपाल आउन इच्छुक कतिपय पर्यटकहरू यहाँको अवस्थाबारे जानकारी लिइरहेका छन् । जे होस्, आन्दोलनको पहिलो महिना पर्यटक आगमनमा थोरै प्रभाव पुगे पनि त्यसयता पर्यटक आगमन राम्रो छ । अघिल्लो महिना अक्टोबरमै १ लाख २८ हजार पर्यटक भित्रिए । यो तथ्यांकले पनि नेपाल घुम्न कुनै समस्या छैन भन्ने देखाउँछ । भूकम्प र कोभिडमा पनि यही अवस्था आएको थियो । सरकारले तत्काल 'रिभाइभल प्लान' बनाएर काम अघि बढायो । विस्तारै पुनरूत्थानतर्फ लागियो । यसपालि पनि सरकारको राष्ट्रिय कार्ययोजना प्रस्ट रूपमा आइदिएको भए योभन्दा राम्रो अवस्था हुन्थ्यो । पर्यटन क्षेत्रसँग सम्बन्धित सबै निकायले सोहीअनुसार काम गर्ने थिए ।

संकटको समयमा पर्यटन बोर्डलगायत केही संघ/संस्थाले 'नेपाल नाउ'जस्ता अभियान चलाए । यसमा पनि काठमाडौं उपत्यकाका विभिन्न सम्पदा क्षेत्रबाट नेपालको अवस्थाबारे लाइभ गर्न लगाइयो । यसले नेपाल घुम्न कुनै समस्या छैन भनेर देखायो । जसकारण ठूला एजेन्सी जसले धनाढ्य ग्रुप जसले ट्राभलका लागि पठाउँछन् उनीहरूलाई ठूलो सहयोग

पुऱ्यायो । फलस्वरूप नेपाल घुम्नका लागि कुनै बाधा छैन भन्ने सन्देश प्रवाह भयो । आन्दोलनको दोस्रो महिनाबाटै पर्यटक आगमन बढ्न थाले ।

## ■ लगानीलाई पार्न सक्ने प्रभाव

औद्योगिक क्षेत्रमा वैदेशिक लगानी प्रतिबद्धताको तथ्यांक हेर्दा पर्यटन क्षेत्र निकै अगाडि देखिन्छ । कोभिडयता नेपालको होटल क्षेत्रमा मात्र अर्बौंको लगानी भित्रिसकेको छ । विशेषगरी व्यवसायीहरूले अन्तर्राष्ट्रिय चेन होटल भित्र्याइरहेका छन् । यो लगानी अबको दिनमा के होला भन्ने धेरैको चासोको विषय पनि छ । तर अहिले लगानी भित्रिन्छ वा भित्रिँदैन भन्न सक्ने अवस्था छैन । देशले जसरी समस्यालाई समाधान गरेको छ, त्यसको प्रभावलाई हेरेर सामान्य हुँदै जान्छ । होटलमा लगानी गरेर प्रतिफल दिन्छ भने जोखिम लिन व्यवसायी तयार छन् ।

जेनजी आन्दोलनजस्तो घटना बेलाबखत विश्वका कतिपय मुलुकमा भइरहेको देखिन्छ । पहिले श्रीलंका र बंगलादेशमा भएको थियो । अहिले हामीकहाँ आयो । अन्य देशमा पनि भइरहेको देखिन्छ । यो मानव विकास सूचकांक नै जस्तो भइसकेको छ । यो केही समयको लागि मात्रै पर्ने प्रभाव हो तर यसलाई कसरी हामीले कसरी व्यवस्थापन गर्छौं । यसको प्रभावबाट कति छिटो हामी उठ्न सक्छौं भन्ने विषयले अर्थ राख्छ । दोस्रो, हाम्रो आगामी नीतिनियम र कार्यक्रम कस्ता छन् । पर्यटन क्षेत्रमैत्री छन् कि छैनन्, ती विषयलाई हेर्ने गरिन्छ । हामीले त्यो गर्न सक्ने हो भने यो केही समयलाई त हो । तर दीर्घकालीन हुँदैन । अरु देशमा पनि त्यही देखिन्छ ।

श्रीलंकालाई हेर्ने हो भने एकै वर्षमा त्यहाँको पर्यटक आगमन संख्यामा दोब्बर वृद्धि भएको छ । हामीले त्योभन्दा धेरै गर्न सक्छौं । कोभिड र भूकम्प हेर्ने हो भने एसिया प्यासिफिक क्षेत्रमा सबैभन्दा छिटो रिकभरी गर्ने नेपाल नै हो । सबैभन्दा ठूलो कुरा नेपालको पर्यटन क्षेत्रले कति प्रतिफल दिन सक्छ भन्ने कुराले महत्वपूर्ण अर्थ राख्छ । पर्यटकको दृष्टिकोणबाट हेर्ने हो भने हामी चीन र भारतको बीचमा छौं, ती देशको आर्थिक समृद्धि भएको हुनाले ती देशका करोडौं मानिसहरू आफ्नो देशभन्दा बाहिर गएर होलिडे मनाउने गर्छन्। ती पर्यटकको दुई प्रतिशत मात्रै नेपालमा ल्याउन सक्ने हो भने ५० लाख पर्यटक नेपालमा ल्याउन सकिन्छ । हामीले पर्यटन क्षेत्रबाट नै बलियो समृद्धिको आधार बनाउन सक्छौं ।

## ■ आगमन बढाउन प्याकेज ल्याउनुपर्छ

विश्वका विभिन्न मुलुकले विभिन्न समयमा पर्यटकका लागि विभिन्न अफर ल्याउँछन् । जसले विदेशी पर्यटक तान्न ठूलो सहयोग पुऱ्याउँछ । केही समयअघि थाइल्यान्डले एउटा प्याकेज ल्याएको थियो । विदेशी पर्यटक थाइल्यान्ड जाँदा आन्तरिकतर्फको कुनै एउटा गन्तव्य निःशुल्क घुम्न पाइने । यसअघि जापान, मलेसियाले पनि यही अभ्यास गरेका थिए । जसबाट राम्रो पर्यटक भित्र्याउन सफल भए ।

तर हामीले पर्यटक आकर्षित गर्न केही गर्न सकेका छैनौं । पर्यटक तान्न केही नगर्ने सधैं हिमाल र खोला हेर्न मात्र पर्यटक आउँदैनन् । समय परिस्थिति हेरेर केही प्याकेज पनि ल्याउनुपर्छ । हानले हरेक विपत्तिपछि पुनरूत्थानका लागि सरकारसँग अनुरोध गर्दै आइरहेको छ । तर अहिलेसम्म विदेशी पर्यटक आकर्षित गर्न कुनै पनि प्याकेज बनाइएको छैन । विदेशी पर्यटकका लागि आन्तरिकतर्फका कुनै एउटा गन्तव्यलाई प्याकेज बनाउने हो भने पर्यटक आकर्षित हुन्छन् । त्यस्तो ठूलो केही गर्नुपर्दैन, कुनै पनि मुलुकबाट नेपाल



घुम्न आउने पर्यटकलाई स्वदेशतर्फको एउटा मात्र गन्तव्य 'फ्री'मा घुमाउन सकियो भने त्यसले बढीभन्दा बढी पर्यटक तान्छ । १० हजार लगानी गरेर एक लाख प्रतिफल पाइन्छ भने त्यो किन नगर्ने ?

## ■ पर्यटक बढ्दा पनि होटलमा छैन अकुपेन्सी

नेपालमा २००७ सालदेखि नै पर्यटनको विकास सुरु भए पनि ७५ वर्षको अवधिमा जति लाभ लिन सक्नुपर्थ्यो, त्यो हुन सकेको छैन । यस बीचमा केही कामहरू नभएका भने होइनन् तर ती स्वस्फुर्त रुपमा भएका कार्यले राम्रो परिणाम दिन सकेका छैनन् । हामीले अहिलेसम्म पर्यटकीय पूर्वाधारमा जोड दिन सकेका छैनौं भने कस्ता पर्यटक भित्र्याउने र उनीहरुको बसाइलाई कसरी लम्ब्याउन सकिन्छ भन्नेतर्फ ध्यान पुग्न सकेको छैन । अहिले पनि हामी काठमाडौं, पोखरा, चितवन र लुम्बिनीकै वरपर आठ-दश दिन पर्यटकलाई सीमित गराइरहेका छौं । यसले पर्यटनको लाभ तल्लो तहसम्म पुग्नसकेको छैन ।

सन् २०२५ को १० महिना (जनवरीदेखि अक्टोबर) मा ९ लाख ४३ हजार बढि पर्यटक भित्रिएका छन् । अक्टोबरमा मात्रै एक लाख २८ हजार बढी पर्यटक आएको तथ्यांकले देखाउँछ । आन्दोलनको दुई महिनामै पर्यटक आगमनको यो संख्या देख्दा व्यवसायीहरूमा उत्साह हुनुपर्ने हो ।

तर, व्यवसायी निराश नै छन् । अपेक्षाभन्दा बढी पर्यटक आएका हुन् । तर पनि व्यवसायीहरू खुसी हुने अवस्था छैन । किन कि अहिले दैनिक १० हजार पर्यटकलाई स्ट्यान्डर्ड बेड दिन सक्ने क्षमता छ । तर दुई हजार पनि पर्यटक छैनन् । अनि कसरी खुसी हुन्छन् व्यवसायी ? आजको दिनमा भैरहवाका प्रायः सबै होटल सुनसान छन् । अर्बौं लगानी गरेका होटल सुनसान हुँदा व्यवसायी निराश छन् । तथ्यांकमा पर्यटक बढेजस्तो यता होटलका रूमको अकुपेन्सी बढेको छैन । होटल क्षेत्रमा आजको दिन ३५ लाख पर्यटकलाई सेवा दिन सक्ने क्षमता छ । तर हामीकहाँ पर्यटक १२ लाखसम्म मात्रै आएका छन् । हाम्रो क्षमताको एक तिहाइ मात्रै उपयोग भएको छ । यति ठूलो लगानी त भइसक्यो । अब रूम भर्न के गर्नुपर्ला भनेर सरकारी स्तरबाट हेरिनुपर्छ ।

## ■ हवाइ कनेक्टिभिटी आवश्यक

पर्यटन विकासका लागि हवाइ कनेक्टिभिटी अत्यन्तै आवश्यक आधार हो । भौगोलिक दृष्टिले पर्वतीय र स्थलमार्ग सीमित भएको देशमा अन्तर्राष्ट्रिय र आन्तरिक हवाइ सञ्जाल नै पर्यटक आगमनको प्रमुख माध्यम बनेको छ । सिधा अन्तर्राष्ट्रिय उडान बढाएर प्रमुख स्रोत देशहरूसँग नेपाललाई जोड्न सके पर्यटन आगमन उल्लेखनीय रूपमा वृद्धि गर्न सकिन्छ । अहिले पनि धेरै पर्यटकले ट्रान्जिटमार्फत मात्र नेपाल आइपुग्नुपर्ने हुँदा समय र खर्च दुवै बढ्ने



गरेको छ। त्यसैले, नयाँ गन्तव्यमा उडान विस्तार, विमानस्थलहरूको स्तरोन्नति र निजी क्षेत्रसँगको सहकार्यमार्फत प्रभावकारी हवाइ पहुँच सुनिश्चित गर्नु पर्यटन क्षेत्रको दीर्घकालीन समृद्धिका लागि अपरिहार्य छ।

काठमाडौंसँगै पोखरा र गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थल पूर्ण रूपमा सञ्चालनमा ल्याउन सकियो लक्ष्यको दोब्बर पर्यटक भित्र्याउन सकिन्छ। होटल संघका तर्फबाट हामीले यसअघि थुप्रै मन्त्रीज्यूहरूसँग भेट्दा थुप्रै योजना तथा नीति नियमबारे सुनायौं। उहाँहरू सकारात्मक हुनुहुन्थ्यो तर कार्यकाल छोटो रह्यो। कुनै पनि कुरा कार्यान्वयन हुन सकेन। अबको नयाँ सरकारले कम्तीमा हवाइ कनेक्टिभिटीलाई प्राथमिकतामा राख्यो भने सजिलै पर्यटक बढाउन सकिन्छ। पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण रूपमा सञ्चालन हुनसाथ पर्यटकको फ्लो बढ्छ। सरकारले कूटनीतिक पहल गरेर भैरहवाबाट उडान बढाउन सके लुम्बिनी घुम्न आउने पर्यटक बढ्छन्।

### कर्मचारीलाई घुम्न पठाउने नीति बनाउनुपर्छ

कुनै पनि मुलुकको पर्यटन विकासको कुरा गर्ने हो भने जति समृद्ध हुन्छ पर्यटन क्षेत्र त्यहाँ आन्तरिक पर्यटन पनि सशक्त हुन्छ। हामीकहाँ यसलाई व्यवस्थित बनाउन सकिएको छैन। आन्तरिक पर्यटन प्रवर्द्धनका लागि सरकारले नै प्याकेज बनाउनुपर्छ। यसका लागि निजामती कर्मचारीलाई ३ दिनको बिदा दिएर घुम्न पठाउनुपर्छ। नीतिनियम बनाउन सकेमा सरकारीसँगै विभिन्न संघ/संस्थाहरूले पनि घुम्न पठाउँछन्। यसअघि पनि पर्यटन मन्त्रालयले 'पर्यटन काज नीति' भनेर ल्याएको पनि हो। तर कार्यविधि नबन्दा कार्यान्वयन हुन सकेन। अब अर्थ मन्त्रालयले कार्यविधि बनाइदिनुपर्‍यो। कार्यान्वयनमा ल्याउनुपर्‍यो।

> **होटल संघमार्फत सबै होटलहरू आन्तरिक पर्यटकका लागि एउटा प्याकेज दिएर सस्तोमा राख्न तयार छ। अहिले आन्तरिकतर्फका धुलिखेल, नगरकोट, पोखरा,चितवनलगायतका गन्तव्यहरूमा हरेक शुक्रबार शनिबार आन्तरिक पर्यटकले खचाखच हुन्छन्। अरू दिन होटल सुनसान हुन्छ।**

होटल संघमार्फत सबै होटलहरू आन्तरिक पर्यटकका लागि एउटा प्याकेज दिएर सस्तोमा राख्न तयार छ। अहिले आन्तरिकतर्फका धुलिखेल, नगरकोट, पोखरा, चितवनलगायतका गन्तव्यहरूमा हरेक शुक्रबार शनिबार आन्तरिक पर्यटकले खचाखच हुन्छन्। अरू दिन होटल सुनसान हुन्छ। विभिन्न संघ/संस्थासँग सहकार्य गर्न सकेको खण्डमा अरू दिनमा पनि पर्यटक बढाउन सकिन्छ। यसले हरेक साता हरेक दिन होटलमा एकनासले अकुपेन्सी बढ्छ। जब आन्तरिक पर्यटकले पर्यटन क्षेत्र सशक्त हुन्छ तब देशको पर्यटनले नयाँ मोड लिन्छ।

### राष्ट्रिय कार्यनीति आवश्यक छ

समग्रमा भन्नुपर्दा देशले के खोजेको हो त्यसलाई सम्बोधन गर्न सक्ने राष्ट्रिय कार्यनीति बनाउनुपर्छ। आगामी दिनमा सरकारबाट पर्यटन तथा होटल क्षेत्रले सबभन्दा पहिले नीतिगत स्थिरता र व्यावहारिक सहयोग चाहेको छ। पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको प्राथमिक क्षेत्रका रूपमा स्वीकार गर्दै स्पष्ट दीर्घकालीन रणनीति आवश्यक देखिएको छ। होटल र पर्यटन व्यवसायीहरूले लगानीमैत्री नीति, करमा सहुलियत, पुनर्निर्माणमा सहजीकरण र अन्तर्राष्ट्रिय प्रवर्द्धनमा राज्यको सक्रिय भूमिका अपेक्षा गरेका छन्।

साथै, हवाइ कनेक्टिभिटी विस्तार, पर्यटक सुरक्षामा सुधार, सीप विकासमा लगानी र 'नेपाल ब्रान्ड' प्रचारमा सरकारले निजी क्षेत्रसँग मिलेर दीर्घकालीन अभियान चलाउनुपर्ने माग छ। स्थिर नीति र सहकार्यको वातावरण बनेमा पर्यटन क्षेत्रले देशको आर्थिक पुनरुत्थानमा निर्णायक भूमिका खेल्न सक्छ।

जेन्जी प्रदर्शनपछि नेपालको पर्यटनमा नयाँ सम्भावना देखिएको छ। राजनीतिक स्थिरता, पारदर्शिता र सुशासनको वातावरणले सुरक्षित पर्यटन अनुभव सुनिश्चित गर्छ भने युवा पुस्ताको नवप्रवर्तन आधुनिक पर्यटन विकासमा योगदान पुर्‍याउन सक्छ। यसले लगानी र पर्यटक आगमन बढाउने अवसर समेत सिर्जना गर्ने अपेक्षा छ। सरकार र निजी क्षेत्र एकसाथ अघि बढ्न सकेको अवस्थामा एक वर्षमै पर्यटक संख्यालाई दोब्बर बनाउन सकिन्छ। निजी क्षेत्रले होटलमा देशको बजेट बराबर लगानी गरिसकेको छ। तर, राज्यले त्यसको प्रतिफल पाउन सकेको छ। यसतर्फ लक्षित राष्ट्रिय कार्यनीति आवश्यक छ।

*(शाह होटल संघ नेपालका अध्यक्ष हुन्)*



NMB
Premium Super
Talab Khata
NMB
तपाईको आम्दानी र बचत गर्ने बानीको लागि
एनएमबि बैंकको सुविधायुक्त तलब खाता
उच्चतम ब्याजदर
रु ११ लाख सम्मको बिमा सुविधा
रु १५ लाख सम्मको Collateral Free तलब कर्जा सुविधा
नि:शुल्क Mobile तथा Internet Banking सेवा
*सर्तहरु लागु हुनेछन्
थप जानकारीका लागि: ०१-५९७०१५० call@nmb.com.np
NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH
FMO
Entrepreneurial Development Bank
The Netherlands
Member of
Global Alliance for Banking on Values
The Banker
Bank of the Year 2021
ASIA
Bank of the Year, ASIA 2021
Bank of the Year, Nepal 2017, 2018, 2020 & 2021

# निजी क्षेत्रमैत्री सरकार प्रयोजनपूर्ण पूर्वाधार



नेपाल सरकारले ठूलो विदेशी लगानी जुटाएर भैरहवामा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरेको छ । त्यसको लागि हामी सरकारप्रति आभारी छौं । ठूलो लगानीमा निर्माण गरेको विमानस्थल चल्छ र अन्तर्राष्ट्रिय बजारीकरणमा सरकारले आफ्नो भूमिका खेल्छ भन्ने थियो । विमानस्थल बन्यो, उद्घाटन पनि भयो तर चलाउनको लागि धेरै दुःख भयो । यो विमानस्थल विभिन्न समयमा चल्ने नचल्ने भइरह्यो । अहिले एयर एसियाले केही उडानहरू गरिरहेको छ ।

सरकारले पूर्वाधारमा लगानी गरेपछि निजी क्षेत्र स्वतःस्फुर्त जोडिए । यो हिसाबमा गौतम बुद्ध जन्मस्थल भएका कारण भारत, विदेशी बौद्ध धर्मावलम्बी र अन्य पर्यटकहरू भित्रिन्छन् भन्ने थियो । त्यही हिसाबमा ठूला तारे होटलहरू बन्दै गए भने सोहीबमोजिम अन्य पूर्वाधारहरू पनि बन्दै गए । निजी क्षेत्रले राम्रो लगानी गर्‍यो । तर यो अन्तर्राष्ट्रिय विमालस्थलको उद्घाटन भयो, धेरै मिहिनेत गरेपछि अलिअलि



**।** टंक पोखेल

सञ्चालन भयो । यसका लागि चाहिने आवश्यक भौतिक पूर्वाधारका विषयहरू नेपाल सरकारले मन्त्रिपरिषद्बाट निर्णय गर्‍यो तर त्यो कार्यान्वयन भएन । गत वर्ष सरकारले इन्धन, टिकटलगायतमा सहुलियत दिएको थियो । तर सोहीअनुसार दिए पनि एयरलाइन्सहरूले प्राप्त नगरेको भन्ने कुरा आयो । नियमित उडान भनेको व्यवसाय पनि हो ।

अन्तर्राष्ट्रियरुपमा हेर्दा पनि सुरुवाती अवस्थामा सरकारले उडान गराउन राम्रो मिहिनेत गर्नुपर्ने, सरकार अग्रसर भएर अगाडि बढ्नुपर्ने रहेछ । हामीले यो विमानस्थल सञ्चालन गर्न काठमाडौंमा र भैरहवामा पनि धेरै बैठकहरू गर्‍यौं । सम्बन्धित मन्त्रीहरूसँग पनि नियमित बैठक छलफल गर्‍यौं तर यसको 'ग्याप' कहाँ छ भनेर मैले पनि बुझ्न सकेको छैन । मन्त्रीहरू आउनुहुन्छ, हेर्नुहुन्छ । मन्त्रिपरिषद् बैठकबाट निर्णय भयो, हामी गर्छौं भन्नुहुन्छ तर उहाँहरूले गर्न सक्नुहुन्न । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)को महानिर्देशक आउनुहुन्छ,

'यो अहिले चल्दैन' भन्नुहुन्छ । त्यसमा कोही कसैले केही भन्दैन ।

नेपाल एयरलाइन्स र हिमालयन एयरलाइन्सलाई पनि यो विमानस्थलमा जोड्नुपर्छ । हामीले श्रीलंकन, चिनियाँ, कोरियन, जापानी बौद्ध धर्मावलम्बीहरूलाई जोड्न सक्छौं । हामीले वैदेशिक रोजगारीमा जानेहरू अत्यधिक भएकोले खाडी मुलुकहरू जोड्ने, भारतसँग जोड्न सके पनि राम्रो हुन्छ । यी कुराहरू जोड्नको लागि भूमिकाहरू अझ पर्याप्त भएन । यसमा सरकारले ध्यान दिनुपर्छ ।

लुम्बिनी विकास कोषले पनि अन्तर्राष्ट्रिय बजार प्रवर्द्धनको लागि बौद्ध धर्मावलम्बीको लागि सिधा उडान गरेर आउनको लागि पहल गर्नुपर्थ्यो । लुम्बिनी विकास कोष त्यस ढंगले अगाडि बढेको देखिँदैन । लुम्बिनी आइसकेका पर्यटकहरूलाई बुद्ध सर्किटअन्तर्गत सवारीसाधनको माध्यमबाट रामग्राम, कपिलपस्तु, देवदहमा बढीभन्दा बढी समय बस्न सक्ने गरी योजना बनाए यो प्रभावकारी हुन्छ ।

विमानस्थल निर्माणसँगै होटलहरूले पर्यटनसँग जोडिएको क्षेत्रमा लगानी गरे । यसले बैंकहरूको लगानीमा समस्या पार्‍यो । कोभिडलगायत विभिन्न समस्याबाट थलिएको निजी क्षेत्र यसबाट केही उठ्छ कि भन्ने थियो तर केही पनि उठेन ।

झन् २०८२ भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनलगायतको घटनाक्रमले थप संशय उत्पन्न भएको छ । अलिकति जुर्मुराएर अगाडि बढ्नुपर्ने अवस्था छ । देश हामीले नै बनाउने हो । भैरहवाबाट उडान गराउनको लागि श्रम स्वीकृतिको व्यवस्था भैरहवाबाट नै गर्ने, अनलाइनबाट सेवा दिने व्यवस्था गर्नुपर्छ । भैरहवाबाट उडान गर्ने यात्रुहरूले अन्य कागजपत्रको लागि काठमाडौं धाउनुपर्ने व्यवस्था भएका कारण यस विषयमा सरकार चुकिरहेको छ । निर्माण भइसकेपछि चल्नैपर्छ, चल्छ पनि । उडान हुन्छ । हामीले पहलकदमी लिएको छौं । यो ढङ्गले गयो भने चल्छ ।

सर्वोच्च अदालतले लुम्बिनी विकास कोषको पर्खालदेखि १५ किलोमिटरभित्र रहेका उद्योगहरू बन्द गर्न वा स्थानान्तरण गर्न आदेश दिएको छ । सर्वोच्चको आदेशप्रति सम्मान छ । यो लुम्बिनीसँग जोडिएको कारण लामो समयदेखि बहस भइरहेको थियो । त्यहाँबाट स्थानान्तरण गर्ने कुरा पनि भएको थियो । कतिपयले यसलाई डाइभर्ट गरेर नवलपरासीतर्फ स्थानान्तरण गरिसकेका छन् । तर केही उद्योगहरू त्यहाँ छन् । यहाँका उद्योग सरिसकेपछि अन्तर्राष्ट्रिय हिसाबले लुम्बिनीको उत्थान गर्न सहज होला तर अहिले यो भनिरहँदा आर्थिक मन्दीले थिचिएको निजी क्षेत्रलाई उद्योगहरू सारिहाल्ने कुराले सार्ने समय, झन्झट, खर्च लगायतका कुराहरूले प्रभाव पार्छ । तर पनि हामीले सर्वोच्चको फैसलालाई सम्मान गर्दै सरकारले के कसरी सहयोग गर्न सकिन्छ भन्ने हिसाबमा स्थानान्तरणको लागि सहजीकरण गरिदियो भने राम्रो हुन्छ ।

सर्वोच्चको आदेशको विरुद्ध हामीले धेरै बोल्ने कुरा हुँदैन । सुन्दर लुम्बिनीले भोलि यो क्षेत्र राम्रो हुन्छ भनेर आशावादी हुने हो । वर्तमानमा सर्नेहरूलाई सरकारले सहुलियत दिएर स्थानान्तरणको लागि सहजीकरण गरेर अगाडि बढ्न जरुरी छ । लुम्बिनी प्रदेशमै रहेको स्पेसल इकोनोमिक जोन (सेज) अगाडि बढ्न सकिरहेको छैन । सेज बनिसकेपछि मन्त्रिपिच्छे शिलान्यास र उद्घाटन भए । सुरुवातमा सरकार भाडामा मात्र केन्द्रित भयो । उद्योगहरू स्थापना गरेपछि त्यसले अर्थतन्त्रको चक्र जति चल्छ, अर्थतन्त्र राम्रो हुन्छ भन्ने कुरा सरकारले बुझेन । सरकार भाडामा मात्र केन्द्रित भयो । भाडा असाध्यै धेरै तोकियो ।

**पछिल्लो जेनजी आन्दोलनले सुशासन, भ्रष्टाचार अन्त्य हामीले सधैँ उठाएको माग हो । यो दुई कुरा नियन्त्रण नगरेसम्म आर्थिक गतिविधि अगाडि जाँदैन, लयमा आउँदैन । हामीले भनेको कुरा हो । जेनजी आन्दोलनमा हामी विमति हुने कुरा भएन ।**

त्यसले दिने सेवा सुविधा र पूर्वाधार निर्माणमा हामी चुक्यौं । सुरुमा उद्योगी व्यवसायी उत्साहित हुँदा सरकारले पूर्वाधारमा लगानी गर्न सकेन । भाडा असाध्यै महङ्गो, निर्यात अनिवार्य ६० प्रतिशत भनिएको थियो । आज सरकारले भाडा घटाउने र निर्यात सहजीकरण गर्ने भनेको छ । त्यो सुरुमै भनेको भए अहिले पूरारुपमा चलिसक्थ्यो ।

पछि कोभिड आयो अर्थतन्त्र थलियो पछिल्लो समय जेनजी आन्दोलन भयो । यसले लगानी गर्नेहरूको आत्मबल गिरेको छ । निजी क्षेत्रले लगानी गर्न खोज्दा सरकारले वातावरण बनाएन । सरकारले लगानी सहज बनाउन कोसिस नगरेको होइन तर ढिलो भइसकेको थियो । निजी क्षेत्र टिक्नको लागि संघर्ष गरेको समयमा नयाँ उत्साहले लगानी गर्नको लागि कठिन छ । तै पनि सहज वातावरण भयो भने लुम्बिनी प्रदेशको सेज पनि चल्छ चलाउनुपर्छ ।

पछिल्लो जेनजी आन्दोलनले सुशासन, भ्रष्टाचार अन्त्य हामीले सधैँ उठाएको माग हो । यो दुई कुरा नियन्त्रण नगरेसम्म आर्थिक गतिविधि अगाडि जाँदैन, लयमा आउँदैन । हामीले भनेको कुरा हो । जेनजी आन्दोलनमा हामी विमति हुने कुरा भएन । यो आन्दोलनमा निजी क्षेत्रमाथि किन प्रहार भयो, अब हामीले कहाँ कसरी लगानी गर्ने, लगानी गरेर आय आर्जन गर्नेहरू हरेक स्थितिको तारो बनिरहने हाम्रो समाज कुन ढङ्गले गाइडेड छ, हामी कसरी अगाडि बढाइरहेको छौं, समाजको सोच यो खालको किन भइरहेको छ ? यसमा पुनर्विचार हुनुपर्छ । यसमा निजी क्षेत्र कहाँ चुकेको छ, त्यसमा पनि 'करेक्सन' हुन जरुरी छ । अन्यथा निजी क्षेत्रले रोजगारीको लागि नयाँ नयाँ लगानी गर्छ, रोजगारी सिर्जना गर्छ, सबैभन्दा बढी कर निजी क्षेत्रले तिर्छ, रोजगारी वृद्धि गर्छ भने त्यो निजी क्षेत्र किन तारो बन्यो ?

जेनजी आन्दोलनमा सरकारी कार्यालयहरूमा धेरै क्षति भयो । निजी क्षेत्रले सञ्चालन गरेका होटलहरू, प्रतिष्ठानहरूमा जुन प्रहार भयो यो निकै दुःखद छ । यसले निजी क्षेत्रलाई निराश बनाएको छ । यो परिस्थितिबाट सबै सच्चिएर यो देश समृद्ध बन्ने आशा गरौं । युवाहरूले सुशासन र भ्रष्टाचार नियन्त्रण गर्ने सन्दर्भमा हाम्रो ऐक्यबद्धता छ । यो निराशाले लगानी बाहिर जाने सम्भावना देखाएको छ । हामीले प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन लगानी सम्मेलन गर्‍यौं तर यहाँको लगानीकर्ताहरूलाई नै जोगाउन सकिरहेका छैनौं । हरेक हिसाबले हरेक आन्दोलनमा निजी क्षेत्रमा आक्रमण भइरहने हो भने बाहिरबाट लगानी आउने सम्भावना हुँदैन । यो हाम्रो देशको लागि दुःखद कुरा हो ।

यो आन्दोलनबाट हामीले धेरै कुरा सिकेर हरेक कुरामा छिद्र खोज्ने कमजोरी खोतल्ने मात्र नभई आर्थिक जग बलियो नबनाई टिक्दैन र यसले व्यवस्था बलियो हुँदैन भन्ने बुझ्नुपर्छ । यो व्यवस्थाको लागि सबैको अवस्था मजबुत बनाउनुपर्छ । अवस्था मजबुत बनाउन सबै लाग्नुपर्छ । लुम्बिनी प्रदेश नेपाल चेम्बरको सन्दर्भमा लुम्बिनी प्रदेशभित्र लगानीको वातावरण बनाउन, मनोबल खस्किन नदिनको लागि हामीले गर्न सकिनेजति गरिरहेका छौं । हामीले सहजीकरण गरिरहेका छौं । हामीले सक्नेजति कोशिस निरन्तर गरिरहेका छौं । त्यो पर्याप्त नभएको आर्थिक गतिविधि सुस्त भएको कारणले पनि देखाउँछ । अब नयाँ ढङ्गबाट अगाडि बढ्न हामी सबैले खुला हृदयले काम गर्नुपर्छ भन्ने लाग्छ ।

### ■ उद्योग दर्ता सहज बनाउनुपर्छ

अहिले निर्वाचनको लागि दलहरू फटाफट गएर कागजपत्र बुझाउनेबित्तिकै दर्ता भइहालेका

प्रयोग गरेकाहरूले पैसा तिर्ने कुरामा तिर्नुपर्छ, नतिर्ने भन्ने होइन । लाल आयोगको प्रतिवेदनलाई मध्यनजर गरेर अगाडि बढ्नुपर्छ । कतिपय प्रक्रियामा पनि गएको छ । वास्तविकरूपमा जसले डेडिकेटेड मागे र प्रयोग गरे, उनीहरूको कुरामा समस्या होइन, तिर्ने कुरामा उनीहरूले तिर्दिन भन्ने होइन ।

छन् । हामीले प्रतिष्ठान दर्ता गर्ने हो भने महिनौं लाग्छ । हाम्रो तीनै तहको सरकार कर्मचारीतन्त्रले 'रिभ्यु' गर्नुपर्छ । निजी क्षेत्रलाई लगानी गर भन्ने मात्र नभई वातावरण पनि बनाउने हो । सरकारले ऐन नियमका माध्यमबाट नियमन गर्ने हो । नियमन गर्ने कुरामा सरकार चुक्न हुँदैन । गलत गर्नेलाई नियमन गर्नुपर्छ  यसमा हामीले सहयोग गर्छौं । तर सरकारले नियमन नगर्ने कमी कमजोरी कहाँ छन् भनेर छिद्र खोज्दै जाने र अंकुश मात्र लगाउने कुनै पनि लगानीकर्ताले लगानी गर्ने वातावरण नबनाउने कुराको समस्या हो ।

यहाँको लगानीकर्ताहरूलाई ढुक्क छ, लगानी गरौं भन्ने हो भने करियर देखेर लगानी गरिहाल्छन् । यहाँको लगानीकर्ताहरूको आत्मबल मापन नगरी कोही पनि विदेशीहरू यहाँ लगानी गर्न आउँदैन । नेपालका उद्योगी व्यवसायीहरूको आत्मबल बलियो बनाउनुपर्छ । हाम्रा नीतिहरूले जुन ढङ्गले सहयोग गर्नुपर्थ्यो गरेको छैन । अब उप्रान्त त्यो बनाउने दिशामा अग्रसर हुनुपर्छ ।

### ■ निजी क्षेत्रलाई अन्याय गर्न मिल्दैन

डेडिकेटेड ट्रंकलाइनमा सरकारले बिजुली बेचेको हो भने व्यवसायीले बिजुली किनेको हो । व्यवसाय जसरी पनि गर्नुपर्छ भन्ने हुँदैन । प्रयोग गरेका उद्योगी व्यवसायीहरूले तिर्नुपर्छ, तिरिहनु पनि भएको छ । डेडिकेटेड कतिपयले डिमान्ड गरेर तिर्नुभएको छैन । उहाँहरूले तिर्नैपर्छ । डिमान्ड नगरी बलजफ्ती लिएर गएका व्यवसायीहरूको सन्दर्भमा अन्याय भइरहेको छ । सरकार भनेको अभिभावक हो । सरकारले निजी क्षेत्रलाई अन्याय गर्न मिल्दैन । सरकारले मसँग शक्ति छ, जसरी पनि गर्छु, जसरी पनि उठाउँछु भन्ने यो तरिका होइन । यस्तो संशयमा भएको, एउटा त्रासदीमा भएको यस्तो शिथिल अवस्थामा भएको निजी क्षेत्रको मनोबल बढाउने उत्पादन र रोजगारीमा जोड दिने, अर्थतन्त्र लयमा ल्याउने कुरामा सरकारले जोड दिनुपर्छ ।

प्रयोग गरेकाहरूले पैसा तिर्ने कुरामा तिर्नुपर्छ, नतिर्ने भन्ने होइन । लाल आयोगको प्रतिवेदनलाई मध्यनजर गरेर अगाडि बढ्नुपर्छ । कतिपय प्रक्रियामा पनि गएको छ । वास्तविकरुपमा जसले डेडिकेटेड मागे र प्रयोग गरे, उनीहरूको कुरामा समस्या होइन, तिर्ने कुरामा उनीहरूले तिर्दिन भन्ने होइन । यसमा सरकारले पनि बुझाउने काम गर्नुपर्छ । जुन ग्यापहरू छ, ग्यापलाई संवादको माध्यमबाट पूर्ति गर्नुपर्छ । निजी क्षेत्र भाग्छ, तिर्दैन भन्ने कुरा पनि होइन । लुम्बिनी प्रदेशको सन्दर्भमा हामी खुला छौं । सबै कुरा गर्ने हो । तर यसलाई फरक ढङ्गले व्याख्या गर्ने कुरा भइरहेको छ ।

*(पोखेल लुम्बिनी प्रदेश चेम्बर अफ कमर्सका अध्यक्ष हुन्)*


# शुभकामना

नेपाल आर्थिक पत्रकार संघ (नाफिज) को १६ औं वार्षिक साधारण सभा मंसिर २१ गते हुन गइरहेकोमा नेपाल निर्माण व्यवसायी महासंघ खुसी व्यक्त गर्दछ । आर्थिक पत्रकारको क्षमता अभिवृद्धिसँगै आर्थिक पत्रकारिताको उन्नयन, समृद्ध राष्ट्र निर्माण र पारदर्शी सूचना प्रवाहमा नाफिजले पुऱ्याएको महत्वपूर्ण योगदानको उच्च सम्मान गर्दै आगामी यात्रामा अझ सशक्त योगदान मिलोस् भन्ने शुभेच्छा प्रकट गर्दछौं । यस वार्षिक साधारण सभाको सफल, सार्थक र प्रभावकारी रूपमा सम्पन्न होस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं । यस महत्वपूर्ण अवसरमा नाफिज र नेपाल निर्माण व्यवसायी महासंघबीच आपसी सहकार्य, विश्वास, पेशागत दक्षता तथा सुशासन प्रवर्द्धनमा थप टेवा पुग्ने विश्वास लिएका छौं ।

**रबि सिंह**
अध्यक्ष, एवं
**नेपाल निर्माण व्यवसायी महासंघ**
परिवार

तपाईंको कृषि कार्यलाई नयाँ उचाईमा पुऱ्याउन

# स्वर्णिम अवसर !

ADBL
कृषि
कर्जा



६.४९%
ब्याजदर*

थप जानकारीको लागि नजिकैको कृषि विकास बैंकको शाखामा सम्पर्क गर्नु हुन अनुरोध छ ।

कृषि विकास बैंक लिमिटेडले प्रदान गर्ने कृषि कर्जाको ब्याजदरमा अब बैंकको **५.४९% आधार दरमा १% मात्र प्रिमियम थप** गरी ब्याजदर कायम गरिएको छ ।

*शर्तहरू लागु हुनेछ ।

"साझा समृद्धिका लागि सबैको रोजाईको बैंक"

"The Bank of Choice for Shared Prosperity"

कृषि विकास बैंक लिमिटेड
Agricultural Development Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)

www.adbl.gov.np | सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घर आँगनको बैंक | SWIFT: ADBLNPKA

# संस्थाका पूर्वअध्यक्षहरू


अमृत खरेल


शुकदेव चापागाई


प्रकाशचन्द्र सापकोटा


सिताराम भट्टराई

# नेपाल आर्थिक पत्रकार संघ (नाफिज)

## कार्य समिति (२०८१-८३)


मेनुका कार्की
अध्यक्ष


मोदनाथ ढकाल
निवर्तमान अध्यक्ष


पिताम्बरी खतिवडा
उपाध्यक्ष


निरोज कुमार थापा
उपाध्यक्ष


निकेश खत्री
महासचिव


राजाराम न्यौपाने
सचिव


मिलन विक
कोषाध्यक्ष


अनिश मिजार
कार्य समिति सदस्य


अनुप आचार्य
कार्य समिति सदस्य


चित्रराज भण्डारी
कार्य समिति सदस्य


शुक्र गिरी
कार्य समिति सदस्य


सम्झना बरुवाल
कार्य समिति सदस्य


महेन्द्र शाही
कार्य समिति सदस्य


सन्तोषी शिवाकोटी
उपनिर्देशक




MAW | VRIDDHI

MAW Vriddhi Autocorp Pvt. Ltd.

**Kathmandu:** 9820022222, **Bhaktapur:** 9779801827239, 9779801832531, **Pokhara:** 9802803143, 9819163973, **Butwal:** 9709050701, 9709050703, **Chitwan:** 9802045555, **Birgunj:** 9703582430, **Biratnagar:** 9852034784, 9709023699, **Birtamode:** 9819065446, 9802854421

Scan to learn more

# नेपाल आर्थिक पत्रकार संघ (नाफिज)का सदस्यहरू

| क्र.स | नाम | कार्यरत संस्था | मोबाइल नम्बर | सम्पर्क ई–मेल |
|---|---|---|---|---|
| १ | अच्युत पौडेल | एपीवान टेलिभिजन | ९८५१०७४९७४ | achyootp@gmail.com |
| २ | अंकुश बिष्ट | लोकान्तर डटकम | ९७४५६५४३४६ | ankushbist2058@gmail.com |
| ३ | अजित कुमार अधिकारी | नयाँ पत्रिका दैनिक | ९८४९७१९९३७ | news.ajitkumar@gmail.com |
| ४ | अञ्जना लामिछाने | कान्तिपुर टेलिभिजन | ९८४९००८४१९ | anjanalamichhane6@gmail.com |
| ५ | अञ्जना सुवेदी | | ९८४००३९९९७ | kristinasubedi40@gmail.com |
| ६ | अनिल अधिकारी | साझासवाल डटकम | ९८५११२४२४१ | mcchauthanga@gmail.com |
| ७ | अनिल सापकोटा | टक्सार म्यागजिन | ९८५१२१८८६२ | anil.taksar@gmail.com |
| ८ | अनिश मिजार | रातोपाटी डटकम | ९८४३७७७२०८ | anishabiral2072123@gmail.com |
| ९ | अनुप आचार्य | टक्सार म्यागजिन | ९८५१३१०६७० | anup.taksarnews@gmail.com |
| १० | अमिर भट्टराई | हाम्रोअर्थ डटकम | ९८४१०५६५१७ | amirbhattarai18@gmail.com |
| ११ | अमिर लामा | आर्थिकप्लस डटकम | ९८५१००७६१७ | amirlama2012@gmail.com |
| १२ | अमृत चिमरिया | रातोपाटी डटकम | ९८४५६१४३५४ | chimariyaamrit@gmail.com |
| १३ | अमृत खरेल | संस्थापक अध्यक्ष | | |
| १४ | अम्बिका भण्डारी | इकालोपाटी डटकम | | |
| १५ | अम्बिका शर्मा | टक्सार म्यागजिन | ९८५१३१११५३ | ambika.taksarnews@gmail.com |
| १६ | अर्चना न्यौपाने | नोटबजार डटकम | ९८६१०८७७९२ | kardiyothapali@gmail.com |
| १७ | अर्जुन खनाल | कालीगण्डकीखबर डटकम | ९८५१०९५८६५ | pakariarjun@gmail.com |
| १८ | अर्जुन न्यौपाने | क्लाउडपत्रिका डटकम | ९८४१६५३४०७ | arjun.cloudp@gmail.com |
| १९ | अर्जुन भुसाल | अलनेपालखबर डटकम | ९८४३७०३०२१ | arjunbhusal180@gmail.com |
| २० | अशोक शिवाकोटी | अर्थ सवाल विक्ली | ९८४१८००६३३ | ashok.shiwakoti80@gmail.com |
| २१ | आनन्द अधिकारी | ग्यालेक्सी फोरके टिभी | ९८४१५१७०६८ | anandadh@gmail.com |
| २२ | आशिष ढुंगाना | कर्पोरेटनेपाल डटकम | ९८६१९८०४१३ | dhuashish@gmail.com |
| २३ | आशुतोष अर्याल | बिजीखबर डटकम | ९८६०९९४५८३ | ashuaryap@gmail.com |
| २४ | इन्द्र बानियाँ | आर्थिकन्युज डटकम | ९८५१०५६७६३ | baniyaindra2@gmail.com |
| २५ | ईश्वर अर्याल | बिजपाटी डटकम | ९८४६१७००९६ | aryal.ishwor86@gmail.com |
| २६ | उर्वसी बस्न्यात | रेडियो सगरमाथा | ९८४९७५७४६६ | urbasi001@gmail.com |
| २७ | एलिजा अर्याल | नेपालटप डटकम | ९८६०१७८२७२ | alishaaryal907@gmail.com |
| २८ | कमल धिताल | बाह्रखरी डटकम | ९८४११५२९१८ | kd152918@gmail.com |
| २९ | कमलमणि पोखरेल | प्राइम टिभी | ९८४५२०३३१४ | kpatrakar2075@gmail.com |
| ३० | कमला भुसाल | एटुजेड समाचार | ९८४३९१७८७८ | bhusalkamala89@gmail.com |
| ३१ | कल्पना घिमिरे | रातोपाटी डटकम | ९८६९५४०३४६ | kalana2025@gmail.com |
| ३२ | कल्पना सानु भट्टराई | खबरपाटी डटकम | ९८४८२५८७८० | kalpuko@gmail.com |
| ३३ | कविता घिमिरे | | ९८६१५०९४६९ | kabita.ghimire69@gmail.com |
| ३४ | काशीराम बजगाईं | | ९८५१३२२००३ | krmbjg@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| ३५ | कुलप्रसाद घिमिरे (रवीन्द्र) | नेपालसो डटकम | ९८४५१६८७२२ | rabindra@onlinekhabar.com |
| ३६ | कुमार अधिकारी | अनुगमन डटकम | ९८५१०४९४५८ | nuwakotkumar2017@gmail.com |
| ३७ | कृष्ण सिंह धामी | अनलाइनखबर डटकम | ९८४८८४१८१० | dhamikrishna99@gmail.com |
| ३८ | कृष्णप्रसाद लामिछाने | आर्थिक दैनिक | ९८५१०८२२३६ | krishnapdlamichhane@gmail.com |
| ३९ | कृष्णराज गौतम | रासस | ९८४१६०९३२९ | krishnagautam7@gmail.com |
| ४० | केशर बोगटी (आकाश) | बिजमाण्डु डटकम | ९८६०१३८३३६ | kesharbogati7@gmail.com |
| ४१ | केशव प्रसाद भण्डारी | इन्सुरेन्सखबर डटकम | ९८५११७०४८३ | kpbhandari.ska@gmail.com |
| ४२ | केशव भट्ट | सौर्य दैनिक | ९८४००२२८५१ | keshavbhatta22@gmail.com |
| ४३ | केशव भट्टराई | न्युज नेपाल | ९८६२२१००१७ | keshavbhojpure@gmail.com |
| ४४ | केशव भुल | नेपालप्रेस डटकम | ९८५११७४२५२ | keshabbhul@gmail.com |
| ४५ | खगेन्द्र प्रसाई | संस्थापक कोषाध्यक्ष | | |
| ४६ | खेम बोलाखे | कर्पोरेटनेपाल डटकम | ९८४५०२२६२४ | khem2news@gmail.com |
| ४७ | खेमराज श्रेष्ठ | सिंहदरबार डटकम | ९८४३७०११८३ | krstha2016@gmail.com |
| ४८ | खेमराज अधिकारी | कर्पोरेट नेपाल डटकम | ९८४१३६४०३९ | adhikarikhem16@gmail.com |
| ४९ | गणेश श्रेष्ठ | बिजनेस पाना डटकम | ९८५१२७४२८७ | gstha3366@gmail.com |
| ५० | चिरञ्जीवी भट्टराई | आर्थिक दैनिक | ९८४१३८५०९७ | chiranjibibhattarai117@gmail.com |
| ५१ | चन्द्र कुमारी कार्की | | ९८४९१४२४४२ | chandakarki6@gmail.com |
| ५२ | चित्रराज भण्डारी | विकासन्युज डटकम | ९८६५७२४०३५ | chitrarajbhandary@gmail.com |
| ५३ | चुडामणि उप्रेती (कृष्ण) | न्युज कारखाना | ९८६१७०७०७७ | davilrajkumar11@gmail.com |
| ५४ | चेत नारायण पाण्डे | अर्थचौतारी डटकम | ९८५१२१०५४२ | cnpandey10@gmail.com |
| ५५ | छविलाल सापकोटा | हिमालय टिभी | ९८५१०८१९४३ | thisischhabi@gmail.com |
| ५६ | जानुका रेग्मी | सन्देशडेली डटकम | ९८५११२६५६५ | regmijanuka65@gmail.com |
| ५७ | ज्योति शाह | मेरोलगानी डटकम | ९८४९६३२७८३ | shahjyoti47@gmail.com |
| ५८ | टंकबहादुर कार्की | क्रसचेक डटकम डट एनपी | ९८५११७५६७५ | cross.check23@gmail.com |
| ५९ | तमिश गिरी | न्यू बिजनेस एज | ९८४३८००३२८ | tamish.giri@gmail.com |
| ६० | तीर्थराज पौड्याल | बिजनेस भिउज डटकम | ९८४९६८०८३९ | Paudyaltr@gmail.com |
| ६१ | दिपक बिष्ट | बीमापोष्ट डटकम | ९७४१७०८३७१ | bist4453@gmail.com |
| ६२ | दीपक भट्ट | हाम्रोअर्थ डटकम | ९८४११९९७५८ | deepakbhattaji7@gmail.com |
| ६३ | दिपेश घिमिरे | प्राइम टिभी | ९८५११११९८८ | dipeshghimire222@gmail.com |
| ६४ | दिलु कार्की | क्यापिटलनेपाल डटकम | ९८६२०३४७२२ | dillkshya@gmail.com |
| ६५ | दुर्गाप्रसाद हुमागाईं | सफलआवाज डटकम | ९८५६०२६५७२ | safalawaj@gmail.com |
| ६६ | धर्मेन्द्र कुमार कर्ण | लुम्बिनीसञ्चार डटकम | ९८५१३१२६४७ | editor.lumbinisanchar@gmail.com |
| ६७ | धिरज पौड्याल | बजारको चिरफार डटकम | ९८४७९०२५९० | cmdhiraj128@gmail.com |
| ६८ | धुनबहादुर बुढाथोकी 'संघर्ष' | फ्रील्यासर | ९८५११९५५७७ | dhun.struggle@gmail.com |
| ६९ | नमिता दुलाल | अर्थबजार डटकम | ९८४३०५६१७४ | dulalnamu9843@gmail.com |
| ७० | नमुना केसी | बैंकिङसमाचार डटकम | ९८६७०९९१६० | kcnamuna0@gmail.com |
| ७१ | नरहरि प्रसाद आचार्य | लोकवित्त डटकम | ९८४५०२०८०४ | naraharirajacharya@gmail.com |
| ७२ | नवराज रेग्मी | नेपालखबर डटकम | ९८४३११५७९१ | navabihani55@gmail.com |
| ७३ | नविन ढुंगाना | सिधाकुरा डटकम | ९८४१९७९०७५ | nabs.dhungana@gmail.com |
| ७४ | नविन पोखरेल | बीमादर्पण डटकम | ९८४५५७३१९० | nabinpokhrel73@gmail.com |
| ७५ | नविन तिमल्सीना | संस्थापक महासचिव | | |
| ७६ | नानु खड्का | इन्सुरेन्सखबर डटकम | ९८६१४४५५१९ | knirjala807@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| ७७ | नारायण प्रसाद अधिकारी | अनलाइनपाना डटकम | ९८५११५२४८६ | Onlinepana@gmail.com |
| ७८ | नारायण प्रसाद पौडेल | सिंहदरबार डटकम | ९८४९२८६५४२ | npaudel3@gmail.com |
| ७९ | निकेश खत्री | बैंकिङसमाचार डटकम | ९८५११५०४१६ | khatrinike@gmail.com |
| ८० | निराजन सापकोटा | नेपाली पैसा | ९८४४२३९९९८ | nirajansapkota09@gmail.com |
| ८१ | निरोज कुमार थापा | बिजनेस पाना डटकम | ९८५१२७४२८४ | thapanirojapk93@gmail.com |
| ८२ | निर्दोष घोरसैनी | नेपालखबर डटकम | ९८५११२९०१६ | cool.nirdosh@gmail.com |
| ८३ | पदम बहादुर भुजेल | क्लिकमाण्डू डटकम | ९८४०७४७९९८ | bhujelpadam63@gmail.com |
| ८४ | परमेश्वर अधिकारी | नोटबजार डटकम | ९८५११२४२७१ | pmhrad@gmail.com |
| ८५ | भोला देवकोटा (परिवर्तन) | कारोबार दैनिक | ९८५१२३८८७० | pariwartan73@gmail.com |
| ८६ | पवित्रा मुडबारी | दैनिकी डटकम | ९८४१५८९३३८ | mudvaripabitra1@gmail.com |
| ८७ | पवित्रा ढकाल | नारी नेपाल | ९८४३७९७७६४ | pabitradhakal.puja@gmail.com |
| ८८ | पहलमान घर्ती | कान्तिपुर टेलिभिजन | ९८५७८२४८२३ | Pahalmang@gmail.com |
| ८९ | पार्वत विश्वकर्मा | रोजगार मिडिया प्रा.लि. | ९८१९०२०८६६ | Parbatb00@gmail.com |
| ९० | प्रमिला खतिवडा | इमेज टेलिभिजन | ९८६०८९८४५१ | pramila.khatiwada@gmail.com |
| ९१ | पुजा चन्दरा | राजधानी राष्ट्रिय दैनिक | ९८०६४९४०८५ | Pujachandara123@gmail.com |
| ९२ | पुस्कर पोखरेल | न्युजकास्ट नेपाल | ९८४१९७७४२६ | puskar.p2015@gmail.com |
| ९३ | पुस्कर बस्नेत | राष्ट्रिय आर्थिक मासिक | ९८४९३५७४५८ | |
| ९४ | पूर्ण कार्की | बिजनेस जर्नल | ९८५१०९०२०९ | purnakarki333@gmail.com |
| ९५ | पूर्णिमा बिक | देशसञ्चार डटकम | ९८४८४४९५०३ | purnimab880@gmail.com |
| ९६ | पूर्णिमा पराजुली | नेपाल टेलिभिजन | ९८६५९९६३८७ | pur035nime@gmail.com |
| ९७ | प्रकाश चन्द्र सापकोटा | संस्थापक सदस्य | | |
| ९८ | प्रकाश चन्द्र जोशी | बाह्रखरी डटकम | ९८४८८९२५४० | pj87937@gmail.com |
| ९९ | प्रकाश थपलिया | कर्पोरेट एङ्गल डटकम | ९८५५०१२१८८ | 9pthapaliya@gmail.com |
| १०० | प्रकाश लम्साल | कारोबार दैनिक | ९८५५०२४६५७ | Prakashlamsalbara@gmail.com |
| १०१ | प्रकाश वाग्ले | सिंहदरबार डटकम | ९८५४०३५९३७ | wagleprakash.977@gmail.com |
| १०२ | प्रकृति थापा | नोटबजार डटकम | ९८६७३६१६३८ | prakritithapa0421@gmail.com |
| १०३ | प्रजिता कुमारी बुढाथोकी | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९८४४०४१६०८ | rjparu2043@gmail.com |
| १०४ | प्रयाश श्रेष्ठ | शिलापत्र डटकम | ९८४९५०६०७४ | leojr.prayash@gmail.com |
| १०५ | प्रशान्त खड्का | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९८४८००५५६९ | prsnt1991@gmail.com |
| १०६ | प्रशन्न ढुंगाना | रुपान्तरण पोष्ट | ९८६१९७७७८१ | Add.developmentforum@gmail.com |
| १०७ | प्रस्तुत कोइराला | बीप्लस टिभी | ९८०११६०४८९ | theprastoot@gmail.com |
| १०८ | अप्सरा गौतम | कर्पोरेट बजार डटकम | ९८५१२९७७९० | gautam.apsara674@gmail.com |
| १०९ | बलराम बुढाथोकी | बाह्रखरी डटकम | ९८६०५२००१३ | br.budhathoki101@gmail.com |
| ११० | बसन्त अर्याल | नेपाली पैसा डटकम | ९८४४७०९२२१ | basantaryal90@gmail.com |
| १११ | बसन्त पाण्डे | बजारको चिरफार डटकम | ९८४०७८६२३५ | nicolsarjak@gmail.com |
| ११२ | भगवती खनाल | नेपाल अर्थ | | |
| ११३ | भावना अवस्थी | अर्थ संसार डटकम | ९७४२८४५३५९ | Bhumiawasthi9@gmail.com |
| ११४ | भीमा पन्थी | अर्थलगानी डटकम | ९८६३८३२३४६ | panthibhima1998@gmail.com |
| ११५ | भुपराज बस्याल | अन्नपूर्ण पोस्ट दैनिक | ९८५१११०८५० | bbraj99@gmail.com |
| ११६ | भुवन पौडेल | अनलाइन खबर डटकम | ९८४१९५८२३६ | uniquepoudel@gmail.com |
| ११७ | भुवन प्रसाद आचार्य | रेडियो नेपाल | ९८४१९३६९४८ | bhuban2054@gmail.com |
| ११८ | भूमिराज जोशी | तेस्रो ध्रुव साप्ताहिक | ९८५११२५८७१ | jbhumiraj803@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| ११९ | मञ्जरी पौडेल | विकासन्युज डटकम | ९८६०६३४४२८ | paudelmanjari@gmail.com |
| १२० | मनिषा पुडासैनी | नेपाली पब्लिक डटकम | ९८४३२२९४०१ | manishapudasaini16@gmail.com |
| १२१ | मनोज थापा | अर्थनेपाल डटकम | ९८५११९४२३९ | manojthapa049@gmail.com |
| १२२ | मनोज रेग्मी | | ९८६०४७२५८५ | manojregmi54@gmail.com |
| १२३ | मल्लिका घिमिरे | | ९८४३३७०८२५ | ghimirmallika@gmail.com |
| १२४ | महेन्द्र शाही | अर्थ संसार डटकम | ९८५११४३७४० | nepalimahendra4@gmail.com |
| १२५ | मानमती पन्त | अर्थपथ डटकम | ९८४८४९७९८७ | Pmanmati@gmail.com |
| १२६ | मित्र बहादुर क्षेत्री | बिजशाला डटकम | ९८६०८०३६८४ | bizshala@gmail.com |
| १२७ | मिना साउद | नेपालखोज डटकम | ९८६८४२०९०४ | minasaud84@gmail.com |
| १२८ | मिरा श्रेष्ठ | सिंहदरबार डटकम | ९८६५४४६०२४ | mira.shrestha2077@gmail.com |
| १२९ | मिलन खड्का | अर्थसंसार डटकम | ९८४९१३३६६७ | contactwithmilan@gmail.com |
| १३० | मिलन बिश्वकर्मा | नयाँ पत्रिका दैनिक | ९८५७६२४५८९ | milan.shree53@gmail.com |
| १३१ | मीना अर्याल | फ्रेम डटकम | | |
| १३२ | मिलन भण्डारी | हिमालयपोस्ट डटकम | ९८५१००६९३३ | bhandarimilan546@gmail.com |
| १३३ | मेनुका कार्की | हाम्रोअर्थ डटकम | ९८४१४४७९८५ | menukarki81@gmail.com |
| १३४ | मोदनाथ ढकाल | द राइजिङ नेपाल डेली | ९८५११५५७०० | dhakalutsav@gmail.com |
| १३५ | मोहमद अजमत अली | बिजपाटी डटकम | ९८५११६६२६९ | ajmatali.ali1@gmail.com |
| १३६ | यमप्रसाद पौड्याल 'यमन' | इन्द्रेनी डटकम | ९८५१०९४९७३ | yamanpaudyal@gmail.com |
| १३७ | यशोदा शर्मा | एपीवान टेलिभिजन | ९८४६०१७०९६ | yeshodadanai72@gmail.com |
| १३८ | युकला पौडेल | कर्पोरेटनेपाल डटकम | ९८२४०९२५९७ | yukalapoudel@gmail.com |
| १३९ | रक्षा रेग्मी | क्लाउडपत्रिका डटकम | ९८५११५६६७० | ojesbi@gmail.com |
| १४० | रबिन पौडेल | | ९८६१६९५५१७ | poudelrabin24@gmail.com |
| १४१ | रबिना खत्री | अर्थखोज डटकम | ९८४४०६५५२३ | rabinakhatry@gmail.com |
| १४२ | रमेश कुमार बोहोरा | अर्थ सवाल विक्ली | ९८५१०८४३५२ | rameshkumarbohora@gmail.com |
| १४३ | रमेश घिमिरे | संस्थापक सहसचिव | | |
| १४४ | रमेश भारती | हिमालय टाइम्स | ९८४११८७६०९ | jmcrsmedia21@gmail.com |
| १४५ | रवि बहादुर थापा | टक्सार म्यागजिन | ९८५१३२५९८४ | thaparabi2059@gmail.com |
| १४६ | राजन ढकाल | एनएनटिभी | ९८६१५१५१९८ | dhakalrajan75@gmail.com |
| १४७ | राजाराम न्यौपाने | नेपालप्रेस डटकम | ९८५११२०४९२ | merajaram700@gmail.com |
| १४८ | राजिव न्यौपाने | कर्पोरेटनेपाल डटकम | ९८४९६५२२६२ | rajivneupane789@gmail.com |
| १४९ | राजु श्रेष्ठ | नेपाल समाचारपत्र दैनिक | ९८४१४६५७७२ | srajujeek6@gmail.com |
| १५० | राधिका श्रेष्ठ | अर्थसरोकार डटकम | ९८६४५९०१८७ | Arthasarokarnews@gmail.com |
| १५१ | राधेश्याम प्रसाद पटेल | बिजमाण्डू डटकम | ९८५५०३३२९२ | radhereporter1@gmail.com |
| १५२ | राम कार्की | सिंहदरबार न्यूज डटकम | ९८५११८६०७४ | ramkarki166@gmail.com |
| १५३ | रामकृष्ण अधिकारी | संस्थापक सदस्य | | |
| १५४ | रामचन्द्र खड्का | खबर एक्सप्रेस | ९८५१२४२२६५ | ramchandra86@gmail.com |
| १५५ | रामशरण न्यौपाने | फरकपत्र डटकम | ९८५१०६५७१४ | neupaneramsaran6@gmail.com |
| १५६ | रितेश त्रिपाठी | उज्यालो डटकम | ९८५५०२०२४५ | riteshtripathi.brj@gmail.com |
| १५७ | रिना खत्री | बीमापोस्ट डटकम | ९८६५५५२३३१ | Khatririna13@gmail.com |
| १५८ | रीता राउत | नेपालप्रेस डटकम | ९८६२८१३९७१ | rautrita19@gmail.com |
| १५९ | रुपा घिमिरे | वाणिज्यपोस्ट डटकम | ९८४१९५२६१२ | ghimirerupa222@gmail.com |
| १६० | रुपेश चौलागाईं | नेपालखोज डटकम | ९८६१७७४६१६ | rupeshchaulagainanjan1999@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| १६१ | रेखा श्रेष्ठ | फरकधार डटकम | ९८४०२६०७०६ | rekhashrestha23@gmail.com |
| १६२ | रोयल आचार्य | केटीएम भ्वाइस डटकम | ९८५११४५६४१ | acharyaroyal87@gmail.com |
| १६३ | रोविन पौडेल | क्लिकमाण्डू डटकम | ९८५११८१०६० | robinpaudel1@gmail.com |
| १६४ | लक्ष्मी ज्ञवाली | लुम्बिनीसञ्चार डटकम | ९८४१७१३४७१ | laxmi.lumbinisanchar@gmail.com |
| १६५ | लक्ष्मी बुढा 'लिजा' | कर्पोरेट बजार डटकम | ९८४४८६४७७७ | laxmibudha75@gmail.com |
| १६६ | लक्ष्मी शर्मा | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९७४२५२०७१९ | lsharma09850@gmail.com |
| १६७ | लक्ष्मी श्रेष्ठ | कर्पोरेट बजार डटकम | ९८६१२५३८९० | Laxshrestha2015@gmail.com |
| १६८ | लवेश प्याकुरेल | इन्स्टाखबर डटकम | ९८४१९३५६३४ | lavesh11@gmail.com |
| १६९ | लालकुमार मोक्तान | ग्लोबल टिभी | ९८५४०४५६३० | moktanlalu@gmail.com |
| १७० | लोकेन्द्र विश्वकर्मा | उकालो डटकम | ९८६६२३३७९० | lokendrajournal@gmail.com |
| १७१ | लोमश चापागाई | हिमालयपोस्ट डटकम | ९८५१००८१२२ | hellolomash@gmail.com |
| १७२ | विक्रम सुनार | अर्थपथ डटकम | ९८४६७९४२०३ | sunarbikram144@gmail.com |
| १७३ | विजय दमासे | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९८५१११५१३३ | newsbijay@gmail.com |
| १७४ | विजय पराजुली | क्लिकमाण्डू डटकम | ९८४३७५१८४५ | Parajuli015@gmail.com |
| १७५ | विजय फुयाँल | आर्थिक भ्वाइस डटकम | ९८५१२५९८८१ | bijaya.phuyal81@gmail.com |
| १७६ | विजया बास्कोटा | | ९८४९२६४५९९ | mebijayabaskota@gmail.com |
| १७७ | विपिन घिमिरे | टुरिजम पाना | ९८६७५२७९०८ | ghimire98675@gmail.com |
| १७८ | विष्णुप्रसाद ढुंगाना | सीधाकुरा डटकम | ९८४३८९२८४० | dpbishnu3753@gmail.com |
| १७९ | शंकर अर्याल | रातोपाटी डटकम | ९८४१०९७९५१ | oneofnation2015@gmail.com |
| १८० | शकुन्तला जोशी | जिन्दगानी डटकम | ९८४१९८१०८७ | sakun.joshi@gmail.com |
| १८१ | शम्भुराज रेग्मी | नेपाल न्युज | ९८५१०६९३०० | shambhuraja08@gmail.com |
| १८२ | शर्मिला सुवेदी | टिभी अन्नपूर्ण डटकम | ९८०२०५१२०२ | subedisharmeela@gmail.com |
| १८३ | शिव धिताल | बिजनेस पाना | ९८६०००७२६१ | shiva.dhital.ois@gmail.com |
| १८४ | शिव बस्नेत | संस्थापक उपाध्यक्ष | ९८४१६९६७६६ | |
| १८५ | शुक्र गिरी | बिजमाण्डू डटकम | ९८४३७९०४२१ | shukragiri2@gmail.com |
| १८६ | शुकदेव चापागाई | संस्थापक उपाध्यक्ष | | |
| १८७ | शोविता रिसाल | सीआईएन | ९८४१०७४७५० | rishalsobi@gmail.com |
| १८८ | सन्ध्या कट्टेल | संस्थापक सदस्य | | |
| १८९ | संगिता कटुवाल | प्राइम टिभी | ९८६२८६५२३८ | sangita1katuwal@gmail.com |
| १९० | सचिन श्रेष्ठ | बाह्रखरी डटकम | ९८६००४२५४७ | Sanjeevshrestha820@gmail.com |
| १९१ | साजन प्रसाद सुवेदी | टेक्नोलोजी खबर | ९८५१०७१७१७ | sajan.subedi@gmail.com |
| १९२ | सन्तोष तिमल्सिना | काभ्रेसन्देश विक्ली | ९८५१२३२९५२ | Santosh32952@gmail.com |
| १९३ | सन्तोष रोकाया | विकासन्युज डटकम | ९८६८५७१४५८ | santoshrokaya9@gmail.com |
| १९४ | सबिना कार्की | सेतोपाटी डटकम | ९८४४०११८९९ | Karkisabina841@gmail.com |
| १९५ | समुन्द्रा घिमिरे | सिएनएन खबर | ९८४६४९५४८० | samundraghimire5@gmail.com |
| १९६ | सम्झना घिमिरे | नेपालखबर डटकम | ९७४१८०१३२२ | samjhanaghimire44@gmail.com |
| १९७ | सम्झना बरुवाल | वित्तियपोष्ट डटकम | ९८४४२५७१५० | chhetrisamjhu143@gmail.com |
| १९८ | सरला सुवेदी | विजमाण्डु डटकम | ९८४३६५३६५६ | saralasubedi2052@gmail.com |
| १९९ | सरस्वती अधिकारी | केन्द्रबिन्दु डटकम | ९८४३४४९५१४ | khusiadhikari43@gmail.com |
| २०० | सरिशा अछामी | सेतोपाटी डटकम | ९८४९८३२१६९ | sarishaachami@gmail.com |
| २०१ | साईराम उपरकोटी | बिजमाण्डु डटकम | ९७४१८५२२५५ | sairamuparkoti8@gmail.com |
| २०२ | सागर न्यौपाने | नेपालखबर डटकम | ९८४१३९२०६१ | sagar.mankakura@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| २०३ | सीता मैया श्रेष्ठ | अर्थ डबली | ९८४१४६२३५६ | shresthame2@gmail.com |
| २०४ | सीताराम चौधरी | न्युजनेपाल टिभी एचडी | ९८४५०९३६०६ | strm.chaudhary@gmail.com |
| २०५ | सीताराम भट्टराई | आर्थिकन्युज डटकम | ९८५१०९१२९२ | sitaram.bhattarai@gmail.com |
| २०६ | सुदर्शन अर्याल | आर्थिक दैनिक | ९८५१०९८९०४ | ashrukiran@gmail.com |
| २०७ | सुदर्शन श्रेष्ठ | अर्थसरोकार डटकम | ९८५८४७८३३३ | Arthasarokarnews@gmail.com |
| २०८ | सुधा देवकोटा | मेरोलगानी डटकम | ९८५१०५३४३१ | mesudhadevkota@gmail.com |
| २०९ | सुधीर भण्डारी | | ९८४९९१५९५० | sudhirbhandari77@gmail.com |
| २१० | सुनिता पुडासैनी | | ९८४३६०१२४३ | pudasainisani2018@gmail.com |
| २११ | सुनिल कुँवर | बिजमाण्डू डटकम | ९८६४६७४३१० | sunilkunwar002@gmail.com |
| २१२ | सुप्रिया आचार्य | अर्थसरोकार डटकम | ९८४३०४५०३२ | Arthasarokarnews@gmail.com |
| २१३ | सुमित्रा कार्की | लगानी न्यूज डटकम | ९८५१२७८८९६ | sumitrakarki2019@gmail.com |
| २१४ | सुरज प्याकुरेल | अर्थसरोकार डटकम | ९८५१०१७९१४ | Arthasarokarnews@gmail.com |
| २१५ | सुरज राजथला | रेडियो कान्तिपुर | ९८५१२०६०४५ | surajrajthala@gmail.com |
| २१६ | सुरञ्जन घिमिरे | हिमालप्रेस डटकम | ९८६१४९२५५१ | ghimiresuranjan123@gmaol.com |
| २१७ | सुरेन्द्र बजगाई | | ९८६१२१९०२५ | Surendrabajagain73@gmail.com |
| २१८ | सुरेश बिडारी | सेतोपाटी डटकम | ९८४५१२३९५८ | chitlangnews@gmail.com |
| २१९ | सुरेश राउत | आर्थिक दैनिक | ९८४१४८६८०७ | aabu2051@gmail.com |
| २२० | सुरेन्द्र पौडेल | आर्थिक आवाज | ९८५११०६०८० | arthikawaj@gmail.com |
| २२१ | सुष्मा केसी | न्यूज २४ टेलिभिजन | | |
| २२२ | सुष्मा तिमल्सिना | सिंहदरबार डटकम | ९८४३५२९३०८ | timalsinasushma5@gmail.com |
| २२३ | सुस्मिता बाँस्तोला | सेतोपाटी डटकम | ९८६२००८६०९ | bastolasumee@gmail.com |
| २२४ | सृष्टि पराजुली | | ९८४१२२४५६१ | shristyparajuli12345@gmail.com |
| २२५ | सोनी शाही | काठमान्डुप्रेस डटकम | ९८६०३३७७४० | shahisoni123@gmail.com |
| २२६ | सोमनाथ बाँस्तोला | बिजशाला डटकम | ९८५१०१५३९४ | bizshala@gmail.com |
| २२७ | सौरभ देवकोटा | मेरो लगानी डटकम | ९८६९६८५७२० | muskasturid@gmail.com |
| २२८ | स्तुति चौधरी | न्युजपोलार डटकम | ९८६२१२९१०० | stuteechaudhary@gmail.com |
| २२९ | हरि लामिछाने | संस्थापक सचिव | | |
| २३० | हरिशरण न्यौपाने | अर्थ प्रणाली डटकम | ९८४१८६९८६६ | harisharan069@gmail.com |
| २३१ | हिम बिष्ट | टक्सार म्यागजिन | ९८५१२५४०२८ | news.lumbinisanchar@gmail.com |
| २३२ | ज्ञानबहादुर श्रेष्ठ | बैंकिङसमाचार डटकम | ९८६१५७३५१२ | gyanu5006@gmail.com |
| २३३ | लोचन खतिवडा | इक्विटी नेपाल डटकम | | |
| २३४ | माधव निर्दोश | बैंकिङ खबर डटकम | | |
| २३५ | शुरेस यादव | | | |
| २३६ | अरिष्मा मोक्तान | क्लिकमाण्डू डटकम | ९८४९५३७३८१ | arishma.moktan7777@gmail.com |
| २३७ | अरुण पाख्रेन | | ९८४१५९५५४५ | pakhrena@gmail.com |
| २३८ | अशोक घिमिरे | रासस | ९८५१०००२१७ | ghimireashok977@gmail.com |
| २३९ | कपिल खड्का | कृषि टेलिभिजन | ९८४१८५३१३१ | Samrockkhadka@gmail.com |
| २४० | कामना घिमिरे | शिलापत्र डटकम | ९८१७९९७०१७ | kamanag969@gmail.com |
| २४१ | किरण आचार्य | टक्सार म्यागजिन | ९८५१०८२१०२ | achkrn@gmail.com |
| २४२ | खुश बहादुर घले | बिजनेसआवाज डटकम | ९८४४०४५६३३ | businessawaj@gmail.com |
| २४३ | टोपबहादुर सोती (मनिस) | बिजपाटी डटकम | ९८४७५९५५३४ | manishsoti1996@gmail.com |
| २४४ | डोमी शेर्पा | | ९८४३४५५२३५ | Domisherpa96@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| २४५ | तारा दुबे चापागाईं | अन्नपूर्ण पोस्ट दैनिक | ९८५१०९१७४९ | tarachapagain73@gmail.com |
| २४६ | तीर्थमाया तामाङ | कृषि टेलिभिजन | ९८४७३८६००७ | tmg.tirthamaya123@gmail.com |
| २४७ | निशा हुमागाईं | अर्थसञ्चार डटकम | ९८६९२५९४१० | nishuhumagain123@gmail.com |
| २४८ | पुष्पेन्द्र खड्का | फाइनेस नोटिसेस | ९८४९६५४३१८ | lovelypuspen@gmail.com |
| २४९ | प्रज्वल नेपाली | | ९८०१०८२८११ | prajjwal.nepali1@gmail.com |
| २५० | प्रतिक्षा कँडेल | | ९८६०६८०८४० | pratikchhakandel@gmail.com |
| २५१ | प्रनिशा अधिकारी | नेपालखोज डटकम | ९८४६६७५१६० | adhikarip215@gmail.com |
| २५२ | फणिन्द्र दाहाल | रोजगार मिडिया प्रा.लि. | ९८५१००१३२५ | phadindraonline@gmail.com |
| २५३ | बिनम कोइराला | | ९८६२१७८७६६ | binam2054@gmail.com |
| २५४ | बिनु लुइँटेल | नेपालटप डटकम | ९८६०६७४९८४ | luitelbinu66@gmail.com |
| २५५ | भक्तराज रसाइली | अर्थबिट डटकम | ९८४३५९८५४१ | hakkimnexus@gmail.com |
| २५६ | ममता ओली | केटीएम भ्वाइस डटकम | ९८२२४२३०४७ | mamtaoli226@gmail.com |
| २५७ | मिना आचार्य | सुनौलो नेपाल डटकम | ९८४०५७९७४१ | bplusmina@gmail.com |
| २५८ | यज्ञराज जोशी | | ९८६९३०२९४९ | yagyarajsuman@gmail.com |
| २५९ | युवराज बस्नेत | | ९८५११६४७१८ | bhubanbasnet514@gmail.com |
| २६० | रमेश पौडेल | खबरहव डटकम | ९८१६३७११७० | |
| २६१ | रेखा चन्द | बिजशाला डटकम | ९८६७३१६३७७ | rekhac870@gmail.com |
| २६२ | रेश्मा गुरागाईं | केटीएम भ्वाइस डटकम | ९८२४७९७६५४ | |
| २६३ | रेश्मी मगर | कृषि टेलिभिजन | ९८०९६१६४५२ | reshmikingringmagar@gmail.com |
| २६४ | विष्णु पोखरेल | न्युजसेवा डटकम | ९८५११९४८७० | pokhrel24@gmail.com |
| २६५ | शुभाष नेपाल | एभीन्युज खबर टिभी | ९८६०६२०१९० | Shubhashnepal2013@gmail.com |
| २६६ | संगम ढकाल | कान्तिपुर टेलिभिजन | ९८४४४१५८३४ | sangam.dhakal21000@gmail.com |
| २६७ | सञ्जिता आचार्य | थाहा खबर | ९८६०९५८१५६ | sanjeetaacharya2017@gmail.com |
| २६८ | सुन्दर न्यौपाने | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९८६३७२७६८८ | anantya.sundar@gmail.com |
| २६९ | सौरभ यादव | एपीवान टेलिभिजन | ९८५२८२०२५५ | Saurav20869@gmail.com |
| २७० | राजन कठायत | बीमा पोस्ट डटकम | ९८६८५४०१२१ | rajankathayat84@gmail.com |
| २७१ | राधिका अधिकारी | Nepal Investigative Multimedia Journalism Network | ९८४९९१०३८१ | sabdha.sahitya@gmail.com |
| २७२ | रोजिना काप्री | बैंकिङ समाचार डटकम | ९८५१३४५०७६ | kaprirojina8@gmail.com |
| २७३ | निशा देउजा | बैंकिङ समाचार डटकम | ९८६३४३९९४८ | nishadeuja98@gmail.com |
| २७४ | सरोज रिजाल, | रेडियो नेपाल | ९८५११४४५०४ | sarojrijal9@gmail.com |
| २७५ | सिता बुढाथोकी | नेपाल क्लिक्स डटकम | ९७४८४६९५७२ | sitabudhathoki@gmail.com |
| २७६ | आरण श्रेष्ठ, | प्रभाव डेली | ९८६०१०६०४९ | stha53.aran@gmail.com |
| २७७ | पार्वती लामा | सिंहदरबार डटकम | ९८६५४६९९५९ | roshnilama812@gmail.com |
| २७८ | प्रमिला भट्ट | वृतान्त न्यूज | ९८६१३४०२७२ | pbhatta1995@gmail.com |
| २७९ | हरिप्रसाद शर्मा | मेरो लगानी डटकम | ९८५११९५४३० | Sharmahari319@gmail.com |
| २८० | बबिता थापा | ऐना खबर | ९८६१९०८०३५ | babitat541@gmail.com |
| २८१ | पुजा माझी | नेपाल भ्युज डटकम | ९७४२३११५५८ | pujamajhi974231@gmail.com |
| २८२ | कमल केसी | आइसीटी समाचार डटकम | ९८४७६४८५७२ | Qamalkc@gmail.com |
| २८३ | दीक्षा अर्याल | विकासन्युज डटकम | ९८६६४३८८१८ | aryal.dikshya9@gmail.com |
| २८४ | सदिक्षा आचार्य | हाम्रोअर्थ डटकम | ९८६४४५९३२५ | saikshaacharya246@gmail.com |
| २८५ | आदर्श अधिकारी | न्यू बिजनेस एज | ९८६५५१७७३० | adarshaadhikari58@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| २८६ | बबिता तामाङ | विकासन्युज डटकम | ९८४९८१७२०८ | babitatamang796@gmail.com |
| २८७ | मीनराज रेग्मी | नयाँ पत्रिका राष्ट्रिय दैनिक | ९८५५०४९४७५ | info.meenraj@gmail.com |
| २८८ | विकास दमासे | सीटीजन एफएम | ९८४७४५४९९८ | vikashdamase@gmail.com |
| २८९ | सुबास लामिछाने | हाम्रोअर्थ डटकम | ९८१३४०५८२८ | subashlamichhane01@gmail.com |
| २९० | दुर्गादेवी ढकाल | बैंकिङ समाचार डटकम | ९७४५७०५२६४ | durgadevidhakal2059@gmail.com |
| २९१ | पवन तिमल्सिना | नयाँ पत्रिका राष्ट्रिय दैनिक | ९८४१५९१५६० | timilsina.pawan@gmail.com |
| २९२ | समीक्षा बजगाई | कर्पोरेट समाचार डटकम | ९८४३०८५६८८ | samayasamikshya7@gmail.com |
| २९३ | दिपा सुनुवार | प्रभाव अनलाइन | ९८६०४१९४०८ | jr.deepa2021@gmail.com |
| २९४ | यमबहादुर बम | नयाँ पत्रिका दैनिक | ९८५११३५०४८ | yambam93@gmail.com |
| २९५ | जसिन्द्र श्रीपाली | आर्थिक भ्वाइस डटकम | ९८४९९२५७३९ | yautamanxa@gmail.com |
| २९६ | कमला भण्डारी | क्यापिटल नेपाल डटकम | ९८१८७३१५०८ | comlaa100@gmail.com |
| २९७ | नरेश बोहोरा | विकासन्युज डटकम | ९८४७९०५८६८ | bohoranaresh72@gmail.com |
| २९८ | खुमा ओली | विकासन्युज डटकम | ९८६६७४१२१७ | olikhuma51@gmail.com |
| २९९ | रामकुमार पुडासैनी | नयाँ पत्रिका अनलाइन डेस्क | ९८६०३५६९३३ | prakharrk786@gmail.com |
| ३०० | झलक दुवाडी | अर्थ लगानी | ९८६०२४७८५८ | nepaliict@gmail.com |
| ३०१ | पुष्पा पाल | टक्सार म्यागजिन | ९८६४५३११८९ | puspapal.taksar@gmail.com |
| ३०२ | विष्णु राईगाई | पूर्वाधार वाच | ९८५११२०३६४ | news.vishwo@gmail.com |
| ३०३ | सुनिल दाहाल | बिजनेसपाना डटकम | ९८४२५१२४७४ | dahalsunil71@gmail.com |
| ३०४ | शान्ता कमली | नयाँ पत्रिका दैनिक | ९८४६६१७९२८ | shantarjkamali239@gmail.com |
| ३०५ | विनोद ढकाल | नेपाल न्युज | ९८४९०७०४०७ | binoddhakal75@gmail.com |
| ३०६ | विद्या राजपूत | हुलाक प्रेस डटकम | ९८५१२२१९४१ | bidhya.rajput@gmail.com |
| ३०७ | अर्जुन धामी | माउन्टेन टेलिभिजन | ९८६६५०७८१७ | arjundhami120@gmail.com |


ENGAGE WITH NAIMA

https://naimanepal.org/



Nepal Automobile Importers and Manufacturers Association (NAIMA) is the unified voice of Nepal's mobility sector, committed to building a smarter, safer, and greener future with the mission - Mobility for All.

Join us in advancing innovation, strengthening policies, and shaping a sustainable ecosystem in Nepal.

NAIMA

Empowering Growth Through Mobility

**Office Address**
SAN Complex 1st Floor, Kamalpokhari, Kathmandu,

**Phone Number**
01-4534079

**Email Address**
info@naimanepal.org




**MAW Vriddhi Motors Pvt. Ltd.**
*Naagpokhari, Naxal, Tel: +977-9802376260/9802340750*
www.dongfengnepal.com /dongfengnp @dongfengnepal dongfeng@mawnepal.com

Available For
**TEST DRIVE**





जुत्ता उत्पादक संघ नेपाल
FOOTWEAR MANUFACTURER'S ASSOCIATION OF NEPAL
FMAN
2057

जुत्ता उत्पादक संघ नेपाल

FOOTWEAR MANUFACTURER'S ASSOCIATION OF NEPAL(FMAN)


जेनजी आन्दोलन
ध्वंसपछि अर्थतन्त्रको मार्गचित्र
NAFIJ
प्रकाशक
नेपाल आर्थिक पत्रकार संघ (नाफिज)




CIMEX INC.
CIMEX INC. PVT. LTD.
Naxal, Kathmandu
01-5970733
9802396101

BANEPA: 9849769643 I BHAIRAHAWA: 9857088804 I BHAKTAPUR: 9851038377 I BIRATNAGAR: 9820730353 I BIRGUNJ: 9855022964
BIRTAMODE: 9817021197 I BUTWAL: 9857088805 I CHITWAN : 9801368497 I DAMAK: 9842753415 I DANG: 9766682137
DHANGADI: 9801020415 I ITAHARI: 9802600501 I JANAKPUR : 9844039594 I LAHAN: 9824705794 I LALITPUR: 9801981531
NEPALGUNJ: 9858061501 I POKHARA: 9801097284 I SOLTEEMODE: 9801188666

# SUSTAINABLE INITIATIVES

## Changing Lives Beyond Numbers!




Embracing the future with sustainable business practices. At the heart of our mission lies a commitment to building a better tomorrow. By integrating sustainable initiatives into our operations, we're not just sustaining our business; we're nurturing the society.

NABIL BANK®

TOGETHER AHEAD

01-5970015 customercare@nabilbank.com www.nabilbank.com